राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र अन्तर्गत
विद्यावारिधि उपाधिका लागि प्रस्तुत
शोधप्रबन्ध

शोधकर्ता
[illegible]

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र-अन्तर्गत
विद्यावारिधि उपाधिका लागि प्रस्तुत
शोधप्रबन्ध

शोधकर्ता :
सनतकुमार वस्ती
(शोध दर्ता नं. ३४/०५५)

२०६२



राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

निर्देशकको सम्मति

नेपालमा विभिन्न वंशका राजपरम्पराहरूले राज्य गरेको तथ्य नेपाली इतिहासको प्रमुख पक्ष रहेको सर्वविदित छ । काठमाडौं उपत्यकाका मल्ल राजाहरूमध्ये कान्तिपुरका राजा प्रतापमल्ललाई लामो समयसम्म राज्य गर्ने र लोकप्रिय राजाका रूपमा लिइन्छ । किशोरावस्थादेखि नै राजनीतिमा सक्रिय रहँदै गएका प्रतापमल्लले १८ वर्षको कलिलो उमेरमै आफ्ना बाबु लक्ष्मीनरसिंह मल्ललाई पालो दिई राजगद्दी आरोहण गरेका थिए ।

प्रतापमल्ल अत्यन्त महत्त्वाकांक्षी राजा थिए । काठमाण्डौं उपत्यकाका मल्लराज्यहरूको एकीकरणको सपना बोकेका प्रतापमल्लले राज्यारोहणपछि लगत्तै भक्तपुरमाथि आक्रमण गरेको वृत्तान्तले उनको महत्त्वाकांक्षी प्रवृत्तिको पुष्टि गर्दछ । आफ्नो ३३ वर्षको राज्यकालमा यिनले अत्यन्त कर्मठ र सक्रिय रही नवनिर्माण, संरक्षण र जीर्णोद्धारका अनेकौं महत्त्वपूर्ण पुरातात्त्विक संरचनाहरू राष्ट्रलाई दिएर गएका छन् ।

राजा प्रतापमल्लले तिनै नवनिर्माणात्मक, संरक्षणात्मक र उद्धारात्मक गतिविधिहरूको क्रममा आफ्ना विशिष्ट कार्यहरूको इतिहास राख्ने सदुद्देश्यले विभिन्न ठाउँमा अभिलेखहरू राखेका थिए । यस क्रममा उनका ५१ वटा ऐतिहासिक अभिलेखहरू रहेको पाइन्छ । यी अभिलेखहरूमा उनीबाट रचिएका धेरै स्तुतिप्रार्थनामूलक संस्कृत रचनाहरू पाइन्छन् जसमा–**नारायणस्तोत्रम्, स्वयम्भूभट्टारकस्तोत्रम्, सर्वापराधक्षमापनस्तोत्रम्, महेशाष्टकम्, शिवरूपभीमसेनस्तोत्रम्, नृत्येश्वरदशकम्, वियोगनिःसारणप्रार्थना, कालिकाभुजङ्गदशकम्, वज्रयोगिन्याः कामदस्तोत्रम्, जाड्यमुद्गरस्तोत्रम्, सर्वमङ्गलाष्टकम्, चण्डिकाष्टकम्, भवानीस्तुतिः, नृसिंहस्तुतिः, वृष्टिचिन्तामणिस्तोत्रम्** आदि पर्दछन् ।

यिनका अतिरिक्त राजा प्रतापमल्लका वंशावलीसँग सम्वन्धित अभिलेखहरू पनि पाइएका छन् । जसमा **त्रिशूल डबलीको अभिलेख, कृष्णमन्दिरको अभिलेख र पशुपतिको अभिलेख** पर्दछन् । कतिपय प्रकीर्ण (विविधविषयक) अभिलेख पनि पाइन्छन् जसमा **रानी पोखरीस्थित अभिलेख, तलेजुमन्दिरको घण्टामा अङ्कित अभिलेख** आदिलाई लिन सकिन्छ । यिनै बहुआयामिक विधाहरूमा छरिएका राजा प्रतापमल्लका ऐतिहासिक अभिलेखहरू तथा विविध सन्दर्भका उनका कविताहरूको साहित्यिक अध्ययन गर्नु प्रस्तुत शोधप्रबन्धको मूल उद्देश्य रहेको छ ।

राजा प्रतापमल्लका अभिलेखहरूको साहित्यिक अध्ययन शीर्षकको प्रस्तुत शोधप्रबन्धमा अनुसन्धाता विद्वान् सह प्रा. श्रीसनतकुमार वस्तीले अथक परिश्रम र अध्यवसायसाथ पूर्वोक्त विभिन्न अभिलेख-रचनाहरूमा निहित काव्यात्मक विशेषताहरूको

शोधप्रबन्धको स्वीकृति

श्री सनतकुमार वस्तीको **राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन** शीर्षकको शोधप्रबन्ध विधावारिधि उपाधिका निमित्त सिफारिस गर्दछौं ।

शोधप्रबन्ध समिति

(प्रा. खेमराज 'केशवशरण')

शोधनिर्देशक

....

(प्रा.डा. माधव भट्टराई)

शोधविशेषज्ञ

....

(प्रा.डा. जगदीशचन्द्र रेग्मी)

शोधविशेषज्ञ

दिनाङ्क २०६२/९/१

कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्ध **राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन** महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रअन्तर्गत विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अध्ययन प्रतिवेदन हो । यस कार्यलाई सम्पन्न गर्न राष्ट्रिय तथा अन्ताराष्ट्रिय आध्यात्मिक उद्‌बोधनको अत्यन्त व्यस्त कार्यक्रमका बीच पनि आफ्नो अमूल्य समय प्रदान गर्दै अध्ययनका क्रममा आइपर्ने अभिलेखपाठका दुरूह स्थलमा ग्रन्थिभेदन गरी जटिलतालाई पन्छाएर पाठको परिष्कारमा महत्तम योगदान गर्नाका साथै शोधकार्यलाई सारपूर्ण बनाउन अध्ययनसम्बद्ध विविध पक्षमा सस्नेह विशेष निर्देशन प्रदान गर्नुहुने गुरुदेव शोधनिर्देशक **प्रा. खेमराज 'केशवशरण'** ज्यूप्रति प्रथमत: हार्दिक कृतज्ञता निवेदन गर्दछु ।

शोधसम्बद्ध विविध पक्षमा यथावसर आफ्नो मूल्यवान् समय व्यय गरी अमूल्य सुझाव र सम्मति प्रदान गर्नुहुने विशेषज्ञद्वय नायब बडागुरूज्यू **प्रा.डा. माधव भट्टराई** एवम् **प्रा.डा. जगदीशचन्द्र रेग्मीज्यू**प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अध्ययन गर्ने अवसर प्रदान गर्ने म.सं.वि. एवम् शोधविषयको चयन र कार्य सम्पादनमा ठोस राय दिएर सहयोग गर्नुहुने म.सं.वि. अनुसन्धान-केन्द्रका निर्देशक **प्रा.डा. वेणीमाधव ढकालज्यू**प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । सौहार्दताका साथ अध्ययनबिदा स्वीकृत गरी शोधकार्यका निमित्त विशेष अवसरका साथै समय-समयमा उत्प्रेरणा समेत प्रदान गर्नुहुने तत्कालीन शिक्षाध्यक्ष **प्रा.डा. माधवशरण उपाध्यायज्यू**प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । अध्ययनका क्रममा आवश्यक सूचना र महत्त्वशील सन्दर्भ-सामग्री जुटाएर सरलभावले सहयोग गर्नुहुने **प्रा. दिनेशराज पन्त** एवम् **प्रा.विद्यानाथ उपाध्यायज्यू**प्रति हार्दिक कृतज्ञता अभिव्यक्त गर्दछु । विशेष दुर्लभ सन्दर्भ सामग्री

उपलब्ध गराएर गुन लगाउनु हुने उदारमना **प्रा.डा. प्रेमकुमार खत्रीज्यूप्रति** सादर आभार व्यक्त गर्दछु ।

आवश्यक शोधसामग्री सङ्कलन गर्ने क्रममा विभिन्न पुस्तकालयहरूबाट पनि विशेष सहयोग प्राप्त भएको छ । यस सन्दर्भमा **राष्ट्रिय अभिलेखालय, पुरातत्वविभाग, केशर पुस्तकालय**, केशरमहल, **केन्द्रीय पुस्तकालय**, त्रि.वि. कीर्तिपुर, **प्रज्ञा-पुस्तकालय, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान** कमलादी एवम् **वाल्मीकि विद्यापीठ पुस्तकालय** प्रदर्शनीमार्ग काठमाडौं आदिबाट आवश्यक पुस्तक तथा अध्ययन गर्ने सुविधाको प्रबन्ध मिलाइदिनुहुने ती-ती पुस्तकालयका पुस्तकालयाध्यक्ष एवम् प्रबन्धक महोदय/महोदयाहरू धन्यवादका पात्र हुनुहुन्छ । शोधप्रस्ताव प्रस्तुत गर्न विशेष मद्दत जुटाइदिने सहयोगी प्रसन्नमुख छात्र-मित्र डा. **दिवाकर आचार्यलाई** 'धन्य' भन्छु । प्रस्तुत अध्ययनकार्यमा आद्यन्त उत्प्रेरणा प्रदान गर्ने र हरेक अप्ठ्यारोलाई सरल बनाइदिने अकारणबन्धु आत्मीय सुहृद् डा. **काशीनाथ न्यौपानेको** सौमनस्यलाई अन्तर्हृदयले अभिनन्दन गर्दछु । कम्प्युटर टङ्कनमा मनोयोगका साथ लागिपरेर यथासमय कार्य सम्पन्न गर्नुहुने प्रसन्नात्मा **श्री प्रदीप ढुङ्गानालाई** साधुवाद!

अध्ययन कार्यमा संलग्न रहन सततः उत्साह प्रदान गर्ने सहगामिनी भार्या **दीक्षालाई** सप्रेम धन्यवाद एवम् उल्लासमय मुस्कान तथा निष्कलुष वचनभङ्गिमाले क्लान्त मनमा नवजीवन सञ्चार गरिदिने तनय-तनया **अभिजन र आस्फोतालाई** अनन्त शुभ-आशीर्वाद ! अन्तमा अन्तर्हृदयमा निवास गरेर प्रेरित गर्नुहुने **पार्वती-परमेश्वरमा सश्रद्ध नमन** गर्दै यो शोध-प्रबन्ध प्रस्तुत गर्दछु ।

□

शोध-सार

प्रस्तुत शोधप्रबन्ध **राजा प्रतापमल्लका अभिलेखहरूको साहित्यिक अध्ययन** महेन्द्र संस्कृत विश्वविद्यालय अनुसन्धान-केन्द्रअन्तर्गत रही विद्यावारिधि उपाधिहेतु प्रस्तुत गरिएको शोध प्रतिवेदन हो । मल्लकालीन लोकप्रिय **राजा प्रताप मल्ल** (वि.सं. १६८०-१७३१) कृत अभिलेखहरूको साहित्यिक अध्ययन गर्ने उद्देश्यले यो शोधकार्य सम्पन्न गरिएको हो । कवीन्द्रका उपनामले प्रसिद्ध राजा प्रतापमल्लका अभिलेख-साहित्यमा संस्कृत-भाषानिबद्ध उत्तम काव्य उपलब्ध हुने प्राक्कल्पनाका साथ यो अध्ययन प्रारम्भ गरिएको छ ।

यस शोध-प्रबन्धमा जम्मा पाँच अध्याय रहेका छन् । यसको अध्याय : एक अनुसन्धानको परिचयमा केन्द्रित छ । प्रस्तुत अध्ययनको औचित्य, उद्देश्य र महत्व आदि प्रतिपादन गरी शोध-प्रबन्धका शीर्षकको अभिप्राय प्रकटीकरण गर्दै प्रस्तुत अध्ययनले **राजा प्रताप मल्लको** व्यक्तित्व र कृतित्वको परिचय प्रस्तुत गरी उनका साहित्यकारिताको मूल्याङ्कन गर्ने कुरा स्पष्ट पारिएको छ । यस कार्यले अतीतकालीन गौरवमय साहित्यिक परम्परालाई प्रकाशित गरी राष्ट्रिय गरिमालाई बढाउने विश्वास पनि लिइएको छ ।

अध्याय : दुई राजा प्रताप मल्लको जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलापको अध्ययनमा केन्द्रित छ । वि.सं. १६८० मा जन्मिएर १७३१ मा दिवङ्गत भएका राजा प्रताप मल्लद्वारा ३३ वर्षे लामो राज्यकाल र ५१ वर्षे छोटो जीवनकालमा सम्पन्न गरिएका गौरवपूर्ण कार्यहरूको चर्चा गरी उनका सक्रिय जीवन यात्राको समग्र

परिदृश्य प्रस्तुत गर्नु यस दोस्रो अध्यायको लक्ष्य रहेको छ । १८ वर्षको कलिलो उमेरदेखि नै कान्तिपुर राज्यको शासनसत्ता सम्हालेका राजा प्रताप मल्लले आफ्नो विशिष्ट योग्यता, क्षमता र राजनीतिक कुशलताले एकातिर सुयोग्य शासकको छवि निर्माण गरेका छन् भने अर्कातिर आफ्नो उत्कृष्ट कविकर्मद्वारा **कवीन्द्र**को उपाधि अनुरूप काव्यकारिताको समेत विस्तार गरेका छन् । धार्मिक, सामाजिक, सांस्कृतिक र लोकोपकारी कार्यहरूद्वारा सक्रिय जीवनको परिचय दिँदै, कलाकार, संगीतकार र विद्वद् व्यक्तित्वको समेत प्रदर्शन गरी उत्तम मानवका रूपमा समस्त मल्ल राजाहरूमध्ये असाधारण गरिमा र लोकप्रियतासमेत उनले आर्जन गरेका छन् भन्ने निष्कर्ष दोस्रो अध्यायबाट प्रकट हुन पुगेको छ । मल्ल वंशको राज-परम्पराको सङ्क्षिप्त पृष्ठभूमि पनि यसै अध्यायमा प्रस्तुत गरिएको छ ।

अध्याय : तीनमा राजा प्रताप मल्लका अभिलेखहरूको अध्ययनसम्बद्ध मूल सामग्री प्रस्तुत गरिएको छ । प्रताप मल्लकृत ५१ वटा अभिलेखहरूको केन्द्रीयतामा गरिएको साहित्यिक अध्ययनअनुसार उनका २१ वटा साहित्यिक महत्वका अभिलेखहरूमा संस्कृत भाषा र नेवारी लिपिको प्राधान्य रहेको तथ्य प्रकट भएको छ। उनका काव्यहरूमा चौध प्रकारका छन्दको प्रयोग गरिएको पाइएको छ । उनको काव्यमा पाइएका चार प्रकारका शब्दालङ्कारमध्ये अनुप्रासको प्राधान्य रहेको, ३४ प्रकारका अर्थालङ्कारमध्ये उपमा उत्प्रेक्षा र रूपकको वर्चस्व रहेको, तीनवटा गुणमध्ये प्रसादगुणको प्रयोग अधिक भएको, श्रृङ्गारादि आठ रसमध्ये वीररस र ध्वनिहरूमा भावध्वनिको प्राधान्य रहेको तथ्य प्रकट हुन पुगेको छ । देवादिविषयिणी रतिको केन्द्रीयतामा विभिन्न देव-देवताहरूको स्तवन उनका काव्यको मौलिक स्वर हो । उनका रचनामा केही मात्रामा शब्द, वाक्य, अर्थ र रसमा पनि दोषहरू पर्न गएका छन्, तिनमध्ये व्याकरणगत त्रुटिसम्बद्ध च्युतसंस्कृतिको मात्रा बढी देखिएको

छ। लामो समयको अन्तरालमा विभिन्न माध्यमबाट हुँदै हाल प्रकाशित अभिलेखसम्मको यात्रामा प्रतिलिपिगत भिन्नताले त्यस्ता त्रुटिहरू रहन गए तापनि मूलतः राजा प्रताप मल्लका काव्यिक रचनाहरूमा उच्च भावमयता र अलङ्कारिकता पर्याप्त मात्रामा रहेकाले उत्तमकक्षी साहित्यिक मूल्य रहेको निष्कर्ष तेस्रो अध्यायले प्रस्तुत गरेको छ ।

अध्याय : चारमा राजा प्रताप मल्लका काव्यहरूको विशेष अध्ययन गरिएको छ । तदनुसार उनका काव्यमा स्तुति-प्रार्थनापरक, वंशावली वर्णन-विषयक र प्रकीर्ण-विषयक रचनाहरू पाइन्छन् । उनका काव्यहरूमा प्रकृति-वर्णन र प्रीतिचित्रण पनि पाइएको छ । ईश्वर, ईश्वरी, कान्ता, कान्त, सन्तति र प्रजाप्रति पनि उनका काव्यमा प्रीतिको अभिव्यक्ति भएको छ । विशेषतः माता तलेजुप्रति अनन्य भक्तिभाव, रानीपोखरीको प्राकृतिक सुषमावर्णन, गौरवशाली पुर्खाहरूप्रति श्रद्धाभाव एवंम् प्रियतमाप्रति प्रेमभावको अभिव्यक्ति पनि उनका काव्यहरूबाट व्यक्त भएको पाइन्छ ।

अध्याय : पाँचमा समग्र अध्ययनको निष्कर्ष प्रतिपादन गरिएको छ । तदनुसार राजा प्रताप मल्ल साहित्य-सङ्गीत-कलानुरागी, कर्मठ, कुशल र लोकप्रिय राजा हुन् । उनका अभिलेखहरूमा उत्तमकक्षी साहित्यको अभिव्यक्ति पाइन्छ ।

□

विषयसूची

१. निर्देशकको सम्मति
२. शोधप्रबन्धको स्वीकृति
३. कृतज्ञताज्ञापन
४. शोधसार

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

अध्याय : एक
अनुसन्धानको परिचय

१.१ शोधकार्य परिचय १
१.१.१ समस्या-कथन २
१.१.२ शोधकार्यको उद्देश्य २
१.१.३ शोधकार्यको औचित्य र महत्त्व.. ३
१.१.४ अध्ययनको क्षेत्र र सीमा.. ३
१.१.५ पूर्वकार्यको समीक्षा ४
१.१.६ प्राक् - कल्पना ६
१.१.७ शोधविधि ७
१.१.७.१ तथ्य - सङ्कलन विधि ७
१.१.७.२ तथ्य - विश्लेषण विधि ७
१.२ शोधप्रबन्धको परिचय.. ८
१.२.१ शोधप्रबन्धको शीर्षक : राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन ८
१.२.१.१ विषय-प्रवेश ८
१.२.१.२ राजा प्रताप मल्ल ९
१.२.१.३ अभिलेख ११
१.२.१.३.१ अभिलेखका प्रकार १२
१.२.१.३.२ अभिलेखको प्राचीनता १३
१.२.१.३.३ नेपालमा अभिलेख : प्रारम्भ र परम्परा... १४
१.२.१.३.४ साहित्यिक अभिलेख : प्रारम्भ र परम्परा.. १५

१.२.१.३.५ नेपालमा अभिलेखको अन्वेषण :
प्रारम्भ र परम्परा १६
१.२.१.३.६ राजा प्रताप मल्लका अभिलेखहरू १९
१.२.१.४ 'साहित्यिक अध्ययन'को अभिप्राय २०
१.२.१.५ निष्कर्ष २१
१.२.२ शोध प्रबन्धको रूपरेखा २२
१.२.३ सारवाक्य २२

अध्याय : दुई
मल्ल वंशका लोकप्रिय राजा प्रताप मल्ल : जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलाप

२.१ मल्ल वंश २३
२.१.१ मल्ल व्युत्पत्ति २३
२.१.२ मल्ल जातिको प्राचीनता २४
२.१.३ नेपालमा मल्लजाति २५
२.१.४ 'मल्ल' उपाधिको प्रयोग २६
२.१.५ जुम्ली मल्ल राजाहरू २७
२.१.६ नेपाल उपत्यकाका मल्ल २८
२.१.७ हरिसिंहदेवको नेपाल – प्रवेश २९
२.१.८ स्थिति मल्ल ३२
२.१.९ ज्योतिर्मल्ल ३५
२.१.१० यक्ष मल्ल ३६
२.१.११ रत्न मल्ल ३८
२.१.१२ सूर्य मल्ल ४०
२.१.१३ अमर मल्ल ४०
२.१.१४ महेन्द्र मल्ल ४१
२.१.१५ सदाशिव मल्ल ४३
२.१.१६ शिवसिंह मल्ल ४०
२.१.१७ हरिहरसिंह मल्ल ४५
२.१.१८ लक्ष्मीनरसिंह मल्ल ४७

२.२ प्रताप मल्लको जीवनी ४७
२.२.१ जन्म ४८
२.२.२ बाल्यकाल र शिक्षा-दीक्षा ४९
२.२.३ तेऱ्ह वर्षको उमेरमा राजनीतिक सक्रियता ५०
२.२.४ अठार वर्षको उमेरमा राज्यारोहण ५१
२.२.५ राजगद्दीमा बस्नासाथै रणाभियान.. ५१
२.२.६ उन्नाइस वर्षको उमेरमा सिंहध्वजस्थापना र प्रथम अभिलेखाङ्कन... ५२
२.२.७ विवाह र सन्तानहरू ५२
२.२.८ बीस बर्षको उमेरमा धार्मिक क्रियाकलाप ५३
२.२.९ बाइस बर्षको उमेरमा प्रतिमास्थापन ५३
२.२.१० पच्चीस र छब्बीस वर्षमा रचना र निर्माण कार्यमा सक्रियता ५३
२.२.११ पत्नीवियोग र कृष्ण मन्दिरको निर्माण एवम् देवप्रतिमा-
स्थापना तथा मुद्रानिष्काशन ५४
२.२.१२ छब्वीस वर्षमा प्रथम स्तुतिकाव्यरचना ५४
२.२.१३ स्वयम्भूभट्टारकस्तोत्र-रचना र घण्ट अर्पण ५४
२.२.१४ अठ्ठाइस वर्षमा मोहनचोकनिर्माण र महापराधस्तोत्रको रचना ५५
२.२.१५ तीस-एकतीस वर्ष : धार्मिक, सामाजिक क्रियाकलाप र काव्यरचना.. ५५
२.२.१६ वत्तीसदेखि तेत्तीस वर्ष : धार्मिक क्रियाकलाप, वज्रयोगिनी,
भीमसेनस्थान, प्रतापुर र अनन्तपुरको निर्माण एवं स्तुतिकाव्य रचना... ५७
२.२.१७ चौंतीस र पैंतीस वर्ष : धार्मिक सामाजिक क्रियाकलाप र
काव्यसिर्जनामा समर्पित ५८
२.२.१८ छत्तीस बर्ष : लोककल्याणका लागि शान्तिपुर प्रवेशको
साहसिक कार्य र वृष्टिचिन्तामणिस्तोत्र रचना ५९
२.२.१९ सैंतीसौं वर्ष : गुह्येश्वरीमा स्वर्णकमल अर्पण र
भण्डारखाल पोखरीनिर्माण, धार्मिक र विकास निर्माणको
क्रियाकलापका साथै रणाभियान ६०
२.२.२० चालीस वर्ष : नुवाकोटयात्रा र भैरवलाई मुकुट अर्पण ६१
२.२.२१ एकचालिसौं वर्ष : सामाजिक कार्य, पुनः रणाभियान र
धार्मिक एवं स्तोत्ररचना ६१
२.२.२२ चवालिसौं वर्ष : विष्णुदेवलमा चक्रार्पण ६२
२.२.२३ छयालिसौं वर्ष : स्वयम्भूनाथमा वज्र अर्पण र अभिलेखाङ्कन ६३

२.२.२४ अठचालिसौं वर्ष : उपलब्धिपूर्ण वर्ष – देगुतलेजु, प्रतापस्तम्भ र रानीपोखरीको निर्माण ६३
२.२.२५ उनन्चासौं वर्ष : निर्माण कार्यमा सक्रियता ६५
२.२.२६ तलेजुमा स्वर्णद्वार र स्तुतिरचनाको अभिलेखाङ्कन ६५
२.२.२७ फेरि एकपल्ट भक्तपुरमाथि आक्रमण ६५
२.२.२८ हनुमान्को मूर्ति स्थापना : हनुमान्ढोकाको नयाँ परिचय ६५
२.२.२९ पचासौं वर्ष : नृसिंह स्थापना ६६
२.२.३० एकाउन्नौं वर्ष : उमामहेश्वर स्थापना ६६
२.२.३१ अन्य केही सृजनात्मक कार्य ६६
२.२.३२ अन्तिम समय : एकाउन्न वर्षको उमेरमा देहावसान ६७
२.३ राजा प्रताप मल्ल : व्यक्तित्व ६७
२.३.१ विषय प्रवेश ६७
२.३.२ राजनीतिक व्यक्तित्व ६८
२.३.३ कवि व्यक्तित्व ६९
२.३.४ विद्वद् व्यक्तित्व ७०
२.३.५ सङ्गीतकार व्यक्तित्व ७१
२.३.६ कलाकार व्यक्तित्व ७३
२.३.७ शारीरिक व्यक्तित्व ७४
२.३.८ उपसंहार र निष्कर्ष ७५
२.४ प्रताप मल्ल : प्रमुख क्रियाकलाप ७६
२.४.१ सानै उमेरमा राजनीतिक सक्रियता ७७
२.४.२ राज्यारोहण ७७
२.४.३ त्रिशूलचोकमा सिंहध्वजको स्थापना ७८
२.४.४ श्रीपशुपति र गुह्येश्वरीको पूजा व्यवस्था ७९
२.४.५ तलेजुको मन्दिरभित्र राजा प्रताप मल्लको मूर्ति स्थापना ७९
२.४.६ मोहन चोकको निर्माणकार्य ८०
२.४.७ कृष्णमन्दिरको निर्माण ८१
२.४.८ रूपमतीको नाममा मुद्रा-निष्कासन ८२
२.४.९ वासुकि मन्दिरमा सुवर्ण-कलशको स्थापना र नारायणस्तव-रचना.. ८२
२.४.१० स्वयम्भू-भट्टारकस्तोत्रको रचना र शिलालेखको स्थापना ८३
२.४.११ सुन्दर चोकमा लक्षप्रतापेश्वर शिवलिङ्गस्थापना र घण्टनिर्माण... ८४
२.४.१२ मनमोहनचोकमा सुनधाराको निर्माण र देवदेवीहरूको स्थापना ८५

२.४.१३ कालियदमन मूर्तिको स्थापना ८५
२.४.१४ मोहनचोकको निर्माण र महापराधस्तोत्रसहित शिलालेखको स्थापना .. ८६
२.४.१५ मोहनचोकमा स्थापित सुनधारा ८९
२.४.१६ तलेजु मन्दिरमा घण्टा र प्रस्तरस्तम्भहरूको स्थापना ९०
२.४.१७ हनुमान् ढोकामा जलद्रोणीको निर्माण र बहुभाषिक, बहुलिपिक शिलालेखको स्थापना ९१
२.४.१८ जगन्नाथ मन्दिरको निर्माण र शिलालेख स्थापना ९२
२.४.१९ गुह्येश्वरी मन्दिरको प्राङ्गणमा सिंहध्वज र सिंहमूर्तिहरूको स्थापना.. ९५
२.४.२० श्रीगुह्येश्वरी पीठको निर्माण र शिलालेख स्थापना ९६
२.४.२१ महापराधस्तोत्रम् ९७
२.४.२२ कालिका-भुजङ्गदशकम् ९७
२.४.२३ हनुमद्ध्वज र मीनध्वजको निर्माण र अभिलेख ९८
२.४.२४ श्रीपशुपतिनाथको मन्दिरमा कनक कलश, १००८ शिवलिङ्ग, सुवर्ण-प्रतिमा एवम् 'महेशाष्टकम्' सहित शिलालेखको स्थापना ... ९९
२.४.२५ वज्रयोगिनीको मन्दिरनिर्माण, सुवर्णघटस्थापना एवम् शिलालेख स्थापना १००
२.४.२६ वज्रयोगिन्या : कामदस्तोत्रम् १०१
२.४.२७ भीमसेनस्थानमा द्रौपदी-भीमसेनको मूर्ति र शिलालेखको स्थापना.. १०३
२.४.२८ शिवरूपभीमसेनस्तोत्रम् १०४
२.४.२९ स्वयम्भूको अनन्तपुरमा उग्रताराको देवमन्दिर प्रतिष्ठा र शिलालेख स्थापना १०५
२.४.३० श्री पशुपतिनाथमा तुलादान, शताश्वदान र शिलालेखस्थापना १०७
२.४.३१ निजवंशावली १०७
२.४.३२ इन्द्रजात्रामा देखाइने विश्वरूपको मूर्ति निर्माण र अभिलेखाङ्कन .. १०९
२.४.३३ श्रीपशुपति प्राङ्गणमा स्तम्भद्वयको स्थापना र अभिलेखाङ्कन ... ११०
२.४.३४ मोहनचोकमा भूगोलको निर्माण र अभिलेखस्थापना १११
२.४.३५ शान्तिपुरप्रवेश, वृष्टिचिन्तामणिस्तोत्ररचना र अभिलेख स्थापना... ११२
२.४.३६ श्री गुह्येश्वरी शक्तिपीठमा स्वर्णकमल अर्पण र अभिलेखाङ्कन .. ११५
२.४.३७ भण्डारखालमा पोखरीनिर्माण र नारायणमूर्ति स्थापना ११६
२.४.३८ भक्तपुरमाथि आक्रमण, गरुडनारायणको पूजाका लागि गुठी र शिलालेखस्थापना ११७
२.४.३९ नुवाकोटको भैरवलाई मुकुट अर्पण ११८

२.४.४० विष्णुमतीमा पुलनिर्माण र शिलालेख स्थापना ११८
२.४.४१ भक्तपुरमाथि आक्रमण, त्यहाँबाट ल्याइएका सिंहहरूको सिंह-
ढोकामा स्थापना ११९
२.४.४२ त्रिशूलचोकमा लक्षदीपदान, तुलादान र प्रतिमानिर्माणसहित
स्तम्भस्थापना एवं अभिलेखाङ्कन १२०
२.४.४३ सर्वमङ्गलाष्टकम् १२१
२.४.४४ विष्णु देवलमा चक्रअर्पण १२२
२.४.४५ स्वयम्भूनाथमा वज्र अर्पण र अभिलेखाङ्क्न १२२
२.४.४६ देगुतलेजुमा सुनको छाना, गजुर अर्पण र प्रतापध्वजको स्थापना.. १२३
२.४.४७ चण्डिकाष्टकम् १२५
२.४.४८ रानीपोखरीको निर्माण १२७
२.४.४९ नारायण- मूर्ति र अभिलेख १२९
२.४.५० रानीपोखरीको किनारमा हात्तीको स्थापना र अभिलेखाङ्कन ... १३१
२.४.५१ चाागुनारायण यात्राका लागि सिंहासन-निर्माण र अभिलेखाङ्कन .. १३२
२.४.५२ तलेजुमा कलात्मक खापानिर्माण र अभिलेखाङ्कन १३२
२.४.५३ तलेजुको द्वारमा सुवर्णपत्राभिलेख १३३
२.४.५४ तलेजु मन्दिरको छतमा अभिलेखाङ्कन १३४
२.४.५५ हनुमान्को मूर्तिस्थापना र अभिलेखाङ्कन १३५
२.४.५६ नासलचोकमा नरसिंह-मूर्तिस्थापना र अभिलेखाङ्कन १३६
२.४.५७ कवीन्द्रपुरको निर्माण र शिलालेखस्थापना १३८
२.४.५८ नृत्येश्वरदशकम् १४०
२.४.५९ तानाबहालमा उमामहेश्वरको मूर्ति स्थापना र अभिलेखाङ्कन १४२
२.४.६० तलेजु मन्दिर र देगुतलेजु मन्दिरमा तैलदीपको व्यवस्थाका
लागि भूमिदान १४२
२.४.६१ राजा प्रताप मल्लका उल्लेखनीय अन्य केही क्रियाकलापहरू १४३
२.४.६१.१ पञ्चमुखी हनुमान्को मन्दिरनिर्माण १४३
२.४.६१.२ कालभैरवको स्थापना १४४
२.४.६१.३ इन्द्रपुरको निर्माण १४५
२.४.६१.४ मोहनचोकमा अष्टमातृका स्थापना १४५
२.४.६१.५ सुवर्णद्वारमाथिको कलात्मक संरचना १४६
२.४.६१.६ प्रतापपुरनिर्माण १४७

२.४.६१.७ श्रीचाँगुनारायणको मन्दिरमा विभिन्न वस्तुहरूको अर्पण र अभिलेखाङ्कन १४७
२.४.६१.८ जय-विजयको स्थापना १४८
२.४.६१.९ नारायणको स्वर्ण-पद्मासन अर्पण १४८
२.५ उपसंहार एवं निष्कर्ष १४९
२.६ सारवाक्य १५२

अध्याय : तीन
राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

३.१ राजा प्रताप मल्लका अभिलेखहरू १५३
३.१.१ अध्ययनको आधार : ५१ अभिलेखहरू १५३
३.१.२ साहित्यिक महत्त्वका अभिलेखहरू १५४
३.१.३ काव्यात्मक रचनाहरू १५५
३.१.४ अभिलेखहरूमा प्रयुक्त भाषा १५६
३.१.५ अभिलेखहरूको लिपि १५७
३.१.६ अभिलेखहरूको विषयवस्तु १५८
३.१.६.१ स्तुति-प्रार्थना १५८
३.१.६.२ वंशावली-वर्णन १५९
३.१.६.३ धार्मिक क्रियाकलापको सूचना १६०
३.१.६.४ विकास -निर्माण र सामाजिक कार्यको सूचना १६२
३.१.६.५ पाण्डित्य-प्रदर्शन १६२
३.२. अभिलेखहरूको साहित्यिक अध्ययन १६२
३.२.१ छन्द-प्रयोग १६३
३.२.१.१ अनुष्टुप् १६४
३.२.१.२ इन्द्रवज्रा १६५
३.२.१.३ उपेन्द्रवज्रा १६६
३.२.१.४ उपजाति १६६
३.२.१.५ भुजङ्गप्रयात १६७
३.२.१.६ वसन्ततिलका १६८
३.२.१.७ मालिनी १६९

३.२.१.८ पञ्चचामर १७०

३.२.१.९ पृथ्वी १७१

३.२.१.१० शार्दूलविक्रीडित १७२

३.२.१.११ स्रग्धरा १७३

३.२.१.१२ आर्या छन्द १७४

३.२.१.१३ मात्रासमक १७४

३.२.१.१४ गीति छन्द १७५

३.२.२ अलङ्कारविधान १७६

३.२.२.१ अलङ्कार परिचय र परम्परा १७६

३.२.२.२ अलङ्कारको परिभाषा १७७

३.२.२.३ अलङ्कारको वर्गीकरण १७७

३.२.२.३.१ शब्दालङ्कार १७७

क. पुनरुक्तवदाभास १७८

ख. अनुप्रास १७९

अ छेकानुप्रास १७९

आ वृत्यनुप्रास १८०

इ श्रुत्यनुप्रास १८१

ई अन्त्यानुप्रास १८१

उ लाटानुप्रास १८३

ग. यमक १८३

घ. श्लेष १८५

३.२.२.३.२ अर्थालङ्कार १८५

क. उपमा १८६

अ पूर्णोपमा १८६

आ लुप्तोपमा १८८

इ मालोपमा १९०

ख. रूपक अलङ्कार १९१

अ परम्परित रूपक १९२

आ साङ्ग रूपक १९२

इ निरङ्ग रूपक १९३

ग. परिणाम १९३

घ. सन्देह अलङ्कार १९४

ङ भ्रान्तिमान् १९५
च. उल्लेख १९६
छ. अपन्हुति १९७
ज. उत्प्रेक्षा १९८
झ अतिशयोक्ति २००
ञ. तुल्ययोगिता २०१
ट. दीपक २०२
ठ. प्रतिवस्तूपमा २०३
ड. निदर्शना २०३
ढ. व्यतिरेक २०४
ण. समासोक्ति २०५
त. पर्यायोक्त २०५
थ. अर्थान्तर न्यास २०६
द. काव्यलिङ्ग २०७
ध. आक्षेप २०७
न. विरोध २०८
प. सम २०८
फ. विशेष २०९
ब. परिवृत्ति २१०
भ. परिसङ्ख्या २१०
म. अर्थापत्ति २११
य. समुच्चय २११
र. प्रतीप २१२
ल. सूक्ष्म २१३
व. स्वभावोक्ति २१३
श. भाविक २१४
ष. उदात्त २१४
स. संसृष्टि २१५
ह. सङ्कर २१६
३.२.२.४ निष्कर्ष २१७
३.२.३. गुण विवेचन २१८
३.२.३.१ माधुर्य गुण २१९

३.२.३.२ ओजोगुण २२१
३.२.३.३ प्रसाद गुण २२३
३.२.३.४ निष्कर्ष २२४
३.२.४ रीतिपरिशीलन २२४
३.२.४.१ वैदर्भी रीति २२५
३.२.४.२ गौडी रीति २२५
३.२.४.३ पाञ्चाली रीति २२६
३.२.४.४ लाटी रीति २२६
३.२.४.५ निष्कर्ष २२७
३.२.५ रस २२७
३.२.५.१ श्रृङ्गार रस २२९
३.२.५.२ करुण रस २३०
३.२.५.३ रौद्र रस २३०
३.२.५.४ वीर रस २३१
३.२.५.५ भयानक रस २३२
३.२.५.६ बीभत्स रस २३३
३.२.५.७ अद्भुत रस २३३
३.२.५.८ शान्त रस २३४
३.२.६ भावादिको अभिव्यञ्जन २३५
३.२.६.१ भाव २३५
३.२.६.२ रसाभास २३८
३.२.६.३ भावाऽऽभास २३९
३.२.६.४ भावशान्ति २३९
३.२.६.५ भावोदय २४०
३.२.६.६ भावसन्धि २४०
३.२.६.७ भावशबलता २४१
३.२.६.८ निष्कर्ष २४१
३.२.७ ध्वनि २४३
३.२.७.१ ध्वनि : परिभाषा, प्रारम्भ, स्वरूप र प्रकार २४३
३.२.७.२ अभिलेखहरूमा ध्वनि २४५
३.२.७.२.१ लक्षणमूल ध्वनि २४५
क) अर्थान्तरसङ्क्रमितवाच्यध्वनि २४५

ख) अत्यन्ततिरस्कृतवाच्यध्वनि २४६
३.२.७.२.२ अभिधामूल ध्वनि २४६
क) असंलक्ष्यक्रमव्यङ्ग्य २४७
ख) संलक्ष्यक्रमव्यङ्ग्य २४७
अ शब्दशक्त्युद्भव २४८
आ अर्थशक्त्युद्भव २४९
क स्वतः सम्भवी २४९
ख कवि प्रौढोक्तिसिद्ध २५१
ग) पदांश र वर्ण आदिमा
असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि २५३
अ प्रकृति व्यञ्जकता २५४
आ प्रत्ययव्यञ्जकता २५४
इ द्विवचन-व्यञ्जकता २५४
इ बंहुबचनव्यञ्जकता २५५-
उ उपसर्ग-व्यञ्जकता २५५
ऊ द्वित्वव्यञ्जकता, निषेधव्यञ्जकता... २५६
ऋ लिङ्ग-व्यञ्जकता २५७
ए भावार्थक ष्यञ् प्रत्ययको व्यञ्जकता.. २५७
ए अव्ययव्यञ्जकता २५८
ओ वर्ण र रचनाको व्यञ्जकता २५८
औ प्रबन्धको व्यञ्जकता २५९
३.२.७.३ गुणीभूतव्यङ्ग्य २५९
३.२.७.४ निष्कर्ष २६०
३.२.८ दोषदिग्दर्शन २६१
३.२.८.१ दोष : परिचय, परिभाषा र परम्परा २६१
३.२.८.१.१ शब्ददोष : पद/पदांश दोष २६३
क. श्रुतिकटु २६३
ख. च्युतसंस्कृति २६४
ग. असमर्थ २६४
घ. निरर्थक २६५
ङ. अचाचक २६५
च. सन्दिग्ध २६६

छ. नेयार्थ २६६
ज. विरुद्धमतिकृत् २६७
३.२.८.१.२ शब्ददोष : वाक्यगत २६७
क. प्रतिकूलवर्णता २६७
ख. उपहतविसर्गता २६८
ग. हतवृत्तता २६९
घ. अधिकपदता २६९
ङ. समाप्तपुनरात्तता २७०
च. अक्रमता २७०
छ. अर्धान्तरैकवाचकता २७१
३.२.८.१.३ अर्थदोष : वाक्यगत २७१
क. अपुष्टार्थ २७१
ख. पुनरुक्त २७२
ग. प्रसिद्धिविरुद्ध २७२
घ. अनवीकृतत्व २७३
ङ. साकाङ्क्षत्व २७३
च. निर्मुक्तपुनरुक्तता २७४
३.२.८.१.४ रसदोष : वाक्यगत २७४
क. रसको स्वशब्दवाच्यता
ख. प्रकृति-विपर्यय
३.२.८.१.५ निष्कर्ष २७६
३.३ तेस्रो अध्यायको उपसंहार २७८
३.४ निष्कर्ष एवं सारवाक्य २८०

अध्याय : चार
राजा प्रताप मल्लका अभिलेखहरूमा उपलब्ध काव्यहरूको विशेष अध्ययन

४.१ अभिलेख-काव्यको विषयवस्तु २८१
४.१.१ स्तुतिप्रार्थनामूलक काव्यहरू २८२
४.१.१.१ विष्णुस्तुति : नारायणस्तोत्रम् २८३
४.१.१.२ शिवस्तुति २८४
४.१.१.३ देवीस्तुति २८७

क विियोगनिस्सारणप्रार्थना २८७
ख. सर्व्वापराधस्तोत्रम् २८८
ग कालिकाभुजङ्गदशकम् २८८
घ. वज्रयोगिन्या : कामदस्तोत्रम् २८९
ङ. जाड्यमुद्गरस्तोत्रम् २९०
च. सर्वमङ्गलाष्टकम् २९१
छ. चण्डिकाष्टकम् २९१
ज. भवानीस्तुति २९२
झ. निष्कर्ष २९३
४.१.१.४ नृसिंहस्तुति २९३
क. नृसिंहस्तोत्र : पद्यरचना २९४
ख. नृसिंहस्तुति : गीतिरचना २९५
ग. निष्कर्ष २९५
४.१.१.५ वृष्टिचिन्तामणिस्तोत्र : साहसिक यात्राको रोमाञ्चक वृत्तान्त २९६
४.१.१.६ निष्कर्ष २९७
४.१.२ वंशावलीवर्णन : प्रशस्तिपरक काव्यहरू २९८
४.१.२.१ त्रिशूल-डबलीको अभिलेख २९८
४.१.२.२ कृष्णमन्दिरको अभिलेख २९९
४.१.२.३ पशुपतिको अभिलेख र निजवंशावली ३००
४.१.२.४ निष्कर्ष.. ३०२
४.१.३ प्रकीर्णविषयक काव्यहरू ३०२
४.१.३.१ रानीपोखरीको वर्णन ३०२
४.१.३.२ घण्टवर्णन ३०३
४.१.३.३. गद्यखण्ड ३०४
४.१.४ अभिलेख काव्यहरूको विषयवस्तुगत अध्ययन : बुँदागत निष्कर्ष ३०४
४.१.४.१ स्तुतिप्रार्थनाविषयक ३०४
४.१.४.२ वंशावलीवर्णन विषयक ३०५
४.१.४.३. प्रकीर्णविषयक ३०६
४.२ अभिलेख काव्यमा प्रकृतिचित्रण ३०६
४.२.१ स्वयम्भूभट्टारकस्तोत्रम् ३०७
४.२.२ वापीवर्णन ३०७

४.२.३ प्रकृति : उपमानका रूपमा ३०८
४.२.४ प्रकृतिको मानवीकरण ३०९
४.२.५ निष्कर्ष ३१०
४.३ अभिलेख साहित्यमा प्रीतिचित्रण ३१०
४.३.१ ईश्वरीमा समर्पित प्रीति ३११
४.३.२ ईश्वरमा समर्पित प्रीति ३१३
४.३.३ पूर्वजहरूप्रति प्रीति ३१५
४.३.४ कान्तागत प्रीति ३१७
४.३.५ कान्तगत प्रीति ३१८
४.३.६. सन्ततिमा प्रीति ३१९
४.३.७. प्रजाविषयक प्रीति ३२०
४.३.८ निष्कर्ष ३२२
४.४ चौथो अध्यायको उपसंहार र निष्कर्ष ३२३
४.५. समापन वाक्य ३२४

अध्याय : पाँच
उपसंहार एवम् निष्कर्ष

५.१ विषय प्रवेश : शोध प्रबन्धको शीर्षक र रूपरेखा ३२५
५.२ नेपालमा मल्लवंश ३२७
५.३ राजा प्रताप मल्लका पूर्वजहरू ३२८
५.४ राजा प्रताप मल्ल ३२९
५.५ प्रताप मल्ल : जीवनी ३२९
५.६ प्रताप मल्लको व्यक्तित्व ३३१
५.७ प्रताप मल्ल : प्रमुख क्रियाकलाप ३३१
५.८ प्रताप मल्लका अभिलेखहरू : साहित्यिक मूल्य ३३३
५.९. प्रताप मल्लका काव्यहरू : विशेष अध्ययन ३३४
५.९.१ विषयवस्तु ३३४
५.९.२ प्रकृति-चित्रण ३३५
५.९.३ प्रीति-चित्रण ३३५
५.१० निष्कर्ष : सारसङ्ग्रह ३३६
५.११ समापन वाक्य ३३७

परिशिष्ट

राजा प्रताप मल्लका अभिलेखहरूको सूची ३३८-३४०

चित्र सूची ३४१-३५५

१. 'राजा प्रताप मल्लको तीर्थयात्रा' शीर्षकको ठ्यासफुको मुखपृष्ठ ३४१
२. वासुकि मन्दिरस्थित अभिलेख........ ३४२
३. अनन्तपुर, स्वयम्भू ३४३
४. प्रतापपुर, स्वयम्भू ३४४
५. इन्द्रजात्रामा प्रदर्शन गरिने विश्वरूप ३४५
६. स्वयम्भूमा समर्पित वज्र ३४६
७. देगुतलेजुको सामुन्ने स्थापित प्रतापस्तम्भ ३४७
८. रानीपोखरीको दक्षिणी तटमा स्थापित हात्ती ३४८
९. रानीपोखरीको उत्तरी तटमा माधव-मूर्ति ३४९
१०. अभिलेखाङ्कनयुक्त सुवर्णपत्रनिर्मित मूलद्वारयुक्त तलेजु ३५०
११. हनुमान्ढोका राजदरबारको नासलचोकमा स्थापित नरसिंह ३५१
१२. हनुमान्ढोका राजदरबारस्थित मोहनचोकमा स्थापित कालियदमनको मूर्ति ३५२
१३. हनुमान्ढोका राजदरबारपरिसरमा स्थापित कालभैरव ३५३
१४. हनुमान्ढोका राजदरबारको द्वारमा कलात्मक तोरण ३५४
१५. हनुमान्ढोका राजदरबारक्षेत्रको नक्सा........ ३५५

सन्दर्भ-ग्रन्थ सूची ३५६

*

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

अध्याय : एक

अध्याय : एक
अनुसन्धानको परिचय

यस अध्यायअन्तर्गत दुई खण्ड रहेका छन् :

१. शोधकार्य परिचय

२. शोधप्रबन्ध परिचय

१.१ शोधकार्य परिचय

नेपाल राष्ट्र प्राचीनकालको गौरवपूर्ण इतिहास, समृद्ध संस्कृति र उन्नत कला कौशलको भण्डारका रूपमा सुपरिचित रहेको छ । सनातन शाश्वत धार्मिक आस्था र लोककल्याणकारी जीवन दर्शन एवम् साहित्य-सङ्गीत-कलानुरागले सम्पन्न जीवन शैलीले यो राष्ट्र अनुप्राणित रहेको छ । पुरातन-कालदेखि नै यहाँ स्वजातीय गौरव र आत्मसम्मानपूर्ण अस्तित्वका लागि हाम्रा पूर्वजहरूले साहित्य, कला र संस्कृतिको मौलिक परम्परालाई निरन्तरता दिँदै आएका छन् । यस परम्परालाई अध्ययन गर्ने सबैभन्दा उत्तम साधन अभिलेख साहित्य नै हो ।

नेपालमा पाइने प्राचीनकालदेखिको अभिलेख-साहित्य अत्यन्त महत्वशील, गौरवपूर्ण इतिहासको परिचायक, एवम् रस-भावादि काव्यतत्त्वले समेत सम्पन्न पाइन्छ । त्यस्ता अभिलेखहरूको अध्ययन गर्ने क्रममा हाल लिच्छविकालदेखि लिएर पूर्वमल्लकाल, मध्यकाल र आधुनिककालसम्मका अभिलेखहरूको अन्वेषण अध्ययन र विश्लेषण गरी तत्-तत् समयका इतिहासको स्वरूप प्रकाशित गर्ने कार्य चलिरहेको पाइन्छ । यसै प्रसङ्गमा मध्यकालिक राजा प्रतापमल्लका अभिलेखहरूलाई स्मरण गर्नुपर्ने हुन्छ ।

राजा प्रताप मल्ल 'यथा नाम तथा गुणः' भन्ने संस्कृत लोकोक्तिलाई चरितार्थ गर्ने, अत्यन्त प्रतापी, ऊर्जस्वी एवम् लोकप्रिय राजा थिए । कान्तिपुरका सर्वाधिक यशस्वी मल्ल राजाका रूपमा इतिहासले प्रताप मल्लको मूल्याङ्कन गरेको छ । उनी रस-भाव-मर्मज्ञ, कलापारखी एवम् स्वयं कलाकार राजा थिए । खास गरी 'कवीन्द्र' उपाधिले समेत परिचित राजा प्रताप मल्लको कवि-कर्ममा विशेष अभिरुचि रहेको पाइन्छ । उनले रचेका उत्तम काव्यहरू कान्तिपुरका अधिकांश प्रसिद्ध मन्दिर देवलहरूमा अद्यावधि अभिलेखाङ्कित रहेका छन् । उनका अभिलेखहरू कतिपय प्रकाशित र केही अप्रकाशितसमेत रहेका छन् । उनका केही अभिलेखहरूको कतिपय इतिहासविषयक तथ्याङ्कनका लागि अध्ययन र उल्लेख गरिएको पाइन्छ । तर ती अभिलेखहरूको साहित्यिक मूल्य र महत्त्वको अध्ययन भएको पाइँदैन । यसै यथार्थलाई हृदयङ्गम गरी राजा प्रतापमल्लका अभिलेखहरूमा रहेको साहित्यिक मूल्यको आकलन गर्ने ध्येयले यो अनुसन्धान अध्ययन कार्य गर्न लागिएको हो । त्यसैले यस अध्ययनकार्यको शीर्षक **राजा प्रताप मल्लका**

अभिलेखहरुको साहित्यिक अध्ययन राखिएको छ । यस अध्ययनवाट राजा प्रताप मल्लको विशेषतः साहित्यिक व्यक्तित्व र सामान्यतः समग्र व्यक्तित्वको परिचयका साथै उनका साहित्यमा पाइने काव्यिक मूल्य र महत्ता प्रकाशित हुने विश्वास लिइएको छ । यसका साथै इतिहास र साहित्यका जिज्ञासुहरूलाई मल्लकालीन साहित्य र इतिहासको परिचय प्रदान गरी यस शोधकार्यले हाम्रो अतीतकालीन गौरव र साहित्यिक परम्पराको पहिचान गर्नसमेत विशेष योगदान दिनेछ भन्ने विश्वासका साथ यो अध्ययन सम्पन्न गर्न लागिएको छ ।

१.१.१ समस्याकथन

प्रस्तुत शोधकार्य मल्लकालका सर्वाधिक प्रख्यात राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक दृष्टिले अध्ययन र मूल्याङ्कन गर्ने उद्देश्यले सम्पन्न गर्न लागिएको छ । यस अर्थमा यस शोध कार्यका शोधनायक राजा प्रताप मल्ल हुन् । उनलाई 'कवीन्द्र'का उपनामवाट विशेष ख्याति प्राप्त भएको छ । उनका कवित्वको चर्चा-परिचर्चा पनि इतिहासका पानाहरूमा भएको छ । उनले रचेका केही काव्यात्मक रचनासम्बन्धी अभिलेखहरू पनि प्रकाशित भएका पाइन्छन्, तर ती के-कस्ता छन् र के-कति छन् अनि तिनको साहित्यिक मूल्य के रहेको छ ? भन्ने जिज्ञासा काव्य-रसज्ञ रसिक सहृदयहरूका मनमा उठ्ने गर्दछ । तिनै जिज्ञासाको समाधानार्थ यो शोधकार्यद्वारा एउटा श्रमसाध्य प्रयास गरिएको छ । यसका मूल शोधप्रश्नहरू यसप्रकार छन् :

१. मल्लकालका सर्वाधिक चर्चित राजा प्रताप मल्लको व्यक्तित्व कस्तो थियो ?

२. 'कवीन्द्र'का उपाधिले चिनिने राजा प्रताप मल्लको साहित्यिक योगदान के कस्तो थियो ?

३. उनी कवि हुन् भने उनका काव्यरचनाहरू के कति छन् र तिनको काव्यिक मूल्य के - कस्तो छ ?

४. उनका काव्यहरूमा के-कस्ता विशेषताहरू पाइन्छन् र ती काव्यहरू कुन कोटिका रहेका छन् ?

५. समग्रमा राजा प्रताप मल्ल कस्ता कवि हुन् ?

यिनै समस्यात्मक शोध प्रश्नहरूको समाधानार्थ यो शोधकार्य सम्पन्न गरिएको छ ।

१.१.२ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू यसप्रकार छन् :

१. मल्ल वंशका लोकप्रिय राजा प्रताप मल्लको जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलापको अध्ययन गर्नु,

२. राजा प्रताप मल्लका अभिलेखहरूमा उपलब्ध साहित्यको अध्ययन गर्नु,

३. राजा प्रताप मल्लका अभिलेखहरूमा प्राप्त काव्यहरूको साहित्यिक मूल्य काव्यशास्त्रीय सैद्धान्तिक मान्यताहरूका आधारमा आकलन गर्नु,

४. राजा प्रताप मल्लका अभिलेखहरूमा प्राप्त काव्यहरूको वैशिष्ट्य र स्तर निर्धारण गर्नु,

५. समग्र अध्ययन-अनुसन्धान र विवेचनाहरूबाट प्राप्त निष्कर्षका आधारमा राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक मूल्य निर्धारित गर्नु ।

यिनै उद्देश्यहरूको पूर्तिका लागि प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

१.१.३ शोधकार्यको औचित्य र महत्त्व

नेपालको इतिहासमा मध्यकाललाई कला-कौशलको उत्थान र उन्नयनका दृष्टिले स्वर्णकाल मानिन्छ । यस कालखण्डमा मूलतः मल्लवंशीय राजाहरूको शासन व्यवस्था चालु थियो । मल्लकालका सर्वाधिक चर्चित राजा प्रताप मल्ल थिए । ५१ वर्षको छोटो जीवनकालमा पनि ३३ वर्षको लामो अवधिसम्म कान्तिपुरको एकच्छत्र साम्राज्यका स्वामी वन्न पुगेका राजा प्रतापमल्ल राजनीतिकुशल, कलामर्मज्ञ र कलाप्रेमी एवम् स्वयं साहित्य-सङ्गीत-कलाकुशल लोकप्रिय राजा थिए । विशेषतः उनको 'कवीन्द्र' उपाधि देख्दा हरेक इतिहास र साहित्यका जिज्ञासु पाठकका मनमा उनका काव्य र काव्यकलापप्रति तीव्र जिज्ञासा उठ्नु नितान्त स्वाभाविक कुरा हो । उनी कस्ता व्यक्ति थिए ? उनको उपाधि 'कवीन्द्र' किन रहन गयो ? उनको काव्यसाधना के कस्तो थियो ? उनी कस्ता कविता लेख्थे ? उनका काव्यमा के कस्ता रस, भाव, ध्वनि, गुण र अलङ्कारहरू पाइन्थे ? उनी कुन भाषा र के-कस्ता छन्दमा कविता लेख्थे ? उनको काव्यको साहित्यशास्त्रीय मान्यताअनुसार के कस्तो मूल्य रहेको छ ? यस्ता अनगिन्ती प्रश्नहरूको उत्तर यस शोध प्रबन्धका पङ्क्ति-पङ्क्तिहरूले दिने भएकाले प्रस्तुत शोधकार्यको औचित्य सिद्ध हुन पुगेको देखिन्छ । अत्यन्त प्रतापी एवं काव्यकला-साधक, स्तरीय काव्य-कर्ता, यशस्वी राजा प्रताप मल्लको समग्र व्यक्तित्व र विशेषतः साहित्यिक योगदानको मूल्याङ्कन गरिएकाले, इतिहास र साहित्यका जिज्ञासुहरूका प्रश्नहरूको समाधान गर्दै अतीतका गौरवको गाथा अभिलेखीय तथ्यका आधारमा छर्लङ्ग पारिने हुँदा राष्ट्रको साहित्यिक गौरव बढाउने कार्यमा यस शोधकार्यको विशेष महत्त्व रहने कुरा स्पष्ट हुन आउँछ ।

१.१.४ अध्ययनको क्षेत्र र सीमा

यस शोधकार्यको विषय **राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन** भएकाले यस शोधकार्यको अध्ययन क्षेत्र र सीमा समुचित शोधसम्बद्ध आवश्यक विषयवस्तुभित्र समेटिएर मर्यादित रहने छ । यस अध्ययनको क्रममा प्रथमतः मल्लवंशका लोकप्रिय राजा प्रताप मल्लका

पूर्वजहरूको नातिविस्तृत चर्चा गरिनेछ । उक्त प्रसङ्गमा मल्लशव्दको व्युत्पत्तिदेखि लिएर उपत्यकाका मल्ल राजाहरूको संक्षिप्त परिचय दिँदै राजा प्रताप मल्लको गौरवपूर्ण वंशपरम्पराको चर्चा गरिनेछ । तदनन्तर राजा प्रताप मल्लको जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलापहरूको विशद विवेचन गरिनेछ । मूलतः उनको साहित्यिक गतिविधिका वारे प्रस्तुत अध्ययन केन्द्रित रहनेछ । उनका उपलब्ध एवम् प्रकाशित प्रायः सवै अभिलेखहरूको पर्यवेक्षण गर्दै मूलतः साहित्यिक/काव्यिक महत्त्वका अभिलेखहरूको अध्ययन काव्यशास्त्रीय सैद्धान्तिक सूत्रहरूका आधारमा सम्पन्न गरिनेछ । भाषा, लिपि, छन्द, अलङ्कार, गुण, रीति, रस, ध्वनि आदि काव्य-शास्त्रोक्त प्रमुख मूल्य र मान्यताका आधारभूमिमा टेकेर राजा प्रताप मल्लका अभिलेखहरूमा प्राप्त काव्यहरूको मूल्याङ्कन गर्नु यस अध्ययनको केन्द्रीय क्षेत्र हो भने राजा प्रताप मल्लको समग्र व्यक्तित्व, जीवनी र कृतित्वको मूल्याङ्कन गर्नु यस शोधकार्यको परिधीय क्षेत्र हो । अभिलेखहरूमा प्राप्त काव्यिक मूल्यलाई उजागर गर्नु र विशद विवेचनाका साथ निष्कर्ष प्रस्तुत गर्नु यस अध्ययनको केन्द्रीय लक्ष्य हो भने तदतिरिक्त विषयतिर प्रवेश नगर्नु यसको सीमा हो ।

१.१.५ पूर्वकार्यको समीक्षा

राजा प्रताप मल्ल र उनका अभिलेखबारे गरिएको अध्ययनसम्बद्ध पूर्वकार्यहरूको संक्षिप्त विवरण यसप्रकार छ :

क. नेपालमा अभिलेखहरूको अन्वेषण अनुसन्धान र अध्ययन गर्ने कार्य वि.सं. १९३७ मा प्रारम्भ भएको देखिन्छ । भारतीय शासकहरूको उत्प्रेरणा र विशेष सहयोगसमेत लिएर नेपाल प्रवेश गरेका श्रीभगवान्लाल इन्द्राजीले नेपालका विभिन्न ठाउँमा गई खोजतलास, अन्वेषण र अनुसन्धान गरी वि.सं. १९३७ मा केही लिच्छविकालिक अभिलेखसहित 'इन्सक्रिप्सन फ्रम नेपाल' नामक लेख 'इन्डियन इन्टिक्वेरी'को नवौं अङ्कमा प्रकाशित गरे । नेपाली अभिलेख प्रकाशन गरिएको यो पहिलो घटना थियो । यसको पाँचवर्षपछि वि.सं. १९४२ मा इन्द्राजीले नै पुनः '23 इन्सक्रिप्सन फ्रम नेपाल' नामक २३ वटा अभिलेखहरूको परिचयसहितको सङ्कलन-ग्रन्थ प्रकाशित गरे । अभिलेखहरूको रेखाचित्र र फोटोहरूसमेत समाविष्ट गरिएको उक्त ग्रन्थमा राजा प्रतापमल्लका दुई अभिलेखहरू परिचयसहित प्रकाशित भएका छन् । तीमध्ये पहिलो वि.सं. १७०५ को कृष्णमन्दिरको अभिलेख हो भने दोस्रोचाहिँ वि.सं. १७१३को पशुपतिनाथको शिलालेख हो ।

ख. वि.सं. २०१८ मा गौतमवज्र वज्राचार्य र महेशराज पन्तद्वारा सम्पादित र संशोधन मण्डलद्वारा प्रकाशित 'अभिलेख सङ्ग्रह'को तेस्रो भागमा राजा प्रतापमल्लका १२ वटा अभिलेखहरू परिचयसहित प्रकाशित भएका पाइन्छन्, जसमा वि.सं.१७०६मा अङ्कित

पशुपति वासुकिस्थानको अभिलेखलगायत वि.सं., १७२९ मा हनुमान्ढोकास्थित हनुमान्को पादपीठमा उत्कीर्ण अभिलेखहरू रहेका छन् ।

ग. वि.सं. २०२३ सालमा अनुसन्धाता श्री डिल्लीरमण रेग्मीले भारतको पटनावाट 'मेडिएभल नेपाल, भाग-४' नामक ग्रन्थ प्रकाशित गराए, जसमा राजा प्रतापमल्लका केही अभिलेखहरू परेका छन् ।

घ. वि.सं. २०२७ मा शङ्करमान राजवंशको सम्पादकत्वमा श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित 'कान्तिपुर शिलालेख-सूची'मा राजा प्रतापमल्लको पालाका ६२ वटा शिलाऽभिलेखहरूको संक्षिप्त परिचय र छोटा अभिलेखांशहरू प्रकाशित गरिएको पाइन्छ । जसमध्ये केही प्रतापमल्लका अभिलेखांशहरू पनि छन् ।

ङ. वि.सं.२०३३ सालमा गौतमवज्र वज्राचार्यकृत 'हनूमान्ढोका राजदरवार' नामक ग्रन्थ नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित भयो, जसमा राजा प्रताप मल्लका १४ वटा अभिलेखहरू सङ्कलित छन् । यी अभिलेखहरूको परिचय र प्रताप मल्लले गरेका प्रमुख कियाक्रलापहरूको विवेचनाले समेत उक्त ग्रन्थ प्रस्तुत शोध-कार्यका लागि निकै उपादेय हुन पुगेको छ ।

च. प्रताप मल्लकृत अभिलेखहरू प्रकाशित गर्ने उक्त मुख्य मुख्य ग्रन्थहरूका अतिरिक्त राजा प्रताप मल्लका व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्ने इतिहाससम्बद्ध निम्नलिखित ग्रन्थहरूले पनि प्रस्तुत शोधकार्यमा आधारभूमिको भूमिका निर्वाह गरेका छन् :

ग्रन्थ	लेखक	प्रकाशित मिति
नेपाल उपत्यकाको मध्यकालीन इतिहास	सूर्यविक्रम ज्ञवाली	२०१९
इतिहास संशोधनको प्रमाण प्रमेय	धनवज्र वज्राचार्य (सम्पा.)	२०१९
पुरातत्व पत्र सङ्ग्रह (तेस्रो भाग)	शङ्करमान राजवंशी	२०२०
ऐतिहासिक पत्र-सङ्ग्रह	श्रीरामजी तेवारी र अन्य (सम्पा.)	२०२१
नेपाली ललितकला	बालकृष्ण सम	२०२२
नेपालको ऐतिहासिक रूपरेखा	बालचन्द्र शर्मा	२०२२
भाषा वंशावली ,भाग २	पं. देवीप्रसाद लम्साल	२०२३
मल्लकालीन नेपाल	लीलाभक्त मुनँकर्मी	२०२५

नेपाली सँस्कृति	हरिराम जोशी	२०२८
श्री पशुपतिनाथ गुह्येश्वरी माहात्म्य र इतिहास	डा.जगदीशचन्द्र रेग्मी	२०४६
नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास	प्रो.ढुण्डिराज भण्डारी	२०४६
नेपालको इतिहास (चौ.सं.)	डा.पेशल दाहाल	२०४८
पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन	डा. गोविन्द टण्डन	२०५६

यिनै प्रमुख पूर्वकार्यहरूको आधारभूमिमा रहेर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । उपर्युक्त शोध-सामग्रीहरूमा राजा प्रतापमल्लका प्रमुख क्रियाकलापहरू र उनका अभिलेखहरूको प्रकाशन भएको तर प्रताप मल्लका समग्र व्यक्तित्व, जीवनी र उनका अभिलेखहरूको साहित्यिक अध्ययन नभएकाले यस अभावको परिपूर्तिका निम्ति उक्त प्रमुख पूर्व कार्यका पृष्ठभूमिमा आधारित रही प्रस्तुत अध्ययन सम्पन्न भएको छ ।

१.१.६ प्राक् - कल्पना

यो शोधकार्यद्वारा निम्नलिखित निष्कर्षमा पुगिने प्राक्-कल्पना गरिएको छ :

क. राजा प्रताप मल्ल उत्तम साहित्य - साधक, कला र सँस्कृतिका पोषक यशस्वी एवम् प्रतापी व्यक्तित्व हुन् ।

ख. राजा प्रताप मल्लका अभिलेखहरूमा रस, ध्वनि, गुण र अलङ्कारहरूद्वारा सम्पन्न उत्कृष्ट कोटिका काव्यात्मक रचनाहरू पाइन्छन् ।

ग. राजा प्रतापमल्लका अभिलेखहरूमा देवताहरूप्रति श्रद्धा, पूर्वजहरूप्रति सम्मान, प्रकृति चित्रणको सौन्दर्य एवम् प्रीतिको हृदयहारी अभिव्यक्ति भएका काव्यहरू पाइन्छन् ।

घ. सारतः राजा प्रतापमल्ल साहित्य-सङ्गीत-कला मर्मज्ञ, संस्कृति-पोषक, उत्तम काव्य-साधक प्रतापी व्यक्तित्व हुन्, उनका अभिलेखहरूमा उत्तमकक्षी साहित्यको अभिव्यक्ति पाइन्छ ।

यिनै पूर्वानुमान वा प्राक् कल्पनालाई लक्षित गरी यो शोधकार्य सम्पन्न गर्न लागिएको छ ।

१.१.७ शोधविधि

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययनविषयक प्रस्तुत शोधप्रबन्ध विभिन्न पद्धतिबाट तथ्याङ्क सङ्कलन गरी तैयार पारिएको छ । यस अध्ययनका क्रममा कतिपय अभिलेखहरू सम्बन्धित ठाउँमा गई अध्ययन गरिएको छ भने अन्य कतिपय अभिलेखहरू विभिन्न प्रकाशित सामग्रीहरूबाट अध्ययन गरिएको छ । ती सबै अभिलेखहरूको साहित्यिक मूल्याङ्कनका लागि सम्बद्ध ग्रन्थहरूको सैद्धान्तिक आधारभूमिमा रहेर विशेष अध्ययन गरी अन्ततः निष्कर्षमा पुग्ने काम भएको छ । मूलतः यस अध्ययनलाई सम्पन्न गर्न प्रयुक्त शोधविधिलाई निम्नलिखित दुई खण्डमा राखेर प्रस्तुत गर्न सकिन्छ :

१.१.७.१ तथ्य - सङ्कलन विधि

क. प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने अभिलेखहरूको सङ्कलनका लागि मूलतः पुस्तकालयीय विधिको उपयोग गरिएको छ । राजा प्रताप मल्लका अभिलेखहरू प्रकाशित भएका पुस्तक, पत्रपत्रिका एवम् शोधलेखहरूबाट अभिलेखका पूर्ण पाठहरू सङ्कलित गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

ख. राजा प्रताप मल्लका अभिलेखहरू उत्कीर्ण गरिएका स्थलहरूमा गई सङ्कलित अभिलेखहरूलाई रुजु गरी तिनको सत्यापन पनि गरिएको छ । विशेषतः हनुमान्ढोका राजदरबार : वसन्तपुर, रानीपोखरी एवम् पशुपतिनाथ र गुह्येश्वरी मन्दिरका परिसरमा समेत भ्रमण गरी अभिलेख अवलोकनार्थ स्थलगत अध्ययन पनि गरिएको छ । राजा प्रताप मल्लले निर्माण गराएका विभिन्न कला-कौशलमण्डित मूर्ति, भवन, मन्दिर, ध्वज, पोखरी र अन्य उपलब्ध भौतिक संरचनाहरूलाई तत्-तत् स्थानमा गई अवलोकन र अध्ययन गरिएको छ ।

ग. राजा प्रताप मल्लको जीवनी र व्यक्तित्वका बारेमा प्रकाश पार्ने पाठ्यसामग्री र स्रोत व्यक्तिहरूबाट समेत अध्ययनका लागि उपयोगी सामग्रीहरू सङ्कलन गरिएको छ ।

घ. अभिलेखहरूको साहित्यिक मूल्याङ्कनका लागि सम्वद्ध साहित्य-सिद्धान्तलाई स्थापित गर्ने संस्कृत काव्यशास्त्रका मूलग्रन्थहरूको अध्ययन गरेर गरी तिनै आधारहरूको अवलम्वन गरी अभिलेखका साहित्यिक पक्षको अध्ययन गरिएको छ । मूलतः आचार्य मम्मट, ध्वनिकार आनन्दवर्धन र कविराज विश्वनाथका काव्यशास्त्रीय सिद्धान्तहरूको अनुगमन गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

१.१.७.२ तथ्य - विश्लेषण विधि

क. सङ्कलित अभिलेख र अन्य तथ्य सामग्रीहरूलाई प्रथमतः व्यवस्थापन गरी तिनको शुद्धता र अधिकारिकताको विभिन्न स्रोतहरूबाट पुष्टि गरिएको छ ।

ख. समग्र सामग्रीलाई वर्गीकरण, तालिकीकरण, तथ्याङ्कन र विश्लेषण गरी अन्त्यमा अनुसन्धान/अध्ययनको निष्कर्ष निष्पादन गरिएको छ ।

ग. राजा प्रताप मल्लसम्बन्धी उपलब्ध समग्र अभिलेखहरूको अध्ययन गरी तिनलाई काव्यशास्त्रीय सिद्धान्तका आधारमा विस्तृत अध्ययन र विश्लेषण गरेर अभिलेखहरूको मूल्य निर्धारण गरी शोधकार्यको निष्कर्षमा पुगिएको छ ।

१.२ शोधप्रबन्धको परिचय

१.२.१ शोध प्रबन्धको शीर्षक : राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन ।

१.२.१.१ विषय - प्रवेश

विश्वको उत्तुङ्गतम हिमशिखर देवतात्मा, नगाधिराज हिमालयको दिव्यतम क्रीडस्थलमा अधिष्ठित नेपालको यस हिमवत् खण्डमा मात्र नभएर समस्त जगत्मै विशिष्ट गौरव र गम्भीर आकर्षण रहेको छ । प्राचीन-कालदेखि नै जनक, सीता, बुद्धजस्ता ज्ञानगम्भीर एवम् आचारपूत विभूतिहरू अनि भृकुटी र अरनिकोजस्ता नेपाल माताका असल सन्तानहरूले यो राष्ट्र गौरवान्वित हुँदै आएको छ । प्रथमतः किराँत-वीरहरूले आवाद गरेको यस धराधाममा कालान्तरमा यशस्वी लिच्छविहरूले आफ्नो सुशासन र प्रशासन चलाए भने तदुत्तरवर्ती कालखण्डमा मल्ल राजाहरूले राष्ट्रको गरिमा बढाए ।

नेपाली सभ्यता र सँस्कृतिको यस यात्रा-पथमा मल्ल राजाहरूको शासनाऽवधिलाई स्वर्णकाल मानिन्छ । विशेषतः जयस्थिति मल्ल (शासन : वि.सं. १७३७-१४५२)[1] देखि जयप्रकाश मल्ल (शासन : वि.सं. १७९२-१८२२)[2] सम्मको अवधिलाई नेपालको इतिहासमा मल्लकाल भनिन्छ । यस कालखण्डमा नेपाल राष्ट्रको गौरव बढाउने साहित्य, सङ्गीत, कला-कौशल सभ्यता र सामाजिक व्यवस्थाको गरिमापूर्ण उन्नयन भएको कुरा इतिहासका पृष्ठहरूमा अङ्कित छ । यसै समयावधिको मल्ल राजवंशमा सर्वाधिक लोकप्रिय, प्रसिद्ध, प्रतापी, यशस्वी राजा प्रताप मल्ल

---

[1] धनवज्र वज्राचार्य(प्र.सम्पादक)'**इतिहास संशोधनको प्रमाण प्रमेय**'(ललितपुर,जगदम्बा प्रकाशन,वि.सं.२०१९)पृ.३२ र ३८ ।
[2] डा.पेशल दाहाल, '**नेपालको इतिहास**' (काठमाडौं : एम्.के.पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स, वि.सं२०४८) पृ. १४६ ।

(वि.सं.१६८०-१७३१) वंशमणिका रूपमा देखा पर्दछन् । आफ्नो ५१ वर्षे छोटो जीवनकाल एवम् ३३ वर्षे लामो शासनकालमा राजा प्रताप मल्लले सुशासन, राजनीतिक कुशलता, सुकवित्व, साहित्य-सङ्गीत-कलाऽनुराग, साँस्कृतिक ऐश्वर्यको प्रवर्द्धन, धार्मिक-सामाजिक विकास-निर्माण कार्य र प्रजावात्सल्यले समेत इतिहासका पानाहरूमा स्वर्णाक्षर अङ्कित गराएका छन् ।

यिनै स्वनामधन्य राजा प्रताप मल्ललाई शोधनायक बनाएर यस शोध प्रबन्धमा समान्यतः उनको समग्र व्यक्तित्व र विशेषतः अभिलेखहरूमा रहेका साहित्यिक पक्षको अध्ययन गर्ने लक्ष्य राखिएको छ । अब क्रमशः शोधशीर्षक-सम्बद्ध विषयवस्तुबारे यहाँ प्रकाश पारिनेछ ।

१.२.१.२ राजा प्रताप मल्ल

'रञ्ज्' धातुबाट 'कनिन्' प्रत्यय जोडिएर 'राजा' शब्द निष्पन्न हुन्छ ।[3] यस शब्दले 'शासक' अर्थ बुझाउँछ । विशेषतः राजतन्त्रात्मक मुलुकमा वंशपरम्पराअनुसार उत्तराधिकार प्राप्त हुने तथा त्यहाँको शासन सञ्चालन गर्ने प्रमुख शासकलाई[4] 'राजा' शब्दले बुझाउँछ । यसै अर्थमा मल्लवंशका प्रसिद्धतम राजा प्रतापमल्लको विशेषण 'राजा' चरितार्थ हुन आउँछ । **'राजा प्रकृतिरञ्जनात्'**[5] भन्ने सुभाषितअनुसार वस्तुतः प्रजावर्गलाई आनन्दित तुल्याउने हुनाले नै राजा प्रजाको हृदयमा बसेर वात्सल्यद्वारा शासन गर्दछ र लोकप्रिय बन्दछ । यसै सुभाषितलाई स्मरण गराउने हुँदा प्रताप मल्लको विशेषणका रूपमा 'राजा' पद अत्यन्त सार्थक बन्न पुगेको देखिन्छ । वात्सल्यभावले प्रजारञ्जन गर्दै संस्कृतिसंवर्द्धन र सत्काव्यप्रणयनद्वारा स्वराष्ट्रको गौरव बढाएर प्रताप मल्ल साँचो अर्थमा सुयोग्य शासक बनेका हुँदा 'राजा' पद उनका लागि अत्यन्त सार्थक विशेषण बन्न पुगेको प्रतीत हुन्छ ।

मल्लवंशीय राजाहरूमध्ये आफ्ना सत्कार्यद्वारा चर्चाको शिखरमा पुगेका स्वनामधन्य प्रतापी राजा प्रताप मल्लको नाम इतिहासका पानामा स्वर्णाक्षरले मुद्रित भएको देखिन्छ । उनका धवलतर कीर्ति र प्रतापको भूरिभूरि प्रशंसा तद्विषयविज्ञ विद्वान्हरूले आफ्ना कृतिहरूमा गरेको पाइन्छ । इतिहासविद् सूर्यविक्रम ज्ञवाली लेख्दछन् : **'नेपालका तीन राज्यमा भएका एक बीसभन्दा धेरै राजाहरूमा यिनी (प्रतापमल्ल) सहजै सबैभन्दा ठूला गनिन्छन् । ...... प्रताप मल्ल दूरदर्शी व्यक्ति थिए । ..... उनको कविताप्रेम, साहित्यप्रति अनुराग, भवननिर्माण आदि कुराले गर्दा उनले इतिहासमा आदर प्राप्त गरेका छन् । .... प्रताप मल्ल संस्कृतका पण्डित भयेको कुरा उनले स्वयं रचना गरी अनेक ठाउँमा अंकित गरायेका देवी देवताका स्तोत्रबाट थाहा पाइन्छ । .... कविता गर्ने इनलाई सोख हुनाले इनले गर्वपूर्वक कवीन्द्रको विरुद धारण गरे । .... इनका निर्माणकार्यद्वारा नगरको**

---

[3] वामन शिवराम आप्टे, **संस्कृत हिन्दी शब्दकोश** (दिल्ली :मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि., सन् १९९७) पृ.८५२ ।

[4] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश**(काठमाडौं :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं२०५२) पृ. ११३६ ।

[5].कालिदास : **रघुवंशमहाकाव्यम्** ४।१।

सौन्दर्यवृद्धि बाहेक नागरिकहरूको सुबिस्ता पनि बढेको थियो । रानीपोखरीको निर्माणद्वारा नगरवासीलाई स्नानसन्ध्या गर्ने धेरै सुबिस्ता भयेको थियो । ..... समय समयमा कोटिहोम, तुलादान इत्यादि गर्ने पनि इनको अभ्यास थियो । ... इनको धार्मिक सहिष्णुता पनि प्रशंसनीय छ । ..... प्रताप मल्ल काठमाण्डुका एकजना योग्य तथा शिक्षित शासक थिए भन्ने कुरामा केही सन्देह छैन ।'[6] यसरी प्रताप मल्लका व्यक्ति वैशिष्ट्य र ख्यातिको चर्चा इतिहासका पानाहरूमा पढ्न पाइन्छ ।

राजा प्रताप मल्लबारे प्रसिद्ध इतिहासविद् र अनुसन्धाता धनवज्र वज्राचार्य लेख्दछन् : 'कान्तिपुरका मल्ल राजाहरूमा प्रताप मल्लको विशेष ख्याति छ । हुन पनि प्रताप मल्ल उनीभन्दा अघिका र पछिका मल्ल राजाहरूभन्दा भिन्न प्रकृतिका थिए । .... कान्तिपुरका मल्ल राजाहरूमा प्रताप मल्लको विशेष ख्याति हुनामा मुख्य कारण उनको कविगुण थियो । इनी संस्कृतमा कविता लेख्दथे । कान्तिपुर इलाकाका धेरैजसो प्रसिद्ध देवस्थलमा इनका शिलापत्र पाइन्छन् । .... इनका कवितामा श्रृङ्गाररस र भक्तिको बाहुल्य छ । प्रताप मल्ल आफूलाई ...कवीन्द्र = ठूला कवी' भनी लेख्दथे । शस्त्र, शास्त्र र सङ्गीतमा म निपुण छु भन्ने उनलाई गर्व थियो । प्रताप मल्ल शिव, विष्णु र अरु देवदेवीहरूको उपासना गर्दथे तथा तन्त्रमन्त्रको अनुष्ठान गर्दथे । ...... प्रताप मल्ल जाँगरिला हुँदा उनको शासनकालमा भारदारहरूलाई अँठ्याई शासन चलाउन उनी समर्थ भएका थिए ।'[7] यसरी प्रताप मल्लको सुशासन, कवित्व, कला र सङ्गीतको अनुराग एवं प्रतापी व्यक्तित्वको प्रशंसा इतिहासविद्हरूले व्यक्त गरेको पाइन्छ ।

राजा प्रताप मल्लबारे इतिहासज्ञ तथा अनुसन्धाता गौतमवज्र वज्राचार्य लेख्दछन् : 'साहित्य, नृत्य, सङ्गीत र कलाकृतिको निर्माणमा उनले देखाएको विशेष अभिरुचिले गर्दा नेपालको इतिहासमा राजा प्रताप मल्लको ठूलो ख्याति छ । उनले बनाएर गएका देवमन्दिर र अरु अनेकन् कलाकृतिहरूले काठमाडौंको शोभा बढाइरहेका छन् । हनुमान्ढोकामा अहिले बनेका मल्ल कालका धेरैजसो कृति यिनै राजाको पालामा बनेका छन् ।'[8] यसरी प्रताप मल्लको साहित्य-सङ्गीत-कलाप्रतिको गम्भीर अभिरुचि र उनले विकास निर्माण कार्यमा देखाएको सक्रियता इतिहासका पङ्क्तिहरूमा प्रशंसायुक्त बनेको छ ।

राजा प्रताप मल्लबारे डा. पेशल दाहाल लेख्दछन् : काठमाडौं उपत्यकामा शासन गर्ने मल्ल राजाहरूमा सबैभन्दा चर्चित राजा प्रताप मल्ल देखिन्छन् । यिनको पालामा कला, वास्तुकला तथा साहित्यको उन्नतिका अतिरिक्त आर्थिक विकास पनि निकै भएको थियो । यी सबैको उन्नतिको

---

[6] सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास** (काठमाडौं : गेयल नेपाल एकेडेमी, वि.सं२०१९) पृ. १४७-१५९ ।

[7] वज्राचार्य (सम्पादन) **पूर्ववत् नं. १.** पृ. ८०-८२ ।

[8] गौतमवज्र वज्राचार्य **हनूमानढोका राजदरबार** (काठमाडौं : वि.सं२०३३) पृ. २०-२३) ।

कारणले प्रताप मल्ललाई सर्वश्रेष्ठ मल्ल राजा पनि मान्ने चलन छ ।[9] यसरी उनले गरेका उत्तम कार्यका आधारमा प्रताप मल्लको ख्याति बढेको देखिन्छ ।

पं. देवीप्रसाद लम्सालकृत भाषा वंशावली (भाग-२)मा राजा प्रताप मल्लका विषयमा '**बडा प्रतापी, शास्त्रमा प्रवीण कवि भयाका, धेरै धर्म, कीर्ति, प्रख्यात भयाका**'[10] भन्ने वाक्यांश प्रस्तुत गरिएको पाइन्छ ।

यिनै प्रसिद्ध उक्ति, चर्चा-परिचर्चा र प्रताप मल्लविषयक ऐतिहासिक तथ्यहरूका आधारभूमिमा उभिएर, इतिहासको प्रामाणिक आधार अभिलेखहरूलाई साक्ष्य बनाएर राजा प्रताप मल्लको समग्र व्यक्तित्व र अभिलेख साहित्यको अध्ययन गर्नु नै यस शोध प्रबन्धको मूल लक्ष्य हो ।

१.२.१.३ अभिलेख

'अभि'उपसर्ग लागेको 'लिख्' धातुमा 'घञ्' प्रत्यय लागेर 'अभिलेख' शब्द व्युत्पन्न हुन्छ ।[11] यो मूल संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संज्ञावाचक तथा क्रियावाचक शब्दका अघिल्तिर लागेर मूल शब्दको अर्थमा परिवर्तन गराउने एउटा प्रसिद्ध संस्कृत उपसर्गका रूपमा "अभि' पद चिनिन्छ ।[12] यसले स्वतन्त्र रूपमा कुनै अर्थ प्रकट नगरे पनि अरु शब्दका साथ जोडिएर को तिर/को दिशामा/को लागि/मा माथि आदि अर्थ प्रकट गर्दछ ।[13] त्यसैगरी 'अक्षर विन्यास गर्नु'[14] भन्ने अर्थ भएको 'लिख्' धातुमा घञ् प्रत्यय लागेपछि (लिख्+घञ्) 'लेख' शब्द निर्मित हुन्छ र यसले लेखावाट, दस्तावेज,[15] कुनै विषयमा लेखेर प्रकट गरिएको विचार वा कुरो अर्थात् रचना, लिखत, लेखोट र लेखिएको अक्षर वा लिपि आदि अर्थ[16] जनाउँछ । तर 'अभि' र 'लेख' यी दुवै पदको संयोजन गरिएपछि बनेको **अभिलेख** यो शब्दले चाहिँ माथि उल्लिखित अर्थभन्दा भिन्न अर्थ प्रकट गर्दछ ।

'अभिलेख' शब्दले सुन-तामाका पाता वा ढुङ्गा आदिमा कुनै महत्वको विषय लेखिएको वा कपिएको लेख वा विविध महत्त्वको सामग्री भएको प्राचीन लेख भन्ने अर्थ बुझाउँछ । यसैगरी

---

9 दाहाल **पूर्ववत् नं. ९**, पृ. १२५-१३३ ।

10 पं. देवीप्रसाद लम्साल, **भाषा वंशावली (भाग-२)**, (काठमाडौं) राष्ट्रिय पुस्तकालय, श्री ५ को सरकार,पुरातत्व विभाग, वि.सं. २०२३) पृ. ९३ ।

11 वेणीमाधव ढकाल, **'लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्'** (काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा, वि.सं. २०५९) पृ. १२० ।

12 पोखरेल (सम्पा.),**पूर्ववत् नं. ४**, पृ. ६४ ।

13 आप्टे, **पूर्ववत् नं. ३**, पृ. ६९ ।

14 ढकाल, **पूर्ववत् नं. ११**, पृ. १२० ।

15 आप्टे, **पूर्ववत् नं. ३**, पृ. ८८२ ।

16 पोखरेल (सम्पा.), **पूर्ववत् नं. ४**, पृ. ११८५ ।

कुनै विषयको प्रामाणिक लेख वा रिकर्ड; प्रामाणिक लेख; लेखोट[17] भन्ने पनि यसको अर्थ हुन सक्दछ ।

अहिले प्रचलित अभिलेख शब्दको अर्थ साधारण व्यवहारको भाषामा प्राचीन भाषामा लेखिएका लेखोटहरू : हस्तलिखित ग्रन्थ, शिलापत्र, ताम्रपत्र, ताडपत्र, काष्ठपत्र, भूर्जपत्र र कागतपत्र[18] आदि देखिन आउँछ । प्राचीन संस्कृत वाङ्मयमा लेख, प्रलेख, अभिलेख्य र शासन आदि[19] शब्दहरू यही अभिलेख शब्दको पर्यायवाची शब्दका रूपमा प्रयुक्त छन् । विभिन्न आधारमा खोपिने ती ती लेख वा लेख्यलाई आधारको कारणबाट शिलालेख, ताम्रपत्र, ताम्रलेख, कनकलेख, गुहालेख, स्तम्भलेख, प्रतिमालेख, मुद्रालेख, भनिए तापनि ती सब अभिलेख शब्दबाट एकसाथ बुझिन्छन् । अहिले प्रचलित अभिलेख शब्दको मूल याज्ञवल्क्य स्मृतिमा रहेको **अभिलेख्यम्** पद नै हो ।[20] 'अभि' उपसर्ग लक्षण (हेतु) अर्थमा प्रयोग भएकाले अभिलेख शब्दको अर्थ कुनै खास हेतु द्योतन गर्न लेखिएको विषय भन्ने स्पष्ट हुन्छ । आगामी राजाहरूलाई गरिने उद्‌बोधन, कल्याणकारी कार्यहरूको सूचना, राजाज्ञा, दान, देवप्रतिष्ठा, विशेष घटनाको सूचना आदि[21] उद्देश्यका लागि यस्ता अभिलेख लेख्ने गरिएको पाइन्छ ।

अभिलेखलाई अङ्ग्रेजीमा आर्काइभस् (Archives) भनिन्छ । यो शब्द ग्रीक, 'आर्चियन' (Archeion) बाट बन्दछ । यही ग्रीक शब्दको क्रमिक विकास हुँदै ल्याटिन भाषामा आइपुग्दा 'आर्चिभियम' (Archivium) हुन पुग्यो । आर्चिभियम त्यस ठाउँलाई भनिन्छ जहाँ सार्वजनिक वा सरकारी कागजपत्रहरू राखिन्छन् । ल्याटिन शब्द आर्चिभियम (Archivium)लाई फ्रान्सिसी भाषामा 'लार्चाइभ' भनेर एकवचनमा प्रयोग गरिन्थ्यो भने पछि यसलाई 'लेस लार्चाइभ' (Les Archaives) भनी बहुवचनमा प्रयोग गरिन थाल्यो । यही फ्रान्सेली शब्दबाट नै अङ्ग्रेजीमा आर्काइभस् (Archives) भन्ने बहुवचनयुक्त शब्द प्रयोग गरिन थाल्यो । यस शब्दले तीनवटा अर्थ बुझाउँछ : १. सरकारी कागजात, २. त्यो भवन, जहाँ ती सरकारी कागजातहरू राखिन्छन्, ३. त्यो प्रशासनिक व्यवस्था जसले ती कागजातहरूको सुरक्षा व्यवस्था गर्दछ ।[22]

साधारण बोलचालमा अभिलेखको अर्को अर्थ 'रेकर्ड, (Record) पनि हो । ल्याटिन भाषामा 'रेकर्डरी' (Recordri) शब्दबाट अङ्ग्रेजीको 'Record' बनेको हो । जसको शाब्दिक अर्थ : ध्यानपूर्वक सम्झनु (Memory) हो । ल्याटिन शब्द 'कोर' (Cor)को अर्थ हुन्छ :मुटु (Heart), जो स्मरणशक्तिको

---

[17] पोखरेल (सम्पा.), **पूर्ववत् नं. ४**, पृ. ६७ ।

[18] वलराम डंगोल, "राष्ट्रिय अभिलेख र अभिलेखालय" **अभिलेख** वर्ष २, अङ्क २, पृ. २२-२३ ।

[19] ढकाल, **पूर्ववत् नं. ११**. पृ. ६ ।

[20] **उही** ।

[21] **उही**. पृ. ७ ।

[22] डंगोल, **पूर्ववत् नं. १८**. पृ. २३ ।

मूल थलो (Seat at Memory) मानिन्छ । त्यसैले कुनै पनि विषयलाई चिरकालसम्म स्मरण राख्नका लागि कुनै लेखोटका रूपमा सञ्चय गरी राख्नुलाई नै 'रेकर्ड राख्नु' भनिन्छ ।[23]

यसप्रकार नेपाली, संस्कृत र अङ्ग्रेजी आदि भाषामा आउने 'अभिलेख' र त्यसका समानार्थी शब्दहरूले प्रस्तुत शोधग्रन्थमा प्रयुक्त अभिलेख शब्दमा निहित अभिप्रायलाई स्पष्ट गर्दछन् । यहाँ राजा प्रताप मल्लले उपर्युक्त विभिन्न उद्देश्यले लेखिएको, चिरकालसम्म रहिरहोस् भन्ने अभिप्रायले स्वर्ण, ताम्र, शिला आदि पट्टहरूमा उत्कीर्ण गरेको लेखोटलाई नै अभिलेख शब्दले सङ्केत गरिएको छ ।

१.२.१.३.१ अभिलेखका प्रकार

अभिलेख प्रस्तुत गर्ने माध्यम, अभिलेख राख्नुको उद्देश्य र अभिलेखमा उल्लेख गरिने विषय आदिका दृष्टिले अभिलेखका प्रकार छुट्याउन सकिन्छ । तदनुसार अभिलेख, प्रस्तुत गरिने माध्यमका रूपमा मुख्यतः स्वर्णपत्र, ताम्रपत्र, ताडपत्र, काष्ठपत्र, भूर्जपत्र, कागजपत्र र शिलापत्र देखा पर्दछन् । अभिलेख राख्नुका उद्देश्यका दृष्टिले हेर्दा मूलतः अभिलेखप्रस्तोता आफूले गरेका कुनै कल्याणकारी कार्यको सूचना दिनु, पछि आउने राजा र जनसाधारणका लागि आफ्ना भावना र विचारहरूद्वारा उद्‌बोधन प्रदान गर्नु, देव-मन्दिर स्थापना, मूर्ति-प्रतिष्ठा, देवतोपहार, दान-दक्षिणा-वितरण आदि धार्मिक क्रियाकलापसम्बन्धी अवदानको सूचना दिनु, देवदेवीको स्तुति-प्रार्थना उत्कीर्ण गराउनु, आफ्नो वंशपरम्परा र उत्तम कार्यहरूको प्रशस्तिगान गर्नु र विशेष घटनाको विवरण प्रस्तुत गर्नु आदि देखा पर्दछन् । यसैगरी विषयवस्तुका दृष्टिले धार्मिक अभिलेख, दान एवं विर्तासम्बन्धी अभिलेख, संस्मारक अभिलेख, प्रशस्ति अभिलेख र राजाज्ञा अभिलेख[24] गरी पाँच प्रकारका अभिलेख हुन्छन् । यीमध्ये कुनै शासकवर्गले लेखाएका र कुनै जनवर्गले लेखाएका हुँदा राजलेख्य र जनलेख्य[25] गरी दुई भागमा विभाजन गर्न सकिने देखिन्छन् । यसरी विभिन्न प्रकारहरूमा देखा पर्ने अभिलेख परम्पराभित्रै राजा प्रतापमल्लका अभिलेखहरू पनि पर्दछन् । यी सबै प्रकारका अभिलेखहरूलाई पनि अध्ययनका दृष्टिले सामान्य भाषिक अभिलेख र साहित्यिक अभिलेख गरी दुई भागमा बाँड्न सकिन्छ ।

१.२.१.३.२ अभिलेखको प्राचीनता

पूर्वीय वैदिक परम्परामा प्रथमतः 'स्मृति'हरूमा अभिलेखन कार्यको सङ्केत पाइन्छ । महाभारतमा आएको गणेश र व्यासको संवादमा प्रयुक्त लेखन, लेखनी र लेखकजस्ता पदहरूको प्रयोगका साथ लेखनकार्यको चर्चाले पनि अभिलेखनपरम्पराको प्राचीनतालाई सङ्केत गर्दछ ।

---

[23] **उही ।**

[24] ढकाल, **पूर्ववत् नं. ११.** पृ. ८ ।

[25] **उही ।**

पुराण वाङ्मय र कौटिल्यका रचनाहरूमा समेत[26] लेखनकार्य र लेखकधर्मका बारेमा आएको चर्चाले स्मृतिबाट प्रारम्भ भएको लेखन कार्यको निरन्तरतालाई स्पष्ट रूपमा लक्षित गर्दछ ।

प्रमाणित तिथिमिथिका आधारमा तथ्य प्रतिपादन गर्ने आधुनिक इतिहासका आधारमा हेर्दा प्रचीन भारतवर्षमा मौर्यकालभन्दा ६ सय वर्षअघि प्रतिष्ठापित अभिलेखहरूले यसको प्राचीनतालाई सिद्ध गर्दछन् । यसैगरी मौर्यवंशी राजा अशोकको समय (इ.पू.तेस्रो शताब्दी)का ढुङ्गाका विशालस्तम्भ तथा चट्टानमा उत्कीर्ण अभिलेखहरू सारा भारतवर्षमा अनेकस्थलमा पाइन्छन् । अशोकको समयभन्दा पनि पहिले पाइएका दुइवटा शिलालेखमध्ये एउटा अजमेरको जिल्ला बडली गाउँमा र अर्कोचाहिँ नेपालकै तराइ प्रदेशमा पर्ने पिप्रिहवाको एउटा बौद्ध-स्तूपभित्र राखिएको अस्थिपात्रमा खोपिएको पाइएको छ । यो दोस्रो अभिलेखवाट के थाहा हुन्छ भने शाक्य जातिका मानिसहरूले मिलेर बुद्धको अस्थि त्यस स्तूपमा स्थापित गरेका थिए । वास्तवमा यो बुद्धको पहापरिनिर्वाणकाल (अर्थात् ई.पू ४८७) भन्दा केही समयमात्र पछिको हुनुपर्दछ । यसरी ई.पू. पाचौं शताब्दीदेखि[27] नै अभिलेख - लेखनको परम्परा यस देशमा रहेको प्रमाणित हुन्छ । नेपालकै लुम्बिनीमा सिद्धार्थ गौतमको जन्मस्थलमा स्थापित स्रमाट् अशोकको शिलालेख (इ.पू. तेस्रो शताब्दी) पनि त्यसै परम्पराको प्रसिद्ध साक्ष्यका रूपमा देखा पर्दछ ।

१.२.१.३.३ नेपालमा अभिलेख : प्रारम्भ र परम्परा

नेपालमा अत्यन्त प्राचीनकालमा नै अभिलेखको परम्परा प्रारम्भ भएको देखिन्छ । इतिहासका अनन्त गर्भमा लुकेका त्यस्ता अभिलेखहरू सवै प्रकाशमा आएका छैनन्, तिनको खोजी र अध्ययनका लागि पर्याप्त प्रयास, परिश्रम र धैर्यको अपेक्षा गरिन्छ । अहिलेसम्मको अनुसन्धानका आधारमा नेपाली भाषाको सर्वप्राचीन अभिलेख शक संवत् १२५९ तदनुसार १३३७ ई.को अपाडराज पुण्यमल्ल राइको ताम्रपत्रका[28] रूपमा देखा पर्दछ भन्ने कुरा अभिलेख साहित्यका अन्वेषकहरूले उल्लेख गरेका छन् । तर, नेपाली भाषाको प्राचीन रूपको अन्वेषणका क्रममा भाषाविद्हरूले भने त्योभन्दा धेरै पहिले, एघारौं शताब्दीतिर नै नेपाली भाषाको पहिलो रूप अभिलेखका रूपमा शिलास्तम्भमा फेला परेको तथ्य औंल्याएका छन् । राजा दामुपालका समयको वि.सं. १०३८ को स्रो अभिलेख दुल्लु विजयस्तम्भको आडमा रहेको शिलास्तम्भमा भेटिएको छ । नेपाली भाषामा लेखिएको सर्वप्राचीन शिलालेख - अभिलेख हालसम्मको अनुसन्धानमा यही देखा पर्न आएको छ ।[29] यो क्रम अघि बढ्दै जाँदा वि.सं. ११४६ मा डुम्राकोटवाट जारी गरेको

---

[26] ढकाल, **पूर्ववत् नं. ११.** पृ. १२१ ।

[27] रायबहादुर पण्डित गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला.** (मूललेख : 'भारतवर्ष मे लिखने को प्रचारकी प्राचीनता), दो.सं., (अजमेर : १९७५) पृ. २-३ ।

[28] हरिराम जोशी, **नेपाली संस्कृति.** 'मध्यकालीन संस्कृति' शीर्षकको लेख, (काठमाडौं : वि.सं.२०२८) पृ. ६३ ।

[29] मोहनराज शर्मा, कृष्णहरि बराल, **भाषा विज्ञान र नेपाली भाषा.** (काठमाडौं : काठमाडौं बुक सेन्टर, वि.सं.२०५०) पृ. २४ ।

सङ्ग्राम मल्लको अभिलेख, वि.सं. १३१२ मा हुम्ला जिल्लाको रेलिङ गुम्वामा प्राप्त अशोक चल्लको प्रशासनिक ताम्रपत्र, वि.सं. १३१८-१३२७ अवधिको, अशोक चल्लका पालाको दैलेख दुल्लुस्थित कर्क्यानीको शिलापत्र, वि.सं. १३७८ को गोरखा साम्दु गाउँको गुम्वामा प्राप्त आदित्य मल्लको ताम्रपत्र, वि.सं. १४१३ मा सिञ्जाबाट जारी गरेको पृथ्वीमल्लको कनकपत्र र वि.सं. १४४८ मा दुल्लुबाट अभय मल्लले जारी गरेको ताम्रपत्रले[30] समेत वि.सं. १०३९ वाट प्रारम्भ भएको अभिलेख लेखनक्रम निरन्तर अघि बढ्दै गएको स्पष्ट हुन्छ ।

विविध भाषा र संस्कृतिको फूलवारीका रूपमा विकसित भएको नेपाल राष्ट्रका अन्य भाषाका अभिलेखहरूमा नेपाल भाषाको पहिलो अभिलेख ने.सं. १२५, तदनुसार १००५ ई.[31] (वि.सं. १०६२) मा फेला परेको छ । भक्तपुरको तौमढी टोलस्थित शिलामा उत्कीर्ण गरिएको सो अभिलेखमा महाराजाधिराज 'श्रीनिर्भयदेवको विजयराज'को चर्चा पाइन्छ ।

देववाणीका रूपमा श्रद्धेय संस्कृत भाषा विशेषतः पुरानो समयमा अत्यधिक प्रचलनमा रहेको भाषा हो । नेपालमा र अझ समग्र भारतवर्षमै पाइएका पुराना अभिलेखहरूमा संस्कृत भाषाकै प्रयोग भएको देखिन्छ । नेपालमा हालसम्म तिथिमितिसमेत फेला परेका अभिलेखहरूमा वि.सं. ५१६ मा मानदेव प्रथमद्वारा पशुपतिप्राङ्गणमा स्थापित एवं हालैमात्र प्राप्त शिलालेख नेपालकै पहिलो संस्कृत भाषाको पनि पहिलो र काव्यात्मक दृष्टिले समेत प्रथम अभिलेख मानिएको छ ।[32] यसरी प्रारम्भ भएको अभिलेख परम्पराले लिच्छवि-काल, मल्ल-काल र शाह-काल समेत गरी यसपछिका समयमा पनि निरन्तरता लिँदै आएको र हालसम्म पनि यो क्रम जारी रहेको पाइन्छ ।

१.२.१.३.४ साहित्यिक अभिलेख : प्रारम्भ र परम्परा

नेपालमा प्राप्त पहिलो साहित्यिक अभिलेख संवत् ३८१ (?) वैशाखमा लिखित संस्कृत भाषाको काव्यात्मक अभिलेख हो । यो पशुपति प्राङ्गणमा शिलालेखका रूपमा प्रतिष्ठापित छ । विक्रम संवत् ५१६[33] मा स्थापना गरिएको यो अभिलेखको अधिकांश भाग खण्डित छ । त्यसमा रहेका 'स ...... **परिचुम्बित वक्त्रपञ्च** .... **मन्मथशरो लभतेऽवकाशम्** .... **वर्गपरिबृंहितचारुमूर्तिः** ...... **म इव वर्षशतं चकार** .....' इत्यादि पदावलीहरूद्वारा यो काव्यात्मक रचना हो भन्ने ज्ञान हुन्छ । यो वसन्ततिलका छन्दमा आबद्ध छ र जम्मा १२ श्लोकहरूमा पूर्ण[34] हुन पुगेको देखिन्छ ।

यसको पाँच वर्षपछि स्थापना गरिएको , चाँगुनारायणमा प्राप्त मानदेवको काव्यात्मक शिलालेख, वसन्तदेवको शासनकालमा अनुपरमद्वारा स्थापित हाँडिगाउँको अभिलेख, नरेन्द्रदेव र

---

[30] **उही.** पृ. २५ ।

[31] जोशी, **पूर्ववत् नं. २८.** पृ. ६३ ।

[32] ढकाल, **पूर्ववत् नं. ११.** पृ. १२ ।

[33] **उही** ।

[34] **उही.** पृ. ४२१-४२२ ।

जयदेव द्वितीय आदिको शासनकालमा स्थापित विविध शिलालेखहरूले[35] समेत काव्यात्मक साहित्यिक अभिलेखहरूको परम्परा नेपालमा निरन्तर रूपले चलिआएको तथ्यलाई सङ्केत गर्दछन् ।

१.२.१.३.५ नेपालमा अभिलेखको अन्वेषण : प्रारम्भ र परम्परा

नेपालमा अभिलेखहरूको अन्वेषण, अनुसन्धान र अध्ययन गर्ने कार्य वि.सं. १९३७ मा प्रारम्भ भएको पाइन्छ । भारतीय शासकहरूको उत्प्रेरणा र विशेष सहयोगसमेत लिएर नेपाल प्रवेश गरेका श्री भगवान्लाल इन्द्राजीले नेपालका विभिन्न ठाउँमा गई खोजतलाश, अन्वेषण-अनुसन्धान गरी अभिलेखको अध्ययन गर्ने परम्पराको थालनी गरे । उनले खोजी गरी पत्तो लगाएका लिच्छविकालिक अभिलेखहरूलाई परिचयसहित सन् वि.सं. १९३७ मा '**इन्सक्रिप्सन फ्रम नेपाल**' नामले '**इन्डियन इन्टिक्वेरी**'को ९ वौं अङ्कमा छपाए ।[36] नेपाली अभिलेखको प्रकाशन भएको यो पहिलो घटना थियो । यसको पाँच वर्षपछि वि.सं. १९४२ मा इन्द्राजीले नै पुनः '**२९ इन्सक्रिप्सन फ्रम नेपाल**' नामक २३ वटा लिच्छविकालिक र मल्लकालिकहरूसमेत अभिलेख सङ्कलन गरिएको ग्रन्थ प्रकाशित गरे, जसमा अभिलेखहरूको रेखाचित्र र फोटो अत्यन्त आकर्षक रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसरी प्रारम्भ भएको अभिलेख-अध्ययन अन्वेषण र प्रकाशनको परम्परामा प्रथमतः विशेष गरी विदेशी विद्वान्हरूकै देन रहँदै आएको पाइन्छ । यस क्रममा वि.सं. १९४३ मा बेलायतका प्राध्यापक श्री सेसिल बेण्डालले ४ वटा लिच्छविकालीन अभिलेखहरू प्रकाशित गरेको पाइन्छ । त्यसपछि फ्रान्सेली विद्वान् श्री सिल्भाँ लेभीले वि.सं. १९६५ मा २१ वटा लिच्छविकालिक अभिलेखहरूको खोजी गरी तिनीहरूलाई व्याख्यासहित छपाउने कार्य गरे । उनले प्रकाशित गरेको ग्रन्थ 'ल नेपाल'ले विश्वसामु नेपाली अभिलेखको परिचय प्रस्तुत गरेको पाइन्छ ।

यसपछि नेपाली अनुसन्धित्सुहरूको ध्यान अभिलेखको अध्ययन अनुसन्धानतिर उन्मुख भएको देखिन्छ । सर्वप्रथम ई.शि. बाबुराम आचार्य यस क्षेत्रमा प्रवेश गर्नुभयो र ऐतिहासिक अभिलेख सामग्रीहरूको खोज, अनुसन्धान, सङ्कलन र अध्ययन गर्न संलग्न रहनुभयो, उहाँकै डोरेटोको अनुसरण गर्दै पं. श्री नयराज पन्तले नेपाली इतिहासको अध्ययन गर्ने प्रामाणिक शैलीको आविष्कार गर्नुभयो जसमा अभिलेखको अध्ययन र त्यसमा निहित तथ्यलाई नै प्रमुख आधार मानिएको छ । विदेशीहरूले लेखिदिएका ऐतिहासिक सामग्रीहरूमा सत्य तथ्यलाई बाङ्गोटिङ्गो रूपमा प्रस्तुत गरिने भएकाले स्वदेशी ऐतिह्यको अध्ययन आफ्नै स्रोत र आधारहरूको परिश्रमपूर्वक खोजहरूबाट गरिनुपर्दछ भन्ने उहाँको मान्यता रह्यो । श्री पन्तको सक्रियता र निर्देशनमा सम्पादित र प्रकाशित 'इतिहास संशोधनको प्रमाण-प्रमेय' (पहिलो भाग) र 'लिच्छवि

---

[35] **उही**, पृ. १३ ।

[36] डा. गोविन्द टण्डन **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** (अभिलेख खण्ड), (काठमाडौं : झरेन्द्र समशेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, वि.सं.२०५६) प्रस्तावना, क-ख ।

संवत्‌को निर्णय'जस्ता कृतिहरू अनुसन्धान क्षेत्रका उल्लेखनीय ग्रन्थ मानिन्छन् । यसै क्रममा अभिलेखकै अध्ययन अनुसन्धानमा निरन्तर लागिरहने योगी श्री नरहरिनाथको नाम उल्लेखनीय हुन आउँछ । नेपालका दुर्गम क्षेत्रहरूमा समेत आफैं पैदल यात्रा गरी योगीज्यूले विभिन्न दुर्लभ अभिलेखहरूको संग्रह गरी 'इतिहास-प्रकाश' नामक ग्रन्थ प्रकाशित गर्नुभयो । 'सन्धिपत्र-संग्रह' नामक ग्रन्थ र 'हिमवत्- संस्कृति' नामक इतिहासप्रधान मासिक पत्रिकाको समेत प्रकाशन गरी योगीज्यूले यस क्षेत्रमा निकै ठूलो योगदान गर्नुभएको छ ।

नेपालका प्राचीन अभिलेखहरू प्रायः संस्कृत भाषामा लेखिएका पाइन्छन् । तिनलाई राम्ररी बुझेर अर्थानुसन्धान गर्नुपर्ने हुँदा संस्कृत भाषाकै मर्मज्ञ विद्वान्‌हरू यस क्षेत्रमा लाग्नु उपयुक्त हुन्छ । त्यसैले पण्डित बुद्धिसागर पराजुली र पं. सोमनाथ घिमिरे आदि संस्कृतज्ञहरूको ध्यान कालान्तरमा यस क्षेत्रतर्फ आकर्षित भयो । फलतः अभिलेखहरूप्रति गम्भीर रुचि भएका जिज्ञासुहरूले उपर्युक्त विद्वान्‌हरूले गरेका अभिलेख सङ्कलन, सम्पादन र व्याख्याहरूबाट धेरै लाभ उठाउन सकेको देखिन्छ ।

यसरी गरिएका व्यक्तिगत प्रयासपछि यस क्षेत्रमा संस्थागत रूपले समेत कार्य भएको पाइन्छ । विशेषतः वि.सं. २००९ सालदेखि पं. नयराज पन्तको नेतृत्वमा स्थापित 'संशोधन मण्डल' नाम संस्थाले अभिलेखहरूको अध्ययन, अन्वेषण, अनुसन्धान, सङ्कलन र व्याख्या गरी तिनको प्रकाशन गर्ने कार्यसमेत गर्न लागेको देखिन्छ । यस संस्थामा श्री भोलानाथ पौडेल, श्री रामजी तेवारी, श्री ज्ञानमणि नेपाल, श्री शङ्करमान राजवंशी, श्री गौतमवज्र वज्राचार्य, श्री धनवज्र वज्राचार्य, श्री महेशराज पन्त र श्री दिनेशराज पन्तहरूजस्ता अध्यवसायी जिज्ञासु युवाहरूको संलग्नता रह्यो । उक्त संस्थाले इतिहासका नाममा रहेका त्यसवेला प्रचलित अपुष्ट र मिथ्यापूर्ण सामग्रीहरूको सप्रमाण खण्डन गर्दै, अभिलेखमा उत्कीर्ण तथ्यका आधारमा याथातथ्य इतिहासको निर्माण गर्ने कार्यमा परिष्कार, संशोधन र खण्डन-मण्डनद्वारा निकै उल्लेखनीय योगदान गरेको पाइन्छ । यसपछि २०१० सालमा योगी नरहरिनाथ र पं. बुद्धिसागर पराजुलीका विशेष सक्रियता र उप्रेरणामा 'संस्कृत सन्देश' नामक इतिहास-प्रधान, अभिलेख-प्रकाशन-प्रधान, मासिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो । यस पत्रिकाका जम्मा १२ वटा अङ्कहरू प्रकाशित भए । यिनमा विभिन्न ठाउँमा गई स्थलगत अनुसन्धान गरेर सङ्कलन गरिएका अभिलेखहरू प्रकाशित भएका पाइन्छन् ।

वि.सं. २०१३ सालमा इटलीका अनुसन्धाता विद्वान् श्री रेनिइरो नोलीले 'नेप्लीज इन्स्क्रिप्सन इन गुप्ता क्यारेक्टर्स' नामक नेपाली अभिलेखहरूको सङ्ग्रह भएको पुस्तक प्रकाशित गरे जसमा ८८ वटा अभिलेखहरू मुद्रित रहेका छन् । वि.सं. २०१८ सालमा उपर्युक्त 'संशोधन मण्डल' संस्थाले 'अभिलेख-संग्रह' नामक अभिलेख-सङ्कलन-प्रधान ग्रन्थको प्रकाशन प्रारम्भ गर्‍यो । यसका १२ वटा श्रृङ्खलाहरूमा धेरैवटा अभिलेखहरू प्रकाशित भएका पाइन्छन् । अभिलेख

संग्रहको तेस्रो भागमा राजा प्रताप मल्लका १२ वटा अभिलेखहरू प्रथमतः एकैसाथ प्रकाशित भएका पाइन्छन् । वि.सं. २०२२ सालमा श्री डि.आर.रेग्मीले 'मेडिएभल नेपाल' नामक ग्रन्थको तेस्रो भाग र वि.सं. २०२३ सालमा सोही ग्रन्थको चौथो भाग समेत प्रकाशित गरे । यी दुवै ग्रन्थमा विशेषतः मध्यकालका र मल्लकालका अभिलेखहरू सङ्ग्रहित भएका छन् । त्यसै गरी वि.सं. २०२७ सालमा श्री शङ्करमान राजवंशीले 'कान्तिपुर शिलालेख-सूची' नामक ग्रन्थ प्रकाशित गरे । यसमा शिला-अभिलेखहरूको पूरै पाठ प्रस्तुत नगरिए तापनि काठमाडौंमा प्राप्त अधिकांश शिलालेखहरूको विवरणात्मक सूची रहेको पाइन्छ । वि.सं. २०३० सालमा श्री हरिराज जोशीद्वारा सम्पादित 'नेपालको प्राचीन अभिलेख' प्रकाशित भयो ।

वि.सं. २०३० सालमा नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.बाट श्री धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' प्रकाशित भयो । यसमा हालसम्म उपलब्ध लिच्छविकालका सबै अभिलेखहरू प्रकाशित भएका छन् । यसमा उक्त अभिलेखहरूको अनुवाद, व्याख्यासमेत रहेको पाइन्छ । यसै गरी वि.सं. २०३३ सालमा सोही संस्थाले श्री गौतमवज्र वज्राचार्यको 'हनूमान्ढोका राजदरबार' नामक ग्रन्थ प्रकाशित गर्‍यो । जसमा हनुमान्ढोका परिसरमा रहेका लिच्छविकालदेखि शाहकालसम्मका जम्मा ८९ अभिलेखहरू प्रकाशित रहेका छन् । वि.सं. २०३७ सालमा सिनासबाट धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठद्वारा सङ्कलित र सम्पादित 'शाहकालका अभिलेख' अनुवाद र व्याख्यासहित प्रकाशित भयो ।

यसै गरी इतिहास-धर्मसम्बन्धी अध्ययनमा विशेष अभिरुचि राख्ने डा. गोविन्द टण्डनले वि.सं. २०५६ मा 'पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन' नामक शोधग्रन्थ प्रस्तुत गरेका छन् । यसको दोस्रो भाग 'अभिलेख-सङ्ग्रह' का रूपमा प्रकाशित भयो, जसमा पशुपतिक्षेत्र परिसरमा रहेका ४७६ वटा अभिलेखहरू सङ्ग्रहित छन् । वि.सं. २०५६ 'सिनास' (ने.ए.अ.के.)द्वारा श्री धनवज्र वज्राचार्यकृत 'मध्यकालका अभिलेख' नामक ग्रन्थ प्रकाशित भयो जसमा पाटन क्षेत्रका ४८४ वटा अभिलेखहरू सानुवाद व्याख्यासहित संग्रहित छन् ।

यस क्षेत्रमा केही पत्रपत्रिकाहरूको पनि ठूलो योगदान रहेको पाइन्छ । 'संशोधन मण्डल'बाट वि.सं. २०२१ देखि प्रकाशित हुन थालेको 'पूर्णिमा' पत्रिका विशेष उल्लेखनीय मानिन्छ । यसका हालसम्म जम्मा १२१ अङ्क प्रकाशित भइसकेका छन् । यसमा अभिलेखलगायत विभिन्न महत्त्वपूर्ण ऐतिहासिक सामग्री प्रस्तुत गरिने गरेको देखिन्छ । अभिलेख प्रकाशनमा विशेष योगदान दिने केही प्रमुख पत्रपत्रिकाहरू यसप्रकार छन्-

पत्रिका		प्रकाशक
हिमवत् संस्कृति	-	योगी श्री नरहरिनाथ
धर्म-सन्देश	-	सनातनधर्म सेवा - समिति, काठमाडौं ।

विश्रान्ति	–	विश्रान्ति मन्दिर, धनकुटा ।
किरातेश्वर सन्देश	–	किरातेश्वर धाम, काठमाडौं ।
शैवभूमि	–	पशुपति धार्मिक समाज सङ्घ, काठमाडौं ।
अभिलाषा	–	जाएन्टस इन्टरनेशनल, नेपाल ।
प्रज्ञा	–	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

हालै प्रकाशित डा. वेणीमाधव ढकालको अनुसन्धानात्मक कृति 'लिच्छविकालिका-नामभिलेखानां साहित्यिकमनुशीलनम् (लिच्छविकालका अभिलेखहरूको साहित्यिक अनुशीलन वि.सं. २०५९ मा प्रकाशित) अभिलेखहरूलाई विभिन्न दृष्टिले अनुशीलन गर्ने अभिलेख अध्ययनपरक कृतिका रूपमा देखा परेको ताजा ग्रन्थ हो ।

१.२.१.३.६ राजा प्रताप मल्लका अभिलेखहरू

मल्ल वंशका सर्वाधिक लोकप्रिय राजा प्रताप मल्लका अभिलेखहरू कान्तिपुरमा सवैभन्दा बढी पाइन्छन् । प्रसिद्ध इतिहासविद् पं. नयराज पन्त लेख्छन्[37] :

> 'कान्तिपुरमा राजा प्रताप मल्लका जति अभिलेख पाइन्छन्, त्यति अरुका पाइँदैनन् । यसकारण कान्तिपुरमा वास भएको इतिहासको अन्वेषण तथा अध्ययन गर्ने मनुष्यको आँखाको अगाडि प्रताप मल्ल भ्वाट्ट देखा परिहाल्नु स्वाभाविक छ ।' वास्तवमा यिनै अभिलेखहरूले नै प्रताप मल्लको वास्तविक परिचय र व्यक्तित्व प्रकाशनमा ल्याउन सक्तछन् । ...प्रताप मल्लले के बोल्थे भन्ने कुरा जति उनका अभिलेखहरूले देखाउँछन्, त्यति अरुले गर्न सक्तैनन् ।' ...... यो काम पूर्ण गरी प्रताप मल्लको वास्तव रूप लोकको अगाडि राख्न धेरै धैर्य र परिश्रमको आवश्यकता छ ।[38]

यो शोधप्रबन्ध वास्तवमा यसै उद्देश्य (प्रताप मल्लको वास्तव रूप लोकको अगाडि राख्ने) प्राप्तिका दिशामा गरिएको सानो प्रयास हो ।

कान्तिपुरमा जताततै छरिएका प्रताप मल्लका अभिलेखहरू एकत्र गरी अध्ययन गर्नु वस्तुतः भूरिपरिश्रमसाध्य विषय हो । किनभने ती सबै अभिलेखहरू कतै सङ्कलित छैनन् । सर्वप्रथम प्रताप मल्लका अभिलेखका सङ्ग्रहको थालनी अभिलेख सङ्ग्रहको तेस्रो भाग (२०१८)[39]मा गरिएको थियो । तर यस कार्यले निरन्तरता पाएन । फलतः ती अभिलेखहरू यत्रतत्र छरिएकै अवस्थामा रहे । विभिन्न पत्रपत्रिका र अभिलेख सामग्रीविषयक ग्रन्थहरूमा केही अभिलेखहरू प्रकाशित भए । 'कान्तिपुर शिलालेख सूची[40] (२०२७)मा प्रताप मल्लकालिक ६२ वटा अभिलेखहरूको सूची प्रकाशित भए पनि ती सबै अभिलेखहरूको पूर्ण पाठ त्यहाँ थिएन र ती सबै प्रताप मल्लकृत अभिलेखहरू पनि थिएनन् ।

---

[37] गौतमवज्र वज्राचार्य र महेशराज पन्त (स.),**अभिलेख संग्रह**.तेस्रो भाग (काठमाडौं : संशोधन मण्डल, वि.सं. २०१८) पृ. २-३१

[38] **उही** ।

[39] **उही** ।

[40] शङ्करमान राजवंश (सम्पा.),**कान्तिपुर शिलालेख-सूची** (काठमाडौं : राष्ट्रिय अभिलेखालय, २०२७) पृ. ६५-१०८ ।

यसै परिस्थितिलाई आकलन गरी उपलब्ध सामग्री एकत्रित गरेर यस शोधप्रबन्धमा विविध स्रोतहरूबाट राजा प्रताप मल्लका अभिलेखहरू खोज र सङ्कलन गरी तिनको अध्ययन गरिएको छ । आगामी अध्याय र पृष्ठहरूमा यथेष्ट शीर्षकहरूद्वारा राजा प्रताप मल्लका अभिलेखहरूको चर्चा-परिचर्चा, अध्ययन, अनुशीलन र तिनमा भएका मूल्यको अन्वेषण एवम् आकलन गरिने हुँदा यहाँ तद्विषयक चर्चा गर्नु पिष्टपेषण मात्र हुने भएकोले यो प्रसङ्ग अहिलेलाई यहीँ टुङ्ग्याउनु उपयुक्त ठहर्छ ।

१.२.१.४ 'साहित्यिक अध्ययन'को अभिप्राय

'साहित्य' शब्दको वेद, उपनिषद्, रामायण र महाभारतादि ग्रन्थहरूदेखि निरन्तर प्रयोग हुँदै आएको छ । विभिन्न धातुहरूबाट 'साहित्य' पद व्युत्पन्न हुन्छ । सहन गर्ने अर्थमा प्रयुक्त 'सह' धातु, धारणार्थक 'डुधाञ्' धातु, गति र वृद्धिको अर्थ दिने 'हि' धातु र तृप्ति अर्थ बुझाउने 'षह' धातु आदिबाट विभिन्न प्रत्ययहरूको योग भएपछि साहित्य शब्द बन्दछ ।[41] ती सबै व्युत्पादनमध्ये पनि मूलतः 'सह' धातुमा इतच् प्रत्यय जोडिएर बन्ने सहित र 'सहित'मा 'ष्यञ्' प्रत्यय जोडिएर बन्ने 'साहित्य' शब्दसँग प्रस्तुत शोधप्रबन्धको विशेष सम्बन्ध देखिन आउँछ । तदनुसार साहित्य भन्नाले साहित्यिक या आलङ्कारिक रचना[42] भन्ने अर्थ प्रकट हुन आउँछ ।

साहित्यको मूल अर्थ शब्द र अर्थको यथावत् सहभाव हो । प्राचीन कालमा साहित्य शब्द मूल रूपमा शास्त्रका अर्थमा प्रयोग हुन्थ्यो, परन्तु पछि आएर यो शब्द काव्यका लागि पनि प्रयोग हुन लाग्यो । भर्तृहरिले साहित्य-सङ्गीत-कलात्रयीमा साहित्यलाई काव्यको समानार्थी मानेको देखिन्छ । आचार्य भामह (छैठौं शताब्दी)ले शब्द र अर्थको सुसमन्वयलाई काव्य (शब्दार्थौं सहितौ काव्यम्) मानेर साहित्यकै अर्थमा काव्य पद प्रयोग गरेका छन् । राजशेखर (१० औं शताब्दी)ले शब्द र अर्थको यथावत् सहभावले समन्वित विद्याका रूपमा 'साहित्य' शब्दको प्रयोग गरेका छन् । अन्य शास्त्रहरूमा शब्द विषयप्रतिपादकमात्र हुन्छ, काव्यमा चाहिँ शब्द र अर्थको परस्परमा सहितभावरूप साहित्य बनेर विलक्षण, आल्हादक एवं कविद्वारा विवक्षित वा ईप्सित बन्न पुग्दछ । आचार्य कुन्तकले यस प्रसङ्गमा के भनेका छन् भने - 'जसमा शब्द र अर्थ दुवैको अन्यूनानतिरिक्त (समान), परस्पर स्पर्द्धापूर्ण, मनोहर एवं श्लाघनीय उपस्थिति हुन्छ, त्यो साहित्य हो ।[43] यसप्रकार शब्द र अर्थको समकक्षी सहभाव काव्यमा नै हुने गर्दछ । त्यसैले 'साहित्य' शब्दले यसै

[41] ढकाल, **पूर्ववत् नं. ११.** पृ. १० ।

[42] आप्टे, **पूर्ववत् नं. ३.** पृ. ११०४ ।

[43] साहित्यमनयोः शोभाशालितां प्रति काऽप्यसौ/अन्यूनानतिरिक्तत्वमनोहारिण्यवस्थितिः' **'वक्रोक्तिजीवितम्'** १/१७ ।

अभिप्रायमा[44] सार्थकता पाउने देखिन्छ । वस्तुतः 'इतिहास, पुराण, पुराकथा, समाज आदिवाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदि यथासम्भव सजाई रचिएको गद्य वा पद्य कृति; काल्पनिक, र भावुकतापूर्ण पद्यमय वा गद्यमय रचना[45]को अर्थमा साहित्य शब्दको सार्थकता रहने गर्दछ । एतावता प्रस्तुत शोधप्रबन्धको सन्दर्भमा राजा प्रताप मल्लकृत अभिलेखहरूमा निबद्ध काव्यात्मक रचनालाई नै साहित्य शब्दले सङ्केत गरेको स्पष्ट हुन्छ । त्यसै साहित्यसँग सम्बन्ध राख्ने वा साहित्यसम्बन्धी अध्ययनका लागि यहाँ 'साहित्यिक' विशेषण-पदको प्रयोग गरिएको छ।

'अधि'उपसर्गक 'इ' धातुमा 'ल्युट्' प्रत्यय लागेर 'अध्ययन' शब्द निष्पन्न हुन्छ । सिक्नु, जान्नु र पढ्नु[46] आदि यस शब्दको सामान्य अर्थ हो । 'पढ्ने काम वा पठन'लाई नै अध्ययन भनिन्छ र विशेषतः 'कुनै विषयको जानकारीका निम्ति सो विषयलाई बुझ्ने, पहिचान्ने, गहिरिएर हेर्ने वा पढ्ने काम, कुनै उद्देश्यप्राप्तिका लागि कुनै विषयका विभिन्न पक्षमा गरिने विचारका[47] अभिप्रायमा पनि अध्ययन शब्द प्रयुक्त हुन्छ । प्रस्तुत शोधप्रबन्धका सन्दर्भमा प्रताप मल्लका अभिलेखहरूको साहित्यविषयक अध्ययन, अनुशीलन र साहित्यिक मूल्यको अनुसन्धान र आकलनका अभिप्रायमा अध्ययन पद प्रयुक्त भएको छ।

१.२.१.५ निष्कर्ष

यसरी राजा प्रताप मल्लकृत अभिलेख-सम्पदालाई खोज, अन्वेषण र अनुसन्धान गरी, तिनको सङ्कलनपूर्वक तिनमा रहेको साहित्यिक/काव्यिक मूल्यहरूको खोज, सन्धान र आकलन गरेर त्यस समग्र अध्ययनविषयक निष्कर्षस्वरूप प्रतिवेदन प्रस्तुत गर्नु नै **'राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन'** हो । आजसम्म यस प्रकारको अनुसन्धान र अध्ययन यस क्षेत्रमा यस रूपमा नगरिएकोले यस अध्ययन कार्यको विशेषलब्धि/उपलब्धि समस्त नेपाली साहित्यानुरागीहरूका निम्ति स्वागतार्ह हुनेछ भन्ने विश्वासका साथ विद्यावारिधि उपाधिहेतु यो शोधप्रबन्ध प्रस्तुत गरिएको छ । यस अध्ययनवाट राजा प्रताप मल्लका अभिलेखहरूमा उत्तमकक्षी साहित्यको उपस्थिति रहेको निष्कर्ष निस्किने प्राक्कल्पना साथ यो अध्ययन प्रतिवेदन प्रस्तुत गरिँदैछ । यस कार्यका लागि विभिन्न प्रकाशित र उपलब्ध पाठ्य सामाग्रीहरूको स्रोत र साधनको उपयोग गर्दै यथाऽवसर स्रोत व्यक्तिहरूसँगको विशेष सहयोगसमेत प्राप्त गरेर यो अध्ययन कार्य सम्पन्न गरिएको छ ।

---

[44] धीरेन्द्र वर्मा र अन्य (सम्पा.), **हिन्दी साहित्यकोश**. भाग-१, दो.सं. (वाराणसी : ज्ञानमण्डल लि., वि.सं. २०२०) पृ. ७६४

[45] पोखेल, (सम्पा.), **पूर्ववत् नं. 8** पृ. १३४२ ।

[46] आप्टे **पूर्ववत् नं. ३.** पृ. २५ ।

[47] पोखेल, (सम्पा.) **पूर्ववत् नं.8.** पृ. ३० ।

१.२.२ शोध प्रबन्धको रूपरेखा

यस शोध-प्रबन्धलाई जम्मा पाँच अध्यायमा सम्पन्न गरिएको छ, जसको रूपरेखा निम्नानुसार छ :

अध्याय : एक	–	अनुसन्धानको परिचय,
अध्याय : दुई	–	मल्ल वंशका लोकप्रिय राजा प्रताप मल्ल : जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलाप,
अध्याय : तीन	–	राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन,
अध्याय : चार	–	राजा प्रताप मल्लका काव्यहरूको विशेष अध्ययन,
अध्याय : पाँच	–	उपसंहार एवं निष्कर्ष ।

१.२.३ सारवाक्य

राजा प्रताप मल्लका अभिलेखहरूको अध्ययन गरी उनको व्यक्तित्व र साहित्यिक योगदानको मूल्याङ्कन गर्ने उद्देश्यले यो 'राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन' प्रस्तुत गरिन्छ ।

*

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

अध्याय : दुई

अध्याय : दुई

मल्ल वंशका लोकप्रिय राजा प्रतापमल्ल :

जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलाप

२.१ मल्ल वंश

२.१.१ मल्ल : व्युत्पत्ति

'मल्ल' शब्द संस्कृत भाषामा व्युत्पन्न शब्द हो ।[1] 'मल्ल' धातुमा 'अच्' प्रत्यय जोडिएपछि 'मल्ल'[2] शब्द निष्पन्न हुन्छ । यो विशेषणपद हो । 'मल्लते : धरति बलम् इति मल्लः' अर्थात् जसले पर्याप्त बल धारण गर्दछ त्यसलाई मल्ल भनिन्छ भनेर यसको व्युत्पत्तिगत अर्थको सङ्केत गरिएको छ । 'धेरै युद्ध गर्ने' 'बलियो' 'हृष्टपुष्ट' 'व्यायामशील' 'पहलमान' मुक्केवाज'[3] आदि अर्थहरू विभिन्न शब्दकोशहरूले सङ्केत गरेका छन् ।

'मल्ल' एउटा देशको नाम पनि हो ।[4] देशविशेषलाई 'मल्लक' भनिन्छ । त्यहाँका निवासीलाई पनि मल्ल भनिन्छ ।[5] दशार्ण, नवराष्ट्र, मल्ल, शाल्ल र युगन्धर, यिनलाई देश विशेषका रूपमा महाभारतको विराट्पर्वको पहिलो अध्यायमा उल्लेख गरिएको छ ।[6]

यसप्रकार 'मल्ल' शब्दले बलिया, हृष्टपुष्ट र प्रशस्त युद्ध गर्ने योद्धाको अर्थ बुझाउँछ । यसका साथै देशविशेष र त्यहाँको निवासीका अर्थमा पनि 'मल्ल' शव्दको प्रयोग भएको पाइन्छ ।

जातिका रूपमा मल्ल

सर्वप्रथम 'मनुस्मृति'मा मल्ललाई जातिविशेषका रूपमा उल्लेख गरिएको पाइन्छ ।[7] तदनुसार मल्ललाई 'सावित्रीपरिभ्रष्ट'-अर्थात् यज्ञोपवीत संस्कारबाट च्युत भएको जातिका रूपमा

---

[1] वामन शिवराम आप्टे, **संस्कृत-हिन्दी-कोश**. दो.सं.(दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्राइवेट लिमिटेड, सन् १९९७) पृ. ७८१ ।

[2] राजा राधाकान्तदेव वहादुर, **शब्दकल्पद्रुम**. तृतीय भाग (वाराणसी : चौखम्वा सिरिज अफिस; सन् १९६१) पृ. ६४६ ।

[3] आप्टे **पूर्ववत् नं. १**. पृ. ७८१ ।

[4] उही ।

[5] तारानाथ भट्टाचार्य, **वाचस्पत्यम्**. ६ भाग (वाराणसी : चौखम्भा संस्कृतसिरीज अफिस,सन् १९६२) पृ. ४७३९ ।

[6] 'दशार्णा नवराष्ट्राश्च मल्लाः शाल्लाः युगन्धराः' **शब्दकल्पद्रुम**. तृतीयभाग, पृ. ६४६ ।

[7] 'द्विजातयः सवर्णासु जनयन्त्यव्रताँस्तु यान् ।
तान् सावित्रीपरिभ्रष्टान् व्रात्यानिति विनिर्दिशेत् ॥
झल्लो मल्लश्च राजन्याद् व्रात्यन्निच्छिविरेव च ।
नटश्च करणश्चैव खसो द्रविड एव च ॥ **मनुस्मृति**. अध्याय १०, श्लोक : २०/२२ ।

उल्लेख गरिएको पाइन्छ । यिनीहरूको विशेषसंज्ञा 'व्रात्य' भनिएको छ । व्रात अर्थात् समूहबाट च्युत भएको जातिलाई 'व्रात्य' भनिन्छ । ब्राह्मण, क्षत्रिय र वैश्यमध्ये कुनै वर्णको पुरुष आफ्नो मुख्य जातीय संस्कारको अनुष्ठान नगर्नाले पतित भएको छ भने वा उपनयन संस्कार गरेको छैन भने त्यस्तो व्यक्ति वा जातिलाई व्रात्य भनिन्छ ।[8] यो वर्णसङ्कर जातिविशेष हो ।[9] व्रात्यक्षत्रियबाट कुनै पनि वर्णमा जन्मिएको जातिविशेषलाई पनि व्रात्य भनिन्छ ।[10] यसप्रकार 'मल्ल'लाई जातिका रूपमा 'वर्णसङ्कर' अथवा 'जैसी' भनेर विविध ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ ।

तर, बौद्धग्रन्थअनुसार मल्लहरू क्षत्रिय[11] हुन् । 'मनुस्मृति'मा तिनलाई व्रात्य क्षत्रियमा राखेको भए तापनि 'प्रश्नोपनिषद्'मा स्वयं परमेश्वरलाई व्रात्य भनिएबाट मल्लहरू उच्च वर्णको हुनामा कुनै शङ्का रहँदैन[12] भन्ने विद्वान्हरूको मत रहेको पाइन्छ । **नेपाली बृहत् शब्दकोशले** पनि नेपाल अधिराज्यको पर्वत जिल्लाअन्तर्गत मल्लाजवासी क्षत्रियजाति भनेर 'मल्ल'को अर्थादेश गरेको पाइन्छ । यो नेपालको मध्यकालीन इतिहासमा प्रसिद्ध शासकवर्ग[13] हो । यस वर्गले आफूलाई स्वयम् श्रीसूर्यवंशमा जन्मिएका रघुकुलोत्पन्न राजा रामचन्द्रको वंशजका रूपमा प्रस्तुत गरेको पाइन्छ ।[14]

२.१.२ मल्ल जातिको प्राचीनता

मल्लहरूको जातीयता अत्यन्त प्राचीनकालमा नै सिद्ध भएको पाइन्छ । मनुस्मृतिमा (लिच्छविहरू)का साथमा मल्ल जातिको पनि उल्लेख पाइन्छ ।[15] हिन्दू वाङ्मयका प्राचीन ग्रन्थहरू महाभारत, मार्कण्डेयपुराण, मानवधर्मशास्त्र र वराहमिहिरको ग्रन्थ, यी सबैमा मल्लजातिको चर्चा गरिएको छ ।[16] कौटिल्य (ई.पू. चतुर्थ शताब्दी)ले पनि आफ्ना अर्थशास्त्रविषयक ग्रन्थमा मल्लहरूलाई केही राजकीय सत्ताधारी देखाएका छन् ।[17] कौटिल्यको समयभन्दा पनि पूर्व बौद्ध वाङ्मयमा हिमालयको मध्य कछारमा मल्लहरूको शासन भएको कुरा

---

[8] आप्टे, **पूर्ववत् नं. १**. पृ. ९९४ ।

[9] राजा राधाकान्तदेव बहादुर, **पूर्ववत् नं. २** ।

[10] तारानाथ भट्टाचार्य, **पूर्ववत् नं. ५.** ।

[11] हरिराम जोशी, मध्यकालीन संस्कृति, **नेपाली संस्कृति** (काठमाडौं : हेमराज शाक्य,वि.सं. २०२८) पृ. ६६ ।

[12] **उही** ।

[13] प्रा.वालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश.** (काठमाडौं : ने.रा.प्र.प्र : प्रथम संस्करण, पुनर्मुद्रण वि.सं. २०५२) पृ. १०५५ ।

[14] आसीत् श्रीरामचन्द्रो रघुकुलनृपजो .... अभि.सं. ५ ।

[15] झल्लो मल्लश्च राजन्यात् व्रात्यान्निच्छिविरेव च ।
नटश्च करणश्चैव खसो द्रविड एव च ॥' **मनुस्मृति** : अध्याय १०, श्लोक २० ।

[16] प्रो.ढुण्डिराज भण्डारी : **नेपालको उदभव तथा विकासको विश्लेषणात्मक इतिहास** (काठमाडौं : प्रकाश प्रकाशन, वि.सं.२०४६) पृ. १२७ ।

[17] 'लिच्छविक - ब्रजिक - मल्लक - मद्रक - कुकुर - कुरु - पाञ्चालादयो राजशब्दोपजीविनः' : **कौटिलीय अर्थशास्त्र.** अधिकरण - ११/१६ ।

उल्लेख गरिएको छ, तदनुसार भगवान् गौतम बुद्ध र महावीरको मृत्यु भएको स्थान कुशीनगर (आधुनिक कसिपा) र यावा मल्लहरूको गणतन्त्र राज्यअन्तर्गत पर्दथे ।[18] स्वयं भगवान् गौतम बुद्धबाट मल्लहरूको पराक्रम र गुणको वर्णन गरिएको छ । दक्षिण भारतका वादामी र कल्याणीका चालुक्य तथा काञ्चीका पल्लव राजाहरूले पनि 'मल्ल' शव्द प्रयोग गरेको प्रमाण ऐतिहासिक सामग्रीहरूबाट पाइन्छ । राजा मानदेव प्रथमले गण्डकीपारीका मल्लहरूमाथि विजय प्राप्त गरेको वर्णन चाँगुनारायणस्थित शिलालेखमा अङ्कित गरिएको छ ।[19] यी सवै साक्ष्यहरूका आधारमा मल्लजातिको प्राचीनतालाई आकलन गर्न सकिन्छ । वैदिक परम्परामा आबद्ध स्मृतिग्रन्थको कालदेखि नै मल्लजातिको उल्लेख भएको र परवर्ती ग्रन्थहरूमा समेत मल्ल जातिको उल्लेखमा निरन्तरता आएको देखिन्छ । यी ग्रन्थहरूमा मल्ल जाति विशेषतः शासकवर्गकै रूपमा देखा पर्दछ ।

उता पुराना इतिहासको आलेखका रूपमा मानिने 'राइट वंशावली'मा चाहिँ मल्लवंशको उत्पत्तिका सम्बन्धमा एउटा रोचक कुरा लेखिएको छ । अरि मल्ल एक कुशल योद्धा भएकाले शारीरिक व्यायामका रूपमा कुस्ती खेल्थे । कुस्ती खेलिरहेकै बेलामा पुत्र-प्राप्तिको समाचार आएकोले उनले आफ्नो पुत्रको नामपछाडि कुस्ती खेललाई बुझाउने संस्कृत संज्ञा 'मल्ल' शब्द जोडे ,[20] तर यो कथन रोचक तथा मनोरञ्जक भए तापनि सत्यको निकट छैन भन्ने कुरा माथि उल्लिखित मल्लजातिको प्राचीनतासम्बन्धी तथ्यहरूले प्रमाणित गर्दछन् ।

२.१.३ नेपालमा मल्लजाति

नेपालका आदिवासीहरूले आबाद गरेको कर्णाली-प्रस्रवण क्षेत्र नै मल्ल-जातिको पनि प्रारम्भिक बसोबासको क्षेत्र हो । आफ्नो उद्गम स्रोत मानस-सरोवरको दक्षिण तटबाट प्रवाहित हुने सबैभन्दा समृद्ध कर्णाली नदी, नेपालको प्राचीनस्थल जुम्लाबाट हुँदै दक्षिणतर्फ अघि बढ्दछ । यस नदीको पूर्वतर्फ दुल्लू, दैलेख, सुर्खेत, बाँके र बर्दिया पर्दछन् भने पश्चिमतर्फ अछाम, डोटी, मालावर, कैलाली र कञ्चनपुर आदि स्थान रहेका छन् । यस क्षेत्रमा आदिवासीका रूपमा प्रथमतः वनमान्छे, कुसुण्डा र राउट्या जातिको निवास थियो, त्यसपछि क्रमशः माथिल्लो प्रदेशमा जाड (भोटे)हरू र तल्लो प्रदेशमा खसजातिले प्रवेश गरे । मध्य एसियामा आवादी घना हुँदै गएपछि त्यहाँबाट ती जाड (भोटे) र खसजातिका मानिसहरू दक्षिण पूर्वतर्फ ओर्लंदै, हिमाली श्रृङ्खलाको छेउ हुँदै, महाकाली नदी पार गरेर कर्णाली प्रस्रवण क्षेत्रमा बसोबास गर्न थाले । कर्णाली नदीको दक्षिणतर्फ खसहरू बसेकाले पछि यो क्षेत्र 'खसान' नामबाट र उत्तरतर्फ बसेका 'जाड'हरूले गर्दा यो प्रदेश 'जडान' नामले प्रसिद्ध हुन गयो ।

---

[18] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा** (वाराणसी : कृष्णकुमारी देवी, वि.सं.२०२२) पृ. १२९ ।

[19] भण्डारी, **पूर्ववत् नं. १६.** पृ. १२७-१२८ ।

[20] **उही** ।

कर्णाली प्रस्रवण क्षेत्रको उत्तरतर्फका यी खस राजाहरू 'आदिपालदेखि जीवपालसम्म (जम्मा १६ राजाहरू)लाई आदित्यवंशी मानिएको छ । राजा गेलदेखि अशोक चल्लसम्म गेलावंश भनिएको छ । अशोक चल्लका छोरा जितारिमल्लदेखि मल्लवंशी भनिएको छ । चौथो शताब्दीको पूर्वार्द्धमा कर्णाली क्षेत्रका उत्तर र दक्षिण प्रदेशका राज्यहरू एक सूत्रमा आवद्ध भएर एक विशाल मल्ल-राज्यको स्थापना भयो । यो मल्लराज्य पूर्वमा कास्कीकोट, पश्चिममा गढकुमाउँ, उत्तरमा लद्दाख र दक्षिणमा दुल्लू दैलेखसम्म फैलियो । यस विशाल मल्ल राज्यको राजधानी सिँजा नै रह्यो ।[21]

२.१.४ 'मल्ल' उपाधिको प्रयोग

नेपालमा 'मल्ल' उपाधिको प्रयोग कहिलेदेखि धारण गर्न थालियो ? भन्ने विषयमा जिज्ञासा पैदा हुँदा, इतिहासका पाना पल्टाउँदै जाँदा राजा अरिदेव (ने.सं. ३२२) का पालादेखि नेपालका राजाहरूले 'मल्ल' उपाधि धारण गरेको कुरा थाहा पाइन्छ ।[22] वंशावलीहरूमा भने अरिदेवलाई मल्ल भनिएको छैन, उनका छोराहरूलाई मात्र भनिएको छ । **'सत्यबाधाप्रशमनम्'** नामक ने.सं. ३२२ मा लेखिएको पुस्तक (सूची भाग १, पृष्ठ ८३) मा **'श्रीअरिमल्लदेवस्य विजयराज्ये'** भनी लेखिएको पाइन्छ । अनेक वंशावलीहरूमा अरिदेवअघिका कोही राजाले मल्ल उपाधि धारण नगरेको हुँदा अरिदेवका समयदेखि नै नेपालमा 'मल्ल' उपाधि धारण गर्ने प्रथा चलेको कुराको अनुमान हुन्छ ।[23]

एघारौँ-बाह्रौं शताब्दीतिर भारतीय राजाहरूमा मल्ल उपाधिधारण गर्ने चलन चलेको देखिन्छ । उत्तर तथा दक्षिण भारतका राजाहरूले यो उपाधि धारण गरेका अनेक प्रमाण उपलब्ध छन् । अरिदेवका नामसित जोरिएको मल्ल शब्द उपाधिको द्योतक हो, मल्ल जातिलाई बुझाउने होइन भन्ने अनुमान गरिन्छ, किनभने वामदेवले चलाएको वंशका उत्तराधिकारी अरिदेव थिए र इनका कुनै पूर्वपुरुषले यो उपाधि धारण गरेको देखिँदैन । एक्कासी अरिदेवले यो उपाधि धारण गरेकोले के थाहा पाइन्छ भने - भारतमा मल्ल उपाधि लोकप्रिय भएको देखी उनले पनि यो उपाधि धारण गरे[24] र उनका सन्तानहरूले पनि त्यसैको अनुसरण गर्दै 'मल्ल' उपाधि प्रयोग गर्न थाले ।

यसरी प्रारम्भ भएको मल्ल उपाधिधारी राजाहरूको क्रम यसप्रकार रह्यो :

---

[21] सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**. (काठमाडौं :रोयल नेपाल एकेडेमी, वि.सं. २०१९)पृ. ३४ ।
[22] **उही**, पृ. ३५ ।
[23] **उही**, पृ. ३५ ।
[24] **उही**, पृ. ३६ ।

नाम		समय
अरिदेव	-	३२२-३३६ (ने.सं.)
अभय मल्ल	-	३४४-३७३ (ने.सं.)
जयदेव	-	३७५-३७७ (ने.सं.)
भीमदेव	-	३८०- (ने.सं.)
सीहदेव	-	
अनन्त मल्ल	-	३९९ - ४२७ (ने.सं.)
आनन्द देव	-	४३८- (ने.सं.)
सिंह मल्ल	-	
रुद्रमल्ल/अरिमल्ल	-	४४०- (ने.सं.)
अरि मल्ल	-	४५७ - ४६७ (ने.सं.)
राजदेव	-	४६७ - ४८१ (ने.सं.)
अर्जुन मल्ल	-	४८४ - ५०३ (ने.सं.)[25]

२.१.५ जुम्ली मल्ल राजाहरू

नेपालको प्राचीन इतिहासका अन्वेषक विद्वान् योगी नरहरिनाथले जुम्ला, दुल्लु आदि स्थानको यात्रा गर्दा दुल्लुमा त्यहाँका राजा पृथ्वी मल्लको एउटा शिलालेख फेला पऱ्यो । त्यो शिलालेख एउटा स्तम्भका दुई पाटामा अङ्कित छ, जसमा पृथ्वी मल्लका पूर्वपुरुषहरूको वृत्तान्त छ । यो लेख शक सम्वत् १२७९को हो । तदनुसार जुम्लाका मल्ल राजाहरूको वंशावली यसप्रकार छ :

१. क्राचल्ल

२. अशोक चल्ल

३. जितारि मल्ल

४. अक्षय मल्ल

[25] **उही**, पृ. ४८ ।

५. अशोक मल्ल

६. आनन्द मल्ल

७. रिपु मल्ल

८. संग्राम मल्ल

९. जितारि मल्ल

१०. आदित्य मल्ल[26]



२.१.६ नेपाल उपत्यकाका मल्ल

वि.सं. १३०० मा नेपाल उपत्यकामा राजा अभय मल्लले शासन गर्दै रहेको ऐतिहासिक साक्ष्य पाइन्छ । वि.सं. १३४४ पौषमा पश्चिमी भागबाट आएका जितारि मल्लले नेपाल उपत्यकामा आक्रमण गरे । त्यसबेला नेपाल उपत्यकामा अनन्त मल्ल शासन गर्दै थिए । स्वयम्भूको डाँडामा जितारि मल्लको खस सैन्य र नेपाल उपत्यकाका बासिन्दाहरूवीच ठूलो युद्ध भयो । यस लडाइँमा जितारिमल्लतर्फका ८०० (३५०) जति खस सिपाहीहरूको मृत्यु भयो । तैपानि जितारि मल्ल पछि हटेनन् । त्यसपछि नेपाल उपत्यकाका सारा बासिन्दाहरू रसद-पानी लुकाई वन-दुर्गभित्र पसे । त्यसपछि जितारि मल्ल स्वदेश फर्किए । नेपाल उपत्यकाका बासिन्दाहरू फेरि पूर्ववत् आ-आफ्ना स्थानमा आएर बस्न लागे । यस घटनाको १४ महिनापछि वि.सं. १३४५ फाल्गुनमा फेरि दोस्रोपल्ट जितारि मल्लले नेपाल उपत्यकामा आक्रमण गरे । यो भयङ्कर प्रकृतिको आक्रमण थियो, किनभने जितारिमल्लले गाउँहरूमा आगो लगाइदिए र उपत्यकाबासीलाई 'त्राहि माम् !' बनाएर यहाँका प्रसिद्ध देवताहरू पशुपतिनाथ, स्वयम्भूनाथ र रातो मच्छिन्द्रनाथको दर्शन र पूजाआजा गरी आनन्दित हुँदै उनी स्वदेश फर्किए ।

वि.सं. १३७३ तिर नेपाल - उपत्यकाको राजगद्दीमा आनन्द मल्ल राजा थिए । परन्तु त्यसैताका तुङ्ग मल्लका छोरा रुद्र मल्ल राज्य व्यवस्थाको हर्ताकर्ताका रूपमा देखा पर्न लागेका थिए । रुद्र मल्लको जन्म वि.सं. १३५३ मा भएको थियो । २० वर्षको भर्खरको चढ्दो उमेरमा नै उत्साही स्वभाव भएका रुद्र मल्लले राज्यको शासनाधिकारमा आफ्नो शक्ति बढाउँदै लगेका थिए ।

वि.सं. १३७७ को प्रारम्भकालमा रुद्र मल्लले आफ्ना नातेदार अरि मल्ललाई देउपाटनमा राज्याभिषेक दिई उनलाई आनन्द मल्लका उत्तराधिकारी बनाए, तर राज्यको सारा शासनाधिकारचाहिँ स्वयं रुद्र मल्लकै हातमा थियो । राजगद्दीको शोभामात्र बढाउने काम

---

[26] ~~उही, पृ. ४९।~~ लालमणि नेपाल, नेपालको आधुनिककालको इतिहास, (काठमाडौं: एकालुबुक्स एजुकेशनल, वि.सं. २०६२) पृ. ३२४।

अरिमल्लको भागमा रह्यो । यसरी सारा नेपाल-उपत्यकाको राज्यक्षेत्र नुवाकोटसम्म रुद्र मल्लको प्रशस्त प्रभाव फैलिन थाल्यो ।[27]

२.१.७ हरिसिंहदेवको नेपाल - प्रवेश

ई. चौधौं शताब्दीको आरम्भमा नान्यदेवका सन्तान मिथिलाका राजा हरिसिंहदेव सिमरौनगढबाट नेपाल पसेको बुझिन्छ ।[28] स्थितिमल्ल तथा उनीपछि हुने नेपालका मल्ल राजाहरू र स्वयं प्रताप मल्लले पनि आफूलाई कर्णाटवंशी हरिसिंहदेवको सन्तान भनी अभिलेखहरूमा उल्लेख गरेको हुँदा हरिसिंहदेवले नेपालको इतिहासमा महत्वपूर्ण स्थान प्राप्त गरेका छन् ।

प्रताप मल्लका अभिलेखअनुसार नान्यदेवका वंशज हरिसिंहदेवको वंशक्रम यसप्रकार देखिन्छ -

नान्यदेव
↓
गाङ्गदेव
↓
नृसिंह
↓
रामसिंह
↓
शक्तिसिंह
↓
भूपालसिंह
↓
हरिसिंहदेव

विक्रमको चौधौं शताब्दीको उत्तरार्धमा मिथिलाप्रदेशका राजा हरिसिंहदेव सिमरौनगढमा शासन गर्दै थिए । वि.सं. १३८१ मा दिल्लीका सुल्तान गयासुद्दीन तुगलक बङ्गालमा आक्रमण गरी दिल्ली फर्कंदा तिरहुतको बाटो गरी फर्केका थिए । त्यसबेला गयासुद्दीनले सिमरौनगढमा आक्रमण गर्न लाग्यो भन्ने सम्झी प्रजा उठाई हरिसिंहदेव लड्न तयार भई निस्किए । यसरी ती

---

[27] धनवज्र वज्राचार्य (सम्पा.), **इतिहास संशोधनको प्रमाण- प्रमेय.** (ललितपुर : जगदम्बा प्रकाशन, वि.सं.२०१९) पृ. ७०-७१ ।

[28] **पूर्ववत नं. २२.** पृ. ५४ ।

तिरहुतका राजा हरिसिंहदेवसँग गयासुद्दीन तुगलकको लडाइँ पऱ्यो । गयासुद्दीनको फौजले सिमरौनगढ ध्वस्त पारिदियो । यसपछि हरिसिंहदेवले यताउति भागी ज्यान जोगाए । केही कालपछि उनी नेपालको पहाडी भागमा पसे । उनका साथमा उनका छोरा, मन्त्री र भारदारहरू थिए । दोलखातिर आउँदा तीनपाटन भन्ने ठाउँमा वि.सं. १३८२ मा हरिसिंहदेवको मृत्यु भयो ।[29] हरिसिंहदेवका छोरा र मन्त्रीहरू कैद गरिए र राजग्रामका भारदारले हरिसिंहदेवको सारा सम्पत्ति हात लिए भन्ने कुरो इतिहासका अनुसन्धाताहरूले उल्लेख गरेका छन् ।

राजा प्रताप मल्लका अभिलेखहरूमा[30] पनि यो प्रसङ्ग समाविष्ट छ जसको विवरण यसप्रकार छ - यवनहरूद्वारा गरिएको ठूलो आक्रमणबाट ग्रस्त बनेको मिथिला प्रदेशलाई परित्याग गरी हरिसिंहदेव आफ्ना बन्धु बान्धवहरूका साथमा नेपालको अश्मनगर अर्थात् पनौतीमा आई बसे र तिनले भक्तपुरमा आफ्नो राज्य विस्तार गरे । यसैगरी नेपाल पुगेर हरिसिंहदेवले भक्तपुरमा आधिपत्य प्राप्त गरेको प्रसङ्ग उल्लेख गर्दै आफूसित लगेकी तुलजा भवानी देवीका कारण नेपालका धार्मिक प्रजाको भक्तिभाव त्यतातिर तानिनु स्वभाविक भएकाले हरिसिंहदेवको भक्तपुरमा विरोध होइन, बरु स्वागत नै भएको र केही समय त्यहाँ उनले आधिपत्य जमाएको कुरा[31] पनि केही इतिहासविद्ले उल्लेख गरेका छन् ।

हरिसिंहदेव आउँदा नेपाल उपत्यकामा अरि मल्ल र रुद्र मल्लको संयुक्त शासन चलिरहेको थियो ।[32] राजा हरिसिंहदेवको मृत्यु वाटैमा तीन पाटन भन्ने ठाउँमा भयो । उनकी रानी देवलदेवी र छोरा जगत्सिंहले उपत्यकामा शरण पाए ।[33] त्यसताका नेपाल राज्यको वागडोर हातमा लिएका रुद्र मल्लले हरिसिंहदेवकी रानी देवलदेवी र छोरा जगत् सिंहलाई आफ्नो दरबारमा शरण दिए । शरण पाउनेबित्तिकै देवलदेवीले आफ्नो साथमा ल्याएको तलेजु भवानीको कलश दरबारमा स्थापित गरिन् । देवलदेवीहरू उपत्यकामा पसेको केही महिनापछि नै सं. १३८३ को श्रावण महिनातिर रुद्र मल्लको मृत्यु भयो । रुद्र मल्लका वीर मल्ल र त्रिभुवन मल्ल नाम भएका दुई छोरा थिए । परन्तु जन्मेको केही समयमै तिनको मृत्यु भएको थियो । रुद्र मल्लकी छोरी नायक देवी थिइन् ।[34] रुद्र मल्लका कुनै पनि छोरा जीवित नहुँदा छोरी नायकदेवी नै बाबुको हकदार मानिइन् । यस परिस्थितिमा देवलदेवी क्रमशः सक्रिय बन्दै आइरहेकी थिइन् । उपराजको स्थानको रहेकी नायकदेवीको रेखदेख गर्ने काममा पनि देवलदेवी सक्रिय रहिन् । वि.सं. १३८६ मा काशीका हरिश्चन्द्रलाई ल्याएर नायकदेवीको विवाह गरियो । यसबाट श्री हरिश्चन्द्रले नेपालको राजकाजमा हात हाल्ने मौका पाए, तर केही भारदारहरूलाई यो कुरा मन

---

[29] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७० ।

[30] हनुमान्ढोका कृष्णमन्दिरको अभिलेख र पशुपतिको अभिलेख ।

[31] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ.६२ ।

[32] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ.७२ ।

[33] डा. पेशल दाहाल, **नेपालको इतिहास.** (काठमाडौं : एम्.के. पब्लिशर्स, वि.सं.२०४८) पृ. ९७ ।

[34] वज्राचार्य **पूर्ववत् नं. २७.** पृ.७२ ।

परेन, फलस्वरूप पछि विष-प्रयोगद्वारा हरिश्चन्द्र मारिए । वि.सं. १४०१ मा अरि मल्लको मृत्यु भयो । उत्तराधिकारी कोही नहुँदा तीन वर्षसम्म राजगद्दी खाली नै रह्यो । वि.सं. १४०४ श्रावणमा सबैका सल्लाहले आनन्ददेवका मठ्याहा छोरा राजदेव राजगद्दीमा राखिए । त्यसवेला उनी ३० वर्षको उमेर पुगेका थिए ।[35]

देवलदेवीको शक्ति बढिरहेको थियो । हरिश्चन्द्रको हत्यापछि नायकदेवी देवलदेवीकै रेखदेखमा जीवन निर्वाह गर्दै आएकी थिइन् । हरिसिंहदेव र देवलदेवीका छोरा कुमार जगत्सिंहसँग एउटै घरमा रहने बस्ने परिस्थिति परेको हुँदा नायक देवीको उनीसँग सम्पर्क र सामीप्य बढ्दै गई अन्त्यमा त्यो सम्बन्ध विकसित भई विवाहको रूपमा परिणमित भयो । यही जगत्सिंह नायकदेवीको जोडीबाट यथासमय राजल्लदेवी नाम भएकी पुत्रीको जन्म भयो । तर राजल्लदेवी जन्मिएका १० दिनपछि नै उनकी आमा नायकदेवीको दुर्भाग्यवश अकस्मात् देहावसान भएकाले हजुरामा देवलदेवीमाथि उनको पोलनपोषणको दायित्व आइपऱ्यो । देवलदेवी जवाँमर्द थिइन् । यसैले आफ्नी नातिनी राजल्लदेवीलाई काखमा लिई हर्ताकर्ता भई राजकाज चलाउन लागिन् ।[36]

वि.सं. १४११ मा राजल्लदेवी ८ वर्षकी भइन् ।[37] देवलदेवीले अब राजल्लदेवीको विवाह गरिदिने विचार गरिन् । त्यसका लागि वरको खोजी हुन थाल्यो । यसै साल आश्विनमा स्थिति मल्ललाई योग्य वर ठानी विदेशबाट ल्याई भक्तपुर भित्र्याइन् । यसको पाँच महिनापछि स्थिति मल्लसँग राजल्ल देवीको विवाह भयो । यसरी राजकुमारी राजल्लदेवीका पतिका नाताले स्थिति मल्लले नेपाल उपत्यकाको राजकाजमा हात हाल्ने अवसर पाए । नातामा राजल्लदेवी हरिसिंहदेव र देवलदेवीकी नातिनी भएकाले जयस्थिति मल्ल देवलदेवीका नातिनी ज्वाईं हुन पुगे । त्यसैले देवलदेवीले जयस्थिति मल्ललाई अगाडि बढ्न मद्दत गरिन् ।

उता १४१७ को अन्त्यतिर गद्दीनसीन राजदेवको पनि ४३ वर्षको उमेरमा मृत्यु भयो ।[38] यसपछि राजदेवका छोरा अर्जुनमल्ल गद्दीमा राखिए । त्यसबेला उनी १४ वर्षका मात्र थिए । यस्ता अपरिपक्व राजाले राजकाज चलाउन गाह्रो भएकोले उनलाई सहयोग गर्ने परिपक्व व्यक्तिका रूपमा जयस्थिति मल्ल अघि बढे र राजकाजमा आफ्नो वर्चस्व बढाउन लागे । वि.सं. १४२३ वैशाखमा ६६ वर्षको उमेरमा देवलदेवीको मृत्यु भयो । देवलदेवीले ४० वर्षको लामो समयसम्म नेपालको मल्ल-राजदरबारको रेखदेख गर्दै आफ्नो हैकमसमेत जमाएर राजगद्दी र राजप्रतिनिधिको निरन्तरताका लागि समेत ठूलो योगदान गरिन् । उनैले बनाएको र निर्दिष्ट

---

[35] वज्राचार्य **पूर्ववत् नं. २७**, पृ.७२ ।
[36] दाहाल **पूर्ववत् नं. ३३**, पृ.९८ ।
[37] वज्राचार्य **पूर्ववत् नं. २७**, पृ.७४ ।
[38] **उही** ।

गरेको बाटोबाट जयस्थिति मल्ल अघि बढे र आखिरमा नेपालको राजगद्दी हात पार्नसमेत सफल भए ।[39]

२.१.८ स्थिति मल्ल

नेपालको इतिहासमा स्थिति मल्लको महत्वपूर्ण स्थान रहेको छ । तत्कालीन बिग्रिएको परिस्थितिलाई सुधार गरी व्यवस्थित शासन-पद्धतिको सूत्रपात गरेका हुनाले यिनलाई सुधारवादी, व्यवस्थापकीय कौशलले युक्त व्यक्तिका रूपमा इतिहासमा आकलन गरिएको पाइन्छ ।

स्थिति मल्लको वंशका बारेमा इतिहासविद् विद्वान्हरूले विभिन्न मत प्रस्तुत गरेका छन् । कसैले उनलाई कर्णाटवंशी हरिसिंहदेवका सन्तान मानेका छन् भने उनलाई कसैले कर्णाली प्रदेशका खस मल्ल राजाको सन्तान मानेका छन् ।[40] वंशावलीहरूमा भने नान्यदेवले आक्रमण गर्दा तिरहुत भागेर जाने मल्ल राजाका वंशमा यिनको जन्म भएको बेहोरा अङ्कित छ । वंशावशीले यिनका पूर्वजहरूको नाम दिँदै वंशपरम्परा यसप्रकार उल्लेख गरेको पाइन्छ-[41]

१. नाग मल्ल
↓
२. जयजगत् मल्ल
↓
३. नगेन्द्र मल्ल
↓
४. उग्र मल्ल
↓
५. अशोक मल्ल
↓
६. स्थिति मल्ल

उता स्थिति मल्लकै सन्तान ज्योति मल्लले आफ्नो 'मुदितकुवलयाश्व" नामक नाटकमा उनका पूर्वपुरुषहरूको नाम यसप्रकार उल्लेख गरेका छन्-[42]

१. हरिसिंहदेव
↓

---

[39] दाहाल, **पूर्ववत् नं. ३३.** पृ.९८ ।
[40] दाहाल, **पूर्ववत् नं. ३३.** पृ.९९ ।
[41] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ.७३ ।
[42] **उही.** पृ. ७३

२. वल्लारसिंह

↓

३. देव मल्ल

↓

४. नाग मल्ल

↓

५. अशोक मल्ल

↓

६. स्थिति मल्ल

यसरी वंशावलीले भने हरिसिंहदेवको कुलकी छोरीका सन्तानका रूपमा स्थिति मल्लको उल्लेख गरेको छ भने ज्योति मल्लले चाहिँ उनलाई छोराका सन्तान नै तुल्याएको पाइन्छ।[43] कोही उनलाई नेपालकै कुनै मल्ल राजाका सन्तान पनि मान्दछन्। नेपालका अधिकांश भाषा वंशावलीहरू तथा स्वयं प्रताप मल्ल र जगज्ज्योति मल्ल आदिले पनि उनलाई कर्णाटवंशी मानेका छन्। तर जयस्थिति मल्लले भने आफ्नो वंशको नामो-निसानसम्म कतै दिएका छैनन्। विभिन्न ऐतिहासिक सामग्रीहरूमा उनलाई थुप्रै विशेषणहरूले सम्बोधन गरी 'रघुवंशी' भनी वंशपरिचय दिएको पाइन्छ।[44]

उनले कर्णाटवंशी राजकुमारी राजल्लदेवीसँग विवाह गरेकाले उनी स्वयं कर्णाटवंशी हुन सक्दैनन्। यता स्थिति मल्लकै सन्तानका रूपमा इतिहास-सिद्ध राजा प्रताप मल्ल र जगज्ज्योति मल्लले भने आफ्नो वंशक्रमको वर्णन गर्दा स्थिति मल्लको नाउँ उल्लेख गरेका छैनन्। उता 'गोपालराज वंशावली'मा 'तराइतिरबाट जयस्थिति मल्ल ल्याइए' भनिएको हुँदा उनलाई कर्णाली प्रदेशका खस मल्ल पनि मान्न सकिन्न। अतः जयस्थिति मल्लको वंश थाहा पाउन निकै मुस्किल पर्ने देखिन्छ। यस परिस्थितिमा यी सबै मत मतान्तरहरूका बीचमा ~~थिनी नेपालकै मल्ल थर भएका क्षत्रिय हुन् भन्ने कुराको अनुमान हुन्छ।~~ यिनको कुनै राजवंश नभए तापनि आफ्नो ~~समयमा नेपालमा ठूलै गनिएको हुने सम्भावना देखिन्छ।~~ समसामयिक नेपालका कुनै भारदारका ~~कुलमा यिनको जन्म भएको अनुमान हुन्छ।~~[45] यिनकै पालादेखि नेपालमा 'मल्ल' नै थर भएका क्षत्रिय मल्ल वंशको शासन आरम्भ भएको हुँदा यिनलाई समस्त मल्ल वंशका सन्तानहरूको

उनी न नेपालका पुराना राजघरानासँग सम्बद्ध थिए, न पश्चिम खसानका मल्ल राजघरानासँग। उनी तराई तर्फबाट ल्याइएका र दक्षिणी मल्ल उपाधिधारी राजघरानासँग सम्बद्ध राजकुमार थिए[45] भन्ने कुरा पछिल्ला अनुसन्धानबाट ठहर्‍याएको पाइन्छ।

[43] **उही.** पृ. ७४।

[44] दाहाल, **पूर्ववत् नं. ३३.** पृ.९९।

[45] ~~जनमली~~, **पूर्ववत् नं. ~~२२.~~** पृ. ~~७५~~।
नेपाल २६ २३०

पूर्वज मानिन्छ । यिनै कुलपुरुष स्थिति मल्लका वंशमा कालान्तरमा राजा प्रताप मल्लको जन्म भयो ।

स्थिति मल्ल साधारण अवस्थाबाट आफ्नो योग्यताले माथि उक्लँदै गएको कुरा इतिहासले सिद्ध गर्दछ । राजल्लदेवीसँग विवाह भएदेखि नै उनको उन्नति हुन लाग्यो तथा उनले प्रतिष्ठा प्राप्त गर्न लागे ।[46] यो वैवाहिक सम्बन्धले उनले तत्कालीन समाजमा निकै उच्च स्थान प्राप्त गर्न पुगे । यसै सम्वन्धका बलले उनी राजल्लदेवीका पति'का हैसियतले शासनमा सक्रिय हुन थाले । ई.सं. १३७२ मा यिनी महासामन्त भइसकेका थिए । यिनले आफ्नो स्थिति मजबुत तुल्याए । ठिमीमा यिनका विरोधीहरूसँग भएको युद्धमा ठूलो सफलता पाएपछि यिनको शक्ति बढ्यो र तत्कालीन राजा अर्जुन मल्लको उपराजको हैसियतले यिनी शासन गर्न लागे । अल्पवयका अर्जुन मल्लको काम ता केवल राजगद्दीको शोभा बढाउनुमात्र थियो । स्थिति मल्लको महत्वाकाङ्क्षा बढ्दै गयो र उनले अन्त्यमा बनेपाली राजा अर्जुन मल्ललाई बनेपातिरै धपाइदिने योजना बनाए । सो योजना अनुसार त्यस बेलामा महामन्त्री जयन्त आदि सबै भाइ-भारदारहरूको सम्मति देखाई वि.सं. १४३७ मार्गमा स्थिति मल्लले अर्जुन मल्ललाई ठूलो सम्मानका साथ सिन्दूर जात्रा गरी बनेपातिर धपाइदिए । कालान्तरमा फेरि फर्केर आएका अर्जुन मल्ललाई स्थिति मल्लले कैद गरी भक्तपुरको क्वाछेंमा थुनेर राखे । त्यसको एक वर्षपछि वि.सं. १४३८ माघमा अर्जुन मल्लको मृत्यु भयो । त्यसपछि स्थिति मल्लले नेपाल उपत्यकामा अकण्टक राज्य गरे तापनि उनी चतुर पुरुष भएको हुँदा तत्काल बल र बुद्धिले अरुलाई दवाउन सके तापनि कालान्तरमा पुनः विद्रोहको स्वर उठ्न सक्ने सम्भावना देखेर प्रजाले उनलाई महाराजाधिराजकै रूपमा मान्यता दिए पनि आजन्म उनी 'राजल्ल देवीका पति'का हैसियतले नै रहनु श्रेयस्कर सम्झी 'उपराज'कै रूपमा उनले आफूलाई प्रस्तुत गरे ।[47]

मल्ल राजाहरूका आदिपुरुष स्थिति मल्ललाई नेपाली इतिहास तथा वंशावलीहरूमा समाजको व्यवस्थापकका रूपमा चित्रण गरिएको पाइन्छ । सामाजिक, आर्थिक र धार्मिक क्षेत्रमा व्यापक सुधार गरी सामाजिक मर्यादाको स्थिति बसालेका हुनाले नै उनलाई 'स्थिति मल्ल' भनिएको हो भन्ने धारणा पनि रहेको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले समेत 'राजा जयस्थिति मल्लको स्थिति पनि हेरिसकें, भनेको हुँदा यिनले सामाजिक व्यवस्थालाई मर्यादित र नियमित बनाउने कार्य गरेको स्पष्ट हुन्छ । विभिन्न तत्कालीन ऐतिहासिक स्रोतहरूमा उनलाई भगवान् रामका अवतार, राम्ररी धर्म र नीति प्रचार गर्न सिपालु, लोकको दुःख हर्ने व्रत लिएका आदि विशेषणहरूद्वारा विभूषित गर्दै उनको सुशासन र मर्यादास्थापन कार्यको भूरि भूरि प्रशंसा गरिएको पाइन्छ । विशेष गरी पेशागत हक र हितको संरक्षण, घरजग्गाको व्यवस्थामा सुधार,

---

[46] **उही**. पृ. ७७ ।

[47] वज्राचार्य, पूर्ववत् नं. २७, पृ. ७५-७६ ।

व्यापार व्यवस्थापन एवं वर्ण व्यवस्थाको परम्परालाई मर्यादित र नियमित गर्ने कार्यमा यिनले विशेष योगदान गरेको पाइन्छ । न्यायिक क्षेत्रमा प्रयुक्त हुने दण्ड पुरस्कारको सुदृढ व्यवस्थापनका साथै भाषा र साहित्यको उत्थान र विकासका लागि समेत यिनले उल्लेखनीय कार्य गरेको बुझिन्छ । संस्कृतका महत्त्वशील ग्रन्थहरूको अनुवाद, मौलिक ग्रन्थ रचना गराउने कार्यका साथै 'गोपालराज-वंशावली' जस्तो ख्यातनामा ऐतिहासिक सामग्री-सम्पन्न ग्रन्थको रचना गराउने कार्य समेत यिनकै प्रेरणा र रेखदेखमा सम्पन्न भएको पाइन्छ । तत्कालीन अभिलेखहरू र उनको समयमा रचिएका ग्रन्थहरू एवं उनका छोराहरूको ब्रतवन्ध र विवाहमा अभिनयार्थ लेखिएका नाटकहरूको स्तरीयता[48]लाई आकलन गर्दा निश्चय नै उनको समयमा विद्याको उन्नयन भएको रहेछ भन्ने स्पष्ट हुन्छ । वि.सं. १४५२ को भाद्र[49] महिनामा स्थिति मल्लको देहान्त भयो ।

२.१.९ ज्योतिर्मल्ल

राजल्लदेवीबाट स्थिति मल्लका तीन छोरा भएका थिए । जेठा धर्म मल्लको जन्म वि.सं. १४२४ मा, माहिला ज्योतिर्मल्लको जन्म वि.सं. १४३० मा र कान्छा कीर्तिमल्लको जन्म वि.सं. १४३४ मा भएको थियो । यी तीनै छोरा र आफ्ना पति स्थिति मल्ललाई समेत छोडी राजल्ल देवीको पहिले नै देहान्त भइसकेको थियो । उनको सम्झनामा वि.सं. १४४४ मा स्थिति मल्लले देउपाटनमा अवस्थित धाराको जीर्णोद्धार गरेका थिए ।[50]

स्थिति मल्लले आफ्नो जीवनकालमै आफ्ना छोराहरूलाई ठाउँ ठाउँको राजा घोषणा गरेका थिए भन्ने देखिन्छ । पाटनमा प्राप्त एउटा शिलालेखमा ने.सं. ५११मा कीर्तिमल्ललाई, पशुपतिमा प्राप्त शिलालेखमा ने.सं. ५२३ मा धर्ममल्ललाई र पछि ने.सं. ५३३मा पशुपतिकै एउटा शिलालेखमा ज्योतिर्मल्ललाई परमभट्टारक भनी विशेषित गरिएको छ । स्थिति मल्लको देहावसानपछि यिनका तीनै छोरा धर्ममल्ल, ज्योतिर्मल्ल र कीर्तिमल्ल मिली संयुक्त रूपमा शासन गरे । इ.सन् १४११ तिर स्थिति मल्लका जेठा छोरा धर्म मल्लको मृत्यु भयो सम्भवतः उनी अपुत्र थिए, त्यसैले उनको शेषपछि माहिला छोरा ज्योतिर्मल्लले शासनाधिकार ग्रहण गरे । उनकी संसारदेवी नाम भएकी महारानी थिइन् । ज्योतिर्मल्ल र संसारदेवीका दुई पुत्र र एक पुत्री भए । जेठा यक्ष मल्ल र कान्छा जीव मल्ल, जसको नाम कतै कतै जयन्तका रूपमा पनि उल्लेख भएको पाइन्छ । उनीहरूकी छोरी जीवरक्षा र जुवाइँ भैरवको पनि इतिहासमा नामोल्लेख भएको पाइन्छ ।[51]

---

[48] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १०१-१०५ ।

[49] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७६ ।

[50] **उही.** पृष्ठ ७६ ।

[51] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १६/८७ ।

२.१.१० यक्ष मल्ल

ज्योतिर्मल्लको शेषपछि प्रारम्भमा यिनका दुवै छोरा यक्ष मल्ल र जीव मल्लले मिली संयुक्त रूपमा राज्य गरे । तर, पछि राज्यमा जेठो छोरो यक्ष मल्लको एकलौटी शासनाधिकार रह्यो । यक्ष मल्ल निःसन्देह सुयोग्य शासक थिए । वि.सं. १५१० मा यक्ष मल्लले भक्तपुरका बासिन्दाहरूको सक्रिय सहयोगद्वारा भक्तपुर शहरलाई एउटा वलियो गढका रूपमा परिणत गरे । यस शहरलाई चारैतिरबाट खाई र पर्खालले घेरियो । पर्खालका वीच - बीचमा यथास्थान ढोकाहरू पनि वनाइए । ती ढोकाहरूमा समेत स-साना किल्लाहरू बनाइए । यसरी प्राचीन शहर भक्तपुरलाई शत्रुहरूको आक्रमणबाट बचाउन सुदृढ दुर्गको रूप दिइयो ।

यक्ष मल्लका सन्तान, कालान्तरमा भक्तपुरका राजा हुन पुगेका जगज्ज्योतिर्मल्लका आज्ञाले शक सम्वत् १५३६ मा लेखिएको 'नरपतिजयचर्या' नामक ग्रन्थमा यिनलाई विजयी राजाका रूपमा चित्रित गरिएको छ । मिथिलामाथि विजय प्राप्त गरी आफ्ना पुरुषार्थले मगध तथा गया गएको, पहाडका राजाहरूलाई जितेर नेपाललाई शत्रुशून्य तुल्याएको, पूर्वमा बङ्गदेश, दक्षिणमा गङ्गा तथा उत्तरमा सात दिनको बाटो परसम्मको देश समेत यिनले आफ्नो अधीनमा लिएको उल्लेख गरिएको पाइन्छ ।[52] यसबाट के स्पष्ट हुन्छ भने, यक्ष मल्ल आफ्नो समयका प्रतापी, लोकप्रिय र महान् योद्धा राजा थिए र यिनको प्रशस्ति गाइन्थ्यो ।

यक्ष मल्ल मूल रूपमा कट्टर हिन्दूधर्मावलम्बी देखिन्छन् तापनि उनमा पर्याप्त धार्मिक सहिष्णुता रहेको कुरा विभिन्न साक्ष्यहरूले सङ्केत गर्दछन् । शैव, वैष्णव र बौद्ध सवै सम्प्रदायका अनुयायीहरूप्रति उनको समान आदरभाव रहेको पाइन्छ । वि.सं. १४९७ मा यक्ष मल्लले आफ्नी आमा संसारदेवी र भाइ जीवमल्लका साथ भक्तपुरको तौमढी टोलमा मन्दिर वनाउने, गजुर चढाउने तथा धाराहरूको निर्माण गर्ने कार्य सम्पन्न गरेका थिए । वि.सं. १५०४ मा गौरीको पूजाआजाका निम्ति गुठीसमेत राखेका थिए । वि.सं. १५०४ मा यक्ष मल्लले नौ दिनसम्म हिँडेर गोसाईं कुण्डमा गई भगवान् नीलकण्ठको दर्शन र कुण्डमा स्नानसमेत गरेका थिए । छोरा राय मल्लको असामयिक मृत्यु भएपछि उनकै स्मृतिमा छोराकै आकारको हृषीकेश विष्णुको सुवर्णमूर्ति तथा मन्दिरसमेत बनाई भक्तपुरमा स्थापना गरेका थिए, साथै षड्दर्शन पढ्नेहरूका लागि अग्निशाला, भान्साघर, सत्तल, कुवा र धाराको समेत निर्माण गराएका थिए । भक्तपुरस्थित

---

52 यो राज्यं मिथिलां विजित्य मगधं गत्वा गयां पौरुपात् ।
यो नेपालमकण्टकं व्यरचयञ्जित्वा नृपान् पार्वतान् ।
प्राच्यां यो बङ्गदेशं तदनु सुरनदीं दक्षिणे दिग्विभागे ।
विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः ।
भूमिं सप्ताहगम्यामपि धनददिशो योऽवधीकृत्य भुक्त्वा
रेमे दोर्दण्डशौण्डः प्रखरतरलसन्काण्डकोदण्डपाणिः ॥ - ज्ञवाली, **पूर्ववत्** न. २२. पृ. ८९-९० ।

दत्तात्रेय मन्दिर र यक्षेश्वर मन्दिरसमेत यक्ष मल्लद्वारा निर्मित प्रसिद्ध धरोहरहरू हुन् । उनका बारेमा वंशावली उल्लेख गर्दछ - 'यक्ष मल्ल सधैं पशुपतिको दर्शन गरेर मात्र भोजन गर्ने गर्दथे । एक दिन वाग्मतीमा ठुलो बाढी आएको हुँदा उनी पारि जान सकेनन् र दरबार फर्की दिनभर निराहार भई बसे । त्यसै राती सपनामा पशुपतिनाथले दर्शन दिएर राजालाई भक्तपुरमा नै मन्दिर बनाउने आज्ञा दिए । वंशावलीअनुसार यक्षमल्लले पशुपतिनाथको पूजाआजामा नयाँ व्यवस्था मिलाएका थिए । जसअनुसार स्वामी शङ्कराचार्यबाट दीक्षित दक्षिण भारतीय भट्ट ब्राह्मणबाट मात्र पशुपतिनाथको पूजाआजा गर्नुपर्ने विधान बनाएका थिए, जो अद्यावधि कायमै छ । यस बाहेक पाटनको मीननाथ मन्दिर, भद्र बोधिसत्व, पद्मपाणि लोकेश्वर आदिका मन्दिर तथा बौद्धविहार[53] पनि यिनकै आदेश र निर्देशअनुसार बनेका थिए । यी सबै ऐतिह्यबाट के कुरा स्पष्ट हुन्छ भने राजा प्रताप मल्लका पूर्वज यक्ष मल्ल धर्मपरायण, कलाप्रेमी एवं विजिगीषु स्वभाव भएका अत्यन्त प्रतापी राजा थिए ।

यक्ष मल्लका अनेक रानीहरू थिए[54] र तिनबाट उनका प्रशस्त सन्तान पनि भएको जानकारी पाइन्छ । यक्ष मल्लका जम्मा सात जना छोराहरू थिए : क्रमशः राज मल्ल, राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल र पूर्ण मल्ल नाम भएका । यसैगरी सरस्वती देवी, कीर्तिलक्ष्मी, कर्पूरदेवी, स्वरूपदेवी र उदयदेवी आदि नाम भएका रानीहरूको चर्चा पनि तत्कालीन इतिहासका सामग्रीहरूमा उपलब्ध छ ।[55] एतावता यक्ष मल्लको परिवार ठूलै आकारको थियो भन्ने स्पष्ट हुन्छ । यक्ष मल्लका एक जना छोरा राज मल्लको मृत्यु वि.सं. १५२४ भन्दा पहिले नै भइसकेको थियो । दिवङ्गत छोराको उद्धारका लागि यक्ष मल्लले वि.सं. १५२४ मा छोराकै भौतिक आकार प्रकारको सुनको विष्णुमूर्ति बनाई भक्तपुरमा स्थापना गरेको र षड्दर्शनका अध्येताहरूका निम्ति सत्तल र अग्निशाला आदिको निर्माण गरेको[56] तथ्य पनि ऐतिहासिक सामग्रीहरूबाट ज्ञात हुन्छ । उनले अर्का छोरा राय मल्लको सुवर्ण तुलादान पनि गराएका थिए र सो उत्सवमा 'चतुरङ्ग महाभारत' नामक नाटकको समेत प्रदर्शन[57] गरिएको थियो । यसरी कुशलतापूर्ण शासन-पद्धतिको सञ्चालन गर्दै ऐतिहासिक व्यक्तित्वका धनी यक्ष मल्ल जम्मा ५३ वर्ष सम्म राजा भई ७३ वर्षको उमेरमा वि.सं. १५३८ को अन्त्यतिर आफ्नो देह विसर्जन गरी दिवङ्गत भए ।[58]

---

[53] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १०८-१०९ ।
[54] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १०९ ।
[55] **उही ।**
[56] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७७ ।
[57] **उही ।**
[58] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १०८ ।

२.१.११ रत्न मल्ल

यक्ष मल्लले आफ्नो जीवन कालमै जेठा छोरा राय मल्ललाई राजतिलक दिन लाग्दा माइला छोरा रत्न मल्लका समर्थकहरूले विरोध गरेका थिए ।[59] तसर्थ यक्ष मल्लले सबै भाइको संयुक्त शासन कायम गरिदिएका थिए । यसरी यक्ष मल्लको अवसानपछि केही समयसम्म उनका छोराहरू र उनका दौहित्र (छोरीका छोरा) भीम मल्ल समेत मिली[60] संयुक्त रूपमा राजकाज चलाए ।

यक्ष मल्लका छोराहरूमध्ये रत्न मल्ल सबैभन्दा चतुर र महत्वाकांक्षी पनि थिए, त्यसैले आफ्ना दाजुभाइहरूसँगको संयुक्त शासन उनलाई मन परेन । विस्तारै विस्तारै उनले एकातिर दाजहरूसँग मिली भक्तपुरमा शासन चलाउँदै गर्ने र अन्यत्र (काठमाडौं आदि स्थानमा) आफ्नो स्वतन्त्र शासन सत्ता स्थापना गर्ने उद्योग पनि गर्न लागे ।[61] त्यसबेलाको राजधानी भक्तपुरमा रहेको हुँदा यक्ष मल्ल र तिनका दाजुभाइहरू 'नेपाल-मण्डलेश्वर' का रूपमा भक्तपुरमै बसी शासन गर्दथे । यता कान्तिपुरमा पुस्तैनी अधिकार पाएका शक्तिशाली वैश्य महापात्रहरूको शासन चल्दथ्यो । उता ललितपुरमा चाहिँ सप्तकुटुम्बज (सात परिवारका) मध्ये तीन मुख्य महापात्रहरू मिलेर संयुक्त शासन गर्दथे । यी महापात्रहरू हुनता यक्ष मल्ल र तिनका दाजुभाइहरूको हुकुमबमोजिम नै शासन गर्दथे, तर पुस्तैनी अधिकार प्राप्त शासक भएका नाताले निकै नै शक्तिशाली मानिन्थे ।[62] यस्तो परिस्थितिमा रत्न मल्लले कान्तिपुर र ललितपुरका यी महापात्रहरूलाई सिध्याएर त्यहाँ आफ्नो स्वतन्त्र शासन कायम गर्ने विचार गरे । ललितपुरका महापात्रहरूको भन्दा कान्तिपुरका महापात्रहरूको स्थिति कमजोर रहेको थाहा पाएर रत्नमल्लले पहिले कान्तिपुरलाई नै आफ्नो स्वायत्त शासनाधिकारमा लिने निर्णय गरे । नभन्दै आफ्नो चातुर्य, बल र पुरुषार्थद्वारा आफ्ना पिताको मृत्यु भएको ३ वर्षपछि नै वि.सं. १५४१ मा कान्तिपुरका महापात्रहरूलाई दबाएर त्यहाँ आफ्नो अधिकार कायम गरे । वंशावलीअनुसार रत्नमल्लले भोजनमा विष प्रयोग गरी महापात्रहरूलाई सिध्याए[63] र त्यहाँ आफ्ना एकजना विश्वासपात्र भाइ अरि मल्लको मात्र शासन कायम गरे तर कालान्तरमा रत्न मल्लको मात्र एकाधिपत्य स्थापित भयो । कान्तिपुरमा रहेर स्वतन्त्र रूपले शासन गर्न थालेपछि रत्न मल्लले हिटी चोकमा आफ्नो राजकीय आवास निर्माण गरी त्यहीँ रहन थाले ।

---

[59] **उही ।**
[60] वज्राचार्य, **पूर्ववत् नं. २७**, पृ. ७७ ।
[61] **उही ।**
[62] **उही ।**
[63] दाहाल, **पूर्ववत् नं. ३३**, पृ. ११४ ।

रत्न मल्ल विजीगीषु स्वभावका हुनाले आफ्नो राज्य कान्तिपुरलाई वढाउँदै लैजाने विचार गर्न थाले । तदनुसार त्यसबखत भक्तपुरअन्तर्गत रहेको नुवाकोटलाई आफ्नो अधिकारमा लिने विचार गरी 'राजाको आज्ञाविना राजेश्वरीको मन्दिरमा रङ्गरोगन गरेको आरोप लगाई वि.सं. १५४८ मा नुवाकोटमा हमला गरे र नुवाकोटेलीहरूलाई पराजित गरी सो स्थानमा आफ्नो आधिपत्य कायम गरे । त्यसै विजयोत्सवमा नुवाकोटको बगैंचाबाट फलफूल ल्याई पशुपतिमा पूजा गरे भन्ने विवरण वंशावलीहरूमा पाइन्छ ।[64] कालान्तरमा रत्न मल्लले ललितपुरका केही भारदारहरूलाई आफ्नो पक्षमा लिएर त्यहाँ पनि आफ्नो प्रभुत्व कायम गर्न सफल भए । यक्ष मल्लका छोराहरूमध्येका जेठा राय मल्ल हुनाले भक्तपुरमा उनको विशेष शासनाधिकार हुनु स्वाभाविक नै थियो । आफ्नो संयुक्त अधिकार रहेको कान्तिपुरमा रत्न मल्लको एकाधिकार रहेको कुरा राय मल्ल र उनका सन्तानहरूलाई समेत मन परेको थिएन । तर व्यवहारकुशल र कूटनीतिज्ञ रत्न मल्ल आफ्ना भाइहरूलाई भने आफ्नै पक्षमा मिलाउन सफल भएका थिए । तिनै भाइहरूको सहायताद्वारा रत्न मल्लले ललितपुरमा समेत भक्तपुरको अधिकार छुटाई आफ्नो प्रभुत्व कायम गर्न सफल भए । तर, ललितपुरका महापात्रहरू शक्तिशाली भएका र आपसमा मिलेर रहेकाले कान्तिपुरमा झैं तिनलाई समाप्त पार्न सकेनन् । ललितपुरमा रत्न मल्ल र उनका भाइहरूको शासनाधिकार कायमै भए तापनि[65] महापात्रहरूको उपस्थिति पनि उल्लेखनीय रही नै रह्यो । यसरी यक्ष मल्लका पुत्रहरूको पालामा उपत्यकाभित्र कान्तिपुर, ललितपुर र भक्तपुरको स्वतन्त्र राज्यका रूपमा अस्तित्व देखा पर्न थाल्यो । स्पष्टतः कान्तिपुरमा रत्न मल्ल, ललितपुरमा उनका भाइहरू र भक्तपुरमा चाहिँ राय मल्लको शासनाधिकार कायम भयो ।

रत्न मल्ललाई विशेषतः आर्थिक समुन्नतिमा अग्रसर हुने राजाको रूपमा हेरिन्छ । यिनकै पालामा नेपालमा मुसलमानहरूको प्रवेश भएको र व्यापारमा प्रगति हुन थालेको कुरा इतिहासकारहरू उल्लेख गर्दछन् । यसका अतिरिक्त कला र विशेषतः वास्तुकलाको विकासमा समेत यिनको महत्वशील अवदान रहेको बुझिन्छ । कान्तिपुरमा तलेजुको मन्दिर निर्माण कार्य यिनले नै गरेको तथ्य वंशावलीहरूमा पाइन्छ । त्यसका अतिरिक्त पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्तिहरूको समेत स्थापना यिनले गरेका थिए । 'लडाइँमा इन्द्रलाई समेत मद्दत गर्ने जय यक्ष मल्लका छोरा रघुवंशरूपी कमलका सूर्य, राजाहरूद्वारा पादसेवन गरिएका, चौध विद्याका समुद्र, नेपालमण्डललाई पालन गर्ने श्री जयरत्नदेव मल्ल' भनी ऐतिहासिक सामग्रीहरूमा यिनको विरुदावली गाइएको पाइन्छ । आजको काठमाडौं; त्यस बेलाको कान्तिपुर राज्यका संस्थापक यस्ता रत्न मल्ल ३६ वर्षसम्म राज्य गरेर वि.सं. १५७७ मा दिवङ्गत[66] भए ।

---

[64] **उही.** पृ. ११५ ।
[65] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७८ ।
[66] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. ११६-११७ ।

२.१.१२ सूर्य मल्ल

राजा रत्न मल्लको देहावसानपछि वि.सं. १५७७ मा कान्तिपुरको राजगद्दीमा उनका सुपुत्र सूर्य मल्ल अधिष्ठित भए ।[67] यिनले भादगाउँका चाँगु तथा शंखपुर (साँखु) नामक दुई गाउँहरूलाई विजय गरी, आफ्नो अधिकारमा लिई कान्तिपुर राज्यमा मिलाए भन्ने विवरण वंशावलीहरूमा उपलब्ध छ । सूर्य मल्ल करिब ६ वर्ष साँखुमा बसे र त्यहाँ यिनले वज्रयोगिनी माईको जात्रा चलाए । पछि यिनी काठमाडौंमै बसे । कालान्तरमा यिनको मृत्यु भयो ।[68] १५७७ देखि १५८६ सम्म (ने.सं. ६४० देखि ६४९ सम्म) जम्मा ९ वर्ष यिनले शासन गरेको स्पष्ट हुन्छ ।[69]

२.१.१३ अमर मल्ल

सूर्य मल्लपछि यिनका छोरा अमर मल्ल कान्तिपुरका राजगद्दीमा आसीन भए ।[70] समयक्रमलाई विचार गर्दा वि.सं. १५८६ मा यिनले शासनसत्ता सम्हालेको तथ्य देखा पर्न आउँछ । अमर मल्ल धार्मिक प्रवृत्ति भएका व्यक्ति थिए । विशेषतः शक्ति उपासनामा उनको आस्था र अभिरुचि थियो । त्यसबखत लोपोन्मुख भएको प्राचीन हरिसिद्धिनाचको परम्परालाई विशेषण संरक्षण प्रदान गर्दै नयाँ जोश र उत्साहका साथ नाच परम्पराको पुनर्जागरण गरी त्यसलाई निरन्तरता दिनाका साथै उनले हाल खोकनामा हुने महालक्ष्मी नाचलाई आरम्भ गर्ने कार्य पनि गरेका थिए । मनमैजु, हरिचोकदेवी पचली भैरव, नवदुर्गा, भद्रकाली र कङ्केश्वरीका साथै धेरै अन्य नाचको पनि परम्परा बसालेको कुरा वंशावलीहरूमा उल्लेख गरिएको छ । उनको शासनाधिकार निकै ठूलो भूभागमा चल्दथ्यो भन्ने कुरा वंशावलीहरूमा उल्लिखित विवरणबाट स्पष्ट हुन्छ । तदनुसार ललितपुर, वन्धा गाउँ, थेचो, हरिसिद्धि, लुभु, चापागाउँ, फर्पिङ्ग, बुङ्मती, खोकना, पांगा, कीतिपुर, थानकोट, बलम्वु, सतुंगल, हलचोक, कुटुम, धर्मस्थली, टोखा, चपली गाउँ, लेले, चुकग्राम, गोकर्ण, देवपाटन, नन्द्रिग्राम, नक्साल र मालिगाउँ जस्ता भूभागमा यिनको अखण्ड राज्यको शासनाधिकार थियो ।[71] यिनको शासन समयावधि जम्मा ३३ वर्ष (ने.सं. ६४९-६८२ सम्म) भएको आधारमा[72] वि.सं. १५८६ देखि १६१९ सम्म रहेको थाहा हुन आउँछ ।

---

[67] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७९ ।

[68] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १२५ ।

[69] लीलाभक्त मुनँकर्मी, **मल्लकालीन नेपाल.** (काठमाडौं : रत्नपुस्तक भण्डार, वि.सं.२०२५) पृ. १४३ ।

[70] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७९ ।

[71] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १२६ ।

[72] मुनँकर्मी, **पूर्ववत् नं. ६९.** पृ. १४३ ।

२.१.१४ महेन्द्र मल्ल

अमर मल्लको शेषपछि उनका सुपुत्र महेन्द्र मल्ल कान्तिपुरको राजगद्दीमा वसे ।[73] ने.सं. ६८६ मा उनले शासनाधिकार प्राप्त गरेका हुन् । वि.सं. १६१७ तिर यिनले राजगद्दीमा आसन जमाएको कुरा उल्लेख गरिएको पाइन्छ ।[74] नेपालको इतिहासमा कान्तिपुरका राजा महेन्द्र मल्लको निकै ठूलो ख्याति रहेको पाइन्छ । विशेषतः काठमाडौं उपत्यकामा सर्वप्रथम चाँदीको मोहोर प्रचलनमा ल्याउने पहिलो मल्ल राजाका रूपमा यिनको यश फैलिएको छ । कालान्तरमा सबै चाँदीका मोहरहरूलाई नै महेन्द्रमल्ली भन्ने चलन समाजमा रहँदै आएको तथ्यबाट पनि महेन्द्र मल्लका सो कार्यको सामाजिक मान्यता र अभिनन्दन भएको तथ्य अवगत हुन्छ । वंशावलीमा 'महेन्द्र मल्लले दिल्लीका मुगल बादशाहकहाँ एक जोडा सेतो हाँस र शिकारी बाज सौगातको रूपमा लगेर बादशाहको सल्लाहबमोजिम नेपालमा चाँदीका मुद्रा चलाए'[75] भन्ने उल्लेख पाइन्छ । यस घटनाबाट राज महेन्द्रमल्लले दिल्लीसँग विनिमय दर कायम गरेर नेपाली मोहोर (चाँदीको मुद्रा) निष्काशन गरेको स्पष्ट हुन्छ । तदनुसार दिल्लीको एक रूपैयाँ बराबर चाँदीका दुई मोहर (महेन्द्रमल्ली)को विनमयदर कायम रहेको तथ्य अवगत हुन आउँछ । नेपाल उपत्यकामा सुन चाँदी नपाइने हुँदा तिब्बतबाट मगाएर टक निकाल्ने प्रचलन रहेकाले महेन्द्र मल्लले उपत्यकाको आर्थिक अवस्था सुदृढ गराई तिब्बत तथा भारत दुवैतर्फ आफ्नो व्यापार व्यवसायको प्रवर्द्धन गरेको तथ्य प्रकट हुन आउँछ । 'ढिकी, जाँतो, लुगा बुन्ने तान र टुकी कहिल्यै खाली नराख्नु, पटासी, घरबुना, खाँडी, आदि मिही पारेर बुन्नु र विदेशमा लगेर बेच्नु' भनेर प्रजाहरूमा उर्दी दिएको[76] घटनाले पनि देशको आर्थिक उन्नतिमा उनको विशेष अभिरुचि र आकलनयोग्य अवदान रहेको देखिन्छ ।

यसका साथै कला र वास्तुकलाको विकासमा पनि महेन्द्र मल्लले पुऱ्याएको योगदान इतिहासका पृष्ठहरूमा अङ्कित भएको पाइन्छ । वि.सं. १६१८ फाल्गुनमा महेन्द्र मल्लले महेन्द्रेश्वर महादेवको मन्दिर निर्माण गराएका थिए । वसन्तपुरको दरवारपरिसरमा तलेजु मन्दिरको पश्चिमोत्तर कोणमा यो मन्दिर अद्यावधि खडा रहेको पाइन्छ । त्यसै गरी यिनले वि.सं. १६२० माघमा दरबारभित्र मूलचोकमा रहेको, पहिले रत्न मल्लद्वारा निर्माण गराइएको तलेजु मन्दिरलाई अझ भव्य र बृहद् आकार प्रकारमा निर्मित गराई १२ तहको पेटीमा अवस्थित तीन छाना भएको स्वरूप भएको विशाल मन्दिरको रूप दिए ।[77] वास्तुकलाको दृष्टिले महत्वपूर्ण मानिने सो मन्दिरमा सुनौलो छाना लगाउने कार्यसमेत महेन्द्र मल्लले नै सम्पन्न गरेका थिए । यसै गरी

---

73 ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १२० ।

74 दाहाल **पूर्ववत् नं. ३३.** पृ. ११८ ।

75 **उही** ।

76 **उही** ।

77 दाहाल **पूर्ववत् नं. ३३.** पृ. ११९ ।

वि.सं. १६१९ माघमा हनुमान्ढोका दरवारको प्राङ्गणमा चतुर्मुखी विष्णुको प्रस्तर-प्रतिमा स्थापित गरी मन्दिरको निर्माण गराए ।[78] पछि त्यसै मन्दिरभित्र राजा प्रताप मल्लले जगन्नाथको मूर्ति स्थापित गराएपश्चात् जगन्नाथ देवलका नामले सो मन्दिर प्रख्यात भयो जो, अद्यावधि हनुमान्ढोका दरवारक्षेत्रभित्र यथापूर्व अवस्थित रहेको पाइन्छ । वंशावलीमा उल्लेख भएअनुसार हनुमान् ढोका दरबारको प्राङ्गणमा अवस्थित कालभैरव मूर्तिको उत्तरभागमा रहेको कोटिलिङ्गेश्वर महादेवको मन्दिर पनि महेन्द्र मल्लकै निर्मित हो । समग्रतया प्रस्तरद्वारा निर्माण गरिएको सो मन्दिर गुम्बज शैलीको आकारमा रहेको छ । चतुर्मुखी शिवलिङ्गको मूर्ति स्थापित गरिएको सो मन्दिर आफ्नो विशिष्ट र दुर्लभ शैलीका कारण बेग्लै महत्व भएको रचना मानिन्छ । यसैगरी महेन्द्र मल्लले वि.सं. १६२३ माघमा तानादेवलका देवता तम्बलिङ्गदेवलाई सुनको देवल र ध्वजासमेत निर्माण गरी चढाएका थिए ।[79] यसै शुभ अवसरमा कोटिहोम गरी रामायणको नाच पनि गराएका थिए । काठमाडौं उपत्यकाका अतिरिक्त नुवाकोटको ब्रह्मटोलमा समेत महेन्द्र मल्लले विष्णुको भव्य मूर्ति स्थापित गरेका थिए ।

हनुमान्ढोका दरबारको विस्तारमा पनि यिनको महत्त्वशील योगदान रहेको कुरा वंशावलीहरूबाट विदित हुन्छ । तलेजु मन्दिरको निर्माण प्रसङ्गमै तत्कालीन समाजमा 'गुनपो' दरबारका रूपमा ख्यातनामा; हालको हनुमान्ढोका दरबारमा मूलचोकको निर्माण यिनले गराएका थिए । यिनले कान्तिपुर सहरको विस्तार पनि गरेका थिए अरु ठाउँबाट मानिसहरू झिकाएर धेरै ठाउँमा नयाँ बस्तीको बिस्तार गरी शहरलाई व्यापकता प्रदान गरेका थिए । रत्न मल्लका पालामा नेपाल प्रवेश गरेका मुसलमानहरूलाई व्यवस्थित वसोबासको प्रबन्ध पनि यिनले मिलाइदिएको[80] कुरा इतिहासमा वर्णित छ ।

यी राजा प्रजावत्सल र धर्मप्राण पनि थिए । आफ्ना प्रजाहरूलाई सन्तानवत् स्नेह गर्दथे । प्रजालाई भोजन नगराई आफू स्वयं भोजन गर्दैनथे । आफ्ना प्रजाले खाना खाए नखाएको बुझ्न उनी आफ्नो दरवारको छतमा पुग्दथे र सहरभरिका घरहरूमा दृष्टिपात गर्दथे । कुनै घरको धुरीबाट भोजन गर्ने समयमा धुवाँ निस्किएको देखिएन भने त्यसमा घरमा आज भान्सा तैयार भएनछ भन्ने शङ्का लागी आफ्ना अनुचरलाई त्यहाँ बुझ्न पठाउँथे र त्यहाँका गृहीले खाना नखाएको थाहा पाए खाना खुवाउने प्रवन्ध समेत मिलाउँथे भन्ने तथ्य इतिहासका पानाहरूमा बहुत्र पाइन्छ पछि कसैले छिटो र कसैले ढीलो खाना खाने गरेको बुझी त्यसको यथार्थ लेखाजोखा राख्न असम्भव भएकोले बिहान र बेलुकाको खाना सबैलाई अनुकूल पर्ने, तर निश्चित समयभित्र खाइसक्ने विधान राजा महेन्द्र मल्लले व्यवस्थित गरिदिएका थिए ।

---

[78] **उही ।**
[79] **उही ।**
[80] **उही ।**

न्याय व्यवस्थाको सुधारमा पनि यिनले ध्यान पुऱ्याएका थिए । सधैँ प्रजाको हित गर्ने, सत्य बोल्ने, टोल-गाउँको कचहरी टोल गाउँमै मिलाउने र सधैँ न्यायपूर्ण निर्णय गर्ने निर्देशन समेत दिएर न्यायिक वातावरणलाई सुदृढ तुल्याएका थिए भने जुवा खेल्ने कार्यलाई दण्डनीय अपराध घोषित गरेका थिए । उनी कूटनीतिज्ञ पनि थिए । 'काम गर्दा राज्य-राज्यमा गुप्तचर भई नौला नौला कामहरू सिकी आउनू, काम सिक्न जाँदा थाहा पाई कैद पारियो भने पनि आफ्नो मुलुकको गुह्य कसैलाई नखोल्नू, बरु मर्नु परे पनि मर्नू'[81] भन्ने निर्देशन दिई राष्ट्रको गोप्यता भङ्ग नगर्ने नीतिलाई यिनले स्पष्ट पारेका थिए ।

महेन्द्र मल्लले १४ वर्षजति कान्तिपुर राज्यको शासन गरे । यस अवधिमा यिनले गरेका पूर्वोक्त क्रियाकलापहरूबाट उनी आर्थिक समुन्नतिमा अभिरुचि राख्ने, प्रजावत्सल, धर्म-संस्कृतिको सुदृढीकरण र संवर्द्धनमा योगदान दिने, न्यायप्रेमी, कूटनीतिज्ञ, देशभक्त र जनप्रिय राजा थिए भन्ने स्पष्ट हुन्छ । यिनले वि.सं. १६३१[82] मा देहविसर्जन गरे । यिनले कान्तिपुर राज्यको कान्ति अरु पनि बढाएर यसलाई एउटा सुदृढ राज्यका रूपमा प्रतिष्ठित तुल्याए ।

२.१.१५ सदाशिव मल्ल

महेन्द्र मल्लका दुई जना छोरा थिए । जेठाको नाम सदाशिव मल्ल र कान्छाको नाम शिवसिंह मल्ल थियो । पिताको मृत्युपछि जेठा छोरा सदाशिव मल्ल कान्तिपुरका राजा भए । वि.सं. १६३१ भाद्रमा महेन्द्र मल्लको मृत्यु भएपछि यिनले शासनसत्ता सम्हालेको देखिन्छ ।

वंशावलीहरूमा सदाशिव मल्लका बारेमा नकारात्मक टिकाटिप्पणीहरू पाइन्छन् । यिनी सच्चरित्र थिएनन्, व्यभिचारी स्वभावका थिए ।[83] विवेकहीन भएर आफूलाई जे मनलाग्यो त्यही गर्दथे, मनपरी गर्दथे । कहिले आफूले पालेका अनेक घोडाहरू आफ्ना रैतीहरूका खेतवारीमा स्वच्छन्द छोडिदिन्थे, ती घोडाहरूले खेतको बाली खाइदिँदा र खेत बिगारिदिँदा प्रजाहरू अत्यन्त दुःखित हुन्थे । कहिले घुमफिर गर्न आएका परनारीहरूमाथि अभद्र व्यवहार गर्दथे । यस्ता क्रियाकलापहरू बढ्दै गएपछि र अत्याचारपूर्ण स्वेच्छाचारिताले सीमा नाघ्न थालेपछि त्यसको प्रतीकारमा सर्वसाधारण जनताहरू उत्रिए र यिनको सर्वत्र विरोध हुन लाग्यो । राजाको अभद्र व्यवहारबाट आजित भएका प्रजाले एक दिन उनलाई मनोहरा नदीका किनारामा भेटी उनमाथि सामूहिक आक्रमण गरे । त्यस आक्रमणमा बच्न लुक्दै-भाग्दै, अन्ततोगत्वा सदाशिव मल्ल भक्तपुरमा घुस्न पुगे, त्यहाँ उनलाई समाती कैद गरियो । त्यहाँ दरबारको एउटा चोकमा उनलाई थुनेर राखिएको थियो, त्यस चोकको नाम सदाशिव मल्ल चोकका नाममा ख्यात भयो र अद्यावधि

---

[81] **उही**, पृ. १२० ।

[82] **उही** ।

[83] **उही** ।

सोही नामले चिनिन्छ । केही कालपछि उनी त्यहाँबाट पनि कसै गरी भागी बेपत्ता भए भनिन्छ ।[84] कोहीचाहीँ त्यसै कैदमा नै उनको कालान्तरमा मृत्यु भयो भन्ने मान्दछन् ।[85]

२.१.१६ शिवसिंह मल्ल

यसरी सदाशिव मल्ल खेदिएपछि कान्तिपुरको राजगद्दीमा उनका भाइ, महेन्द्र मल्लका कान्छा छोरा शिवसिंह मल्लको अधिकार रह्यो । उनी प्रजाहरूका प्यारा र सुयोग्य शासक थिए । वंशावलीहरूमा भएका तिथिहरूका आधारमा ने.सं. ७०५[86] तदनुसार वि.सं. १६४२ तिर यिनले राज्यको शासनाधिकार प्राप्त गरेको तथ्य सामुन्ने आउँछ । शिवसिंह महत्वाकाङ्क्षी[87] तथा विजिगीषु स्वभाव भएका राजा थिए । समस्त कान्तिपुर राज्यमा आफ्नो शासन व्यवस्थाले प्रजाहरूमा परितोष प्राप्त भएको देखेर उनी अझ उत्साहित भए । त्यसैले पहिले मल्ल राज्यअन्तर्गत रहेका, तर पछि स्वायत्त हुँदै गएका ललितपुर, दोलखा आदि प्रदेशहरूमाथि पुनः आफ्नो अधिकार स्थापित गर्ने योजनामा लागे । तदनुरूप वि.सं. १६५५-५६ तिर शिवसिंहले दलबलसहित ललितपुरमा हमला गरे र त्यहाँका शासक पुरन्दरसिंहलाई परास्त गरी आफ्नो विजयपताका फहराए । यसरी ललितपुर विजय गरेपछि उनले त्यहाँको शासनव्यवस्था सञ्चालन गर्न आफ्ना जेठा छोरा ठाकुर सिंहलाई नियुक्त गरे, उनको चाँडै नै मृत्यु भएपछि कान्छा छोरा हरिहरसिंहलाई पाटन राज्यको शासनसत्ता सञ्चालन गर्न नियुक्त गरे ।[88]

शिवसिंहका विषयमा पार्थिवेन्द्र मल्लले पशुपतिमा स्थापित गरेको शिलालेखमा[89] मोरंगका राजाको रक्षा गर्ने भनी -'**मोरङ्गावनिपालकः**' भन्ने विशेषणद्वारा चर्चा गरेका छन् । यसवाट यिनको सैन्यशक्ति र युद्ध-कौशल झल्किन्छ । त्यसबखत मकवानपुरको राज्यबाट पृथक् मोरंगको नयाँ राज्य खडा भएको थियो, सोही राज्यको सहायतार्थ सैन्यशक्तिको सहयोग गरेको सङ्केत उपर्युक्त प्रसङ्गले प्रस्तुत गरेको देखिन्छ । ललितपुर विजय गरेको केही कालपछि उनले दोलखामा पनि आक्रमण गरे । त्यहाँ निकै ठूलो सङ्घर्ष भयो । अन्त्यमा दोलखाका शासकसमुदायकै कतिपय सदस्यहरूको सहयोग प्राप्त गरी दोलखामा पनि उनले अधिकार कायम गरे । त्यसैगरी शिवसिंह मल्लले तिब्बती सीमाक्षेत्रको केरुङ् कब्जा गरेको र पूर्वतर्फ मकवानपुर र सिन्धुलीसम्म आफ्नो प्रभाव फैलाउनाका साथै पश्चिमतर्फ गण्डकीपारिसम्म पनि उनको अधिकार स्थापित भएको कुरा तत्कालीन ठ्यासफूहरूको अध्ययनबाट अवगत हुन्छ ।[90]

---

[84] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १३० ।
[85] दाहाल, **पूर्ववत् नं.३२.** पृ. १२१ ।
[86] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १३० ।
[87] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ७९ ।
[88] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १३१ ।
[89] **उही** ।
[90] दाहाल, **पूर्ववत् नं.३३.** पृ. १२२ ।

यसैगरी निर्माण र मर्मत सम्भारका कार्यहरूमा पनि शिवसिंहको योगदान देखिन्छ । वि.सं. १६५२ मा यिनले स्वयम्भूमा छत्र आदि चढाई मन्दिरको जीर्णोद्धार गरेका थिए । त्यसबखत धेरै बौद्ध पुरोहित तथा ब्राह्मणहरूद्वारा यज्ञ गराइएको थियो । पछि फेरि वि.सं. १६६२ मा वज्र परेर जीर्ण भएको सो स्थानको उद्धार गरी उनले अभिलेखसमेत राख्न लगाएका थिए । त्यसै गरी हनुमान्ढोकाको प्राङ्गणमा अवस्थित देगुतले मन्दिरको निर्माण पनि यिनले गरेको उल्लेख पाइन्छ । वंशावलीहरूमा पशुपतिनाथ र चाँगुनारायण आदि देवस्थलहरूको जीर्णोद्धार गरेको तथा पशुपतिदेखि दरबारसम्मको बाटामा यथास्थान प्रशस्त मन्दिरहरूको निर्माणसमेत शिवसिंहले गरेको चर्चा आउँछ । यिनकै पालामा दक्षिणभारतबाट आएका स्वामी नित्यानन्द ब्रह्मचारीलाई पशुपतिका पुजारी नियुक्त गरिएको प्रसङ्ग पनि वंशावलीमा उल्लेख गरिएको छ ।

राजा शिवसिंह मल्लकी रानी गङ्गादेवी थिइन् । यिनको नाम अत्यन्त सम्मानका साथ इतिहासमा उल्लेख भएको पाइन्छ ।[91] यिनी अत्यन्त धर्मपरायणा स्त्री थिइन् । यिनले नेपालमा राखेका धार्मिक कृति र महत्त्वशील अवदानका बारे अद्यावधि मानिसहरूका बीच चर्चा चल्ने गर्दछ । काठमाडौंस्थित बुढानीलकण्ठको छेउमा पर्ने रानीवनको निर्माण यिनैले गराएकी थिइन् । त्यसबखत सो स्थानमा फलफूलका बोटविरुवा लगाई सुन्दर उपवनका रूपमा त्यसको विकास गर्ने कार्यमा रानी गङ्गादेवीको उल्लेखनीय प्रयास र प्रेरणा रह्यो । यसका अतिरिक्त पशुपतिनाथको जीर्णोद्धार गरी आजभोलि दृश्यमान स्वरूप र आकारप्रकारमा ढाल्ने कार्य पनि रानी गङ्गादेवीले नै गरेकी हुन् । पहिले त्यो मन्दिर तीनछाने थियो । बीचको छानो जीर्ण भैसकेको हुँदा त्यसलाई हटाएर उनले मन्दिरमा सुनको गजुर बनाई अरु दुई छानालाई समेत स्वर्णावेष्टित गरी जीर्णोद्धार गरिन् । चाँगुनारायण आदि अनेकौं देवस्थल र तीर्थस्थलहरूमा उनले केही न केही सत्कार्य सम्पन्न गरिन्, यथास्थान जीर्णोद्धार, मर्मत र मन्दिरको श्रीवृद्धि हुने कार्यमा योगदान गरिन् । जीवनकालमा यसरी अनेकन् धार्मिक सत्कार्य सम्पादन गरी, पछि पतिको देहावसान भएपछि रानी गङ्गादेवीले पतिको भौतिक देहका साथै आफ्नो पाञ्चभौतिक देहलाई समेत अनलारूढ गराई भूतिमात्रावशेष तुल्याइन् , आफ्नो दिव्य सूक्ष्म शरीरलाई परमात्मामा लीन गराइन् ।

२.१.१७ हरिहरसिंह मल्ल :

शिवसिंह मल्लका छोरा हरिहरसिंह मल्ल पाटनको राज्य व्यवस्था सञ्चालन गरेर बस्दथे । तर पिता शिवसिंहकै जीवनकालमा यिनको मृत्यु भयो ।[92] हरिहरसिंहका लक्ष्मीनरसिंह र

[91] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १३१ ।
[92] दाहाल, **पूर्ववत् नं.३३.** पृ. १२२ ।

सिद्धिनरसिंह नाम गरेका दुई छोरा थिए । तर कतै कतै उनका अर्का छोरा ऋद्धिनरसिंहको पनि चर्चा आउँछ । हरिहरसिंहकी पत्नी लालमती थिइन् । सिद्धिनरसिंह आफ्नी आमाको गर्भमै हुँदा यिनका पिता हरिहरसिंहको मृत्यु भइसकेको थियो । लालमतीले पनि हरिहरसिंहसँगै सती जाने कुरामा ढिपी गर्दा पुत्रविरहविदग्ध राजा शिवसिंहले पुत्रवधूलाई सम्झाई-वुझाई, फकाई-फुल्याई त्यस्तो कम गर्नबाट रोके र उनको गर्भबाट जन्म लिने सन्तान छोरा वा छोरी जे भए पनि उसलाई पाटनको राजगद्दीमा बसाइदिन्छु भन्ने वचन दिएका थिए भन्ने कुरा वंशावलीहरूमा पाइन्छ ।[93] यसरी सिद्धिनरसिंह मल्लले जन्मँदै राजपदको अधिकार लिएर आएका थिए भनिन्छ । पछि यौवनावस्था प्राप्त गरेपछि उनले आफ्ना पिता हरिहरसिंहले झैं पाटनको शासनाधिकार जमाएर बसेको तथ्य थाहा हुन आउँछ । उता लक्ष्मीनरसिंहचाहिँ पिताको मृत्युपश्चात् आफ्ना प्रतापी बाजे शिवसिंहको रेखदेख र पालनपोषण एवं संरक्षण तथा स्नेहको छत्रछायामा कान्तिपुरमै रहन लागे । उनकी आमा लालमती पतिविरहविदग्धा बनी आफ्नो कनिष्ठपुत्र सिद्धिनरसिंहलाई साथ लिएर पाटनमै कालक्षेपण गर्दै रहिन् । पाटनका भारदारहरूले १२ वर्षकै उमेरका सिद्धिनरसिंह मल्ललाई उनका बाजे शिवसिंहकै जीवन कालमा पाटनका राजाका रूपमा आस्था र सम्मान प्रदान गरेका थिए । वि.सं. १६७५ तिर सिद्धिनरसिंह मल्ल पाटनका राजा भइसकेको तथ्य फेला पर्दछ ।[94] यसरी आफ्नो भाइले आफूभन्दा पहिले नै राजा हुने सौभाग्य प्राप्त गरेको र आफू पछि परेकोमा रुष्ट भई लक्ष्मीनरसिंह मल्ल कान्तिपुर दरबार छोडी बाहिर आई बसेका थिए तर पछि तुरुन्तै उनका बाजे शिवसिंहले उनलाई बोलाएर कान्तिपुरको राजगद्दीमा बसाले ।[95]

यसरी राजा शिवसिंहले आफैं विजय गरी आफ्नो शासनाधिकारमा राखेको पाटन उनकै एक भाई नातिको राज्य बन्न पुग्यो भने कान्तिपुर अर्को नातिको राज्य बन्न गयो । स्वयं शिवसिंहले एकीकरण गरेको कान्तिपुर-ललितपुरको एकीकृत राज्य पुनः यिनकै जीवनकालमा दुई स्वतन्त्र राज्यका रूपमा देखा पर्न लाग्यो । यस्ता प्रतापी, लोकप्रिय, धर्मपरायण र विविध गुण सम्पन्न राजा शिवसिंहले असमयमै पुत्रवियोग सहेर पनि यथासम्भव राज्यव्यवस्थालाई सुदृढ र सुचारु तुल्याउँदै कान्तिपुर राज्यको शासनभार आफ्ना उत्तराधिकारी ज्येष्ठ पौत्रको जिम्मामा छोडी वि.सं. १६७७ को वैशाखमा[96] यस धराधामवाट बिदा लिए । उनको गतप्राण देहसँगै उनकी पतिपरायणा पत्नी गङ्गादेवीले सतीत्व साधना गर्दै स्वदेह विसर्जन गरिन् ।

---

[93] ज्ञवाली, **पूर्ववत् नं.२२.** पृ. १३२ ।
[94] दाहाल, **पूर्ववत् नं.३३.** पृ. १२२-१२३ ।
[95] **उही ।**
[96] दाहाल, **पूर्ववत् नं.३३.** पृ. १२३ ।

२.१.१८ लक्ष्मीनरसिंह मल्ल

यसरी वि.सं. १६७७ मा शिवसिंहका नाती, हरिहरसिंहका जेठा छोरा लक्ष्मीनरसिंह मल्लले कान्तिपुर राज्यको पूर्णतः शासनभार सम्हाल्न पुगे । यिनै लक्ष्मीनरसिंह मल्ल यस शोधग्रन्थका शोधनायक राजा प्रताप मल्लका पिता थिए ।

लक्ष्मीनरसिंह मल्ल धार्मिक विचार भएका शान्त स्वभावका राजा थिए । वि.सं. १६८० मा यिनले चाँगुनारायणको पूजाआजाका निम्ति जग्गा गुठी राखिदिएका थिए ।[97] वि.सं. १६९० मा यिनले वसन्तपुर (गुनपो) दरबारभित्र रहेको त्रिशूल चोकमा अग्निशालाको निर्माण गराएका थिए । त्यसैगरी वि.सं. १६९४ - ९५ तिर यिनले नुवाकोटस्थित भैरवी मन्दिरको जीर्णोद्धार गरेका थिए[98] र त्यसका साथै पाँचवटा सुनका गजुर पनि उक्त भैरवी मन्दिरमा चढाएका थिए । त्यस महत्त्वपूर्ण कार्यलाई सम्पादन गर्न स्वयं राजा लक्ष्मीनरसिंह मल्ल त्यहाँ पुगेका थिए । वि.सं. १६८९ मा यिनले मखनस्थित शिवालयको पूजाआजाका निम्ति केही जग्गा राखिदिएको[99] प्रसङ्ग त्यहाँ अवस्थित अभिलेखबाट स्पष्ट हुन्छ ।

लक्ष्मीनरसिंह मल्ल शान्त स्वभावका भएका हुँदा उनका भारदारहरू शक्तिशाली बन्न पुगेका थिए । काजी भीम मल्ल राजाका विश्वासपात्र थिए । आफ्ना प्रायः सबै कृत्यहरूमा राजाले भीम मल्ललाई साथमा लिने गर्दथे । राजा कमजोर भएकाले भीम मल्लले युवा युवराज प्रताप मल्ललाई प्रेरित गरी वि.सं. १६९३ मा पाटनमा आक्रमण गर्न समेत लगाएका थिए । यिनै काजी भीम मल्लको सहयोग लिएर कालान्तरमा युवराज प्रताप मल्लले शासनाधिकारमा कमजोर हुँदै गएका पिता लक्ष्मीनरसिंह मल्ललाई बन्दी तुल्याई आफ्नो हातमा राज्य व्यवस्थाको शासनाधिकार लिए । यस्ता राजा प्रताप मल्लका पिता लक्ष्मीनरसिंह मल्लको वि.सं. १७१४ मा देहावसान भयो ।[100]

२.२ प्रताप मल्लको जीवनी

प्रस्तुत शोधग्रन्थका नायक राजा प्रताप मल्ल भएकाले उनको समग्र जीवनीलाई सिलसिलाबद्ध रूपमा अवलोकन गर्नु वाञ्छनीय प्रतीत हुन्छ । जन्मदेखि देहावसानसम्मको समग्र जीवन-गाथालाई क्रमबद्ध रूपमा प्रस्तुत गरी राजा प्रताप मल्लका जीवनीको अविकल, सग्लो रूप छर्लङ्ग पार्नु यस प्रस्तुतिको उद्देश्य हो । इतिहास र ऐतिहासिक विषयवस्तुसम्वद्ध विविध सूचना - सामग्री र विशेषतः प्रताप मल्लकृत अभिलेख सामग्रीहरूका आलोकमा यहाँ उनको समग्र जीवनीलाई ठम्याउने प्रयास गरिएको छ । नेपालको मल्ल कालका सर्वाधिक चर्चित,

---

97 **उही**, पृ. १२४ ।
98 **उही** ।
99 **उही** ।
100 **उही**, पृ. १२५ ।

प्रशंसित, ख्यातनामा प्रतापी राजा प्रताप मल्लको जन्मदेखि देहावसानपर्यन्तका प्रमुख घटनाक्रमहरूको र विशेषतः ५१ वर्षे, छोटो तर अत्यन्त सक्रिय जीवन–यात्राको विवरणात्मक प्रस्तुति यसप्रकार छ -

२.२.१ जन्म

राजा प्रताप मल्लको जन्म वि.सं. १६८० मा भएको थियो । यो कुरा राजगुरु श्री केसरिराज साहित्याचार्यको सङ्ग्रहमा रहेको तत्कालिक ठ्यासफुमा टिपोट गरिएको प्रताप मल्लको चिन्हाबाट थाहा पाइन्छ । तदनुसार उनको जन्मकुण्डलीअनुसार उनको जन्मवेलामा मेष लग्न उच्च स्थानमा, शुभ ग्रहमा बसेको थियो । प्रताप मल्लका जन्म–कुण्डलीको पूर्ण विवरण यस प्रकार छ -



"शुभ ॥ सम्वत् ७४३ ज्येष्ठमासे शुक्लपक्षे ॥ अष्टमी प्र. नवम्यान्तिथौ जातः ॥ पूर्व्वफाल्गुणीनक्षत्रे जातः ॥ अंगारवासरे जातः ॥ तदा जात वेला .... तदा तुङ्गसुभस्थित मेषलग्ने ॥ अस्यां वेलायां कुल श्रीश्रीजयलक्ष्मीनरसिंहमल्लदेवस्य द्वितीयपुत्र श्रीश्रीजयप्रतापमल्लनाम जातः । दीर्घमायुरस्तु शुभ ॥"[101]

यसरी प्रताप मल्लको जन्म वि.सं. १६८० (ने.सं. ७४३) ज्येष्ठ शुक्ल अष्टमी उप्रान्त नवमी तिथि र पूर्वफाल्गुणी नक्षत्रमा मङ्गलवारका दिन काठमाडौंको हनुमान्ढोका राजदरवार (तत्कालीन गुन पो) मा भएको थियो । राजा श्री लक्ष्मीनरसिंह मल्लका द्वितीय पुत्रका रूपमा श्री

---

[101] १०१ श्रीरामजी तेवारी र अन्य (सम्पा.), **ऐतिहासिक पत्रसङ्ग्रह**, दोस्रो भाग, (काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, वि.सं.२०२१), पृ. २६-२७ ।

प्रताप मल्लको जन्म भएको कुरा उनको जन्मकुण्डलीमा प्रस्तुत विवरणवाट स्पष्ट हुन्छ । यसरी राजा लक्ष्मीनरसिंह मल्लका दोस्रा छोरा प्रताप मल्ल हुन् भन्ने कुरा स्पष्ट हुन्छ, तापनि उक्त राजाका जेठा छोरा अथवा प्रताप मल्लका दाजु को थिए ? भन्ने कुरा स्पष्ट पार्ने ऐतिहासिक सामग्री प्राप्त हुन सकेको छैन ।उनकी आमाको नाम सरस्वती देवी थियो भन्ने कुरा विश्वरूपको पादपीठमा उत्कीर्ण अभिलेखबाट[102] थाहा हुन आउँछ । त्यसैगरी प्रताप मल्लहरू कति भाइ थिए वा उनका दिदी-बहिनी थिए वा थिएनन् ? आदि जिज्ञासाको समाधान पनि हालसम्म हुन सकेको छैन । भाषा वंशावलीमा चाहिँ लक्ष्मीनरसिंह मल्लका दुई पुत्र भएका र तीमध्ये जेठा प्रताप मल्ल र कान्छा भीम मल्ल[103] रहेको कुरा उल्लेख गरिएको छ जसलाई तत्कालीन ठ्यासफुमा उपलब्ध पूर्व उल्लिखित प्रताप मल्लको जन्मकुण्डलीले तथ्यहीन सावित गरिदिएको छ । प्रताप मल्लका पिताहरू दुई भाइ थिए : लक्ष्मीनरसिंह मल्ल र सिद्धिनरसिंह मल्ल । यीमध्ये प्रताप मल्लका पिता जेठा लक्ष्मीनरसिंह मल्ल कान्तिपुरका राजा थिए भने प्रताप मल्लका काका कान्छा सिद्धिनरसिंह मल्लचाहिँ पाटनका राजा थिए । प्रताप मल्लका पितामह हरिहरसिंह थिए भने प्रपितामहचाहिँ कान्तिपुरका प्रसिद्ध यशस्वी राजा शिवसिंह मल्ल थिए ।

२.२.२ बाल्यकाल र शिक्षा-दीक्षा

राजा प्रताप मल्लको बाल्यकाल र उनको शिक्षादीक्षाका बारेमा प्रकाश पार्ने कुनै पनि ऐतिहासिक सामग्री उपलब्ध हुन सकेको छैन । मल्ल वंशको राजकुलमा राजकुमारका रूपमा रहेका प्रताप मल्लको बाल्यकाल निश्चय नै सहज र सुखद रूपमा व्यतीत भएको दृढ अनुमान हामी स्पष्टतया गर्न सक्दछौं । किनभने उनका पिता राजा लक्ष्मीनरसिंह मल्ल त्यसवेला जीवितै थिए र (हालसम्म प्राप्त सूचनाअनुसार) उनी आफ्ना पितामाताका एक मात्र पुत्र थिए । देशभक्त काजी भीम मल्लको विशेष सक्रियतामा राजा लक्ष्मीनरसिंह मल्लले तिब्बतसम्म आफ्नो आधिपत्य कायम गरेका थिए र नेपाल राज्यको प्रताप र पराक्रम लोकविदित भइसकेको थियो । यस्तो सहज र अनुकूल परिवेशमा आफ्ना पिताको सुयोग्य छत्रछायामा राजकुमार प्रताप मल्लको बाल्यकाल निश्चय नै सुखद रूपमा व्यतीत भयो र उनी सबैका स्नेहभाजन वात्सल्यपात्र वनेर विशेष रेखदेखका बीच हुर्किए होला भन्न सकिन्छ ।

यद्यपि राजा प्रताप मल्लको शिक्षदीक्षा आदि के-कस्तो रूपमा सम्पन्न भयो भन्ने बारे कुनै ठोस अभिलेख उपलब्ध छैन, तर पछि उनले रचेका विविध काव्यरचना एवम् त्यहाँ उल्लेख गरिएको 'सकल शस्त्र-शास्त्र-सङ्गीत आदि विद्यामा पारङ्गत' भन्ने प्रताप मल्लको विशेषणका रूपमा आएको पदावलीद्वारा के अनुमान गर्न सकिन्छ भने उनले आफ्नो बाल्यकालमा यथासमय

---

[102] हेर्नु, **अभि.** सं.२४ ।

[103] पं. देवीप्रसाद लम्साल (सम्पा.) **भाषा वंशावली.** द्वितीय भाग, (काठमाडौं : राष्ट्रिय पुस्तकालय, श्री ५ को सरकार, पुरातत्व विभाग, वि.सं.२०३३) पृ. ८२ ।

शस्त्रविद्या र शास्त्रविद्याका विभिन्न विधामा सुयोग्य आचार्य गुरुजनहरूको सान्निध्यमा रहेर पर्याप्त अध्ययन, मनन-चिन्तन र अभ्यासकार्य सम्पन्न गरेका थिए । वारम्वार युद्धमा सोत्साह संलग्न रहनाले र 'भादगाउँका राजा नरेशमल्लले यिनीसँगको युद्धमा भयले हात्ती दिएर यिनलाई खुशी पारेको'[104] घटनाले समेत उनको शस्त्रविद्यानिपुणता राजोचित उत्साहगुण र विजिगीषु स्वभावलाई व्यक्त गर्दछ । अश्वारोहणमा समेत यिनको विशेष अभिरुचि र दक्षता थियो भन्ने कुरा 'जब यी राजाले अश्वारोहण गर्थे त्यसबेला कसको मन मुग्ध हुँदैनथ्यो ?[105] भन्ने भावको अभिलेखनिबद्ध पदरचनाले पुष्टि गर्दछ । भाषा-वंशावलीअनुसार प्रताप मल्लले 'गुरु लम्वकर्ण भट्टको सम्मतिबाट गुह्येश्वरी कुण्डको उद्धार गरेको[106] प्रसङ्गवाट उनका गुरु लम्वकर्ण भट्ट भएको, प्रताप मल्लको शान्तिपुर-प्रवेश र विविध तन्त्रमन्त्रसम्वद्ध प्रयोगसम्वन्धी क्रियाकलापबाट तद्विषयक शास्त्रीय र प्रायोगिक ज्ञान उनमा थियो भन्ने विदित हुन्छ । यसरी के स्पष्ट हुन्छ भने राजा प्रताप मल्लले आफ्नो बाल्यकालमा पिता राजा लक्ष्मीनरसिंह मल्लको समुचित अभिभावकत्व र रेखदेखमा, सुयोग्य गुरुहरूको प्रशिक्षणमा शस्त्रविद्या, अश्वारोहण, राजनीतिशास्त्र, वेद-वेदान्त, पुराण, व्याकरण र साहित्य विद्याका साथै तन्त्र-मन्त्रादि विद्याको पनि प्रशस्त अभ्यास, साधना र अध्ययन सम्पन्न गरी तद्तद्विषयमा समुचित ज्ञान र निपुणता अवश्य हासिल गरेका थिए । हनुमान्ढोका राजदरबारस्थित जलद्रोणीमा प्राप्त १५ प्रकारका लिपिहरूले युक्त अभिलेखले[107] उनको बहुभाषिक ज्ञान र जिज्ञासु प्रवृत्तिलाई सहजै द्योतन गर्दछन् । गीतसङ्गीतको पनि समुचित शिक्षा उनले प्राप्त गरेका थिए ।[108] यी सवै तथ्यहरूवाट उनको समुचित शिक्षा-दीक्षा यथावसर बाल्यकालमा पूरा भएको र त्यसको विकास र विस्तार पछि क्रमशः सम्पन्न हुँदै गएको वस्तुतथ्य ज्ञात हुन आउँछ ।

२.२.३ तेन्ह वर्षको उमेरमा राजनीतिक सक्रियता

ऐतिहासिक सामग्रीहरूको आलोकमा अवलोकन गर्दा राजा प्रताप मल्लको जीवनमा तेन्हौं वर्ष उल्लेखनीय रहेको देखिन्छ । यसै उमेरमा ने.सं. ७५७ तदनुसार वि.सं. १६९३ फाल्गुनमा यिनले आफ्ना राज्यका योद्धाहरूको सक्रियतामा पाटनमाथि आक्रमण गरेका थिए ।[109] त्यसवेला यिनी १३ वर्षीय किशोर राजकुमार थिए । आफ्ना पिता राजा लक्ष्मीनरसिंह मल्ल हुँदाहुँदै पनि उनी आफ्नो विजिगीषु स्वभाव प्रदर्शन गर्दै र युद्धकौशल प्रकट गर्दै रणाभियानमा अत्यन्त उत्साहका साथ संलग्न भएका थिए र राजनीतिक महत्त्वाकाङ्क्षा देखाएका थिए । त्यस समयमा उनका काका, पाटनका राजा सिद्धिनरसिंह मल्ल आफ्नो निर्मिति प्रस्तरनिर्मित प्रसिद्ध कृष्ण

---

104 'भक्तग्रामनरेशमल्लनृपतिर्दत्वेभमेनं भिया' **अभि.सं. ५/७**

105 'यदा यदाऽयं तुरगाधिरुढस्तदा तदा कस्य मनो न मोदि' **अभिलेख सं. १/१७**

106 लम्साल, **पूर्ववत् नं. १०३.** पृ. ९० ।

107 **अभिलेख सं. १२** ।

108 "गीतेन तेन तरुणीहृदयं विशुद्धं कामभिलाषपदमानयतेव हन्त ! " **अभि सं. १/१६** ।

109 ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १४७ ।

मन्दिरको प्रतिष्ठा गर्ने धार्मिक अनुष्ठानमा तल्लीन थिए । वस्तुतः सो मन्दिरमा देव-प्रतिमा स्थापित गरेका दिनमा नै प्रताप मल्लले पाटनमाथि आक्रमण गरेको कुरा तत्कालीन अभिलेखबाट[110] स्पष्ट हुन्छ । 'सिद्धिनरसिंह मल्लको दुर्गावली (समग्र किल्ला)लाई जितेको र डम्बरशाह राजाको हात्ती चढ्ने सैन्यलाई पनि हराएको' प्रसङ्ग अभिलेखहरूमा पाइन्छ ।[111] यसप्रकार कलिलै उमेरमा आफू राजा बन्नुभन्दा पनि अगावै युद्धमा संलग्न भई यिनले आफ्नो पराक्रमी र प्रतापी स्वभाव प्रकट गरेका थिए ।

२.२.४ अठार वर्षको उमेरमा राज्यारोहण

पाटनमा आक्रमण गरेको ५ वर्षपछि १८ वर्षको उमेरमा ने.सं. ७६१ तदनुसार वि.सं. १६९८ को भाद्र महिनामा[112] प्रताप मल्लले कान्तिपुरको राजगद्दी आरोहण गरेका थिए । वास्तवमा उनका पिता राजा लक्ष्मीनरसिंह मल्ल अशक्त, कमजोर र विस्तारै मानसिक असन्तुलनका शिकार हुँदै गएकाले उनको जीवनकालमै उनलाई अपदस्थ गरी प्रताप मल्लले राज्यारोहण गरेका थिए । १८ वर्षको युवकका रूपमा अत्यन्त उत्साहका साथै राज्यको विस्तार, श्रीवृद्धि र समृद्धिको सपना बोकेर प्रताप मल्लले राजगद्दीमा आसन जमाएको देखिन्छ । आफू राजा बन्नासाथ यिनले आफ्नो नामको मुद्रा निष्काशन गरेका थिए ।

२.२.५ राजगद्दीमा बस्नासाथै रणाभियान

राजा प्रताप मल्लले राजगद्दीमा बस्नेवित्तिकै आफ्नो राज्य विस्तार गर्ने क्रम शुरु गरेका थिए ।[113] काजी भीम मल्लको सक्रिय सहयोग लिएर प्रताप मल्लले आफ्नो आधिपत्यवाट फुत्कन लागेका दोलखा तथा भोटको राजाका अधीनमा रहेका क्षेत्रका केरुङ्, कुती, खासा आदिमा पुनः कान्तिपुरको स्वामित्व स्थापित गरे ।[114] यिनले भक्तपुरमा नरेश मल्लको राज्यमा आक्रमण गरेर त्यहाँको सुदृढ दुर्गलाई ध्वस्त पारेर केही गाउँहरू कब्जामा लिएको तथा पछि नरेश मल्लले डराएर यिनलाई हात्ती दिएको विषय पनि अत्यन्त चर्चामा आएको देखिन्छ ।[115] यसरी वीरतापूर्वक विभिन्न ठाउँमा युद्ध गरी आफ्नो राज्यविस्तार गर्ने अभियान प्रताप मल्लले आफू राजा हुनासाथ प्रारम्भ गरेका थिए ।

---

110 **उही** ।

111 "श्रीमड्डम्बरसाहभूपतिबलं विध्वस्य दन्तावलं
श्रीमत्सिद्धिनृसिंहमल्लनृपतेर्ज्जग्राह दुर्गावलीम्' **अभि. सं. ५/५**

112 दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२५ ।

113 दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२६ ।

114 योऽकार्षीत् कूतिखासाकिरमिति सहसा भोटभूपस्य देशात् - **अभि.सं. ८/8**

115 'भक्तग्रामनरेशमल्लनृपतिर्दत्वेभमेनं भिया ।
भेजेऽसौ वसुधां जहार सुदृढं संदार्य दुर्गं पुनः ।' **अभि सं. ८/५** ।

२.२.६ उन्नाइस वर्षको उमेरमा सिंहध्वजस्थापना र प्रथम अभिलेखाङ्कन

प्रताप मल्लले आफू राजा भएलगत्तै (राज लक्ष्मीनरसिंह मल्ललाई अपदस्थ गरेको करिव ९ महिनापछि) आफ्नो नामको पहिलो अभिलेख उत्कीर्ण गराएका थिए । हनुमान्ढोका राजदरबार परिसरमा अवस्थित त्रिशूल डबलीमा तुलजा भवानीका सम्मुख सिंहध्वजको स्थापना गरी सोही स्तम्भमा सो अभिलेख उत्कीर्ण गराएका थिए । २७ वटा संस्कृत पद्यमा निर्मित सो भव्य अभिलेखमा उनले आफ्नो वंशावली र आफ्नो सौन्दर्य, वीरता, यश, दानशीलता र कवित्व एवम् पराक्रमशीलताको परिचय प्रस्तुत गरेका छन् ।[116]

२.२.७ विवाह र सन्तानहरू

राजा प्रताप मल्लले कूच् विहार राज्यका राजा वीर नारायणकी पुत्री राजकुमारी रूपमतीसँग प्रथम विवाह गरेका थिए । राजकुमारी रूपमती प्रताप मल्लकी अत्यन्त प्रिया पत्नी थिइन् । प्राणप्रिया, सती, गुणवती, मतिमती र सुनौलो वर्ण भएकी, मदमत्त गजराजको जस्तो मादक चालले गमन गर्ने, सकलगुणसम्पन्ना थिइन् ।[117] प्रताप मल्लको दोस्रो विवाह कर्णाटककी राजकुमारी राजमतीसँग भयो । उनी अत्यन्त सुन्दरी थिइन् । चित्ताकर्षक शारीरिक सौष्ठव, मादक रूप एवम् कामकलाकुशलताले गर्दा ती नवयुवती राजमती प्रताप मल्लकी अत्यन्त प्यारी बन्न पुगिन् ।[118] प्रताप मल्लकी अर्की रानी अनन्तप्रिया थिइन् , यिनी रूपमतीको बहिनी[119] थिइन् । यिनको नाममा राजा प्रताप मल्लले स्वयम्भूमा अनन्तपुरको निर्माण गराएका थिए । उनले भगवतीपुरका महाराज कीर्तिनारायणकी पुत्री लालमतीसँग[120] पनि विवाह गरेका थिए । रानी लालमती विदुषी थिइन् र संस्कृतमा कविता पनि गर्ने गर्थिन् भन्ने बुझिन्छ । ठमेलको विक्रमशील महाविहारमा रहेको सुवर्णाक्षर-मुद्रित प्रज्ञापारमिता ग्रन्थलाई देखेर प्रसन्न बनेकी लालमतीले राजा प्रताप मल्ललाई सो ग्रन्थका विषयमा कविता गर्न आग्रह गर्दै आफूले पनि दुई पद्य रचेकी थिइन् ।[121] प्रताप मल्लका अरु रानीहरू प्रभावती देवी र इन्द्रमती देवी थिए ।[122] यसप्रकार विभिन्न अभिलेखका आधारमा राजा प्रताप मल्लका रूपमती, राजमती, अनन्तप्रिया, लालमती प्रभावती र इन्द्रमती यी ६ रानीहरू रहेछन् भन्ने तथ्य प्रमाणित हुन्छ । तर प्रताप मल्लको देहावसान हुँदा सती जाने रानीहरू नौजना थिए । अरु पनि रानीहरू थिए जो सती गएका थिएनन् ।[123] त्यसैले योभन्दा अधिक संख्यामै राजा प्रताप मल्लका रानीहरू रहेका देखिन्छन् ।

---

[116] **अभिलेख संख्या १ ।**

[117] हेर्नु, अभिलेख संख्या ५ ।

[118]. **उही** ।

[119] हेर्नु, अभिलेख संख्या १९, अन्त्यभाग ।

[120] हेर्नु, अभिलेख संख्या २०, अन्त्यभाग ।

[121] जोशी, **पूर्ववत् नं. ११.** पृ. ६६ ।

[122] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ८१ ।

[123] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १३२ ।

सन्तानहरू

राजा प्रताप मल्लका जम्मा नौजना[124] छोराहरूका बारेमा ऐतिहासिक सामग्रीहरूमा प्रमाणहरू भेटिन्छन् । ती नौ जनामा भूपेन्द्र, चक्रवर्त्तेन्द्र, नृपेन्द्र, पार्थिवेन्द्र र महीपतेन्द्र तथा सुन्दरनारायण, सुरतसाही, मान्धाता सिंह र भाकुतुका नाम आउँछन् । यीमध्ये पछिल्ला ४ पुत्र मठ्याहा थिए भन्ने कसैको भनाइ[125] छ भने अन्त्यका भाकुतु एकमात्र मठ्याहा भएको कुरा[126] कतै उल्लेख गरिएको छ ।

त्यसै गरी राजा प्रताप मल्लका छोरीहरूको पनि उल्लेख अभिलेखहरूमा पाइन्छ । तदनुसार श्रीमती देवी, सिद्धिश्रीदेवी, पार्वती देवी, चन्द्रमती देवी, जाम्ववती देवी, इन्दुमती देवी, नयनामती देवी, राजमतीलक्ष्मी, लीलावतीलक्ष्मी, कमलकान्ति र जयन्तीलक्ष्मी गरी जम्मा एघार जना छोरीहरूको नाम[127] पाइएको छ ।

२.२.८ बीस बर्षको उमेरमा धार्मिक क्रियाकलाप

ने.सं. ७६४, तदनुसार वि.सं. १७०० माघको महाशिवरात्री पर्वमा वीस वर्षे राजा प्रताप मल्लले राष्ट्रदेव श्रीपशुपतिनाथ र माता गुह्येश्वरीप्रतिको अनन्य भक्तिभाव प्रकट गर्दै उक्त देवस्थानमा पूजा-आजादि सम्पन्न गरी ती देवालयमा नियमित पूजा आजाको सुव्यवस्थाका निम्ति सवा बयालीस रोपनीपरिमित भूमि दान गरिदिएका थिए । पशुपति गोश्वरामा रहेको (अभि.सं.२) ताम्रपत्रअनुसार उक्त मन्दिरहरूमा सधैं गर्नुपर्ने पूजा-आजा र त्यसमा संलग्न रहने व्यक्तिहरूको जीविकार्थ विशेष व्यवस्था त्यहाँ गरिएको स्पष्ट हुन्छ ।

२.२.९ बाइस बर्षको उमेरमा प्रतिमास्थापन

ने.सं. ७६५ तदनुसार १७०१ पौष शुक्ल पूर्णिमाका दिन वाइस वर्षे युवक राजा प्रताप मल्लले आफ्नी इष्टदेवी तुलजा भवानीको प्रीत्यर्थ हनुमान्ढोका राजदरवार परिसरमा रहेको तुलजा भवानीको भव्य मन्दिरको प्राङ्गणमा आफ्नो प्रतिमा बनाई स्थापित गरेका थिए ।[128]

२.२.१० पच्चीस र छब्बीस वर्षमा रचना र निर्माण-कार्यमा सक्रियता

राजा प्रताप मल्लको पच्चीस-छब्बीस वर्षको उमेर रचना र निर्माण-कार्यको विशेष सक्रियतामा संलग्न भएको देखिन्छ । ने.सं. ७६९, तदनुसार वि.सं. १७०५ फागुन कृष्ण सप्तमीका दिन यिनले हनुमान्ढोका राजदरबारको केन्द्रीय भागमा मोहनचोकको निर्माण कार्य

[124] बज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ८१ ।
[125] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १३३ ।
[126] वज्राचार्य, **पूर्ववत् नं. २७.** पृ. ८१ ।
[127] हेर्नु, **अभिलेख संख्या २४.** अन्त्यभाग ।
[128] हेर्नु, **अभिलेख संख्या ३** ।

सम्पन्न गरेका थिए र स्वर्णपत्राभिलेख[129] उत्कीर्ण गराएका थिए । उक्त चोकको भव्य संरचना, मोहनकालीका सुन्दर मूर्तिहरूको निर्माण र स्थापना, एवम् आगमछेँको निर्माण कार्यमा समेत उनी सक्रिय भई लागिपरेका देखिन्छन् ।

२.२.११ पत्नीवियोग र कृष्ण- मन्दिरको निर्माण एवम् देवप्रतिमा-स्थापना तथा मुद्रानिष्काशन

पच्चीस वर्षको युवावस्थामै राजा प्रताप मल्लले पत्नी वियोगको दुःसह कष्ट भोग्नुपर्‍यो । विशेषतः आफूले अत्यधिक मन पराएका दुई पत्नीहरू विहार राज्यकी राजकुमारी रूपमती र कर्णाटकदेशकी राजकुमारी राजमती असमयमै दिवङ्गता भएका थिए । ती दुवै रानीहरूको स्मृतिमा हनुमान्ढोका राजदरबार परिसरमा उनले अपूर्व कलात्मक आठकुने कृष्ण मन्दिर वि.सं. १७०५ फागुनमा वनाउन लगाए, त्यसभित्र रुक्मिणी र सत्यभामासेवित श्रीकृष्णको सुन्दर प्रतिमा पनि स्थापित गराए । आफ्ना दुई पत्नीहरूको स्वर्गलोकप्राप्तिको हार्दिक कामना गर्दै ती दुईका साथ जन्मजन्मान्तरसम्म पनि विछोड हुन नपरोस् भनी रुक्मिणी र सत्यभामाका रूपमा आफ्ना दुई पत्नीहरू र श्रीकृष्णका रूपमा स्वयं आफूलाई प्रतिष्ठापित गराई[130] उनले आफ्नो शोक मत्थर गराएका थिए । यसका साथै उनले त्यसै समयमा रानी रूपमतीका नाममा मुद्रा निष्काशन पनि गरेका थिए ।[131]

२.२.१२ छब्बीस वर्ष : प्रथम स्तुतिकाव्य रचना

छब्बीस वर्षको उमेर (ने.सं.७७०, वि.सं. १७०६ माघ)मा राजा प्रताप मल्लले पहिलो स्तुतिकाव्यको रचना गरेका थिए । श्री पशुपतिनाथ मन्दिरको परिसरमा रहेको वासुकिमन्दिरको निर्माण-सम्भारकार्य सम्पन्न गरी त्यसमा स्वर्ण-गजुर हाली उनले त्यहाँ एउटा अभिलेख उत्कीर्ण गराए । त्यसमा उनको पहिलो काव्यरचना 'नारायणस्तोत्र'[132] स्तुतिकाव्य अङ्कित गरियो, जसमा भुजङ्गप्रयात छन्दका मनोरम १० पद्य रहेका छन् ।

२.२.१३ स्वयम्भूभट्टारक - स्तोत्ररचना र घण्ट अर्पण

छब्बीस वर्षकै उमेरमा अर्को स्तवकाव्य रचियो – स्वयम्भूभट्टारकस्तोत्र ।[133] स्वयम्भूनाथ चैत्यको पश्चिमपट्टि अमिताभ बुद्धका छेउमा शिलापट्टमा वि.सं. १७०७ श्रावणमा उत्कीर्ण सो रचना १९ वटा मात्रिक लयका पद्यमा रचिएको छ । स्वयम्भूलाई महेश्वरका रूपमा आराधना

---

[129] हेर्नु, **अभिलेख संख्या ४** ।

[130] हेर्नु, **अभिलेख संख्या ५** ।

[131] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १५७ ।

[132] हेर्नु, **अभिलेख संख्या ६** ।

[133] हेर्नु, **अभिलेख संख्या ७** ।

गरिएको उक्त रचनामा भक्तिभावप्रधान काव्यसौन्दर्य पाइन्छ । यसै वर्ष (वि.सं. १७०७) सुन्दरचोकमा लक्ष-प्रतापेश्वरको स्थापना गरी उनले घण्ट पनि चढाए ।[134]

२.२.१४ अठ्ठाइस वर्ष : मोहनचोकनिर्माण र महापराधस्तोत्रको रचना

राजा प्रताप मल्लको अठ्ठाइस वर्षको उमेर हनुमान्ढोका राजदरवारस्थित मल्लकालिक राजकीय क्रियाकलापको केन्द्रस्थल मोहनचोकको निर्माणमा व्यस्त रहेर वितेको देखिन्छ । यस वर्ष (वि.सं. १७०८ माघमा) मनमोहन चोकमा उत्कीर्ण गरी राखिएको एक अभिलेखअनुसार[135] त्यस चोकका विविध कलात्मक निर्माणहरू त्यसै समयमा सम्पन्न गरिएका थिए । कलात्मक सुनधाराको निर्माण, कालियदमनको मूर्ति स्थापना, मोहनचोक र सुन्दरचोकका देवदेवताहरूको पूजाआजा आदिको व्यवस्थाका लागि गुठी राख्ने कार्य, दलानमा भव्य भित्तिचित्रको संरचना, सुनधाराका वरिपरि ३६ भन्दा बढी देवदेवीहरूको स्थापना आदि कार्य सम्पन्न गरी यसलाई पूर्णता प्रदान गरिएको थियो[136] । ३/४ वर्ष अघिदेखि नै प्रारम्भ गरिएको मोहनचोकको निर्माणकार्य यसै वर्ष सम्पन्न गरियो । उनको साहित्यिक सिर्जनाको क्रम पनि चलिरहेको थियो, फलतः संस्कृतका १८ वटा पद्यमा रचिएको भक्तिभावप्रधान महापराधस्तोत्रको समेत यसै वर्ष रचना भएको देखिन्छ । यसरी राजा प्रताप मल्लको यो समय निर्माण र संरचनाका कार्यमा समर्पित रहेको बुझिन्छ ।

२.२.१५ तीस-एकतीस वर्ष : धार्मिक-सामाजिक क्रियाकलाप र काव्यरचना

राजा प्रताप मल्ल तीस-एकतीस वर्षको उमेरमा विभिन्न धार्मिक गतिविधि, समाजसेवामूलक निर्माण कार्यमा र साहित्यिक रचनाका गतिविधिमा संलग्न रहेका देखिन्छन् । वि.सं. १७१० वैशाखमा चाँगुनारायण मन्दिरमा उनले आफ्ना दुई रानी रूपमती र लालमती-सहितको आफ्नो प्रतिमा निर्माण गराई स्थापित गरे । गरुडनारायणको पूजा-आजा गरी सो नमस्कारमुद्राको प्रतिमा त्यहाँ स्थापित गरी उनले त्यहाँ विशेष पूजाको व्यवस्था पनि मिलाइएको थियो [137] । यसै अवधिमा यिनले तुलजा मन्दिरको प्राङ्गणमा एउटा विशाल र आकर्षक घण्ट चढाएर अभिलेख उत्कीर्ण गराए ।[138] त्यसपछि वि.स. १७१० माघमा हनुमान्ढोका राजदरवार परिसरमा एउटा भव्य जलद्रोणीको[139] निर्माण गराए । त्यस समयमा त्यहाँबाट आवागमन गर्ने

---

[134] हेर्नु, **अभिलेख संख्या ८ ।**
[135] हेर्नु **अभिलेख संख्या ९ ।**
[136] हेर्नु **अभिलेख संख्या १० ।**
[137] हेर्नु **अभिलेख संख्या ४७ ।**
[138] हेर्नु **अभिलेख संख्या ११ ।**
[139] हेर्नु **अभिलेख संख्या १२ ।**

जन सामान्यको उपयोगका लागि पानीको सुव्यवस्था गरिएको उक्त जलद्रोणीको निर्माण समाज सेवाका लागि गरिएको उल्लेख्य कार्यका रूपमा प्रशंसित रहिआएको छ । त्यसै जलद्रोणीका समीपमा उनले उत्कीर्ण गराएको १५ प्रकारका लिपिले सुशोभित अभिलेख[140] र त्यहाँ पण्डितहरूलाई दिइएको हाँक पनि अत्यन्त चर्चित एवम् प्रताप मल्लका व्यक्तित्वको नयाँ आयामका रूपमा परिचित वस्तु बन्न पुग्यो । यसै वर्ष वि.सं. १७७० माघमा उनले जगन्नाथ मन्दिर निर्माण गराए । त्यसैको पेटीमा 'वियोगनिस्सारणप्रार्थना' नामक संस्कृतमय साहित्यिक काव्यरचना पनि उत्कीर्ण[141] गराए । यसै वर्ष वि.सं. १७७० माघमा उनले गुह्येश्वरी पीठको प्राङ्गणमा आठवटा सिंहध्वज स्थापित[142] गरे । यसको लगत्तै ३ महिनापछि वि.सं. १७७१ वैशाखमा उनले गुह्येश्वरी पीठको उद्धार गरी त्यहाँ भव्य मन्दिरको निर्माण[143] गराए । गुरु लम्बकर्ण भट्टको विशेष प्रेरणा र नरसिंह ठाकुरको उत्प्रेरणा अनुसार परापूर्वकालदेखि रहिआएको गुह्येश्वरी कुण्डको खोज, उत्खनन र उद्धार एवम् मन्दिरको निर्माण कार्य त्यसै समयमा सम्पन्न भएको थियो । त्यसै अवसरमा उक्त मन्दिरको गर्भगृहमा दुई वटा[144] स्तोत्र उत्कीर्ण गराइयो । तीमध्ये पहिलो स्तोत्र 'सर्वपराधस्तोत्र' हो, जसलाई 'महापराधस्तोत्र' भनेर पहिले मोहनचोकमा पनि अभिलेखाङ्कित गरिएको थियो । अर्को स्तवकाव्य चाहिँ 'कालिका-भुजङ्गदशक' हो । जसमा भक्तिभावभरित १० वटा संस्कृत पद्य रहेका छन् । वि.सं. १७७१ मंसिरमा उनले मोहनचोकको छानामा हनुमद्ध्वज र मीनध्वज निर्माण गरी अभिलेख[145] उत्कीर्ण गराए भने त्यसको एक महिनापछि वि.सं. १७७१ चैत्रमा श्री पशुपतिनाथमा स्वर्णकलश चढाउनाका साथै रानीहरू रूपमती देवी र अनन्तप्रिया देवीका साथ आफ्नो पनि स्वर्णप्रतिमा बनाई स्थापित गरे । त्यहाँ नौलो छत्राकार देवमन्दिर र १००८ शिवलिङ्गको समेत स्थापना गरे, त्यसै अवसरमा उत्कीर्ण शिलापट्ट लेखमा[146] सुललित संस्कृत भाषामय ९ पद्यमा रचिएको 'महेशाष्टक' स्तवकाव्यले उनको सृजनशीलताले निरन्तरता पाएको प्रमाण दिन्छ ।

यसप्रकार यी वर्ष (३०/३१को उमेर) राजा प्रताप मल्लका लागि अत्यन्त सक्रियता र रचनात्मक क्रियाकलापमा व्यस्त अवधिका रूपमा रहेका देखिन्छन् ।

---

[140] हेर्नु, **अभिलेख संख्या १२ ।**
[141] हेर्नु, **अभिलेख संख्या १३ ।**
[142] हेर्नु, **अभिलेख संख्या १४-१५ ।**
[143] हेर्नु, **अभिलेख संख्या १६ ।**
[144] हेर्नु, **अभिलेख संख्या १६ ।**
[145] हेर्नु, **अभिलेख संख्या १७-१८ ।**
[146] हेनु, **अभिलेख सख्या १९ ।**

२.२.१६ बत्तीस र तेत्तीस वर्ष : धार्मिक क्रियाकलाप, वज्रयोगिनी, भीमसेनस्थान, प्रतापपुर र अनन्तपुरको निर्माण एवं स्तुतिकाव्य-रचना

राजा प्रताप मल्लका अरु दुई वर्ष पनि विविध धार्मिक आस्थाका क्रियाकलापमा संलग्न रहेर सक्रियताका साथ बितेका देखिन्छन् । यसका साथै उनको साहित्यिक रचनाकारिताका दृष्टिले समेत यी वर्ष सिर्जनशील नै रहेका देखिन्छन् ।

वि.सं. १७७२ आषाढशुक्ल सप्तमीमा राजा प्रताप मल्लले काठमाडौंको साँखुस्थित प्रसिद्ध वज्रयोगिनीको देवीस्थानमा भव्य मन्दिर निर्माण गरी त्यसलाई स्वर्णकलश (सुनको गजुर)ले सुशोभित गराई रानीहरू रूपमतीदेवी अनन्तप्रिया देवी, लालमती देवी र राजमतीदेवीका साथ आफ्नोसमेत सालिक निर्माण गराई त्यहाँ स्थापित गरे । त्यसै अवसरमा त्यहाँ उत्कीर्ण गराइएको एउटा शिलापट्टमा[147] उनले रचेका दुईवटा स्तोत्र रहेका छन् । तीमध्ये पहिलो 'वज्रयोगिनी - कामदस्तोत्र' हो । त्यो १५ वटा संस्कृत पद्यमा रचिएको छ । दोस्रो स्तुतिरचना ८ पद्यमा छ जसको शीर्षक त्यहाँ दिइएको छैन । यही रचना अनन्तपुरको अभिलेखमा पनि उत्कीर्ण छ र त्यहाँ यसको शीर्षक 'जाड्य-मुद्गर स्तोत्र' रहेको छ ।

यसै दिन उनले काठमाडौंस्थित भीमसेनस्थानमा द्रौपदी र भीमसेनको मूर्ति स्थापना गरी शिलालेख[148] पनि स्थापित गरिदिएको देखिन्छ । शिलापट्टमा 'शिवरूप-भीमसेनस्तोत्र' उत्कीर्ण गराइएको छ । जम्मा १४ पद्यमा सम्पन्न भएको उक्त स्तवकाव्य राजा प्रताप मल्लले रचना गरेको अर्को उल्लेख्य भक्तिरचनाका रूपमा देखा परेको छ । यसको दुई दिनपछि नवमी तिथिमा उनले स्वयम्भूनाथको थुम्कामा प्रतापपुर र अनन्तपुर नामक दुई देवालयको पनि निर्माण गरेका थिए । अनन्तपुर रानी अनन्तप्रियाको नाममा र प्रतापपुर उनको आफ्नै नाममा निर्मित मन्दिर हुन् । अनन्तपुरमा उग्रतारा र प्रतापपुरमा तन्त्राराध्य गोप्य देवताको विग्रह स्थापित गरिएका छन् । त्यहाँ उत्कीर्ण शिलालेखमा[149] पूर्वोक्त 'जाड्यमुद्गरस्तोत्र' र 'वज्रयोगिनी कामदस्तोत्र' अङ्कित छन् । अन्त्यमा रहेको गद्यभागले उनको गद्यरचना-चातुर्यको सङ्केत गर्दछ । यसप्रकार राजा प्रताप मल्लका ३२ र ३३ यी दुई वर्ष निर्माण कार्य र सृजनशीलता दुवै दृष्टिले पर्याप्त सक्रियताका साथ बितेका देखिन्छन् ।

---

[147] हेर्नु, **अभिलेख संख्या २०** ।
[148] हेर्नु, **अभिलेख संख्या २१** ।
[149] हेर्नु, **अभिलेख संख्या २२** ।

२.२.१७ चौंतीस र पैंतीस वर्ष : धार्मिक सामाजिक क्रियाकलाप र काव्यसिर्जनामा समर्पित

राजा प्रताप मल्लका चौंतीस र पैंतीस वर्ष पनि केही धार्मिक-सामाजिक कार्य र साहित्यिक सृजनाका वर्ष रहे । वि.सं. १७७१३ मंसीरमा यिनले आफैँ पहिले निर्माण गराएको मोहनचोकमा धातुनिर्मित भव्य भूगोलको निर्माण[150] गराए । पौराणिक आख्यानहरूका आधारमा निर्मित सो भूगोलको पूर्ण विवरण पनि त्यहाँ उत्कीर्ण गराइयो । उनका पौराणिक साहित्यविषयक गम्भीर अध्ययनको परिचायक बन्न पुगेको उक्त अभिलेखमा यस समग्र भूमण्डलको मान - परिमाण र परिचय प्रस्तुत गरिएको पाइन्छ ।

वि.सं. १७७१३ माघमा राजा प्रताप मल्लले श्री पशुपतिनाथको प्राङ्गणमा तुलादान गरे । त्यसै अवसरमा सयवटा घोडा पनि दान गरियो । यसको विवरण उत्कीर्ण गरी दुईवटा तुलादान स्तम्भ[151] त्यहाँ गाडिए । यस अवसरमा एउटा शिलापट्टमा भव्य अभिलेख[152] पनि उत्कीर्ण गराइयो । संस्कृत भाषाका ३१ वटा सुललित पद्यहरूले सम्पन्न सो अभिलेखमा उनले आफ्नो वंशावली भव्य काव्यशैलीमा प्रस्तुत गरेका छन् । क्रमशः परिष्कृत हुँदै गएको उनको रचनाशिल्पको परिचायक बनेर सो अभिलेख देखा परेको छ ।

यसै वर्ष वि.सं. १७७१४ जेठमा उनले हनुमान्ढोका राजदरबार-परिसरमा 'कवीन्द्रपुर'को समेत निर्माण गराए । त्यहाँ नाट्येश्वर देवताको स्थापना गरियो । त्यहाँ 'नृत्येश्वरदशक' नामक १० पद्यको स्तुति रचना, ६ पद्यको नृसिंहस्तोत्र र केशवरागमा आधारित गीतिरचना पनि अभिलेखाङ्कित[153] गराइयो ।

यसै वर्षको श्रावणमा एउटा अर्को कार्य पनि उनले सम्पन्न गरेका थिए । त्यस वेला स्वर्णनिर्मित विश्वरूपको भव्यमूर्ति निर्माण गराई इन्द्रजात्राका विशेष अवसरमा त्यसको प्रदर्शन र पूजाआजा गर्ने परम्परा उनले बसाए । सो मूर्तिको पादपीठमा स्वरचित तीन वटा संस्कृत पद्यहरू पनि उत्कीर्ण[154] गराइए । यसरी राजा प्रताप मल्लका यी दुई वर्ष निर्माण र सृजनाका वर्ष रहे ।

---

[150] हेर्नु, **अभिलेख संख्या २७ ।**

[151] हेर्नु, **अभिलेख संख्या ४४ ।**

[152] हेर्नु, **अभिलेख संख्या २५-२६ ।**

[153] हेर्नु, अ**भिलेख संख्या २३ ।**

[154] हेर्नु, **अभिलेख संख्या २४ ।**

२.२.१८ छत्तीस वर्ष : लोककल्याणका लागि शान्तिपुर प्रवेशको साहसिक कार्य र वृष्टिचिन्तामणिस्तोत्र रचना

राजा प्रताप मल्लको जीवनमा छत्तीसौं वर्षको एउटा घटना अविस्मरणीय बनेर रह्यो । उनी त्यसबेला भर्खरै ३५ वर्ष पुगेर ३६ औं वर्षमा प्रवेश गर्दै थिए । राज्यमा ठूलो खडेरी पऱ्यो । त्यस वर्ष पानी परेन । वि.सं. १७१५ को कुरा हो, असार महिना लागिसकेको थियो । कृषकहरूको खेतीपातीको समय थियो, हिलोमा खेलेर कृषिकार्य गरेर मनाइने उत्सव 'असारे पन्ध्र'को अवसरमा सारा धरती पट्ट-पट्ट फुट्न लागेको थियो । प्रचण्ड गर्मीको साम्राज्य थियो । कसरी यो समस्याको समाधान गर्ने ? भन्नेबारे सबैसँग सरसल्लाह भयो । स्वयम्भूस्थित 'शान्तिपुर' गुफामा पसेर त्यहाँ रहेको कर्कोटक नागको रगतले लेखेको पुस्तक बाहिर ल्याएर पूजा गरेमा पानी पर्न सक्ने कुरा तान्त्रिकहरूले बताए । त्यहाँ तान्त्रिक पुजारी र गुभाजुहरूलाई पस्न भनियो । तर कसैले त्यो काम गर्न सकेनन् । वस्तुतः त्यहाँ भूतप्रेत र पिशाचगणको वास थियो । त्यहाँ परमसाधक तपस्वी शान्तकर मुनि लामो समयदेखि तपःसाधना गरेर बस्दथे । नागरुधिराङ्कित पुस्तकसम्म पुग्ने व्यक्ति स्वयं तन्त्रसाधना र अभ्यासले सम्पन्न हुनु आवश्यक थियो ।

अरु कसैले सो कार्य गर्न नसक्ने बुझेपछि प्रजाप्रति करुणाको भावले उद्वेलित राजा प्रताप मल्लले लोककल्याणार्थ स्वयं सो कार्य गर्ने निर्णय गरे । वास्तवमा यो अत्यन्त ठूलो साहसिक निर्णय थियो । शान्तिपुरभित्र पदे पदे मृत्युदेवसँग साक्षात्कार हुने सम्भावना प्रबल थियो । आफैं भित्र पस्ने अठोट लिएका राजा प्रताप मल्लले तान्त्रिक गुरुहरूको आवश्यक निर्देशन लिएर शान्तिपुरमा प्रवेश गरे । भित्रपट्टि उनले विभिन्न सङ्कटको सामना गर्नुपऱ्यो । नागहरूको शिरमाथि पाउ राखेर हिँड्नुपऱ्यो, सैकडौं क्रूर पिशाचहरूको आक्रमण झेल्नुपऱ्यो । तर तन्त्रमन्त्रको विविध प्रयोग र आफैंले रचेका स्तुति पद्यहरूको स्तवनद्वारा ती सबै सङ्कटको शमन गरेर उनी सिद्धगणको सभा भइरहेको प्रकोष्ठलाई पार गरेर, तीन तल्ले, सत्ताइसकोठे उक्त शान्तिपुरको केन्द्रमा रहेको नागशोणित-सम्पन्न उक्त पुस्तकसम्म पुगे र सो लिएर माथि बाहिर आए, त्यो पुस्तक बाहिर ल्याउनासाथ प्रचण्ड घनघोर वर्षा भयो । पछि त्यो लगेर उनले यथास्थानमा राखिदिए । यी सबै कुराहरूको विवरणका साथ उनले 'वृष्टिचिन्तामणिस्तोत्र' समेतको संस्कृताश्रित ३४ पद्यात्मक शिलालेख[155] पनि उत्कीर्ण गराएर त्यहाँ राखिदिए । यसरी जनकल्याणार्थ गरिएको उक्त साहसिक र विस्मयोत्पादक कृत्यले उनको ३६ औं वर्षको प्रारम्भकाल अविस्मरणीय अनुभवको क्षण बन्न पुगेको बुझिन्छ । यसै वर्ष वि.सं.१७१५ फागुनमा

[155] हेर्नु, **अभिलेख संख्या २८ ।**

उनले चाँगुनारायण मन्दिरमा भगवान् विष्णुका द्वारपाल जय र विजयको प्रतिमा पनि निर्माण गराई भगवत्प्रीत्यर्थ अर्पण गरेका थिए ।[156]

२.२.१९ सैंतीसौं वर्ष : गुह्येश्वरीमा स्वर्णकमल-अर्पण र भण्डारखाल पोखरीनिर्माण, धार्मिक र विकास-निर्माणको क्रियाकलापका साथै रणाभियान

ने.सं. ७८०, तदनुसार वि.सं. १७१७ आषाढ महिनामा उनले श्री गुह्येश्वरी शक्तिपीठमा जल रहने मुख्य कुण्डलाई घेरेर सुनको दोहोरो कमलपत्र बनाएर चढाएका थिए, त्यसै कमलपत्रमा स्रग्धरा छन्दोबद्ध संस्कृतको एक पद्य पनि उत्कीर्ण गराएका थिए ।

यसै वर्ष राजा प्रताप मल्लले हनुमान्ढोका राजदरवार परिसरमा रहेको भण्डारखाल बगैंचाको एक छेउमा एउटा भव्य पोखरी निर्माण गराएका थिए । बूढानीलकण्ठवाट कुलो खनेर ल्याएको पानीले सो पोखरी टम्म भराइयो । यस पोखरीका बीचमा जलशायी विष्णु भगवान्‌को रमणीय मूर्ति पनि स्थापित गरियो । राजाले ज्ञानेश्वरनजिकै रहेको एउटा पोखरीवाट उक्त मूर्ति त्यहाँ ल्याई स्थापित गराएका थिए ।

यसै वर्ष राजा प्रताप मल्लले भक्तपुरमाथि आक्रमण गरेका थिए । १३ वर्षकै उमेरदेखि उनको हृदयमा अङ्कुरित र पल्लवित कान्तिपुरको एकच्छत्र साम्राज्यको परिकल्पना साकार पार्ने दिशामा उनले यतिन्जेल खासै कार्य गर्न सकेका थिएनन् । काजी भीम मल्लको उत्साहपूर्ण सक्रियतामा तिब्बतको भूभागसम्म रणाभियान चलाएका राजा प्रताप मल्लले उनको दुःखद अन्त्यपछि युद्धसम्बन्धी कुनै ठोस क्रियाकलाप सञ्चालन गर्न सकेका थिएनन् । आफू राजा भएपछि आफ्नो काँधमा आइपरेको राज्यसञ्चालनको अभिभाराले गर्दा यनी व्यस्त रहन्थें । उनको मूलस्वभाव साहित्य, सङ्गीत र कलाप्रति अनुरक्त भएकाले पनि उनले कान्तिपुर राज्यलाई सांस्कृतिक रूपमा समुन्नत बनाउनेतर्फ वढी ध्यान दिएका थिए । अर्कातिर युद्धका लागि उपयुक्त परिवेश पनि निर्माण भएको थिएन । पाटनमा पहिले (१३ वर्षको उमेरमा) आफ्ना काका सिद्धिनरसिंहको राज्यकालमा उनले आक्रमण गरेका थिए तर त्यो खासै सफल हुन सकेको थिएन । त्यसपछि पाटनमा सिद्धिनरसिंह मल्ल राजा रहुन्जेल, राजा प्रताप मल्लको खासै राम्रो सम्बन्ध हुन सकेन ।

पाटनमा सिद्धिनरसिंहको शेषपछि उनका छोरा श्रीनिवास मल्ल राजा हुनासाथ (वि.सं. १७१७मा) राजा प्रताप मल्लले उनीसँग दोस्तीको हात बढाएर उनको सहयोगमा भक्तपुरमाथि आक्रमण गर्ने योजना बनाए । राजा प्रताप मल्लले भक्तपुरमाथि गरेको यो दोस्रो आक्रमण थियो । यसभन्दा धेरै अघि आफू भर्खरै राजा भएको समयमा काजी भीम मल्लकै सक्रियतामा आफ्नो

---

[156] हेर्नु, **अभिलेख सं. ४८/४९ ।**

युवावस्थामा १८/१९ वर्षको उमेरमा उनले भक्तपुरमाथि[157] आक्रमण गरेका थिए । जसमा त्यहाँका राजा नरेश मल्लले उनीसँग डराएर हात्ती दिई सन्धि गरेका थिए । यसपालि भने भक्तपुरमा जगत्प्रकाश मल्ल राजा थिए । राजा प्रताप मल्लले पाटनका राजा श्रीनिवास मल्लको सहयोगमा चालेको यस रणाभियानमा उनलाई खासै सफलता प्राप्त भएन । भक्तपुरको बलियो किल्लालाई भेदन गर्न नसके पनि पर्खालवाहिरै केही दिन बसी त्यो स्थानमा घेरावन्दी गरी ५/७ सय रोपनी जग्गा कब्जा गर्न उनी सफल भए । आफूले कब्जा गरेको सो जग्गा त्यहाँ गरुड नारायणका नाममा गुठी राखिदिएर राजा प्रताप मल्ल फर्किए[158] । यस कुराको विवरण उत्कीर्ण गराएको शिलापट्ट भने महाकाली स्थानमा स्थापित गरिदिए[159] । यसरी १६/१७ वर्षपछि ३७ औं वर्षको उमेरमा राजा प्रताप मल्लले युद्धमा हात हालेको देखिन्छ ।

२.२.२० चालीस वर्ष : नुवाकोट- यात्रा र भैरवलाई मुकुट अर्पण

सैतिसौं वर्षको पूर्वार्धपछि चालीस वर्षको उत्तरार्धसम्म (लगभग ३¹/₂ /४ वर्ष) राजा प्रताप मल्लको समय के कस्तो रूपमा बित्यो भन्ने बारे कुनै तथ्यपूर्ण प्रामाणिक अभिलेख पाइएको छैन । विकास निर्माण कार्यमा सततः संलग्न रहने स्वभाव भएका राजा यस अवधिमा पनि निष्क्रिय रहेर पक्कै बसेनन् होला भन्ने प्रतीत हुन्छ । दोलखाका जुरिदेवलाई राजा प्रताप मल्लले जग्गा बेचिदिएको एउटा प्रसङ्ग ने.सं. ७८२ तदनुसार, वि.सं. १७१९ आषाढमा फेला परेको छ ।[160]

चालीसौं वर्षको उत्तरार्धमा ने.सं. ७८३, तदनुसार वि.सं. १७१९ चैत्रमा राजा प्रताप मल्लले नुवाकोटस्थित भैरवलाई मुकुट चढाएका थिए । यो साल राजा स्वयं नुवाकोटमा उक्त समयमा चलाइने भैरवीयात्रमा सम्मिलित पनि भएका थिए भन्ने बलियो सम्भावना देखिन्छ ।[161]

२.२.२१ एकचालिसौं वर्ष : सामाजिक कार्य, पुनः रणाभियान र धार्मिक एवं स्तोत्ररचना

ने.सं. ७८३ तदनुसार वि.सं. १७२० को जेठ महिनामा एकचालिसौं वर्षको प्रारम्भमा राजा प्रताप मल्लबाट एउटा सामाजिक सेवाको कार्य सम्पन्न भएको देखिन्छ । उनले स्वयम्भूनाथ जाने बाटोमा पर्ने विष्णुमती नदीमा पुल निर्माण गरी सोही स्थानमा शिलालेखसमेत[162] उत्कीर्ण गरी

---

[157] वि.सं. १७००मा भक्तपुरका राजा नरेश मल्लको मृत्यु भएकाले र राजा प्रताप मल्लले आफू राजा हुनासाथ (वि.सं. १६९८)आक्रमण गरेको तथ्य देखिनाले यसै उमेरमा गरेको रहेछ भन्ने स्पष्ट हुन आउँछ। हेर्नु; **पूर्ववत् नं.३३.** पृ. १८३ ।

[158] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२६ ।

[159] हेर्नु, **अभिलेख संख्या २९ ।**

[160] मोहनप्रसाद खनाल, **नेपालका केही मल्लकालीन अभिलेख** (काठमाडौं, वि.सं.२०२९) पृ. २४-२७ ।

[161] धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, **नुवाकोटको ऐतिहासिक रूपरेखा** (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं.२०३२), पृ. ४८-४९ ।

[162] हेर्नु, **अभिलेख संख्या 30 ।**

राखिदिए । स्वयम्भूनाथ आउने जाने यात्रीहरूलाई सुविधा होस् भन्ने हेतुले उक्त कार्य सम्पन्न भएको स्पष्ट हुन्छ ।

यसै वर्ष वि.सं. १७२० जेठमा राजा प्रताप मल्लले पूर्ववत् पाटनका राजा श्रीनिवास मल्ललाई साथ लिएर पुनः एकपल्ट भक्तपुरमाथि आक्रमण गरे ।[163] झण्डै चार वर्षअघि गरेको यस्तै आक्रमण असफल भएकाले फेरि एकपल्ट कब्जा जमाउन यो प्रयास अभियान चलाएका थिए । तर यसपल्ट पनि यो आक्रमण सफल हुन सकेन । भक्तपुरतर्फबाट सशक्त प्रतीकार गरियो, फलतः किल्लाभन्दा बाहिरै सल्लाघारीमा राजाले आफ्नो मुकाम बनाउनुपर्‍यो । तर राजाले त्यहाँका केही कलात्मक वस्तुहरू काठमाडौं भित्र्याए । त्यहाँबाट सिंहका कलात्मक दुई मूर्ति ल्याएर उनले तलेजु मन्दिरको मूलद्वार (सिंह ढोका)मा राखे अनि त्यहाँको तवपोखरीको बीचमा रहेको नागफणा ल्याएर आफ्नो नाग पोखरी सजाए ।[164] यसै वर्ष वि.सं. १७२० आषाढमा उनले चाँगुनारायण मन्दिरमा भगवत् प्रीत्यर्थ स्वर्णपद्मासन पनि चढाएका थिए ।[165]

यसै वर्ष वि.सं. १७२० पौषमा राजा प्रताप मल्लले लक्षदीपदान र तुलादानको धार्मिक कार्य सम्पन्न गरेका थिए । यो कार्य हनुमान्ढोका राजदरबारको परिसरमा रहेको त्रिशूलचोकमा सम्पन्न भयो । यसै अवसरमा त्यहाँ एउटा प्रस्तरस्तम्भ पनि खडा गरियो र त्यसमाथि दुई पुत्र नृपेन्द्र मल्ल र चक्रवर्तेन्द्र मल्लसहित स्वयं प्रताप मल्लको सुन्दर कलात्मक प्रतिमा कुँदाएर राखियो । त्यसै स्तम्भमा राजाले एउटा स्तोत्र रचना पनि उत्कीर्ण गराए, जसको शीर्षक छ : 'सर्वमङ्गलाष्टकम्' ।[166] जम्मा संस्कृतका आठ पद्य रहेको यो स्तोत्र–रचना भगवती कालिकाको स्तवन हो । यसरी 'वृष्टिचिन्तामणिस्तोत्र' रचेको लगभग पाँच वर्षपछि यो स्तोत्र-रचना राजाले उत्कीर्ण गराएको देखिन्छ । यसमा काव्यरचनाको शिल्प अझ परिष्कृत रूपमा देखा परेको छ ।

२.२.२२ चवालिसौं वर्ष : विष्णु देवलमा चक्रार्पण

एकचालिस वर्षदेखि चवालीस वर्षको उमेरसम्म लगभग तीन वर्ष राजा प्रताप मल्लको क्रियाकलापलाई सङ्केत गर्ने अभिलेख फेला परेको देखिंदैन । यी तीन वर्ष पनि अवश्यै सक्रियतामा बितेका थिए होलान्, तर कालको अथाह अन्ध गर्तमा तिनको अभिलेख विलीन भएको प्रतीत हुन्छ ।

---

[163] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२६ ।

[164] गौतमवज्र वज्राचार्य, **हनूमानढोका राजदरबार.**(काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं.२०३३)पृ.१२१ ।

[165] हेर्नु, **अभिलेख संख्या ५०** ।

[166] हेर्नु, **अभिलेख संख्या ३१** ।

ने.सं. ७८७, तदनुसार वि.सं. १७२३ माघमा राजाको नामको स्वल्प अभिलेख फेला पर्दछ। त्यस समयमा राजाले हनुमान्ढोकास्थित राजदरवारको प्राङ्गणमा रहेको विष्णुदेवलमा श्रद्धापूर्वक चक्र चढाएका थिए।[167]

२.२.२३ छयालिसौं वर्ष : स्वयम्भूनाथमा वज्र अर्पण र अभिलेखाङ्कन

छयालिसौं वर्षको उमेरमा राजाले वि.सं. १७२५ आषाढमा श्रीस्वयम्भूनाथ चैत्यमा एउटा स्वर्णमय कलात्मक मण्डल बनाई त्यसमा स्वर्णमय वज्र चढाएका थिए। अत्यन्त सुन्दर शिल्पले सम्पन्न उक्त वज्रमा संस्कृत भाषाको एक पद्य र गद्यभागसहित अभिलेख[168] पनि उत्कीर्ण गराइएको थियो।

२.२.२४ अठचालिसौं वर्ष : उपलब्धिपूर्ण वर्ष, देगुतलेजु, प्रतापस्तम्भ र रानीपोखरीको निर्माण

राजा प्रताप मल्लको अठचालिसौं वर्ष उनको जीवनमा सर्वाधिक उपलब्धिपूर्ण वर्षका रूपमा देखा पर्दछ। यस उमेरमा उनले स्थापित गरेका कीर्तिपताकाहरू अद्यापि हाम्रो सामुन्ने उनलाई चिनाउने उत्तम स्मारक बनेर उनको अमरत्वको प्रख्यापन गरिरहेका छन्।

देगुतलेजु निर्माण र प्रतापस्तम्भको स्थापना

ने.सं. ७९०, तदनुसार वि.सं. १७२७ भाद्रमा राजा प्रताप मल्लले वसन्तपुर हनुमान्ढोका राजदरबारको प्राङ्गणमा रहेको देगुतलेजु इष्टदेवीको मन्दिरमा ६ वटा स्वर्ण कलश र कलात्मक स्वर्णमाला चढाएका थिए। यसै अवसरमा एउटा अत्युच्च प्रस्तरस्तम्भ खडा गरी त्यसमाथि आफू र आफ्नो परिवारको अत्यन्त कलात्मक स्वर्ण प्रतिमा कुँदाएर राखेका थिए। त्यसै स्तम्भमा स्वरचित आठ संस्कृत पद्यहरूको स्तुतिरचना 'चण्डिकाष्टक'[169] पनि उत्कीर्ण गराएका थिए। ती कलात्मक वस्तुहरू र त्यो प्रसिद्ध स्तोत्ररचना अद्यापि त्यसै ठाउँमा छँदैछन् र तत्कालिक कला, शिल्प एवम् कवीन्द्र प्रताप मल्लको रचनाशिल्पको परिचायक बनेर जनमानसमा समेत अङ्कित छन्।

---

[167] गौतमवज्र वज्राचार्य, **हनुमानढोका राजदरबार**. (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३३) पृ. ८३ , ८४।

[168] मनवज्र वज्राचार्य, **नेपालको मध्यकालीन कला**. (काठमाडौं: श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, वि.सं.२०२७ पृ. १९१।

[169] हेर्नु **अभिलेख संख्या ३३**।

रानीपोखरी - निर्माण

यसै वर्ष ने.सं. ७९० तदनुसार वि.सं. १७२७ असौजमा राजा प्रताप मल्लले रानीपोखरीको निर्माण सम्पन्न गराएका थिए ।[170] आफ्ना छोरा चक्रवर्तीन्द्र मल्लको असामयिक निधन भएकोले उनकी विरहविदग्धा माताको मानसिक शान्तिका लागि उनले सो पोखरी निर्माण गराएको देखिन्छ । देश र विदेशका विभिन्न तीर्थस्थलका नदनदीदेखि लिएर समुद्रपर्यन्तको जल मगाएर त्यहाँ हाली, बूढानीलकण्ठदेखि कुलो ल्याई त्यहाँ जल भरिएको थियो । वास्तवमा यो कार्य सामाजिक उपयोगिताको दृष्टिले सम्पन्न गरिएको देखिन्छ । जन-सामान्यका लागि स्नानसन्ध्यादिकृत्यका लागि सुविधा होस् भन्ने सदुद्देश्यले उक्त पोखरीको निर्माण गरिएको थियो ।

यसको मध्यमागमा एउटा शिवालय पनि निर्माण गरियो । त्यहाँसम्म जाने कलात्मक पुल हालियो । यस पोखरीको दक्षिण भागमा राजाले एउटा प्रस्तरनिर्मित हात्तीको भव्य प्रतिमा[171] पनि स्थापित गराए । यसको पृष्ठभागमा अगाडिपट्टि स्वयं राजा प्रताप मल्ल र त्यसका पछिल्तिर दुई पुत्र चक्रवर्तीन्द्र र महीपतेन्द्र मल्लका गजारोहण मुद्राका प्रतिमाहरू कुँदिएका छन् । प्रस्तरकलाका दृष्टिले ती अत्यन्त महत्त्वशील देखिन्छन् ।

यसै पोखरीको उत्तरभागमा एउटा भव्य नारायणमूर्ति पनि स्थापित गरियो र त्यसको पादपीठमा संस्कृतका ६ पद्य भएको एउटा अभिलेख[172] पनि कुँदियो, जसमा सो पोखरीको निर्माणबारे विवरण प्रस्तुत गर्दै सुन्दर साहित्यिक कविता प्रस्तुत गरियो । पोखरीका चारै कोणमा पनि अभिलेखहरू प्रस्तरमा कुँदिएको देखिन्छ ।[173] त्यसमा पहिलोपल्ट राजाले देवनागरी लिपिमा नेपाली भाषा उत्कीर्ण गराएका थिए । देशविदेशका पचासौं स्थलबाट के कति पानी ल्याएर त्यहाँ हालिएको थियो भन्ने र मूलतः सुन्दरी (जल ?) बाट पानी ल्याएर त्यसलाई पूर्ण गराइएको थियो भन्ने कुरा त्यहाँ परेका छन् । यसप्रकार यो वर्ष प्रताप मल्लको नाम अमर तुल्याउने रानीपोखरी निर्माणका वर्षका रूपमा अत्यन्त उपलब्धिपूर्ण रह्यो भन्न सकिन्छ ।

यसै वर्ष ने.सं. ७९१, वि.सं. १७२७ माघमा उनले तलेजु मन्दिरको ढोकामा स्वर्णनिर्मित दुई वटा कलात्मक खापाको निर्माण गराएका थिए र संस्कृत भाषाका दुई वटा पद्य त्यहाँ अभिलेखाङ्कित[174] गरेका थिए ।

---

[170] हेर्नु, **अभिलेख संख्या ३४ ।**
[171] हेर्नु, **अभिलेख संख्या ३६ ।**
[172] हेर्नु, **अभिलेख संख्या ३५ ।**
[173] हेर्नु, **अभिलेख संख्या ३४ ।**
[174] हेर्नु, **अभिलेख संख्या ३८ ।**

२.२.२५ उनन्चासौं वर्ष : निर्माण कार्यमा सक्रियता

उनन्चासौं वर्षको प्रारम्भतिरै राजा प्रताप मल्लले चाँगुनारायण यात्रामा प्रयोग गरिने सिंहासन निर्माण गराई निर्माण कार्यको सिलसिला चालु राखे । वि.सं. १७२८ श्रावणमा निर्मित सो सिंहासन लक्ष्मी र सरस्वतीसहित चाँगुनारायणलाई गुनपोमा भित्र्याउने उद्देश्यले निर्माण गराइएको कुरा त्यहाँ अङ्कित अभिलेखबाट[175] स्पष्ट हुन आउँछ ।

२.२.२६ तलेजुमा स्वर्णद्वार र स्तुतिरचनाको अभिलेखाङ्कन

यसै वर्ष (वि.सं. १७२८ पौषमा) राजा प्रताप मल्लले आफ्नी इष्टदेवी तलेजुको भव्य मन्दिरमा स्वर्णद्वारको निर्माण गराएका थिए । दायाबायाँ दुवैतिरका कपाट स्वर्णपत्राच्छादित गरेर ती दुवै कपाटका स्वर्णपत्रमा अभिलेख पनि उनले उत्कीर्ण गराए । त्यहाँ दायाँपट्टि स्वरचित 'सर्वपराधस्तोत्र' नामक संस्कृतका १८ पद्यहरूले समन्वित स्तुतिकाव्य[176] उट्टङ्कित गराइयो भने बायाँतिर मैथिली भाषाको गीति रचना[177] उत्कीर्ण गराइयो जसमा ९ गीति गुच्छ रहेका छन् ।

यसै गरी तलेजुको छतमा पनि अभिलेख अङ्कित गराइयो, जसमा उनको 'कालिका-भुजङ्गदशकम्' नामक[178] प्रसिद्ध स्तवकाव्य रहेको छ । यो देवी कालिकाको स्तुतिमा प्रस्तुत १० पद्यहरूको सुन्दर रचना हो ।

२.२.२७ फेरि एकपल्ट भक्तपुरमाथि आक्रमण

वि.सं. १७२८ मा राजा प्रताप मल्लले पुनः एकपटक भक्तपुरमाथि आक्रमण गरेको कुरा प्रकाशमा आएको छ । त्यस रणाभियानमा पूरै भक्तपुरमाथि उनले कब्जा जमाउन नसके पनि त्यहाँको नाला र त्यसको आसपासका क्षेत्रमा उनले आफ्नो आधिपत्य जमाएका थिए । युद्धमा आफ्नो प्रधानमन्त्री मारिएपछि त्यहाँका राजा जगत्प्रकाश मल्लले हात्ती र धनसम्पत्ति दिएर राजा प्रताप मल्लसँग सन्धि गरेका थिए ।[179]

२.२.२८ हनुमान्को मूर्ति स्थापना : हनुमान्ढोकाको नयाँ परिचय

ने.सं. ७९३, तदनुसार वि.सं. १७२९ वैशाखमा राजा प्रताप मल्लले हनुमान्का दुई वटा मूर्ति निर्माण गराई तीमध्ये एक मूर्ति वसन्तपुर दरबारको मूल ढोकाछेउ स्थापित गराए भने

---

[175] हेर्नु, **अभिलेख संख्या ३७ ।**
[176] हेर्नु, **अभिलेख संख्या ३९ ।**
[177] हेर्नु, **अभिलेख संख्या ४० ।**
[178] हेर्नु, **अभिलेख संख्या ३८ ।**
[179] **पूर्ववत् नं. ३३.** पृ., १२७ ।

अर्कोचाहिँ वसन्तपुर हनुमान्ढोका दरबारपरिसरमा अवस्थित ठूलो घण्टाका सामुन्ने स्थापित गराए । ती दुवै मूर्तिका पादपीठमा अभिलेख[180] पनि अङ्कित गरियो । विषम सङ्ग्राममा शत्रुसंहरण कार्य सम्पन्न गर्न सजिलो होस् अनि दरबारको पनि सुरक्षा होस् भनेर ती मूर्तिहरूको निर्माण र स्थापना भएको थियो । वास्तवमा यस हनुमान्मूर्तिकै कारण त्यस समयभन्दा पहिले 'गुन पो'का रूपमा परिचित सो दरबार मूर्ति-स्थापनापछि हनुमान्ढोका राजदरबारका नामबाट प्रख्यात भएको थियो र आजसम्म यसै नामले सुपरिचित रहेको छ ।

२.२.२९ पचासौं वर्ष : नृसिंह स्थापना

राजा प्रताप मल्लले आफ्नो जीवनको अन्तिम कालखण्डमा (ने.सं. ७९३, वि.सं. १७३० असारमा) हनुमान्ढोका राजदरबारको मूलद्वारको भित्री भागमा नृसिंह भगवान्को मूर्ति स्थापना गरेका थिए । राक्षसराज हिरण्यकशिपुको पेट आफ्ना नङ्ग्राले चिरेर, आफ्ना परमभक्त प्रल्हादमाथि असीम अनुकम्पा गरेको पौराणिक आख्यानलाई सम्झाउने सो कलात्मक मूर्ति अद्यापि दरबारका उक्त स्थानमा राजा प्रताप मल्लको अन्तिम निशानी बनेर रहिआएको छ । भक्तजनहरू अद्यापि आफ्नो श्रद्धा र भक्ति अर्पण गर्न उक्त स्थानमा गएर नतमस्तक हुने गरेका छन् । सो मूर्तिको पादपीठमा अङ्कित अभिलेखमा[181] भैरवी रागमा निबद्ध ५ गीतिगुच्छमा निर्मित नृसिंहको स्तुतिपरक गीतिरचना राजा प्रताप मल्लको अन्तिम काव्य-सृजनाका रूपमा देखा पर्दछ ।

२.२.३० एकाउन्नौं वर्ष : उमामहेश्वर स्थापना

यसै वर्ष ने.सं. ७९४, तदनुसार वि.सं. १७३० माघ श्रीपञ्चमीका दिन काठमाडौंस्थित तानाबहालमा राजा प्रताप मल्लले उमामहेश्वरको मूर्ति स्थापित गरेका थिए । शिवसहित श्रीस्वस्थानी परमेश्वरीका रूपमा त्यो कलात्मक प्रस्तराश्रित युगलमूर्ति त्यहाँ स्थापित गरिएको थियो र त्यसको पादपीठमा संक्षिप्त अभिलेख[182] अङ्कित गरिएको थियो । सम्भवतः राजा प्रताप मल्लको अन्तिम निर्मिति र भगवद्भक्तिको अभिव्यक्तिका रूपमा चिरस्मरणीय बनेर रहेको यही रचना देखा पर्दछ ।

२.२.३१ अन्य केही सृजनात्मक कार्य

राजा प्रताप मल्लले आफ्नो जीवनकालमा सम्पन्न गरेका अन्य केही रचनाहरू पनि प्रकाशमा आएका छन्, ती कार्यहरूले उनको नाम र ख्यातिलाई उच्चतामा पुऱ्याएका छन् । तर ती कार्यहरू कहिले सम्पन्न भए भन्ने कुराको कुनै अभिलेख फेला परेको छैन । त्यस्ता कार्यहरूमा **पञ्चमुखी हनुमान्को मन्दिर** उनको उल्लेखनीय रचना मानिन्छ । वसन्तपुरस्थित

[180] हेर्नु, **अभिलेख संख्या ४२ ।**
[181] हेर्नु, **अभिलेख संख्या ४३ ।**
[182] हेर्नु, **अभिलेख संख्या ४५ ।**

हनुमान्ढोका राजदरबारभित्रै कलात्मक पाँचछाने सो मन्दिर अझै विद्यमान रहेको देख्न सकिन्छ । **कालभैरवको स्थापना** पनि उनको लोकविश्रुत कृत्य मानिन्छ । सोही दरवारको परिसरमा उत्तराभिमुख भएर खडा कालभैरवको भव्य विशालमूर्ति अद्यापि जननयनाकर्षक वनेर रहेको छ । रानीवनबाट ल्याइएको उक्त मूर्ति त्यस समयमा न्याय व्यवस्थापनको उत्तम आधार वनेर खडा रहेको कुरा वंशावलीहरूमा पढ्न पाइन्छ । राजदरवारकै परिसरमा रहेको **इन्द्रपुरको मन्दिर** पनि राजा प्रताप मल्लको त्यस्तै प्रसिद्ध कृतिका रूपमा विख्यात छ । यसैगरी मोहनचोकमा **अष्टमातृकाको कलात्मक मूर्तिहरूको स्थापना र सुवर्णद्वारमाथिको कलात्मक संरचना**को निर्माण पनि उनले गराएको प्रमाण पाइन्छ । यसरी राजा प्रताप मल्लले सम्पन्न गरेका यस्ता असङ्ख्य रचना कृतिहरू यत्रतत्र अद्यापि समुपस्थित छन् । प्रामाणिक अभिलेख र तिथिमितिका विश्वसनीय आधारको अभावमा ती यसै परिचयहीन बनेर रहेका देखिन्छन् ।

२.२.३२ अन्तिम समय : एकाउन्न वर्षको उमेरमा देहावसान

राजा प्रताप मल्ल ५१ वर्ष पूरा गर्न लागेका अवस्थामा वि.सं. १७३१ वैशाख ९ गते राती काठमाडौंको प्रसिद्ध नृत्य हरिसिद्धिको नाचमा उनी समुपस्थित थिए । नाच हेरिरहेकै बेला अकस्मात् उनको मृत्यु भयो[183] । यसरी ३३ वर्षजति नेपाल उपत्यकाको कान्तिपुर राज्यमा एकच्छत्र शासन गर्ने, धर्म, कला, साहित्य, सङ्गीत र संस्कृतिको अभ्युत्थानमा समर्पित, सर्वश्रेष्ठ मल्ल राजा प्रताप मल्लको असमयमा नै देहावसान भयो । प्रतापी राजाको प्रतापमय ज्योति अकस्मात् विलीन भयो, तर उनले राखेका कीर्ति - स्तम्भहरूद्वारा उनको नाम सधैंका लागि ज्योतिर्मय भएर रह्यो, अमर भएर रह्यो ।

२.३ राजा प्रताप मल्ल : व्यक्तित्व

२.३.१ विषय प्रवेश

प्रताप मल्ल (वि.सं. १६८०-१७३१) कान्तिपुरका प्रख्यात, लोकप्रिय र सर्वाधिक चर्चित मल्ल राजा भए । ३३ वर्षसम्मको लामो कालावधिसम्म निर्बाध रूपले राज्य चलाएर उनले आफ्नो योग्यता र क्षमताको राम्रो परिचय प्रस्तुत गरे । त्यसबेलाको अस्थिर राजनीति, अस्वस्थ प्रतिस्पर्धा र षड्यन्त्रका कालखण्डमा ३३ वर्षसम्म अकण्टक राज्य चलाउनु सामान्य कार्य होइन भन्ने स्पष्ट हुन्छ । आफ्नो योग्यता, सूझबुझ, षाड्गुण्यको सफल नीति र लोकरञ्जनपूर्ण राज्यसञ्चालन दक्षताले मात्र यो कार्य सम्भव भएको थियो भन्ने तथ्य ऐतिहासिक वस्तुस्थितिहरूले सङ्केत गर्दछन् । उपत्यकाभित्रै सधैँ चलिरहने तीन राज्यहरूको निरन्तर द्वन्द्व र षड्यन्त्रको खेलमा समयको चाल बुझेर र राजनीतिको सफल प्रयोग गरेर नै प्रताप मल्लको त्यस्तो लोकप्रियता, स्थिरता, कलाकौशल र विकास निर्माणका कार्यहरूको निरन्तरता सम्भव भएको कुरा सहजै

[183] दाहाल, **पूर्ववत् नं. ३३.** पृष्ठ १३३ ।

अनुमेय हुन्छ । कसै कसैले समग्र मल्ल कालमा सर्वाधिक अवधिसम्म राज्य सञ्चालन गर्ने राजा लक्ष्मीनरसिंह मल्ल (राज्यकाल : ३६ वर्ष)[184] प्रताप मल्लका पिता थिए भने तापनि वास्तवमा सर्वाधिक लामो समयसम्म राज्य सञ्चालन गर्ने मल्ल राजा प्रताप मल्ल (राज्यकाल : ३३ वर्ष[185]) नै थिए भन्ने ऐतिहासिक तथ्यले उनको सफल राज्यव्यवस्थाको वलियो प्रमाण प्रस्तुत गर्दछ । यिनमा भएका विशिष्ट गुण र बहुआयामिक व्यक्तित्वकै कारण वास्तवमा प्रताप मल्ल सर्वाधिक लोकप्रिय र प्रतापी राजाका रूपमा परिचित रहेको तथ्य प्रकाशमा आउँछ । राजा प्रताप मल्लका तिनै वैशिष्ट्च र व्यक्तित्वका विविध आयामहरूको अनुशीलन अव यहाँ प्रस्तुत गरिन्छ -

२.३.२ राजनीतिक व्यक्तित्व

राजा प्रताप मल्लको राजनीतिक व्यक्तित्व बाल्यकालदेखि नै प्रकाशित भएको कुरा ऐतिहासिक तथ्यहरूले सङ्केत गर्दछन् । आफू १३ वर्षको कलिलो अवस्थामा रहेकै बेला वि.सं. १६९३ फागुनमा[186] वीर लडाकू योद्धाहरूलाई साथ लिएर उनले पाटनमा आक्रमण गरेका थिए । 'सिद्धिनरसिंह मल्लको किल्लालाई जितेर राजा डम्बर शाहका अश्वारोही सैनिकहरूलाई पनि ध्वस्त वनाएको'[187] प्रसङ्गले पनि यिनको राजनीतिप्रतिको चासो र उत्साह बाल्यकालदेखि नै रहेको तथ्यप्रति सङ्केत गर्दछ । यस घटनाको पाँच वर्षपछि वि.सं. १६९८ भाद्रमा[188] आफ्ना पिता लक्ष्मीनरसिंह मल्ललाई अक्षमताका कारण अपदस्थ गरी १८ वर्षकै भर्खरको उमेरमा प्रताप मल्ल कान्तिपुरको राजगद्दीमा आरुढ भए र आफ्नो नाममा मुद्रा निष्काशन गरे । यसबाट उनको प्रचण्ड राजनीतिक महत्वाकाङ्क्षा र राज्यविस्तारको अभिलाषा प्रकट हुन्छ । आफू राजगद्दीमा बस्नासाथै काजी भीममल्लको सहायता लिएर यिनले दोलखा र तिव्वती क्षेत्रका केरुङ्, कुती र खासा आदिमा आक्रमण गरी विजय प्राप्त गरे ।[189] त्यसैगरी भादगाउँमा आक्रमण गरेर नरेश मल्ललाई परास्त गर्दै त्यहाँको दुर्ग ध्वस्त पारेर केही गाउँहरूमा आधिपत्यसमेत स्थापित गरेपछि नरेश मल्लले केही उपाय नलागेर भयभीत हुँदै हात्ती उपहार दिएर[190] यिनीसँग सम्झौता गरेका थिए । यी सबै घटनाहरूले यिनको राजनीतिक महत्त्वाकाङ्क्षा र उत्साह एवं वीरताद्वारा उनले प्राप्त गरेका सफलताहरूको सङ्केत गर्दछन् । त्यसै गरी सिद्धिनरसिंह मल्लको अन्तपछि उनका छोरा श्रीनिवासमल्ल राजा हुनासाथ वि.सं. १७१७ मा उनीसँग मिलेर पुनः भक्तपुरमा आक्रमण गरे र ५/७ सय रोपनी जग्गामाथि कव्जा गरे ।[191] फेरि पनि वि.सं. १७२० जेठमा उनले

---

[184] मुनँकर्मी, **पूर्ववत् नं. ६९.** पृ. १४१ ।

[185] **उही ।**

[186] ज्ञवाली, **पूर्ववत् नं. २२.** पृ. १४७ ।

[187] हेर्नु, **अभिलेख संख्या ५/५ ।**

[188] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२५ ।

[189] हेर्नु, **अभिलेख संख्या ४५ ।**

[190] हेर्नु, **अभिलेख संख्या ८/५ ।**

[191] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२६ / **अभिलेख संख्या ८/8 ।**

श्रीनिवास मल्लसँग मिलेर भक्तपुरमा आक्रमण गरे, यसपटक त्यहाँबाट केही कलात्मक वस्तुहरू हात पारे र आफ्नो दरबारमा ल्याएर सजाए ।[192] त्यसैगरी वि.सं. १७२८मा फेरि उनले भक्तपुरमाथि आक्रमण गरेका थिए, नाला र त्यसको आसपास क्षेत्रमा आधिपत्य जमाएपछि तत्कालीन भक्तपुरेली राजा जगत्प्रकाश मल्लले हात्ती र धनसम्पत्ति दिएर उनीसँग सन्धि गरेका थिए ।[193] **'अत्यन्त प्रबल रिपु-द्रोही'**[194] भनेर अभिलेखमा उनले आफ्नो स्वभाव प्रकट गरेका छन् । यसरी बारम्बार रणभियानमा संलग्न रहनु र आफ्नो राजनीतिक शक्ति र सामर्थ्य बढाउने चेष्टा गर्नु उनको राजनीतिक सक्रियताको सूचक हो । आफ्ना छिमेकीहरूलाई सकेसम्म आफूतिर आकर्षित गरी आफ्नो पक्षमा ल्याउनु र प्रतिकूलतामा रहनेमाथि आक्रमण गरी पराजित तुल्याउनाले राजा प्रताप मल्लको राजनीतिक कौशलको परिचय दिन्छ । षाड्गुण्यको सफल प्रयोग र प्रजालाई अनुकूल बनाएर राखी प्रजाको हितकार्यमा समर्पित भई, प्रतापी असल राजाको रूपमा लामो समयसम्म कुशलतासाथ राज्य सञ्चालन गर्ने सफलता प्राप्त गरेर राजा प्रताप मल्लले आफ्नो कुशल राजनीतिक व्यक्तित्व प्रकाशित गरेको पाइन्छ ।

२.३.३ कवि व्यक्तित्व

राजा प्रताप मल्लको कवि-व्यक्तित्व लोकविश्रुत छ । वास्तवमा उनको मूल व्यक्तित्वकै रूपमा कविको छवि झल्किन्छ । इतिहासकार सूर्यविक्रम ज्ञवाली लेख्छन् : **प्रताप मल्लको इतिहासमा विजयी वा योद्धाको रूपमा स्थान छैन । उनी ता इतिहासमा अरू नै कुराले प्रसिद्ध भएका छन् । उनको कविताप्रेम, साहित्यप्रति अनुराग, भवन-निर्माण आदि कुराले गर्दा उनले इतिहासमा आदर प्राप्त गरेका छन् ।**[195]

प्रताप मल्लले सगौरव 'कवीन्द्र'को उपाधिका साथ अभिलेखहरूमा आफ्नो नाम अङ्कित गराएका छन् । अनेक अभिलेखहरूमा त उनको नामकै सट्टामा पर्यायवाची पद झैं 'कवीन्द्र' उल्लेख गरिएको छ । यसरी उनी स्वयं पनि आत्मावलोकन गर्दा आफ्नो व्यक्तित्व यसै उपाधिमा बढी अभिव्यक्त भएको ठान्दछन् र मान्दछन् । यसरी प्रताप मल्ल आफू स्वयंको र उनका बारे अध्ययन गर्ने पर्यवेक्षणकर्ता इतिहासकारको समेत ठम्याइअनुसार पनि उनको मूल व्यक्तित्व कवित्वमै झल्किएको स्पष्ट हुन्छ । आफू साहित्यको अध्ययन गर्ने, साहित्यानुरागी रसिक, स्वयं साहित्य-सर्जक र विशेषत: संस्कृत कविताका विशिष्ट साधकका रूपमा प्रताप मल्लले आफूलाई प्रस्तुत गरेका छन् । उनका अभिलेखहरूमा प्राप्त साहित्यिक महत्त्वका रचनाहरू र विशेषत: काव्यहरूद्वारा उनको कवि व्यक्तित्वको सुस्पष्ट चित्र उत्रिन्छ । आफूले राज्यारोहण गर्नासाथै

---

[192] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. १२१ ।
[193] दाहाल, **पूर्ववत् नं. ३३**, पृ. १२७ ।
[194] हेर्नु, **अभिलेख संख्या ४४/१०** ।
[195] ज्ञवाली, **पूर्ववत् नं.२२**, पृ. १५२ ।

वि.सं.१६९९ जेठमा त्रिशूलचोकको सिंहध्वजमा जम्मा २७ पद्यको वंशावलीविषयक काव्य उनले उत्कीर्ण गराएका थिए । यसबेला उनी मात्र १९ वर्षका थिए । यसरी शुरु भएको उनको काव्ययात्रा आजीवन जारी रह्यो । देहावसान हुनुभन्दा लगभग १० महिनाअघि ५० वर्षको उमेरमा उनको अन्तिम काव्यकृति हनुमान्ढोका नासलचोकमा स्थापित नृसिंह भगवान्को प्रस्तर प्रतिमाको पादपीठमा नृसिंहस्तुतिसम्बद्ध गीति रचनाका रूपमा उत्कीर्ण भएको देखिन्छ । यसरी १९ वर्षको उमेरदेखि ५० वर्षको उमेरसम्म जम्मा ३०/३१ वर्षको समयावधिमा उनका जम्मा २१ वटा काव्यरचनाहरू अभिलेखमा उत्कीर्ण भएका पाइन्छन् । राजनीतिक क्रियाकलाप, राज्यव्यवस्थाको रेखदेख, विकास - निर्माणका विविध कार्यक्रम, मठमन्दिरको निर्माण र अन्य धार्मिक, सांस्कृतिक, सामाजिक क्रियाकलापका व्यस्त कार्यक्रमका बावजुद पनि यसरी काव्य साधनामा निरन्तर संलग्न रहनु उनको साहित्यानुराग र काव्यप्रति समर्पणभावको प्रमाण हो । उनका काव्यहरू विशेष गरी भक्तिभावकेन्द्रित छन्, तर केही वंशावलीवर्णनपरक र प्रकृतिवर्णनात्मक पनि पाइन्छन् । उनका काव्यरचनामा सुन्दर सुललित पद-पदावलीको संयोजन, आनुप्रासिक वर्णरचना, आलङ्कारिक कथनशैली, कल्पनाको चमत्कार, भावनाको गम्भीरता, माधुर्यादिगुणको विषयानुकूल समन्विति र रस-भावादिको हृदयहारी अभिव्यञ्जना पाइने हुँदा काव्यशास्त्रीय दृष्टिकोणले उत्तम काव्यको प्रस्तुति पाइन्छ । छन्द र लयको सुन्दर तालमेल र श्रुतिमधुर वर्णहरूको संघटनाले सुपाठ्य र वाग्वैचित्र्यपूर्ण अर्थचमत्कृतिले ती रचनाहरू सुस्वादु एवम् मर्मस्पर्शी बनेका छन् । यिनै काव्यहरूको सविस्तार अध्ययनको प्रतिवेदन यस शोधप्रबन्धमा प्रस्तुत गरिने नै भएकाले उनका काव्यहरूबारे यहाँ अरु चर्चा गरिरहनु पिष्टपेषण-दोष निम्त्याउनु मात्र हुनेछ । निष्कर्षतः काव्य साधनाका यी उत्कृष्ट नमुनाहरूले राजा प्रताप मल्लको कवि व्यक्तित्व छर्लङ्ग भएर अगाडि प्रतिविम्बित भएको अनुभव हुन्छ ।

२.३.४ विद्वद् व्यक्तित्व

राजा प्रताप मल्लको विद्वत्ता उनका विविध अभिलेखहरूका माध्यमबाट छर्लङ्गिन पुगेको छ । अभिलेखका अन्त्यमा आएका विशेषणहरूमा **'शस्त्र-शास्त्र-सङ्गीत आदि सकल विद्यामा पारङ्गत'**[196] भन्ने उल्लेखले उनको शास्त्रज्ञतालाई सूचित गर्दछ । 'शस्त्रविद्यामा, शास्त्रमा, सङ्गीत विद्यामा समेत आनन्दपूर्ण कुशल क्रियाकलापमा सफल म जस्तो राजेन्द्रचूडामणि अर्को कोही छैन[197] भन्ने गर्वोक्ति पनि उनका अभिलेखहरूमा पाइन्छ । वंशावलीवर्णनको अन्त्यमा माधुर्यादि-गुणसमन्वित विचित्र पद-पदावलीको रचनाद्वारा मनोहर, प्रत्येक व्यक्तिहरूका कीर्ति, शौर्य र प्रौढ प्रताप आदिलाई यति सुन्दर शैलीमा विवेचना गरेर निपुणतासाथ वर्णन गर्न स्वयं बृहस्पतिले पनि सक्तैनन्[198] भनेर पनि उनी आफ्नो काव्यरचनाकौशलको परिचय गर्वोक्तिको

[196] हेर्नु, **अभिलेख संख्या २३ ।**
[197] हेर्नु, **अभिलेख संख्या २३/२९ ।**
[198] हेर्नु, **अभिलेख संख्या २३/३१ ।**

भाषामा व्यक्त गर्दछन् । 'सकलविद्यापारग' र 'विदग्धचूडामणि' जस्ता विशेषणहरूले पनि[199] उनको विद्वत् व्यक्तित्वको विज्ञापन गरिरहेको प्रतीत हुन्छ । 'निर्दोष गद्य-पद्यका रचयिता, विविध काव्यरचनामा चतुर, मीमांसा, न्याय, पातञ्जल, वेदान्त, वैशेषिक, व्याकरण, काव्य, कोष, अलङ्कार आदि सकल शास्त्रको अनुसरण गर्ने, बौद्ध दर्शनद्वारा आनन्दित अन्तःकरण भएका'[200] आदि अभिलेखमा उत्कीर्ण प्रसङ्गले उनको बहुविध शास्त्र-व्यसन-परायणताको सङ्केत गर्दछ । 'गुरुको सान्निध्यमा रहेर सकल शास्त्र र तन्त्रादिको ज्ञान प्राप्त गरेको' र 'सकल तन्त्रशास्त्रबाट सबै मत-मतान्तरको विस्तृत अध्ययन गरेर' भन्ने वाक्यांश/पद्यांशले[201] पनि प्रताप मल्लको विद्याव्यसनप्रवृत्ति प्रकट हुन्छ । यसै गरी अभिलेख काव्यमा परेका तन्त्रशास्त्रसम्मत देवदेवीहरूको शास्त्रीय मर्यादाअनुरूपको विविध आयुध र मुद्राले समन्वित स्वरूपहरूको वर्णन र आराधनावाट, शान्तिपुर-प्रवेश प्रसङ्गमा उनले वर्णन गरेका तन्त्रशास्त्रोक्त देवदेवीको वर्णन र आराधनाको सन्दर्भबाट एवम् विभिन्न मत सम्प्रदायमा आराधना गरिने देवदेवीहरूको चर्चा परिचर्चाबाट समेत प्रताप मल्लको विद्वत्ता स्पष्ट हुन्छ । मोहनचोकस्थित भूगोल रचनाको अभिलेखमा वर्णित पौराणिक मानकअनुरूप निर्मित र वर्णित भूगोल परिमापको प्रस्तुतिबाट यिनको पुराणसम्मत भूगोलशास्त्रीय ज्ञान पनि स्पष्ट हुन्छ । वसन्तपुरस्थित जलद्रोणीको अभिलेखमा प्रस्तुत १५ भाषिक लिपियुक्त रचनाबाट यिनको बहुलिपिज्ञता स्पष्ट हुन्छ भने विशेषतः अभिलेख काव्यमा प्रयुक्त छन्दवैविध्य, शब्दालङ्कार र अर्थालङ्कारको चतुरतापूर्ण कुशल प्रयोग, रसभावादिको मर्यादित, मानक प्रयोगले समेत प्रताप मल्लको अलङ्कारशास्त्र किंवा काव्यशास्त्रसम्बन्धी सम्यग् ज्ञानको अभिव्यक्ति दिन्छ । यी सबै प्रसङ्गहरूले राजा प्रताप मल्लको बहुश्रुत बहुआयामिक विद्वत् व्यक्तित्वको स्पष्ट परिचय प्रकट गर्दछन् ।

२.३.५ सङ्गीतकार व्यक्तित्व

राजा प्रताप मल्लको व्यक्तित्वको अर्को आयाम सङ्गीत-साधनासित सम्बद्ध छ । उनका विविध अभिलेखमा प्रस्तुत राग र तालको उल्लेख, उनको प्रशस्तिमा परेका पद-पदावलीहरूमा सङ्गीतविद्यासम्बद्ध चर्चा-परिचर्चा र भित्तिचित्रहरूमा उनको वाद्यवादनशील स्वरूपाङ्कन् आदिका माध्यमबाट प्रताप मल्लको सङ्गीतकार व्यक्तित्व प्रकाशमा आउँछ । त्यसबेला आधुनिक समयमा झैं वाद्यवादन यन्त्रहरूको सहज उपलब्धता एवं व्यापकता पनि थिएन । सङ्गीतसम्बद्ध संयन्त्र र सङ्गीताङ्कन (रेकर्ड) गर्ने सुविधा पनि उपलब्ध थिएन, त्यसैले उनको सङ्गीत साधना कुन श्रेणीको थियो ?, भनेर छुट्याउने कुनै स्पष्ट आधार नभए तापनि शास्त्रीय शैलीका सङ्गीतपद्धति-सूचक पद-पदावलीहरूको प्रचुर प्रयोग र वर्णनबाट उनको सङ्गीतानुराग व्यक्त भएको छ । 'शस्त्र, शास्त्र र सधैं प्रीतिकर सङ्गीत विद्यामा समेत आनन्दपूर्वक केलिकर्म (क्रीडा)मा कुशल यस समस्त वरिपरिको भूपरिसरमा अर्को कोही छ भनेर कसले भन्न सक्दछ ?[202] भन्ने प्रसिद्ध गर्वोक्तिले पनि

---

[199] हेर्नु, **अभिलेख संख्या ३३ ।**

[200] हेर्नु, **अभिलेख संख्या २२ ।**

[201] हेर्नु, **अभिलेख संख्या ३८ ।**

[202] हेर्नु **अभिलेख संख्या २३/२९ ।**

प्रताप मल्लको सङ्गीतप्रतिको गम्भीर अभिरुचिलाई व्यक्त गर्दछ । यसै गरी 'सङ्गीत विद्यामा पारङ्गत'[203] भन्ने पदावली प्रताप मल्लका अनेक अभिलेखहरूमा उनको विशेषणका रूपमा प्रयुक्त भएको पाइन्छ । यसबाट पनि उनको सङ्गीतसम्बद्ध गहिरो अध्ययनलाई सूचित गर्दछ । तलेजुको सुवर्णद्वारमा अङ्कित, अभिलेखमा[204] रहेको गीतिरचनामा सारथ, धनाश्री, पहाडिया, केदार, विहाग, जयजयवन्ती र विलावलजस्ता शास्त्रीय-सङ्गीतसम्बद्ध रागहरूको र खर्जति, गण्डल, एकताल, झपताल आदि तालहरूको समेत प्रयोग गरिनाले प्रताप मल्लको शास्त्रीय-सङ्गीतसम्बद्ध गहिरो ज्ञानको अभिव्यक्ति हुन पुगेको छ । त्यसै गरी साँखु वज्रयोगिनीको अभिलेखमा[205] प्रयुक्त राजविजय राग र खर्जति तालको गीतिरचना र काठमाडौं भीमसेनस्थानको अभिलेखमा[206] उत्कीर्ण सोही राग र तालमा रचिएको सुन्दर गीतिरचनाले पनि प्रताप मल्लको सङ्गीतसाधना र शास्त्रीय ज्ञानको परिचय प्रदान गर्दछन् । त्यसै गरी नरसिंहको पादपीठमा अङ्कित[207] भैरवी राग र एक तालमा रचित प्रसिद्ध र मनोरम नृसिंहको स्तुतिपरक भक्तिगानले पनि उनको सङ्गीतविद्याप्रवीणतालाई व्यक्त गरेको पाइन्छ ।

यसैगरी उनको सबैभन्दा पहिलो अभिलेख (त्रिशूल डबलीस्थित अभिलेख)[208]मा प्रस्तुत 'श्रीमान् कवि प्रताप मल्लले गाएको मीठो गीतले तरुणीहरूको चोखो हृदयलाई पनि तुरुन्तै कामाभिलाषी बनाएदिएको'[209] रोचक वर्णन प्रसङ्गले उनको सङ्गीत र गानविद्यामा देखिएको कुशलता र हृदयहारिताको सूचना दिन्छ । 'गीत र भव्यकाव्यमा अत्यन्त कुशल मति भएका'[210] भन्ने कथनले पनि उनको गानकर्मकुशलताको सन्देश सुनाउँछ ।

हनुमान्ढोका राजदरबारको मूलद्वारलाई सुवर्णद्वार भनिन्छ । सो द्वारको तोरणमा विभिन्न कलात्मक दृश्यहरू अङ्कित गरिएका छन् । त्यहीं रहेका एउटा दृश्यमा वीणा हातमा लिइरहेका राजा र उनका नगीचै वीणाको धून सुनेर बसिरहेकी रानी देखाइएको छ । राजाको आकृति प्रताप मल्लको सालिकसँग मिल्दोजुल्दो देखिनाले ती दुई मूर्ति राजा प्रताप मल्ल र उनकी रानीका प्रतिमा हुन् भन्ने देखिन्छ ।[211] यसरी दरबारको मूलद्वारको तोरणमा समेत आफ्नो संगीतमग्न आकृति अङ्कित गराउनुले यिनको सङ्गीतप्रतिको झुकाव र सङ्गीतानुराग व्यक्त गर्दछ ।

---

[203] हेर्नु, **अभिलेख संख्या २३,२९ र ४२ ।**
[204] हेर्नु, **अभिलेख संख्या ४० ।**
[205] हेर्नु, **अभिलेख संख्या २० ।**
[206] हेर्नु, **अभिलेख संख्या २१ ।**
[207] हेर्नु, **अभिलेख संख्या ४३ ।**
[208] हेर्नु, **अभिलेख संख्या १ ।**
[209] **उही ।**
[210] **उही ।**
[211] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. ९० ।

यसरी यी विविध साक्ष्यहरूबाट राजा प्रताप मल्लको सङ्गीतकार व्यक्तित्व प्रकाशित हुन आउँछ ।

२.३.६ कलाकार व्यक्तित्व

मूलतः कुनैपनि काम राम्रोसित गर्ने सीपलाई नै कला भनिन्छ, शास्त्रीय परम्पराअनुसार व्यवहारोपयोगी समस्त चतुःषष्ठिकला (चौंसठ्ठी कला)लाई नै कला शव्दले बुझाउँछ ।[212] तापनि यहाँ कला शव्दले राजा प्रताप मल्लको व्यक्तित्वका रूपमा प्रकट भएका केही ललितकला र कौशलको चर्चाका सन्दर्भमा कला शब्दको प्रयोग गरिएको छ ।

प्रथमतः कलाकारका रूपमा उनको नर्तक व्यक्तित्व अभिलेखहरूबाट प्रकाशित हुन आउँछ । उनी कुशल नर्तक थिए भन्ने कुरो कवीन्द्रपुरको स्थापना र त्यहाँ उत्कीर्ण एउटा अभिलेखबाट[213] स्पष्ट हुन आउँछ । मरुसत्तलको नगीचै पूर्वदक्षिण कुनामा रहेको तीन छाने मन्दिरका रूपमा कवीन्द्रपुर आजसम्म पनि विद्यमान रहेको देख्न सकिन्छ । यसको भुइँतलामा नासलदेवता (नाट्‍श्वर शिव)को मूर्ति स्थापना गरिएको छ । आफ्नो मन परेको उपाधि 'कवीन्द्र'का नाममा प्रताप मल्लले यो मन्दिर स्थापना गरेका थिए । यो मन्दिर उनले विशेष कारणले बनाएका थिए । एक पटक प्रताप मल्ल आफैं नरसिंहको रूप धारण गरेर रङ्गशालामा नर्तक बनेर प्रस्तुत भएका थिए । रङ्गशालाको सानो वेदिकामा परम्पराअनुसार नृसिंहको पूजा गरिएको थियो । तर नृत्यकालमा नृसिंहस्थित वेदिकाबाट नृसिंहको आक्रोशस्वरूप डरलाग्दो आवाज निस्किन थाल्यो । तत्पश्चात् नृसिंह भगवान्लाई प्रसन्न तुल्याउन सो कवीन्द्रपुर मन्दिरको निर्माण गरी त्यहाँ नरसिंह, नासलदेवता, नन्दी र महाकाल आदि देवताको स्थापना गरिएको थियो । यसको माथिल्लो तला खुला सभा-कक्षको शैलीमा निर्मित छ, त्यहाँ नाचगानको नियमित अभ्यास र नृत्यगीतादि सभाको आयोजना समेत गरिन्थ्यो भन्ने कुरा इतिहासविद्हरूले[214] सङ्केत गरेकाछन् ।

उनले रचेको 'नृत्येश्वरदशकम्' काव्यमा 'आफूले नृसिंहको रूपाकृति धारण गरेर नृत्य गरेको र नृसिंह भगवान्को त्रासद हुंकार ध्वनि निरन्तर सुनिएको' प्रसङ्ग उल्लेख गर्दै प्रताप मल्लले 'त्यसैले यत्नपूर्वक यो मन्दिर बनाई नृसिंहदेवको स्थापना गरिएको' तथ्य बताएर 'कृपापूर्वक रक्षा गरिदिनुहोस्' भन्ने प्रार्थना देवतासमक्ष राखेका छन् । नृत्यनाथको नमन गर्दै नाटकमा अभिनय गरिने 'श्रृङ्गारादि नवै रसको अभिव्यक्ति दिने' भनेर नाट्येश्वर शिवको आराधना

---

[212] बालकृष्ण पोखरेल र अन्य, (सम्पा.) **पूर्ववत् नं. १३**, पृष्ठ २१२-२१३ ।

[213] हेर्नु, **अभिलेख संख्या ४४** ।

[214] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृष्ठ ५१-५२ ।

गरेका छन् । नाटक र नृत्यकर्ममा प्रयोग गरिने वाद्य आदिको नाम लिंदै नृत्येश्वर शिवको नृत्यकर्मको आकर्षक चित्रण[215] पनि उनले त्यहाँ प्रस्तुत गरेका छन् ।

यिनै तथ्यहरूले राजा प्रताप मल्लको नृत्यतर्फको अभिरुचि, ज्ञान र नृत्यकलामा उनको कुशलतालाई व्यक्त गर्दै उनलाई नर्तक व्यक्तित्व प्रदान गर्दछन् । उनको नृत्यरत एउटा दुर्लभ तस्वीर पनि प्राप्त भएको छ ।

उनका अभिलेखहरूबाट उनको अश्वारोहण कला पनि प्रकट भएको छ र उनी दक्ष एवम् कलापूर्ण अश्वारोही थिए भन्ने तथ्य प्रकाशित भएको छ । त्रिशूल डबलीको अभिलेखमा भनिएको छ : 'जब जब यिनी घोडामा चढ्दथे त्यसबेला कसको मन आनन्दित र मुग्ध हुँदैनथ्यो र ? सुन्दरी नारीहरूको मनमा (उनको अश्वारोहण मुद्रालाई देखेर) अनायास कामभावना बढेर आउँथ्यो ।[216] यस चित्रणले प्रताप मल्लको अश्वारोहण कौशलको आकर्षक विम्व प्रस्तुत गर्दछ ।

यसरी नृत्य एवम् अश्वारोहण कौशलबाट उनको कलाकार व्यक्तित्व प्रकाशमा आउँछ ।

२.३.७ शारीरिक व्यक्तित्व

राजा प्रताप मल्लको शारीरिक व्यक्तित्व अत्यन्त आकर्षक थियो । त्यसवेला फोटो खिंच्ने र चित्र बनाउने कलाको उत्तिसारो प्रचलन नरहेकाले राजा प्रताप मल्लका तस्वीरहरू उपलब्ध गर्न अत्यन्त गाह्रो छ । कुनै पनि व्यक्तिको व्यक्तित्व वर्णनका आधारमा कलाकारले कल्पनाको रङ्ग चढाएर विभिन्न ऐतिहासिक पुरुषका तस्वीर त बनाएका नै छन् । तर राजा प्रताप मल्लको शारीरिक व्यक्तित्व प्रकट गर्ने एउटा जीवन्त साक्ष्य हाम्रा सामुन्ने हामी अझै पाउँछौं । प्रतापमल्लको अमर निशानी रानीपोखरीको दक्षिण तटमा स्थापित गजारोहणमुद्रामा निर्मित प्रताप मल्लको मानवाकार जीवन्त मूर्तिले उनको शारीरिक व्यक्तित्व चिन्न धेरै मद्दत गर्दछ । आफ्ना पुत्रहरूका साथ उत्तराभिमुख भएर हात्तीमाथि चढेका प्रताप मल्ल त्यहाँ साँच्चिकै आकर्षक देखिन्छन् । गोरो, हृष्टपुष्ट आकर्षक हँसिलो मुहार, मनको स्वच्छ भावनालाई अभिव्यक्त गर्ने ठूला ठूला निर्मल आँखा, पुष्ट उठेका गाला, उच्च र चौडा निधार, मिलेको उच्च नासिका, पुष्ट ओष्ठद्वय र माथिल्लो ओठमाथि चिटिक्क मिलाएर छाँटिएका जुँघा, सुडौल चिउँडो र मिलेका केही लाम्चो आकारका कानले समेत उनको चेहरामा गहिरो आकर्षण पैदा गरेका छन् । राजसी पगडी र पोशाकमा उनी अत्यन्त हृदयाकर्षक लाग्दछन् । छरितो शरीर, नातिदीर्घ कद भएका प्रताप मल्लको स्वरूपमा राजोचित आभा र उच्च मानवीय गुण अभिव्यक्त भएको पाइन्छ । जीवन्तता, कला-कुशलता, शौर्य, प्रसन्नता र रसिकता उनको शारीरिक व्यक्तित्वको सार रहेछ भन्ने कुरा उक्त मूर्तिबाट थाहा हुन्छ ।

---

[215] हेर्नु, **अभिलेख संख्या ४४ ।**
[216] हेर्नु, **अभिलेख संख्या १/१७ ।**

राजा प्रताप मल्लको अर्को मूर्ति हनुमान्ढोका राजदरबारको परिसरमा रहेको प्रतापध्वजको माथिल्लो गोलाकार भागमा उत्कीर्ण गरिएको पाइन्छ । दायाँ हातमा अक्षमाला र बायाँ हातमा हस्तलिखित ग्रन्थ (सायद देगुतलेजुको स्तोत्र) लिएका राजा प्रताप मल्लको सो प्रतिमा स्वर्ण निर्मित छ । वि.सं. १७२७ मा स्थापित सो स्तम्भ र उक्त प्रतिमामा राजा प्रताप मल्लले शिरमा कल्की समेतको राजसी पगडी र कण्ठमा बहुमूल्य हार धारण गरेको देखिन्छ । घुँडा टेकेर देगुतलेजु माताको मन्दिरतिर अभिमुख भई नमस्कार मुद्रामा प्रताप मल्ल रहेका छन् । उनको मुखमा राजोचित ओज देखा पर्दछ । देवीको आराधनामा तल्लीन उनको मुखमुद्रामा भक्ति र श्रद्धाको गहन भाव अभिव्यक्त भएको देखिन्छ । यसबाट पनि राजा प्रताप मल्लको शारीरिक भव्य व्यक्तित्वको पहिचान हुन्छ ।

त्यस्तै अर्को सानो प्रतिमा त्रिशूलचोकस्थित सिंहध्वजमा पनि देख्न सकिन्छ । दुई राजकुमारका साथ नमस्कार मुद्रामा रहेका प्रताप मल्लको शारीरिक व्यक्तित्व यहाँ अत्यन्त मनोहर देखिन्छ । देवीको दर्शन पाउन उत्कण्ठित भएर माथि हेरिरहेका राजा प्रताप मल्लको आकृति भक्तिभावले परिपूर्ण देखिन्छ ।[217] यसरी उनको हृदयमा रहेको देवताविषयिणी रतिरूप मूल स्थायीभाव उनको मुहारमा झल्किने तथ्य यस प्रतिमाले प्रकट गर्दछ ।

अभिलेख रचनाहरूमा राजा प्रताप मल्लको शारीरिक सौन्दर्यको चित्रण गर्दै सुरूपताको भूरि भूरि प्रशंसा गरिएको पाइन्छ । 'मेरो रूपको चोर यही हो भन्ठानेर पो हो कि ? अत्यन्त क्रुद्ध भएको कामदेवले कामिनीहरूको रूपमा रहेर आँखीभौंका धनुषबाट छोडिएका कटाक्षबाणहरूले प्रहार गर्ने गर्दछ'[218] भनेर आलङ्कारिक ढंगले त्यहाँ उनको कामदेवोपम सौन्दर्यको गीत गाइएको छ । यसप्रकार यी विभिन्न स्रोतहरूबाट राजा प्रताप मल्लको भव्य शारीरिक व्यक्तित्व प्रकाशित हुन्छ । समग्र मानवोचित उत्तम गुणहरूले सम्पन्न आन्तरिक व्यक्तित्वको प्रतिबिम्ब उनको भौतिक/शारीरिक व्यक्तित्वमा झल्किएको पाइन्छ ।

२.३.८ उपसंहार र निष्कर्ष

राजा प्रताप मल्ल ३३ वर्षसम्म कान्तिपुरको एकच्छत्र शासन गर्ने अत्यन्त प्रतापी राजा थिए । रूप र गुण दुवै दृष्टिले उनको व्यक्तित्व भव्य थियो । आन्तरिक र बाह्य रूपमा समेत राजा प्रताप मल्लको व्यक्तित्व नामानुरूप प्रतापसम्पन्न एवम् हृदयाकर्षक थियो । भगवद्भक्तिमा समर्पित, दुष्टजननाशक, शत्रुविध्वंशक एवम् विजिगीषु प्रकृतिका राजा प्रताप मल्लमा दानशीलता, काव्यकला-कुशलता, सङ्गीत-नृत्य-गाननिपुणता आदि व्यक्तिवैशिष्ट्यहरूको समहार थियो । धर्म, संस्कृति र कलाप्रति प्रगाढ अनुराग भएको उनको हृदय भगवद्भक्ति, सुचारु राज्यव्यवस्थापन,

---

[217] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृष्ठ ११४ ।
[218] हेर्नु, **अभिलेख संख्या** १/१८ ।

शत्रुदलमर्दन एवम् प्रजावात्सल्यका सत्कार्यहरूद्वारा आभासित, प्रसन्न एवम् उदात्त बन्न पुगेको थियो । निरन्तरको भगवत्प्रीति, काव्य-साधना, रणाभियान, विकास-निर्माणका कार्य एवम् कलाको आराधनाद्वारा उनको जीवन-पद्धति शुभ्र, स्वच्छ र पावन बन्न पुगेको थियो । विभिन्न ऐतिहासिक स्रोतहरूका आधारमा मल्ल वंशमा सर्वाधिक समुज्ज्वल प्रकाश-पुञ्जका रूपमा प्रताप मल्लको यशस्वी व्यक्तित्व हाम्रा मानसपटमा प्रतिबिम्बित हुन पुगेको छ । उनको व्यक्तित्वका अनुशीलनको निष्कर्ष निम्न बुँदाहरूमा समेटिएको छ :

क. राजा प्रताप मल्लको व्यक्तित्व अनेक आयामहरूमा फैलिएर रहेको छ ।

ख. अत्यन्त महत्वाकाङ्क्षी र विजिगीषु स्वभावका साथ ३३ वर्षको सफल र यशस्वी राज्यकालका आधारमा उनको प्रतापशील राजनीतिक व्यक्तित्व प्रकट भएको छ ।

ग. आलङ्कारिक, त्रिगुणोत्कर्षी, रसभावसमन्वित हृदयहारी काव्य-निर्मितिबाट उनको उत्तम कवि व्यक्तित्व प्रकाशित भएको छ ।

घ. व्याकरण, कोष, अलङ्कार, दर्शन, तर्क आदि शास्त्रको सम्यग् अध्ययन र तन्त्र, बहुविध भाषा एवम् लिपिको निरन्तर अभ्यासद्वारा उनको बहुश्रुत एवं उन्नत विद्वद्व्यक्तित्व झल्किन पुगेको छ ।

ङ. शात्रीय सङ्गीत-गायन र वाद्यवादन एवम् गीतिरचनाका अनेक प्रस्तुतिद्वारा उनको कुशल सङ्गीतकार व्यक्तित्व व्यक्त हुन पुगेको छ ।

छ. शास्त्रीय नृत्यको समर्पित साधक एवम् कुशल अश्वारोहीका रूपमा उनको ललित कलाकार व्यक्तित्व प्रतिबिम्बित भएको छ ।

ज. कामदेवोपम स्वरूप र आन्तरिक गुणको अभिव्यक्ति दिने प्रतापी, ओजस्वी तर भावपूर्ण एवम् प्रसन्न मुखमुद्राद्वारा उनको चित्ताकर्षक शारीरिक व्यक्तित्व झल्किएको छ ।

झ. महायोगी भर्तृहरिको कथनानुरूप साहित्य-सङ्गीत-कलासम्पन्न राजा प्रताप मल्लको समग्र व्यक्तित्व समुन्नत एवं जाग्रत् उत्तम मानवका रूपमा प्रतिष्ठित रहेको पाइन्छ ।

२.४ प्रताप मल्ल : प्रमुख क्रियाकलाप

प्रस्तुत शोधप्रबन्ध-ग्रन्थका नायक राजा प्रताप मल्लका प्रमुख क्रियाकलापहरूको कालक्रमिक विवरण अब यहाँ प्रस्तुत गरिन्छ । नेपालका तीनै राज्यमा भएका एक बीसभन्दा धेरै राजाहरूमा आफ्ना प्रताप र क्रियाकलापले सहजै सवैभन्दा ठूला गनिने[219] राजा प्रताप मल्लले आफ्नो जीवनकालमा सम्पन्न गरेका मुख्य मुख्य ऐतिहासिक सामग्रीहरूबाट उपलब्ध

[219] ज्ञवाली, **पूर्ववत् नं.२१**, पृष्ठ १४६ ।

क्रियाकलापहरूको विवरणका माध्यमले राजा प्रताप मल्लको विराट् व्यक्तित्वलाई प्रकाशित गर्नु नै यस प्रस्तुतिको उद्देश्य हो । कान्तिपुरका मल्ल राजाहरूमा सबैभन्दा प्रतापी[220] र नामी एवम् विद्वान् र कविका रूपमा समेत परिचित राजा प्रताप मल्लका सामाजिक, साँस्कृतिक, धार्मिक, राजनीतिक आदि क्षेत्रसँग सम्बद्ध क्रियाकलापहरूको सिलसिलेवार विवरण र चर्चा एवम् टिप्पणी यसप्रकार छ :

२.४.१ सानै उमेरमा राजनीतिक सक्रियता

राजा प्रताप मल्ल अन्य मल्ल राजाहरूभन्दा वेग्लै चरित्रका थिए ।[221] उनी दूरदर्शी व्यक्ति थिए र उनलाई उपत्यकाको राजनीतिक विभाजन मन परेको थिएन ।[222] उनी उपत्यकाको एकीकरण गरेर एउटै मल्ल राज्य बनाउने पक्षमा थिए । त्यसैले गद्दीमा वस्नुभन्दा अघिदेखि नै उनी राजनीतिमा सक्रिय थिए[223] । एघार वर्षकै उमेरदेखि प्रशासनिक क्रियाकलापमा रुचि राख्ने प्रताप मल्लले वि.सं. १६९३ मा १३ वर्षको उमेरमा पित लक्ष्मीनरसिंह मल्लकै राज्यकालमा पाटनमा आक्रमण गरेका थिए ।[224] पाटनमा स्वतन्त्र राज्य स्थापित भएको कुरा यिनलाई मन परेको थिएन । यिनी भादगाउँको स्वतन्त्र राज्य भएकामा पनि असन्तुष्ट थिए । समस्त कान्तिपुरेहरूका साथमा वि.सं. १६९३ मा प्रताप मल्लले पाटनमा आक्रमण गरेका बेला पाटनका तत्कालीन राजा सिद्धिनरसिंह मल्ल प्रसिद्ध प्रस्तरनिर्मित कृष्ण मन्दिर वनाइसकेर कोटिहोम गरिरहेका थिए । सारा पाटनवासीहरू मिलेर कान्तिपुरेहरूसँग मुकाविला गरेकाले त्यस अभियानमा असफल भई प्रताप मल्लले फर्किनुपऱ्यो ।[225]

२.४.२ राज्यारोहण र मुद्रा निष्काशन

वि.सं. १६९८ मा प्रताप मल्लले राज्यारोहण गरे । वंशावलीअनुसार प्रताप मल्लका पिता लक्ष्मीनरसिंह मल्ल विकृतमस्तिष्क भएकाले राजगद्दीमा बसिरहन उपयुक्त नभएकाले उनलाई वन्दी बनाई[226] राजा प्रताप मल्ल राजगद्दीमा बसेको तथ्य प्रकाशित हुन आउँछ । त्यसबेला प्रताप मल्ल १८ वर्षका युवक थिए । प्रताप मल्लले आफ्ना पिता मानसिक रूपमा विकृत र असक्षम भएकाले उनलाई बन्दी बनाई आफू राजा भएको घोषणा गरे । आफू राजा हुनासाथ

---

[220] मुनँकर्मी, **पूर्ववत् नं. ६९.** पृ. ११३ ।

[221] वज्राचार्य, (सम्पा.) **पूर्ववत् नं. २७.** पृ. ८० ।

[222] ज्ञवाली, **पूर्ववत् नं.२२.** पृ. १४७ ।

[223] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२६ ।

[224] **उही** ।

[225] **उही** ।

[226] 'तत्कालीन एक ठ्यासफुमा' ने.सं. ७६१(वि.सं. १६९८)भाद्रशुक्ल पञ्चमी, यस दिन राती प्रताप मल्ल र भीम मल्ल यी दुई जना मिली श्रीश्री लक्ष्मीनरसिंहमल्ललाई बन्दीखानामा राखे" भन्ने वर्णन छ।'पेशल दाहाल,**पूर्ववत् नं. ३३.** पृ. १२५ ।

प्रताप मल्लले आफ्नो नाम अङ्कित भएको मुद्रा (टक) निष्काशन गरे । यसरी राजा प्रताप मल्लको नाम अङ्कित भएको पहिलो मुद्रा ने.सं. ७६१, तदनुसार वि.सं. १६९८ (इ.सं. १६४१) को प्राप्त हुन आएको छ ।

२.४.३ त्रिशूलचोकमा सिंहध्वजको स्थापना

आफू राजा हुनासाथ राजा प्रताप मल्लले सम्पन्न गरेको पहिलो कार्य त्रिशूलचोकमा अवस्थित सिंहध्वजको स्थापना गर्नु हो । नेपाल संवत् ७६२, तदनुसार वि.सं. १६९९ ज्येष्ठ कृष्ण नवमी शुक्रवार[227]का दिन हनुमान्ढोका राजदरबारको परिसरमा रहेको तलेजु मन्दिरको दक्षिणतिरको प्राङ्गणमा रहेको सो त्रिशूलचोकमा उपर्युक्त सिंहध्वज स्थापित गरिएको हो । मल्ल राजाहरूकी इष्टदेवीका रूपमा प्रसिद्ध भगवतीको भव्य तलेजु मन्दिरको विशाल दक्षिणी प्राङ्गणमा शाक्तसम्प्रदायको चिन्हस्वरूप विशालाकार त्रिशूल स्थापित गरिएको र त्यसैका आधारमा त्रिशूलचोकका नामले परिचित सो स्थानमा मध्यभागनिर तलेजुभवानीको मन्दिरसामुन्ने तीनवटा विशाल प्रस्तरस्तम्भ रहेका छन् । तिनमध्ये सबैभन्दा अगाडि रहेको प्रस्तरस्तम्भ पनि राजा प्रताप मल्लले वि.सं. १७२० पौषमा स्थापना गरेका हुन् । यसै स्तम्भको पछिल्तिर रहेको स्तम्भचाहिँ सिंहध्वजका नामले सुपरिचित छ । यस प्रस्तरस्तम्भको माथिल्लो भागमा पखेटावाल सिंहको ढलौटको सालिक[228] रहेको छ । सिंह तलेजु भगवतीको वाहन भएकाले भगवतीलाई प्रसन्न तुल्याउन राजा प्रताप मल्लले आफू राजगद्दीमा बसेको एक वर्ष पनि पूरा नहुँदै (७ महिनामै) आफ्नी इष्टदेवीलाई सो आकर्षक सिंहप्रतिमा चढाएको देखिन्छ । लिच्छविकालिक मुद्राहरूमा पनि पखेटावाल सिंहको आकृति अङ्कित गरिएको पाइन्छ, यही प्राचीन परम्पराको अनुगमन गर्दै त्यस्तो सिंहको सुनको मुलम्बा लगाएको धातुको प्रतिकृति[229] राजा प्रताप मल्लले निर्माण गरी यहाँ चढाएको देखिन्छ । सो सिंहध्वजको आधारभूत प्रस्तरस्तम्भमा एउटा भव्य अभिलेख[230] पाइन्छ । जसमा राजा हरसिंहदेवदेखि लिएर प्रताप मल्लसम्मका मल्ल वंशोद्भव राजाहरूको वंशावलीको वर्णन प्रस्तुत गरिएको छ । प्राञ्जल संस्कृत भाषमा विरचित शार्दूलविक्रीडित, स्रग्धरा, वसन्ततिलका, उपजाति र मालिनीजस्ता छन्दहरूमा आवद्ध २७ वटा श्लोकहरूमा सम्पन्न सो अभिलेखमा आलङ्कारिक शैलीमा राजा प्रताप मल्लका यशस्वी पूर्वजहरू र स्वयं राजाको समेत वर्णन गरिएको छ । यहाँ गीत र भव्य काव्यरचना गर्न सिपालु राजा प्रताप मल्लले हरवधूलाई सन्तुष्ट तुल्याउन यो सिंहध्वज स्थापना गरेको हो भन्ने उल्लेख गरिएको छ । अभिलेखको अन्त्यभागमा नेवारी भाषामा लेखिएको अभिलेखांशमा राजदै(व)ज्ञ मयूरध्वज भारोद्वारा यो लेखिएको हो भन्ने वाक्य आएको छ ।

---

[227] हेर्नु, **अभिलेख संख्या १** ।

[228] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. ११५।

[229] दाहाल, **पूर्ववत् नं. ३३.** पृ. १२९ ।

[230] हेर्नु, **अभिलेख संख्या १** ।

२.४.४ श्री पशुपति र गुह्येश्वरीको पूजा व्यवस्था

ने.सं. ७६४, तदनुसार विक्रम संवत् १७०० को महाशिवरात्री माघकृष्ण चतुर्दशी शनिवारका दिन श्री पशुपतिनाथको पूजाआजा एवं श्री गुह्येश्वरी माताको पूजासमेत सम्पादन गराउन राजा प्रताप मल्लले जम्मा ४२ रोपनी खेत चढाएका थिए ।[231] श्री पशुपति गोश्वारामा रहेको ताम्रपत्राभिलेखअनुसार सो खेत विभिन्न भूभागवाट एकत्रित गरी एकमुष्ट रूपमा श्री पशुपति र गुह्येश्वरीको पूजा-आजाको सुव्यवस्थाका लागि प्रदान गरिएको स्पष्ट हुन आउँछ। श्री पशुपतिको समीपमा दुन्दुभि, करनाल र काँस्यवाजा बजाउन, प्रतिदिन बलि गर्न, मार्जनीले चारैतिर बढारेर सरसफाई गर्न, धूप, दीप नैवेद्यादिको व्यवस्था गर्न र श्री गुह्येश्वरीको पूजा-आजा गराउन समेत सो ४२ रोपनी क्षेत्रफल भएको खेत चढाएको वेहोरा उपर्युक्त ताम्रपत्राभिलेखमा उल्लिखित छ । श्री ३ पशुपतिको प्रीतिका निम्ति चढाइएको सो क्षेत्रदानलाई अन्यथा गर्ने उपर पञ्चमहापातकीको पाप लाग्ने कुरा उल्लेख गरी कालान्तरसम्म पनि सो दान र त्यसबाट सम्पन्न हुने पूजा-आजको सत्कार्यले निरन्तरता पाओस् भन्ने ध्येय त्यस अभिलेखवाट पुष्ट हुन आउँछ । सो पूजा-आजाको कार्यमा संलग्न रहने व्यक्तिहरूलाई जीविकाको व्यवस्था पनि गरिएको बेहोरा उल्लेख गर्दै अमिसिंह वैद्य, प्रयाग वैद्य, धरणीधर वैद्य र नरहरि वैद्य यति चार जनाले निष्पक्ष रूपले सो व्यवस्था चलाउँदै जाने र यसबाट पुण्य मिल्ने, अन्यथा उनीहरूलाई पञ्चमहापातक लाग्ने कुरा पनि सो अभिलेखमा स्पष्ट पारिएको छ । यस अभिलेखका लेखक राजदैवज्ञ मयूरध्वज भनी उल्लेख गरिएको छ। यसरी श्री पशुपतिनाथ र श्री गुह्येश्वरीको पूजा-आजाको सुचारु व्यवस्थाका लागि आफू राजा हुनासाथ प्रताप मल्लले अविलम्ब यथोचित गुठीको स्थापना गरेको स्पष्ट हुन्छ ।

२.४.५ तलेजुको मन्दिरभित्र राजा प्रताप मल्लको मूर्ति स्थापना

ने.सं. ७६५ तदनुसार विक्रम संवत् १७०१ को पौष शुक्ल पूर्णिमा बिहिवारका दिन राजा प्रताप मल्लले श्री तुलजा भवानीको प्रीत्यर्थ तलेजुको मन्दिरभित्र देवीकै मूर्तिसामु आफ्नो प्रतिमा स्थापित गराएका थिए ।[232] त्यसको पादपीठमा उत्कीर्ण सानो अभिलेखअनुसार आफ्नो इष्टदेवताका चरणकमलको भक्तिले जन्मजन्मान्तरसम्म तुला (तुलजा) देवीको सेवा गर्नका निम्ति देवीकै अगाडि मैले आफ्नो (सानो) मूर्ति स्थापना[233] गरेको छु, शुभहोस् भन्दै राजाले श्रीश्रीप्रतापवर्म्मा भनेर आफ्नो नाम उल्लेख गरेको पाइन्छ ।

---

[231] हेर्नु, **अभिलेख संख्या २** ।

[232] हेर्नु, **अभिलेख संख्या ३** ।

[233] वज्राचार्य, **पूर्ववत्** नं. १६७. पृ. २०२ ।

२.४.६ मोहन चोकको निर्माण कार्य

ने.सं. ७६९ तदनुसार वि.सं. १७०५ फाल्गुण कृष्ण सप्तमीका दिन मोहनचोकको निर्माण कार्य सम्पन्न गरेको तथ्य त्यहीँ उत्कीर्ण गरी राजा प्रताप मल्लले स्थापित गरेको तथ्य सुवर्णपत्राभिलेखबाट ज्ञात हुन्छ ।[234] वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको मुख्य भाग नासलचोकको उत्तरपट्टि मोहनचोक रहेको छ । त्यस चोकको उत्तरी लङ्मा दलानमा टाँसिएको उक्त सुवर्णपत्राभिलेखमा यस चोकलाई मनमोहनचोकको संज्ञा दिँदै राजराजेश्वरी इष्टदेवता श्रीतलेजुको वरप्रसादबाट नेपालभूपालचूडामणि रविकुलतिलक महाराजाधिराज श्रीश्री जय प्रतापमल्लदेवद्वारा यस चोकको निर्माण गरिएको कुरा उल्लेख गरिएको छ । नेवारी भाषामा लिखित सो अभिलेखमा त्यस निर्मित संरचनालाई सुरक्षित राख्नेलाई उत्तम पुण्यफल प्राप्त हुने र त्यसको हानि नोक्सानी गर्नेलाई जघन्य पाप लाग्ने बेहोरा पनि उल्लेख गरिएको छ ।

मोहनचोक मल्लकालमा विशेष महत्वको स्थल रहेको थियो । राजा र राजपरिवारको वासस्थान त्यसबेला मोहनचोकमा नै थियो । देशदेशान्तरका राजाहरूसँग मित्र-सम्वन्ध जोड्दा र कूटनीतिक मन्त्रणा गर्दा समेत सोही चाकको प्रयोग गरिन्थ्यो । त्यसका अतिरिक्त राजाहरूले मीत लाउँदा, राजपरिवारको व्यक्तिलाई बन्धनमा राख्नुपर्दा, मित्र राजाहरूलाई स्वागत सत्कार गर्दा, सन्धि गर्दा र अन्य राजकीय महत्वपूर्ण कार्य गर्दासमेत यसै मोहनचोकको प्रयोग गरिन्थ्यो । राजा र राजाका व्यक्तिहरूबाहेक अन्य कसैलाई यहाँ प्रवेश थिएन । यस चोकमा जन्मेको राजकुमारमात्र राजगद्दीको हकदार हुन्छ भन्ने धारणा समेत प्रचलित थियो ।[235]

यो चोक राजा लक्ष्मीनरसिंह मल्लकै पालामा निर्मित **मोहनचवुक्वाथ**को पुनर्निर्माण हो भन्ने तथ्य इतिहासहरूबाट देखिन आउँछ । तर, त्यसमा केही विशिष्ट निर्माणहरू भने राजा प्रताप मल्लद्वारा नै सम्पन्न भएको कुरा स्पष्ट हुन्छ । यस चोकको पश्चिम लङ्को भुइँतल्लामा अष्टमातृकाका सुन्दर मूर्तिहरू स्थापित छन् । मोहनकाली भन्ने नामले ती मूर्तिहरू प्रसिद्ध छन् । देवी कालीले राजा प्रताप मल्ललाई सपनामा आई 'मेरो मूर्ति स्थापना गर' भन्ने आज्ञा दिएकाले राजा प्रताप मल्लले यी मूर्तिहरू बनाउन लगाई स्थापित गरेका हुन् भन्ने अनुश्रुति रहेको कुरा वंशावलीमा[236] उल्लेख गरिएको छ ।

मोहनचोकको उत्तरी लङ्को दलान मल्लकालमा विशेष महत्वको रहेको थाहा हुन आउँछ । राजा र राजपरिवारका व्यक्तिको अवसान हुने बेलामा यस दलानमा ल्याएर राख्ने काम गरिन्थ्यो । यस दलानको दलिनमा जलाशय नारायण र अरु अनेक देवदेवताका मूर्ति अङ्कित सुनको चंदुवा टांगिएको छ, मृत्युशय्यामा रहेका व्यक्तिले भगवान् नारायणको दर्शन प्राप्त गरी मुक्तिलाभ गरुन्

[234] हेर्नु, **अभिलेख संख्या ४ ।**

[235] वज्राचार्य, **पूर्ववत् नं. ११२**, पृ. १०० ।

[236] लम्साल, **पूर्ववत् नं. १०३**, पृ. ८२-८३ ।

भन्ने उद्देश्यले त्यसको निर्माण भएको हो । यस्ता विविध मूर्ति र कलाकृतिहरूले सुसज्जित मोहनचोकका नामले प्रसिद्ध तर अभिलेखमा चाहिँ मनमोहनचोक भनिएको त्यस निर्मितिलाई राजा प्रतापमल्लको उल्लेख्य निर्माण कार्य मानिन्छ । यसै चोकको छेउमा त्यसै चोकको एउटा अङ्गका रूपमा बनेको आगमछेंको मन्दिर पनि राज प्रताप मल्लकै कृति हो भन्ने अनुमान[237] इतिहासविद्हरूले गरेका छन् । हनुमान्ढोका राजदरबारको पछाडि लामो वार्दली भएको घरको छानामा बुर्जाको रूपमा उठेको तीनछाने मन्दिर नै आमछेँका नामले प्रसिद्ध छ । यस मन्दिरभित्र मल्ल राजाहरूद्वारा गुप्त रूपमा पूजा गरिने आगमदेवताको स्थापना गरिएको छ ।

२.४.७ कृष्णमन्दिरको निर्माण

ने.सं. ७६९, तदनुसार वि.सं. १७०५ फागुन कृष्ण षष्ठी बिहिबारका दिन राजा प्रताप मल्लले हनुमान्ढोका राजदरबारको पश्चिमपट्टि कृष्णमन्दिरको स्थापना गरेको पाइन्छ । यो मन्दिर देगुतलेजुको पश्चिम-उत्तर कुनामा नजीकै सडकपारि, ठूलो घण्टाको उत्तरतिर अवस्थित छ । यो मन्दिर आठ कुने आकारप्रकारमा निर्मित छ । वि.सं. १६९३ मा पाटनका राजा सिद्धिनृसिंह मल्लले आफ्नो दरबारपरिसरमा कोटिहोमसमेत गरी प्रस्तरनिर्मित कृष्णमन्दिर बनाएका थिए । त्यस बेला प्रताप मल्लले त्यहाँ आक्रमण पनि गरेका थिए । त्यहाँ सिद्धिनृसिंह मल्लले निर्माण गरेको सो कृष्ण मन्दिरबाट प्रभावित भएर आफ्नो दरबारको अग्रभागमा राजा प्रताप मल्लले उपर्युक्त आठ-कुने कृष्णमन्दिरको निर्माण गरेको प्रतीत हुन्छ ।[238]

राजा प्रताप मल्लका धेरै रानीहरू थिए । तीमध्ये उनलाई असाध्यै मनपरेका रानीहरू दुईजना थिए - विहारप्रदेशका राजकुमारी रूपमती र कर्णाटकदेशकी राजकुमारी राजमती । तर वि.सं. १७०५ सम्ममा ती दुवैको मृत्यु भइसकेको थियो । यसबेला राजा प्रताप मल्ल केवल ३६ वर्षका थिए । आफ्नो युवावस्थामै यसरी पत्नीवियोगले पीडित भएका प्रताप मल्लले आफ्ना प्रिय पूर्वोक्त दुई रानीहरूको सम्झनामा त्यो प्रसिद्ध आठकुने कृष्ण मन्दिरको निर्माण गराएका थिए । सो मन्दिरभित्र तीनवटा मूर्तिहरू स्थापित छन् । बीचमा भगवान् श्रीकृष्णको र दायाँ र बायाँ भागमा रुक्मिणी र सत्यभामाको मूर्ति त्यहाँ स्थापित गरिएको छ । तीमध्ये श्रीकृष्णको मूर्ति राजा प्रताप मल्लकै प्रतिकृतिका रूपमा र अन्य दुई स्त्रीमूर्तिहरू चाहिँ तिनै स्वर्गत प्रिय रानीहरू रूपमती र राजमतीको प्रतिकृतिका रूपमा स्थापित छन् भन्ने कुरा त्यसै मन्दिरको दक्षिण पूर्वपट्टिको भित्तामा, मन्दिरभित्र पस्ने मूलद्वारको दायाँपट्टि लौहलेप गरेर राखिएको आकर्षक शिलालेखको[239] विवरणले स्पष्ट पार्दछ । ती दुई रानीहरूसँग जन्मजन्मान्तरसम्म पनि विछोड नहोस् भन्ने इच्छाले यसो गरिएको कुरा त्यहाँ उल्लेखित छ । संस्कृत र नेवारी भाषामा रचित

---

237 वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. ८७ ।

238 **उही** पृ. १२१ ।

239 हेर्नु, **अभिलेख संख्या ५ ।**

त्यो शिलालेखमा स्रग्धरा, शार्दूलविक्रीडित र अनुष्टुप् छन्दका ११ वटा संस्कृत श्लोक छन् र अन्त्यमा त्यसको सारसंक्षेप नेवारी भाषामा उत्कीर्ण गरिएको छ । ती पूर्वोक्त संस्कृत पद्यहरूमा आलङ्कारिक शैलीमा साहित्यिक संस्कृतको प्राञ्जल भाषा-शिल्पको प्रयोग गर्दै राजाद्वारा आफ्नो वंशावली र वीरताको बयानका साथै ती दुई दिवङ्गता रानीहरूको समेत वंशावलीको वर्णनका गर्दै उनीहरूको शारीरिक सौन्दर्य र आन्तरिक सद्‌गुणहरूको सानुराग वर्णन र सराहना गरिएको पाइन्छ । ती श्रेष्ठ युवतीहरूको स्वर्गप्राप्तिका निम्ति यो सुन्दर मन्दिरको निर्माण गरी मूर्तिहरूको स्थापना गरेर विधिपूर्वक तिनको प्राणप्रतिष्ठा गरिएको विवरण त्यहाँ स्पष्ट पारिएको छ । नेवारी भाषाको लेखोटमा रुक्मिणी र सत्यभामाको साथ 'वंशगोपाल'को मूर्ति यहाँ स्थापना गरिएको छ भन्ने वाक्यांश परेको छ ।

उपर्युक्त आठकुने मन्दिरलाई परम्परागत नेवारी भाकामा 'च्यासिङ् देवल' भन्ने चलन छ । मन्दिरको द्वार पूर्वतिर फर्किएको छ । द्वारको सामुन्ने दायाँबायाँ दुईवटा शिलास्तम्भ उभ्याइएका छन् । स्तम्भमाथि तान्त्रिक शैलीमा हनुमान्को मूर्ति स्थापित छ । मन्दिरको वरिपरि प्रदक्षिणापथ बनेको छ । भित्तामा रातोरङ्ग पोतिएको यो मन्दिर वास्तुकलाका दृष्टिकोणले समेत अत्यन्त महत्त्वशील मानिन्छ । सो मन्दिरमा नियमित पूजाआजाका निम्ति गुठी पनि राखिएको थियो भन्ने केही लेखक -अनुसन्धाताहरूको भनाइ छ ।[240]

२.४.८ रूपमतीको नाममा मुद्रा-निष्कासन

ने.सं. ७६९ तदनुसार वि.सं. १७०५ मा राजा प्रताप मल्लले आफ्नी प्रिया रानी रूपमतीका नाममा मुद्रा - निष्काशन गरेको पाइन्छ ।[241] त्यस बेला रानी रूपमतीको देहान्त भइसकेको थियो । राजा प्रताप मल्लले तिनै स्वर्गीया प्रियाको पुण्यस्मृतिमा रानी रूपमतीको नाम अङ्कित भएको मुद्रा (सुकी) निकालेको स्पष्ट हुन्छ ।[242]

२.४.९ वासुकि मन्दिरमा सुवर्ण कलशको स्थापना र नारायणस्तव रचना

ने.सं. ७७० तदनुसार वि.सं. १७०६ माघ शुक्ल पूर्णिमा बुधवारका दिन श्रीपशुपतिनाथ मन्दिरको ईशान (पूर्वोत्तर) कोणमा रहेको वासुकि नारायणको मन्दिरमा सुवर्णकलश (गजुर) राजा प्रताप मल्लले स्थापना गरेका[243] थिए । वासुकि नारायणको मन्दिरसमेत बनाउन लगाई गजुर चढाएको कुरा पनि कतै उल्लेख पाइन्छ ।[244] यो मन्दिर श्रीपशुपतिनाथ मन्दिरको परिसरमा रहेको देखिन्छ । श्री पंशुपतिनाथ मन्दिरको ईशानकोणमा केही सिँढी उक्लिएपछि वासुकि

---

240 मुनँकर्मी, **पूर्ववत् नं. ६९. पृ. ११६ ।**

241 ज्ञवाली, **पूर्ववत् नं. २२. पृ. १५७ ।**

242 **उही ।**

243 हेर्नु, **अभिलेख संख्या ६ ।**

244 मुनँकर्मी, **पूर्ववत् नं. ६९. पृ. ११५ ।**

मन्दिरमा पुगिन्छ । यस मन्दिरको द्वार पश्चिमतिर फर्किएको छ । मन्दिरभित्र भगवान् वासुकिनारायणको विग्रह रहेको छ । मन्दिरको ढोकाको दायांपट्टि पश्चिमतिर फर्किएको २ हातभन्दा केही अग्लो र झण्डै २४ इन्च चौडा एउटा शिला ठडिएको देखिन्छ ।[245] त्यस शिलापत्रमा राजा प्रताप मल्लको अभिलेख[246] उत्कीर्ण छ । त्यो अभिलेखको अधिकांश भाग संस्कृत भाषामा र अन्तिम अंश नेवारी भाषामा लेखिएको छ । ने.सं. ७७० मा यो शिलापत्र राजा प्रताप मल्लले यहाँ स्थापित गरेको तथ्य अभिलेखको अन्तिम भागमा उल्लिखित छ ।

उक्त अभिलेखमा जम्मा एघार संस्कृत पद्यहरू रहेका छन् । शार्दूलविक्रीडित छन्दको एउटा र भुजङ्गप्रयात छन्दका १०वटा पद्यहरू यसमा छन् । प्रारम्भका १० पद्यमध्ये ८ पद्यमा भगवान् नारायणको स्तवन गरिएको छ र नवौं पद्यमा वासुकिनाग धारण गर्ने भगवान् महादेवको स्तवन गरिएको छ भने दशौं पद्यमा यस नारायणस्तवको पाठफल बताइएको छ । एघारौं पद्य शार्दूलविक्रीडित छन्दमा छ, यो पुष्पिका वाक्य हो जसमा यो शिलालेख उत्कीर्ण गरी स्थापना गरेको मिति र संस्थापक राजा प्रताप मल्लको नाम एवं भगवान्को मन्दिरमा सुवर्णकलश चढाएको बेहोरा अङ्कित छ । सर्वप्रथम 'अभिलेख सङ्ग्रह' भाग - ३ मा प्रकाशित यस अभिलेखको प्रारम्भमा 'वासुकिरूपी नारायण भगवान्लाई नमस्कार छ' भन्ने वाक्य पर्न गएको छ, यसबाट नागराज वासुकिलाई नै नारायणका रूपमा यहाँ आराधना गरिएको स्पष्ट हुन्छ । विभिन्न शब्दालङ्कार र अर्थालङ्कारले सम्पन्न यो स्तोत्र साहित्यिक संस्कृत भाषमा संरचित छ । यसको विशेष अध्ययन आगामी अध्यायमा गरिनेछ ।

२.४.१० स्वयम्भू भट्टारकस्तोत्रको रचना र शिलालेखको स्थापना

ने.सं. ७७० तदनुसार वि.सं. १७०७ श्रावण शुक्ल प्रतिपदा शुक्रवारका दिन राजा प्रताप मल्लले श्री स्वयम्भूनाथ चैत्यको पश्चिमपट्टि अमिताभ बुद्धको छेउमा एउटा शिलापत्र स्थापित गरेका थिए ।[247] सो शिलापत्र (शिलापट्ट) मा एउटा स्तोत्र उट्टङ्कित गरिएको छ । त्यस स्तोत्रलाई 'स्वयम्भू-भट्टारकस्तोत्र' भनिएको छ । उक्त स्तोत्र सर्वप्रथम डिल्लीरमण रेग्मीकृत **मेडिएबल नेपाल**, भाग ४ मा प्रकाशित भएको पाइन्छ । तर त्यो अभिलेख टुटफुट रूपमा त्यहाँ उद्धृत छ र त्यसमा प्रयुक्त संस्कृत र नेवारी भाषाको रूप अत्यन्त अशुद्ध र अस्पष्ट देखिन्छ ।

तदनुसार उक्त शिलाभिलेखमा[248] जम्मा २० वटा संस्कृत भाषाका पद्यहरू रहेका छन् । तीमध्ये १९ वटा पद्य स्तोत्रका मूल रूप हुन् भने शिलाको शिरोभागमा उत्कीर्ण पहिलो पद्य

---

245 गौतमवज्र वज्राचार्य र महेशराज पन्त(सम्पा.),**अभिलेख सङ्ग्रह.** तेस्रो भाग,(काठमाडौं :संशोधन मण्डल, वि.सं. २०१८) पृ. ७८।

246 हेर्नु, **अभिलेख संख्या ६** ।

247 डिल्लीरमण रेग्मी, **मेडिएबल नेपाल. भाग-४**(पटना : लेखक स्वयम्,सन् १९६६) पृ. १०७-१११ ।

248 हेर्नु, **अभिलेख संख्या ७** ।

पुष्पिका वाक्य हो, जसमा उपर्युक्त दिवसमा श्रीमत्-प्रताप-क्षितिपति-तिलक (श्री प्रताप मल्ल महाराज) ले यो स्तोत्रराज रचना (निर्माण) गरेको हो भन्ने बेहोरा उल्लिखित छ । यस अभिलेखमा उट्टङ्कित 'स्वयम्भूभट्टारकस्तोत्र' १८ अक्षरले बनेको गीति छन्दमा आबद्ध छ र अधिकांश पद्यको अन्तिम पङ्क्तिका रूपमा **'तं नमामि परात्परं परशम्भुधाममयं विभुम्'** भन्ने वाक्य रहेको छ । स्तोत्रको प्रारम्भमा 'स्वयम्भूरूप महेश्वरलाई नमस्कार छ' भन्ने आशयको वाक्य राखिएको स्पष्ट हुन आउँछ । यस स्तोत्रमा त्यस क्षेत्रको सुन्दर प्राकृतिक स्वरूपको वर्णन पाइन्छ । विभिन्न फलफूलका वनस्पतिहरूले सुशोभित, मञ्जुश्रीले निर्माण गरेको सुरम्य पर्वतमा निवास गर्ने परात्पर स्वयम्भूरूप विभु (व्यापक) परमेश्वरलाई म नमस्कार गर्छु ।' भन्ने आशयका पद्यहरू रहेका छन् । ईश्वरका स्थूल-सूक्ष्म रूपहरूको बयान र त्यस्ता परमेश्वरले गरेका दिव्य कृत्यहरूको स्तवनका साथै दार्शनिक दृष्टिबाट त्यस्ता देवको वैशिष्ट्य र भगवत्ताको आकलन गर्दै भुक्तिमुक्तिप्रद त्यस्ता शिवलाई वन्दना गरिएको छ । स्तोत्रको अन्त्यमा रहेका दुई पद्यहरूमा उक्त स्तोत्रको माहात्म्यगान र फलश्रुतिको चर्चाका साथै 'नेपालका पालक प्रताप मल्लले यो अद्भुत स्वयम्भू भट्टारकस्तोत्रको रचना गरेको हो' भन्ने आशयको वाक्य प्रयोग गरिएको छ । अन्त्यमा स्तोत्र समाप्त भएको सूचना दिएपछि नेवारी भाषामा केही पङ्क्तिहरू उत्कीर्ण गरिएका छन्, जसमा श्रीवैरोचन, अक्षोभ, रत्नसम्भव अभिताभ र अमोघसिद्धि देवताको प्रीतिका निम्ति महाराजाधिराज भूपकेशरी श्रीश्रीकवीन्द्र जय प्रताप मल्लदेवद्वारा उक्त स्तोत्र रचना गरिएको हो भन्ने बेहोरा रहेको छ । तदनन्तर उक्त शिलापत्रलाई नाश गर्नेले कोटि गोहत्या र ब्रह्महत्यालगायतका धेरै पापहरूको फल भोग्नुपर्नेछ, तर त्यसको संरक्षण गर्नेले समस्त शास्त्रमा वर्णित पुण्यफल प्राप्त गर्नेछ भन्ने बेहोराका साथै यसको स्थापनाकाल (तिथिमिति)को उल्लेख पनि गरिएको पाइन्छ ।[249]

उक्त स्तोत्र साहित्यिक दृष्टिले महत्त्वशील रहेको अनुभव हुन्छ । अनुप्रास शब्दालङ्कारको प्रचुर प्रयोग गरिएको यस स्तोत्रमा उपमा, रूपक र व्यतिरेकजस्ता अलङ्कार, माधुर्य गुण एवं भगवद्विषयिणी रतिको अभिव्यक्ति भएको पाइन्छ । मूल अभिलेखको यथावत् रूप प्रकाशित नभएकाले र टुटफुट रूपमा उपलब्ध स्वरूपमात्र पाइएकाले र भाषिक अशुद्धिको प्रचुरताले यस अभिलेखमा निहित साहित्यिक रूप सु-स्पष्ट हुन पाएको देखिँदैन ।

२.४.११ सुन्दर चोकमा लक्षप्रतापेश्वर शिवलिङ्गस्थापना र घण्टनिर्माण

ने.सं. ७७१ तदनुसार वि.सं. १७०७ फागुन कृष्ण अमावस्याका दिन राजा प्रताप मल्लले सुन्दर चोकमा लक्षप्रतापेश्वर शिवलिङ्गको स्थापना गरेका थिए, त्यसैको समीपमा एउटा सानो घण्ट पनि रहेको छ ।[250] त्यस घण्टमा सानो अभिलेख उत्कीर्ण गरिएको छ । जसमा

---

[249] हेर्नु, **अभिलेख संख्या ७** ।

[250] वज्राचार्य, **पूर्ववत्** नं. १६७. पृ. १०६

लक्षप्रतापेश्वरको मूर्तिको सान्निध्यमा यो घण्ट चढाइएको बेहोरा पाइन्छ ।[251] वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको परिसरभित्र मोहनचोक रहेको छ र सोको उत्तरभागमा अर्को सानो चोक रहेको छ ।[252] त्यसैलाई सुन्दरचोक भनिन्छ । उक्त चोकको निर्माणमा पनि राजा प्रताप मल्लको प्रशस्त योगदान रहेको पाइन्छ ।

२.४.१२ मनमोहनचोकमा सुनधाराको निर्माण र देवदेवीहरूको स्थापना

ने.सं. ७७२ तदनुसार वि.सं. १७०८ माघ शुक्ल पूर्णिमाका दिन राजा प्रताप मल्लले मनमोहनचोकमा सुन्धाराको निर्माण सम्पन्न गराएका थिए ।[253] यो चोक हनुमान्ढोका राजदरबारको मुख्य भागमा अवस्थित छ । मोहनचोकको दलानमा रहेको राजा प्रताप मल्लको ठूला शिलालेखमा यस चोकको उल्लेख गरिएको छ । सो अभिलेखअनुसार आफ्नी स्व. पत्नी प्रेयसी रूपमती देवीको नाममा यो सुनधारा उनले बनाउन लगाएका हुन् । यस धाराको वरिपरि विभिन्न देवदेवीका कलात्मक मूर्ति स्थापित गरिएका छन् । धाराको टुटीमा हात्ती, कछुवा वाघ तथा मकरका कलात्मक आकृति बनाइएका छन् । त्यहाँ मुख बाइरहेको मकरको मुखबाट गाइको बाछो उफ्रिएर बाहिर आइरहेको दृश्य अति आकर्षक देखिन्छ ।

सुनधाराका विषयमा उत्कीर्ण गराइएको उपर्युक्त शिलालेख नेवारी भाषमा लेखिएको छ । यसमा उनले आफू र आफ्ना रानीहरू विहारदेशकी राजकन्या रूपमती देवी कर्णाटदेशकी श्री राजमती, आफ्ना पुत्र श्रीसुन्दरनारायण, श्रीसुरतशाही र पुत्री श्रीश्रीमतीदेवी आदिको नाम उल्लेख गर्दै सबैको देवीलोकप्राप्तिको कामना गर्दै यो निर्माण सम्पन्न गरिएको कुरा उल्लेख गरिएको पाइन्छ । यसका साथै शिलालेखको उपरिभागमा श्रीसूर्यवंश र श्रीरामचन्द्र आदिको उल्लेख गर्नाका साथ आफ्ना पूर्वज हरिसिंहदेव, महेन्द्रमल्ल आदि प्रमुख पूर्वजहरूको नामोल्लेखपूर्वक राजा प्रताप मल्लको नाम उल्लिखित छ भने अर्कातिर विहार देशका महाराज श्रीनरनारायण, लक्ष्मीनारायण आदि पूर्वपुरुषहरूको उल्लेख गर्दै श्रीश्रीप्रताप मल्लकी पत्नी रूपमतीको चर्चा पनि गरिएको छ । उक्त शिलाभिलेखको आंशिक रूपमात्र प्रकाशित भएको पाइन्छ ।[254]

२.४.१३ कालियदमन मूर्तिको स्थापना

पूर्वोक्त सुनधाराकै सामुन्ने एउटा सुन्दर प्रस्तरमूर्ति रहेको छ । कालियदमनका नामबाट प्रसिद्ध यो मूर्ति नेपालको उत्कृष्ट मूर्तिकलाको नमुना मानिएको छ, यस्तो अर्कोमूर्ति अन्यत्र दुर्लभ रहेको विश्वास गरिन्छ ।[255] राजा प्रताप मल्लले प्रस्तरको यो मूर्ति लाजिम्पाटनजिकै साकोना

---

[251] हेर्नु, **अभिलेख संख्या ८** ।

[252] हेर्नु, **नक्सा. परिशिष्टमा** ।

[253] हेर्नु, **अभिलेख संख्या ९** ।

[254] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. २०५-२१० ।

[255] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. १०७-१०८ ।

भन्ने ठाउँमा उपेक्षित रूपमा रहिरहेको अवस्थामा फेला पारी त्यहाँबाट उठाएर यहाँ राख्न लगाएका थिए भन्ने विवरण वंशावलीहरूमा पाइन्छ । त्यसै ठाउँमा एउटा सुन्दर गरुडको मूर्ति पनि रहेको थियो, सो मूर्ति पनि राजा प्रताप मल्लले यहाँ ल्याएका थिए । कालान्तरमा कालियदमनको मूर्तिसँगै ल्याइएको सो गरुडको मूर्ति भने दरवारमा फापेन[256] भनी दरबारबाट उठाएर लगी नारायणहिटीनजीकैको नारायणको मन्दिर अगाडि राखिदिए । हाल राजा महेन्द्रले निर्माण गराएको सङ्गीतशालाको अग्रभागमा पश्चिमाभिमुख रही भगवान् नारायणलाई नमन गरिरहेको मुद्रामा सो मूर्ति अद्यपर्यन्त उक्त नारायण मन्दिरमा देख्न सकिन्छ ।

विक्रमको दशौं शताब्दीतिर निर्माण भएको अनुमान गरिएको पूर्वोक्त कालियदमनको मूर्तिचाहिँ मोहनचोकस्थित सुनधाराको समीपमा विराजमान छ । कलाकृतिका दृष्टिले सो मूर्ति पर्याप्त महत्वशील मानिन्छ । चार हातजति अग्लो सो कालियदमनको मूर्तिमा बालक कृष्णले कालिय नागलाई आफ्नो वशमा पारेको दृश्य अत्यन्त भावपूर्ण शैलीमा प्रस्तुत गरिएको पाइन्छ । मूलमूर्तिको अधोभागमा दायाँतिर एक पुरुष र बायाँतिर एक स्त्रीका मूर्ति पनि देखिन्छन् । यी कालियदमनसँग सम्बन्धित गोप र नागकन्याका मूर्ति हुन् भन्ने विद्वान्हरूको विचार छ ।[257]

२.४.१४ मोहनचोकको निर्माण र महापराधस्तोत्रसहित शिलालेखको स्थापना

ने.सं. ७७३, तदनुसार वि.सं. १७०९ मा राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको मुख्य खण्डमा मोहनचोकको निर्माणकार्य सम्पन्न गरी त्यसको उत्तरी लङ्को दलानको भित्तामा विशालाकार शिलापत्रको निर्माण गरी स्थापना[258] गरेको पाइन्छ । त्यस शिलापत्रमा मोहनचोक र सुन्दर चोकमा रहेका विभिन्न देवदेवताको पूजा-आजा चलाउन गुठीको बन्दोबस्त गरिदिएको कुरा उल्लेख गरिएको छ । श्री ५ कालिकायै नमः भनी प्रारम्भ गरिएको उक्त शिलापत्रको लेखोटमा ने.सं. ७६९, ७७१, ७७२ र अन्त्यमा ७७३ का तिथिमितिहरू अङ्कित छन् । उक्त समयमा सम्पन्न गरिएका विविध निर्माण कार्य र विभिन्न प्रकारको निर्माणको व्यवस्थापनका निम्ति गरिएका निर्णय र तिनको विवरण त्यहाँ प्रस्तुत गरिएको पाइन्छ । नेवारी भाषामा उत्कीर्ण सो अभिलेखमा राजा प्रताप मल्लले गरेका पूजा-आजाका लागि गुठी व्यवस्थाको उल्लेख गर्दै त्यो व्यवस्थालाई पालन गर्नेले पुण्य प्राप्त गर्ने अन्यथा गर्नेले भयङ्कर पापको भागी हुनुपर्ने बेहोरा पनि उल्लेख गरिएको छ । यसै शिलालेखको मध्यभागमा संस्कृतभाषामा निर्मित राजा प्रताप मल्लले रचना गरेको महापराधस्तोत्र उत्कीर्ण गरिएको छ । त्यसको अन्तमा प्रौढसमास-शैलीमा रचना गरिएको गद्यखण्ड पनि रहेको छ । जसमा राजा प्रताप मल्लको प्रौढ-प्रतापको वर्णन गरिएको छ ।

---

256 लम्साल, **पूर्ववत् नं. १०३.** पृ. ८८

257 वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. १०६ ।

258 हेर्नु, **अभिलेख संख्या १०** ।

शिलापत्रमा उत्कीर्ण उक्त 'महापराधस्तोत्र' अन्यत्र पनि 'सर्वापराधस्तोत्र'का नामले प्रस्तुत गरिएको पाइन्छ । सो स्तोत्र भगवती कालिकाको स्तवनका रूपमा रहेको छ । स्रग्धरानामक २१ अक्षरको, लामो संस्कृत छन्दमा रचिएको जम्मा १८ वटा पद्यवाट सो स्तोत्र सम्पन्न भएको छ । यस स्तोत्रका प्रत्येक पद्यको अन्तिम चरण **'न ग्राह्यो मेऽपराधो जननि नयनिधे कालिके त्वं प्रसीद'** भन्ने रचनामा देखा पर्दछ । शङ्कराचार्य निर्मित 'शिवापराधक्षमापनस्तोत्र'को प्रभाव यस रचनामा परेको परिलक्षित हुन्छ जसमा **'क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो ! श्री महादेवशम्भो !'** लाई पद्यहरूमा अन्तिम चरण बनाइएको पाइन्छ ।

यहाँ आफूले बाल्यवस्थादेखि गर्दै आएका विविध पापकर्महरूको स्मरण गर्दै त्यस्ता सारा अपराध र पापहरूलाई क्षमा गरेर आफूप्रति प्रसन्न हुनका लागि राजा प्रताप मल्लले माता कालिकाप्रति याचना गरेको पाइन्छ । आफ्ना समस्त दोषहरूको स्वीकारपूर्वक अब अपराधहरूको अनुभूति गर्दै जीवनमा माता कालिकाको सेवा गर्न नसकेको त्रुटिप्रति क्षमाभावको याचना गरी आफ्ना आंखा, नाक, कान, आदि सवै इन्द्रियहरूलाई जननी कालिकाको सेवन गर्नका लागि आज्ञा गरेको प्रसङ्ग पनि यहाँ परेको छ । यसका साथै वैष्णव, बौद्ध, शैव र मीमांसकहरूद्वारा विविधरूपले उपासना गरिने एउटै देवीका रूपमा कालिकाको स्तवन पनि यहाँ गरिएको छ । करुणाकी वारिधिरूपा कालिकालाई पुत्र कुपुत्र भए तापनि माता कहिल्यै कुमाता नहुने तथ्यलाई आत्मसात् गर्दै आफूले गरेका सम्पूर्ण अपराध त्रुटि वा व्यतिक्रमलाई क्षमा गरी परमकृपा प्रदान गर्नुहुन निवेदन गरिएको छ । शङ्कराचार्यविरचित प्रसिद्ध **देव्यापराधक्षमापनस्तोत्र**को पनि प्रभाव प्रस्तुत रचनामा परेको दृग्गोचर हुन्छ । समग्रमा हेर्दा भक्तिभावले तरलितचित्त भएका भक्तले आफ्नी आराध्या जननी माता कालिकाप्रति विनयभावले गरिएको स्तुति यसमा प्रस्तुत गरिएको छ । आफूले गरेका गल्तीहरूप्रति पश्चाताप गर्दै, ती अनजनमा भएका त्रुटिहरूलाई क्षमा गरी फेरि ममतामय वात्सल्य प्रदान गर्न आफ्नी आमालाई पुत्रले अनुनय विनय गरेझैं भगवती कालिका माताप्रति पुत्रभावले प्रस्तुत हुँदै आफूलाई परमकृपा प्रदान गर्न कातरभावले गरिएको आर्तभक्तको प्रार्थना र स्तवन यहाँ अत्यन्त हृद्य वन्न पुगेको छ । यसमा शव्दालङ्कार अनुप्रासको प्रचुर प्रयोग भएको छ भने अर्थालङ्कारमा उपमा र रूपकको प्रशस्त प्रयोग गरिएको छ । प्रसाद र माधुर्य गुणले सुसम्पन्न प्रस्तुत भक्तिरचनामा भगवद्विषयिणी रतिको भावातिरेक पाइन्छ । साहित्यशास्त्रानुसार 'भाव' नाम गरेको तत्त्व रहेको यस रचनालाई उत्तमकाव्यको कोटिमा राख्न सकिन्छ ।

यस अभिलेखमा यो स्तुतिरचना केही त्रुटित र खण्डित अनि अशुद्ध रूपमा प्रस्तुत गरिएको छ । यही रचना तलेजुको दायाँपट्टि रहेको सुवर्णद्वाराभिलेखमा पनि उत्कीर्ण पाइन्छ । त्यहाँ यसको परिष्कृत रूप देख्न पाइन्छ ।

स्तोत्रको अन्त्यमा पाइने गद्यखण्डमा भने विकटघटनापूर्ण प्रौढसमासमा आबद्ध पदपदावलीहरूद्वारा राजा प्रताप मल्लको प्रौढ प्रतापको, यशको र काव्यादिविषयज्ञता आदि उत्कृष्ट गुणहरूको वर्णन गरिएको छ । बाणभट्टरचित कादम्बरीमा प्रस्तुत विन्ध्याटबी वर्णनको झझल्को दिने यस गद्यखण्डमा अनुप्रास, उपमा र रूपकादि अलङ्कारको सौन्दर्य पाइन्छ । कवीन्द्र प्रताप मल्लको गद्यरचनाचातुर्यको राम्रो नमुनाका रूपमा यसलाई अघि सार्न सकिन्छ । तर यो खण्ड पनि खण्डित र त्रुटित एवं अशुद्धिग्रस्त रहेको अनुभव हुन्छ ।

उपर्युक्त शिलापत्रको माथि लहरै केही सुन्दर प्रस्तरमूर्तिहरू भित्तामा संस्थापित देखिन्छन् । ती मूर्तिहरूमध्ये माथिल्लो लहरमा रहेका मूर्तिहरू भगवान् विष्णुका दशअवतार र कृष्णलीलासँग सम्बन्धित छन् । तल्लो लहरहमा रहेका मूर्तिहरू भने सांसारिक विषयवस्तुसित नै सम्बन्धित छन् । राजा प्रताप मल्लकै जीवनसँग सम्बद्ध विषयवस्तुलाई त्यहाँ उत्कीर्ण दृश्यले प्रतिबिम्बित गरेको अनुमान गरिन्छ । पश्चिमी वेशभूषामा रहेकी एउटी युवती आफ्नी परिचारिकाका साथ बगैंचामा बसिरहेकी, उनको काखमा सानो कुकुर रहेको, नजीकै एउटा बाँदर बसिरहेको, परपट्टि बगैंचाको एउटा रुखमा बसेर एउटा बालक खेलिरहेको आदि दृश्यहरूलाई त्यहाँ उत्कीर्ण गरिएको छ । पाश्चात्य वेशभूषाकी युवतीलाई कतै हातमा वीणा लिएर बसेको, कतै धूमपान गरिरहेको, कतै तराजु लिएर फलफूल जोखिरहेको, कतै ६-७ वर्षको बालकलाई अँगालिरहेको र बालकले चाहिँ हातमा दुरबिन लिएर हेरिरहेको अङ्कित गरिएको पाइन्छ । ठाउँठाउँमा मल्लकालिक राजकीय वेशभूषमा रहेका एक पुरुषले ती युवतीसँग वसेर वार्तालाप गरिरहेको दृश्य पनि अङ्कित छ, ती पुरुषको मुखाकृति र स्वरूप राजा प्रताप मल्लको सालिकसँग मिल्दोजुल्दो पाइन्छ । यसबाट राजा प्रताप मल्लको पाश्चात्य जगत्सँग पनि सम्बन्ध रहेको अनुमान हुन्छ । यहाँ रहेका मूर्तिहरूमा पाश्चात्य शैलीको पनि प्रभाव परेको लक्षित हुन्छ । दायाँ वायाँ काँधमा पखेटा भएको एउटा हृष्टपुष्ट बालकको मूर्ति पनि त्यहाँ देखिन्छ । जसबाट पाश्चात्य मिथकसँग सम्वद्ध मूर्ति-शैलीको झल्को आउँछ । एउटा अर्को दृश्यमा पाश्चात्य वेशभूषामा सुसज्जित एउटा पुरुषको आकृति पनि देख्न सकिन्छ । ती पुरुष स्वयं हातमा प्याला लिएर उभिएका छन् र उनका अगाडि एउटी परिचारिका हातमा सुराही लिएर उभिएकी छन् ।[259] यी सबै दृश्यहरूले पाश्चात्य जीवन र जगत्सँग सम्बन्ध र अभिरुचि राख्ने पहिलो राजाका रूपमा प्रताप मल्ललाई प्रस्तुत गर्दछन् ।

राजा प्रताप मल्लको पाश्चात्य-जगत्सँगको सम्बन्ध

राजा प्रताप मल्लको समयमा फादरग्रुवर र दोर्मिल नामक दुई जना विदेशी पादरी चीनबाट भोटको बाटो हुँदै आफ्नो मुलुक रोम जान लाग्दा काठमाडौं पसेका थिए । तिनीहरूले

[259] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. १०३ ।

राजा प्रताप मल्ललाई एउटा दुरबिन पनि दिएका थिए ।[260] त्यस दुरविनको उपयोगिता बुझी राजा प्रताप मल्ल अत्यन्त प्रभावित भएका थिए । ग्रुबरले दिएको दुरबिनले हेर्दा प्रताप मल्लले भादगाउँका राजा जगत्प्रकाश मल्ल बसेको ठाउँ नजिकै देखेर अहिल्यै आक्रमण गर्नुपर्दछ[261] पनि भनेका थिए । फादर ग्रुवरबाट यस्तो महत्वपूर्ण सहयोग पाएर प्रसन्न भएका राजाले उनलाई बस्ने उपयुक्त स्थानको व्यवस्था मिलाई आफ्ना राज्यमा राख्न आँटेका थिए तर ग्रुवरलाई 'चाँडै रोम आउनू' भनी सन्देश आएकाले उनी केही दिनमात्र बसी फर्किए भन्ने वर्णन वंशावलीहरूमा[262] पनि पाइन्छ । यी सबै ऐतिह्यबाट के कुरा स्पष्ट हुन्छ भने राजा प्रताप मल्लसँग पाश्चात्य जगत्का व्यक्तिहरूसँग कुनै न कुनै प्रकारको सम्बन्ध रहेकै थियो ।

२.४.१५ मोहनचोकमा स्थापित सुनधारा

ने.सं. ७७२, तदनुसार वि.सं. १७०८ माघमा स्थापित पूर्ववर्णित सुनधारा मोहनचोकमा रहेको विशेष महत्वको वस्तु मानिन्छ । त्यसबेला धारा बनाउनु अत्यन्त दुस्साध्य वा परिश्रमसाध्य कार्य थियो । सर्वप्रथम पर्याप्त पानीको सञ्चय भएको जलस्रोत वा जलाशयको खोजी गरी शहरबाट कोसौं टाढा पर पुगी उक्त जलस्रोतको मूलस्थानवाट ढल बनाउँदै ल्याएर शहरको निर्दिष्ट स्थानसम्म पुऱ्याउनु सामान्य कार्य थिएन, यसका लागि जनश्रम, समय र आर्थिक स्रोतको पर्याप्तता हुनु अपेक्षित हुन्थ्यो । यसरी धेरै टाढाबाट विशेष व्यवस्था गरेर मोहन चोकमा सुवर्ण धाराको व्यवस्था गरिएको थियो । मोहनचोकमा निर्मित यो सुनधारा चोकको सतहभन्दा करिब आठ हातजति गहिरो खाल्डोमा स्थापित गरिएको पाइन्छ । यस धाराको स्वर्णनिर्मित टुटो (मुख)मा विभिन्न स्थलचर जीवजन्तु र जनावरहरूका कलात्मक प्रतिमाहरू निर्मित छन् । सुनधाराको मुखमा सबैभन्दा माथि छेपारोजस्तो जन्तु उभिइरहेको छ, त्यसको पुच्छरमुनि भ्यागुतो बसिरहेको छ, त्यसको अधोभागमा हात्ती, कछुवा, बाघ, माछा र मृग आदि विभिन्न जनावरहरूका शीर्षभाग कुँदिएका छन् । सबैभन्दा अगाडि धाराको टुप्पोमा गोहीको मुखबाट गाईका बाछा फुत्किएर बाहिर निस्किरहेका देखिन्छन् । यति धेरै प्रतिमा र दृश्यहरू धाराको दुईहाते टुटीमा भावपूर्ण शैलीमा प्रस्तुत गर्नु निकै प्रशंसनीय र उल्लेख्य कलाप्रवीणता हो भन्न सकिन्छ ।

धाराको टुटीमुनि आफ्ना घुँडालाई दुई हातले अंगालेर टुक्रुक्क बसिरहेको एउटा पुरुषाकृति कुँदिएको छ । वास्तवमा यो अत्यन्त ठूलो तपस्यावाट परिश्रमपूर्वक स्वर्गबाट गङ्गालाई पृथ्वीमा अवतरण गराउने पुराणप्रसिद्ध राजा भगीरथको अनुकृति हो भन्न सकिन्छ ।[263] घुम्रिएको कपाल काँधसम्म लर्किएको, बाटुलो अनुहार भएको सो पुरुषाकृति अत्यन्त सौम्य र हृद्य एवं आकर्षक

---

[260] **उही**. पृ. १०३ ।
[261] ज्ञवाली, **पूर्ववत् नं. २२**. पृ. १५१ ।
[262] **उही** ।
[263] वज्राचार्य, **पूर्ववत् नं. १६७**. पृ. १०६ ।

रहेको छ । तर प्रसिद्ध कलाकार **स्व. बालकृष्ण सम**ले यसलाई स्वाभाविक कलामा नेपालमै सर्वोत्तम स्त्रीमूर्ति[264] भनेका छन् । यसै धाराको टुटोमाथि तीन हातजति अग्लो शिखरशैलीको प्रस्तरनिर्मित मन्दिर बनेको छ, त्यसै मन्दिरको अधोभागमा सुवर्णपत्राच्छादित पूर्वोक्त अभिलेख स्थापित छ ।

धाराको चारैतिर विभिन्न देवदेवताका मूर्तिहरू विराजमान छन् । यस चोकको दलानमा स्थापित राजा प्रताप मल्लको अभिलेखअनुसार ३६ वटाभन्दा वढी देवदेवताका मूर्तिहरू यहाँ स्थापना गरिएका थिए । यस धाराको दायाँपट्टि ढलौटले निर्मित शिवजीको मूर्ति रहेको छ । साँढे (नन्दी)माथि उभिएर नाचिरहेका शिवजीको दृश्य अङ्कित सो मूर्ति निकै भव्य र आकर्षक छ । त्यसको बायाँपट्टि खाली रहेको ढलोटको पादपीठ देख्दा पहिले त्यहाँ पार्वतीको मूर्ति रहेको अनुमान हुन्छ ।[265]

२.४.१६ तलेजु मन्दिरमा घण्टा र प्रस्तरस्तम्भहरूको स्थापना

ने.सं. ७७४ तदनुसार वि.सं. १७१० मार्ग गुरु पूर्णिमाका दिन राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको परिसरमा अवस्थित श्री तुलजा भवानीको प्रसिद्ध मन्दिरको प्राङ्गणमा ठूलो घण्टाको स्थापना[266] गरेका थिए । मन्दिरको मूलद्वारसामुन्ने दायाँ बायाँ दुवैतिर दुइटा ठूलाठूला घण्टाहरू संस्थापित छन् । तिनमध्ये बायाँपट्टिको घण्टा भास्कर मल्लले स्थापित गरेका हुन् भने दायाँतिरको घण्टचाहिँ राजा प्रताप मल्लले तलेजु देवीको पूजा गर्दा बजाउनका लागि निर्माण गरी सश्रद्ध देवीका समक्ष चढाएका हुन् ।

उपर्युक्त घण्टमा एउटा अभिलेख[267] उत्कीर्ण गरिएको पाइन्छ । संस्कृत भाषामा संरचित सो अभिलेखमा २ वटा श्लोक रहेका छन् । जसमध्ये पहिलो श्लोकमा घण्टाको भव्य वर्णन रहेको छ । 'देवराज इन्द्रको गजराज मदमत्त ऐरावत हात्तीको गलामा झुन्ड्याइएको घण्टावाट समुत्पन्न घण्टारव (ध्वनि)सँग प्रतिस्पर्धा गर्ने ध्वनि भएको, गडगडाउँदो मेघध्वनिसँग तुलना गर्न सकिने गम्भीर ध्वनि भएको यो विशाल घण्टा भवानी तुलजाको प्रीतिका निम्ति चढाइएको हो' भन्ने आशयको अभिलेख त्यहाँ रहेको पाइन्छ । दोस्रो पद्यमा भने घण्टा चढाएको तिथिमिति आदिको उल्लेख गरिएको छ । साहित्यिक दृष्टिले हेर्दा अनुप्रास शब्दालङ्कार र उपमा रूपकादि अर्थालङ्कारले सुशोभित सो लेखोटमा घण्टाको गम्भीर ध्वनिको वर्णनीय विषयानुरूप विकटघटनानुकूल समासको प्रयोग गरिएको छ र काव्यमय भाषाको उपयोग गरिएको छ ।

---

[264] बालकृष्ण सम, **नेपाली ललितकला** (श्री ५ को सरकार, प्रचार-प्रसार मन्त्रालय, प्रचार विभाग, वि.सं. २०२२) पृ.४४ ।

[265] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. १०५ ।

[266] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. ११९ ।

[267] हेर्नु, **अभिलेख संख्या ११** ।

मन्दिरको यसै तहमा कुनाकुनामा ससाना प्रस्तरस्तम्भ गाडिएका छन् । मोहनचोकको घरको धुरीमा राखिएका स्तम्भहरूसँग यी तुलनीय छन् । यिनमा हनुमान्, गरुड, माछा तथा सिंहका धातुनिर्मित मूर्ति रार्खिका छन् । मोहनचोकमा रहेका प्रस्तरस्तम्भ राजा प्रताप मल्लले राख्न लगाएका हुन् । मूर्तिकलाका दृष्टिले यी मूर्तिहरू पनि तत्तुल्य भएकाले यी प्रस्तरस्तम्भहरू पनि राजा प्रताप मल्लले नै निर्माण गरी स्थापित गरेका[268] हुन् भन्ने विचार तद्विशेषज्ञहरूको रहेको छ ।

२.४.१७ हनुमान्ढोकामा जलद्रोणीको निर्माण र बहुभाषिक, बहुलिपिक शिलालेखको स्थापना

ने.सं. ७७४, तदनुसार वि.सं. १७१० माघ शुक्ल श्रीपञ्चमी शुक्रवारका दिन राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोकापरिसरमा एउटा ठूलो प्रस्तरनिर्मित जलद्रोणीको स्थापना गरेका थिए । यसको लमाइ लगभग १५ फुट र चौडाइ ४ फुट रहेको छ । यो जलद्रोणी जगन्नाथ देवलको पूर्वपट्टि लामो बार्दलीभएको भवनको भित्तामुनि रहेको अद्यापि देख्न सकिन्छ । आजभोलिजस्तो पानीको धाराको व्यवस्था नभएको त्यस जमानामा यस्ता जलद्रोणीको अत्यन्त ठूलो महत्त्व रहने गर्दथ्यो । बाटोमा, हिँड्दा-हिँड्दै तिर्खा लाग्दा यस्तै जलद्रोणीमा भरेर राखिएको पानी त्यहाँ जडिएको टुटी खोलेर धाराबाट पिउने गरिन्थ्यो । शहरभित्र र बाहिर पनि बाटाका छेउमा यस्ता जलद्रोणीहरू लिच्छविकालदेखिकै पाइन्छन् । यस्ता जलद्रोणीहरूमा अभिलेख कुँद्ने पनि चलन थियो । यसै परम्परालाई अनुसरण गरी राजा प्रताप मल्लले लोकोपकारार्थ यस जल द्रोणीको निर्माण गराएका थिए र यसमा अभिलेख[269] पनि कुँदाएका थिए ।

जलद्रोणी बनाइएको ठिक माथि पूर्वपट्टिको भित्तामा शिलापत्राङ्कित अभिलेख रहेको छ सो अभिलेख अन्य अभिलेखहरूभन्दा विशेष महत्त्वको देखिन्छ । त्यस अभिलेखमा राजा प्रताप मल्लले संस्कृत र नेवारी भाषा एवं पन्ध्र प्रकारका लिपिहरूको प्रयोग गर्दै आफ्नो विद्वत्ताको प्रदर्शनसमेत गरेका छन् । गोलमोल, पारसी, तिरहुती, रञ्ज, माझेपात, देवनागर, एँया उजेन, गोत्रिया, अरबी, कयथिनागर, कूट, संया उमेत, नेवार, कास्मिरी फिरङ्गी गरी जम्मा १५ प्रकारका अक्षर (लिपि) यहाँ कुँदिएको कुरा उक्त अभिलेखमा उल्लेख गरिएको छ । अभिलेखको अन्त्यभागमा 'यी पन्ध्र प्रकारका अक्षरहरू मै (प्रताप मल्ल)ले श्रीभवानीका प्रसादले जानेर यस शिलातलमा लेखेको हुँ' भन्ने उक्ति अनुष्टुप् छन्दमा आबद्ध संस्कृत पद्यमा कहिएको छ । यस अभिलेखको प्रारम्भ खण्ड पूर्ण रूपमा पढ्न सकिने अवस्थामा छैन, छोपिएको छ र त्रुटित छ । मालिनी र स्रग्धरा छन्दमा रचिएका २ पद्यहरू स्पष्ट छन् र पाठ्य छन् । पहिलो मालिनीको पद्यमा 'यो विभिन्न लिपिमा लेखिएको अति अद्भुत, कविकुलमुकुट श्रीप्रताप मल्ल राजाले रचना

[268] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. ११९ ।
[269] हेर्नु **अभिलेख संख्या ११** ।

गरिएको पद्यलाई जसले वाचन गरेर अर्थ पनि लगाउन सक्दछ, त्यो पण्डित हो, अन्यथा त्यो चोर हो' भन्ने आशय पाइन्छ । अर्को स्रग्धरा छन्दमा लेखिएको पद्यमा चाहिँ त्यो पद्यको रचनाकाल र त्यसका रचयिता राजा प्रताप मल्लको नाम उल्लेख गरिएको पाइन्छ । त्यसपछि नेवारी भाषामा पूर्वोक्त कुरालाई स्पष्ट गर्दै त्यस जलद्रोणीको सुरक्षा गर्नाले प्राप्त हुने पुण्य र नाश गर्नाले प्राप्त हुने महापातकको बारेमा उल्लेख गरिएको छ ।

काठमाडौंका अन्तिम राजा जयप्रकाशमल्ल (विं.सं. १७८८-१८२५)को समयमा आएका पादरी जिजेपले यो जलद्रोणी देखेका थिए । उनले आफ्नो भ्रमण वृत्तान्तमा यसको चर्चा गर्दै राजदरबारको प्राङ्गणमा रहेको यो ठूलो जलद्रोणीबाट सबैले पानी खान पाउने, पानी खान जाँदा एउटा खुड्किलो उक्लिएर जानुपर्ने कुरा बयान गर्दै फारसी, रोमन आदि लिपिमा लेखिएको जलद्रोणीको अभिलेख देखेर आफू छक्क परेको कुरा पनि उल्लेख गरेका छन् र त्यहाँ उत्कीर्ण रोमन लिपिका अक्षरहरूका बारे विशेष आश्चर्य प्रकट गरेका छन् ।[270]

२.४.१८ जगन्नाथ मन्दिरको निर्माण र शिलालेख स्थापना

वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारकै परिसरमा जगन्नाथको ठूलो मन्दिर रहेको छ । यो मन्दिर पूर्ववर्णित, राजा प्रताप मल्लकृत श्रीकृष्ण मन्दिरको सामुन्ने पूर्वपट्टि रहेको छ । यस मन्दिरको पूर्वी द्वारकै छेउमा भित्रपट्टि भित्तामा जगन्नाथ (कृष्ण), सुभद्रा र बलरामका मूर्तिहरू रहेका छन् । यसैले यस मन्दिरलाई जगन्नाथ देवल भन्ने परम्परा रहिआएको छ । यस मन्दिरको मध्यभागमा भगवान् विष्णुको प्रस्तर प्रतिमा संस्थापित छ । त्यस प्रतिमाको पादपीठमा प्राप्त अभिलेखअनुसार त्यो मूर्ति वि.सं. १६१९ माघमा राजा महेन्द्र मल्लले स्थापना गरेको तथ्य ज्ञात हुन आउँछ ।[271] मल्ल राजाहरूको शिलाभिलेखमध्येको सबैभन्दा पुरानो अभिलेखका रूपमा त्यसको प्रसिद्धि छ । तर, त्यस अभिलेखमा सो जगन्नाथमन्दिरको कुनै चर्चा वा उल्लेख गरिएको छैन । त्यसैले यस मन्दिरमा पूर्वोक्त जगन्नाथ परिवारको स्थापना पछिमात्र गरिएको स्पष्ट हुन्छ । **देवमाला वंशावली**अनुसार राजा प्रताप मल्लले जगन्नाथ मन्दिरको निर्माण गरी जगन्नाथको विग्रहमूर्ति स्थापना गरेका थिए । वास्तवमा विभिन्न ऐतिह्य र तथ्यबाट के स्पष्ट हुन आएको छ भने पहिले नै राजा महेन्द्र मल्लले निर्माण गरेको सो मन्दिरको एक भागमा कालान्तरमा प्रताप मल्लले भगवान् जगन्नाथ, सुभद्रा र बलरामका उक्त मूर्तिहरू स्थापित गरेका हुन् र तिनै मूर्तिहरूका कारण सो मन्दिर जगन्नाथ देवलका रूपमा प्रसिद्ध[272] हुन पुगेको हो ।

भारतको उडीसा प्रान्तमा पुरीनामक स्थानमा प्रसिद्ध जगन्नाथ मन्दिर रहेको छ । हिन्दूमात्रका लागि अत्यन्त पुण्यस्थलका रूपमा सो जगन्नाथ मन्दिर रहेको छ । राजा प्रताप

---

[270] वज्राचार्य, **पूर्ववत् नं. १६७**. पृ. ८५ ।
[271] वज्राचार्य, **पूर्ववत् नं. १६७**. पृ. ६६ ।
[272] **उही** ।

मल्लले नेपालमै बसी श्री जगन्नाथको दर्शन गर्न पाइयोस् भन्ने भावनाले त्यसै मन्दिरअनुरूपको जगन्नाथ परिवारको मूर्ति यहाँ स्थापना गरेको थाहा हुन्छ ।

जगन्नाथ मन्दिरमा तीन फराकिला पेटी रहेका छन् । यिनै पेटीहरूमध्ये पूर्वपट्टिको पेटीको शिलामा राजा प्रताप मल्लको विस्तृत शिलालेख रहेको पाइन्छ । अभिलेख कुँदिएका ती शिला पहिले पूर्ववर्णित जलद्रोणीमा संलग्न थिए होलान् भन्ने अनुमान सजिलै गर्न सकिन्छ, किनभने जलद्रोणीबाट पानी निस्कने प्वाल ती शिलामा अद्यापि देख्न सकिन्छन् । दुईछाने सो मन्दिरको तल्लो तलामा चारैपट्टि लहरै तीन तीन ढोका रहेका छन् । ढोकाको खापामा महादेवका तीन आँखा र त्रिशूल कुँदिएका देख्न सकिन्छ । टुँडालको अधोभागमा चाहिँ विभिन्न आसनमा स्त्रीपुरुषका कामक्रीडारत जोडीहरूका आकर्षक काष्ठप्रतिमा कुँदिएका छन् । कामशास्त्रोक्त विधिअनुरूप विविध मुद्रामा उत्तेजक आकारप्रकारमा उत्कीर्ण ती मूर्तिहरूका कारण सो मन्दिर लोकाकर्षक र प्रसिद्ध रहेको छ । मन्दिरमा वज्र नपरोस् तथा भूतप्रेत आदिले दुःख नदिउन् भन्ने उद्देश्यले त्यस्ता प्रतिमा उत्कीर्ण गरिएका हुन् भन्ने विचार[273] तद्विज्ञहरूले प्रकट गरेका छन् ।

सो मन्दिरमा पूर्वी पेटीमा रहेको राजा प्रताप मल्लको शिलालेख[274] पूर्ण रूपमा हाल उपलब्ध छैन । ने. सं. ७७४, तदनुसार वि.सं. १७१० माघ शुक्ल पञ्चमी शुक्रवारका दिन स्थापित गरिएको सो शिलापत्र जगन्नाथ मन्दिरसँग सम्बद्ध नभएर तलेजु भवानीसँग सम्बद्ध रहेको कुरा त्यहाँ उत्कीर्ण विवरणबाट स्पष्ट हुन आउँछ । संस्कृत र नेवारी भाषामा उत्कीर्ण सो शिलापत्रमा ८ पङ्क्तिभित्र ३ वटा पूर्ण र ३ वटा अपूर्ण गरी जम्मा ६ पद्य रहेका छन् । तीमध्ये ५ वटा शार्दूलविक्रीडित छन्दमा र एउटा स्रग्धरामा आवद्ध रहेका छन् । जसका प्रारम्भिक पद्यहरूमा यस पद्यावलीका रचयिता राजा प्रताप मल्लको नाम र यो स्थापित गरेको तिथिमितिसम्वन्धी विवरण पर्न गएको छ भने पछिल्ला तीन पद्यमा चाहिँ कालिकाप्रति भक्तिभावनाले युक्त काव्यरचना गरिएको पाइन्छ । 'नाम मात्रैले पनि समग्र भक्तहरूको विपत्तिरूपी अन्धकारपटललाई विध्वंश गर्ने' भनी भगवतीको बयान गर्दै 'देवीको चरण कमलको प्रसाद सधैँ आफूलाई प्राप्त होस्' भन्ने आशयको स्तुतिपद्यका रूपमा यस अभिलेखको उत्तरार्ध देखा पर्दछ । अनुप्रासादि शब्दालङ्कार र उपमारूपकादि अर्थालङ्कारले मण्डित यी पद्यहरूमा माधुर्य र प्रसादगुण पाइन्छ, भगवद्-विषयिणी रतिको भावोद्रेकसमेत अनुभूत हुन्छ । साहित्यशास्त्रअनुसार उत्तमकाव्यमा परिगणित हुने यी पद्यहरूको शुद्ध र स्पष्ट रूप उपलब्ध नहुनुचाहिँ खेदको विषय हो ।

यसै जगन्नाथ देवलको पेटीको अभिलेखबाट उद्धृत गरिएको भनी एउटा अर्को पद्य श्री मोहनप्रसाद खनालले आफ्नो एउटा लेखमा प्रस्तुत गरेका छन्, सो यसप्रकार छ -

---

[273] **उही.** पृ. ६८ ।

[274] हेर्नु, **अभिलेख संख्या १३** ।

या बाला नवनीरदाभचिकुरा त्रस्यत्कुरंगेक्षणा

रत्नाकल्पविभूषिता सुजघना प्रोत्तुङ्गपीनस्तनी ।

प्रोद्यत्पार्वणचन्द्रसुन्दरमुखी तारुण्यपुण्यस्थली

याचे कालि ममेदृशो हि विरहो मा भूदिहास्याः क्वचित् ।।[275]

(हे काली,म के याचना गर्दछु भने- नयाँ नयाँ पानीले भरिएको कालो बादलजस्तो केशपाश भएकी, डराएको मृगको जस्तो चन्चले आँखा भएकी, अनेकौं रत्नविभूषणहरूले सुशोभित भएकी, सुजघना,उत्तुङ्ग सुपुष्ट कठोर स्तन भएकी, पूर्णचन्द्रझैँ सुन्दर मुख भएकी, जवानीको पुण्यस्थलरुपिणी यी बालासँग मेरो यस प्रकारको विरह यस जगत्मा कहिल्यै पनि नहोस् ।)

साहित्यिक अभिव्यक्तिशिल्पले सम्पन्न, शार्दूलविक्रीडित छन्दमा आवद्ध यस पद्यमा यौवनको प्रगाढ उत्कर्ष प्राप्त गरेकी बालाको सौन्दर्यलाई उपमा, रूपक आदि अलङ्कारले सुशोभित पद-पदावलीहरूद्वारा वर्णन गरिएको छ । यस्ती सुन्दरी नायिकासँग विरहित हुनुपर्ला कि भनी व्याकुल मन भएका कवीन्द्रले त्यस्तो नहोस् भनी यहाँ इष्टदेवता कालीसँग कातरभावले प्रार्थना गरेको पाइन्छ ।

यसै जगन्नाथ देवलको पूर्वभागको पेटीमा रहेको शिलापत्रको दोस्रो तलामा उत्कीर्ण श्लोक भनेर उल्लेख गरिएको एउटा अर्को पद्य इतिहासविद् पं.नयराज पन्तले 'गल्लीमा फ्याँकिएका कसिङ्गर' भन्ने प्रसिद्ध ग्रन्थको उपद्घातको प्रारम्भ भागमा उद्धृत गर्नुभएको पाइन्छ । सो पद्य र श्रीपन्तले गर्नुभएको त्यस पद्यको नेपाली अनुवादको पूर्ण पाठ यसप्रकार छ :

इत्येवं वदतोऽपि पद्यनिवहैर्ल्लोकेषु कश्चिद्गुणो

भ्रातर्म्मे समुदेति नेति हृदयं दुःखं न किञ्चित् पुनः ।

नूनं मन्दिरसुन्दरीषु विमुखीभूता दृशः कामिनां

जायन्ते परकामिनीषु नितरां नीचासु बद्धादराः ॥

-प्रतापमल्लः ।

[थुप्रा श्लोक बनाएर म यसरी बोलिरहेछु, तैपनि दुनियाँमा मेरो कुनै कदर हुँदैन भने पनि भाइसाहेव, मेरो मनमा कुनै दुःख हुँदैन । गुण्डाहरूका आँखा आफ्ना घरका राम्रा स्वास्नीहरूलाई पनि नहेर्ने, बाहिरका दुःशीला गुण्डीहरूलाई खूब आदरपूर्वक हेर्ने हुन्छन् ।][276]

---

275 मोहनप्रसाद खनाल, **नेपालका केही मल्लकालीन अभिलेख**, (काठमाडौं :वि.सं. २०२९) पृ.२५ ।

276 भोलानाथ पौडेल, धनवज्र वज्राचार्य (सम्पा.) **गल्लीमा फ्याँकिएका कसिङ्गर** ललितपुर, जगदम्बा प्रकाशन, श्री दरबारटोल, वि.सं. २०१८) पृ. १ ।

यसको अन्त्यमा उत्कीर्ण वाक्यअनुसार एउटा यस रचनालाई 'वियोग-निस्सारण-प्रार्थना' भनिएको छ।

यसप्रकार सो मन्दिरको पूर्व-पेटीमा रहेको उक्त शिलालेखको पूर्णपाठ हाल उपलब्ध नभएको र त्यसमा यस्तै अन्य पद्यहरू पनि उत्कीर्ण भएका हुनसक्ने प्रबल सम्भावना देखिन्छ। उपर्युक्त पद्य अभिव्यक्ति शैलीका दृष्टिले अत्यन्त आकर्षक देखिन्छ। प्रसाद गुणमा रचिएको प्राञ्जल संस्कृत भाषाको उत्कृष्ट नमुना बनेको सो पद्यमा अर्थान्तरन्यास अलङ्कारको सुन्दर प्रयोग भएको पाइन्छ। यसबाट कवीन्द्र राजा प्रताप मल्लको उत्तम काव्यशैलीको परिचय दिने यस्ता पद्यहरू अरु पनि प्रशस्तै थिए भन्ने प्रतीत हुन्छ।

२.४.१९ गुह्येश्वरी मन्दिरको प्राङ्गणमा सिंहध्वज र सिंहमूर्तिहरूको स्थापना

ने.सं. ७७४ तदनुसार वि.सं. १७१० माघ शुक्ल एकादशी बुधवारका दिन श्री गुह्येश्वरी प्रीतिका लागि राजा प्रताप मल्लले सिंहध्वजको स्थापना गरेका थिए।[277] गुह्येश्वरी मन्दिरको प्राङ्गणमा रहेको सो सिंहध्वज अद्यापि त्यहाँ देख्न सकिन्छ।

राजा प्रताप मल्लले श्लेष्मान्तक वन आवाद गर्दा पत्ता लागेको गुह्येश्वरीको कुण्डलाई खोज्न नपर्ने गरी राम्रो मन्दिर बनाउन लगाई, मन्दिरभित्र अष्टमातृकागण देवीहरूको मूर्ति स्थापना गरी, ठूलो ढुंगाको खम्बामा श्लोक लेख्न लगाई ढुंगाको सिंहले सुशोभित गरी आफ्नो शालिक पनि यिनले राखेका थिए। यी सबै बयानहरू सबै मन्दिरभित्र नै कछुवाको माथि ठूलो ढुंगामा लेखिराखेको आजसम्म पनि छ[278] भन्ने बयान इतिहासविद्हरूले प्रस्तुत गरेको पाइन्छ।

यसै गरी गुह्येश्वरी मन्दिरका वरिपरि आठवटा प्रस्तरनिर्मित बसेको अवस्थाका सिंहका मूर्तिहरू छन्।[279] ती मूर्तिहरू राजा प्रताप मल्लले स्थापना गरेका हुन्। सबैका पादपीठमा लेख छन्, तर अहिले दुईवटामा मात्र स्पष्टसँग लेख देख्न सकिन्छ। लेख नेवारी लिपिमा लेखिएका छन्।[280]

---

277 हेर्नु, **अभिलेख संख्या १४**।

278 मुनँकर्मी, **पूर्ववत् नं. ६९**, पृ. ११४ - ११५।

279 हेर्नु, **अभिलेख संख्या १५**।

280 डा.गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**. अभिलेख खण्ड, (काठमाडौं : श्री झरेन्द्र समशेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, कुञ्ज निवास, महाराजगञ्ज, वि.सं. २०५६) पृ. २०१।

२.४.२० श्री गुह्येश्वरी पीठको निर्माण र शिलालेख स्थापना

ने.सं. ७७४ तदनुसार वि.सं. १७११ वैशाख कृष्ण षष्ठी वृहस्पतिवारका दिन राजा प्रताप मल्लले काठमाडौंस्थित प्रसिद्ध गुह्येश्वरी पीठमा देवालयको निर्माण गरी यज्ञ र पूजा-आजा सहित उक्त देवालयको प्रतिष्ठा गरी भवानी गुह्येश्वरीलाई चढाएका थिए । गुह्येश्वरी मन्दिरको गर्भगृहमा रहेको राजा प्रताप मल्लले स्थापित गरेको अभिलेखबाट उक्त कुरा ज्ञात हुन आउँछ ।

प्रताप मल्लद्वारा गुह्येश्वरी पीठको उद्धार गरेको प्रसङ्ग विभिन्न वंशावलीहरूमा पनि उल्लेख गरेको पाइन्छ । तदनुसार प्रताप मल्लको शासन कालमा नृसिंह देवताका भक्त नरसिंह ठाकुर नेपाल आई पचली क्षेत्रमा बसेका थिए । राजा प्रताप मल्ल उनलाई भेट्न त्यहाँ गए र उनै नरसिंह ठाकुरका सल्लाहले गुह्येश्वरी पीठको खोजी गर्ने कार्य प्रारम्भ गरियो । महाकालसंहितातन्त्रको वर्णनअनुसार श्रीपशुपतिनाथ मन्दिरको पूर्ववर्ती श्लेष्मान्तक वनमा खोज गर्दै जाँदा राजा प्रताप मल्लको साथमा गएका खड्गधारी र तेलकारले गुह्येश्वरी कुण्डको चिन्ह फेला पारे । त्यसपछि राजाले गुह्येश्वरीको उक्त कुण्डलाई फलामको सत्तरी (पाता) लगाएर सुरक्षित पार्न लगाए । तत्पश्चात् त्यस कुण्डको नजीकै नवदुर्गा, गणेश, नरसिंह र भैरवका मूर्तिहरूको स्थापना गरे । त्यसैका समीपमा एउटा सत्तल बनाए र त्यहाँ एउटा सिंहस्तम्भको पनि निर्माण गरी स्थापित गरे ।[281]

उता भाषा-वंशावलीमा 'राजा प्रताप मल्लले गुरु लम्बकर्ण भट्टसँग सम्मत गरी संवत् ७७४ वैशाखशुक्ल ११ रोज ५ का दिन श्रीगुह्येश्वरीको कुण्डमा वडो यत्नसँग फलामका दलिन लगाई, चारैतिर पर्खाल बनाई, ढुंगाले छोपी, ईश्वरीको जलज्वाला ढाकी, अष्टदलपत्र यन्त्राकार भैरवसहित गरी कुण्ड सुन्दर गरी बनाई फटिकका कलशाकार बनाई नित्य नैमित्तिक पूजा गराया[282] भन्ने उल्लेख गरिएको पाइन्छ ।

अर्को थरी वंशावलीमा चाहिँ नरसिँह ठाकुरले महाकालसंहिता पढेर श्लेष्मान्तक वनमा उत्तरतर्फ गएर खोजी गर्दा ईश्वरी (गुह्येश्वरी) को पीठ रहेको ठाउँ पत्तो लगाएको कुरा उल्लेख गरिएको छ । उपर्युक्त कुरा राजा प्रताप मल्ललाई बिन्ती गरेपछि राजा प्रताप मल्लले त्यस ठाउँमा आफ्ना प्रजाहरूलाई आदेश दिई एउटा तलाउ खन्न लगाए र त्यसै ठाउँमा जमिनमुनि ईश्वरीको ज्योतिस्वरूप विग्रह पत्ता लाग्यो । त्यसपछि राजा प्रताप मल्लले ईश्वरीको पीठमुन्तिर रहेको अग्निज्योति माथि आउन नसक्ने तवरले फलामका बलिया दलिन यन्त्रको रूपमा राख्न लगाएर र त्यसमाथि अष्टदलको पद्मरूपी यन्त्रको स्थापना गरे । त्यसैको समीपमा राजाले भैरवको स्थापना गरे । त्यस शक्तिपीठको वरिपरि पर्खाल लगाइयो र आँगनमा प्रस्तरनिर्मित दुई

---

[281] डा.जगदीशचन्द्र रेग्मी, **श्रीपशुपतिनाथ-गुह्येश्वरी माहात्म्य र इतिहास** (काठमाडौं : अफिस अफ् नेपाली इन्टिक्वेरी, नक्साल, वि.सं.२०४६) पृ. नं. १५३-१५४ ।

[282] **पूर्ववत् नं. १०३.** पृ. ९० ।

स्तम्भ खडा गरी तिनमाथि सिंह र मानिसको मूर्ति स्थापना गरियो । यसरी गुह्येश्वरी काली महामायाको पत्तो लागेकोले ती राजाले यहाँ शिलालेख पनि लेखाए भन्ने प्रसङ्ग उक्त वंशावलीमा[283] उल्लेख गरिएको पाइन्छ ।

२.४.२१ महापराधस्तोत्रम्

गुह्येश्वरी मन्दिरको गर्भगृहमा स्थापित राजा प्रताप मल्लको पूर्वोक्त अभिलेखमा दुईवटा स्तोत्र रहेका छन् । तिनमध्ये पहिलो सर्वापराध स्तोत्र हो । यही स्तोत्र तलेजुको दायाँपट्टिको सुवर्णद्वारमा पनि उत्कीर्ण गरिएको पाइन्छ । यही स्तोत्र पूर्ववर्णित मोहनचोकको उत्तरी लड्मा स्थापित विशालाकार शिलापत्रमा पनि उत्कीर्ण गरिएको पाइन्छ ; जसमा यसै स्तोत्रलाई 'महापराधस्तोत्र' भनिएको छ ।

यस महापराधस्तोत्रको प्रारम्भमा 'श्रीश्रीकालिकायै नमः' भनी देवी कालिकालाई नमन गरिएको छ । स्तोत्रको अन्त्यमा 'शस्त्र शास्त्र सङ्गीत आदि सकलविद्यामा पारङ्गत, महाराजाधिराज नेपालेश्वर, पण्डितहरूमध्ये सर्वश्रेष्ठ (चूडामणि) समस्त राजाहरूका अधीश्वर, राजराजेन्द्र कवीन्द्र जय प्रताप मल्ल परमभट्टरकले रचना गरेको सर्वपराधस्तोत्र सम्पन्न भयो' भन्ने वाक्य राखिएको छ । यो स्तोत्र संस्कृतको प्रसिद्ध छन्द स्रग्धराको वर्णमात्रिक लयमा आबद्ध जम्मा १८ वटा पद्यमा संरचित छ । २१ वटा अक्षरको संरचनामा आधृत उक्त छन्द लामो आयाम भएको छन्द मानिन्छ । यसमा रहेका पद्यहरूमध्ये प्रारम्भका १२ वटा पद्यमा **'न ग्राह्यो मेऽपराधो जननि जयनिधे कालिके त्वं प्रसीद'** यस पङ्क्तिलाई चौथो पाउका रूपमा प्रस्तुत गरिएको छ । वाल्यकालदेखि लिएर प्रौढावस्थासम्ममा आफूबाट हुन गएका अपराध, गल्ती र व्यतिक्रमहरूप्रति देवी कालिकासँग क्षमायाचना गरिएको छ । यसको चर्चा पहिले नै भइसकेको छ ।[284]

२.४.२२ कालिका-भुजङ्गदशकम्

गुह्येश्वरी मन्दिरमा स्थापित उक्त अभिलेखमा रहेको दोस्रो स्तोत्र 'कालिका-भुजङ्गदशक' हो । यो स्तोत्र तलेजुमन्दिरको छतमा अङ्कित राजा प्रताप मल्लको अभिलेखमा पनि उत्कीर्ण गरिएको पाइन्छ । यसको प्रारम्भमा 'ॐ नमः कालिकायै' भनी कालीको नमन गरिएको छ । स्तोत्रको अन्त्यभागमा श्री कवीन्द्र जयप्रताप मल्लद्वारा विरचित श्री ३ कालिका भुजङ्गदशक समाप्त भयो, भन्ने वाक्य रहेको छ ।

---

[283] रेग्मी, **पूर्ववत् नं. २८१.** पृ. १५३-१५४

[284] हेर्नु, **अभिलेख संख्या १०** ।

यो 'कालिका-भुजङ्गदशकस्तोत्र भुजङ्गप्रयात छन्दका जम्मा ११ वटा पद्यहरूबाट रचना गरिएको छ । त्यसमध्ये १० वटा पद्यमा कालिकाको स्तवन गरिएको हुँदा 'भुजङ्गप्रयात छन्दमा आबद्ध कालिकाको स्तुतिपरक दशवटा पद्यको स्तोत्र' भन्ने अर्थमा यस स्तोत्रको शीर्षक 'कालिका-भुजङ्गदशक' राखिएको स्पष्ट हुन्छ । एघारौं पद्यचाहिँ लेखकको परिचय र स्तोत्र पढ्नुको फलश्रुतिसँग सम्वद्ध पुष्पिका पद्य भएकाले मूल स्तोत्रमा यसको गणना नगरिएको वुझिन्छ ।

यस अभिलेखमा रहेको चौथो पद्य त्रुटित रूपमा प्रकाशित छ । यस स्तोत्रमा राजा प्रताप मल्लले आफू कालिकाको अनन्य भक्त भएकाले उहाँको वरद कटाक्षपातले आफूलाई कल्याण गर्ने हुँदा आफू निश्चिन्त भएको भाव व्यक्त गरिएको छ । यमदूतहरूलाई सम्वोधन गर्दै यहाँ कवीन्द्र प्रताप मल्लले उनीहरूले आफूलाई डर देखाउन नसक्ने, जन्म जन्मान्तरका पुण्यले कालिकाको भक्ति सफल भएकाले अहिले पुण्यफल प्रकट भएको र कालिकाका सुशोभित चरणकमलले आफ्नो सुरक्षा गरेको भाव व्यक्त गरेका छन् । प्रेतमाथि निवास गर्ने, उग्रस्वरूपा महाकालिकाको बयान गर्दै त्यस्ती जगदुद्धारिका र वैरविध्वंशिनी देवीलाई आफूप्रति प्रसन्न हुने प्रार्थना गर्दै यहाँ स्तोत्रकारले आफ्नो अनन्यभक्ति र आस्था प्रकट गरेका छन् । यस स्तोत्रमा शव्दालङ्कारका रूपमा अनुप्रास र अर्थालङ्कारका रूपमा उपमा, रूपक र उत्प्रेक्षा जस्ता प्रसिद्ध अलङ्कारहरूको सौन्दर्य प्रकट भएको छ । सरल पद-पदावलीहरूको प्रयोगद्वारा यहाँ प्रसाद गुणको र अल्पसमासयुक्त पाञ्चाली रीतिको महिमा प्रस्फुटित भएको पाइन्छ । देवी कालिकाप्रति कविका मनमा रहेको भक्तिभावस्वरूप रति प्रकट भएकाले यहाँ देवादिविषयिणी रतिको उद्रेक हुन गई भाव अभिव्यक्त हुन पुगेको छ; साहित्यशास्त्रानुसार उत्तम काव्यको स्वरूप प्रकट हुन पुगेको छ ।

अभिलेखका अन्त्यभागमा 'निजकुलका पितामह श्री ३ रामचन्द्रको जय होस्' भन्दै रचिएका दुईवटा पद्यमध्ये पहिलो पद्य स्रग्धरा छन्दमा प्रस्तुत छ भने दोस्रो पद्य वसन्ततिलका छन्दमा आबद्ध छ । स्रग्धरा छन्दको पद्यमा 'श्री प्रताप मल्ल राजाले उन्नत सिंहध्वज र साथमा दिव्य देवालयको निर्माण गरी यज्ञ र पूजा-आजाआदिसमेत सम्पन्न गरी आफ्नो कुशलताको कामनाका साथ सो देवालय विनम्र भावले गुह्येश्वरी भवानीलाई अर्पण गरेको' विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो र अन्तिम पद्य (वसन्ततिलका छन्द)मा यस देवधामको प्रतिष्ठा गरिएको तिथिमिति (७७४ वैशाखकृष्ण षष्ठी) बारे उल्लेख गरिएको छ । अभिलेखको सवैभन्दा अन्तमा यही वेहोरा संक्षिप्त रूपमा नेवारी भाषामा उत्कीर्ण रहेको छ । स्तोत्रद्वय उत्कीर्ण गरिएका कारण यो अभिलेख साहित्यिक दृष्टिले विशेष महत्त्वको मानिन्छ ।

२.४.२३ हनुमद्ध्वज र मीनध्वजको निर्माण र अभिलेख

ने.सं. ७७५, तद्अनुसार वि.सं. १७११ मंसीर कृष्ण त्रयोदशीका दिन राजा प्रताप मल्लले मोहनचोकको छानामा हनूमद्ध्वज (हनुमान्को प्रतिमा अङ्कित भएका ध्वजा) र मीनध्वज (माछो

अङ्कित भएको ध्वजा) निमाण गरी अभिलेखहरू पनि उत्कीर्ण गराएका थिए । नेवारी भाषामा उत्कीर्ण ती संक्षिप्त अभिलेखहरूमा क्रमशः माता तलेजुको प्रसन्नताका लागि ती ती ध्वजाहरू निर्माण गरी चढाएको बेहोरा अङ्कित छ ।[285]

२.४.२४ श्री पशुपतिनाथको मन्दिरमा कनक कलश, १००८ शिवलिङ्ग, सुवर्ण प्रतिमा एवम् 'महेशाष्टकम्' सहित शिलालेखको स्थापना

ने.सं. ७७५ तदनुसार वि.सं. १७१२ चैत्र कृष्ण पञ्चमी तिथि सोमवारका दिन राजा प्रताप मल्लले श्री पशुपतिनाथको मन्दिरमा स्वर्णकलश (सुनको गजुर) चढाएका थिए । यसै अवसरमा दुईवटी रानी रूपमती देवी र अनन्तप्रियादेवीका साथमा आफ्नो पनि स्वर्णप्रतिमा वनाई राजाले पशुपतिको प्राङ्गणमा, मन्दिरतिर उन्मुख रहेको मुद्रामा स्थापित गरेका थिए । त्यसै गरी आफ्ना इष्टदेव श्रीपशुपतिका सामुन्ने छत्राकार देवमन्दिरमा ताम्रमय कोटिलिङ्गदेखि माथि ढुंगाले निर्माण गरिएका एक हजार आठ शिवलिङ्गहरूको समेत स्थापना गरेका थिए । यति सबै कार्य गरिसकेपछि उनले एउटा भव्य प्रस्तरपट्टमा आफूले सम्पन्न गरेका पूर्वोक्त कार्यहरूको उल्लेख गर्दै स्वरचित **महेशाष्टक** स्तुतिकाव्य उत्कीर्ण गराएका थिए ।

सो शिलालेख[286] श्री पशुपतिनाथ मन्दिरको नैर्ऋत्य कोण (दक्षिण-पश्चिम दिशा)मा अवस्थित छ । यसको मोहडा पूर्वपट्टि फर्किएको छ । दुई हात, सात अङ्गुल लामो र २२ अङ्गुल चौडा भागमा यो अभिलेख रहेको छ । ने.सं. ७७५ मा यो शिलालेख स्थापित गरिएको कुरा त्यहाँ उल्लिखित छ । यसको अधिकांश भाग संस्कृत भाषामा र अन्तिम भाग नेवारी भाषामा उत्कीर्ण गरिएको छ । संस्कृत भागमा भगवान् श्री पशुपतिनाथको स्तुति रहेको छ र अन्त्यमा आफूले गरेका पूर्वोल्लिखित पुण्यकर्महरूको विवरण संस्कृत र नेवारी भाषमा समेत उत्कीर्ण छ । शिलालेखको शिरोभागमा एउटा संस्कृत पद्य रहेको छ । त्यसको पूर्वार्द्धका दुई पङ्क्ति शार्दूलविक्रीडित छन्दानुकूल छन् भने उत्तरार्द्धका दुई पङ्क्ति स्रग्धरा छन्दानुकूल छन्, यसरी ती दुवै छन्द सम्मिश्रित भएर उपजाति बन्न पुगेको उक्त पद्यमा यो शिलालेख स्थापना गरिएको तिथिमिति र गरिएका कार्यहरूको उल्लेख गरिएको छ । 'श्री पशुपतिनाथको मन्दिरमा श्रीकवीन्द्रले हेमकुम्भ (सुवर्णकशल) चढाउनाका साथै आफ्ना दुई प्रियाहरूका साथ आफ्नो समेत (स्वर्ण)मूर्ति स्थापना गरिएको' बेहोरा त्यस पद्यमा पाइन्छ ।

त्यसपछि कवीन्द्र प्रतापक्षितीश (राजा प्रताप मल्ल)कृत महेशाष्टक स्तव उत्कीर्ण गरिएको छ । यसको प्रारम्भमा श्रीश्रीश्री पशुपतिलाई नमस्कार छ भन्ने वाक्य पाइन्छ, तदनन्तर जम्मा नौवटा पद्यमा महेशाष्टक रहेको छ । यस स्तवमा १२ अक्षरे संस्कृतको प्रसिद्ध भुजङ्गप्रयात

---

[285] हेर्नु, **अभिलेख संख्या १७-१८ ।**
[286] हेर्नु, **अभिलेख संख्या १९ ।**

छन्दको प्रयोग गरिएको छ । समग्र स्तोत्रको पूर्ण रूप उपलब्ध छ र प्रकाशित छ । यसमा प्रारम्भदेखिका आठ पद्य महेशाष्टकका मूल पद्य हुन् भने अन्तिम पद्य चाहिँ पुष्पिका वाक्य हो, जसमा यस स्तवको फलश्रुतिको उल्लेख गर्नाका साथै स्तोत्रकारको नामोल्लेख गरिएको छ । 'कवीन्द्र राजा प्रताप मल्लले कहिएको यो महेशाष्टक जसले एकचित्त भएर पढ्दछ त्यसले सबै महासिद्धिहरू हस्तगत गर्नाका साथै गुह्येश्वरीका ईश (श्रीमहेश)को कृपा प्राप्त गर्नेछ; त्यसप्रति भगवान् श्रीपशुपतिनाथ प्रसन्न हुनुहुनेछ' भन्ने कथन त्यहाँ पाइन्छ । महेशाष्टकका आठैवटा मूल पद्यहरूको अन्तिम चरण **'पशूनां पतिं भव्यरूपं भजेऽहम्'** (भव्य स्वरूप भएका श्रीपशुपतिनाथको म भजन गर्दछु) भन्ने रहेको छ । यस स्तोत्रमा जटाबाट प्रवाहित गङ्गालाई धारण गर्ने, तेस्रो नेत्रबाट स्फुरित तेजबाट कामदेवलाई डढाउने, भष्मविभूषित कायले शोभित, गौरववर्ण भएका श्री पशुपतिनाथको स्तुतिगान गरिएको छ । विशेषतः भगवान् श्रीशङ्करको ऐश्वर्यशाली विग्रह-स्वरूप, आफ्ना भक्तका उपर भगवान्ले गर्नुभएका कृपा कार्य र भगवान् श्रीशिवद्वारा शत्रुहरूको संहार र उद्धार गरिएका घटनाहरूको उल्लेख गर्दै उहाँका अनन्त लीलाको स्तवन गरिएको छ । यहाँ एकातिर श्रीशिवको सौन्दर्यसम्पन्न स्वरूप र शोभाशाली श्रीविग्रहको वर्णन छ भने अर्कातिर दुष्टहरूप्रति गरिएका कठोर कार्य र र भीषण रूपको पनि बयान गरिएको छ । श्रीशिवका ताण्डवनृत्य, व्याघ्रचर्मधारण, श्मशानवास, योगिजनमात्रगम्यता, वासुकिकृत यज्ञोपवीत धारण, दैत्यमुण्डावलीको हारधारण गर्ने आदि भव्य दिव्य चरित्रको स्तवन गरिएको छ । महाकालिकालाई आलिङ्गन गर्ने रतिक्रीडाका नायकका रूपमा श्रीपशुपतिको श्रृङ्गाररसानुकूल ललित स्वरूप र प्रीतिभावान्वित कोमल चरित्रको पनि बयान गरिएको छ । शब्दालङ्कारका रूपमा अनुप्रासको सौन्दर्य यहाँ यत्रतत्र सर्वत्र पाइन्छ भने अर्थालङ्कारका तहमा उपमा, रूपक र विरोधाभासजस्ता अलङ्कारहरूको शोभा पनि अनुभूत हुन्छ । विशेषतः माधुर्यगुणको वर्चस्व रहेको यस स्तोत्रमा श्रृङ्गार, वीर, भयानक, अद्भुत र शान्त रसका विभावादिको प्रस्तुति रहेको छ र अन्ततः ती सबै सामग्रीहरू कविको हृदयमा उल्लसित देवविषयिणी रतिमा समर्पित भई भावध्वनिरूप उत्तमकाव्यको प्रवर्तक बन्न पुगेका छन् । साहित्यिक दृष्टिबाट यो स्तोत्र अत्यन्त महत्त्वशील रहेको छ र राजा प्रताप मल्लको स्तुतिकाव्यरचनाकौशलको उल्लेख्य आलेख बन्न पुगेको छ ।

२.४.२५ वज्रयोगिनीको मन्दिरनिर्माण, सुवर्णघटस्थापना एवम् शिलालेख स्थापना

ने.सं. ७७५, तदनुसार वि.सं. १७१२ आषाढ शुक्ल सप्तमी तिथि शुक्रवारका दिन राजा प्रताप मल्लले शङ्खपुर साँखुस्थित श्री वज्रयोगिनी माताको मन्दिर निर्माण गरी स्वर्णकलश (सुनको गजुर)को स्थापना गरेर त्यहाँ आफ्ना रानीहरू रूपमती देवी अनन्तप्रिया देवी, लालमती देवी र राजमती देवी र आफ्नो समेत सालिक निर्माण गरेर राखेका थिए । त्यस मन्दिरको पूजा-

आजाका निम्ति गुठी राखेका थिए ।[287] त्यसै अवसरमा शिलालेखको समेत स्थापना[288] गरेका थिए ।

सो शिलालेख साँखु वज्रयोगिनी मन्दिरको ईशानकोण (पूर्वोत्तर दिशा)मा र पूर्वदिशामा रहेका दुईवटा शिलापट्टमा उट्टङ्कित छ । यी शिलापट्ट-द्वयमा दुई वटा स्तोत्रका साथै त्यहाँ सम्पन्न गरिएका पूर्ववर्णित सत्कार्यहरूको विवरण संस्कृत र नेवारी भाषामा उत्कीर्ण गराइएको पाइन्छ । यी दुवै स्तोत्र स्वयम्भू अनन्तपुरको अभिलेखमा पनि परेका छन् । यीमध्ये पहिलो शिलापट्टको अभिलेख कुँदिएको भाग दुई हात १७१/२ अङ्गुल लम्वाइ र एकहात २० अङ्गुल चौडा छ भने अर्कोचाहिँ एक हात १४ अङ्गुल लम्बाइ र एक हात चौडा आयाममा रहेको छ । यीमध्ये पहिलो शिलापट्टमा दुईवटा स्तोत्रहरू संस्कृत भाषामा र त्यहाँ सम्पन्न सत्कार्यहरूको विवरण संस्कृत पद्य र नेवारी भाषामा उत्कीर्ण छ भने दोस्रोचाहिँ शिलापट्टमा त्यहाँ वज्रयोगिनी मन्दिरको पूजाआजा आदिको सम्यक् सञ्चालनका निम्ति राखिदिएको गुठीको विवरण नेवारी भाषामा उत्कीर्ण छ ।

२.४.२६ वज्रयोगिन्या : कामदस्तोत्रम्

पहिलो शिलापट्टमा जम्मा ४३ पङ्क्तिहरू रहेका छन् । प्रारम्भमा 'ॐ श्रीश्रीश्री वज्रयोगिनीलाई नमस्कार छ' भन्ने वाक्य मङ्गलाचरणका रूपमा प्रस्तुत गरिएको छ । त्यसपछि **'वज्रयोगिनीको कामद स्तोत्र'** उट्टङ्कित छ । स्तोत्रको अन्त्यमा नेपालका राजा 'श्रीश्रीकवीन्द्रजयप्रतापमल्लेदवद्वारा विरचित वज्रयोगिनीको कामदस्तोत्र (अभीप्सित वस्तु प्रदान गर्ने स्तुति) समाप्त भयो' भन्ने वाक्य उल्लेख गरिएको छ । यो स्तोत्र जम्मा १५ वटा पद्यहरूमा सम्पन्न भएको छ । संस्कृतको प्रसिद्ध छन्द भुजङ्गप्रयातमा आवद्ध यस स्तुति रचनाका १४ वटा पद्य मूल भाग हो भने अन्तिमको एक पद्य पुष्पिका भाग हो, जसमा 'कवीन्द्र राजा जय प्रतापमल्लले रचना गरेको देवदेवी भवानीको यो स्तुति जसले पाठ गर्ला उसलाई अम्विकाको कृपाप्रसाद, ऐश्वर्य र कल्याणका साथै वाञ्छित वस्तुपनि प्रदान गर्न यो स्तुति समर्थ छ' भन्ने फलश्रुति उल्लेख गरिएको छ । प्रस्तुत कामदस्तोत्रमा वज्रयोगिनी माताका सुन्दर स्वरूप र अनन्त प्रभावको वर्णन गर्दै देवीप्रति आफ्नो श्रद्धापूर्ण नमन कवीन्द्रले चढाएका छन् । यहाँ सङ्ग्राममा चण्डमुण्डादि दानवदलको दर्प दमन गर्ने, श्मशानवासिनी, नाग-आभूषण-धारिणी, मुण्डमालाशोभिनी देवीको भयानक रूपको वर्णन एकातिर छ भने अर्कातिर समग्र विश्वको रचना गर्ने, मृगका जस्ता चञ्चल नयन भएकी, बिन्दुमुद्राधारिणी, विम्वफलको कान्तिलाई पनि जित्ने परमसौन्दर्यले युक्त भएकी कल्याणकारी देवीको शोभन स्वरूपको वर्णन गरिएको छ । समग्र देवदेवीहरूद्वारा उपासना-आराधना गरिएकी, वाणीप्रदा, हरप्रेयसी, कृपावारिधिरूपिणी देवी

---

[287] मुनँकर्मी, **पूर्ववत् नं. ६९**, पृष्ठ ११५ ।
[288] हेर्नु, **अभिलेख संख्या ११** ।

वज्रयोगिनीलाई नमन गर्दै राजाले आफूमा न्यास-ध्यान र आराधना पद्धतिको पनि अभ्यास नभएकोले आफूलाई क्षमा गर्दै परमकृपा प्रदान गर्नुहुन बिन्ती चढाएको भाव यस स्तुतिकाव्यमा पाइन्छ । अज्ञानको समुद्रजस्तो आफूलाई कृपा गर्नका लागि दीनवन्धु शिवलाई प्रार्थना गरिदिन पनि बिन्ती गरिएको छ । यस स्तवमय काव्यमा देवी वज्रयोगिनीको शास्त्रसम्मत स्वरूप र मुद्राको वर्णन गरिएको छ र त्यस्ती देवीलाई, एकजटा, लीलसरस्वती आदिका रूपमा समेत प्रस्तुत गर्दै स्तुति गरिएको छ ।

यस स्तुतिकाव्यमा शब्दालङ्कार अनुप्रासका विभिन्न प्रकारहरू सुशोभित छन् र अर्थालङ्कारमध्ये उपमा, रूपक र अर्थान्तरन्यासजस्ता अलङ्कारहरूको सम्पदा पाइन्छ । कतै छोटा छोटा समासले युक्त र प्रायः असमस्त पद पदावलीहरूले सम्पन्न उक्त रचनामा प्रायः प्रसादगुण र माधुर्य गुणकै वर्चस्व पाइन्छ । देवी वज्रयोगिनीप्रति कवि हृदयमा रहेको रति उद्रेक हुन गई भक्तिभाव र श्रद्धापूर्ण साहित्यिक अभिव्यक्तिमा प्रकट हुन गएकाले भावध्वनिको रमणीयता उक्त स्तुतिकाव्यमा अनुभूत हुन्छ । काव्यसौन्दर्यका दृष्टिले यो रचना महत्त्वशील देखिन्छ ।

उपर्युक्त अभिलेखमा रहेको दोस्रो स्तुतिरचनाको शीर्षक यहाँ दिइएको छैन ।[289] यही स्तोत्रलाई स्वयम्भूस्थित अनन्तपुरको अभिलेखमा पनि उत्कीर्ण गरिएको छ र त्यहाँ यस स्तोत्रलाई **जाड्यमुद्गरस्तोत्र** भनिएको छ । यो स्तुतिकाव्य २१ अक्षरको मात्रिक छन्दमा रचिएको छ र यसमा जम्मा आठवटा पद्य रहेका छन् । यस स्तुतिरचनाको प्रारम्भमा 'राजविजय रागमा, खर्जति तालमा' भन्ने पदावली रहेको छ, यसबाट यो गेय रचना हो र कुनै खास राग र तालमा आधृत कृति हो भन्ने स्पष्ट हुन्छ । स्तुतिको प्रारम्भमा 'जय चण्डि !' भन्ने पदावली रहेको छ । चण्डिका देवीको आराधनामा यो रचना केन्द्रित रहेको कुरा यसबाट स्पष्ट हुन्छ । अन्तिम पद्यमा हे अम्बे, तपाईंको पदद्वयको चरणधूलिका निम्ति लोलुप बनेर तपाईंको चरणकमलको समीपमा शिर झुकाउने श्री कवीन्द्र प्रताप (मल्ल) राजा (नाम भएको) यस बालकलाई पालन गर्नुहोस्' भन्ने कथन आउँछ । यसबाट राजा स्वयंले आफ्नो कल्याणका लागि देवी चण्डीसँग गरेको श्रद्धापूर्ण नमन र आफ्नो पालनका लागि गरिएको बिन्ती एवम् आफ्नी आमाजस्तै भएकी जगन्माताका सामुन्ने आफू सानो बालक सन्तानका रूपमा प्रस्तुत हुँदै आफूप्रति वात्सल्य भाव र अपार ममताको याचना गरिएको भाव यस स्तुतिरचनामा अभिव्यक्त भएको पाइन्छ । यस रचनाका अन्य सबै पद्यहरूमा पूर्वोक्त चण्डी पदका विभिन्न विशेषणहरू प्रस्तुत गरिएका छन् । सुन्दर चञ्चल नयन युगल भएकी, अचलनन्दिनी, युद्धमा मारिएका सैकडौं दानवहरूको रक्तरूपी मदिरा पान गर्ने, नरमुण्डधारिणी, नागनुपूरधारिणी, ठूलो पेट र पुड्के आकृतिले मण्डित, भयङ्कर श्मशानमा बस्ने उग्ररूपिणी देवीको उग्रतर, प्रचण्ड र भयप्रद स्वरूपको वर्णन गरिएको छ ।

---

[289] हेर्नु, **अभिलेख संख्या २०** ।

दानवहरूको दमन गर्नका निम्ति प्रकट भएकी, दुर्गा सप्तशतीमा वर्णित चण्डीको उग्रस्वरूपको आराधना गरिएको यस स्तुतिरचनामा अनुप्रासादि शब्दालङ्कार र उपमादि अर्थालङ्कारको प्रचुर प्रयोग पाइन्छ । विकटरचनाले सम्पन्न यस स्तुतिकाव्यमा विशेषत: ओजोगुणको सौन्दर्य परिलक्षित हुन्छ । लामा लामा समस्त पदावलीहरूको प्रयोग गरी चण्डीको प्रचण्ड स्वरूपको वर्णन गरिएकोले गौडी रीति र भयानक रौद्ररसानुकूल विभावानुभावको प्रस्तुति भए तापनि ती सबै सामग्रीहरू देवताविषयिणी रतिको अङ्ग बनेर आउने भएकाले भावध्वनिका साधक बन्न पुगेका छन् । व्यभिचारीभावहरूको विशेष प्रस्फुटन र विकासका कारण पनि भावध्वनिको[290] सौन्दर्य यस रचनामा अनुभूत हुन्छ ।

उपर्युक्त दुई स्तोत्रहरूका बीचमा एउटा स्रग्धरा छन्दको पद्य आउँछ जसमा यो अभिलेख स्थापित गरेको र मन्दिरका साथै स्वर्ण गजुर निर्माण गरी चढाएको सूचना उल्लेख गर्दै यो कार्य सम्पन्न भएको तिथिमिति उल्लेख गरिएको छ । यी सबै कार्य सम्पन्न गर्ने राजा प्रताप मल्लको नामोल्लेख पनि त्यहाँ गरिएको छ ।

पहिलो शिलापट्टको अन्तिम भागमा चाहिँ आफूले गरेका उक्त कार्यहरूको विवरण नेवारी भाषामा दिइएको छ ।

दोस्रो शिलापट्टमा[291] जम्मा ३३ पङ्क्तिको अभिलेख उत्कीर्ण छ । नेवारी भाषामा लेखिएको उक्त अभिलेखको प्रारम्भमा 'श्री ३ वज्रयोगिन्यै नम:' भन्ने नमस्कारात्मक वाक्य र 'अत: परं देशभाषा' भनी तदनन्तर सो मन्दिरको पूजाआजा आदिको व्यवस्थाका निम्ति राखिएको गुठीको विवरण प्रस्तुत गरिएको छ । विभिन्न स्थानमा रहेका विभिन्न आयाम र परिमाण भएका खेत/जमीन र अन्य प्रदानहरूको विस्तृत विवरणका साथै त्यसबाट वर्षभर सम्पन्न गरिनुपर्ने पूजाआजा आदि नित्य नैमित्तिक कृत्यहरूको निर्देश पनि त्यहाँ गरिएको पाइन्छ । अन्तमा सो अभिलेख राखिएको समय 'ने.सं. ७७५ आषाढ शुक्ल सप्तमी तिथि, हस्ता नक्षत्र, परिघ योग र शुक्रवार'को तिथि मिति संस्कृतमा उल्लेख गरी अन्त्यमा 'शुभ' लेखिएको छ ।

२.४.२७ भीमसेनस्थानमा द्रौपदी - भीमसेनको मूर्ति र शिलालेखको स्थापना

ने.सं. ७७५, तदनुसार वि.सं. १७१२ आषाढ शुक्ल सप्तमी तिथि शुक्रवारका दिन राजा प्रताप मल्लले काठमाडौंस्थित भीमसेनस्थानमा द्रौपदीसहित भीमसेनको मूर्ति स्थापना गरी शिलालेखसमेत उत्कीर्ण गराई मन्दिरकै समीपमा राखिदिएका थिए ।

---

[290] रतिर्देवादिविषया व्यभिचारी तथाञ्चित:,भाव: प्रोक्त:' - **सा.द., विश्वनाथ** ।
[291] हेर्नु, **अभिलेख संख्या २०** ।

सो शिलालेख[292] उक्त भीमसेनस्थानको मन्दिरमाथि उक्लिएपछि प्रदक्षिणा गर्ने बाटोमा दक्षिणपट्टि फर्काएर भित्तामा अडेस लगाएर राखिएको पाइन्छ। यो अभिलेखको पूर्ण पाठ रहेको भाग दुई हात छ अङ्गुल लम्बा र एक हात तीन अङ्गुल चौडा छ। यसमा जम्मा ५२ वटा पङ्क्ति उत्कीर्ण छन्।

२.४.२८ शिवरूपभीमसेनस्तोत्रम्

उक्त शिलालेखमा संस्कृतमा रचित एउटा स्तोत्र उत्कीर्ण गरिएको छ, जसलाई त्यहाँ **'श्री ३ शिवरूप भीमसेनस्तोत्र'** भनिएको छ। यस स्तोत्रको प्रारम्भमा **'ॐ श्री ३ शिवरूपभीमसेनाय नमः'** भन्ने नमस्कारात्मक वाक्य राखिएको छ। 'राज विजयरागमा र खर्जति तालमा' भनेर स्तोत्रको प्रारम्भमा दिइएको सूचनाले यो स्तोत्र कुनै खास राग र तालमा आबद्ध गीतिरचना हो, भन्ने कुरा सङ्केत गर्दछ। स्तोत्रको अन्त्यमा 'कवीन्द्र जयप्रताप मल्लदेवद्वारा रचना गरिएको श्री ३ शिवरूपभीमसेनस्तोत्र समाप्त भयो' भन्ने भाकाको संस्कृत वाक्य लेखिएको छ। तदनन्तर नेवारी भाषामा यस स्थानमा सम्पन्न गरिएको द्रौपदी भीमसेनको मूर्ति-स्थापना र स्तोत्र-रचनासम्बन्धी सूचना संक्षेपमा अङ्कित गरी अत्यमा तिथिमितिसमेत उत्कीर्ण गरिएको छ।

सो 'शिवरूपभीमसेनस्तोत्र' गीति लयमा आबद्ध स्तवकाव्य हो। यहाँ **'भज पवनजमिह भीमवरम्, अनुसृतशिवतनुं भीतिहरम्'** (पवनका पुत्र, समस्त भयलाई हरण गर्ने, शिवको स्वरूपलाई अनुसरण गर्ने भीमवर (श्रेष्ठ भीमसेन)लाई भजन गर) भन्ने गीतिपङ्क्ति प्रारम्भमा उत्कीर्ण छ र यसका सामुन्ने ध्रु. भनेर लेखेर अनन्तर उत्कीर्ण प्रत्येक पद्यपछि गाइने 'ध्रुवपद' भन्ने सङ्केत गरिएको छ। यसपछि जम्मा १४ वटा पद्यहरू उत्कीर्ण गरिएका छन्। जम्मा १९/२० वटा अक्षरमा सम्पन्न हुने मात्रिक गीतिलयमा आधृत चार-चार पाउ (पङ्क्ति) बाट प्रत्येक पद्य रचना संरचित छ। लामा-लामा समस्त पदावलीमा संरचित यो स्तुति गीतिकाव्यमा भीमसेनको स्तवन गरिएको छ। ध्रुवपदमा उक्त वाक्यमा रहेको **'भीमवरम्'** पदको विशेषणका रूपमा प्रत्येक पङ्क्तिहरूको संयोजन गरिएको छ। अत्यन्त विशाल स्वरूप धारण गर्ने, दर्पपूरित दानवहरूलाई निर्मूल पार्ने, करोडौं कपटका कपाट (ढोका)हरूलाई फुटाउन आफ्नो हस्तकौशल प्रकट गर्ने, अग्नि, इन्द्र र वरुणादि देवताद्वारा वन्दना गरिएका, हिडिम्बासुर र वकासुरादिको वध गर्ने, करोडौं फलामे काँडाहरूले जडिएको ललितध्वनि पैदा गर्ने गदालाई धारण गर्ने, कीचकको शरीरलाई विदारण गर्ने, सिन्धुराजको केशपुञ्जलाई समातेर कर्षण गर्ने, द्रौपदी केशकर्षण गर्नाले आनन्दित भएको दुर्योधनलाई भष्म तुल्याउने अग्निका रूपमा समेत भीमसेनको चरित्रचित्रण गर्दै यहाँ त्यस्ता भीमसेनको भजन गर' भनिएको छ। यहाँ भीमसेनको वीरतापूर्ण जीवनचरितको उल्लेख गर्दै उनले गरेका भीषण कृत्य, धर्मरक्षण र अधर्मोच्छेदनका विविध कार्यहरूको प्रशंसा

[292] हेर्नु, **अभिलेख संख्या २१।**

गरिएको छ । यस स्तुतिकाव्यमा भयङ्कर द्रंष्ट्रामा संलग्न रक्तले युक्त आन्द्राको माला लगाएका, ठाडो जगटा भएका, भूतनाथका सेनाले सम्पन्न भीमसेनको भीषण स्वरूपको बयान एकातिर छ भने अर्कातिर नीलकमलको मनोरम सुवासले सम्पन्न करयुगल भएकी, काखमा बसेर गरिने अलिङ्गन क्रीडाका सैकडौं सुखकी सहभागिनी भएकी, अत्यन्त आवेगका साथमा गरिएका कामक्रीडाका उत्सवमा विविध सुख प्रदान गर्ने द्रौपदीलाई काखमा राखेर परमप्रेम प्रदान गर्ने रतिक्रीडारत भीमवरको ललित स्वरूपको पनि वर्णन गरिएको छ । भयङ्कर स्वरूप धारण गर्ने भयानकाकृति पिशाचिनीलाई पनि चिन्तन गरिएको र तन्त्रविधि सम्मत, भूतनाथ र पिशाचिकागणहरूद्वारा सेवित, क्षेत्रपाल, कुमार, योगिनीगणद्वारा विभिन्न कोणहरूवाट घेरिएका शिवरूप भीमसेनको स्तवन गरिएको यस रचनामा विभिन्न ऐश्वर्य र सम्पदालाई प्रदान गर्ने र विकट संकटकालमा समेत परमप्रेम प्रदान गर्ने भीमसेनको 'यन्त्रराज'को पनि स्तवन गरिएको छ र महिमावर्णन गरिएको छ । प्रस्तुत रचनाको अन्तिम गीतिपद्यमा यसका रचयिता श्रीकवीन्द्र जयप्रताप मल्लको नामोल्लेखपूर्वक 'भीमसेनको उत्कृष्ट वर्णनले सम्पन्न, डढेलो, चोर र जलको भय र विभिन्न प्रकारका संकटहरूको विनाश गर्ने, तारक, शुभदायक र निखिल मनुष्यको भयनाशक यो स्तोत्र सधैं बुधजनहरूको हृदयमा वास गरोस् भन्ने कथन प्रस्तुत गरिएको छ ।

साहित्यिक दृष्टिले हेर्दा यस स्तोत्रमा शब्दालङ्कार अनुप्रासको समृद्धि जतातते देख्न सकिन्छ । उपमा र रूपकजस्ता प्रसिद्ध अर्थालङ्कारको प्रचुर प्रयोग गरिएको यस रचनामा लामा लामा (एक एक पाउका) समस्त पदावलीहरूमा विकट पद-घटनाको सौन्दर्य परिलक्षित हुन्छ । गौडी रीति र ओजोगुणले सम्पन्न पदसङ्घटनाद्वारा महावीर भीमसेनको भयप्रद र वीरपुरुषोचित स्वरूप र कार्यको वर्णन गरिएको प्रस्तुत रचनामा वीररसको प्रस्तुति भए तापनि त्यो मूलतः भीमसेनको स्तवनमा गएर पर्यवसित हुनाले भावको अङ्ग बन्न पुगेको प्रतीत हुन्छ । कवीन्द्र राजा प्रताप मल्लको विकटघटनाकौशलको राम्रो प्रस्तुति यस स्तवकाव्यमा अनुभव गर्न सकिन्छ ।

२.४.२९ स्वयम्भूको अनन्तपुरमा उग्रताराको देवमन्दिर प्रतिष्ठा र शिलालेख स्थापना

ने.सं. ७७५[293]तदनुसार वि.सं. १७१२ आषाढ शुक्ल नवमी तिथि शुक्रवारका दिन राजा प्रताप मल्लकी पत्नी अनन्तप्रिया देवीले स्वयम्भूस्थित अनन्तपुरमा देवी उग्रताराको मूर्ति स्थापित गरी मन्दिर प्रतिष्ठा गरेकी थिइन् । त्यसै अवसरमा त्यहाँ एउटा शिलापट्टको पनि स्थापना गरिएको थियो । काठमाडौंस्थित स्वयम्भूनाथको चैत्य अगाडि दायाँपट्टि अनन्तपुर भनी प्रसिद्ध मन्दिर छ । सो मन्दिर शिखरशैलीमा निर्मित छ र परैबाट देखिने उच्च र आकर्षक शैलीमा खडा भएको छ ।

---

[293] यहाँ संवत् ७७५ भनी स्पष्टसँग लेखिएको छ तापनि गणना गरी हेर्दा ७७६ मात्र मिल्छ : वज्राचार्य र पन्त (सम्पा.) **पूर्ववत् नं. २४५** ।

यहाँ स्थापित शिलालेखको[294] कुँदिएको भाग तीन हात ६ अङ्गुल लम्बा र एक हात ९ अङ्गुल चौडा आयाममा रहेको छ । यस शिलालेखमा जम्मा ४८ः पङ्क्ति कुँदिएका छन् । यस अभिलेखको शिरोभागमा सर्वप्रथम संस्कृतको शार्दूलविक्रीडित छन्दमा आवद्ध दुई पद्य उत्कीर्ण छन् । त्यसपछि नेवारी भाषमा दुई पङ्क्ति रहेका छन् । त्यसपछि दुईवटा संस्कृत स्तोत्र उत्कीर्ण छन् । तीमध्ये पहिलो स्तोत्र १५ श्लोकको 'वज्रयोगिनीको कामदस्तोत्र' हो भने अर्को चाहिँ ८ पद्यमा संरचित 'जाड्यमुद्गरस्तोत्र' हो । यी दुवै स्तोत्र साँखु वज्रयोगिनीको मन्दिरसामुन्ने भएको पूर्ववर्णित शिलापट्टमा पनि पाइन्छन् । यी दुवै स्तोत्रपछिका १८ पङ्क्तिमा संस्कृत भाषामा निवद्ध गद्यभाग छ, जसका बीचबीचमा नेवारी भाषाका पदावलीहरू पनि पाइन्छन् । अन्त्यमा नेवारी भाषामा लेखिएका छ पङ्क्तिहरू रहेका छन् ।

यस अभिलेखको शिराभागमा रहेका दुई शार्दूलविक्रीडितकृत पद्यहरूमा मानिसहरूको आँखा तान्न सक्ने आकर्षक उक्त उग्रताराको देवमन्दिर स्थापना गरिएको समय र संस्थापिका राजमहिषी अनन्तप्रिया देवीको बयान गरिएको छ । 'राजा प्रतापमल्लकी अनुरूपा प्रबलरिपुहर बङ्गनरेशकी अद्वितीय कन्या, आफ्ना रूप र पुण्य आभिजात्यका कारण त्रिभुवनविदित भएकी अनन्तप्रियाले दिव्यलग्नमा देवता र मानवजातिको पनि मन हरण गर्ने सुन्दर देवमन्दिरको प्रतिष्ठा गरिन्' भन्ने बेहोरा त्यहाँ रहेको पाइन्छ । तदनन्तर संक्षेपमा यसलाई ध्वंस गर्नेलाई कोटि पञ्चमहापातक लाग्ने कथन नेवारी भाषामा उत्कीर्ण छ । यसपछि पूर्वोक्त दुई स्तोत्र 'वज्रयोगिनीको कामदस्तोत्र' र 'जाड्यमुद्गरस्तोत्र'का रचनाहरू उत्कीर्ण छन् । त्यसपछिका पङ्क्तिहरूमा संस्कृतभाषनिबद्ध गद्यखण्ड रहेको छ । पहिले ११ पङ्क्तिमा संरचित वाक्यखण्डमा पूर्वोक्त स्तोत्रका रचयिता कवीन्द्र जय प्रताप मल्ल राजाको बयान गरिएको छ । कवीन्द्रका वीरता, यश र विद्वत्ता र भगवद्भक्तिभावको बखान गरिएको यस गद्यखण्डमा एउटै लामो समस्त पदावलीको प्रयोग गरिएको छ । तर यस गद्यखण्डको वाक्यपूर्तिचाहिँ नेवारी भाषामा उत्कीर्ण पद-पदावलीमा पुगेपछि मात्र भएको देखिन्छ । त्यसपछिको अर्को गद्यखण्ड जम्मा ९ पङ्क्तिमा सम्पन्न भएको छ र यसको पनि वाक्यको परिपूर्ति नेवारी गद्यखण्डबाट सम्पन्न भएको छ । पूर्ववत् लामो समासले सम्पन्न यस गद्यखण्डमा चाहिँ राजा प्रताप मल्लका रानीहरू, रूपमती र अनन्तप्रियाको नामोल्लेखपूर्वक उनको कुलका पूर्वपुरुष विहारनगरका नायक राजा श्रीनरनारायण, उनका पुत्र लक्ष्मीनारायण, उनका पुत्र प्राणनारायणहरूको वीरता, दानशीलता र यशको वर्णन गरिएको पाइन्छ । 'प्रताप मल्लकी महारानीले यस गोपुच्छपर्वत (स्वयम्भूको डाँडो)मा श्री नीलसरस्वती, उग्रतारा, एकजटा परमेश्वरीको स्थापना गरेको हो' भन्ने नेवारी भाषाको कथनबाट सो अभिलेख सम्पन्न भएको देखिन्छ । अनुप्रासादि शब्दालङ्कार र उपमा रूपक व्यतिरेकादि अर्थालङ्कारले सुशोभित उक्त गद्यखण्डद्वयमा दण्डीकृत **दशकुमारचरित**को

[294] हेर्नु, **अभिलेख संख्या २२ ।**

अनुप्रासखचित विविध उपमानपुञ्जयुत वर्णन शैलीको प्रभाव परिलक्षित हुन्छ । संस्कृतबाट प्रारम्भ गरी नेवारी भाषामा पूर्ण गरिएका उक्त रचनाहरू नौलो प्रयोगका दृष्टिले पनि उल्लेखनीय मानिन्छन् । संस्कृत र नेवारीभाषाको सहचारिताका नमुना वनेका उक्त रचनाले तत्कालिक भाषिक प्रवृत्तिको सङ्केत गरेको देखिन्छ ।

२.४.३० श्री पशुपतिनाथमा तुलादान, शताश्वदान र शिलालेखस्थापना

ने.सं. ७७७, तदनुसार वि.सं. १७१३ माघ शुक्ल सप्तमी तिथि रविवारका दिन राजा प्रताप मल्लले श्रीपशुपतिनाथ मन्दिरको प्राङ्गणमा तुलादान गर्नुका साथै सयवटा घोडाहरूको समेत दानकार्य सम्पन्न गरी शिलालेखको स्थापना गरेका थिए । दानी व्यक्तिद्वारा आफ्नो शरीरको तौल बराबरको सुन, चाँदी, अन्न आदि तौलिएर ब्राह्मणलाई गरिने दानलाई तुलादान भनिन्छ ।[295] राजा प्रताप मल्लले चाहिँ त्यसबेला त्यहाँ मणिमाणिक्य, सुन, चाँदी, मोती र मुँगाहरूको थुप्रो बनाई आफ्नो तौल बराबर गरी दान दिएका थिए । यस विशिष्ट तुलादानका साथ सयवटा उत्तम घोडाहरू पनि राजाले प्रदान दिएका थिए ।[296] यसै अवसरमा त्यहाँ एउटा शिलापट्ट पनि स्थापित गरियो । श्रीपशुपतिनाथको दक्षिणपूर्वको कुनामा हाल रहेको सो शिलापट्टमा प्रथमतः ३१ वटा संस्कृत पद्यरचनाका साथ त्यसको सारसंक्षेप एवं त्यहाँ गरिएका दानक्रियाको संक्षिप्त विवरण पनि अन्त्यमा उत्कीर्ण गरिएको पाइन्छ । सर्वप्रथम श्री भगवान्लाल इन्द्राजीले खोज गरी प्रकाशित गरको उक्त शिलापट्टाङ्कित अभिलेख राजा प्रताप मल्लले स्थापित गरेका शिला अभिलेखमध्ये प्रथम पङ्क्तिस्थानीय महत्त्वको मानिन्छ ।

२.४.३१ निजवंशावली

उक्त अभिलेखको[297] प्रारम्भमा **श्री ३ भवानीशङ्कराभ्यां नमः** भन्ने पदावलीद्वारा मङ्गलाचरण गरिएको छ । यसमा रहेका ३१ पद्यमध्ये जम्मा २३ वटा पद्य शार्दूलविक्रीडित छन्दमा, ६ वटा पद्य स्रग्धरा छन्दमा र एक एक पद्य वसन्ततिलका एवम् अनुष्टुप् छन्दमा रचिएका छन् । यस अभिलेखको वसन्ततिलका छन्दमा संरचित प्रथम पद्यबाट यो राजा प्रताप मल्लको वंशावली हो भन्ने तथ्य प्रकट हुन्छ । त्यहाँ भनिएको छ - ‘प्रलयाग्नि तुल्य आभाले युक्त, शिरमा चम्किरहेको ललित चन्द्रकलाद्वारा अत्यन्त सुशोभित भएकी, गिरिराजपुत्री, पार्वतीलाई नमन गरी कवीन्द्र (राजा प्रताप मल्ल) आफ्नो कुललाई प्रकाशित गर्ने विमल वंशावलीको रचना गर्दछन् ।’

यसरी प्रारम्भ गरिएको यस भव्य रचनामा सर्वप्रथम ‘श्रीविष्णुको नेत्र कमलबाट समुत्पन्न भएका त्रिभुवनकै (अन्धकाररूपी) पापलाई अन्त गर्ने काल, आकाश र दिशालाई प्रकाशित पार्नमा

---

[295] पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १३.** पृ. ६०६ ।

[296] हेर्नु, **अभिलेख संख्या २३.** पद्य-३० ।

[297] हेर्नु, **अभिलेख संख्या २३** ।

निपुण भगवान् श्री सूर्यनारायणको उदात्त स्वरूप र चरित्रको सुन्दर वर्णन गरिएको छ र क्रमशः त्यसै सूर्यवंशमा समुत्पन्न मनु, राजा दिलीप, रघु, अज, दशरथ, श्रीराम, लव आदिको वर्णन गरी त्यसै वंशमा कर्ण्णाटदेशबाट मिथिला हुँदै नेपालमा स्थिरतापूर्वक शासन गर्ने श्री हरिसिंहदेव नृपतिको जन्म भएको कुरा उल्लेख गरिएको छ । श्री हरिसिंहदेवको पराक्रम, यश र परम सौन्दर्यको बयान गर्दै उनका पुत्र श्री यक्ष मल्ल, तत्पुत्र श्री रत्न मल्ल , तत्पुत्र श्री सूर्य मल्ल र तिनबाट श्री नरेन्द्र मल्ल, तिनबाट श्री महीन्द्र मल्ल र तिनवाट श्री शिवसिंह नामका पुत्रहरू जन्मिएको उल्लेख त्यहाँ पाइन्छ ।

तत्पश्चात् श्री शिवसिंहबाट श्री हरिहरसिंह, तिनबाट श्री लक्ष्मीनरसिंह उत्पन्न भएको तथ्यले सम्पन्न वंशपरम्परा वर्णन गर्दै श्री लक्ष्मीनरसिंह मल्ल राजाको कीर्ति, पराक्रम र सत्कर्महरूको बयान गरिएको छ । तिनै यशस्वी श्री लक्ष्मीनरसिंह मल्लका पुत्रका रूपमा राजाहरूमध्ये श्रेष्ठ कवीन्द्र प्रताप मल्ल जन्मिएको तथ्य प्रकाशित गर्दै सो वंशावलीमा वंशावलीकारले आफ्ना उत्कृष्ट कार्यहरू र विशेषतः कविकार्यको सगर्व उल्लेख गरेका छन् । 'शास्त्र र शस्त्रविद्या एवम् संगीतादि विद्या-वनमा सानन्द केलिक्रीडा गर्ने कुशल, व्यवहारनिपुण सिंहतुल्य आफूजस्तो राजेन्द्रचूडामणि स्वर्ग, भूतल र दशै दिशाको प्रान्त भागसम्म पनि कतै कोही नभएको' प्रसिद्ध गर्वोक्ति राजा प्रताप मल्लले यहाँ प्रस्तुत गरेका छन् । अन्त्यमा राजराजेन्द्र जय प्रतापमल्लले रचना गरेको निजवंशावली सम्पन्न भएको सूचना दिँदै 'प्रत्येक राजाको कीर्ति, शौर्य आदि निखिल गुण र समग्र उत्तम गुणको यसरी सविचार निपुणतापूर्वक निरूपण गर्ने सामर्थ्य स्वयं वाक्पति बृहस्पतिमा पनि नहोला' भनी अन्त्यको एकतीसौं पद्यमा आफूले रचेको वंशावली काव्यप्रति सन्तोष र गौरवानुभूति मात्र होइन, अपितु गर्वप्रकाशन पनि गरेका छन् ।

यस अभिलेखमा प्रस्तुत वंशावलीमा आएका प्रत्येक राजाहरूको वर्णन प्रायः एक-एक पद्यमा सम्पन्न गरिएको छ । ती ती राजाहरूका वीरता, शूरता, पराक्रम, सौन्दर्य, दानवीरता, कीर्तिसम्पन्नता, शत्रुविजित्वरता, उद्भट युद्ध कौशल, विद्यावत्ता, भक्तिपरायणता र पुण्यशीलता आदि गुणहरूको तत्तत् स्थानमा बयान गरिएको पाइन्छ । आफ्ना पिता लक्ष्मीनरसिंह मल्लको स्वर्गप्रस्थानकालको वर्णन र यशोवर्णनमा उक्तिवैचित्र्यपूर्ण काव्यचारुता रहेको अनुभूत हुन्छ भने स्वयं आफ्नो वर्णनमा भने उनले वैरिवर्गको दर्पदलन गर्ने, तर्क-अलङ्कार र कोश आदि सकल शास्त्रको ज्ञान आर्जन गर्ने, गद्य पद्यरचनामा निपुण, अग्निभन्दा पनि तेजस्वी र सकलशास्त्र-सङ्गीतादि कलामा प्रवीण स्व-व्यक्तित्वको वैशिष्ट्यलाई सुललित चमत्कारपूर्ण काव्य-शैलीद्वारा प्रकाशित गरेका छन् ।

उपर्युक्त वंशावलीविभूषित अभिलेख विद्वज्जनमण्डलीमा निकै चर्चित रहेको पाइन्छ । यसमा राजा प्रताप मल्लले आफूलाई सूर्यवंशोत्पन्न राजाका रूपमा र विशेषतः कर्णाटदेशीय

भनिएका र मिथिलाप्रदेशबाट नेपालको पर्वतीय भू-भागतिर लम्किएका राजा श्रीहरिसिंहदेवको वंशपरम्परामा आबद्ध राजाको रूपमा प्रस्तुत गरेका छन्, जुन कुरालाई इतिहासकार र अनुसन्धाताहरूले सन्दिग्ध विषयका रूपमा उद्धृत गरेका छन् । प्रस्तुत वंशावली रचनामा कवीन्द्र प्रताप मल्लको काव्यरचनाकौशल प्रकट भएको देखिन्छ ।

यो रचना आयामका दृष्टिले अन्य रचनाभन्दा बृहत् स्वरूपको, छन्दप्रयोगका दृष्टिले पनि शादूलविक्रीडित, स्रग्धरा, वसन्ततिलका र अनुष्टुप्‌जस्ता चारवटा छन्दको वैविध्यले सम्पन्न देखिन्छ । अलङ्कारशास्त्रका दृष्टिले विलोकन गर्दा शव्दालङ्कारका रूपमा वृत्ति, छेक र श्रुतिको वैविध्यपूर्ण प्रयोग यस रचनामा बहुत्र उपलब्ध हुन्छ भने अर्थालङ्कारको चारु प्रयोग भएको पाइन्छ । वर्णनीय विषयानुरूप वैदर्भी, पाञ्चाली र गौडी रीतिको यथास्थान प्रयोग र माधुर्य, ओज र प्रसाद तीनै गुणको सौन्दर्य यहाँ अनुभूत हुन्छ । वीर र श्रृङ्गार रसानुकूल विभावादिको वर्णन गरी राजकुलका महिमामण्डित व्यक्तित्त्वहरूको तदनुरूप वयान गरेर कवीन्द्रले यहाँ आफ्नो कविकर्मकौशलको प्रस्तुति गरेका छन् । विशेषतः उक्तिवैचित्र्यपूर्ण कविकल्पनाचातुर्यद्वारा अतिशयोक्ति अलङ्कारमण्डित वाच्यसौन्दर्य र तज्जन्य चमत्कार यस रचनामा सर्वत्र परिलक्षित हुन्छ । छन्दहरूको निर्दोष प्रयोग, अलङ्कारको चातुर्यपूर्ण प्रचुर उपयोग, वर्ण्यविषयको मनोहारी प्रस्तुति, वर्णनशैलीको रोचकता, श्रुतिगुणसम्पन्न वर्ण-पद-पदावली प्रयोगको वैच्छित्य एवम् सहज, सरल, सरस भाषा प्रयोगले समेत उक्त वंशावलीरचना हृद्य, आकर्षक र संवेद्य बन्न पुगेको छ । प्रकाशित अभिलेखमा रहेका केही अपूर्णता र त्रुटिले गर्दा कतै कतै खिन्नताबोध हुन्छ ।

शिलापट्टको अन्त्यमा नेवारी भाषाका २५ पङ्क्ति रहेका छन् । यिनमा वंशावलीको सारसंक्षेपका साथै त्यहाँ गरिएका दानादि सत्कार्यहरूको विवरण र तिथिमिति[298] उल्लेख गरिएको छ । सो कार्यको र स्थापित शिलालेखको ध्वंसन वा अन्यथा कसैले गऱ्यो भने सोबापत उसले पाउने कोटि गोहत्या र कोटि ब्रह्महत्यादि पापको विवरण दिंदै यस शिलाभिलेखको परिसमाप्ति गरिएको पाइन्छ ।

२.४.३२ इन्द्रजात्रामा देखाइने विश्वरूपको मूर्ति निर्माण र अभिलेखाङ्कन

ने.सं. ७७७, तदनुसार वि.सं. १७१४ श्रावण शुक्ल पूर्णिमा तिथि विहिवारका दिन राजा प्रताप मल्लले विश्वरूपको भव्य मूर्ति निर्माण गराएका थिए । भृत्यवर्गहरूले सहित भएको जननयनान्ददायी रूपरचना भएको स्वर्णनिर्मित सो विश्वरूपको मूर्ति सद्धर्मयात्रा (श्रावण

[298] यहाँ ने.सं. ७७८ को उल्लेख छ, तर संस्कृत भागमा ७७७ उल्लेख गरिएको छ । परिगणना गर्दा ने.सं. ७७७ नै हुनु उपयुक्त देखिन्छ । - शोधकर्ता

महिनामा सम्पन्न गरिने, नेवारीमा 'वहि बोय्' भनिने जात्रा) र इन्द्रजात्रामा बाहिर ल्याएर प्रदर्शन गरी विशेष पूजा-आदि गर्ने उद्देश्यले सो भव्य स्वर्णमूर्तिको निर्माण गरिएको हो भन्ने कुरा उक्त मूर्तिको पादपीठमा उत्कीर्ण अभिलेखबाट[299] ज्ञात हुन्छ।

इन्द्रजात्राभरि हनुमान्ढोकाको प्राङ्गणमा सो विश्वरूपको भव्य मूर्ति राखिन्छ । सो विश्वरूप मूर्तिको पादपीठ सिँढीजस्तो खण्डखण्ड परेको छ । एक एक अङ्गुल चौडा ती खण्डहरूमा सात पङ्क्तिमा एउटा अभिलेख कुँदिएको छ। माथिल्लो खण्डभन्दा तलका खण्डहरू क्रमशः लम्बिँदै गएका छन् । तिनमा अभिलेख कुँदिएको सवैभन्दा तल्लो खण्डको लम्वाई दुई हात ७$^{१}/_{२}$ अङ्गुलको रहेको पाइन्छ। सो अभिलेखका प्रारम्भमा तीनवटा संस्कृत पद्य रहेका छन् । स्रग्धरा, मालिनी र अनुष्टुप् छन्दका एक एक पद्य रहेको त्यो संस्कृत खण्डमा सो विश्वरूपमूर्ति निर्माण गरी स्थापित गरिएको समय र स्थापना गर्ने राजा प्रताप मल्लका बारेमा सूचित गरिएको छ । 'निखिल गुणीजनका गुणज्ञ भएका राजा कवीन्द्रले प्रभुको चरणकमलमा आफ्नो चित्त स्थापित गरिकन यो मूर्ति स्थापना गरेको हो' भन्ने भक्तिभावसम्पन्न र विनयपूर्ण कथन त्यहाँ अङ्कित गरिएको पाइन्छ। पूर्ववर्णित सद्धर्मयात्रा र इन्द्रयात्रामा कल्याण होस् र ऐश्वर्य प्राप्त होस् भन्नाका खातिर पूजा गर्नका निमित्त सो मूर्ति स्थापित गरिएको तथ्य पनि त्यहाँ अङ्कित गरिएको छ। तदनन्तर नेवारी भाषमा रहेका ५ पङ्क्तिमा आफ्नी माता सरस्वती देवीका नाममा उक्त सालिक थापिएको तथ्यका साथै आफ्नो नाम उल्लेख गर्दै आफ्ना रानीहरू रूपमती, अनन्तप्रियादेवी, लालमती देवीका साथै आफ्ना पुत्र भूपालेन्द्रमल्ल; छोरीहरू सिद्धिश्रीदेवी, पार्वती देवी, चन्द्रमती देवी, जाम्बवती देवी, इन्दुमती देवी, नयनामती देवी, राजमतीलक्ष्मी, लीलावतीलक्ष्मी, कमलकान्तिलक्ष्मी र जयन्तीलक्ष्मीको समेत नामोल्लेख गर्दै ती सवैका नामबाट उक्त मूर्ति स्थापना गरिएको विवरण प्रस्तुत गरिएको छ । अन्त्यमा सो स्थापना गरिएको तिथिमितिका साथ 'शस्त्रशास्त्रसंगीतादि सकलविद्यापारग महाराजाधिराज विदग्धचूडामणि श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रतापमल्लदेवले शास्त्रोक्त विधिले यो स्थापना गरेको हो' भन्ने विवरण परेको छ।

यस अभिलेखमा उत्कीर्ण संस्कृतका तीन पद्यहरू विवरणप्रधान भए तापनि अनुप्रास र उपमादि अलङ्कारले मण्डित सरल पदपदावलीमा संरचित छन्।

२.४.३३ श्रीपशुपति प्राङ्गणमा स्तम्भद्वयको स्थापना र अभिलेखाङ्कन

ने.सं. ७७७ , तदनुसार वि.सं. १७१३ माघ शुक्ल सप्तमी तिथि आइतबारका दिन राजा प्रताप मल्लले दुई प्रस्तरस्तम्भको स्थापना गरेका थिए। श्रीपशुपतिनाथको दक्षिण प्राङ्गणमा अवस्थित ती स्तम्भहरू त्यसै दिन त्यहाँ सम्पन्न गरिएको तुलादान-कार्यको उपलक्ष्यमा स्थापित

---

[299] हेर्नु, **अभिलेख सङ्ख्या २४।**

गरिएका थिए । त्यहाँ उत्कीर्ण गरिएको छोटो अभिलेखमा[300] नेवारी भाषामा 'आफ्नी इष्टदेवता र श्रीपशुपतिप्रति भक्तिभावले तद्दैवता प्रीत्यर्थ श्री कवीन्द्र राजा जयप्रतापमल्लदेवले तुलादान गर्नुभयो' भन्ने वाक्य रहेको छ । तदनन्तर यो तुलादान गरिएको तिथि-मिति र ती दुई स्तम्भलाई कसैले अन्यथा गरेमा उसलाई लाग्न सक्ने कोटि पञ्चमहापातकको सम्भावना प्रकट गर्दै अभिलेखको अन्त्यमा कल्याणको कामना गरिएको छ ।

त्यसै गरी श्री पशुपतिनाथको प्राङ्गणमा सोही स्थानमा रहेको अर्को शिलालेखमा संस्कृत भाषाको स्रग्धरा छन्दनिबद्ध एक पद्य रहेको छ ।[301] सो अभिलेख पनि पूर्वोक्त तिथिमितिमै उत्कीर्ण गरिएको र त्यसमा पनि सोही तुलादानको सन्दर्भ उल्लेख गरिएको छ । श्रीश्रीश्री गुह्येश्वरी र पशुपतिको जय होस् भनी प्रारम्भ गरिएको उक्त अभिलेखमा 'श्रीकवीन्द्र राजाले त्रिभुवनविदित तुलादान सम्पन्न गर्नुभयो' भन्ने बेहोरा, तिथि, मिति, वार, नक्षत्र, योग र सूर्य चन्द्रका राशिस्थान सहितको ने.सं. ७७७ को माघशुक्ल पक्षको तुलादान काल पनि उत्कीर्ण गरिएको छ । प्रस्तुत पद्य सरल र सुबोध संस्कृत भाषाको संरचनामा आबद्ध छ । 'तीनै भुवनमा विदित भएको तुलादान श्रीकवीन्द्रद्वारा गरियो' भन्ने, पद्यको चौथो पाउ बढी सुललित र शोभाधायक बन्न पुगेको छ ।

२.४.३४ मोहनचोकमा भूगोलको निर्माण र अभिलेखस्थापना :

ने.सं. ७७७, तदनुसार वि.सं. १७१३ मंसीर कृष्ण नवमी तिथि आइतवारका दिन राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोका राजदरवारभित्र अवस्थित स्वनिर्मित मोहनचोकमा भूगोलको स्थापना गरी अभिलेखसमेत उत्कीर्ण गराएका थिए । सो भूगोल राजा प्रताप मल्लद्वारा वि.सं. १७०८ माघमा निर्मित प्रसिद्ध कलात्मक सुन्धाराकै अगाडि माथि चोकमा अवस्थित छ । धातुद्वारा निर्माण गरिएको सो भूगोल गोल नभएर थाल जस्तो च्याप्टो आकारमा रहेको छ ।[302] त्यस भूगोलको सबैभन्दा तल्लो भागमा अतल, पाताल, रसातल आदि अनेक धरातल देखाइएका छन् । त्यहाँ चारैतिर जलको दृश्य देखाइएको छ र त्यहाँ प्रत्येक तलको नाम लेखिएको छ ।। ती विभिन्न तलमाथि उभिइरहेको वराहले आफ्नो काँधमा नारीशरीरधारिणी पृथ्वीलाई धारण गरेका छन् । थालजस्तो भूगोलको चक्काचाहिँ वराहको द्रंष्ट्रामा अड्याइएको छ । विभिन्न वृत्त र रेखाहरु त्यसमाथि कोरिएका छन् तथा त्यस भूगोलको एक छेउमा राजा प्रताप मल्लले अनेक शास्त्र हेरी त्यसको निर्माण गरेको बेहोरा भएको अभिलेख[303] उत्कीर्ण गरिएको छ ।

सो अभिलेखको प्रारम्भमा संस्कृतमा उच्चारण गरिने सङ्कल्पको भाषिक शैलीमा सो भूगोलको निर्माण गरेको बेहोरा अङ्कित भएको पाइन्छ । 'ब्रह्माको श्वेतवराहकल्पमा,

---

[300] हेर्नु, **अभिलेख सङ्ख्या २५** ।
[301] हेर्नु, **अभिलेख सङ्ख्या २६** ।
[302] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृष्ठ १०५ ।
[303] हेर्नु, **अभिलेख सङ्ख्या २७** ।

वैवस्वतमन्वन्तरमा चारै युगमध्ये चौथो कलियुगको पहिलो पाउमा, जम्बूद्वीप, भरतखण्ड भारत वर्षको हिमवत् खण्डको दक्षिण प्रत्यन्त पर्वतमा, विष्णुमतीको पूर्व किनारामा, गांगुल पत्तनमा, आर्यवर्तदेशमा श्रीमत् कान्तिपुरमहानगरको यस काष्ठमण्डप स्थानको यस पुण्यभूमिमा, संवत् ७७७ मंसिर महिना कृष्णपक्ष नवमी प्र. दशमी तिथिमा, हस्ता नक्षत्र, सौभाग्ययोग, यथाकरण मुहूर्तमा, आइतबारका दिन श्रीसूर्य धनुराशि र चन्द्रमा कन्याराशिमा अवस्थित भएको वेलामा महाराजाधिराज भूपकेशरी श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेव प्रभु ठाकुरले सकल शास्त्र हेरी, विचार गरी यस भूगोल पृथ्वीको निर्माण गरियो, सधैं, सदाकाल कल्याण होस्' भन्ने आशय भएको वाक्य संस्कृत भाषाका पदपदावलीबाट प्रारम्भ गरी नेवारी भाषाका पद-पदावली र अन्त्यमा क्रियापद प्रयोग गरी सो वाक्य पूरा गरिएको छ । जम्मा ८२ पङ्क्तिमा उपलब्ध र प्रकाशित सो अभिलेखमा पौराणिक आख्यानअनुसारको भूगोलस्थित नद-नदी, गिरि-पर्वत, पुर-पुरीको उल्लेख गर्दै तिनको आकार-प्रकार र विस्तार आयामको माप मान र परिमाण आदि उल्लेख गरिएको छ । त्यसका साथै त्यहाँ आराधना गरिने देवदेवी र तिनको आराधना, पूजन-प्रार्थना गरिने मन्त्रहरूको पनि समुल्लेख गरिएको छ । यस अभिलेखको अन्त्यभागमा संस्कृत गद्य खण्डको प्रयोग गर्दै दीर्घसमासाश्रित पदावलीद्वारा आफ्नो प्रशस्ति उल्लेख गर्दै 'श्रीपशुपतिपदपङ्कजको परागले रागित श्रीमन्मानेश्वरी इष्टदेवताको वर प्राप्त गर्ने, रविकुलतिलक हनूमद्ध्वजयुक्त नेपालेश्वर महाराजाधिराज भूपकेशरी श्रीश्री कवीन्द्र जयप्रतापमल्लदेवले स्वयं समग्र शास्त्रहरूको अवलोकन गरी तदनुसार यो भूगोलको निर्माण गरिएको हो' भन्ने बेहोरा अङ्कित गरिएको पाइन्छ ।

२.४.३५ शान्तिपुरप्रवेश, वृष्टिचिन्तामणिस्तोत्ररचना र अभिलेख स्थापना

ने.सं. ७७८, तदनुसार वि.सं. १७१५ आषाढ कृष्ण चतुर्थी गुरुवारका दिन राजा प्रताप मल्लले काठमाडौंको मध्यपश्चिम भागमा अवस्थित स्वयम्भूनाथ चैत्यको समीपमा रहेको शान्तिपुरमा प्रवेश गरी त्यहाँ रहेको नागरक्ताङ्कित चित्रपटयुक्त पुस्तक बाहिर ल्याएर अनावृष्टिको अन्त गरी भव्य वर्षा गराएर त्यो पुस्तक पुनः भित्र राखेर आई एउटा शिलालेख[304] उत्कीर्ण गराएका थिए । त्यसमा शान्तिपुर प्रवेश गर्नाको कारण, शान्तिपुरको वर्णन, त्यहाँभित्र पसेपछि भोग/देखेका र सम्पन्न गरेका कार्य र अनुष्ठानहरुको वर्णन, शान्तिपुरभित्र आफूले रचेर पाठ गरेको वृष्टिचिन्तामणिस्तोत्र र शान्तिपुर प्रवेश गरेर नागको रगतले बनाएको चित्रपटसमन्वित पुस्तक बाहिर ल्याएर महावृष्टि सम्पन्न गरी (पुनः पुस्तक भित्र राखेको) अनि यस कार्यबाट उत्पन्न भएको सकारात्मक उत्तम प्रभाव र प्रतिफलसमेतको विवरण र वर्णन प्रस्तुत गरिएको पाइन्छ । उपर्युक्त शिलालेख मुनि शान्तकरद्वारा निर्माण गरिएको 'शान्तिपुर' को द्वारमा अवस्थित छ । यस अभिलेखमा जम्मा ६४ पङ्क्ति रहेका छन् । ३ हात उच्च र एक हात चौडाइ माप

[304] हेर्नु, **अभिलेख सङ्ख्या २८ ।**

भएको ७ अङ्गुल च्याप्टो शिलापत्रमा उक्त अभिलेख अङ्कित छ । अभिलेखको माथि मध्यभागमा खड्ग दायाँतिर कर्तृका (कर्त्री) र बायाँतिर पुष्पलताहरू उत्कीर्ण गरिएका छन् ।

राजा प्रताप मल्लको शान्तिपुर-प्रवेशसम्बन्धी घटनालाई विभिन्न स्थानमा इतिहासविद्हरूले उल्लेख गरेका छन् । त्यसको सारवस्तु यसप्रकार छ : वि.सं. १७१५ मा वर्षाऋतु आइसक्दा पनि काठमाडौंमा जलवर्षा भएन । जताततै सुक्खा लाग्यो । कतै केही उब्जनी भएन । कृषिकार्य ठप्प भयो । प्रजाहरू 'त्राहि माम् !' गर्न थाले । यस अनावृष्टिको निवारण गर्न विभिन्न उपायको खोजी हुन थाल्यो । कुनै उपायले पनि त्यस अवस्थावाट त्राण हुन सकेन । त्यसैबेला केही तन्त्रशास्त्रवेत्ताहरूले स्वयम्भू चैत्यको समीपमा रहेको शान्तिपुरभित्र रहेको नागको रक्तले लेखिएको नागचित्राङ्कित तस्वीर र पुस्तक बाहिर लिएर आएमा अनावृष्टिको अवसान भई परमवृष्टि हुने रहस्य बताए । त्यसपछि राजा प्रताप मल्लले शान्तिपुरमा वज्राचार्य, शाक्य, भिक्षु-प्रभृतिलाई शान्तिपुरमा गएर सो पुस्तक बाहिर ल्याउने निर्देश दिए । ती सबैले त्यहाँभित्र पस्ने चेष्टा गरे, तर सफल भएनन् । अन्तमा स्वयं राजा प्रताप मल्ल आफ्ना प्रिय प्रजाको कल्याणका निम्ति आफ्नो प्राणलाई सङ्कटमा पारेर शान्तिपुरमा प्रवेश गरे । अत्यन्त वीरताका साथ सकल बाधा विरोधहरू छिचोल्दै त्यो दुष्प्रवेश्य शान्तिपुरमा प्रवेश गरेपछि त्यहाँ रहेको सो पुस्तक लिएर सफलताका साथ बाहिर आए । पुस्तकलाई बाहिर ल्याएर प्रकाशमा राख्नासाथ धूमधामसँग वर्षा भयो । सर्वत्र धरती जलाच्छन्न भयो । धरा उर्वरा भइन् । कृषिकर्म सफल भयो । सर्वत्र अनिकाल हट्यो र सहकाल छायो । यसरी राज प्रताप मल्लले आफ्ना वीरता, पौरुष र तन्त्रज्ञानको वलले सो कार्य सम्पन्न गरे । त्यसै बखतमा यी सबै वृत्तान्तहरू र स्वरचित वृष्टि गराउने स्तोत्र **'वृष्टिचिन्तामणिस्तोत्र'** समेत उत्कीर्ण गरी एउटा शिलालेख स्थापित गरे ।

प्रस्तुत शान्तिपुरद्वारस्थित शिलालेखमा प्रथमतः 'ॐ श्री शिवशक्तिरूप' देवलाई नमन गरिएको छ । तत्पश्चात् संस्कृत भाषामा रचिएका ३४ पद्यहरू उत्कीर्ण गरिएका छन् । जसलाई 'वृष्टिचिन्तामणिस्तोत्रम्' भनिएको छ । अन्त्यमा शान्तिपुरप्रवेशसम्वन्धी घटनाको संक्षिप्त विवरण नेवारी भाषमा प्रस्तुत गरिएको छ ।

शिलालेखको मूल भागमा प्रस्तुत गरिएको संस्कृत भाषानिष्ठ ३४ पद्यहरूमध्ये जम्मा ३२ पद्य गीति-प्रधान मात्रिक छन्दमा आवद्ध छन् । बाँकी २ वटा अन्तिम पद्य प्रति पाउ २१ अक्षरमा सम्पन्न हुने 'स्रग्धरा' छन्दमा निबद्ध छन् । यीमध्ये प्रारम्भका २३ पद्यहरू मूल स्तोत्र भाग प्रतीत हुन्छन्, बाँकी ९ पद्य शान्तिपुर प्रवेश गरेर पुस्तक उपलब्ध गरेको, सो पुस्तक बाहिर लिएर आएपछि अनावृष्टि समाप्त भई जगत् जलपूर्ण बनेको घटनाको विवरणले युक्त छन् भने अन्तिमका दुई स्रग्धरान्वित पद्यहरूमा सो कार्य सम्पन्न गरेर शिलालेख स्थापित गरिएको तिथिमिति र सो कार्य सम्पन्न गर्ने राजा प्रताप मल्लको नामाङ्कनपूर्वक त्यस घटनाको सुप्रभावको वर्णन गरिएको छ ।

उक्त स्तोत्रमा मूलतः शिव र शक्तिको उपासना र आराधना गरिएको छ । विशेषतः तन्त्रोक्त विधान र रूप अनुरूपका विभिन्न देवदेवीहरूका स्वरूप र तिनले धारण गरेका वेशभूषा र आयुध एवं मुद्राहरूको बयान गर्दै ती सबै देवदेवीहरूप्रति भक्तिपूर्ण नमन गरी उनीहरूले आफ्नो रक्षा गरून् भन्ने कामना व्यक्त गरिएको छ । बौद्ध मन्दिरहरूमा महाबुद्धका रूपमा, शैवहरूले पशुपतिका रूपमा, वैष्णवहरूले विष्णुका रूपमा उपासना गरिएका परमेश्वरलाई त्यहाँ प्रार्थना गरिएको पाइन्छ । वैरिसमूहलाई समाप्त गर्ने, निर्गुण र निरूपम स्वरूप भएका, विविध देवदेवीहरू र विद्वद्जनका शरण भएका परमात्मालाई त्यहाँ प्रार्थना गरिएको छ । साथसाथै सत्ताइस मुखद्वारा कराल रूप भएका, पञ्चवर्णले युक्त, ७६ वटा हातले युक्त, खड्गादि आयुधहरूले सम्पन्न, मानिस र हात्तीका छालाहरूले बनेको लुगा लगाएका विकटाकृति तन्त्रोक्त भैरवरूपलाई पनि त्यहाँ वर्णन गरी नमन गरिएको छ । काली, भैरव, महासम्वर, चक्रनाथ, वज्रभैरव, वाराही, मारीची, महामाया वज्रवाराही वज्रयोगिनी जस्ता देवदेवताको प्रार्थना आराधना र नमनले भरिएको उक्त स्तोत्र ती सबै देवदेवीहरूका रूप, आकृति आयुध र मुद्राहरूको बयानले सम्पन्न छ । ती सबै देवदेवीले आफ्नो रक्षा गरुन् भन्ने मुख्य अभिप्राय सो स्तोत्रमा पाइन्छ । देवदेवीका रम्य–भीषणाकृतिहरूको विशद वर्णन गरिएको त्यस स्तुतिपद्यावलीमा राजा प्रताप मल्लको तन्त्रशास्त्रीय ज्ञानको स्पष्ट निदर्शन भेट्न सकिन्छ ।

स्तोत्रको उत्तरार्धमा रहेका ९ पद्यमा शान्तिपुरप्रवेश गर्नाको कारण र प्रवेश गरेपछि आफूले सामना गरेको विपदा र तिनको निराकरणपूर्वक आफूले गरेको शान्तिपुरयात्रा, पुरभित्रका दृश्य र घटनाको बयान गर्दै त्यहाँबाट नागशोणितलिखित चित्र र पुस्तकको आनयन र तदनन्तर भएका वृष्टिको सारा घटना विवरण प्रस्तुत गरिएको छ । राज्यमा वृष्टि नभएको देखेर आफूले सर्वप्रथम तान्त्रिक साधनासम्पन्न व्यक्तिहरूलाई शान्तिपुरबाट वृष्टिकारक उत्तम पुस्तक लिएर आउन अराएको र उनीहरूले तदनुसार पुस्तक लिएर आउँदा कलिकालको दोषले गर्दा अर्कै पुस्तक ल्याएपछि आफैं त्यहाँ जाने निधो गरेको कुरा त्यहाँ उल्लेख गरिएको छ । त्यहाँ गएपछि नागगणद्वारा आक्रान्त हुँदै, सैकडौं क्रूरपिशाचद्वारा आकुलित हुँदै, परमेश्वरको पूर्वोक्त स्तुतिको मनमनै पाठ गर्दै, अघि बढेर अनेक शान्तिकर्महरू सम्पन्न गरी, उक्त सङ्कटहरूको शमन गरिएको कुरा पनि त्यहाँ उल्लेख गरिएको छ । त्यसपछिको विवरणमा २७ वटा कोठाहरूमा सिद्धगणहरूको सभा भइरहेको, सो स्थानमा मणिगणद्वारा आभूषित चित्रमय चँदुवा रहेको, त्यहाँ रहेका आठवटा खण्ड हेरेर आनन्दित हुँदै नवौं खण्डमा पुग्दा उत्तम स्थानमा राखिएको श्रेष्ठ पुस्तकलाई देखेर मन प्रसन्न (चञ्चल) भएको, त्यहाँ अकस्मात् अग्निज्वाला प्रकट भएको त्यसलाई पनि मन्त्रोच्चारणद्वारा शमन गरेपछि नागको रक्तले लेखिएको उत्तम चित्र भएको, विचित्र प्रकारको उक्त पुस्तक लिएर आफू बाहिर निस्किएको र बाहिर आइपुग्नासाथ, नभन्दै तत्क्षण वर्षा हुन थालेको कुरासमेत उल्लेख गरिएको पाइन्छ । सकल प्रजाजनका कल्याणकारी, दयालु राजाद्वारा प्रजाकल्याणार्थ उक्त सङ्कटपूर्ण कार्य सम्पन्न भएको र त्यसको वृत्तान्त यहाँ

उत्कीर्ण गराइएको तथ्य उल्लेख गर्दै विविध जन्ममा सञ्चित पापलाई दहन गर्ने, दुःखद्वारा देदीप्यमान भवसागरबाट पार गर्ने उत्तम नौकाजस्तो भएको परमेश्वरको त्यस्तो उग्रस्तुति (वृष्टिचिन्तामणि स्तोत्र) पनि आफूले रचना गरेको कुरा अन्त्यमा उल्लिखित छ ।

अन्त्यमा रहेका दुई स्रग्धरानिर्मित पद्यहरूमा सो घटना घटित भएको समय र त्यसबेला भएको मुसलधार जलवर्षाको वयान गर्दै समस्त प्रजाजनलाई हर्षित तुल्याएर आफू स्वयं हर्षित भएको कृतकृत्यताको उद्गार पनि त्यहाँ उत्कीर्ण छ । अन्त्यमा 'राजा प्रताप मल्लले रचेको वृष्टिचिन्तामणिस्तोत्र सम्पन्न भयो' भन्ने वाक्य परेको छ ।

शिलालेखको सबैभन्दा अन्त्यमा उत्कीर्ण नेवारी भाषाको अभिलेख-खण्डमा पूर्वोक्त घटनाको संक्षिप्त सूचना दिँदै उक्त चित्रपटसहित पुस्तक पुनः भित्र राखेर आएको कुरा र उक्त शिलालेख स्थापित गरेको तथ्यका साथै त्यसलाई अन्यथा गर्नेले प्राप्त गर्नुपर्ने गम्भीर पापफल र सम्यक् रक्षा गर्नेले पाउने संघ-भोजन, लक्षचैत्यस्थापन र सम्पूर्ण यज्ञफलको विवरण प्रस्तुत गर्दै सो अभिलेख स्थापनाको काल, तिथि-मितिको उल्लेखका साथै सधैं शुभ होस् भन्ने कामना गर्दै उक्त शिलालेखस्थित अभिलेख समाप्त भएको पाइन्छ ।

उक्त अभिलेखमा रहेको संस्कृतखण्ड साहित्यिक दृष्टिले महत्वपूर्ण छ । सम्पूर्ण रचनामा शब्दालङ्कारजन्य सौन्दर्य परिलक्षित हुन्छ । अनुप्रास अलङ्कारका श्रुति, वृत्ति, छेक र अन्त्यानुप्रासका भेदहरू यहाँ सर्वत्र उपलब्ध छन् । विशेषतः अन्त्यानुप्रासको विशद प्रयोग भएको छ, गीतिलयमा निबद्ध छन्दलाई सुहाउँदो किसिमले प्रयुक्त पदलालित्यपूर्ण शब्दालङ्कृतिमा यो रचना सुशोभित छ । अर्थालङ्कारका तहमा उपमा, रूपक र व्यतिरेकादि अलङ्कारको चमत्कार यस रचनामा पाइन्छ । वर्णन गरिएका देवदेवीहरूका स्वरूप र आकृति एवं क्रियाकलापअनुरूप माधुर्य र ओजोगुणाधायक पदपदावलीहरूको प्रयोग भएको यस रचनामा झटिति अर्थसमर्पक प्रसाद गुणको पनि सम्पदा परिलक्षित हुन्छ । देवदेवीका उग्ररूपको वर्णनले कतिपय स्थलमा भयानक रस र आश्चर्योत्पादक, अद्भुतरसका विभावादिको समेत वर्णत गरिएको छ । स्तुति-भागमा रहेका ती समस्त वर्णनहरू भगवद्विषयक रतिमा पुगेर पर्यवसित भएका छन् । विशेषतः देवदेवीका विविधस्वरूप र लीलाहरूको वर्णन गरिएका यी स्तुतिपद्यहरू र वयानहरू कवीन्द्र प्रताप मल्लले भक्तिभावपूर्वक गरेका आश्चर्योत्पादक, वीरतापूर्ण कृत्यहरूको सम्यक् प्रतिपादन गर्नमा समर्थ छन् र यिनले कविको तन्त्रादि विविध शास्त्रज्ञताको पनि सूचना दिन्छन् ।

२.४.३६ श्री गुह्येश्वरी शक्तिपीठमा स्वर्णकमल अर्पण र अभिलेखाङ्कन

ने.सं. ७८०, तदनुसार १७१७ आषाढमा राजा प्रताप मल्लले श्री गुह्येश्वरी शक्तिपीठमा जल रहने मुख्य कुण्डस्थानको मुखमा सो कुण्डलाई घेरेर सुनको दोहोरो कमलपत्र बनाएर

चढाएका थिए । सो कार्यको विवरण त्यसै कमलपत्रमा अङ्कित स्रग्धराछन्दाश्रित संस्कृत पद्यबाट विदित हुन्छ ।[305]

२.४.३७ भण्डारखालमा पोखरीनिर्माण र नारायणमूर्ति स्थापना

वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको परिसरमा प्राचीन दरवारको पूर्वी पृष्ठभागमा एउटा बगैंचा रहेको छ, त्यस बगैंचालाई भण्डारखाल भनिन्छ । उक्त भण्डारखल वगैंचाको एक छेउमा ने.सं. ७८०,[306] तदनुसार वि.सं. १७१७ राजा प्रतापः मल्लले एउटा पोखरी खनाएका थिए र त्यसमा बुढानीलकण्ठबाट कुलो खनेर ल्याएको पानी भरी त्यस जलाशयको बीचमा जलशायी विष्णुको विशाल र भव्यमूर्ति पनि स्थापित गरेका थिए । वंशावलीअनुसार राजा प्रताप मल्लले कालियदमनको मूर्तिजस्तै गरी यो जलशायी मूर्ति पनि ज्ञानेश्वर नजीकको पोखरीबाट उठाएर यहाँ ल्याई स्थापना गरेका थिए । पहिले त राजाले आफ्नो दरवारको पृष्टभागस्थित सो भण्डारखालको पोखरीमा बूढानीलकण्ठकै जलशयन नारायणजस्तो मूर्ति आफैंले वनाउन लगाई स्थापना गर्ने विचार गरेका थिए । त्यसो गर्न बूढानीलकण्ठका जलशायी नारायणसँग अनुमति माग्दा 'नयाँ मूर्ति नबनाउनू, ज्ञानेश्वर पोखरीमा रहेको जलशयन नारायणको मूर्ति ल्याएर त्यहाँ विराजमान गराउनू' भनी सपनामा आज्ञा भएकाले राजा प्रताप मल्लले सोही आज्ञावमोजिम यस्तो कार्य गरेका[307] थिए भन्ने कुरा वंशावलीहरूमा उल्लेख गरिएको पाइन्छ ।

हनुमान्ढोका राजदरवारस्थित भण्डारखाल बगैंचाको एक छेउमा पोखरीमा प्रायः पानीले छोपिएको अवस्थामा त्यो जलशायी नारायणमूर्ति रहेको पाइन्छ । यो मूर्ति लिच्छविकालीन बूढानीलकण्ठको जलशायी मूर्तिसँग मिल्दोजुल्दो देखिन्छ । बटारिएको सर्पकुण्डलीमाथि आनन्दपूर्वक शयन गरिरहेका भगवान् विष्णुको सो मूर्ति निकै भव्य र आकर्षक छ । विष्णुका माथिल्ला दुई हातमा चक्र र गदा एवम् तलका दुई हातमा पद्म र शङ्ख सुशोभित रहेका देखिन्छन् । भगवान् विष्णुको एउटा गोडामाथि अर्को रहेको छ । फराकिलो छाती, पुष्ट वाहु, कस्सिएको बाटुलो कम्मर र केराका थामजस्ता वलिष्ठ तिघ्राहरूले विष्णुको भव्य शरीर त्यसमा देख्न सकिन्छ । यस विष्णु मूर्तिका अगाडि गरुडको सुन्दर मूर्ति विराजमान छ । यो मूर्ति पनि ज्ञानेश्वरबाट जलशायी विष्णुको उक्त मूर्तिका साथै राजा प्रताप मल्लले यहाँ ल्याएर स्थापित गरेको प्रतीत हुन्छ । मल्लकालको अन्त्यतिर काठमाडौंमा आएका पादरी जिजेपले सो पोखरी र मूर्तिको यस्तो वयान गरेका छन् :

'काठमाडौंको राजकीय बगैंचाको एक छेउमा एउटा ठूलो पोखरी छ । त्यस पोखरीमा नारायण भन्ने देउताको स्थापना गरिएको छ । सो प्रतिमा नीलो

---

305 गुह्येश्वर्या ... स्थापितं तदवरकनकमयं पद्मपत्रद्वयं च', रेग्मी, **पूर्ववत् नं. २८१.** पृ. १५५ ।

306 मुनँकर्मी, **पूर्ववत् नं. ६९.** पृ. १६ ।

307 वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. १२५ ।

प्रस्तरद्वारा निर्मित छ। सो प्रतिमा र त्यसको बिछ्यौना पानीमाथि उत्रिरहेको जस्तो देखिन्छ। यो प्रतिमा ज्यादै ठूलो छ। मेरो विचारमा सो मूर्ति १८/२० फिट लामो र सोही अनुपातमा चौडा पनि हुनुपर्छ। सो मूर्ति कलापूर्ण र राम्रोसँग पुनर्निर्मित गरिएको छ।'

यस मूर्तिको स्थापना गरिएको झण्डै एक शताब्दीपछि लेखिएको[308] उक्त वर्णनवाट उक्त जलशायी नारायणमूर्तिको भव्यता र रमणीयताको यथार्थ प्रतीति हुन्छ।

२.४.३८ भक्तपुरमाथि आक्रमण, गरुडनारायण पूजाका लागि गुठी र शिलालेखस्थापना

ने.सं. ७८१, तदनुसार वि.सं. १७१७ मा राजा प्रताप मल्लले भक्तपुरमाथि आक्रमण गरेका थिए। त्यसै वर्ष राज्याधिकार प्राप्त गरेका पाटनका राजा श्रीनिवास मल्लको सहयोग लिएर भक्तपुरमाथि सो आक्रमण गरिएको थियो।[309] राजा प्रताप मल्ल र श्रीनिवास मल्लको संयुक्त सेनाले मिलेर वंदे गाउँ (बाँडे गाउँ) माथि आक्रमण गऱ्यो। त्यस स्थानमा विजय हासिल गरेपछि फेरी चोरपुरी (?) पनि[310] सो सैन्यले दखल गऱ्यो। तर सो आक्रमण सफल हुन सकेन। भक्तपुरको पर्खालबाहिर जति जोड गरेपनि सैनिकहरू पर्खालभित्र छिर्न सकेनन्। पर्खालबाहिर बसी केही कालसम्म युद्ध गरी, केही दिन त्यो स्थानमा घेरावन्दी गरी ५/७ सय रोपनी जग्गा कब्जा गर्न सफल भए।[311] आफूले कब्जा गरेको सो जग्गा राजा प्रताप मल्लले त्यहाँ गरुडनारायणको प्रीत्यर्थ गुठीका रूपमा नियोजन गरेका थिए। त्यति गरिसकेर उनी काठमाडौं फर्किए। त्यसैबेला उपत्यकामा आएका धर्मप्रचारक पादरी ग्रुवरले[312] पनि यस युद्धको वर्णन गरेको पाइन्छ।

उपर्युक्त शिलालेख भक्तपुरस्थित महाकाली स्थानको प्राङ्गणमा रहेको छ। भक्तपुर शहरबाहिर राजदरबारदेखि उत्तरपट्टि महाकाली भन्ने झ्याम्म रुख भएको थुम्को छ। त्यस थुम्कामा महाकाली देवीको उत्तर भागमा दक्षिणपट्टि फर्काएर सो शिलालेख स्थापित गरिएको छ। त्यसको अभिलेख रहेको भाग एक हात १० अङ्गुल लम्वा र १९ अङ्गुल चौडा छ। सो अभिलेखमा जम्मा २७ पङ्क्ति रहेका छन्[313]। सो अभिलेख नेवारी भाषामा उत्कीर्ण छ। प्रारम्भमा 'ओं स्वस्ति' लेखिएको छ।

ने.सं. ७८१, तदनुसार १७१७ फागुनकृष्ण अमावस्या तिथि बुधवारका दिन सो शिलालेख त्यहाँ स्थापित गरिएको थियो। त्यसमा श्री ३ गरुडनारायण भगवान्को प्रीत्यर्थ राजाले त्यहाँस्थित

[308] **उही**, पृ. १२७।
[309] दाहाल, **पूर्ववत् नं. ३३**, पृ. १२६।
[310] ज्ञवाली, **पूर्ववत् नं. २१**, पृ. १५२।
[311] दाहाल, **पूर्ववत् नं. ३३**, पृ. १२६।
[312] **उही**।
[313] हेर्नु, **अभिलेख सङ्ख्या २९**।

विभिन्न भूभागहरू भगवान्‌को पूजा-आजाका निम्ति राखिदिएको विवरण उल्लेख गरिएको छ। सो गुठीलाई अन्यथा गर्नेले भोग्नुपर्ने पाप र त्यसको पालन र संरक्षण गर्नेले प्राप्त गर्ने सत्फल पुण्यको पनि विवरण अन्त्यमा दिइएको छ। सो गुठी स्थापना गरेका दृष्ट साक्षीका रूपमा चन्द्र, सूर्य, पृथ्वी, अग्नि, आकाश, श्री गरुडनारायण भट्टारक र श्रीनिवास मल्लको समेत नाम उल्लेख गरी, सो स्थापना गरेको तिथिमिति अङ्कित गरी 'शुभ होस्' भन्ने कथनका साथ सो अभिलेख सम्पन्न भएको पाइन्छ।

२.४.३९ नुवाकोटको भैरवलाई मुकुट अर्पण

ने.सं. ७८३, तदनुसार वि.सं. १७२९, चैत्र शुक्ल द्वादशीमा राजा प्रताप मल्लले नुवाकोटस्थित भैरवलाई मुकुट चढाएका थिए। सो साल राजा स्वयं नुवाकोटमा उक्त समयमा चलाइने भैरवी जात्रामा सम्मिलित हुन पुगेको देखिन्छ। विविध देवदेवीको पूजा-आजा र जात्रामा विशेष अभिरुचि राख्ने प्रताप मल्ल त्यस वर्ष देवीयात्रामा सम्मिलित भएको सम्भावना इतिहासविद्हरूले[314] देखाएका छन्। त्यस भेकका तीर्थहरूप्रति राजाको बढी आस्था रहेको पाइन्छ। काठमाडौंको प्रसिद्ध रानीपोखरी वि.सं. १७२७ मा बनाउँदा गोसाइँकुण्ड, नुवाकोट र त्रिशूलीबाट पनि जल ल्याएर उक्त पोखरीमा भर्न लगाएको तथ्यबाट पनि उक्त कुराको पुष्टि हुन्छ।

२.४.४० विष्णुमतीमा पुलनिर्माण र शिलालेख स्थापना

ने.सं. ७८३, तदनुसार वि.सं. १७२० ज्येष्ठ शुक्ल द्वितीया तिथि बृहस्पतिवारका दिन प्रताप मल्लले स्वयम्भूनाथ जाने बाटामा पर्ने विष्णुमती नदीमा पुल निर्माण गरी सोही स्थानमा शिलालेख[315]समेत स्थापित गराएका थिए। सो अभिलेख नेवारी भाषामा रहेको पाइन्छ। सर्वप्रथम 'ओं सिद्धिरस्तु' (सिद्धिहोस्) भन्ने वाक्य राखिएको सो अभिलेखमा 'वैरोचन, अक्षोभ, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि परमेश्वर र विद्याधरी योगिनी परमेश्वरीको प्रीतिका लागि शस्त्रशास्त्र-सङ्गीतादि-सकल-विद्या-पारग महाराजाधिराज-विदग्धचूडामणि श्रीश्री राजराजेन्द्र कवीन्द्र जय-प्रताप-मल्ल-राजाले यो विष्णुमतीको पुल निर्माण गराएको हो' भन्ने कथन उत्कीर्ण गराइएको छ। 'सो पुलको अन्यथा गर्ने, विगार्ने, भत्काउनेले कोटि गोहत्या, कोटि ब्रह्महत्या, कोटि गुरुहत्या आदि पापको फल प्राप्त गर्नुपर्ने र त्यसको सुरक्षा, संरक्षण र रेखदेख गर्नेले सप्तपुरी यात्रासहित समस्त यज्ञ गर्नाको पुण्यफल, कोटि शिवलिंगस्थापना र सम्पूर्ण पृथ्वीदान गर्नाको समेत पुण्यफल प्राप्त गर्ने' कुरा त्यहाँ उल्लेख गरिएको छ। अन्त्यमा सो शिलालेख-स्थापनाको तिथिमिति उल्लेख गरी 'शुभ होस्' भन्ने कामना व्यक्त गरिएको छ।

---

[314] वज्राचार्य र श्रेष्ठ, **पूर्ववत् नं. १६१.** पृ. ४८-४९।

[315] हेर्नु, **अभिलेख सङ्ख्या ३०।**

२.४.४१ भक्तपुरमाथि आक्रमण, त्यहाँबाट ल्याइएका सिंहहरूको सिंहढोकामा स्थापना

ने.सं. ७८३, तदनुसार १७२० ज्येष्ठ कृष्ण अष्टमीका[316] दिन राजा प्रताप मल्लले पाटनका राजा श्रीनिवास मल्लसँग मिली पुनः भक्तपुरमाथि आक्रमण गरेका थिए । काठमाडौँलाई एकीकृत एक विशाल राज्य बनाउने महत्वाकाङ्क्षाले अभिप्रेरित भई राजा प्रताप मल्ल भक्तपुरमाथि आक्रमण गर्ने कार्यमा संलग्न भएका थिए । तर, भक्तपुरका राजा जगत्प्रकाश मल्लको बलियो सैन्य सङ्गठन, रणनीति र युद्धकौशलले गर्दा भक्तपुर दुर्गलाई राजा र उनका सैन्यले भेदन वा उल्लङ्घन गर्न सकेनन् । भक्तपुरको सल्लाघारीभन्दा माथि सो सैन्य जान सकेन । सल्लाघारीमै मुकाम (शिविर) बनाएर उनीहरू बसे र राजाले त्यस क्षेत्रमा बनाएका देवल, पाटी, पोखरी आदिमा रहेका महत्वपूर्ण कीमती मालसामानहरू उठाई हनुमान्ढोका दरवारतिर पठाउन थाले । त्यसबेला राजा प्रताप मल्लले भक्तपुरको टुंडिखेलको पुछारमा रहेको 'न्हुपुखु'/[317] ठूलो पोखरी (तव पोखरी)लाई बिगारी त्यसको बीचमा खम्बामा रहेको नागको फणा भएको प्रतिमा र यताउति भेटिएका प्रस्तरका कलात्मक सिंहहरूका दुई प्रतिमा (मूर्ति)हरू पनि काठमाडौं लिई आएका थिए । त्यस्ता कलात्मक वस्तुहरू ल्याएर राजाले हनुमान्ढोका राजदरबार सजाएका थिए । उक्त दुई सिंहहरू उनले सिंहढोकामा स्थापित गरेका थिए ।[318]

वसन्तपुर हनुमान्ढोका राजदरबारको परिसरमा अवस्थित काकेश्वर मन्दिरको ठीक सामुन्ने पूर्वपट्टि तलेजुदेवलमुनि रहेको द्वार सिंहढोका भन्ने नामले प्रसिद्ध छ । चाँगुनारायणलाई दरवार भित्र्याउँदा र खड्गजात्रा निस्कँदा समेत यही ढोकाबाट आउने-जाने गरिन्छ । हनुमान्ढोका राजदरबारका विशिष्ट प्रकारका धेरै साँस्कृतिक गतिविधिसँग पनि यस द्वारको सम्बन्ध भएकाले यसको निकै महत्व छ । यस ढोकामा दायाँबायाँ दुइटा ठूलठूला प्रस्तरनिर्मित सिंह छन् । छ सात हात जति अग्ला सिंहका ती दुई मूर्ति प्रस्तरका अनेक खण्डहरू मिलाएर बनाइएका छन् । ठ्यासफूहरूमा गरिएको वर्णनअनुसार भक्तपुरमा आक्रमण गरेर ल्याइएका सिंहहरू यिनै हुन्[319]। वडो शान्त र सौम्य शैलीमा मुख बाएर खडा हृष्टपुष्ट आकारका ती मूर्तिहरू निकै आकर्षक र कलात्मक छन् ।

---

[316] मुनँकर्मी, **पूर्ववत् नं. ६९.** पृ. ११५ ।

[317] मुनँकर्मी, **पूर्ववत् नं. ६९.** पृ. ११५ ।

[318] **उही ।**

[319] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. ८२-८३ ।

२.४.४२ त्रिशूलचोकमा लक्षदीपदान, तुलादान र प्रतिमानिर्माणसहित स्तम्भस्थापना एवं अभिलेखाङ्कन

ने.सं. ७८४, तदनुसार वि.सं. १७२० पौष कृष्ण अमावस्या तिथि सोमवारका दिन राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको उत्तरी भागमा रहेको त्रिशूलचोकमा एउटा स्तम्भ स्थापना गरी त्यसमा अभिलेख[320] उत्कीर्ण गराएका थिए । तदनुसार त्यहाँ लक्षदीपदान (लाखबत्ती बाल्ने काम), तुलादान र आफूहरूको प्रतिमा निर्माण गरी स्थापना गर्नुका साथै सो अभिलेख उत्कीर्ण गरिएको थियो ।

हनुमान्ढोका राजदरबारको उत्तरी दलानमा रहेको ढोकावाट भित्र पसेपछि सो त्रिशूल चोकमा पुगिन्छ [321]। मल्लकालिक विभिन्न शिलालेखमा यसलाई त्रिशूलरिवि भनिएको पाइन्छ । यसै चोकमा मल्ल राजाहरूकी इष्टदेवी श्रीतलेजुको उच्च एवम् विशाल मन्दिर अवस्थित छ । सोही मन्दिरमुनि शाक्तसम्प्रदायको चिन्हस्वरूप प्रस्तरको निकै ठूलो त्रिशूल संस्थापित छ, त्यसै त्रिशूलको नाममा यस चोकको नाम त्रिशूलचोक रहन गएको मानिन्छ । चोकको मध्य भागनिर तलेजु भवानीको मन्दिर सामुन्ने तीनवटा विशाल प्रस्तरस्तम्भ रहेका छन् । तीमध्ये सबैभन्दा अगाडि रहेको प्रस्तरस्तम्भ नै यहाँ वर्णन गरिएको राजा प्रताप मल्लद्वारा स्थापित स्तम्भ हो ।

यो स्तम्भ राजा प्रताप मल्लले आफ्नी इष्टदेवी तलेजुप्रति आफ्नो भक्तिभाव प्रकट गर्न यहाँ स्थापित गरेका थिए । यस स्तम्भमा राजा प्रताप मल्लका साथ दायाँबायाँ उनका दुई पुत्र नृपेन्द्र मल्ल र चक्रवर्तीन्द्र मल्लको समेत सुन्दर सालिक रहेको छ । सालिकको अग्रभागमा एउटा सानो साँढेको प्रतिकृतिसमेत निर्मित छ । राजा र दुवै राजकुमारले त्यहाँ राजकीय पगरी र गलामा बहुमूल्य हार धारण गरेको देखिन्छ र ती सबै नमस्कार मुद्रामा छन् । देवीको दर्शन पाउन उत्कण्ठित् भएर माथि हेरिरहेका राजा प्रताप मल्लको मुहार भक्तिभावले सम्पन्न देखिन्छ । जुँघाको रेखासम्म पनि नबसेका कलिला राजकुमारहरूका सुन्दर अनुहार पनि साह्रै आकर्षक र रम्य देखिन्छन् ।

त्यस स्तम्भमा उत्कीर्ण गरिएको अभिलेखमा जम्मा ३३ पङ्क्ति रहेका छन् । त्यसको पूर्वार्द्ध संस्कृत भाषामा र उत्तरार्धचाहिँ नेवारी भाषामा लेखिएको छ । पूर्वार्द्धका जम्मा १७ पङ्क्तिमा कवीन्द्र राजा प्रताप मल्लले रचना गरेको सर्वमङ्गलाष्टक नामक स्तुतिकाव्य, त्यो उत्कीर्ण गराइएको समय र त्यहाँ गरिएका सत्कार्यहरूको विवरण अङ्कित छ । उत्तरार्धका १६ पङ्क्तिहरूमा नेवारी भाषामा त्यहाँ भए-गरेका कार्यहरूको चर्चाका साथै सो प्रस्तरस्तम्भको सुरक्षाका लागि लेखिएका दण्ड-पुरस्कारहरूको विवरण प्रस्तुत छ ।

---

[320] हेर्नु, **अभिलेख सङ्ख्या ३१** ।
[321] वज्राचार्य र श्रेष्ठ, **पूर्ववत् नं. १६७.** पृ. ११४-११५ ।

२.४.४३ सर्वमङ्गलाष्टकम्

यहाँ उत्कीर्ण 'सर्वमङ्गलाष्टकम्' भगवती कालिकाको स्तवन हो । यस भक्तिरचनाको प्रारम्भमा श्रीश्रीश्री कारिकायै नमः भनी त्रिविधैश्वर्यसम्पन्न कारिका (सबै कार्यकी साधिका) लाई नमन गरी गरिएको छ । संस्कृत भाषामा प्रचलित 'र' र 'ल'मा कुनै भेद छैन । 'रलयोरभेदः' भन्ने मान्यताअनुसार 'कारिका' भने तापनि भगवती कालिकालाई नै नमन गर्न सो वाक्य प्रारम्भमा राखिएको प्रतीत हुन्छ । उक्त स्तुतिरचना संस्कृतको अत्यन्त प्रसिद्ध, १२ अक्षर भएको, 'भुजङ्गप्रयात' छन्दमा रचिएका आठ पद्यहरूले सम्पन्न देखिन्छ । आठवटा पद्य भएकाले नै संस्कृतमा सुलभ प्रचलनअनुसार यस रचनालाई 'अष्टक' भनिएको बुझिन्छ । यहाँ रहेका आठैवटा पद्यका चौथो चरणका रूपमा 'प्रतापाय भूपाय भद्रं भवानि !' भन्ने पदावली प्रयोग गरिएको छ । प्रत्येक तेस्रो पाउको अन्तमा आउने 'प्रयच्छ' क्रियापदसँग अन्वय गर्दा 'राजा प्रताप (मल्ल)लाई, हे भवानी ! कल्याण प्रदान गर्नुहोस्' भन्ने अर्थ निस्किन्छ । 'सधैँ देवगणद्वारा नमन गरिएकी, भगवान् शङ्करको दर्शन गर्न समुत्सुक हुने, झल्झलाकार चन्द्रमाको आभूषण धारण गरेकी, समस्त शत्रुवर्गकी संहारिका, भवसागरबाट पार गर्ने, योगीजनद्वारा उपास्या, नृत्यगानादिद्वारा भगवान् श्रीशिवलाई आनन्दित तुल्याउने सधैं मन्दमुस्कानले प्रफुल्लित मुखकमलद्वारा सुशोभित भएकी, श्रीकृष्णादिदेवताहरूद्वारा पुजिएकी, सिद्धसङ्घद्वारा सेविता भवानीलाई' राजा प्रताप मल्लले गरेको स्तवन यहाँ प्रस्तुत गरिएको पाइन्छ । 'प्रताप भूपलाई सधैँ मङ्गल, कल्याण र शुभ प्रदान गर्नुहोस्' भन्ने मूल भाव यस रचनामा पाइन्छ । स्तुति रचनाको अन्त्यमा पुष्पिकावाक्य रहेको छ जसमा 'शस्त्रशास्त्रसंगीतादि सकल विद्यापारग, महाराजाधिराज विदग्धचूडामणि, श्रीश्री राजराजेन्द्र जयप्रताप मल्ल राजाले रचना गरेको सर्व्वमङ्लाष्टक सम्पन्न भयो' भनिएको छ ।

यसपछि अरु दुई वटा संस्कृत पद्यहरू छन् । स्रग्धरा छन्दमा निष्पन्न ती पद्यद्वयमा राजाले त्यहाँ गरेका पूर्वोल्लिखित कार्यको विवरण र समयका बारेमा सूचना दिइएको छ । 'आफ्नो प्रवृद्ध प्रौढ प्रतापले समस्त रिपुकुललाई परास्त गर्ने, भवानीका चरण कमलमा सधैं शिर झुकाएर परम प्रसन्न हुने राजा प्रताप मल्लले श्रीनृपेन्द्रादिमल्लका साथमा घिउ र कपूरको थुप्रोले ओतप्रोत भएको लाखबत्ती बाल्ने कार्य, प्रतिमास्थापना र तुलादानसमेत सम्पन्न गरियो' भन्ने भाव भएका यी सुन्दर पद्यद्वय एउटै क्रियापदले सम्पन्न वाक्यका रूपमा प्रस्तुत गरिएका छन् । त्यसैले यहाँ 'युग्मकम्' भनिएको छ । दुई वटा पद्यबाट एउटै वाक्यमा सम्पन्न गरिएको फुटकर काव्यलाई संस्कृतमा 'युग्मक' भनिन्छ ।

साहित्यिक दृष्टिले यो संस्कृत भाग अत्यन्त महत्त्वशील रहेको छ । राजा प्रताप मल्लको स्तुतिरचनाकौशलको राम्रो निदर्शन उक्त स्तोत्रलाई मान्न सकिन्छ भने अन्त्यका विवरणप्रधान पद्यद्वयमा पनि ललितपदावलीमा रचित समस्तपदशृङ्खलाहरू काव्यात्मक मूल्यका देखिन्छन् । शब्दालङ्कारका रूपमा अनुप्रासको शृङ्खला नै यहाँ पाइन्छ भने अर्थालङ्कारका रूपमा उपमा र

रूपकहरूको सुन्दर संयोजन भएको यहाँ अनुभूत हुन्छ । प्रायः प्रसाद गुण र अंशतः माधुर्य गुणले सम्पन्न यस स्तवकाव्यमा भगवद्विषयिणी रतिको उत्कर्ष पाइन्छ, फलतः उत्तमकाव्यको प्रयोजक 'भाव' तत्त्वले यो रचना सम्पन्न अनुभूत हुन्छ । भावध्वनिको राम्रो उदाहरणका रूपमा यस कृतिलाई अघि सार्न सकिन्छ । प्रकाशित सामग्रीमा रहेका त्रुटिहरूबाट यस रचनालाई पनि मुक्त गर्न सकिएको पाइँदैन ।

२.४.४४ विष्णु देवलमा चक्रअर्पण

ने.सं. ७८७ तदनुसार वि.सं. १७२३ माघकृष्ण तृतीयाका दिन राजा प्रताप मल्लले विष्णुदेवलमा चक्र चढाएका थिए ।[322] यो विष्णुदेवल वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको पूर्वी प्राङ्गणमा रहेको जगन्नाथ मन्दिरको उत्तरपट्टि नगीचै रहेको छ । तीनवटा छाना र चारवटा पेटीले युक्त युक्त यो मन्दिर पूर्वतिर फर्किएको देखिन्छ ।

२.४.४५ स्वयम्भूनाथमा वज्र अर्पण र अभिलेखाङ्कन

ने.सं. ७८८, तदनुसार वि.सं. १७२५ आषाढ शुक्ल षष्ठी तिथि आइतवारका दिन काठमाडौंको पूर्वी भागमा अवस्थित प्रसिद्ध स्वयम्भूनाथ चैत्यमा राजा प्रताप मल्लले स्वर्णमय मण्डल बनाई त्यसमा स्वर्णनिर्मित वज्रको पनि स्थापना गरेका थिए । सो कार्यको विवरण त्यसै निर्माणमा अभिलेखाङ्कित पनि गराएका थिए ।

स्वयम्भूनाथको स्तूपअगाडि लामो सिँढीबाट उक्लनेबित्तिकै सुनको मोलम्वा लगाएको वज्र देखिन्छ । ढुङ्गाको अग्लो र बाटुलो आसनमा रहेको सुनको मोलम्वा लगाएको आकर्षक मण्डलमा सो वज्र अधिष्ठित रहेको देखिन्छ । स्वयम्भूनाथको प्रीत्यर्थ समर्पित सो वज्र टाढैबाट राम्ररी देखिन्छ र निकै आकर्षक छ । त्यसको आकारप्रकार ठूलो र संरचना कलात्मक छ । सो वज्र कलात्मक मण्डलको आधारमा रहेको छ । सो मण्डलमा बाह्रवटा जनावरहरूका सुन्दर मूर्तिहरू छन्, ती मूर्तिहरूमा ती ती जनावरहरूका वास्तविक आकृतिहरू कुँदिएका छन् । त्यहाँ साँढे, बनेल, बाघ, फणादार सर्प, घोडा, भेडो, वानर, हाँस र कुक्कुरहरू आ-आफ्ना गतिमय रूपमा प्रस्तुत छन् ।[323]

वज्रको मध्यभागमा र मण्डलको चारैतिरको घेरामा अभिलेख कुँदिएको छ । कतै अभिलेख कुँदेको पाता उडेको र कतै अक्षर छोपिएकोले मण्डलमा रहेको अभिलेख भागचाहिँ अपूर्ण छ । वज्रको मध्यभागमा रहेको अभिलेख भागचाहिँ दुरुस्त छ । वज्रको पेट (मध्यभाग) मा अभिलेख रहेको भाग साढे १५ अङ्गुल लम्वा र साढे दुई अङ्गुल चौडा छ । उक्त अभिलेख वज्रमा ५ पङ्क्ति

---

[322] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. ८३-८४ ।

[323] मनवज्र वज्राचार्य, **नेपालको मध्यकालीन कला** (काठमाडौं : श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग : २०२७) पृ. १९१ ।

र मण्डलमा चाहिँ २ पङ्क्ति रहेको छ ।[324] यो अभिलेख संस्कृत र नेवारी भाषामा लेखिएको छ । मण्डलमा रहेको अन्तिम पङ्क्ति नेवारी भाषामा छ भने बाँकी सबै अभिलेखभाग प्रायः संस्कृत भाषामा उत्कीर्ण छ ।

यस अभिलेखको संस्कृत भागमा स्रग्धरा छन्दको एउटा पद्य, वज्र र मण्डल दुवैमा उत्कीर्ण छ । वज्रको अभिलेखमा समस्त पद्य पढ्न सकिन्छ तर मण्डलमा त्यो भग्न रूपमा छ । पद्यका अन्तिम दुई पाउमात्र त्यहाँ पढ्न सकिन्छ । त्यस पद्यमा 'प्रताप मल्ल नामक श्रेष्ठ राजाले स्वर्णमय मण्डल र वज्रक धर्मधातुको प्रीत्यर्थ भक्तिभावका साथ यहाँ चढाएको हो' भनी त्यस कार्यको समय अङ्कित गरिएको पाइन्छ । मण्डलमा रहेको अभिलेखभागमा दीर्घ-समासमण्डित पदावलीहरूद्वारा गद्यमा राजाको प्रशस्ति उत्कीर्ण गराइएको छ । दण्डीकृत **दशकुमारचरितको** दीर्घसमस्त पदावली शैलीलाई यस रचनाले अनुकरण गरेको प्रतीत हुन्छ । यो राजा प्रताप मल्लको विरुदावलीजस्तो देखिन्छ । यसमा राजामा भएका सद्‌गुणहरू, वीरता, यश, शस्त्रज्ञता र विद्वत्ता, जितेन्द्रियता आदि सद्‌गुणहरूको बयान गरिएको छ ।

यहाँ विकटघटनायुक्त मध्यभागमा निबद्ध समस्त पदावलीमा ओजोगुणको चमत्कार अनुभव गर्न सकिन्छ । विविध अनुप्रासको शब्दालङ्कारजन्य श्रुतिरम्यता एवं रूपकादि अर्थालङ्कारजन्य चारुता पनि यहाँ परिलक्षित हुन्छ ।

२.४.४६ देगुतलेजुमा सुनको छाना, गजुर अर्पण र प्रतापध्वजको स्थापना

ने.सं. ७९०, तदनुसार वि.सं. १७२७ भाद्र शुक्ल त्रयोदशी तिथि बिहिवारका दिन राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारमा रहेको देगुतलेजुको मन्दिरमा ६ वटा स्वर्णकलश (सुनका गजुर) सहित सुनको छानो र नम्वरी सुनको बुट्टेदार विशाल पुष्पमाला भवानी मातालाई चढाई उक्त मन्दिरको सामुन्ने एउटा विशाल र अत्युच्च प्रस्तरस्तम्भ खडा गरी त्यसमाथि आफू र आफ्ना परिवारको स्वर्णप्रतिमा पनि स्थापना गरेर सो स्तम्भमा चण्डिकाष्टक नामक स्वनिर्मित स्तोत्ररचना समेत उत्कीर्ण गराई यी सबै सत्कार्यहरूको विवरण पनि अभिलेखबद्ध[325] गराएका थिए ।

राजा प्रताप मल्लले स्थापना गरेको सो प्रतापध्वज, वसन्तपुरस्थित हनुमान् ढोका राजदरबारको पूर्वी प्राङ्गणमा अवस्थित रहेको अद्यापि देख्न सकिन्छ । त्यहाँ रहेका जगन्नाथदेवल र कृष्णमन्दिरको बीचमा रहेको डबलीमाथि जुन एउटा अग्लो र भव्य विशाल प्रस्तरस्तम्भ परैबाट देखिन्छ त्यही स्तम्भलाई त्यस स्तम्भमा अङ्कित अभिलेखमा प्रतापध्वज भन्ने संज्ञा दिइएको छ । त्यस प्रस्तरस्तम्भमाथि राजा प्रताप मल्ल र उनका परिवारको स्वर्णप्रतिमा स्थापित गरिएको

---

[324] वज्राचार्य र महेशराज पन्त (सम्पा.) **पूर्ववत् नं. २४५.** पृ. २३ ।

[325] हेर्नु, **अभिलेख सङ्ख्या ३३** ।

छ । वि.सं. १७२७ पौषमा पनि राजा प्रताप मल्लले एउटा प्रस्तरस्तम्भ तलेजु मन्दिर अगाडिको त्रिशूल चोकमा स्थापित गरेका थिए । त्यस स्तम्भको शीर्ष भागमा आफू र आफ्ना दुई छोरा नृपेन्द्र मल्ल चक्रवर्तेन्द्र मल्लको सालिक स्थापित गरेका थिए ।

करिब साढे पाँच हातको परिधिमा बनेको चारपाटे आयाम भएको उक्त प्रतापध्वजको जमिनमाथि देखिने भाग नै सामान्य घरको तीनतलाजति अग्लो छ । यसको आकार प्रकारलाई हेर्दा यसको एक तृतीयांश भाग जमिनमुनि गाडिएको हुनुपर्ने अनुमान हुन आउँछ । यति ठूलो र एउटै सग्लो प्रस्तरस्तम्भ बनाउन निकै ठूलो प्रस्तरको आवश्यकता पर्दछ । आधुनिक समयको जस्तो कुनै वैज्ञानिक साधन, मेसिन, पत्थर काट्ने औजार र उत्तोलक (क्रेन)जस्ता कुनै वस्तु उपलब्ध नभएको त्यस समयमा, कहाँबाट त्यत्रो आकारको पत्थर कसरी ल्याएर, त्यस्तो ठीक आकार-प्रकार र स्वरूपमा ढालेर त्यत्रो लामो स्तम्भलाई कुन यन्त्रले, कसरी उठाएर, त्यस्तो सोझो रूपमा, यति लामो समय (झण्डै साढे तीनसय वर्ष)सम्म पनि जस्ताको तस्तै रहने गरी गाडियो होला ? भन्ने कुरा र त्यति अग्लो स्तम्भमाथि त्यस्ता भव्य प्रतिमाहरू कसरी स्थापित गरियो होला भन्ने कुरा अहिले कल्पना गर्दा पनि चित्तमा धेरै ठूलो विस्मय पैदा हुन्छ । यस स्तम्भले वास्तवमा हाम्रा पूर्वजहरूको उत्साह र जाँगर मात्र होइन गम्भीर प्राविधिक ज्ञान र विशिष्ट कार्यकुशलताको पनि परिचय दिएर ती पूर्वजहरूप्रति गौरवबोध गराउँदै हाम्रो मस्तकलाई श्रद्धावनत गराउँदछ ।

प्रतापध्वजको माथिल्लो भाग गोलाकार छ । त्यहाँ वरिपरि लहरै बाघ, सिंह, भेडा आदि विभिन्न जन्तुहरूका आकृति टाउको बाहिर निकालेर तलतिर हेरिरहेको जस्तो देखिने गरी बनाइएका छन् । त्यसभन्दा माथि त्यस स्तम्भको पुष्पाकार शिरोभाग रहेको छ । त्यसमाथि चारपाटे सुनको सिंहासन राखिएको छ । त्यस सिंहासनको चारै कुनामा सिंहका आकृति चियाइरहेका देखिन्छन् । यसप्रकार उक्त सिंहासन सिंह र हात्तीले मिलेर उचालिरहेको जस्तो देखिन्छ । सिंहासनमाथि चार कुनामा चार राजकुमार र अघिल्तिर दुई रानी नमस्कार गरिरहेको मुद्रामा रहेका छन् । बीचमा सामान्य मानिसको आकारभन्दा केही ठूलो राजा प्रताप मल्लको प्रतिमा रहेको छ । ध्यान दिएर हेर्दा दुई रानीका बीचमा एउटा अर्को सानो मूर्ति पनि देखिन्छ । यसरी उक्त प्रतापध्वजमाथि जम्मा आठ व्यक्तिको प्रतिमा रहेको छ । देगुतलेजु मन्दिरको कौशीबाट यी सबै दृश्य देखिन सक्ने कुरा[326] तद्विज्ञहरूले उल्लेख गरेको पाइन्छ ।

त्यस स्तम्भमा लेखिएको अभिलेखअनुसार राजा प्रताप मल्लले आफूसहित दुई रानी अनन्तप्रिया देवी र प्रभावती देवी तथा पाँच राजकुमार भूपेन्द्रमल्ल, चक्रवर्तेन्द्रमल्ल, महीपतेन्द्र मल्ल, नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लका सालिक यस स्तम्भमाथि स्थापित गराएका थिए । मूर्ति तथा चित्रमा दायाँतिर जेठी रानी र बायाँतिर कान्छी रानी राख्ने चलन रहेकाले त्यहाँ पनि

---

[326] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृष्ठ ६९-७० ।

राजाको दायाँतिर रहेको स्त्रीमूर्ति अनन्तप्रियादेवी र बायाँतिरको चाहिँ प्रभावती देवीको प्रतिमा हो भन्ने बुझिन्छ । तर बाँकी मूर्तिहरूमा पाँच राजकुमारहरूलाई चिन्ने कुनै आधार प्राप्त हुँदैन ।

मल्ल कालमा सालिक बनाउँदा मूल व्यक्तिको मूर्ति अरु व्यक्तिको भन्दा निकै ठूलो गरी बनाउने चलन पाइन्छ । तदनुसार यहाँ राजा प्रताप मल्लको सालिक रानीहरू र राजकुमारहरूका सालिकभन्दा झण्डै दुई गुना ठूलो आकारमा निर्मित देखिन्छ । उनले दायाँ हातमा अक्षमाला र बायाँ हातमा हस्तलिखित ग्रन्थ (देगुतलेजुको स्तोत्र) लिएका छन् । शिरमा कल्की समेतको राजसी पगरी र कण्ठमा बहुमूल्य हार रहेको छ । राजकुमारहरूले पनि राजाको जस्तै पगरी धारण गरेका छन्, तर तिनमा कल्की छैन । राजा प्रताप मल्ल घुँडा टेकेर बसेका छन् । राजकुमारहरू पनि त्यस्तै आसनमा अवस्थित छन् । रानीहरूचाहिँ ललितासनमा स्थित छन् । राजाको शिरमाथि भव्य सर्पको फणा निर्मित छ, यसले सालिकको शोभावृद्धि गरेको छ । राजाको मुखमा राजोचित ओज अङ्कित छ , रानीहरूको मुहारमा भने भद्र-महिलोचित सौम्यता प्रकट भएको छ । यसैगरी राजकुमारहरूको मुखमा शैशवस्थानुरूप सरलता र कोमलता प्रतिविम्वित भएको देखिन्छ । मल्लका कालका कलाकारहरूको सऱ्हाहनीय मूर्ति शिल्पको उत्कृष्ट नमुना यी स्वर्णप्रतिमाहरूले प्रस्तुत गरका छन् भन्न सकिन्छ ।

उक्त प्रस्तरस्तम्भ प्रतापध्वजको उत्तरी पाटोमा लामो अभिलेख अङ्कित गरिएको छ । जम्मा ५९ पङ्क्तिमा उत्कीर्ण उक्त अभिलेखलाई चारैतिरबाट प्रस्तराङ्कित मनोरम बेलबुट्टाहरूले घेरेका छन् । सो अभिलेखमा संस्कृत र नेवारी भाषा प्रयोग गरिएको छ । प्रारम्भमा 'ॐ नमः श्री कालिकायै' भनेर थालिएको उक्त अभिलेखमा प्रथमतः सुन्दर संस्कृत भाषामा राजाद्वारा रचित चण्डिकाष्टक नाम भएको स्तुतिकाव्य उत्कीर्ण गरिएको छ । त्यसको समाप्तिपछि अरू दुई संस्कृत पद्यमा त्यहाँ भए गरेका कार्यहरूको जानकारी दिइएको छ । ३० सौं पङ्क्ति उप्रान्त नेवारी भाषामा उत्कीर्ण अभिलेखभागमा त्यहाँ भए-गरेका कार्यहरूको विवरणादि उल्लेख गरी अन्त्यमा मङ्गलकामना गरिएको छ ।

२.४.४७ चण्डिकाष्टकम्

प्रतापध्वजमा उत्कीर्ण उक्त 'चण्डिकाष्टक' देवी चण्डिकाको स्तवकाव्य हो । प्रस्तुत रचना १६ अक्षरमा एक पाउ सम्पन्न हुने संस्कृतको प्रसिद्ध पञ्चचामर छन्दमा निबद्ध छ । यस रचनामा उक्त छन्दका जम्मा आठ पद्य रहेका छन्, त्यसैले यसलाई 'अष्टक' भनिएको हो । महादेवी चण्डिकाको मार्कण्डेय पुराणअन्तर्गतको देवीमहात्म्यमा रहेको 'चण्डी' अथवा नवरात्रमा विशेषतः पाठपारायण गरिने दुर्गा-सप्तशतीमा विशद रूपमा चर्चा गरिएको पाइन्छ । चण्डमुण्डजस्ता प्रचण्ड दानवाधिपतिहरूलाई दण्डित र खण्डित गर्ने चण्डिका देवी शत्रुनाशिनी संकटहारिणी

उग्ररूपा शक्तिका रूपमा आराधना गरिन्छिन् । यहाँ तिनै चण्डिकाका उग्र भव्य र मनोहारी रूपहरूको वर्णन स्तवन र आराधन गरिएको पाइन्छ । प्रथम पद्यको प्रारम्भमा प्रयोग गरिएको एउटै क्रिया 'जय' (जय होस्) भन्ने पदसँग प्रारम्भका पाँच पद्यहरू अन्वित हुन पुगेका छन् । लामा लामा समस्त पदावलीहरूबाट निर्मित पाउहरूबाट उक्त पद्यहरू निर्मित छन् । 'प्रचण्ड स्वभाव भएका चण्ड र मुण्डहरूलाई खण्डन गर्ने कार्यमा पण्डित (कुशल) भएकी, ब्रह्माविष्णुरुद्रादि देववृन्दद्वारा वन्दित भएकी, सधैँ अट्टहास गर्ने, प्रमत्त दैत्यलाई दारण गर्ने, श्मशानको मध्यमा वास गर्ने, रक्तबीजको रक्त पान व्यवसायमा आकुल भावले संलग्न भएकी, शिवागणद्वारा सेवित गरिएकी, घाँटीमा मुण्डमाला धारण गरेकी' चण्डिकाको उग्ररूपका साथै चञ्चल चकोरका झैं सुन्दर नयन भएकी, चञ्चल केशकलापले सुशोभित भएकी, विशालभालमा सुन्दर चन्द्रमा पहिरिएर सुन्दरी भएकी, सुरम्य किंकिणीद्वारा सुशोभित नितम्बविम्ब भएकी, स्वर्णनूपुर पहिरिएकी, कोकिलकण्ठी, मूंगा र मोतीका मालाहरूद्वारा विभूषिता, मोतीका दाना जस्ता दन्तावली र इन्द्रनीलमणि झैं चारु-विग्रह भएकी सुन्दरी'का रूपमा पनि उक्त देवीको यहाँ वर्णन गरिएको छ । सदाशिव शङ्करका साथमा संलग्न, षट्चक्रको भेदन गर्ने कार्यमा कुण्डलिनी शक्तिका रूपमा अधिष्ठात्री, पिनाकपाणिवल्लभा, भक्तजनको कल्याण गर्ने, असल साधकहरूप्रति दयाभाव राख्ने योगसाधना र तन्त्रसाधनाद्वारा उपास्या देवीका रूपमा पनि यहाँ चण्डिकाको स्तवन गरिएको छ । स्तवनको अन्त्य भागमा भक्तजनहरूको अभिलाषा र कामना प्रसन्नतापूर्वक पूरा गरिदिन ती रुद्रनायिकालाई विन्ती गर्दै 'कवीन्द्र प्रताप मल्लद्वारा निर्मित हितकारी उक्त चण्डिकाष्टकलाई भव्यको कामना गर्ने साधक भक्तहरूले पाठ गरून्' भन्ने अभिलाषा व्यक्त गरिएको छ । त्यसपछि चण्डिकाष्टक सम्पन्न भएको कुरा सूचित गरिएको छ । यसपछिका दुई संस्कृत पद्यहरू क्रमशः मालिनी र स्रग्धरा छन्दमा उपनिबद्ध छन् । पहिलोमा देगुतलेजुको मन्दिरमा राजाले अर्पण गरेका स्वर्णमय ६ वटा स्वर्णकलश (गजुर), स्वर्णको छाना र स्वर्णनिर्मित विशाल पुष्पमाला चढाएको कुरा उल्लेख गर्दै 'निखिल गुणनिवास कवीन्द्र प्रताप मल्ल' भनी लेखकले आफूलाई प्रस्तुत गरेका छन् । दोस्रो स्रग्धराबद्ध पद्यमा प्रतापध्वज र त्यसमा स्थापित प्रतिमाहरूका बारे विवरण प्रस्तुत गर्दै यो सत्कार्य सम्पन्न भएको तिथि मिति आदि काव्यात्मक भाकामा उल्लेख गरिएको छ ।

उपर्युक्त अभिलेख-भाग साहित्यिक दृष्टिले निकै महत्वपूर्ण रहेको छ । चण्डिकाको स्तुतिले सम्पन्न उक्त भक्तिरचना पञ्चचामर छन्दमा आवद्ध छ । रावणकृत शिवताण्डवस्तोत्रको **'जटाटवीगलज्ज्वलल्ललाटपट्टपावके'** आदि रचनामा प्रयुक्त उक्त छन्दलाई वीरतापूर्ण उग्र प्रचण्ड व्यक्तित्वको वर्णनका लागि सुसंगत मानिन्छ । तदनुरूप यहाँ पनि प्रचण्ड-चण्डमुण्ड- खण्डन-पण्डिता चण्डिकाको उग्रस्वरूपलाई वर्णन गर्न प्रयोग गरिएको छ । देवीका उग्र र सौम्य दुवै रूपलाई यहाँ कुशलतासाथ बयान गरिएको छ । वीर, भयानक, बीभत्स र श्रृङ्गाररसका समेत विभावादिको सुचारु वर्णन यहाँ सफलतासाथ सम्पन्न गरिएको छ । शब्दालङ्कारका दृष्टिले

अनुप्रासको चमत्कार रचनामा सर्वत्र परिलक्षित हुन्छ । अर्थालङ्कारमा उपमा रूपकादिको सौन्दर्य पनि यहाँ अनुभव गरिन्छ । दीर्घसमासयुक्त विकटघटनापूर्ण पदावलीको प्रयोग गर्दै यहाँ गौडी रीति र ओजोगुणका साथै माधुर्य गुणको समेत सुरम्य सौन्दर्यको सृजना गरिएको छ । देवीका विविध रूपको अनुध्यान, आराधना र स्तवन गर्दै आफूलाई परमभक्तका रूपमा र त्यस्ती देवीलाई इष्टदेवताका रूपमा यहाँ प्रस्तुत गरिएको छ । समस्त भक्तहरूका हार्दिक अभिलाषा पूर्ति गर्ने कामदा देवीका रूपमा चण्डिकाको स्तुति गर्दै, आफूमा त्यस्ती अनन्तशक्तिसम्पन्ना देवीको स्तुतिमा केही पनि अभिव्यक्ति गर्ने सामर्थ्य नभएको अवस्थाद्वारा विनयभाव व्यक्त गरिएको यस रचनामा कविको हृदयमा रहेको देवताविषयिणी रतिभाव विभावादिद्वारा उद्रेक हुन गई भावरूपमा परिणमित भएको पाइन्छ । भावध्वनिका रूपमा उत्तम काव्यको प्रयोजक वन्न पुगेको उक्त स्तोत्र-रचना कवीन्द्र प्रताप मल्लको भक्तिभाव र काव्य रचना-कौशलको सफल परिचायक बन्न पुगेको छ ।

बाँकी अभिलेखांश नेवारी भाषामा निबद्ध छ जसमा उक्त सत्कार्यको विवरणका साथै त्यस कार्यलाई संरक्षण गर्नेले प्राप्त गर्ने पुण्यफल र अन्यथा गर्नेले प्राप्त गर्ने पापफलको विवरण परेको छ, अन्त्यमा यो कार्य सम्पन्न भएको समय उल्लेख गरी मङ्गलकामना गरिएको पाइन्छ ।

२.४.४८ रानीपोखरीको निर्माण

ने.सं. ७९०, तदनुसार वि.सं. १७२७ आश्विन शुक्ल पूर्णिमा तिथि सोमवारका दिन राजा प्रताप मल्लले हाल काठमाडौंका मध्यभागमा अवस्थित प्रसिद्ध रानीपोखरीको निर्माण गराएका थिए ।[327] सो विशाल र भव्य पोखरी रत्नपार्कको उत्तर, दरवार हाइस्कुलपूर्व, जमल, विश्वज्योति चलचित्रघरदेखि दक्षिण र त्रिचन्द्र कलेज, घण्टाघरपूर्वको भागमा काठमाडौं नगरको शोभा बढाउँदै जननयनलाई आकर्षित गर्दै अद्यापि विद्यमान छ । राजा प्रताप मल्लको सबैभन्दा चर्चित र उल्लेख्य यो कृति काठमाडौंको केन्द्रीय आकर्षण बन्न पुगेको छ ।

यस सुप्रसिद्ध रानीपोखरीका सम्वन्धमा विभिन्न इतिहासविद् र अन्वेषकहरूले धेरै ठाउँमा चर्चा परिचर्चा गरेका छन् । वंशावलीको भनाइअनुसार 'राजाका अति सुलक्षण कान्छा छोरा (चक्रवर्तेन्द्र मल्ल)को असामयिक निधन भएकाले उनको चिरकालसम्म स्मृतिका लागि धेरै विचार गरी जहाँसम्म पुग्न सकिन्छ त्यहाँसम्म मानिसहरू पठाई, धेरै तीर्थका जल मगाई 'नागतलाउ' नाम राखी मध्यमभागमा 'स्वेष्ट देवता' (आफ्नो इष्टदेवता) राखी रानीपोखरी बनाइएको हो । यो पोखरीमा राजाले नीलकण्ठ (बूढानीलकण्ठ)को जल भरी सबै तीर्थका जल राखी यन्त्राकारले

[327] हेर्नु, **अभिलेख सङ्ख्या ३४** ।

बनाई नाग, शङ्ख, फणि राखी संवत् ७९० कार्तिक शुक्ल पूर्णिमाका दिन प्रतिष्ठा गरी पुत्रको उद्धार गरेका हुन् । भुवनलक्ष्मी रानीले सम्पूर्ण गरी पछि रानीपोखरी भनी प्रख्यात गरे ।'[328]

भाषा वंशावलीको उपर्युक्त कथनमा परेका केही कुराहरू सन्दिग्ध र अनौठा देखिन्छन् । यस कथनमा परेको यस पोखरीको स्थापना भएको काल, पोखरीको किनारामा उत्कीर्ण पूर्वलिखित तिथिसँग मेल खाँदैन । यहाँ 'कार्तिक शुक्ल पूर्णिमा' लेखिएको छ भने उक्त अभिलेखमा सो तिथि 'आश्विन शुक्ल पूर्णिमा' रहेको छ । यस तलाउको पहिलो नाम 'नागतलाउ' भएको तर पछि भुवनलक्ष्मी रानीले पूर्ण गरेपछि यसको नाउँ 'रानीपोखरी' भएको नीलकण्ठ (बुढानीलकण्ठ)बाट पानी ल्याई यहाँ भरिएका कुरा रोचक लाग्दछन् तर त्यहाँ स्थित अभिलेखमा सुन्दरीजलको पानीले उक्त पोखरी भरिएको कुरा उल्लेख छ भने तलाउका बीचमा 'स्वेष्टदेवता' (तलेजु भवानी) को स्थापना गरिएको तथ्य[329] सन्दिग्ध रहेको देखिन्छ, किनभने तलाउको मध्यभागमा रहेको मन्दिर शिवको भएको कुरा सर्वविदित छ ।

यो तलाउ कान्तिपुरका बासिन्दालाई स्नानादि गर्न सजिलो होस् भनी स्वर्ग गएका सबैभन्दा प्यारा छोरा चक्रवर्तेन्द्रको नाममा बनाइएको थियो । राजा स्वयंले शास्त्र हेरीकन नेपालका र भारतका समेत अनेक प्रसिद्ध तीर्थको पानी ल्याउन लाई यहाँ राख्न लगाएका थिए ।[330] सुन्दर मनोहर पोखरी बनाउन लगाई पोखरीको बीचमा शिवालय स्थापना गरिदिएका थिए । यसको दक्षिणतिर मूल बाटोनेर यात्रुहरूलाई बास बस्न राजाले गोलपाटी पनि बनाइदिएका थिए ।[331]

उक्त रानीपोखरी निर्माण गरेका सम्बन्धमा राजा प्रताप मल्लले शिलालेख उत्कीर्ण गराई सूचना दिने कार्य पनि सम्पन्न गरेका थिए । त्यस्ता आलेखहरू रानीपोखरीका चारै कुनामा राखिएको हुन सक्ने अनुमान गरिएको छ । तीमध्ये पोखरीको आग्नेय कोण, वायव्य कोण र नैर्ऋत्यकोणमा स्थापित शिलापट्टहरू प्राप्त भएका छन्, तर आग्नेय कोणको शिलापट्ट उपलब्ध हुन सकेको छैन । ती सबै शिलापत्रको आलेख समान रहेको पाइन्छ । शिलापट्टको लम्बाई दुई हात एकबित्ता पाँच अङ्गुलको र चौडाई एक बित्ता चार अङ्गुलको छ । यसको शिरोभाग गोलाकार छ । शिलापट्टमा जम्मा ५७ पङ्क्ति उत्कीर्ण गरिएका छन् । एक पङ्क्तिमा १८ देखि २६ अक्षरसम्म छन् । यसको लिपि देवनागरी रहेको छ । यसमा संस्कृत, नेपाली र नेवारी गरी तीनथरि भाषाको प्रयोग गरिएको छ ।[332]

---

[328] लम्साल, **पूर्ववत् नं. १०३**, पृ. ८९ ।
[329] हेर्नु, **अभिलेख सङ्ख्या ३४** ।
[330] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. ८२ ।
[331] मुनँकर्मी, **पूर्ववत् नं. १६**, पृ. ८२ ।
[332] शङ्करमान राजवंश (सम्पा.), **पुरातत्व पत्र सङ्ग्रह**, तेस्रो भाग (काठमाडौं : वीर पुस्तकालय, वि.सं.२०२०) पृ. १ ।

उक्त रानीपोखरीको मल्लकालमा विशेष महत्त्व रहेको कुरा विभिन्न स्रोतबाट ज्ञात हुन्छ। मल्लकालमा मित्र राष्ट्रका राजा र राष्ट्राध्यक्षहरू काठमाडौंमा आउँदा रानीपोखरीको तीरसम्म गई लिन जाने र त्यहाँबाट स्वागत गरेर ल्याई मोहनचोकमा राख्ने चलन थियो । त्यसबेला यो पोखरी काठमाडौं शहरको किल्लाबाट ठीक बाहिर पर्दथ्यो । त्यसकारण शहरबाहिरसम्म गएर किल्लाको प्रवेशद्वारबाट भित्र ल्याई अतिथिहरूलाई असन, इन्द्रचोकको मूल बाटो हुँदै आफ्नो वासस्थान मोहनचोकसम्म भित्र्याएर राजाहरूद्वारा सत्कार गरिन्थ्यो ।[333]

रानीपोखरीको उत्तरपश्चिम कोणमा अवस्थित पूर्वोक्त पोखरीसम्बन्धी अभिलेखको प्रारम्भमा **'ॐ नमः श्रीश्रीकालिकायै'** भन्ने वाक्य परेको छ । त्यसपछि 'शस्त्रशास्त्रसङ्गीतादि सकल विद्यामा निपुण कवीन्द्र राजा प्रताप मल्लले परमेश्वर र परमेश्वरीको प्रीत्यर्थ यो पोखरी निर्माण गराएको हो' भन्ने भाकाको संस्कृत वाक्य परेको छ । नेपाली भाषा प्रयोग भएको हालसम्म उपलब्ध अभिलेखहरूमा राजा प्रताप मल्लको चाहिँ यो पहिलो अभिलेख हो । यहाँ देवनागरी लिपिमा, नेपाली भाषामा 'श्रीजयप्रतापमल्लदेव राजाले आफैँले शास्त्र हेरिकन, असङ्ख्य पुण्य देखिकन गङ्गाआदि नानातीर्थको जल झिकाएर महाराजाधिराज नेपालेश्वर राजराजेन्द्र श्रीश्रीचक्रवर्तीन्द्र मल्लको नाममा यो पोखरी निर्माण गरेको' कुरा त्यहाँ स्पष्टसँग उल्लेख गरिएको छ । त्यसपछि वाराणसी र वैद्यनाथको गङ्गाजल र वाग्मतीको १०६४१ भारी र अन्य धेरै ठाउँबाट ल्याएको जलको विवरण त्यहाँ उल्लेख गरिएको छ। मूलतः श्रीसुन्दरी (जल)बाट बगाएर ल्याएको जलबाट उक्त पोखरी भरिएको कुरा पनि त्यहाँ उल्लिखित छ। देश विदेशका पचासौं तीर्थस्थल र नदीको नाउँ त्यहाँ उल्लेख गरिएको छ । जहाँबाट ल्याइएको पवित्र जल त्यहाँ हालिएको कुरा स्पष्ट पारिएको छ । तत्पश्चात् त्यस पोखरीमा स्नानादिकर्म गर्नाको सत्फल र त्यस क्षेत्रमा र वरिपरि पाप, अपराध, कुकृत्य गरिएमा पाइने पापको असत्फल समेत उल्लेख गरी त्यसको साक्षी सूर्य, चन्द्र, अग्नि पृथ्वी आदिलाई राखिको छ । अन्त्यमा नेवारी खण्डमा तिथि मितिको सङ्केत गरिएको छ। सबैभन्दा अन्तमा 'वशिष्ठ शर्माले यो लेखेको हो' भन्ने उल्लेख गरिएको छ।

२.४.४९ नारायण मूर्ति र अभिलेख :

उक्त रानीपोखरीको उत्तर दिशाको किनारमा पाखामा गिर्दाभित्रको बगैंचामा पश्चिमाभिमुख भएको भगवान् नारायणको विग्रहस्वरूप प्रस्तरनिर्मित भव्य मूर्ति रहेको देखिन्छ । सो नारायणमूर्ति ने.सं. ७९०, तदनुसार वि.सं. १७२७ माघशुक्ल पूर्णिमा तिथि मङ्गलवारका दिन राजा प्रताप मल्लले त्यहाँ स्थापना गरेका थिए।

---

[333] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. ९९ ।

सो मूर्तिको पादपीठमा अभिलेख[334] उत्कीर्ण गरिएको छ । अभिलेख कुँदिएको भाग सो मूर्तिको पश्चिम तथा उत्तरतिरको पाटामा पर्दछ । अभिलेख कुँदिएको पश्चिमपट्टिको भाग एक हात बीस अङ्गुल लम्बा र नौ अङ्गुल चौडा रहेको छ । पश्चिम पाटाको अभिलेख ११ पङ्क्तिमा उत्कीर्ण छ भने उत्तरतिरको पाटाको अभिलेख जम्मा ८ पङ्क्तिमा उत्कीर्ण छ ।[335]

सो अभिलेखको आरम्भमा नारायण भगवान्लाई नमन गरिएको छ । त्यसपछि संस्कृत भाषामा निबद्ध कविता अङ्कित गरिएको छ । त्यस कवितामा जम्मा ६ वटा पद्य रहेका छन् । तीमध्ये प्रारम्भका चार पद्य संस्कृतको प्रसिद्ध तथा नेपालीको जातीय छन्दका रूपमा विख्यात शार्दूलविक्रीडित छन्दमा रचिएका छन् र अन्त्यका दुई पद्य २१ अक्षरे लामो संस्कृत छन्द स्रग्धरामा निबद्ध छन् । उक्त कवितामा रानीपोखरीको मनोरम बयान गरिएको छ । प्रारम्भिक पद्यको पूर्णपाठ राम्ररी पढ्न सकिने अवस्थामा छैन; खण्डित छ । त्यहाँ 'सबैलाई सुख प्रदान गर्ने, गङ्गा, शोणनदी, सरस्वती, यमुना, गोदावरी, गण्डकी, कावेरी आदि नदी र समुद्रको समेत पुण्यप्रद जलले राम्ररी भरिएको, त्रिभुवनमा विख्यात भएको, उत्तम यज्ञोत्सवहरूद्वारा पवित्र र रम्य बनेको, प्रस्तरनिर्मित त्यो सुन्दर तलाउ उत्तम ऋषिमुनिहरू र देवताहरूद्वारा पनि राम्ररी सेवा गरिएको' कुरा कवितात्मक शैलीमा प्रस्तुत गरिएको छ । 'यस तलाउ (रानीपोखरी) मा फुलेका कमलवनमा मधुपान गरेर मदोन्मत्त भई, मीठो गला भएका भ्रमरहरूले मीठो ध्वनि निकाल्ने निपुणता र पाण्डित्य हासिल गर्दछन्, यस तलाउमा कोमलाङ्गी देवाङ्गनाहरू स्वेच्छा-जलविहार गरेर आनन्दित बन्दछन्, यस धरणीतलका समस्त पापपुञ्जलाई प्रक्षालन गर्ने यस पोखरीको उत्तम स्वच्छ जललाई स्नान र पान गर्नाले समस्त मानवजातिलाई अन्तकालमा शिवनगरी प्राप्त हुन्छ, किनभने यो तलाउ भगवान् श्री विष्णुका पदकमलबाट प्रत्यग्र उत्पन्न गङ्गजीका स्वच्छ प्रवाहले परिपूर्ण छ, यस तलाउका पुण्यदायी जलराशिमा नागमणिबाट समुत्पन्न झल्झलाकार शोभा विद्यमान छ, यहाँ वाग्मती नदी आनन्दित भएर निवास गर्न उत्कठित छन् । यहाँ स्वयं वैकुण्ठनाथ नारायण समस्त सुरगणका साथ आगमन गर्ने कामना राख्ने मात्र होइन, काशीपति विश्वनाथ पनि आफ्नो प्रिय काशीनगरीलाई छोडेर अपार हर्षले युक्त भएर यहीँ आई निवास गर्नुभएको छ' इत्यादि अत्यन्त काव्यात्मक भावनापूर्ण सुललित उक्तिहरूले ती पद्यहरू भरिपूर्ण छन् । अन्तिम पद्यमा 'त्यस्ता तलाउको किनारामा ने.सं. ७९० माघ शुल्क पूर्णिमा तिथि सौभाग्य योग अश्लेषा नक्षत्रको पुण्ययोगमा मंगलवारका दिन रविकुलतिलक (सूर्यवंशोत्पन्न) कवीन्द्र प्रताप मल्लद्वारा माघ महिनाको व्रत सम्पन्न गरेर माधवको प्रतिमा स्थापना गरिएको' विवरण उल्लेख गरिएको पाइन्छ । यसपछि रहेको देशभाषा (नेवारी)मा पनि घटनाको विवरण र तिथि उल्लेख गरी त्यसलाई संरक्षण प्रदान गर्नेले प्राप्त गर्ने पुण्यफल र अन्यथा गर्नेले भोग्नुपर्ने पापफलको विवरण पनि प्रस्तुत गरिएको छ ।

---

[334] हेर्नु, **अभिलेख सङ्ख्या ३४** ।
[335] वज्राचार्य र पन्त (सम्पा.), **पूर्ववत् नं. २४५**. पृ. २४-२५ ।

साहित्यिक दृष्टिले उक्त काव्यरचना अत्यन्त महत्त्वशील छ । रानीपोखरीको मनोरम, हृदयहारी, आकर्षक काव्यात्मक वर्णनले परिपूर्ण उक्त पद्यहरूमा छेकानुप्रास, वृत्यनुप्रास र श्रुत्यनुप्रासहरूको श्रुतिमधुर शब्दसम्पदा रहेको छ । अर्थालङ्कारहरूमध्ये उपमा रूपक र विशेषतः अतिशयोक्त्यलङ्कारको मनोहारी संयोजन गरी विशिष्ट वाच्यसौन्दर्यपूर्ण चमत्कार यहाँ पैदा गरिएको छ । रानीपोखरीको पवित्रता र स्वच्छता एवम् पुण्यमयताको अभिव्यक्ति गर्ने वस्तुध्वनिले गर्दा यो रचना उत्तम काव्यको नमुना बन्न पुगेको छ । यसमा वर्णित काशीपुरीलाई छोडेर विश्वनाथको यहाँ आगमन भएको प्रसङ्ग निकै रोचक, आकर्षक र चर्चित रहेको बुझिन्छ । **'ढुङ्गामा ठट्टा'** भन्ने लेखमा श्रीसूर्यविक्रम ज्ञवालीले 'काशीका हिन्दूहरूले ता विश्वनाथ ज्ञानवापीमा लुकेका वा उनका लिङ्ग पुजाहारीले लुकाएर राखेकोसम्म विचार गरेका थिए तर काठमाडौंका समसामयिक हाम्रों राजा प्रताप मल्लले ता विश्वनाथ 'काशी' छोडी यहाँ काठमांडुमा आएको कुरा भने' भनी[336] यस विषयलाई रोचक चर्चाको वस्तु बनाएका छन् ।

२.४.५० रानीपोखरीको किनारमा हात्तीको स्थापना र अभिलेखाङ्कन

राजा प्रताप मल्लले रानीपोखरीको दक्षिण किनारामा हात्तीको मूर्ति पनि स्थापना गरेका थिए । सो मूर्ति हात्तीकै आकारप्रकार र आयामको छ । त्यो प्रस्तरनिर्मित छ । हिँड्न लागेको हात्तीको शारीरिक अवस्था पूर्णतया वास्तविक बनेको छ । त्यसमा पनि हात्तीको आकार-प्रकार दुरुस्त हात्तीकै नापमा अत्यन्त सजीव रूपमा बनेको छ । हात्तीमाथि एक प्रकारको बाक्लो बुट्टेदार ओच्छ्यान ओच्छ्याइएको छ । त्यसका किनारमा ठूलठूला घण्टहरू बनाइएका छन् । त्यहाँ राजा प्रताप मल्ल र उनका पुत्रहरूका तीन मूर्तिहरू हात्तीमा चढेका देखिन्छन् । शिरमा रत्नादिजडित पगडी, कानमा ठूलठूला कुण्डल, ओठमाथि आकर्षक जुँगा, ठूलठूला आँखाले सुशोभित पुष्ट चेहरा, शरीरमा चुनेको सर्वाङ्ग ढाक्ने जामा, घाँटीमा अनेक बहुमूल्य हार, कम्मरमा बुट्टेदार पेटी, जसको आलम्बन तल-तलसम्म लच्किरहेको छ, यी सब कुरा कुँदिएका छन्, हातमा ढाल तरवार आदि आभूषणहरूले शोभायमान प्रताप मल्ल र उनका दुई पुत्रहरूको प्रतिमा आकर्षक रहेको छ । ती मूर्तिहरू राजा प्रताप मल्ल र उनका दुई छोरा चक्रवर्तेन्द्र मल्ल र महीपतेन्द्र मल्लका हुन् । यो कुरा त्यसै हात्तीका काँधमा दुवैपट्टि कुँदिएको अभिलेखबाट[337] थाहा पाइन्छ । सो अभिलेख दुवैपट्टि दुई दुई पङ्क्तिको रहेको छ । पछि जीर्णोद्धार गर्दा कतै अक्षर खुर्किएको र कतै अक्षरमाथि सिमेन्ट भरिएको हुनाले पूरै अभिलेख पढ्न सकिँदैन । त्यहाँ संवत् र तिथि आदि पनि देख्न सकिँदैन । सो

---

[336] हरिराम जोशी (प्र.सम्पा), **रोलम्ब**. त्रैमासिक पत्रिका, भोल्युम २ नं.४(ललितपुरः जोशी रिसर्च सेन्टर) पृ. १४ ।

[337] हेर्नु, **अभिलेख सङ्ख्या ३६** ।

हात्तीको भव्याकार मूर्ति हाल रत्नपार्कको उत्तरी भागमा रानीपोखरीको वेराभित्र रानीपोखरीतिर अभिमुख भएर खडा भएको देख्न सकिन्छ ।

२.४.५१ चाँगुनारायण यात्राका लागि सिंहासन निर्माण र अभिलेखाङ्कन

ने.सं. ७९१, तदनुसार वि.सं. १७२८ श्रावण शुक्ल द्वादशी तिथि सोमवारका दिन प्रताप मल्लले चाँगुनारायणलाई हनुमान्ढोका भित्र्याउने जात्रामा देउता राख्ने सिंहासन निर्माण गराई[338] देवतालाई अर्पण गरेका थिए । धातुनिर्मित सो सिंहासनमा अभिलेख पनि अङ्कित गरिएको छ । उक्त अभिलेखमा लक्ष्मी र सरस्वतीसहित चाँगुनारायणलाई 'गुन पो'मा भित्र्याउन राजा प्रताप मल्लले पूर्वोक्त तिथिमा यो सिंहासन निर्माण गराएको कुरा उल्लेख गरिएको छ । हनुमान्ढोका नामाकरण गरिनुभन्दा पहिले उक्त दरबारको नाम 'गुन पो' राजकुल थियो । वास्तवमा राजा प्रताप मल्लले दरबारको द्वारमा हनुमान्को मूर्ति स्थापना गरेपछि मात्र यसको नाम 'हनुमान्ढोका राजदरबार' रहेको हो । यो दरबार प्राचीन कालमा 'दक्षिण राजकुल'का रूपमा, मध्यकालमा 'गुनपो राजकुल'का रूपमा र त्यसपछि मात्र 'हनुमान्ढोका दरवारका' रूपमा देखा परेको[339] कुरो पुराना साक्ष्यहरूबाट थाहा हुन्छ ।

चाँगुनारायणलाई हनुमान्ढोका ल्याउने जात्रा वर्षको दुईपल्ट मनाइन्छ । तिनमा पहिलो श्रावण शुक्ल द्वादशीका दिन र दोस्रो पौष शुल्क पूर्णिमाका दिन सम्पन्न गरिन्छ । ती दुवै जात्रामा लक्ष्मी र सरस्वतीसहित चाँगुनारायणको प्रतिनिधित्व गर्ने तीनवटा चाँदीका कलश बोकेर ल्याइन्छन् । त्यसरी लामो यात्रा पूरा गरेर काठमाडौं आइपुगेको सो जात्रालाई मल्लकालमा राजा र राजपरिवारका व्यक्तिहरू रानीपोखरीको छेउसम्म पुगी आफैं स्वागत गर्दथे । त्यहाँबाट अघि बढाइएको सो जात्रा सिंहढोकाबाट हुँदै तलेजु मन्दिरको दक्षिणपट्टि मूलचोकको पूर्वोत्तर कुनामा रहेको भवनको भुइँतलामा लगिन्छ । त्यसै स्थानमा राजा प्रताप मल्लले चढाएको उक्त धातुनिर्मित सिंहासनमा[340] ती चाँगुनारायणका कलशहरू राखेर पूजा आजा सम्पन्न गरिन्छ ।

२.४.५२ तलेजुमा कलात्मक खापानिर्माण र अभिलेखाङ्कन

ने.सं. ७९१ तदनुसार वि.सं. १७२८ माघमा[341] आइतवारका दिन राजा प्रताप मल्लले तलेजु मन्दिरको ढोकामा सुनका दुईवटा खापा निर्माण गराएका थिए । ती कलापूर्ण खापाको सम्पूर्ण भागमा गणेश, शिवपार्वती आदि देवदेवीका सानासाना मूर्ति तथा मसानमा दाहसंस्कार

[338] हेर्नु, **अभिलेख सङ्ख्या ३८** ।
[339] वज्राचार्य, **पूर्ववत् नं. १६७**. पृ. १६ ।
[340] वज्राचार्य, **पूर्ववत् नं. १६७**. पृ. १६७ ।
[341] पूर्ण तितिमितिको उल्लेख पाइँदैन । -शोधकर्ता

गरिरहेको, यमदूत अगाडि उभिरहेको आदि विभिन्न दृश्यहरू अत्यन्त कलात्मक रूपमा प्रस्तुत गरिएका छन् ।[342] ती खापामा अङ्कित प्रताप मल्लको अभिलेखमा विभिन्न शास्त्रको अध्ययन गरी उनले ती खापामा रहेको आकृतिहरू बनाउन लगाएको कुरा उल्लेख गरिएको पाइन्छ ।

सो खापामा उत्कीर्ण गरिएको अभिलेख[343] संस्कृत र नेवारी भाषामा रचिएको छ, त्यसमा जम्मा चार पङ्क्ति छन् । प्रारम्भमा संस्कृत भाग रहेको छ । यसमा संस्कृत भाषामा प्रचलित १७ अक्षरे पृथ्वी छन्दमा संरचित दुई पद्य छन् । यी दुई पद्यमा 'कवीन्द्र राजा प्रताप मल्लले सकल शास्त्र तथा तन्त्रादिविद्याको समेत गुरुसन्निधिमा अध्ययन र श्रवण गरेर परम भक्तिले युक्त भएर श्रीभवानीको परमप्रीतिको लागि (तलेजुको) ढोकामा निखिल देववृन्दको शुभस्वरूप चित्र सुवर्णद्वारा रचना गरी स्थापित गरिएको वेहोरा उत्कीर्ण गरिएको छ । यसपछिको नेवारी अभिलेख खण्डमा उपर्युक्त कुराकै संक्षिप्त विवरण र समय अङ्कित गरिएको छ ।

उपर्युक्त अभिलेखमा रहेका संस्कृतभाषानिष्ठ पृथ्वीछन्दाश्रित दुई पद्यहरू विवरणप्रधान भए तापनि यिनमा साहित्यिक मूल्यका आलङ्कारिक तत्त्वहरू पनि उपलब्ध छन् । श्रुति, वृत्ति र छेक नाम गरेका अनुप्रास शब्दालङ्कारको सौन्दर्य त्यहाँ विद्यमान छ । वाच्यार्थसौन्दर्यका साथै कवीन्द्र राजाको देवी भवानीका चरणकमलप्रतिको प्रीति, आस्था र परमभक्तिको कलात्मक अभिव्यक्ति पनि त्यहाँ पाइन्छ । सरल र सरस संस्कृत भाषामा उपनिवद्ध ती दुई पद्य संस्कृतमा निकै साधनापछि मात्र रच्न सकिने पृथ्वी छन्दमा रचिएका सुन्दर नमुना हुन्, जुन छन्दको प्रयोग राजा प्रतापमल्लका अभिलेखमा अन्यत्र कतै पाइँदैन; यहाँमात्र उपलब्ध छ ।

२.४.५३ तलेजुको द्वारमा सुवर्णपत्राभिलेख

ने.सं. ७९२, तदनुसार वि.सं. १७२८ पौष कृष्ण अमावस्या तिथि शुक्रवारका दिन राजा प्रताप मल्लले वसन्तपुर हनुमान्ढोका दरबारको उत्तरी भागमा अवस्थित विशाल र अत्युच्च प्रसिद्ध तलेजु मन्दिरको मुख्य द्वारमा सुवर्त्रपत्राभिलेख स्थापित गराएका थिए । तलेजु मन्दिरको मूलद्वार दक्षिणाभिमुख रहेको छ । सो द्वार कलापूर्ण सुनका खापा तथा तोरण आदिको विशेष अलङ्करणद्वारा सुशोभित छ । सो मूलद्वारको तोरणमा तलेजुभवानीको मूर्ति राखिएको छ । सो मूलद्वार तीनमुखे कपाटले निर्मित छ । त्यसमा दायाँबायाँ रहेका दुई कपाट खोल्न नसकिने किसिमले जडिएका छन् । तिनै द्वारमा राजा प्रताप मल्लले उक्त विशाल स्वर्णपत्राभिलेख[344] टम्म हुने गरी स्थापित गरेका छन् । ती अभिलेखहरूमा राजा प्रताप मल्लले रचना गरेको तलेजुको स्तुति उत्कीर्ण गरिएको छ ।

---

[342] वज्राचार्य, **पूर्ववत् नं. १६७. पृ. २०** ।
[343] हेर्नु, **अभिलेख सङ्ख्या ३८** ।
[344] हेर्नु **अभिलेख सङ्ख्या ३९/४०** ।

त्यहाँ सुवर्णद्वारको दायाँपट्टि र बायाँपट्टि गरी दुई स्वर्णपत्राभिलेखहरू स्थापित छन् । तीमध्ये दायाँपट्टिको अभिलेख जम्मा ४६ पङ्क्तिहरूमा उत्कीर्ण गरिएको छ भने वायाँपट्टिको चाहिँ ५५ पङ्क्तिहरूमा उत्कीर्ण छ ।

द्वारको दायाँभागमा स्थापित स्वर्णपत्राभिलेख संस्कृतभाषामा लेखिएको छ । त्यसमा कवीन्द्र राजा प्रताप मल्लले रचना गरेको **सर्वपराधस्तोत्र** रहेको छ । स्तोत्रको प्रारम्भमा 'श्रीकालिकायै नमः' भनी देवी कालिकाको स्तवन गरिएको उक्त स्तोत्र स्रग्धरा छन्दका १८ वटा पद्यमा विनिर्मित छ । साहित्यिक दृष्टिले निकै महत्त्वशील मानिने यो स्तवकाव्य गुह्येश्वरी मन्दिरको गर्भगृहमा पनि अभिलेखाङ्कित गरिएको पाइन्छ । स्तोत्रको अन्त्यमा 'कवीन्द्र राजा जयः प्रताप मल्लद्वारा विरचित सर्वापराधस्तोत्र सम्पन्न भयो' भन्ने आशयको वाक्य रहेको छ । यस अभिलेखमा अङ्कित उक्त स्तोत्रको चर्चा पहिले नै[345] भइसकेको छ ।

उक्तद्वारको बायाँपट्टि रहेको सुवर्णपत्राभिलेख चाहिँ नेवारी र मैथिली भाषामा आवद्ध छ । गीति छन्दमा आबद्ध मैथिली भाषाका ९ गीति गुच्छ प्रारम्भमा रहेका छन् । अन्त्यमा नेवारी भाषामा सो स्थापना गरेको समय र त्यसको सुरक्षाका लागि राखिएका पाप र पुण्यका विवरणहरू प्रस्तुत छन् । यस रचनामा पनि देवी कालिकाकै स्तुति गाइएको छ । यो विभिन्न राग र तालमा आबद्ध गीति रचना हो । प्रारम्भमा सारथ राग र खर्जति तालमा आबद्ध गीति रचना छन् भने मध्यमा धनाश्री राग र खर्जति ताल पहाडिया राग, गण्डल ताल, जयजैवन्ती, विलावल राग-एकताल र अन्त्यमा धनाश्री राग एकतालमा आबद्ध गीति-रचनाहरू रहेको कुरा सोही अभिलेखबाट स्पष्ट हुन्छ ।

२.४.५४ तलेजु मन्दिरको छतमा अभिलेखाङ्कन

पूर्वोक्त तलेजु भगवतीको मन्दिरमा छतमा पनि राजा प्रताप मल्लले अभिलेखाङ्कन गरेका थिए । सो अभिलेख[346] कहिले अङ्कित गरिएको हो भन्ने बारे त्यहाँ कुनै तिथि मिति उल्लेख गरिएको छैन । पूर्वोक्त सुवर्णपत्राभिलेख स्थापित गरेकै समयमा यहाँ पनि अभिलेखाङ्कन गरिएको अनुमान गरिन्छ । उक्त अभिलेख संस्कृत भाषामा विरचित छ । त्यसमा जम्मा ५ पङ्क्ति रहेका छन् । त्यहाँ सर्वप्रथम '**ॐ नमः श्री कालिकायै**' भनी कालिका (तुलजा) देवीलाई नमन गरिएको छ । प्रारम्भमा स्रग्धरा छन्दमा निबद्ध एउटा पद्य रहेको देखिन्छ । जसको अधिकांश भाग प्रकाशमा आएको छैन । त्यहाँ '**कथयति प्रतापक्षितिपतिः**' भन्ने अन्तिम पदावलीले 'राजा प्रताप मल्ल यसो भन्दछन्' भन्ने आशय व्यक्त गरिएको छ । तदनन्तर '**कालिकाभुजङ्गदशकम्**' नामक स्तवकाव्य उत्कीर्ण गरिएको छ । यो भुजङ्गप्रयात छन्दका एघार पद्यहरूबाट राजाले रचना गरेको प्रसिद्ध

---

345 हेर्नु **अभिलेख सङ्ख्या १६** ।
346 हेर्नु, **अभिलेख सङ्ख्या ४१** ।

भक्ति-रचना हो । यो रचना राजा प्रताप मल्लले गुह्येश्वरी पीठको गर्भगृहमा पनि उत्कीर्ण गराएका छन् । यसको चर्चा पहिले नै[347] भइसकेको छ ।

२.४.५५ हनुमान्‌को मूर्ति स्थापना र अभिलेखाङ्कन

ने.सं. ७९२ तदनुसार वि.सं. १७२९ वैशाख कृष्ण एकादशी तिथि सोमवारका दिन राजा प्रताप मल्लले हनुमान्‌का दुईवटा मूर्ति स्थापना गरी तिनका पादपीठमा अभिलेख अङ्कित गरेका थिए । हनुमान्‌का ती दुई मूर्तिमध्ये पहिलो मूर्ति वसन्तपुरस्थित हनुमान्ढोका दरवार पस्ने सुवर्णनिर्मित मूलद्वारको दायाँपट्टि खडा छ । दोस्रो मूर्तिचाहिँ वसन्तपुर हनुमान्ढोकाकै परिसरमा पश्चिमपट्टि उच्च स्थानमा रहेको ठूलो घण्टाको सामुन्ने खडा देखिन्छ । यी दुवै मूर्ति राजा प्रताप मल्लले एकै दिन स्थापना गरेका थिए र ती दुवै मूर्तिको पादपीठमा एउटै वेहोरा भएको अभिलेख[348] पनि अङ्कित गरेका थिए ।

वसन्तपुर हनुमान्ढोका दरबारको द्वारसमीपमा दायाँपट्टि स्थापित हनुमान्‌को मूर्ति निकै महत्त्वपूर्ण मानिन्छ । यो मूर्ति विशालकाय छ । यसै मूर्तिका आधारमा त्यस दरबारको नामकरण गरिएको हो । पहिले त्यस दरबारलाई नेवारी शैलीमा 'गुन पो' भनिन्थ्यो । यो हनुमान्‌को मूर्ति स्थापित भइसकेपछि यो दरबार 'हनुमान्ढोका राजदरबार'का नामले प्रख्यात हुन गयो । हनुमान्‌को यो मूर्ति त्यहाँ सात आठ हातजति अग्लो चारपाटे प्रस्तरस्तम्भमाथि स्थापना गरिएको छ । त्यसमाथि वानरको आकृतिसँग मिल्ने हनुमान्‌को उक्त मूर्ति खडा छ । यो मूर्ति सर्वाङ्ग रक्तसिन्दूरमय रातो रङ्गले लिपिएको छ । प्रत्येक वर्ष वामन द्वादशीका दिन हनुमान्‌को सो मूर्तिलाई तेल र सिन्दूरद्वारा लिप्ने परम्परा रहेको छ । यसरी लामो समयदेखि सो पाषाणमूर्तिमा रङ्गलेपन गर्नाले सो मूर्तिको तह धेरै रंगले छोपिएको छ । यस मूर्तिमा सधैँ रातो वस्त्र पहिराइएको हुन्छ र रातो रंगको चहकिलो छाता पनि ओढाइएको देखिन्छ । मूर्तिको दायाँवायाँ दुवैतिर नेपालको चन्द्रसूर्याङ्कित द्वित्रिकोणात्मक राष्ट्रिय झण्डा आकारका धातुनिर्मित ध्वजा स्थापित गरिएका छन् ।

मल्ल राजाहरू आफूलाई श्रीरामचन्द्रका वंशज भन्दथे । त्यसैले उनीहरू श्रीरामचन्द्रका वानरसेनाप्रमुख हनुमान्प्रति विशेष श्रद्धा र आदरभाव राख्दथे र आफूलाई **हनूमद्ध्वज** (हनुमान्‌को ध्वजाले सम्पन्न) भन्न मन पराउँथे । उनीहरूको झण्डामा हनुमान्‌कै आकृति अङ्कित हुन्छ । हनुमान्‌को मूर्ति स्थापना गर्नाले अनिकाल नपर्ने, रोगको डर नहुने, शत्रु आउन नसक्ने, वज्र नपर्ने र बोक्सी भूत-प्रेत पिशाचको डर नहुने पनि शास्त्रोक्ति पाइन्छ । राजा प्रताप मल्लले नेवारी भाषामा अनुवाद गर्न लगाएको, त्यस वेलाको चर्चित, स्वरशास्त्रको ग्रन्थ **'नरपतिजयचर्या'**

[347] हेर्नु, **अभिलेख सङ्ख्या १६ ।**
[348] हेर्नु, **अभिलेख सङ्ख्या ४२ ।**

भन्ने ग्रन्थमा विशेषतः हनुमान्को मूर्ति स्थापना गर्ने विधानको चर्चा भएकोले त्यसैबाट प्रेरित र प्रभावित भई राजाले सो कार्य गरेका थिए भन्ने देखिन्छ।[349] राजाले हनुमान् मूर्तिका पादपीठमा अङ्कित गरेका अभिलेखमा पनि 'लडाइँमा विजय प्राप्त होस्; दरबारको सुरक्षा होस् भन्ने ध्येयले' सो हनुमान्मूर्ति त्यहाँ स्थापित गरेको कुरा उल्लेख गरेका छन्। आफ्नो दरबारमा कुनै शत्रुले प्रवेश गर्ने आँट नगरोस् र दरबारको पूर्णतः कल्याण होस् भन्ने आशयले उक्त हनुमान्मूर्तिको स्थापना गरेको स्पष्ट हुन्छ।

हनुमान्को अर्को मूर्ति परैबाट देखिने ठूलो उच्च स्थानमा रहेको घण्टाको सामुन्ने स्थापित छ। त्यो मूर्ति पहिलेको मूर्तिका तुलनामा निकै सानो आकारको छ। आजकल त्यस मूर्तिलाई **जाम्बवान्** भन्ने चलन छ।

उक्त दुवै हनुमान्का पादपीठमा रहेका समान बेहोरा भएका अभिलेखमध्ये ठूलो हनुमान्का पादपीठमा अङ्कित अभिलेख भने जम्मै यथावत् पढ्न सकिन्छ। त्यस मूर्तिको पादपीठमा अभिलेख कुँदिएको भाग एक हात आधा अङ्गुल लम्बा र ४ अङ्गुल चौडा छ।[350] यसमा जम्मा चार पङ्क्ति कुँदिएका छन्। सो अभिलेख नेवारी भाषामा संरचित छ। तर बीचमा एउटा संस्कृत वाक्य परेको छ। त्यसमा सर्वप्रथम '**ॐ स्वस्ति**' भन्ने पद अङ्कित छ। शस्त्रशास्त्र संगीतादि सकल विद्याका पारंगत महाराजाधिराज नेपालेश्वर विदग्ध चूडामणि (अत्यन्त चतुर) सकल राजचक्रका अधीश्वर श्रीश्री राजराजेन्द्र जय प्रताप मल्ल परमभट्टारक देवले यो हनुमान्को स्थापना गरिएको' कुरा त्यसमा उल्लिखित छ। त्यसपछिको संस्कृत वाक्यमा '(हनुमान्)ले विषम सङ्ग्राममा, शत्रु संहार गरिने युद्धमा विजय प्राप्त गराउनुहुन्छ, घर (दरबार)को रक्षा गर्नुहुन्छ' भनिएको छ। अन्त्यमा सो स्थापना गरिएको तिथिमिति उल्लेख गरिएको छ। तदनुसार ने.सं. ७९२, वैशाख कृष्ण एकादशी प्र. द्वादशी तिथि रेवती नक्षत्र, आयुष्मान् योग परेको सोमवारका दिन त्यो मूर्ति स्थापना गरिएको थियो। अन्तिमको वाक्य छ : '**शुभमस्तु सर्वदाकालः**' सधैँ शुभ होस्।

२.४.५६ नासलचोकमा नरसिंह मूर्ति स्थापना र अभिलेखाङ्कन

ने.सं. ७९३, तदनुसार वि.सं. १७३० आषाढ कृष्ण अष्टमी तिथिका दिन राजा प्रताप मल्लले वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको केन्द्रमा रहेको नासल चोकमा नृसिंह भगवान्को मूर्ति स्थापित गरी त्यसको पादपीठमा अभिलेख पनि[351] उत्कीर्ण गराएका थिए। हनुमान्ढोका राजदरबार प्रवेश गर्ने सुवर्णद्वारबाट भित्र पस्नासाथ बायाँतिर सो मूर्ति अद्यापि देख्न सकिन्छ। सो नरसिंहको मूर्ति निकै आकर्षक र भव्य स्वरूपले सम्पन्न छ। निक्खर चम्किलो, कालो रङ्गको

[349] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. ८६-८७।
[350] वज्राचार्य र पन्त (सम्पा.) **पूर्ववत् नं. २४५.** पृ. २६।
[351] हेर्नु, **अभिलेख सङ्ख्या ४३**।

प्रस्तरबाट त्यस मूर्तिको निर्माण गरिएको छ । त्यस मूर्तिको माथिल्लो अङ्ग सिंहको रूपमा छ भने तल्लो अङ्ग नरको रूपमा छ । त्यसैले यसको नाम **'नरसिंह'** रहन गएको हो । प्रसिद्ध पौराणिक आख्यानका आधारमा यस मूर्तिको निमाण गरिएको स्पष्ट हुन्छ । सो नरसिंहले हिरण्यकशिपु नामक दैत्यलाई काखमा राखेर, आफ्ना तीखा नङ्ग्राले त्यसको पेट चिरेर, च्यातेर उक्त दैत्यलाई संहार गरिरहेको दृश्य त्यहाँ अङ्कित गरिएको छ । उक्त पौराणिक आख्यानअनुसार सत्ययुगमा पृथ्वीको भार हर्न अवतरित भएका भगवान्‌ले आधा शरीर सिंह र आधा शरीर नरको रूपाकृति भएको विचित्र काय धारण गरेर संसारलाई दुःख दिने र सताउने उक्त राक्षसराज हिरण्यकशिपुलाई आफ्नो काखमा उत्तानो पारी सुताएर आफ्ना नङ्ग्राले पेट च्यातेर वध गरेका थिए । त्यसै आख्यानलाई यस मूर्तिले मूर्त गरेको देखिन्छ ।

सो मूर्तिमा भगवान् नरसिंहका केशपुञ्ज नै मुकुटका रूपमा अङ्कित गरिएको छ । उनका चार हात छन् । तीमध्ये माथिल्ला दुई हातमा चक्र र गदा रहेका छन् बाँकी दुई हातले राक्षस संहार गरिरहेको दृश्य यहाँ प्रस्तुत छ । दायाँपट्टि दैत्यको खड्ग लिएको हात नरसिंहका खुट्टामुनि किचिएको छ । काखमा लडाइएको दैत्यका हात र दुवै गोडा काखी च्यापेर नरसिंहले हल न चल बनाएका छन् । सांच्चिकै भगवान्‌ले दुष्ट दैत्यलाई दारुण ढंगले विदारण गरिरहेको त्यहाँ प्रतीत हुन्छ । मूर्तिको भावभङ्गिमा निकै आकर्षक देखिन्छ । लौहलेप गरिएको यो प्रस्तरमूर्ति विशिष्ट महत्त्वको मानिन्छ । उक्त नरसिंह मूर्तिको पादपीठमा दायाँतिर नमस्कार गरिरहेको मुद्रामा राजा प्रताप मल्लको मूर्ति कुँदिएको छ भने बायाँतिर हिरण्यकशिपुको स-सानो आकृति पनि कुँदिएको छ । नरसिंहका दुइटै आँखामा चाँदीका नेत्र लगाएका छन् । नरसिंहले धारण गरेका चक्र, गदा आयुध र अन्यत्र पनि विभिन्न स्थानमा धातुको खोल बनाएर सो मूर्ति सिँगारिएको देखिन्छ । हिरण्यकशिपुको शिरपेच पनि धातुनिर्मित छ । यस भव्य र आकर्षक मूर्तिको पादपीठमा अङ्कित अभिलेखमा आत्मकल्याणका लागि सो नरसिंहमूर्तिको स्थापना गरिएको कुरा उल्लेख छ, यस्तै कुरा उल्लेख गरिएको एउटा अर्को अभिलेख[352] कवीन्द्रपुरमा पनि पाइएको छ ।

यहाँ नरसिंहको पादपीठमा उत्कीर्ण अभिलेख जम्मा १० पङ्क्तिमा सम्पन्न भएको पाइन्छ । संस्कृत र नेवारी भाषामा उत्कीर्ण सो अभिलेखमा प्रथमतः संस्कृत भाषामा नरसिंहको स्तुति र प्रार्थना रहेको छ । सर्वप्रथम **भैरवी राग र एक तालमा** निबद्ध भएको सूचना दिइएको छ । तदनन्तर शार्दूलविक्रीडित छन्दमा निवद्ध एउटा पद्य छ, त्यस पछि १९ अक्षरमा आबद्ध गीतिरचना चार पद्यमा निर्मित छ । 'आफ्ना भक्त प्रह्लादलाई मान प्रदान गर्ने, कान्तिमान्, जाज्वल्यमान नेत्र भएका, दर्पान्वित हिरण्यकशिपुको वक्षःस्थललाई विदारण गर्ने देदीप्यमान वज्रतुल्य कठोर शरीर भएका नरसिंह प्रभुले सवैको रक्षा गरुन्' भन्ने कामना प्रकट गर्दै उक्त रचनामा प्रल्हादका करोडौं सङ्कटलाई नष्ट गर्ने नृत्यकालमा विघ्ननिवारक नरसिंहको स्तवन

---

[352] हेर्नु, **अभिलेख सङ्ख्या ४४ ।**

गरिएको छ । अन्तमा 'उत्तमलक्षण भएको कवीन्द्र राजा प्रताप मल्लकृत यो गीतलाई सुनेर प्रसन्न भई कल्याण गर्नुहोस्' भन्ने उक्ति रहेको छ । भगवान् 'नरसिंहविना मेरो अरु कसले रक्षण गर्ला ? त्यस्ता विभुलाई प्रणाम' छ भन्ने मूलभाव यसमा पाइन्छ । अभिलेखको अन्तिम खण्डको नेवारी भाषामा यो स्थापना गर्ने राजा प्रताप मल्लको प्रशस्तिसहित नाम र स्थापना गरिएको तिथि अङ्कित गरिएको पाइन्छ ।

अभिलेखमा रहेको उक्त संस्कृत गीतिरचना साहित्यिक दृष्टिले महत्त्वपूर्ण छ । अनुप्रासादि शब्दालङ्कार र उपमादि अर्थालङ्कारले सम्पन्न सो रचना प्रायः दीर्घसमासयुत पदावलीद्वारा ओजोगुण र कतै माधुर्यगुणले समेत सम्पन्न छ । नृसिंह भगवान्का प्रति राजाको मनमा रहेको रतिभाव यहाँ उद्घाटित र अभिव्यक्त भएको छ । गीतिलयमा आबद्ध उक्त रचना संगीताश्रित छ । यसको प्रकाशित रूप अधूरो र त्रुटिपूर्ण भएकाले खिन्नता बोध हुन्छ ।

२.४.५७ कवीन्द्रपुरको निर्माण र शिलालेखस्थापना

वसन्तपुरस्थित हनुमान्ढोका परिसरमा रहेको कवीन्द्रपुरको निर्माण र अभिलेखस्थापना[353] पनि पूर्वोक्त नरसिंह स्थापनाकै कालमा राजा प्रताप मल्लले गरेका थिए भन्ने प्रतीत हुन्छ । तर 'कान्तिपुर शिलालेख सूची' मा प्रकाशित एउटा अभिलेखांश (पृष्ठ ८६) अनुसार कवीन्द्रपुरको निर्माण ने.सं. ७७७ ज्येष्ठशुक्ल त्रयोदशी प्र. चतुर्दशी तिथि, सोमवारका दिन सम्पन्न भएको थियो । उक्त कवीन्द्रपुरमा रहेका देवदेवीको पूजादिकार्यका लागि (त्रिदश) १३ रोपनी क्षेत्र पनि राजा प्रताप मल्लले दान गरेका थिए । त्यहाँस्थित उक्त अभिलेखमा रहेको बेहारावाट यो कुरा स्पष्ट हुन्छ, तापनि त्यस शिलालेखको अन्तिम भाग छोपिएकोले (उक्त भागमा लेखिने) यसको निर्माणकालको समयचाहिँ तोक्न सकिएको छैन । नरसिंहको पादपीठ र यहाँको शिलापट्टमा उत्कीर्ण पाठ्यसामग्री उस्तै उस्तै ढाँचाको रहेकाले यी दुवै आलेख समानकालमा उत्कीर्ण गराइएका होलान् भन्ने सामान्य प्रतीति हुनु अस्वाभाविक होइन ।

काठमाडौंको नामकरणको हेतु बनेको काष्ठमण्डप मरुसत्तलको ठीक सामुन्ने पूर्वदक्षिण कुनामा रहेको तीनछाने मन्दिर **कवीन्द्रपुर** भन्ने नामले प्रख्यात छ । राजा प्रताप मल्लले निर्माण गराएको सो तीन छाने मन्दिरको भुइँतलामा नासलदेवता (नाट्येश्वर देउता, शिव)को मूर्ति संस्थापित छ । त्यसै कारण यस मन्दिरलाई नासलदेवताको मन्दिर पनि भन्ने चलन छ । राजा प्रताप मल्ललाई सङ्गीतादि शास्त्रमा पनि प्रगाढ अभिरुचि र ज्ञान थियो । त्यसैले .... 'सङ्गीतादि सकल विद्या पारग' भन्ने विशेषण पदावली आफ्नो नाउँसँग जोड्दै 'सङ्गीतादि सम्पूर्ण विद्यामा आफू पारङ्गत' भएको कुरा उनी जनाउंथे । आफूलाई 'कवीन्द्र' भन्न रुचाउने राजाले यस निर्मितिको नाउँ पनि कवीन्द्रपुर (कवीन्द्रले निर्माण गरेको नगर) राखेका थिए । यस मन्दिरको

[353] हेर्नु, **अभिलेख सङ्ख्या ५१ ।**

निर्माण विशेष प्रयोजनबाट भएको थियो । उक्त प्रयोजनवारे त्यहाँ स्थापित पूर्वोक्त शिलालेखमा प्रस्तुत पाठ्यसामग्रीबाट पर्याप्त सूचना उपलब्ध हुन्छ ।

एकपटक, नटकार्यमा अभिरुचि भएका राजा आफू स्वयं भगवान् नरसिंहको वेशभूषा र स्वरूप धारण गरेर नाट्यशालाको रङ्गमञ्चमा प्रवेश गरेका थिए । त्यहाँ रङ्गमञ्चको एक कुनामा बनाइएको सानो वेदिकामा भगवान् नरसिंहको पूजाआजा गरियो । त्यसपछि नाच प्रारम्भ भयो । कार्यक्रम पूरा भइसकेपछि त्यस वेदिकाबाट एउटा अनौठो प्रकारको आवाज निस्कियो, त्यो हुङ्कारपूर्ण थियो । त्यो भयप्रद आवाज त्यस वेदिकामा प्रतिष्ठापित स्वयं भगवान् नृसिंहको थियो । त्यस स्वरमा नृसिंहको आक्रोश व्यक्त हुन्थ्यो । भगवान् नृसिंह क्रुद्ध भएको अनुभव गरी राजा प्रताप मल्लले त्यस घटनापछि नरसिंहलाई शान्त पार्न र प्रसन्न तुल्याउन कवीन्द्रपुरको निर्माण गराई त्यहाँ नरसिंह, नासल देवता (नृत्येश्वर/नटराज शिव) नन्दी र महाकाल आदि देवताको स्थापना गरेका थिए । नाट्येश्वर शिवलाई नेवारी भाषामा **'नासलदेवता'** भनिन्छ र यस देवतालाई निकै महत्त्व प्रदान गरिन्छ, काठमाडौँमा नासलदेवताका धेरै मन्दिर छन्, तर तीमध्ये सबैभन्दा भव्य र विशाल मन्दिरचाहिँ **कवीन्द्रपुर** नै हो । विशेषतः सङ्गीत र नृत्यविद्याको साधना गर्नलाई नासलदेवताको आराधना गरिन्छ । कवीन्द्रपुर नासलदेवता स्थापना गर्न बनाइएको एउटा पाटी हो । यसको निर्माण एकपाटे रूपमा सम्पन्न गरिएको छ । यसको पश्चिमाभिमुख अग्रभाग कलापूर्ण झ्याल र ढोकाहरूद्वारा सुसज्जित छ, तर त्यसको पृष्ठ भागमा वा पूर्वपट्टि भित्तामात्र छ जसलाई साधारण गारोद्वारा निर्माण गरिएको छ ।

परबाट हेर्दा एकनाले प्राचीन घरजस्तो देखिने आयताकार यो भवन तीन भागमा विभक्त छ । भवनको मध्यभाग दुई हातजति अगाडि निकाली दायाँ र बायाँतिर कुनो र चुच्चो निकालिएका छन्, त्यसले यस भवनको विशेष शोभा पैदा गरेको छ । यस भवनको भुइँतलामा तीन हातजति उँचाई भएको पेटी निर्माण गरिएको छ । पेटीमा थामहरू छन् र ती थाममा रांगाका सिङ् झुन्ड्याइएका छन् । नासलदेवतालाई पशुबलि चढाई थाममा ती सिङ्हरू पारम्परिक शैलीमा झुण्ड्याइएका हुन् भन्ने बुझिन्छ । प्राचीन कालमा फुकेर बजाउने बाजा वनाउन सिङ् प्रयोगमा ल्याइने हुनाले नासलदेवतालाई पशुबलि दिँदा सिङ् चढाउनु आवश्यक मानिएको देखिन्छ । भुइँतलामा मुख्य गाराको मध्य भागमा काष्ठनिर्मित सुन्दर ढोका छन्, द्वारका दायाँ-बायाँतिर लहरै राजा प्रताप मल्लले स्थापना गरेका देवदेवीका मूर्तिहरू र आलेखबद्ध शिलापट्ट राखिएका छन् । यसको तेस्रो तला खुला सभाकक्षका रूपमा निर्माण गरिएको छ । त्यसबेला त्यहाँ नाचगानको र अभिनयको कार्य सम्पन्न गरिने कुरा सहज रूपमा प्रतीत हुन्छ । त्यहाँ वरिपरि कलात्मक आकर्षक बुट्टाहरूले सुसज्जित काष्ठनिर्मित झ्यालहरू जडान गरिएका छन् । समग्रमा राजा प्रताप मल्लनिर्मित सो कवीन्द्रपुर-संज्ञक भवन निकै भव्य र आकर्षक रहेको देखिन्छ ।

२.४.५८ नृत्येश्वरदशकम्

सो भवनको भुइँतलामा गाराको छेउमा ठड्याइएको शिलापट्ट परैवाट देखिने अग्लो र भव्य रूपमा अवस्थित छ । त्यसमा जम्मा ५८ पङ्क्तिको अभिलेख (अभि.सं.५१) अङ्कित गरिएको देखिन्छ । त्यसको अधोभाग हाल तल गाडिएको हुँदा त्यसमा अङ्कित भएको सम्भावना रहेको तिथिमिति थाहा पाउन सकिएको छैन । बीचका केही पङ्क्तिहरू त्रुटित भएकाले राम्ररी पढ्न सकिँदैन । उक्त अभिलेख संस्कृत र नेवारी भाषाद्वारा संरचित छ । यसको संस्कृतभाषानिष्ठ पूर्वार्द्धको प्रारम्भमा **'श्री ३ भवानीशङ्कराभ्यां नमः'** भनी मङ्गलाचरण गरिएको छ । तदनन्तर संस्कृतको साहित्यिक भाषामा **'भुजङ्गप्रयात'** छन्दमा रचिएका ६ वटा पद्य उत्कीर्ण गरिएका छन् । जसमा प्रथमतः अर्द्धनारीश्वर भगवान् शिवलाई नमन गरिएको छ । द्वितीयतः जगन्नाथदेवलाई र अन्ततः नृसिंहदेवलाई नमन गरिएको छ ।

'प्रेमको गरिमाले एउटै देहमा अवस्थित शिवपार्वतीको एकात्मभाव सम्पन्न अर्द्धनारी महेश, संसारको भवबन्धन र जन्ममृत्युजराव्याधिको दुश्चक्रबाट मुक्त गराउने ब्रह्मा, इन्द्र र देववृन्दद्वारा स्तवन गरिएका जगन्नाथदेव र आफ्नो जटापुञ्जलाई झट्कारेर समग्र नक्षत्रपुञ्जलाई तितरबितर पारिदिने, जाज्वल्यमान अग्नितुल्य नेत्रले सम्पन्न, नखाग्रद्वारा दैत्याधिराज हिरण्यकशिपुको दलन गर्ने करालाकृति नृसिंहलाई' प्रथमतः तीनवटा पद्यद्वारा नमन गरिएको छ । त्यसपछिका अरु तीन पद्यमा नृसिंहको पुनः भजन गर्दै आफूले पहिले नृसिंहाकृति धारण गरेर नृत्य गरेको, भक्तिभावपूर्ण पूजा आराधना सम्पन्न गरेको तर पछि त्यहाँ रङ्गशालामा त्रासद हुङ्कारध्वनि उत्पन्न भएको सुनेर भगवान् नृसिंहलाई प्रसन्न तुल्याउन त्यहाँ प्रतिमा स्थापना गरेको कुरा उल्लेख गर्दै कृपापूर्वक सबैको रक्षा गर्नुहुन भगवान्मा बिन्ती पनि गरिएको छ ।

यस रचनापछि **'श्री ३ नृत्यनाथाय नमः'** भन्ने मङ्गलाचरण वाक्य राखी एउटा स्तुतिकाव्य उक्त शिलापट्टमा उत्कीर्ण गरिएको छ जसको शीर्षक **'नृत्येश्वरदशक'** हो भन्ने कुरा उक्त स्तवकाव्यको अन्त्यमा उत्कीर्ण पुपिष्कावाक्यबाट अगवत हुन्छ । सो स्तुतिरचना जम्मा १० वटा पद्यमा सम्पन्न गरिएको छ । ती पद्यहरूमध्ये प्रथम चार पद्यमा एक्काइस अक्षरे **स्रग्धरा छन्द**, त्यसपछिको एक (पाचौं) पद्यमा उन्नाइस अक्षरे **शार्दूलविक्रीडित**, छैठौं पद्यमा पुनः **स्रग्धरा**, सातौं, आठौं र नवौं पद्यमा **शार्दूलविक्रीडित** र अन्तिम दशौं पद्यमा पुनः **स्रग्धरा** छन्दकै प्रयोग गरिएको छ । यसरी ६ वटा स्रग्धरा र ४ वटा शार्दूलविक्रीडित छन्दका पद्यहरूको संयोजनबाट उक्त **नृत्येश्वरदशक** सम्पन्न भएको छ ।

यस स्तवकाव्यमा मूलतः नटराज शिवको वन्दना गरिएको अनुभूत हुन्छ । 'कुन्दपुष्पतुल्य शुभ्रकान्तिले सम्पन्न, कामदेवतुल्य, सुन्दरकाययुक्त, मणिमय आभूषणान्वित, चन्द्रखण्डलाई धारण गर्ने, शान्तमूर्ति, त्रिनेत्र, संसारका सारभूत, समस्त जगत्मा करोडौं लिङ्गका रूपमा प्रकट भएका,

आठवटा हातले विलसित, त्रिशूलधारी, वृषभासीन नृत्यनाथ शिवलाई' प्रथमतः उक्त रचनामा वन्दना गरिएको छ । 'जगत् कल्याणका निम्ति कालकूट विषको पान गर्ने, डमरुसहित विविध शस्त्र धारण गरेका, फणिगणको आभूषणले शोभायमान भएका, नवरसनिलय, ऐश्वर्यप्रद नटराज शिवलाई' वन्दना गर्दै अघिल्ला पद्यहरूमा 'बाइसभुजाले युक्त, पञ्चमुख शिवका स्वरूपमा अवतरित सिंह, प्रेत र बलवान् साँढेमा विराजमान नटराजलाई' पनि त्यहाँ नमन गरिएको छ । 'श्रृङ्गार वीर आदि नवरसको सम्पदाले सम्पन्न नटराजको वन्दना' गर्दै त्यस्ता नृत्यनाथले नृत्यकर्म सम्पादन गर्दा 'ब्रह्मादिदेवताहरू पनि सुरताल मिलाउँछन् । उर्वशी आदि अप्सराहरू तुम्वुरु आदि गन्धर्वहरू, कुमार कार्तिकेय र गणेशसमेत नटराजको नृत्यकार्यमा नर्तन, वादन, गायन र नेपथ्यविधान एवं सूत्रधारको भूमिमा रहेर नटराजको साथ दिन्छन्' भन्ने कुरा पनि त्यहाँ वर्णित छ, समस्त देवतालाई प्रेक्षकका रूपमा उपस्थापित गरिएको छ । 'कामभावले व्याकुल चित्त भएका, भक्तका समग्र कामनालाई पूर्ण गरिदिने, कलिकालुष्यलाई नाश गर्ने, परमकरुणापूर्ण, उन्मत्त, दिगम्बर देवी, भवानीसँग प्रेमभावमा संसक्त, नृत्येश्वर शिव'को त्यहाँ वन्दना गरिएको छ । 'भवबन्धनाशक, सूर्यचन्द्र र अग्निरूप नेत्रत्रयले युक्त, यज्ञोपवीतधारी, चन्द्रमुख, नाट्येश्वर शिवको' नमन गर्दै 'वामभागमा केशकलाप, मणिकुण्डल, चुरो र सिन्दूरले सम्पन्न मुखाकृति, पाउमा नुपूर आदि धारण गर्ने र कुचकोरकले सम्पन्न अनि दायाँ भागमा चाहिँ नाग, भस्म गजाजिन र जटामण्डलले युक्त परशुधारी स्वरूप धारण गर्ने अर्धनारीश्वर भगवान्‌को' पनि यहाँ स्तवन गरिएको छ । अन्तिम पद्यमा सकल शास्त्रमा पारङ्गत, शक्तिशाली रिपुलाई पनि सजिलै परास्त गर्ने, सङ्गीतादिसकलविद्यामा निपुण, प्रताप मल्ल राजाले यत्नपूर्वक पापघ्न, परमार्थद शत्रुनाशक उक्त नृत्येश्वरदशक स्तुतिकाव्यको प्रणयन गरेको' तथ्य अङ्कित गरिएको छ ।

यसपछि नेवारी भाषाको अभिलेखांश रहेको छ । जसमा उपर्युक्त विषयवस्तुको सारसंक्षेपका साथै त्यहाँ स्थापित पूर्वोक्त देवदेवीहरूको विवरण प्रस्तुत गरिएको छ । यसपछि पुनः संस्कृत भाषामा निबद्ध अभिलेखभाग रहेको छ । यो संस्कृत गीतिरचना हो । यसको प्रारम्भमा यो रचना कोराव राग (**केशव राग ?**) र **खर्जति तालमा** आबद्ध भएको सूचना दिइएको छ । यसपछि प्रस्तुत गरिएको रचना हनुमान्‌ढोकाभित्र सुवर्णद्वारको भित्री भागमा अवस्थित पूर्वोक्त नरसिंहका मूर्तिको पादपीठमा पनि अङ्कित भएको पाइन्छ, जसको चर्चा पहिले नै गरियो । अभिलेखको अन्तमा थोरै नेवारीभाषावद्ध आलेख छ । जसमा यो मन्दिर स्थापना गरिएको विवरण उल्लेख गरिएको छ । **'शुभमस्तु सर्वदा'** भन्ने वाक्यमा अभिलेख भाग सम्पन्न भएको छ ।

उपर्युक्त अभिलेख साहित्यिक दृष्टिकोणले निकै महत्त्वशील छ । त्यहाँ रहेका संस्कृतनिष्ठ भुजङ्गप्रयात, स्रग्धरा र शार्दूलविक्रीडित छन्द र मात्रिक लयमा आधृत जम्मा २२ पद्य काव्यात्मक रचनामा आबद्ध छन् । त्यहाँ भगवान् अर्धनारीश्वर, जगन्नाथदेव, नृसिंह र नृत्येश्वर शिवको वन्दनाका साथै प्रताप मल्लले आफूले नृसिंहको अभिनय गर्दा घटेको घटना, नृत्येश्वर शिवले

नृत्य गर्दा उत्पन्न हुने अवस्था; भगवान् नटेश्वरको रूप-वर्णन र नृसिंह भगवान्को वर्णन एवम् स्तुतिरचनामा साहित्यिक संस्कृत भाषाको आकर्षक रूप प्रस्तुत गरिएको छ । यी रचनाहरूमा शब्दालङ्कारका रूपमा अनुप्रासका विभिन्न रूपको विन्यास गरिएको छ । अर्थालङ्कारका रूपमा विशेषतः उपमा र रूपकको विशिष्ट सौन्दर्य यहाँ परिलक्षित हुन्छ । प्रायः यहाँ माधुर्य गुणद्वारा सम्पन्न रचनाको अभिव्यक्ति भएको छ । समग्र रचनामा भगवद्विषयिणी रतिको उद्रेक भएको छ । जसद्वारा भावध्वनिको उत्कर्ष उपलब्ध भएको छ । भगवान्का उग्र, सौम्य, श्रृंगारान्वित कृपापूर्ण, विस्मयोत्पादक विभिन्न रूप र क्रियाकलापको वर्णन गर्दै, वीर, श्रृंगार भयानक र अद्भुत रसका आलम्बन एवं उद्दीपन विभावहरूको प्रसङ्गानुसार यथास्थान वर्णन गरिएको छ । दुष्टहरूप्रति त्रासद, देवीप्रति रतिप्रद, भक्तहरूप्रति कृपाप्रद स्वरूप र मुद्रा धारण गर्ने भगवान्का अद्भुत लीलाहरूको वर्णन गर्दै त्यस्ता परमेश्वरप्रतिको आस्था भक्ति र श्रद्धा एवं प्राणको अन्तस्तलदेखि प्रस्तुत गरिएको नमन यहाँ प्रस्तुत गरिएकाले यो स्तुतिरचना भक्तिभावले ओतप्रोत भगवद्-गुणानुवादका रूपमा रहेको अनुभूत हुन्छ । भगवद्विषणी रतिको अभिव्यक्तिका कारण 'भाव' नामक उत्तम काव्यको प्रयोजक बनेर ती सकल साहित्यसम्पदाहरू यहाँ प्रस्तुत भएका छन् र कवीन्द्र राजा प्रताप मल्लको स्तुतिरचनाचातुर्यको राम्रो निदर्शन बन्न पुगेका छन् । यी रचनाहरू भक्ति साहित्यका उत्तम उपलब्धि/प्राप्ति हुन् ।

२.४.५९ तानाबहालमा उमामहेश्वरको मूर्ति स्थापना र अभिलेखाङ्कन

ने.सं. ७९४, तदनुसार वि.सं. १७३० माघ महिनाको शुक्लपक्ष श्रीपञ्चमीका दिन आइतबार राजा प्रताप मल्लले तानावहाल स्थानमा उमामहेश्वरको मूर्ति स्थापना गरी त्यसको पादपीठमा अभिलेखाङ्कन समेत गराएका थिए ।[354] काठमाडौंको मखनटोलस्थित 'तारिणी बाल विद्यालय'को समीपमा रहेको सो स्थानमा शिव-पार्वतीको सो कलात्मक प्रस्तरमूर्ति रहेको पाइन्छ । त्यस मूर्तिको पादपीठमा १८.५ इन्च लम्बाइ र ३ इन्च चौडाइमा रहेको नेवारी भाषका तीन पङ्क्तिमा अभिलेख अङ्कित गरिएको छ ।[355] तदनुसार शिवसहित श्रीस्वस्थानी परमेश्वरीको सो मूर्ति विविध विरुदावलीमण्डित राजराजेन्द्र-कवींद्र-जय-प्रताप मल्ल परमभट्टारक-देवले उपर्युक्त तिथिमा स्थापना गरिएको हो भन्ने स्पष्ट हुन आउँछ ।

२.४.६० तलेजु मन्दिर र देगुतलेजु मन्दिरमा तैलदीपको व्यवस्थाका लागि भूमिदान

ने.सं. ७९४ तदनुसार १७३१ जेष्ठ शुक्ल पूर्णिमाका दिन स्थापित एउटा अभिलेख[356] फेला परेको छ । तलेजु मन्दिरमा स्थापित संस्कृतभाषानिबद्ध उक्त अभिलेख ताम्रपत्रमा उत्कीर्ण छ ।

---

[354] हेर्नु, **अभिलेख सङ्ख्या ४५** ।
[355] हेमराज शाक्य र तुलसीराम वैद्य ; **मेडिएबल नेपाल**, (काठमाडौं: टी.आर.वैद्य, वि.सं.२०२७) पृ. १४२ ।
[356] हेर्नु, **अभिलेख सङ्ख्या ४६** ।

तदनुसार श्री तलेजुदेवी र देगुतलेजुलाई संक्षिप्त नित्य प्रदीप प्रज्ज्वालन गर्न र इन्द्रजात्राको अवसरमा पाँच रातसम्म दीपावली प्रज्ज्वलन गर्नलाई राजा प्रताप मल्लले आवश्यक बत्ती र तेलको व्यवस्थाका लागि १८ रोपनी जग्गाको व्यवस्था गरिदिएका थिए ।

२.४.६१ राजा प्रताप मल्लका उल्लेखनीय अन्य केही क्रियाकलापहरू

माथि उल्लेखित निश्चित तिथिमिति थाहा भएकाबाहेक अन्य धेरै कार्यहरू पनि राजा प्रताप मल्लले सम्पन्न गरेका थिए । ती विशिष्ट क्रियाकलापहरू सम्पन्न भएको समयावधि किटान गरेर भन्न सकिने कुनै स्पष्ट तिथिमिति अङ्कित भएका अभिलेखाश्रित आधारहरू उपलब्ध नभए तापनि इतिहासविद्हरूले निर्देश गरेका महत्वपूर्ण सूत्रहरूका आधारमा र अन्य ऐतिहासिक सामग्रीहरूका साक्ष्यको प्रकाशमा राजा प्रताप मल्लका अन्य महत्त्वपूर्ण कार्यहरू पनि प्रकाशित भएका छन् । अब यहाँ त्यस्ता कार्यहरूको संक्षिप्त विवरण र आवश्यक परिचर्चा पनि प्रस्तुत गरिन्छ ।

२.४.६१.१ पञ्चमुखी हनुमान्को मन्दिर निर्माण

वसन्तपुरस्थित हनुमान्ढोका राजदरवारको मुख्य केन्द्र नासलचोकको पूर्वोत्तर कुनामा रहेको पाँचछाने पञ्चमुखी हनुमान्को मन्दिर राजा प्रताप मल्लले[357] निर्माण गर्न लगाएका थिए । सो कुरा वंशावलीहरूबाट थाहा हुन आउँछ । आगमछेँको मन्दिरजस्तै यो मन्दिर पनि प्रताप मल्लनिर्मित मोहनचोकका तीन बुर्जामध्ये एक बुर्जाका रूपमा निर्मित देखिन्छ । नेपालका धेरै मन्दिरहरूमध्ये यस मन्दिरको विशिष्ट स्थान रहेको छ, किनभने अन्य मन्दिरसरह यो मन्दिरको संरचना चारपाटे नभएर वर्तुलाकारमा सम्पन्न गरिएको छ । यस्तै अर्को एकमात्र वर्तुलाकार मन्दिर श्रीपशुपतिनाथको दक्षिणद्वारनेर रहेको छ । कोटि-लिङ्गेश्वर महादेवको नामले सुप्रसिद्ध सो मन्दिर पनि राजा प्रताप मल्लले नै वि.सं. १७१२ मा निर्माण गराएका थिए, जसको चर्चा पहिले नै सम्पन्न गरियो ।

यो पाँचवटा छत्राकार छाना भएको मन्दिरको सबैभन्दा माथिल्लो छानो धातुनिर्मित छ भने अरु चारवटा छानाचाहिँ झिँगटीले बनेका छन् । पहिलो तहको छानाभन्दा दोस्रो र तेस्रो छानो क्रमशः सानो हुँदै गई यही क्रमले पाँचौ तहको छानो सबैभन्दा सानो आकारको बनेको देखिन्छ । यस मन्दिरभित्र पञ्चमुखी हनुमान्को मूर्ति स्थापना गरिएको छ । यसमा हुने दैनिक पूजा-आजा

---

[357] वज्राचार्य, **पूर्ववत् नं. १६७**, पृ. ९७ ।

गुप्त रीतले सम्पन्न गरिन्छ । पुजारीबाहेक अन्य व्यक्ति यस मन्दिरभित्र पस्ने व्यवस्था गरिएको छैन, त्यसैले पञ्चमुखी हनुमान्‌को मूर्तिका बारे केही बयान गर्न सकिने अवस्था छैन । त्यस्ता पञ्चमुखी हनुमान्‌को प्रतिमा निर्माण गर्ने शास्त्रीय विधानअनुसार गधा, गरुड, नरसिंह, बाँदर तथा वराह यी पाँच भिन्न प्राणीहरूका शिरोभागलाई मिलाएर त्यस्तो प्रतिमा निर्मित गरिन्छ, त्यस्ता हनुमान्‌ले हातमा सुमेरु पर्वत मुसल र अङ्कुश आदि वस्तु र आयुधहरू धारण गरेका हुन्छन् । यहाँ रहेको यस पञ्चमुखी हनुमान्‌को मूर्ति पनि सोही अनुरूप रहेको अनुमान गरिन्छ । तान्त्रिक सम्प्रदायसँग सम्बद्ध यस देवताको कर्माचार्य पुजारीद्वारा[358] पूजा-आजा सम्पन्न गरिन्छ ।

२.४.६१.२ कालभैरवको स्थापना

वसन्तपुर हनुमान्‌ढोका परिसरमा देगुतलेजु र प्रतापध्वजको उत्तर भागमा कालभैरवको विशाल र भव्य प्रस्तरमूर्ति स्थापित गरिएको पाइन्छ । उत्तरतिर फर्किएर उभिएको विशाल र भव्य प्रस्तरबाट निर्मित कालभैरवको त्यो मूर्ति भगवान् शिवको विनाशक लयकारी स्वरूपको अभिव्यक्ति दिने कालस्वरूप भैरव (भयङ्कर) रूप हो । भाषा-वंशावली अनुसार त्यो मूर्ति राजा प्रताप मल्लले त्यहाँ स्थापना गरेका थिए ।[359] तदनुसार राजाले हनुमान्‌ढोका राजदरबारको भण्डारखालमा निर्मित पोखरीमा पानी भर्न बूढानीलकण्ठदेखि ढल बनाउँदै ल्याउँदा रानीवन भन्ने स्थानको छेउमा जमिनमुनि कालभैरवको यो मूर्ति फेला पारेका थिए । यस मूर्तिको भव्यताले आकर्षित भएर राजा प्रताप मल्लले यस विशालकाय मूर्तिलाई त्यहाँबाट ठूलो मेहनत र युक्तिका साथ उठाएर ल्याउने व्यवस्था गरी यहाँ आफ्नो दरबारका सामुन्ने राख्न लगाएका थिए । यसप्रकार सो मूर्ति धेरै पहिले निर्मित भएको र जमिनमुनि मिल्काएर रहेको तथा कालान्तमा त्यहाँ फेला परेको तथ्य स्पष्ट हुन्छ । यस मूर्तिसँग सम्बद्ध कुनै अभिलेख वा तथ्यपूर्ण अन्य सामग्री उपलब्ध नभएकोले यसको निर्माण कसले र कहिले गरेको थियो त ? भन्ने प्रश्नको उत्तर फेला पर्न बाँकी नै छ । जे होस्, सो मूर्ति आफ्नो विकराल मुद्रा र विराट् स्वरूपका साथ हाल सो स्थानमा खडा छ र अनायासै त्यसले हाम्रो मन मस्तिष्कलाई एउटा प्रश्नद्वारा आन्दोलित तुल्याउँछ आजभन्दा साढे तीनसय वर्ष अघिको वैज्ञानिक साधनहीन अवस्थामा त्यत्रो मूर्ति त्यति टाढाबाट यहाँसम्म कसरी ल्याइयो होला ?

सो भैरवमूर्ति लगभग नौ हात अग्लो छ भने चौडाई ६ हातजतिको छ । त्यस मूर्तिका दायाँबायाँ दुइटा ठूलठूला प्रस्तरका सिंह बसेका छन् । उत्तानो परेर लम्पसार भएको बेतालका शरीरमाथि कुल्चिएर उक्त भैरवमूर्ति खडा छ । त्यहाँ कालभैरवले घुँडासम्म लत्रिएको मुण्डमाला

[358] **उही** ।
[359] वज्राचार्य, **पूर्ववत् नं. १६७**. पृ. ७५-७६ ।

र कान नाडी र पाउमा नागनिर्मित आभूषण समेत धारण गरेका छन् । उनका छ हातमा खड्ग, ढाल, कपाल (खप्पर) विन्दुमुद्रा, त्रिशूल र तीनवटा नरमुण्ड सुशोभित छन् । कालभैरवको मुकुट चारवटा खप्परले सिँगारिएको छ । डरलाग्दा ठूलाठूला आँखा र अग्निज्वालातुल्य आँखिभौंले त्यस मूर्तिको विकरालतामा थप वृद्धि गरेको छ । समग्र मूर्तिले भगवान् शिवको लयकारक कालस्वरूप भयप्रद रूपको अभिव्यक्ति गर्दछ र यो मूर्ति एउटै विशाल श्यामवर्णको प्रस्तरद्वारा निर्मित देखिन्छ । एउटै प्रस्तरबाट बनेको यति विशालकाय मूर्ति अन्यत्र दुर्भल देखिन्छ । यस मूर्तिको अर्को जोडा यस क्षेत्रमा पाइएको छैन ।

२.४.६१.३ इन्द्रपुरको निर्माण

वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारपरिसरमा रहेको जगन्नाथ मन्दिरको उत्तरपट्टि कालभैरवको मूर्तिदेखि पूर्वतिर सँगै इन्द्रपुरनामक मन्दिर रहेको छ । राइटको वंशावलीका अनुसार यस मन्दिरको निर्माण राजा प्रताप मल्लले गराएका थिए । तर यससम्वन्धी कुनै अभिलेख फेला परेको छैन । उक्त इन्द्रपुरको मन्दिरभित्र सानो शिवलिङ्ग स्थापित गरिएको देखिन्छ । तर यस मन्दिरको नाम कसरी इन्द्रपुर रहन गयो ? भन्ने रोचक प्रश्न यहाँ खडा हुन्छ । त्यसको उत्तर खोज्दा हामी एउटा जनश्रुति फेला पार्दछौं, तदनुसार सो शिवलिङ्ग इन्द्रेश्वर महादेवको स्वरूप हो र पनौतीमा रहेको प्रसिद्ध इन्द्रेश्वर महादेवको साधना गरी सो शिवलिङ्ग स्थापना गरिएको हो भन्ने तथ्य सामुन्ने आउँछ । देवराज इन्द्रले तपस्या गर्दा प्रसन्न भई प्रकट भएकाले त्यस महादेवको नाम 'इन्द्रेश्वर महादेव' रहन गएको थियो ।[360] यहाँ उल्लिखित इन्द्रपुर मन्दिर पनि तिनै इन्द्रेश्वर महादेवकै मन्दिर हो ।

इन्द्रजात्रामा यस मन्दिरको माथिल्लो तलामा इन्द्रको मूर्ति राखिन्छ, त्यसैले यसलाई इन्द्रपुर भनिएको हो भन्ने पनि कसैको भनाइ पाइन्छ । तर आजभोलि त्यस्तो चलन देखिँदैन ।[361] इन्द्रजात्रामा इन्द्र राखिने भएकाले नै माथिल्लो तलाको निर्माण चारै कुनामा थाम हाली बुर्जा जस्तो रूपमा सम्पन्न गरिएको छ, यो यस मन्दिरको खास विशेषता हो ।

२.४.६१.४ मोहनचोकमा अष्टमातृका स्थापना

वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारमा रहेको मोहन चोक मल्ल कालमा राजा र परिवारको मूल वासस्थानका रूपमा रहेको थियो, राजकीय औपचारिक कार्यक्रम र कूटनीतिक महत्त्वका क्रियाकलापको सम्पादन पनि यहीँ गरिन्थ्यो । राजा प्रताप मल्लले उक्त मोहनचोकको निर्मितिमा विशेष योगदान गरेका थिए, उक्त कुराको चर्चा पहिले नै भइसकेको छ । विभिन्न तिथिमितिमा मोहनचोकमा राजा प्रताप मल्लले सम्पन्न गरेका निर्माण कार्यको चर्चा भइसके

[360] **उही**, पृ. ७६-७७ ।
[361] **उही** ।

तापनि कुनै तिथिमिति निश्चित नभएको एउटा महत्त्वशील कार्यको चर्चा यहाँ प्रस्तुत गरिन्छ । उक्त मोहन चोकमा चार लङ् छन्, चारै दिशाका ती लङ्हरूमध्ये पश्चिमी लङ्को भुइँतलामा अष्टमातृकाका सुन्दरमूर्ति स्थापना गरिएका छन् । मोहनकाली भन्ने नामवाट ती मूर्ति परिचित छन् । देवी कालीले राजाले प्रताप मल्ललाई सपनामा दर्शन दिई आफ्नो मूर्ति स्थापना गर्ने आज्ञा दिएपछि राजा यी मूर्ति बनाउन लगाएको कुरा वंशावलीमा पाइन्छ ।[362] कलात्मक मूल्यका दृष्टिले ती अष्टमातृकाका प्रतिमाहरू निकै महत्त्वशील छन् । नानाविध आयुधहरू लिएर विराजमान, शास्त्रीय शैलीका ती मूर्तिहरू निकै भव्य, कलात्मक र आकर्षक देखिन्छन् । मल्लकालमा बनेका मूर्तिहरूमा यति सुन्दर रचना अन्यत्र पाइएका छैनन् । अष्टमातृकाका पछाडि भित्तामा रङ्गीन चित्रहरू अङ्कित छन् ती चित्रहरू कालिकापुराणसम्वद्ध रम्भासुर दैत्यको उपाख्यानसित सम्बन्धित छन् ।[363]

२.४.६१.५ सुवर्णद्वारमाथिको कलात्मक संरचना

वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको मुख्य द्वारलाई सुवर्णद्वार भनिन्छ । त्यस द्वारमाथि केही कलात्मक सुन्दर मूर्तिहरू कुँदिएका छन् । ती मूर्तिहरूद्वारा तीनवटा आकर्षक दृश्यहरू प्रस्तुत गरिएका छन् । काष्ठकलाको भव्य नमुना बनेका ती कलात्मक संरचनाहरू राजा प्रताप मल्लद्वारा निर्माण गराइएका मानिन्छन् ।[364] ती दृश्यहरू यस प्रकार छन् :

दायाँपट्टि रहेको पहिलो दृश्यमा कृष्ण र गोपिनीहरू नाचिरहेको परिदृश्य देखिन्छ । दायाँबायाँ सत्यभामा र रुक्मिणीका प्रतिमूर्तिहरू छन् भने मध्यमा श्रीकृष्णको नृत्यमुद्राश्रित आकर्षक प्रतिमा निर्मित छन् । दोस्रो दृश्यमा सयौं शिर, सयौं हात भएको विश्वरूपको भव्यमूर्ति देखा पर्दछ । भगवान् श्रीकृष्णले आफ्ना प्रिय सखा र परमभक्त अर्जुनलाई आफ्नो विश्वरूप प्रदर्शन गरेको प्रसङ्ग **श्रीमद्भगवत्गीता**को एघारौं अध्यायमा वर्णित छ । तदनुरूपको भगवत्-स्वरूप यस प्रतिमामा अङ्कित/उत्कीर्ण गरिएको छ । तर यस मूर्तिमा तान्त्रिक सम्प्रदायको प्रभाव पनि पाइन्छ, उक्त विश्वरूपको पेटमा पनि मुख भएको त्यहाँ देखाइएको छ त्यस मुखबाट त्यहाँ सिँगै मान्छे बाहिर निस्किरहेको दृश्य विस्मयकारी छ । तेस्रो दृश्यले स्वयं राजा प्रताप मल्लको जीवन शैलीलाई उजागर गरेको छ । त्यहाँ हातमा वाद्ययन्त्र वीणा लिएर राजा प्रताप मल्ल र उनका समीपमा वीणाको सुमधुर ध्वनिमा आसक्त भएर बसेकी रानीको परिदृश्य उत्कीर्ण छ । वीणावादकको आकृति राजा प्रताप मल्लसँग मिल्दोजुल्दो छ, त्यहाँ उनले राजसी पगरी धारण गरेका छन् । राजाको मुख मण्डलमा राजसुलभ गरिमा र रानीको अनुकृतिमा भद्रमहिलाजन्य

---

[362] लम्साल, **पूर्ववत् नं. १०३.** पृ. ८२-८३ ।
[363] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. १०१-१०२ ।
[364] वज्राचार्य, **पूर्ववत् नं. १६७.** पृ. ८९-९० ।

महिमा र सौकुमार्य परिलक्षित हुन्छ । समानुपातिक, शारीरिक सौष्ठवसम्पन्न ती प्रतिमाहरूले मल्लकालिक काष्ठकलाको उत्कृष्ट शैलीलाई प्रतिनिधित्व गर्दछन् ।

२.४.६१.६ प्रतापपुरनिर्माण

काठमाडौंको पश्चिम भागमा अवस्थित प्रसिद्ध स्वयम्भूनाथ चैत्यको समीपमा वि.सं. १७१२ मा राजा प्रताप मल्लले प्रतापपुरको निर्माण गराएका थिए । पूर्ववाट भ्याङ्ग उक्ली स्वयंभू चढ्नासाथ दायाँतिर रहेको उक्त मन्दिरमा विभिन्न देवदेवीका मूर्ति स्थापित गरिएका थिए । त्यसैको अर्कोपट्टि राजा प्रताप मल्लले स्थापित गरेको अनन्तपुरकै आकारप्रकारमा सो मन्दिर स्थापित थियो । सो मन्दिर स्थापनाकालदेखि हालसम्म ३७ र ९६ वर्षअघि दुई पटकमात्र खोलिएको थियो । वि.सं. १९९० सालको भूकम्पमा क्षति भएपछि एक महिना १५ दिन लगाएर त्यसको पुनर्निमाण गरिएको थियो । सो मन्दिर दुर्दैवशात् २०६० साल साउन १९ गते राति अकस्मात् कतैबाट आगो लागी जलेको थियो । त्यसको पुनर्निर्माण गर्ने सोच राख्दाराख्दै सो मन्दिर २०६० साल असोज ६ गते मङ्गलवारका दिन बिहान ४ वजे भयङ्कर आवाजका साथ ढलेको तथ्य स्थानीय बासिन्दाहरूले बताएको कुरा हालै प्रकाशित समाचारमा[365] उल्लेख गरिएको छ । हाल सो मन्दिरको पुनर्निर्माण गरिएको पाइन्छ ।

२.४.६१.७ श्री चाँगुनारायणको मन्दिरमा विभिन्न वस्तुहरूको अर्पण र अभिलेखाङ्कन्

काठमाडौं उपत्यकाको पूर्वी भागमा भक्तपुरको उत्तरपूर्व दिशामा एउटा पर्वतको थुम्कोमा प्रसिद्ध चाँगुनारायणको मन्दिर रहेको छ । काठमाडौं उपत्यकामा रहेको निकै पुरानो र ऐतिहासिक महत्त्वको मानिने उक्त मन्दिरमा संवत् ३८६ मा उत्कीर्ण अत्यन्त पुरानो राजा मानदेवको अभिलेख उपलब्ध हुनाले पनि त्यस मन्दिरको विशेष महत्व रहेको छ । सो चाँगुनारायण भगवान्लाई संस्कृतभाषमा 'गरुडनारायण' भन्ने गरिएको छ ।

उक्त मन्दिरको भण्डारभित्र खोजतलास गर्दा धेरै ऐतिहाासिक महत्वका वस्तुहरू प्राप्त भएका छन् । उक्त अन्वेषण कार्य गरी २०४० सालमा अनुसन्धाता श्रीमोहनप्रसाद खनालद्वारा रचित **'चाँगुनारायणका ऐतिहासिक सामग्री'** नामक एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुरद्वारा प्रकाशित ग्रन्थ अनुसार चाँगुनारायणको भण्डारभित्र उपलब्ध सामग्रीहरूमा राजा प्रताप मल्लले चढाएका केही सामग्रीहरू पनि रहेका छन् ।

तदनुसार त्यहाँ राजा प्रताप मल्लका अनेक कलाकृतिहरू पाइएका छन् । तीमध्ये पहिलो कलाकृति दुई रानीसहितको राजा प्रताप मल्लको प्रतिमा हो । सो प्रतिमा ने.सं. ७७३, तदनुसार

---

[365] **कान्तिपुर** दैनिक, २०६० असोज ७ गते बुधवारको अङ्कमा पहिलो पृष्ठमा छापिएको समाचारबाट ।

वि.सं. १७१० वैशाख कृष्ण सप्तमी तिथि सोमवारका दिन चढाइएको थियो। उक्त प्रतिमाको पृष्ठ भागमा उत्कीर्ण संस्कृत र नेवारी भाषाको अभिलेख[366] अनुसार विहारनगरकी अधिराजकुमारी श्री रूपमती देवी र भगवतीपुरकी राजकुमारी श्रीलालमती, यी दुई पत्नीसहितको आफ्नो मूर्ति श्री गरुडनारायणको अगाडि आराधना गरी राजाले त्यहाँ स्थापित गरेका थिए। त्यसका साथै गरुडनारायण भगवान्लाई नित्य एक रति सुनको हिरण्यगर्भ दक्षिणा चढाउने व्यवस्था पनि राजाले गरेका थिए। राजा प्रताप मल्लले रानी रूपमती र लालमतीलाई दायाँ बायाँ राखी आफू बीचमा बसेको सुन्दर मूर्ति बनाउन लगाएका थिए। नारायणलाई आराधना गरेर बसेको मुद्रामा यी मूर्तिहरू बनाइएका छन्। त्यसबेला ३१ वर्षको अवस्थामा रहेका राजाको युवावस्थाअनुरूपको सुन्दर स्वरूप यस मूर्तिमा[367] उतारिएको छ।

२.४.६१.८ जय विजयको स्थापना

ने.सं. ७७९, तदनुसार वि.सं. १७१५ फागुन शुक्ल द्वादशी तिथि बुधवारका दिन राजा प्रताप मल्लले चाँगुनारायण मन्दिरमा 'जय-विजय' को स्थापना गरेका थिए।[368] चाँगुनारायणको भित्री ढोकामा द्वारपालका रूपमा स्थापित यी मूर्तिहरू हाल सो मन्दिरको भण्डारभित्र राखिएका छन्। पौराणिक आख्यान अनुसार जय र विजय भगवान् विष्णुका द्वारपाल थिए। ती मूर्तिहरूको पादपीठमा अङ्कित नेवारी भाषाको अभिलेख[369] अनुसार श्रीगरुडनारायणको प्रीतिका निम्ति यी मूर्तिहरू उपर्युक्त मितिमा त्यहाँ स्थापना गरिएका थिए।

२.४.६१.९ नारायणको स्वर्ण-पद्मासन अर्पण

ने.सं. ७८३, तदनुसार वि.सं. १७२० आषाढ शुक्ल पूर्णिमा तिथिमा राजा प्रताप मल्लले चाँगुनारायण मन्दिरमा नारायण भगवान्लाई स्वर्णपद्मासन चढाएका थिए।[370] राजा प्रताप मल्लको अन्तिम चिनोका रूपमा सो स्वर्णनिर्मित पद्मासनका केही टुक्रा हाल सो मन्दिरको भण्डारमा रहेका छन्। त्यसमा कुँदिएको संस्कृत र नेवारी भाषाको एउटा छोटो अभिलेख[371] अनुसार भक्ति भावले युक्त भएर राजा प्रताप मल्लले उत्तम सुनद्वारा निर्मित सो पद्मासन त्यहाँ चढाइएको हो। स्रग्धरा छन्दमा निबद्ध संस्कृत र नेवारी भाषाको सो अभिलेख पूरै पढ्न नसकिने अवस्थामा उपलब्ध छ।

---

[366] हेर्नु, **अभिलेख सङ्ख्या ४७**।

[367] 'मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामाग्री**. (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.,वि.सं. २०४०) पृ. ४१।

[368] खनाल, **पूर्ववत् नं. ३६७**. पृ. ४१।

[369] हेर्नु, **अभिलेख सङ्ख्या ४८ र ४९**।

[370] खनाल, **पूर्ववत् नं. ३६७**. पृ. ४१।

[371] हेर्नु, **अभिलेख सङ्ख्या ५०**।

२.५ उपसंहार एवं निष्कर्ष

प्रस्तुत शोधप्रबन्धको दोस्रो अध्याय शोधनायक राजा प्रताप मल्लको समग्र जीवनसँग सम्बन्धित छ । प्रथमतः यहाँ राजा प्रताप मल्लको वंश, पूर्वजहरूको परम्परा र प्रताप मल्लको जन्म र उनको जीवनी एवं व्यक्तित्व एवं प्रमुख क्रियाकलापहरूको पर्यवेक्षण गरिएको छ । विशेषतः उनका प्रमुख क्रियाकलापहरूको अभिवीक्षण खण्डमा राजा प्रताप मल्लले सम्पन्न गरेका विकास निर्माण/संरचना र लोककल्याणकारी कार्यका साथै उनले स्थापित गरेका विभिन्न अभिलेख साहित्यका बारेमा पर्याप्त ऐतिहासिक सामग्री प्रस्तुत गरिएको छ । वास्तवमा विविध ऐतिहासिक स्रोत सामग्री र अभिलेख सम्पदाका आधारमा राजा प्रताप मल्लको यथासम्भव सिङ्गो स्वरूप र चरित्रलाई शब्दद्वारा प्रतिबिम्बित गर्नु नै दोस्रो अध्यायको लक्ष्य र प्राप्ति पनि हो ।

सर्वप्रथमतः 'मल्ल' शब्दको व्युत्पत्तिको साथै प्रवृत्तिगत अर्थ र अभिप्रायको खोज गरिएको छ । पौराणिक कालदेखि नै मल्ल जाति अस्तित्वमा आएकाले यस जातिको प्राचीनता पुष्ट गर्दै नेपालका मल्ल जाति राजा अरिदेव (ने.सं. ३२२) देखि अस्तित्वमा आएको तथ्य देखा पर्दछ । नेपाल उपत्यकामा वि.सं. १३०० देखि मल्ल शासकको उपस्थिति देखिएको चर्चा पनि यहाँ गरिएको छ । कालान्तरमा राजा हरिसिंहदेवको उपत्यका-आगमनपछि मल्ल राजाहरूको परम्परा प्रारम्भ भएको देखिएको छ । पछि स्थिति मल्लबाट राजा प्रताप मल्लसम्मको वंशपरम्परा रहेको तथ्य पनि यहाँ देखिन आएको छ । स्थिति मल्लपछि क्रमशः ज्योतिर्मल्ल, यक्ष मल्ल, रत्न मल्ल, सूर्य मल्ल, अमर मल्ल, महेन्द्र मल्ल, शिवसिंह मल्ल, हरिहरसिंह मल्ल र उनका छोरा लक्ष्मीनरसिंह मल्लसम्मका प्रताप मल्लका पूर्वजहरूको सामान्य परिचय र ऐतिहासिक एवम् उल्लखनीय क्रियाकलापहरूको संक्षिप्त चर्चा यहाँ गरियो ।

वि.सं. १६८० ज्येष्ठ शुक्ल अष्टमी उप्रान्त नवमी तिथिमा शोधनायक प्रताप मल्लको जन्म भएपछि उनले सम्पन्न गरेका प्रमुख क्रियाकलापहरूको चर्चा परिचर्चा यहाँ प्रस्तुत गरिएको छ । सानै उमेरदेखि राजनीतिक सक्रियता देखाउँदै १८ वर्षको कलिलै उमेरमा राज्यारोहण (वि.सं. १६९८) गरेपछि उनले अत्यन्त कर्मठ राजाका रूपमा राज्य सञ्चालनका साथै धार्मिक, सांस्कृतिक, राजनैतिक, सामाजिक र विकास निर्माण कार्यमा देखाएको तीव्र सक्रियतालाई उनका क्रियाकलापहरूले प्रतिबिम्बित गरेका छन् । उनका प्रमुख क्रियाकलापहरूमा एकातिर उनको कर्मठ व्यक्तित्वको झलक पाइन्छ भने अर्कातिर साहित्यिक अभिलेखहरूका माध्यमबाट सिर्जनशील व्यक्तित्व पनि प्रतिबिम्बित हुन पुगेको छ ।

राजा प्रताप मल्लको जीवनी पनि यहाँ प्रस्तुत गरियो । उनको वयोऽवस्था अनुसार कुन कुन उमेरमा उनले के कस्तो कार्य सम्पन्न गरे ? भन्ने सिलसिलेवार विवरण प्रस्तुत गरी राजा प्रताप मल्लको अविकल जीवनीको सग्लो रूप यहाँ दिने प्रयत्न गरिएको छ । उनका क्रियाकलाप

र कृतिका आधारमा उनको बहुआयामिक व्यक्तित्वको आकलन पनि भएको छ। तदनुसार उनको राजनीतिक, कवि, विद्वान्, सङ्गीतज्ञ, कलाकार र आकर्षक शारीरिक व्यक्तित्वको परिशीलनसमेत यहाँ प्रस्तुत गरिएको छ।

उनका प्रमुख क्रियाकलापहरूमा प्रथमतः त्रिशूलचोकमा सिंहध्वजको निर्माण र अभिलेखमा २७ पद्यात्मक वंशावली वर्णन (वि.सं. १६१९ जेठ), पशुपतिको विशेष पूजा व्यवस्था र भूमिदान, (वि.सं. १७०० माघ), तलेजुमा प्रतिमास्थापन (वि.सं. १७०१ पौष), मोहनचोक निर्माण र कृष्णमन्दिर निर्माण एवं अभिलेखाङ्कन, ११ पद्यमा काव्यात्मक वृत्तान्त (वि.सं. १७०५ फागुन), वासुकि मन्दिरको निर्माण एवम् नारायण स्तोत्रको प्रणयन (वि.सं. १७०६ माघ), स्वयम्भूमा शिलापत्र स्थापन र त्यसमा १९ पद्य भएको स्वयम्भूभट्टारकस्तोत्रको प्रस्तुति (वि.सं. १७०७ श्रावण), लक्षप्रतापेश्वर मन्दिर निर्माण र घण्टा अर्पण (वि.सं. १७०७ फागुन), मोहनचोकमा सुनधारानिर्माण र कालियदमनको मूर्ति स्थापन (वि.सं.१७०८ माघ), मोहनचोकको निर्माण सम्पादन र १८ पद्यात्मक महापराधस्तोत्रको प्रणयन एवम् अङ्कन (वि.सं.१७०९), तलेजुमा घण्टार्पण र २ पद्यमा घण्टा वर्णन (वि.सं.१७१० मार्ग), जगन्नाथमन्दिर निर्माण र पेटीमा वियोगनिस्सारण-प्रार्थना काव्याङ्कन (वि.सं.१७१० माघ), जलद्रोणीनिर्माण र १५ लिपियुक्त रचना अङ्कन (वि.सं.१७१० माघ), गुह्येश्वरी पीठमा सिंहध्वज निर्माण (वि.सं.१७१० माघ), गुह्येश्वरीपीठ-निर्माण र महापराधस्तोत्र एवं कालिकाभुजङ्गदशकको प्रणयन र उट्टङ्कन (वि.सं.१७११ वैशाख), हनुमद्ध्वज र मीनध्वजको निर्माण (वि.सं.१७११ मंसीर), पशुपतिमा स्वर्णकलश र स्वर्णप्रतिमा स्थापनपूर्वक १००८ शिवलिङ्ग स्थापन एवम् महोशाष्टकम्को प्रणयन (वि.सं.१७११चैत्र), वज्रयोगिनीमन्दिर-निर्माण एवम् वज्रयोगिन्याः कामदस्तोत्रम् तथा 'जाड्यमुद्गरस्तोत्रम्'को रचना, भीमसेन-द्रौपदीको स्थापना र १४ पद्यात्मक शिवरूप भीमसेनस्तोत्रको प्रणयन (वि.सं.१७१२ आषाढ), प्रतापपुर र अनन्तपुरको निर्माण (वि.सं.१७१२ आषाढ), मोहनचोकमा भूगोलनिर्माण (वि.सं.१७१३ मंसीर), पशुपतिमा तुलदान, शताश्वदान र स्तम्भद्वय स्थापनका साथ ३१ पद्यात्मक 'निजवंशावली' काव्यप्रणयन (वि.सं.१७१३ माघ), विश्वरूपमूर्ति निर्माण र काव्यरचना (वि.सं.१७१४), कवीन्द्रपुर निर्माण र नृत्येश्वरदशकम् एवं एवं नृसिंहस्तुतिको प्रणयन (वि.सं.१७१४ जेठ) आदि पर्दछन्।

त्यसैगरी शान्तिपुरप्रवेश र वृष्टिचिन्तामणिस्तोत्रको रचना (वि.सं.१७१५ आषाढ), चाँगुमा जय-विजयको प्रतिमार्पण (वि.सं.१७१५ फागुन), गुह्येश्वरीमा स्वर्णकमल अर्पण (वि.सं.१७१७ असार), भण्डारखालमा पोखरी र नारायणमूर्तिको स्थापना, भक्तपुरमाथि आक्रमण र गरुडनारायणलाई गुठीको व्यवस्था र शिलालेख स्थापना (वि.सं.१७१७), नुवाकोट यात्रा र भैरवलाई मुकुटार्पण (वि.सं.१७१९ चैत्र), विष्णुमतीमा पुल निर्माण (वि.सं.१७२० जेठ), त्रिशूलचोकमा लक्षदीप, तुलादान, प्रतिमा-निर्माण र स्तम्भस्थापन एवम् सर्वमङ्गलाष्टकम् अङ्कन

(वि.सं.१७२० पौष), विष्णु देवलमा चक्र अर्पण, (वि.सं.१७२३ माघ), स्वयम्भूमा वज्रार्पण र एक पद्यको अभिलेखाङ्कन (वि.सं.१७२५ असार), देगुतलेजु निर्माण र प्रतापध्वज स्थापना एवं 'चण्डिकाष्टम्' काव्यप्रणयन र अङ्कन (वि.सं.१७२७ भाद्र), रानीपोखरी-निर्माण, गजारोहण मुद्रामा प्रतिमास्थापन (वि.सं.१७२७ आश्विन), नारायणमूर्ति स्थापना र पुष्करिणीवर्णनपरक काव्यप्रणयन (वि.सं.१७२७ माघ), चाँगुनारायण यात्राका लागि सिंहासन अर्पण (वि.सं.१७२८ श्रावण), तलेजुमा सुवर्णपत्रमा काव्याङ्कन (वि.सं.१७२८ पौष), तलेजुको छतमा स्तोत्राङ्कन (वि.सं.१७२८), पुनः भक्तपुरमाथि आक्रमण (वि.सं.१७२८), हनुमान्को मूर्ति स्थापना वि.सं.१७२९ वैशाख), नासलचोकमा नृसिंह स्थापना र गीति रचनाको अङ्कन (वि.सं.१७३० असार), तानाबहालमा उमामहेश्वरको स्थापना (वि.सं.१७३० माघ) र तलेजुमा दीपव्यवस्थाका लागि भूमिदान (वि.सं.१७३१ जेठ) समेत राजा प्रताप मल्लका प्रमुख क्रियाकलापका रूपमा देखा परेका छन् । यसै गरी समय निर्देश नगरिएका पञ्चमुखी हनुमान्को स्थापना, कालभैरवको स्थापना, इन्द्रपुरको निर्माण, अष्टमातृकाको स्थापना र स्वर्णद्वारको कलात्मक संरचनासमेत राजा प्रताप मल्लका उत्तम कृत्यहरूका रूपमा परिचित छन् । यी सबै रचना निर्माण आदिका महनीय क्रियाकलापको आवश्यक चर्चा र परिचय एवम् परिशीलन यसै अध्यायमा सम्पन्न गरिएको छ ।

एतावता राजा प्रताप मल्लको सिङ्गो स्वरूप, चरित्र, जीवनी , व्यक्तित्व एवम् कार्यको आकलन गर्दै शोधनायकको शब्दात्मक जीवन-यात्रा यस अध्यायमा प्रस्तुत गरिएको छ । यी सबै प्रस्तुतिहरूलाई तलका बुँदाहरूमा समेट्न सकिन्छ :

निष्कर्ष :

१. मल्ल जाति पौराणिक कालदेखि नै अस्तित्वमा आएको र प्रताप मल्लको वंशपरम्परा स्थिति मल्ल (वि.सं. १४५२ मा देहान्त) बाट प्रारम्भ भएको,

२. स्थिति मल्लदेखि लक्ष्मीनरसिंह मल्लसम्म ९ जना मल्ल राजाहरूपछि शोधनायक राजा प्रताप मल्ल (वि.सं.१६८०-१७३१) को उदय भएको,

३. धार्मिक, सांस्कृतिक, राजनीतिक र विकास निर्माणका कार्यहरूमा सक्रिय रही उनले जम्मा ३३ वर्ष राज्य सञ्चालन गरेका,

४. २१ वटा काव्यकृति र अन्य साहित्यिक रचनाहरूले समन्वित ५१ वटा अभिलेखहरूबाट उनको काव्य-प्रतिभा एवं प्रतापी व्यक्तित्व प्रकट भएको,

५. विशेषतः साहित्य-सङ्गीत-कला-साधक व्यक्तिका रूपमा राजा प्रताप मल्लको सिङ्गो व्यक्तित्व जाग्रत एवम् समुन्नत उत्तम मानवका रूपमा प्रतिष्ठित रहेको,

६. सफल राजनीतिज्ञ, उत्तम कवि, समुन्नत बहुश्रुत विद्वान्, कुशल सङ्गीतकार, ललित कलाकार एवम् चित्ताकर्षक स्वरूपका आधारमा उनको बहुआयामिक व्यक्तित्व उजागर भएको,

७. उनको ५१ वर्षे समग्र जीवन रचनात्मक कार्यहरूमा समर्पित भई अत्यन्त सक्रियतासाथ व्यतीत भएको,

यिनै बुँदाहरूका आधारमा राजा प्रताप मल्लको सिङ्गो स्वरूप हाम्रो मानसपटलमा प्रतिबिम्बित हुन्छ । दोस्रो अध्यायमा प्रस्तुत अध्ययन प्रतिवेदनको निष्कर्ष यही हो ।

२.६ सारवाक्य

प्रताप मल्ल साहित्य-सङ्गीत-कलासाधक , सक्रिय एवम् सिर्जनशील उत्तम मानवका रूपमा मल्लकालका प्रतापी एवम् सर्वाधिक लोकप्रिय राजा हुन् ।

*

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

अध्याय : तीन

अध्याय : तीन

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

३.१ राजा प्रताप मल्लका अभिलेखहरू

प्रस्तुत शोधप्रबन्ध राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययनमा केन्द्रित भएकोले सम्प्रति प्रसङ्गानुरोधले राजा प्रताप मल्लका अभिलेखहरूको सिलसिलाबद्ध रूपमा चर्चा परिचर्चा र अध्ययन एवम् विश्लेषण तथा विवेचन गर्ने क्रम प्रारम्भ गरिँदैछ । यस क्रममा अभिलेखहरूमा प्रयुक्त भाषा, विषयवस्तु, आकारप्रकार/आयामका साथै तिनको साहित्यिक मूल्य र महत्ताको पर्यवेक्षण गरिनेछ ।

३.१.१ अध्ययनको आधार : ५१ अभिलेखहरू

यस शोधकार्यमा सम्पन्न गर्न लागिएको अभिलेखाध्ययन कार्यका लागि आधारभूत सामग्रीका रूपमा मूलतः राजा प्रताप मल्लले उत्कीर्ण गराएका ५१ वटा अभिलेखहरू रहेका छन् । यी ५१ अभिलेखहरूलाई प्रायः कालक्रमिक सिलसिलाअनुरूप यसै शोधप्रबन्धको परिशिष्ट भागमा सूचीकृत गरिएको छ ।[1] यी अभिलेखहरू विभिन्न पत्रपत्रिका, पुस्तक, शोध/अनुसन्धान ग्रन्थ आदि प्रकाशित पाठ्य सामग्रीहरूबाट उद्धृत एवं सङ्कलित गरी अध्ययन कार्य पूरा गरिएको छ । शोधकर्ताद्वारा आफ्नो शोधकार्यको सिलसिलामा हरसम्भव प्रयत्नबाट, जे जति सामग्री उपलब्ध गर्न सकियो त्यसैबाट यी ५१ वटा अभिलेखहरू प्राप्त भएका हुन् । राजा प्रताप मल्लका समग्र अभिलेखहरू सङ्ग्रहित रूपमा कतै उपलब्ध वा प्रकाशित नभएकाले श्रमपूर्वक विविध प्रकाशित सामग्रीहरूबाट यी अभिलेखहरू सङ्कलित गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । राजा प्रताप मल्ल सर्वाधिक चर्चित, सक्रिय एवं ख्यातनामा मल्ल राजा भएकाले उनका यशस्वी कार्यहरू कान्तिपुरमा यत्र-तत्र संस्थापित छन् र तिनका अभिलेखहरू पनि तत्तत् स्थानमा अनुस्यूत छन् । यद्यपि ती सबै अभिलेखहरू यहाँ परेकै छन् भनेर किटान गर्न सकिने कुनै आधार शोधकर्तासँग छैन तापनि उनका प्रमुख एवं अधिकांश (सबै प्रकाशित) अभिलेख रचनाहरू यहाँ सकलित छन् भन्ने विश्वास गरिन्छ । यसै विश्वासका साथ यिनै ५१ वटा अभिलेखहरूलाई मुख्य आधार बनाएर यो अध्ययन कार्य अघि बढ्दछ ।

---

[1] हेर्नु, **परिशिष्ट** ।

३.१.२ साहित्यिक महत्त्वका अभिलेखहरू

राजा प्रताप मल्लका अभिलेखहरू सबै साहित्यिक दृष्टिले महत्त्वपूर्ण छैनन् तैपनि अधिकांश अभिलेखहरूमा उच्च साहित्यिक मूल्यका काव्य-रचनाहरू उपलब्ध छन् भने अन्य केही रचनाहरूमा साहित्यिक गरिमाको संस्पर्श पाइन्छ । बाँकी अभिलेखहरूचाहिँ सूचनामूलक छन् । यिनै विवधधर्मी अभिलेखहरूको आलोकमा एकातिर राजा प्रताप मल्लको जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलापहरूको आकलन गरिएको छ भने अर्कातिर साहित्यिक मूल्य र गरिमाले मण्डित अभिलेखहरूका आधारभूमिमा उनका रचनाहरूको साहित्यिक अध्ययन र मूल्याङ्कन प्रस्तुत गरिएको छ । सबै अभिलेखहरूमध्ये साहित्यिक महत्त्वका अभिलेखहरू निम्नानुसार रहेका छन् :

क्रम	अभिलेख-परिचय	अभि०सङ्ख्या	समय
१.	त्रिशूल डबलीको अभिलेख	(१)	वि.सं. १६८९
२.	कृष्णमन्दिरको अभिलेख	(५)	वि.सं. १७०५
३.	पशुपति वासुकिस्थानको अभिलेख	(६)	वि.सं. १७०६
४.	स्वयम्भू चैत्य नजीकको अभिताभ बुद्धको अभिलेख	(७)	वि.सं. १७०७
५.	मोहनचोक दलानको अभिलेख	(१०)	वि.सं. १७०९
६.	तलेजुमा घण्टाको अभिलेख	(११)	वि.सं. १७१०
७.	जलद्रोणीको अभिलेख	(१२)	वि.सं. १७१०
८.	जगन्नाथ मन्दिरको पेटीको अभिलेख	(१३)	वि.सं. १७१०
९.	गुह्येश्वरी मन्दिरको अभिलेख	(१६)	वि.सं. १७११
१०.	पशुपतिको अभिलेख	(१९)	वि.सं. १७११
११.	वज्रयोगिनीको अभिलेख	(२०)	वि.सं. १७१२
१२.	भीमसेनस्थानको अभिलेख	(२१)	वि.सं. १७१२
१३.	अनन्तपुरको अभिलेख	(२२)	वि.सं. १७१२
१४.	मोहनचोकमा भूगोलको अभिलेख	(२७)	वि.सं. १७१३
१६.	कवीन्द्रपुरको अभिलेख	(४४)	वि.सं. १७१४

१७.	विश्वरूपका पादपीठको अभिलेख	(२४)	वि.सं. १७१४
१८.	शान्तिपुरको अभिलेख	(२८)	वि.सं. १७१५
१९.	त्रिशूलचोकको अभिलेख	(३१)	वि.सं. १७२०
२०.	स्वयम्भू वज्रको अभिलेख	(३२)	वि.सं. १७२५
२१.	प्रताप स्तम्भको अभिलेख	(३३)	वि.सं. १७२७
२२.	रानीपोखरी नारायणको अभिलेख	(३५)	वि.सं. १७२७
२३.	तलेजु खापाको अभिलेख	(३८)	वि.सं. १७२७
२४.	तलेजु सुवर्णद्वारको अभिलेख	(३९/४०)	वि.सं. १७२८
२५.	तलेजु मन्दिरको छतको अभिलेख	(४१)	वि.सं.१७२८ (अनुमानित)
२६.	नृसिंहको पादपीठको अभिलेख	(४३)	वि.सं. १७३०

३.१.३ काव्यात्मक रचनाहरू

उपर्युक्त २६ वटा साहित्यिक महत्त्वका अभिलेखहरूमध्ये अधिकांश अभिलेखहरूमा काव्यात्मक रचनाहरू पाइन्छन् । केही अभिलेखहरूमा साहित्यिक महत्त्वको विवरणात्मक आलेख पाइन्छ । यी अभिलेखहरूभित्र रहेका काव्यात्मक रचनाहरू यसप्रकार छन् :

क्रम	विषय/शीर्षक	आयाम	अभिलेखस्थान	अभि.सं.
१.	वंशावली वर्णन/राजप्रशस्ति	२७ पद्य	त्रिशूलडबली	(१)
२.	वंशवर्णन/राज्ञीवर्णन	११ पद्य	कृष्णमन्दिर	(५)
३.	नारायणस्तोत्रम्	११ पद्य	पशुपतिनाथ	(६)
४.	स्वयम्भूभट्टारकस्तोत्रम्	१९ पद्य	स्वयम्भू	(७)
५.	महापराधस्तोत्रम्	१८ पद्य	मोहनचोक	(१०)
६.	घण्टावर्णन	२ पद्य	तलेजुमन्दिर	(११)
७.	वियोग-निस्सारणप्रार्थना	८ पद्य	जगन्नाथ पेटी	(१३)
८.	कालिका भुजङ्गदशकम्	११ पद्य	गुह्येश्वरी पीठ	(१६)
९.	महेशाष्टकम्	९ पद्य	पशुपतिनाथ	(१९)

१०.	वज्रयोगिन्या : कामदस्तोत्रम्	१५ पद्य	वज्रयोगिनी मन्दिर	(२०)
११.	जाड्यमुद्गरस्तोत्रम्	८ पद्य	वज्रयोगिनी मन्दिर	(२०)
१२.	शिवरूपभीमसेनस्तोत्रम्	१४ पद्य	भीमसेनस्थान	(४)
१३.	राजवर्णन	गद्य खण्ड	अनन्तपुर	(२२)
१४.	निजवंशावली	३१ पद्य	पशुपतिनाथ	(२३)
१५.	वृष्टिचिन्तामणिस्तोत्रम्	३२ पद्य	शान्तिपुर	(५४)
१६.	सर्वमङ्गलाष्टकम्	८ पद्य	त्रिशूलचोक	(३१)
१७.	चण्डिकाष्टकम्	८ पद्य	प्रतापस्तम्भ	(३३)
१८.	वापी-वर्णन	६ पद्य	रानीपोखरी	(३५)
१९.	तलेजु-स्तुति (मैथिली)	९ गीतिगुच्छ	तलेजु	(४०)
२०.	नृसिंहस्तुति(गीतिरचना)	५ गीतिगुच्छ	नासलचोक	(४३)
२१.	नृत्येश्वरदशकम्	१० पद्य	कवीन्द्रपुर	(४४)

यसप्रकार जम्मा २१ वटा उपर्युक्त काव्यात्मक रचनाहरू राजा प्रताप मल्लका अभिलेखहरूमा पाइने साहित्यिक मूल सामग्रीहरू हुन्, जसका केन्द्रीयतामा प्रस्तुत अध्ययन कार्य सम्पन्न भएको छ।

३.१.४ अभिलेखहरूमा प्रयुक्त भाषा

उपर्युक्त ५१ वटा अभिलेखहरूमा प्रयुक्त भाषाको अध्ययन गर्दा यी अभिलेखहरूमा सवैभन्दा बढी संस्कृत भाषाको प्रयोग गरिएको पाइन्छ । त्यसपछि नेवारी भाषा अनि मैथिली र एउटा अभिलेखमा नेपाली भाषाको पनि प्रयोग भएको पाइन्छ । हनुमान्ढोका राजदरबारस्थित जलद्रोणीको अभिलेखमा यद्यपि १५ प्रकारका भाषिक स्वरूपको चर्चा गरिएको छ । तर मूलतः ती भाषा नभएर लिपिका रूपमा मात्र प्रयुक्त छन् भन्ने कुरा उक्त अभिलेखको अध्ययनवाट स्पष्ट हुन्छ । यी अभिलेखहरूमध्ये अधिकांश अभिलेखहरूमा संस्कृत र नेवारी भाषाको संयुक्त प्रयोग पाइन्छ । केही अभिलेखहरूमा संस्कृत भाषाको मात्र प्रयोग पाइन्छ । केही अभिलेखहरूमा नेवारी भाषामात्र प्रयुक्त छ । नेवारी र मैथिली भाषाको प्रयोग भएको एउटा र नेपाली नेवारी र संस्कृत भाषा प्रयोग गरिएको एउटा अभिलेख रहेको छ । यिनको विवरण यसरी दिन सकिन्छ :

भाषा	अभिलेखको संख्यात्मक परिमाण
संस्कृत र नेवारी भाषा[2]	३०
नेवारी भाषामात्र[3]	१३
संस्कृत भाषामात्र[4]	६
नेवारी र मैथिली भाषा[5]	१
संस्कृत, नेवारी र नेपाली भाषा[6]	१

यसरी प्रताप मल्लका अभिलेखहरूमा आपाततः हेर्दा नेवारी भाषाको प्रयोग सर्वाधिक रूपमा भएजस्तो देखिए तापनि गरिहिएर हेर्दा तिनमा संस्कृत भाषिके प्रयोग बढी भएको अवस्था देखिन्छ । अभिलेख-सङ्ख्याका दृष्टिले नेवारी भाषाको प्रयोग बढी भएको देखिए तापनि प्रायः लामो आकार-प्रकार र आयाम भएका अभिलेखहरूको ८०% भन्दा बढी भाग संस्कृत भाषामै उत्कीर्ण भएको पाइन्छ । यसरी भाषागत दृष्टिले हेर्दा सबैभन्दा बढी संस्कृत र त्यसपछि क्रमशः नेवारी, मैथिली, नेपाली एवं अन्य विविध भाषाको (लिपिमूलक) प्रयोग भएको देखिन्छ ।

३.१.५ अभिलेखहरूको लिपि

राजा प्रताप मल्लका प्रायः सबै अभिलेखहरूमा नेवारी लिपिकै प्रयोग गरिएको पाइन्छ । यस लिपिका अधिकांश लिपिचिन्हहरू हाल प्रचलित देवनागरी लिपिसँग सामञ्जस्य राख्ने प्रकारका पाइन्छन् । वि.सं. १७२७ मा रानीपोखरीको तटमा स्थापित एउटा अभिलेखमा[7] भने नेपाली भाषा र देवनागरी लिपिको प्रयोग गरिएको पाइन्छ । रानीपोखरीमा हालिएका जलको विवरण प्रस्तुत गरिएको सो अभिलेखमा त्यहाँ आउने बाहिरिया (काठमाडौं बाहिरका) मानिसहरूले पनि त्यो विवरण पढून् र बुझून् भन्ने उद्देश्य रहेको देखिन्छ । त्यसबेला कान्तिपुका बासिन्दाहरू प्रायः नेवारी भाषाभाषी नै रहेकाले पनि विशेष गरी नेवारी लिपिको प्रयोग भएको कुरा स्पष्ट हुन्छ । जलद्रोणीको एउटा अभिलेखमा[8] भने राजा प्रताप मल्लले आफ्नो विविध भाषा-कुशलता र लिपिज्ञानको प्रदर्शनका साथै पण्डितहरूलाई हाँक दिने समेत उद्देश्यले १४/१५ प्रकारका लिपिहरू उत्कीर्ण गराएको पाइन्छ । त्यहाँ उत्कीर्ण गरिएका लिपिहरू गोलमोल, पारसी, तिरहुती, रंज , माझेपात, देवनागर, एँया उजेन, गोत्रीय , अरबी, कयथिनागर, कूटाक्षर, संया उमेत,

---

[2] १.२.५.६.७.१०.११.१२.१३.१६.१९.२०.२१.२२.२३.२४.२६.२७.२८.३१.३२.३३.३५.३६.३८.४२.४३.४४.५०.५१संख्याका अभिलेखहरू ।

[3] ४.८.९.१४.१५.१७.१८.२९.३०.३७.४५.४८.४९ संख्याका अभिलेखहरू ।

[4] ३.२५.३९.४१.४६.४७ संख्याका अभिलेखहरू ।

[5] ४० संख्याको अभिलेख ।

[6] ३४ संख्याको अभिलेख ।

[7] **अभिलेख सं.३४ ।**

[8] **अभिलेख सं.१२ ।**

नेवार, कास्मिरी र फिरङ्गी (अङ्ग्रेजी / रोमन) हुन् भन्ने तथ्य त्यही अभिलेखको विवरणवाट बुझ्न सकिन्छ । उपर्युक्त अक्षर (लिपि)हरूमध्ये अधिकांश लिपि हाल प्रचलनमा नरहेका हुँदा तिनीहरूको वास्तविक लिपि चिन्ह पनि थाहा पाउन नसकिने अवस्था छ । त्यहाँ उत्कीर्ण अभिलेख-परिचयप्रद विवरण-लेखनबाट मात्र ती लिपिहरू त्यहाँ रहेको कुरा थाहा पाइन्छ । हाल सो अभिलेखको पूर्णरूप यथास्थानमा[9] गएर हेर्दा के थाहा हुन्छ भने त्यहाँ ती लिपिका केही लिपिचिह्नहरूमात्र उत्कीर्ण छन् । त्यसले कुनै भाषिक रूप लिन सकेको देखिँदैन । राजाले आफू विविध लिपिको ज्ञाता भएको संकेतचाहिँ त्यस अभिलेखमार्फत् प्रकट गरेको पाइन्छ ।

३.१.६ अभिलेखहरूको विषयवस्तु

राजा प्रताप मल्लका अभिलेखहरूलाई तिनमा प्रयुक्त विषयवस्तुका आधारमा पनि अध्ययन र वर्गीकरण गर्न सकिन्छ । यी अभिलेखहरू प्रायः राजाले आफूले गरेका कार्यहरूको प्रकाशनका लागि उत्कीर्ण गरिएका देखिन्छन् । त्यस्ता कार्यहरूमा प्रायः देवकार्य : पूजा-आजा, होम, दान, तुलादान आदि आध्यात्मिक दृष्टिले गरिने पुण्यकर्महरू पर्दछन् । तिनको विवरण र त्यस कार्यले सम्बद्ध देवता प्रसन्न होऊन् भन्ने उद्देश्यको प्रकटीकरण नै त्यस्ता अभिलेख-स्थापनाको लक्ष्य रहेको देखिन्छ । त्यसै गरी देवालयहरूमा स्थापित अभिलेखहरूमा प्रायः सम्बद्ध देवदेवीहरूको स्तवन र प्रार्थनाहरूले भरिएका काव्यात्मक पद्यहरू उत्कीर्ण छन् । त्यस्तै केही अन्य अभिलेखहरूमा वंशवर्णन र कुलपुरुषहरूको कीर्तिगान गरिएको पाइन्छ । यसरी विविध विषयवस्तुहरूलाई समेटेर यी अभिलेखहरू उत्कीर्ण गरिएका देखिन्छन् । यी अभिलेखमा प्रयुक्त विषवस्तुहरूको वर्गीकरण यसरी गर्न सकिन्छ :

३.१.६.१ स्तुति प्रार्थना

राजा प्रताप मल्लका अधिकतर अभिलेखहरू देव-देवीहरूको स्तुति-प्रार्थनाले भरिएका छन् । विभिन्न मन्दिर एवं धार्मिक र सामाजिक स्थलहरूमा उत्कीर्ण त्यस्ता अभिलेखहरू प्रायः काव्यात्मक संस्कृत भाषाका सुललित पद्यहरूमा रचिएका छन् । ती रचनाहरूमा तत्तद् देवदेवीहरूको स्तुति, प्रार्थना, आराधना, रूपवर्णन, गुणानुवाद, अपराधक्षमा-याचना र शरणागति आदि भक्ति-भावनापरक विषयवस्तुहरू पाइन्छन् । यस प्रकारका अभिलेखहरूको विवरण निम्नवत् छ :

क्रम	अभिलेख-विवरण	विषयवस्तु
१.	वासुकिस्थानको अभिलेख (६)	नारायणस्तोत्रम्
२.	स्वयम्भूको अभिलेख (७)	स्वयम्भूभट्टारकस्तोत्रम्

---

[9] वसन्तपुरस्थित हनुमान्ढोका राजदरबार प्राङ्गणको पश्चिमाभिमुख भित्तामा अद्यापि सो अभिलेख पढ्न सकिन्छ :शोधकर्ता ।

३.	मोहनचोकको अभिलेख	(१०)	महापराधस्तोत्रम्
४.	गुह्येश्वरीको अभिलेख	(१६)	महापराधस्तोत्रम् र कालिका भुजङ्गवशकम्
५.	पशुपतिको अभिलेख	(१९)	महेशाष्टकम्
६.	वज्रयोगिनीको अभिलेख	(२०)	वज्रयोगिन्याः कामवस्तोत्रम् र जाड्यमुद्गरस्तोत्रम्
७.	भीमसेनस्थानको अभिलेख	(२१)	शिवरूपभीमसेनस्तोत्रम्
८.	अनन्तपुरको अभिलेख	(२२)	जाड्यमुद्गरस्तोत्रम्
९.	कवीन्द्रपुरको अभिलेख	(४४)	नृत्येश्वरदशकम् र नृसिंहस्तोत्र गीतिरचना
१०.	शान्तिपुरको अभिलेख	(२८)	वृष्टिचिन्तामणिस्तोत्रम्
११.	त्रिशूलचोकको अभिलेख	(३१)	सर्वमङ्गलाष्टकस्तोत्रम्
१२.	प्रताप स्तम्भको अभिलेख	(३३)	चण्डिकाष्टकस्तोत्रम्
१३.	तलेजुको अभिलेख	(३९)	सर्वापराधस्तोत्रम् र मैथिलीमा गीति रचना
१४.	तलेजु छतको अभिलेख	(४१)	कालिका भुजङ्गवशकम्
१५.	नासलचोकको अभिलेख	(४३)	नृसिंहस्तुति-गीतिरचना
१६.	जगन्नाथ मन्दिरको अभिलेख	(१३)	वियोगनिस्सारण-प्रार्थना

३.१.६.२ वंशावली वर्णन

राजा प्रताप मल्लका केही अभिलेखहरूमा आफ्नो वंशको वर्णन पाइन्छ । आफ्ना कुलपुरुष र अग्रजहरूको नाम र विशिष्ट कार्य एवम् उनीहरूको स्वभाव, कीर्ति, प्रशंसा आदिको वर्णन तिनमा पाइन्छ । यसका साथै स्वयं राजा प्रताप मल्लको विशिष्ट गुण-गरिमाको गम्भीर बयान पनि पाइन्छ । आफ्ना रानीहरूको वंशका पूर्वपुरुषहरूको वंश-परम्परा र तिनको कीर्तिगान एवम् स्वयम् रानीहरूको गुण शील र सौन्दर्यादिको वर्णन पनि ती अभिलेखहरूमा पाइन्छ । त्यस्ता अभिलेखहरू निम्नानुसार छन् :

क्रम	अभिलेख-विवरण	अभिलेख सङ्ख्या	विषयवस्तु
१.	त्रिशूलचोकको अभिलेख	(१)	निजवंशावली वर्णन राज-वर्णन

२.	कृष्ण मन्दिरको अभिलेख	(५)	निजवंशावली, राज्ञी वंशावली- वर्णन
३.	पशुपति प्राङ्गणको अभिलेख	(२३)	निजवंशावली वर्णन

३.१.६.३ धार्मिक क्रियाकलापको सूचना

राजा प्रताप मल्लका अधिकांश अभिलेखहरूले धार्मिक क्रियाकलापको सूचना प्रस्तुत गर्दछन् । राजाले आफ्नो जीवनकालमा सम्पन्न गरेका विभिन्न धार्मिक सत्कार्यहरूको विवरण तिनमा पाइन्छ । विशेषतः विभिन्न धार्मिक स्थल मन्दिर र पीठहरूमा स्थापित यस्ता अभिलेखहरूमा देवप्रतिमास्थापन, स्वप्रतिमास्थापन, मन्दिरनिर्माण र जीर्णोद्धार, स्वर्णकलशादि अर्पण, भूमिदान, तुलादान गुठी-संस्थापन आदि क्रियाकलापहरूको सूचना र विवरणात्मक प्रस्तुति रहेको देखिन्छ । त्यस्ता अभिलेखहरू निम्नानुसार छन् :

क्रम	अभिलेख-विवरण	अभिलेखसङ्ख्या	विषयवस्तु
१.	त्रिशूलचोकको अभिलेख	(१)	सिंहध्वज स्थापना
२.	पशुपति गोश्वाराको अभिलेख	(२)	भूमिदान विवरण
३.	तलेजु, मूर्तिको अभिलेख	(३)	स्वकीय प्रतिमास्थापन
४.	कृष्णमन्दिरको अभिलेख	(५)	मन्दिर-निर्माण र गोपालमूर्ति स्थापना
५.	वासुकिस्थानको अभिलेख	(६)	मन्दिर-निर्माण र स्वर्णकलश स्थापना
६.	सुन्दरचोकको अभिलेख	(८)	सानो घण्टा अर्पण
७.	मोहनचोक वलानको अभिलेख	(१०)	पूजाव्यवस्था/गुठीको बन्दोबस्त
८.	तलेजु घण्टको अभिलेख	(११)	घण्टा-अर्पण
९.	गुह्येश्वरी प्राङ्गणको सिंहध्वजको अभिलेख	(१४)	सिंहध्वजस्थापना
१०.	गुह्येश्वरी प्राङ्गणको सिंह-पादपीठको अभिलेख	(१५)	सिंहस्थापना
११.	गुह्येश्वरी प्राङ्गणको गर्भगृहमा रहेको अभिलेख	(१६)	मन्दिर-निर्माण

१२.	हनुमद्ध्वजको अभिलेख	(१७)	हनुमद्ध्वज-निर्माण
१३.	मीनध्वजको अभिलेख	(१८)	मीनध्वज-निर्माण
१४.	पशुपतिको अभिलेख	(१९)	स्वर्णकलश अर्पण, प्रतिमास्थापना
१५.	साँखु वज्रयोगिनी अभिलेख	(२०)	मन्दिरप्रतिष्ठा, स्वर्ण कलश अर्पण
१६.	काठमाडौं भीमसेनस्थानको अभिलेख	(२१)	भीमसेन-द्रौपदी मूर्ति-स्थापना
१७.	अनन्तपुरको अभिलेख	(२२)	अनन्तपुर निर्माण, उग्रतारा-स्थापना
१८.	पशुपति-प्राङ्गणाको अभिलेख	(२३)	तुलादान र शताश्वदान
१९.	विश्वरूप-पादपीठको अभिलेख	(२४)	विश्वरूपमूर्तिनिर्माण र स्थापना
२०.	कवीन्द्रपुरको अभिलेख	(४४/५१)	कवीन्द्रपुर-निर्माण, नृसिंहपूजा व्यवस्था
२१.	भक्तपुर-महाकालीको अभिलेख	(२९)	गरुडनारायणलाई भूमिदान र गुठीव्यवस्था
२२.	त्रिशूल चोकको अभिलेख	(३१)	लक्षदीपदान, तुलादान, प्रतिमा स्थापना
२३.	स्वयम्भू वज्रको अभिलेख	(३२)	वज्र-अर्पण
२४.	प्रतापस्तम्भको अभिलेख	(३३)	वेगुतलेजु निर्माण, स्तम्भ स्थापना
२५.	रानीपोखरीको अभिलेख	(३५)	माधव स्थापना
२६.	रानीपोखरी हात्तीको अभिलेख	(३६)	हात्ती र त्यसमाथि आरुढ आफ्नो परिवारको विवरण
२७.	सिंहासनको अभिलेख	(३७)	सिंहासन अर्पण
२८.	तलेजु खापाको अभिलेख	(३८)	कलात्मक खापा निर्माण
२९.	हनुमान्को पादपीठको अभिलेख	(४२)	हनुमान्को मूर्ति स्थापना
३०.	तानबहालको अभिलेख	(४५)	उमामहेश्वर स्थापना
३१.	तलेजुको ताम्रपत्र अभिलेख	(४६)	भूमिदान विवरण

३२. चाँगुनारायण भण्डारको अभिलेख (४७,४८,४९,५०) : प्रतिमा, जयविजयमूर्ति र स्वर्णपद्मासन अर्पण

३.१.६.४ विकास-निर्माण र सामाजिक कार्यको सूचना

राजा प्रताप मल्लका केही अभिलेखहरू विकास निर्माण र सामाजिक कार्यको सूचना दिने ध्येयले उत्कीर्ण गरिएका देखिन्छन् । आफ्नै दरबारभित्रको संरचनात्मक निर्माण कार्यदेखि जनकल्याणका लागि सम्पन्न गरिएका जलद्रोणी र पुल निर्माणसम्मका कार्यहरूको अभिलेख त्यहाँ सुरक्षित पाइन्छ । त्यस्ता अभिलेखहरूको विवरण यसप्रकार छ :

क्रम	अभिलेख-विवरण	अभिलेख सङ्ख्या	विषयवस्तु
१.	मोहनचोकको स्वर्णपत्राभिलेख	(४)	मनमोहन चोकको निर्माण
२.	मोहनचोकको सुनधाराको अभिलेख	(९)	सुनधारा-निर्माण
३.	मोहनचोकको भूगोलको अभिलेख	(२७)	भूगोलको निर्माण र विवरण
४.	शान्तिपुरको अभिलेख	(२८)	शान्तिपुर-प्रवेशको वर्णन
५.	विष्णुमती पुलको अभिलेख	(३०)	पुल-निर्माण
६	रानीपोखरीको अभिलेख	(३४)	रानीपोखरी-निर्माण

३.१.६.५ पाण्डित्य प्रदर्शन

राजा प्रताप मल्लले आफ्नो पाण्डित्य प्रदर्शनका लागि एउटा अभिलेख उत्कीर्ण गराएका थिए । हनुमानढोका राजदरबारको प्राङ्गणमा रहेको जलद्रोणीमा अङ्कित सो अभिलेख निकै चर्चामा आएको पाइन्छ । १४-१५ वटा लिपि भाषाको आफूले रचेको सो अभिलेख वाचन गरेर जसले अर्थ पनि लगाउन सक्छ त्यही मात्र विद्वान हो, भन्ने आशयको कथन त्यहाँ पाइन्छ ।[10]

३.२. अभिलेखहरूको साहित्यिक अध्ययन

यस शोध प्रबन्धको मुख्य उद्देश्य राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन भएकाले अब मूल विषयवस्तुतिर अभिमुख हुँदा साहित्यका विविध तत्त्वहरूका आधारमा अभिलेखहरूको अध्ययन, विवेचन र विश्लेषण प्रस्तुत गरिनेछ । अभिलेखहरूको कुल सङ्ख्या ५१ वटा भए तापनि तीमध्ये साहित्यिक महत्त्वका र विशेषतः काव्यात्मक रचनाहरूलाई नै अध्ययनको आधार बनाइएको छ । यादृच्छिक छनोट विधिका आधारमा यी अभिलेखहरूमा रहेको साहित्यिक महत्ताको खोज गर्नु नै यस अध्ययनको उद्देश्य भएकाले यहाँ तत्-तत् साहित्यिक

[10] हेर्नु, अभिलेख सं. १२ ।

तत्त्वहरूको अनुसन्धान गरी तिनको विवेचन, विश्लेषण र सत्यापन गरिने छ । यहाँ उदाहरणको प्रस्तुतिका माध्यमले स्थाली-पुलाकन्यायले अभिलेखका साहित्यिक मूल्यको आकलन गरिनेछ । छन्द, अलङ्कार, गुण र रसादिको विवेचनका प्रसङ्गमा काव्यशास्त्रमा उल्लिखित सर्वमान्य प्रचलित साहित्य सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ । त्यस्ता आधारहरूको अति आवश्यक सूत्र र त्यसको चर्चा तत्-तत् विषयक अध्ययनका सन्दर्भमा प्रस्तुत गरिने छ । अब यी अभिलेखहरूमा क्रमशः छन्द, अलङ्कार गुण रस ध्वनि आदि साहित्यिक तत्त्वहरूको के-कस्तो प्रयोग कसरी गरिएको छ भन्नेबारे पर्यवेक्षण गरिन्छ ।

३.२.१ छन्द-प्रयोग

अक्षर-अक्षरहरूको सङ्ख्या र क्रम, मात्रा, गणना र यति-गति आदिसँग सम्बन्धित विशिष्ट नियमहरूद्वारा नियन्त्रित पद्यरचनालाई[11] छन्द भनिन्छ । 'छन्द' शब्दको सबैभन्दा प्रथम प्रयोग ऋग्वेदमा पाइन्छ । यो शब्द 'छदि' धातुमा 'असुन्' प्रत्यय लागेर बन्दछ । छदि धातुको अर्थ 'संवरण गर्नु'[12] अर्थात् 'सुरक्षित राख्नु' हो । वाङ्मयलाई सुरक्षित राख्ने अभिप्रायमा साहित्यमा प्रयोग हुने छन्द शब्दको सार्थकता झल्कन्छ । 'प्रसन्न गर्नु' भन्ने अर्थमा निघण्टुमा पनि 'छन्द' धातुको उल्लेख आउँछ, केही विद्वान्हरू हाल प्रचलित छन्द शब्दको अभिप्राय यही निघण्टुकृत 'छन्द'सँग बढी सम्बद्ध रहेको मान्दछन् ।[13] ६ वेदाङ्गहरूमा 'छन्द' पनि एउटा वेदाङ्ग भएकाले[14] यसको विशिष्ट महत्त्व प्रतिपादित हुन्छ । प्रचलित अर्थअनुसार "यति, गति र लय मिलेको, वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप, त्यसरी गठन हुने विभिन्न किसिमका विशिष्ट वाक्य; वृत्त नै छन्द हो ।"[15]

विशेषतः संस्कृत काव्यरचनामा र सामान्यतः : नेपाली अनि यदाकदा हिन्दी भाषाको काव्यप्रणयनमा समेत छन्दको प्रयोग गरिएको पाइन्छ । छन्दको प्रयोगले साहित्यिक रचनामा मधुरता र लयात्मकताको आस्वाद उत्पन्न हुने गएकाले यसलाई संस्कृत भाषामा वैदिक कालदेखि नै प्रयोग गर्ने परम्परा चलिआएको देखिन्छ । धेरै लामो समयसम्म छन्दःप्रतिपादित लयात्मकताको विशेष गुणले श्रुतिपरम्परामै वेदादि शास्त्रहरू सुरक्षित रहे । लौकिक संस्कृत

---

11 धीरेन्द्र वर्मा र अन्य (सम्पा.),**हिन्दी साहित्य कोश.** भाग-१,दो.सं.,(वाराणसी) ज्ञानमण्डल लिमिटेड, वि.स. २०२०) पृ.२४९ ।

12 वेणीमाधव ढकाल,**लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्**,(काठमाडौं, श्रीमती प्रभालक्ष्मी गपा, वि.सं. २०५९.) पृ.१८५ ।

13 वर्मा र अन्य (सम्पा.), **पूर्ववत् नं. ११.** पृ.२४९ ।

14 वामन शिवराम आप्टे, **संस्कृत हिन्दी कोश** ,दो.सं.,(दिल्ली :मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि.,१९९७)पृ.३८९ ।

15 बालकृष्ण पोखरेल र अन्य(सम्पा.),**नेपाली बृहत शब्दकोश**,(काठमाडौं :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,कमलादी, वि.स. २०५२)पृ.४४१

भाषामा सर्वप्रथम आदिकवि वाल्मीकिले 'मा निषादः प्रतिष्ठां त्वम्'[16] भन्ने पद्यको उच्चारण गरेर छन्दको प्रवर्तन गरेका हुन् । तदनन्तर व्यास, कालिदास, माघ, भारवि र श्रीहर्ष आदिले छन्दको निरन्तर प्रयोग गर्दै संस्कृत साहित्यलाई बढी मधुर, रसार्णव र लोकरञ्जक बनाउँदै आएका हुन्, यो परम्परा अद्यावधि कायमै रहेको छ ।

प्रताप मल्लका अभिलेखहरूमा छन्द

राजा प्रताप मल्लका अभिलेखं निबद्ध संस्कृत रचनाहरूमा प्रायः छन्दको प्रयोग गरिएको पाइन्छ । लामो परम्परादेखि संस्कृत वाङ्मयमा प्रयुक्त र बहुप्रचलित छन्दहरूलाई राजा प्रताप मल्लले आफ्ना अभिलेखहरूमा प्रयोग गरेका छन् । उनका अभिलेखहरूमा **अनुष्टुप्, इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, भुजङ्गप्रयात, वसन्ततिलका, मालिनी, पञ्चचामर, पृथ्वी, शार्दूलविक्रीडित स्रग्धरा आर्या, मात्रासमक र गीति** नाम भएका जम्मा १४ **वटा छन्दहरूको प्रयोग** गरिएको पाइन्छ । सबैभन्दा छोटोमा ८ अक्षरमा पाउ पूरा हुने अनुष्टुप्‌देखि सबैभन्दा लामोमा २१ अक्षरमा पाउ पूरा हुने स्रग्धरासम्मका छन्दहरूको प्रयोग यहाँ पाइएको छ । यसअतिरिक्त यी अभिलेखहरूमा विभिन्न मात्रा र लय भएका विभिन्न प्रकारका गीति रचनाहरूको पनि प्रयोग गरिएको पाइन्छ । अब उपर्युक्त छन्दहरूको यी अभिलेखहरूमा के-कसरी प्रयोग भएको छ भन्ने कुराको क्रमशः पर्यवेक्षण गरिन्छ ।

३.२.१.१ अनुष्टुप्

'अनु' उपसर्गक 'स्तुभ्' धातुमा 'क्विप्' प्रत्यय लागेर 'अनुष्टुभ्' शब्द बन्दछ । यसैलाई 'अनुष्टुप' पनि भनिन्छ । 'प्रशंसाको अनुगमन' भन्ने यसको अर्थ हो ।[17] विशेषतः देवस्तुति, राजस्तुति र प्रशंसाका लागि यस छन्दको प्रयोग हुने अभिप्राय उक्त व्युत्पत्तिलभ्य अर्थले प्रकट गर्दछ । यस छन्दको प्रत्येक पाउ ८ अक्षरको हुन्छ । वैदिक कालदेखि नै प्रयुक्त हुँदै आएको यो छन्द संस्कृत भाषामा सर्वाधिक प्रयुक्त, प्रसिद्ध र सरलतम छन्दका रूपमा सुपरिचित छ । लघु-गुरुका नियमहरूको खुकुलोपनले यो छन्द सर्वसुलभ छ । नेपाली भाषामा **नाट्यसम्राट् बालकृष्ण सम**ले आफ्ना अधिकांश नाटकहरूमा संवादको रूपमा समेत यसको प्रयोग गरेर यस छन्दको सहजता र सरलता प्रतिपादित गरेका छन् ।

---

[16] "मा निषाद ! प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः ।
यत्क्रौञ्च-मिथुनादेकमवधीः काममोहितम्" - आदिकवि वाल्मीकि ।

[17] आप्टे, **पूर्ववत् नं. १४**, पृ ४३ ।

यस छन्दमा प्रत्येक पाउमा पाँचौ अक्षर लघु (।) र छैठौं अक्षर गुरु (ऽ) हुने गर्दछ भने पहिलो र तेस्रो पाउमा सातौं अक्षर अनि दोस्रो र चौथो पाउमा चाहिं सातौं अक्षर लघु हुने गर्दछ। यसलाई 'श्लोक' पनि भनिन्छ।[18] तलको तालिकाबाट यसलाई स्पष्ट गर्न सकिन्छ :

(१) OOOO। ऽ ऽO (२) OOOO । ऽ । O

(३) OOOO । ऽ ऽ O (४) OOOO । ऽ । O

अभिलेखहरूमा अनुष्टुप् छन्द

राजा प्रताप मल्लका अभिलेखहरूमा अनुष्टुप छन्दको प्रयोग अनेकबार गरिएको छ, जस्तै :

OOOO । ऽ ऽ O OOOO । ऽ । O

अ. **सधर्म्मपूर्व्वयात्रासु इन्द्रयात्रासु भूतये ।**

OOOO । ऽ ऽ O OOOO । ऽ । O

स्थापितं किल पूजार्थं विश्वरूपाख्यमीश्वरम् ॥[19]

त्यस्तै -

आ. **एतायोर्म्माऽस्तु विश्लेषो रुक्मिणीभामयोरिति ।**
जन्मान्तरेऽप्ययं भूपो हरिमूर्तिरिहाऽऽवसेत् ॥[20]

३.२.१.२ इन्द्रवज्रा

यसका चारैवटा पाउहरूमा दुईवटा 'त' गण (ऽ ऽ ।) एउटा 'ज' गण (। ऽ ।) र दुईवटा गुरु (ऽ ऽ) हुन्छन्। यसका प्रत्येक पाउमा ११ वटा अक्षर हुन्छन्।[21]

अभिलेखमा इन्द्रवज्रा छन्दको प्रयोग

ऽऽ।(त) ऽऽ।(त) ।ऽ।(ज) ऽऽ(ग,ग)

अ. **मन्नृपचौरोऽयमितीव मत्वा**
कोपाकुलः काम इमञ्जघान
आस्थाय रूपं किमु कामिनीनां

---

[18] "श्लोके षष्ठं गुरु ज्ञेयं सर्वत्र लघु पञ्चमम् ।
द्विचतुष्पादयोः ह्रस्वं सप्तमं दीर्घमन्ययोः ॥" - वामन शिवराम आप्टे, **पूर्ववत् नं. १४**. पृ. ११८८ ।

[19] **अभि सं. २४**. पद्य-३ ।

[20] **अभि सं.५**. पद्य-११ ।

[21] 'स्यादिन्द्रवज्रा यदि तौ जगौ गः' । श्री गङ्गादास, **छन्दोमञ्जरी**. (वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, सन् १९९९), पृ. ३३ ।

भ्रूकार्मुकोन्मुक्तकटाक्षवाणैः ॥[22]

आ. सङ्गीतविद्याम्बुधिपारदृश्वा

विश्वानुरक्तः सचिवावतंसः ।

हर्याद्यचञ्चत्हरसिंहदेवो

देवो जनानामजनीह तस्मात् ॥[23]

माथिका दुवै पद्यमा राजाहरूको वर्णन प्रसङ्गमा आलङ्कारिक सौन्दर्यका साथ 'इन्द्रवज्रा' छन्द सुललित रूपमा प्रस्तुत भएको देखिन्छ ।

३.२.१.३ उपेन्द्रवज्रा

उपर्युक्त 'इन्द्रवज्रा' छन्दकै पहिलो वर्ण लघु भएमा उपेन्द्रवज्रा छन्द मानिन्छ' भनेर यस छन्दको परिचय दिएको पाइन्छ । तदनुसार जगण (। ऽ ।), तगण (ऽ ऽ ।), जगण (। ऽ ।) एवम् दुई वटा गुरु (ऽ, ऽ) भए उपेन्द्रवज्रा छन्द[24] बन्ने देखिन्छ । यस छन्दमा पनि एघारवटै अक्षर हुन्छन् ।

अभिलेखमा उपेन्द्रवज्राको प्रयोग

।ऽ।(ज) ऽऽ।(त) ।ऽ।(ज) ऽऽ(ग,ग)

यदा यदाऽयं तुरगाधिरुढ-

स्तदा तदा कस्य मनो न मोदि

तदा तवा वर्द्धितकामभावं

बभूव चेतो वनिताजनानाम् ॥[25]

राजा प्रताप मल्लका अभिलेखहरूमा एउटै पद्यमात्र उपेन्द्रवज्रा छन्दको पाइएको छ ।

३.२.१.४ उपजाति

पूर्वोक्त इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दका पाउहरूको सम्मिश्रणबाट उपजाति छन्द बन्दछ । यसका चौधवटा प्रकार मानिन्छन् ।[26]

अभिलेखमा उपजाति छन्द

ऽऽ।(त) ऽऽ।(त) ।ऽ।(ज) ऽऽ(ग,ग)

अ. तन्नन्दनो निन्दितशर्व्वरीशो

---

[22] **अभि सं. १.** पद्य-१८ ।
[23] **अभि सं. १.** पद्य-१३ ।
[24] 'उपेन्द्रवज्रा प्रथमे लघौ सा' श्री गङ्गादास, **पूर्ववत् नं.२१.** पृ. ३४ ।
[25] **अभि सं. १** पद्य-१७ ।
[26] 'अनन्तरोदीरितलक्ष्मभाजौ, पादौ यदीयावुपजातयस्ता.', श्री गङ्गादास. **पूर्ववत् नं.२१.** पृ. ३५ ।

।ऽ।(ज) ऽऽ।(त) ।ऽ।(ज) ऽऽ(ग,ग)

यशोभिपूरैर्नृपनीतिशुद्धः ।

।ऽ।(ज) ऽऽ।(त) ।ऽ।(ज) ऽऽ(ग,ग)

महेन्द्रमल्लो रिपुचित्तभल्लो

।ऽ।(ज) ऽऽ।(त) ।ऽ।(ज) ऽऽ(ग,ग)

महानुभावो निजवंशकेतुः ॥[27]

यस पद्यमा पहिलो इन्द्रवज्रा छन्दको र दोस्रो, तेस्रो र चौथोचाहिँ उपेन्द्रवज्रा छन्दका पाउ सम्मिश्रित छन् । उपजातिको चौथौं (अन्तिम) प्रकारमा पर्ने यस संरचनालाई ...**बुद्धि**' भनिएको छ ।

आ. अनेकराजन्यशिरोमणीनाम्

अनीचरोचिः परिधौतपादः ।

दाता गुणो नीतिविदां वरिष्ठः

स्तन्नन्दनो ऽभूच्छिवसिंहदेव : ॥[28]

उपर्युक्त पद्यमा पहिलो र दोस्रो पाउ उपेन्द्रवज्रा र तेस्रो र चौथो पाउ इन्द्रवज्राका पर्नेका हुँदा उपजाति छन्द देखिन आउँछ । छन्दशास्त्रमा यसलाई उपजातिको तेस्रो प्रकार **'माला'** भनिएको छ । वंशावलीमा पूर्वपुरुषहरूको वर्णन र प्रशस्तिका प्रसङ्गमा प्रयुक्त यो छन्द सुहाउँदिलो देखिएको छ ।

३.२.१.५ भुजङ्गप्रयात

चारवटा यगणहरूबाट भुजङ्गप्रयात (।ऽऽ, ।ऽऽ, ।ऽऽ, ।ऽऽ,) छन्द बन्दछ ।[29] यो संस्कृत, नेपाली, हिन्दी र उर्दू भाषामा समेत अत्यन्त प्रचलित लोकप्रिय छन्द हो । नागको चालजस्तो नागबेली पारामा यसको लय चल्ने हुँदा यसको नाम 'भुजङ्गप्रयात' रहेको देखिन्छ । अत्यन्त लयात्मकताले गर्दा अधिकांश गीत रचनाहरूमा पनि यस छन्दलाई प्रयोग गर्ने प्रचलन छ । जम्मा १२ वटा अक्षरहरूबाट सम्पन्न हुने प्रस्तुत छन्दको प्रयोग यसरी गरिएको छ :

अभिलेखमा भुजङ्गप्रयात छन्द

।ऽऽ(य) ।ऽऽ(य) ।ऽऽ(य) ।ऽऽ(य)

अ. सुरेन्द्रादिवृन्दारकाऽमन्दचूडा-

मणिश्रेणिसंशोभिपादारविन्दम् ।

---

[27] **अभि सं. १**. पद्य-१० ।

[28] **अभि सं. १**. पद्य-१२ ।

[29] 'भुजङ्गप्रयातं चतुर्भिर्यकारैः', श्री गङ्गादास, **पूर्ववत् नं.२१**. पृ ४८ ।

भवत्रस्तरक्षाऽभिधानेषु मुख्यं

भजामो वयं धाम नारायणाऽख्यम् ॥[30]

आ. जटाऽधस्तटाऽऽलम्बिगङ्गाप्रवाहं

स्फुरन्नेत्रतेजःकृताऽनङ्गदाहम् ।

चिताभष्मभिर्भूषिताऽशेषदेहं

पशूनां पतिं भव्यरूपं भजेऽहम् ॥[31]

इ. त्वदीयं पदद्वन्द्वमम्भोजवृन्दं

रुचा वज्रयोगिन्यधो यद्दधाति ।

न चित्रं पवित्राऽऽकृते तस्य मात-

र्यतो देवराजाङ्घ्रिपस्पर्धिरूपम् ॥[32]

उपर्युक्त पद्यहरूमा क्रमशः भगवान् नारायण र श्रीपशुपतिनाथ एवम् माता वज्रयोगिनीको स्तुतिरचनामा प्रयुक्त भुजङ्गप्रयात छन्द अत्यन्त हृद्य र प्रभावमय बन्न पुगेको देखिन्छ । प्रताप मल्लका अभिलेखहरुमा यस छन्दको अत्यधिक प्रयोग पाइन्छ ।

३.२.१.६ वसन्ततिलका

क्रमशः त-भ-ज-ज गण र दुईवटा गुरु (ऽऽ।, ऽ।।, ।ऽ।, ऽऽ) मिलेर वसन्ततिलका छन्द बन्दछ ।[33] अत्यन्त सुललित संरचना र प्रशस्त गेयताले भरिएको यो छन्द संस्कृत र नेपाली भाषामा पनि प्रशस्त प्रयोग गरिएको छन्द हो । जम्मा १४ वटा वर्णहरूबाट वसन्ततिलका छन्दको निर्माण गरिएको हुन्छ । यस छन्दको प्रयोग विशेषतः प्रकृतिवर्णन, स्तुति रचना र श्रृङ्गारिक रचनामा सुहाएको देखिन्छ ।

अभिलेखमा वसन्ततिलका

ऽऽ।(त) ऽ।।(भ) ।ऽ।(ज) ।ऽऽ(ज) ऽऽ(गग)

अ. नत्वा गिरीन्द्रतनयां प्रलयानलाभां

भालोल्लसल्ललितचन्द्रकलाभिरामाम् ।

---

[30] अभि सं. १. पद्य-१ ।
[31] अभि सं.१९. पद्य-१ ।
[32] अभि सं. २०. पद्य-१ ।
[33] श्री गङ्गादास, पूर्ववत् नं.२१. पृ. ६५ ।

मल्लप्रतापनृपतिस्स्वकुलप्रकाशां

वंशावलीम्बितनुते विमलां कवीन्द्र : ॥[34]

आ. श्रीमत्प्रतापकविना कविनायकेन

केषामदायि सुखजालमनेन नेह ।

गीतेन तेन तरुणीहृदयं विशुद्धं

कामभिलषपदमानयतेव हन्त ![35]

उपर्युक्त पद्यहरूमा गिरीन्द्रतनया पार्वतीको वर्णन र तरुणी हृदयलाई कामाभिलाषी बनाउने कविनायक प्रताप मल्लको वर्णनमा समेत वसन्ततिलका छन्दको सुललित प्रयोग भएको पाइन्छ । कात्यायनको कथनानुसार नायिकावर्णनमा यस छन्दको प्रयोग हृद्य मानिन्छ ।[36] उक्त कथन यहाँ पनि चरितार्थ बन्न पुगेकै देखिन्छ ।

३.२.१.७ मालिनी

क्रमशः न-न-म-य-य गणहरू (।।।, ।।।, ऽऽऽ, ।ऽऽ, ।ऽऽ)को प्रयोगबाट मालिनी छन्द बन्दछ । यो १५ वटा वर्णहरूबाट सम्पन्न हुने छन्द हो । यसमा क्रमशः आठ र सात वर्णहरूपछि यति अथवा विश्रामको विधान गरिएको छ ।[37] प्राकृतिक सौन्दर्यको वर्णन, श्रृङ्गाररसाऽभिव्यञ्जन एवम् विषयवस्तुको उपसंहारमा पनि यसको प्रयोग सुहाउने देखिन्छ । सर्गका अन्तमा[38] यसको प्रयोग गरिने कुरा क्षेमेन्द्रले बताएका छन् । यो अत्यन्त गेय लोकप्रिय छन्द हो ।

अभिलेखमा मालिनी

।।।(न) ।।।(न) ऽऽऽ(म) ऽऽ।(य) ।ऽऽ(य)

अ. निकटमुपगतेऽस्मिन् काऽपि बाला बभूव

स्मितमधुरमुखाऽतिव्रीडितेदुश्च काऽपि ।

पुलकिततततनुभिन्दत्-कञ्चुकग्रन्थिरुद्य-

न्नयनमिह च काऽपि प्रेमदिग्धं वहन्ती ॥[39]

आ. मनुलिपिलिखितं यत्पद्यमत्यद्भुतं वै

कविकुलमुकुटेन श्रीप्रतापेन राज्ञा ।

---

34 **अभि सं.२३.** पद्य-१ ।

35 **अभि सं.१.** पद्य-१६ ।

36 ढकाल, **पूर्ववत् नं.१२.** पृ. १९० ।

37 श्री गङ्गादास, **पूर्ववत् नं.२१.** पृ. ६५ ।

38 ढकाल, **पूर्ववत् नं.१२.** पृ. १९१ ।

39 **अभि सं.१.** पद्य-२० ।

स भवति बुधवर्यो वाचयित्वाऽर्थकर्ता

निगवितमिति विज्ञैर्नान्यथा चौरवाच्यः ॥[40]

उपर्युक्त पद्यहरूमध्ये प्रथम पद्यमा श्रृङ्गारिक विषयवस्तुमा र दोस्रो पद्यमा विषयवस्तुको उपसंहारप्रसङ्गमा आएको मालिनी छन्द अत्यन्त उपयुक्त र आकर्षक रूपमा प्रस्तुत भएको देखिन्छ ।

३.२.१.८ पञ्चचामर

'प्रामाणिका' छन्दका दुई पाउ मिलेर पञ्चचामर छन्दको एक पाउ हुन्छ,[41] भनिन्छ । 'प्रमाणिका छन्दमा भने क्रमशः ज - (ISI) र (SIS) ल (I) ग (S) गण र वर्ण हुन्छन् ।[42] यसलाई द्विगुणित गर्दा ज (ISI), र (SIS) ज (ISI), र (SIS), ज (ISI) अनि गुरु (S)को वर्ण-संहति बन्न जान्छ ।[43] यसलाई सरलताका साथ परिभाषित गर्दा 'प्रत्येक चरणमा लघुगुरु मात्रा हुने, १६, १६ अक्षरका चार चरण हुने वार्णिक छन्द'[44] भन्न सकिन्छ । यस छन्दमा ४/४ वर्ण अथवा ८/८ वर्णमा विश्राम वा यति[45] गर्नु उपयुक्त हुन्छ । संस्कृतमा रावणकृत **'शिवताण्डवस्तोत्र'** मा यस छन्दको गरिमा प्रतिबिम्बित भएको छ भने नेपालीमा भीमनिधि तिवारीको प्रसिद्ध **'वागबत्ती'** कवितामा यसको प्रयोग अत्यन्त सुहाएको छ । संस्कृत, नेपाली, हिन्दी र उर्दू कवितामा पनि यसको सुललित प्रयोग भएको देखिन्छ, यो एउटा प्रसिद्ध र लोकप्रिय छन्द हो ।

अभिलेखमा पञ्चचामर

राजा प्रताप मल्लको **'चण्डिकाष्टक'** नामक[46] स्तुतिकाव्यमा पञ्चचामर छन्दको प्रयोग गरिएको छ । जम्मा ८ पद्यमा रचित यस काव्यमा पूर्वोक्त **'शिवताण्डवस्तोत्र'** कै रचनाशैलीमा विकटवर्णघटनाको चमत्कार पाइन्छ । माता चण्डिकाको प्रचण्डस्वरूपका साथै सुन्दर रूपाकृति र करुणामयी छविलाई पनि यस छन्दमा सफलताका साथ प्रतिबिम्बित गरिएको छ । जस्तै :

ISI(ज) SIS(र) ISI(ज) SIS(र) ISI(ज) S(ग

अ. **जय प्रचण्डचण्डमुण्डखण्डनैकपण्डिते**

विरञ्चिविष्णुरुद्रचन्द्रदेववृन्दवन्दिते

---

[40] **अभि सं.१२**. पद्य- २ ।
[41] 'प्रमाणिकापदद्वयं वदन्ति पञ्चचामरम्', श्री गङ्गादास, **पूर्ववत् नं.२१**. पृ. ७९ ।
[42] **उही**. पृ. १२६ ।
[43] 'जरौ जरौ ततो जगौ च पञ्चचामरं वदेत्',आप्टे, **पूर्ववत नं.१४**. पृ. ११९२ ।
[44] पोखरेल र अन्य (सम्पा.), **पूर्ववत् नं.१४**. पृ. ७६३ ।
[45] आप्टे, **पूर्ववत् नं.१४**. पृ. ११९२ ।
[46] **अभि सं. ३३** ।

चलच्चकोरञ्चरीकचण्डचारुलोचने
विलोलकुन्तलावलीविलासवासकेतने ॥[47]

आ. वदामि किन्तु तेन्वहं महागिरीन्द्रबालिके
सदा समीहितं मुदा निधेहि रुद्रनायिके ।
इदं मुदा कवीन्द्रमल्लभूमिपालनिर्मितं
पठन्तु भव्यकामुकास्तु चण्डिकाष्टकं हितम् ॥[48]

३.२.१.९ पृथ्वी

क्रमश: ज (।ऽ।), स (।।ऽ), (ज) (।ऽ।), स (।।ऽ), य (।ऽऽ), लग (।ऽ), गण र वर्णहरूको प्रयोगबाट पृथ्वी छन्द बन्दछ । यस छन्दको वाचन गर्दा क्रमश: ८ र ९ वर्णपछि यति वा विश्राम पर्न जान्छ ।[49] जम्मा १७ अक्षरमा सम्पन्न हुने यो छन्द लामो आयाम भएको छन्द मानिन्छ । संस्कृत वाङ्मयमा र नेपालीमा पनि यस छन्दको प्रयोग पाइन्छ । निकै साधनापछि मात्र यसको प्रयोग गर्न सकिने भएकाले र रचना गर्न/वाचन गर्न पनि अभ्याससाध्य भएकोले यस छन्दको प्रयोग त्यति प्रचुर मात्रामा भएको देखिंदैन । पृथ्वीमा झैं पर्याप्त (वर्णहरूको) धारणाशक्ति भएको, ठूलो (लामो) आयाम भएको (पृथु) छन्दको अभिप्रायमा यसको नाम 'पृथ्वी' रहेको प्रतीत हुन्छ । विशेषत: गम्भीर विषयवस्तु, दार्शनिक चिन्तन र विस्तृत विवरणको प्रस्तुतिमा यस छन्दको गरिमा रहेको अवस्था देखिन्छ ।

अभिलेखमा पृथ्वी छन्द

।ऽ।(ज) ।।ऽ(स) ।ऽ।(ज) ।।ऽ(स) ।ऽऽ(य) ।ऽ(ल.गु.)

अ. कवीन्द्रनपृतल्लजैस्सकलशास्त्रतन्त्रादिकं
निशम्य गुरुसन्निधौ परमभक्तियुक्तैर्मुदा ।
गिरीन्द्रवरकन्यका- चरणवारिजाऽऽर्च्चाकुलै :
कपाटयुगमर्पितं प्रमुवितैर्भवान्या मुदे ॥[50]

आ. विलोक्य निखिलं मतं सकलतन्त्रमध्यान्मुदा
प्रगृह्य च कपाटके विमलदेहलीच्छादने
पटे च विधिपूर्व्वकं निखिलदेववृन्दादिकं
विरच्य कनकैः शुभं प्रथितरूपमास्थापितम् ॥[51]

---

[47] **अभि सं.३३**. पद्य-१ ।
[48] **उही**. पद्य-२० ।
[49] 'जसौ जसयला वसुग्रहयतिश्च पृथ्वी गुरु:' श्री गङ्गादास, **पूर्ववत् नं. २१**. पृ. ८५ ।
[50] **अभि सं.३८**. पद्य-१ ।

राजा प्रताप मल्लका अभिलखेहरूमा यिनै दुईवटा पृथ्वीछन्दाश्रित पद्य पाइन्छन् , जसको प्रकाशित मूलपाठ निकै त्रूटिपूर्ण र अपूर्णसमेत रहेको देखिन्छ । यहाँ दिइएको पाठ **शोध-निर्देशक प्रा. खेमराज केशवशरणज्यू**को सान्निध्यमा रहेर, श्रमपूर्वक परिष्कार गरेर तैयार गरिएको हो ।

३.२.१.१० शार्दूलविक्रीडित

शार्दूलविक्रीडित नेपालीमात्रको जातीय छन्द मानिन्छ । आदिकवि भानुभक्तले यसै छन्दमा रचिएको रामायण पछि नेपालीहरूको जातीय एकताको अद्वितीय कारकका रुपमा अत्यन्त लोकप्रिय बनेकाले यस छन्दसँग प्रायः सबै परिचित रहेका देखिन्छन् । संस्कृत र नेपाली वाङ्मयमा विशेषतः अत्यन्त प्रख्याति पाएको यस छन्दलाई धेरै कविहरूले प्रचुर मात्रामा प्रयोग गरेको पाइन्छ ।

क्रमशः म (ऽऽऽ), स (।।ऽ), ज (।ऽ।), स (।।ऽ), त (ऽऽ।), त (ऽऽ।) गुरु (ऽ) बाट यो छन्द निष्पन्न हुन्छ । जम्मा १९ वर्णहरू भएको यस छन्दको १२ र ७ वर्णपछि यति वा विश्राम हुने नियम रहेको छ ।[52] 'बाघको जस्तो चाल भएको' भन्ने अभिप्रायमा यसको नाम 'शार्दूलविक्रीडित' सार्थक देखिन्छ ।[53] विशेष गरेर उत्साह एवम् वीरताका प्रसङ्गमा र स्तुति वन्दनाका सन्दर्भमा यस छन्दको प्रयोग हुने कुरा क्षेमेन्द्रले[54] बताएका छन् । तर श्रृङ्गार, वीर, रौद्र र शान्त रसहरूमा समेत यसको व्यापक प्रयोग भएको देखिन्छ ।

अभिलेखमा शार्दूलविक्रीडित

ऽऽऽ(म) ।।ऽ(स) ।ऽ।(ज) ।।ऽ(स) ऽऽ।(त) ऽऽ।(त) ऽ(गुरु)

अ. नेपालक्षितिपालभालतिलकश्रीमत्प्रतापोद्भव-
प्रोद्यत्कीर्तिलतादलं सुविमलं प्रायो दिधीर्षुर्हठात् ।
चञ्चत्केतकिशङ्कयात्मकबरीं गाढं मुहुर्वृण्वती
हस्ताभ्यां त्रिपुरारिराजरमणी पायात् प्रतापं नृपम् ॥[55]

आ. गाम्भीर्यादिगुणेन सागरसमो धैर्य्येण विन्ध्याचल-
स्सौन्दर्यप्रचुरेण दैत्यदलनो रूपेण कामोपमः ।
जातो भूमितले ततोऽतिविमले वैवस्वताख्यो मनु-
र्म्मर्यादा रचिता सतां समुचिता कीर्त्तिप्रदा येन वै ॥[56]

---

[51] **उही**, पद्य-२ ।
[52] 'सूर्याश्वैर्यदि मः सजौ सततगाः शार्दूलविक्रीडितम्' श्री गङ्गादास, **पूर्ववत् नं.२१**, पृ. १०० ।
[53] आप्टे, **पूर्ववत् नं. १४**, पृ. १०१२ ।
[54] ढकाल, **पूर्ववत् नं. १२**, पृ. १९३ ।
[55] **अभि सं.१**, पद्य-१ ।
[56] **अभि सं.२३**, पद्य-३ ।

माथिका उदाहरणहरूमा प्रथमतः माता पार्वतीको वर्णनमा र द्वितीयतः वैवस्वत मनुको वर्णनमा नितान्त आलङ्कारिक शैलीमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । यो अत्यन्त हृद्य देखिन्छ ।

३.२.१.११ स्रग्धरा

क्रमशः म (SSS) र (SIS), भ (SII), न (III), य (ISS), य (ISS), य (ISS)हरूको संयोजनबाट स्रग्धरा छन्द निष्पन्न हुन्छ । जम्मा २१ अक्षर भएको यस छन्दलाई प्रति सात अक्षरपछि बीचमा यति वा विश्राम दिई वाचन गरिन्छ ।[57] छन्दःशास्त्रमा लामो आयाम भएको छन्दका रूपमा गणना गरिने प्रस्तुत स्रग्धरा छन्द राजा प्रताप मल्लका अभिलेखहरूमा पनि सबैभन्दा लामो वार्णिक छन्दका रूपमा देखा परेको छ । 'स्रग्धरा' को शाब्दिक अर्थ 'माला धारण गर्ने' हो । यस लामो छन्द रचनामा सुन्दर पदपुष्पको श्रृङ्खला अनुस्यूत भएर माला (पदमाला)को रूप धारण गर्ने भएकाले 'स्रग्धरा' शब्दको अभिप्राय चरितार्थ हुने कुरा सहृदयजनलाई प्रतीत हुन्छ । संस्कृत र नेपाली वाङ्मयमा बहुप्रयुक्त यो छन्द अभ्यासपारंगत कविहरूबाट मात्र प्रयोग गर्न सकिने, श्रमसाध्य छन्द मानिन्छ । कात्यायनले वीरताको प्रसङ्गमा र क्षेमेन्द्रले आवेगापन्न पवन आदिको वर्णनमा यस छन्दको प्रयोग सुष्ठु हुने कुरा सङ्केतं गरेका छन् ।[58] संस्कृत र नेपाली दुवै भाषाका रचनाहरूमा पनि उक्त सङ्केत प्रतिफलित भएको देख्न सकिन्छ ।

अभिलेखमा स्रग्धरा छन्द

SSS(म) SIS(र) SII(भ) III(न) ISS(य) ISS(य) ISS(य)

अ. तत्पुत्रो यक्षमल्लः प्रबलरिपुहरः कर्णतुल्योऽवनीशः
सर्व्वासां नागरीणान्नयनसुखकरस्सर्व्वस्सज्जनानाम् ॥
प्रोद्यद्दोर्दण्ड- चण्डाऽऽहृतनिशितमहाखड्गपातैर्विपक्षान्
क्षिप्त्वा सद्यः क्षितीशान् क्षितितलविमले प्रोल्लसत्कीर्तिचन्द्रः ॥[59]

आ. गीते भव्ये च काव्ये कुशलमतिरतिस्वच्छसङ्कीर्णकीर्त्तिः
प्रोद्यद्गङ्गाप्रवाहैरतिधवलतरैः प्लाविताशेषभूमि : ।
प्रोदञ्चत्क्षोणिपालोज्ज्वलमुकुटमणिज्ज्योतिरुद्योतिताङ्घ्रिः
सोऽयं राजाधिराजश्चिरमवनितले जीवतु श्रीप्रतापः ॥[60]

---

[57] श्री गङ्गादास, **पूर्ववत् नं.२१.** पृ. १०८ ।
[58] ढकाल, **पूर्ववत् नं.१२.** पृ. ११४ ।
[59] **अभि सं.२३.** पद्य-१२ ।

यहाँ प्रस्तुत पद्यहरूमा राजा यक्षमल्ल र प्रताप मल्लको वर्णन सन्दर्भमा वीरता, यश र ऐश्वर्यादिको प्रौढ प्रस्तुति गर्दा स्रग्धरा छन्दको प्रयोग अत्यन्त प्रभावकारी देखिएको छ ।

३.२.१.१२ आर्या छन्द

यो छन्द मात्रामा आधारित हुन्छ । यसलाई जाति छन्दअन्तर्गत गणना गरिन्छ । आर्या छन्दको लक्षण अनुसार पहिलो र तेस्रो चरणमा बाह्र मात्रा, दोस्रो चरणमा अठार मात्रा र चौथो चरणमा पन्ध मात्रामा उपनिबद्ध पद्यलाई आर्या[61] भनिन्छ । मात्रामा आधारित मार्त्रिक छन्दमा ह्रस्व वर्णलाई एक मात्रा र दीर्घ वर्णलाई दुई मात्रा भनिन्छ ।[62]

आर्या छन्दका नौ भेद मानिन्छन् : पथ्या, विपुला, चपला, मुखचपला, जघनचपला, गीति, उपगीति, उद्‌गीति र आर्यागीति । यी भेदहरूमध्ये अन्तिम चार प्रकार नै संस्कृत भाषामा बढी प्रयुक्त हुन्छन् ।[63] आर्या छन्द अत्यन्त सुन्दर लयमा आधारित हुन्छ । यसले कथ्यलाई हार्दिक र लयात्मक एवं मनोहारी बनाएर प्रस्तुत गरेको पाइन्छ । संस्कृत र नेपाली भाषाका कविताहरूमा आर्या छन्दको वैभव देख्न सकिन्छ ।

अभिलेखमा आर्या

राजा प्रताप मल्लका अभिलेखमा प्रस्तुत काव्यमा जम्मा एक ठाउँमा मात्र आर्या छन्दको प्रयोग भएको पाइन्छ । पशुपति प्राङ्गणस्थित अभिलेखमा[64] वंशवर्णनका क्रममा एउटा आर्या छन्दको उपयोग गर्दै राजा प्रताप मल्लले आफ्ना पितामह हरिहरसिंहको यशस्वी व्यक्तित्वको वर्णन गरेका छन् । जस्तै :

'तस्माद्धरिहरसिंहो नरपतिसिंहो बभूव भूपालः ।
गच्छति जलनिधिपारं कीर्तिरेकाकिनी यस्य ॥[65]

३.२.१.१३ मात्रासमक

यो पनि मात्रिक छन्द हो । यसमा पनि चारै चरण हुन्छन् । यसमा प्रत्येक चरणमा सोह्र मात्रा हुन्छन् । यसमा पनि ह्रस्वलाई एक मात्रा र दीर्घलाई दुई मात्राका रूपमा गणना गरिन्छ । यसको अत्यन्त सामान्य प्रकारमा नवौं वर्ण लघु र अन्तिम वर्ण दीर्घ रहने गर्दछ ।[66] तर वर्णहरूमा ह्रस्व र दीर्घको भिन्नताले गर्दा यस छन्दका अनेकौं भेद हुन जान्छन् । तीमध्ये

---

[60] **अभि सं.१**, पद्य-२७ ।
[61] आप्टे, **पूर्ववत् नं. १४**, पृ. ११९७ ।
[62] **उही** ।
[63] **उही** ।
[64] **अभि सं.२३** ।
[65] **अभि सं.२३/१** ।
[66] आप्टे, **पूर्ववत् नं. १४**, पृ. ११९८ ।

वनवासिका, चित्रा, उपचित्रा, विश्लोक र पादाकुलक आदि प्रसिद्ध भेद हुन् ।[67] पद्यका चरणमा जति विविधता देखिए पनि प्रत्येक चरणमा सोह्र मात्रा हुनु नै यस छन्दको परिचय हो ।

अभिलेखमा मात्रासमक छन्द

राजा प्रताप मल्लको साहसिक यात्रा वृत्तान्तमा आधारित शान्तिपुरको अभिलेखमा परेको 'वृष्टिचिन्तामिणस्तोत्र'[68] मा यो छन्द प्रयुक्त छ । मात्रासमकका विभिन्न रूपहरू यहाँ देख्न सकिन्छ । जस्तै -

अ. **दक्षिणपादतले तव काली, वामे भैरव वसति सुमाली ।**

नामललितमहासम्बरसारं, शक्त्यालिङ्गितममरसुहारम् ॥[69]

आ. **आगतवान् खलु प्रमुदितहृदयस्सकलप्रजासु सदा खलु सदयः ।**

तत्क्षणमेव जगज्जलपूर्णं जातमहो खलु वृष्ट्या तूर्णम् ॥[70]

३.२.१.१४ गीति छन्द

शास्त्रीय छन्दबाहेक लोकमा प्रचलित गीतिलयमा आधारित छन्दका रचनाहरू पनि राजा प्रताप मल्लका अभिलेखहरूमा पाइन्छन् । यस्ता रचनाहरूको लक्षण कुनै शास्त्रीय लक्षणग्रन्थमा पाइँदैन, तर लोकजीवनमा यी समादृत हुन्छन् र जनमानसमा भिजिसकेका हुन्छन् । मूलतः यिनमा मात्राको नियमनबाट लयको सृजना भएको हुन्छ । यस्ता गीति छन्दमा आवद्ध केही रचनाहरू यसप्रकार छन् :

अ. **समितिखण्डितमुण्डमण्डितचण्डहृदयसुमालिके**

विषमपितृवनवासतत्परदेवपशुपतिलासिके ।

तव पदद्वयधूलिलोलुपनिकटविनिहतभालकम्

श्रीकवीन्द्रप्रतापनरपतिमम्ब पालय बालकम् ॥[71]

आ. **कपटकोटिकपाटपाटनप्रकटकृतकरपाटवं**

भीमरूप भयानकाननगमनजनितमहारवम् ।

वन्हिवासववरुणसुरवरवन्दितं वरदायकं

प्रौढदम्भहिडिम्बहिंसनबहलबकबलतापकम् ॥[72]

---

[67] **उही ।**
[68] **अभि सं. २८ ।**
[69] **उही २८/६ ।**
[70] **उही २८/३० ।**
[71] **अभि सं. २०/२३.२४ ।**
[72] **अभि सं. २१/२ ।**

३.२.२ अलङ्कारविधान

३.२.२.१ अलङ्कार : परिचय र परम्परा

'अलम्' पूर्वक 'कृ' धातुमा घञ् प्रत्यय लागेर (अलम्+कृ+घञ्) अलङ्कार शव्द वन्दछ ।[73] 'अलम्' भनेको पर्याप्त हो र 'कार:' भनेको गर्नु हो । यसरी कुनै वस्तुमा पर्याप्तता/पूर्णता ल्याउनु नै अलङ्कारको कार्य हो भन्ने स्पष्ट हुन्छ । प्रचलित अर्थमा काव्यमा पूर्णता वा पर्याप्तता ल्याउने यद्वा शब्दार्थलाई सजाउने, श्रृङ्गार गर्ने र सुन्दर वनाउने काव्य तत्त्वलाई नै 'अलङ्कार' शब्दले बुझाउँछ । 'अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिँगार्ने तत्त्व भएको, साहित्यशास्त्रको एक अङ्ग; काव्यको चमत्कारपूर्ण वर्णनशैली'[74]का रूपमा यसलाई अर्थ्याइएको पाइन्छ ।

'अलङ्कार' पौरस्त्य परम्परामा धेरै पुरानो शब्द हो । यसको सर्वप्रथम प्रयोग 'अरङ्कृता:' का रूपमा ऋग्वेदमा पाइन्छ ।[75] तदनन्तर गार्ग्य, यास्क, पाणिनि, कात्यायन आदिले यस शब्दको प्रयोगमा निरन्तरता दिँदै गए । पछि इ.पू. प्रथम शताब्दीका आचार्य भरतमुनिले अलङ्कारलाई काव्याङ्ग मानेर काव्यशास्त्रीय दृष्टिले यस शब्दको विवेचन गरे । त्यसपछि भामह, दण्डी, उद्भट, रुद्रट, वामन, मम्मट, रुय्यक, जयदेव, विश्वनाथ, अप्पयदीक्षित र पण्डितराज जगन्नाथहरूले अलङ्कारको परिभाषा, विवेचना र प्रयोग गर्दै काव्यमा अलङ्कारको स्थिति, महत्ता र प्रयोगको सन्दर्भलाई विस्तारित गरे ।

यस प्रक्रममा अलङ्कारका विभिन्न परिभाषा बने; विभिन्न अवधारणाहरू आए । एकथरी भामह, दण्डी, वामन आदि अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई नै काव्यको सर्वस्व माने र 'अलङ्कार हुनाले नै काव्य ग्राह्य हुन्छ'[76] भन्ने मत प्रस्तुत गरे । अर्काथरी आनन्दवर्धन, मम्मट र विश्वनाथजस्ता काव्यात्मवादी आचार्यहरूले भने **'शब्द र अर्थद्वारा काव्यात्मभूत रसको उपकार गर्ने हार आदि आभूषणजस्तै अलङ्कारका रूपमा अनुप्रास र उपमा आदि हुन् ।'**[77] भनेर अलङ्कारलाई काव्यको अनिवार्य तत्त्वका रूपमा नभएर शोभाधायक वस्तुका रूपमा स्वीकार गरेका छन् । यही अवधारणा आजभोलि वहुस्वीकृत र मान्य बन्न पुगेको छ ।

---

[73] आप्टे, **पूर्ववत् नं. १४.** पृ. १०२ ।
[74] पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १५.** पृ. ८० ।
[75] डा. केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त.** ते.सं. (काठमाडौं, साझा प्रकाशन, वि.सं.२०५५) पृ. न. ९३ ।
[76] 'काव्यं ग्राह्यमलङ्कारात्' - **वामन. काव्यालङ्कारसूत्रवृत्ति:** ।
[77] 'उपकुर्वन्ति तं सन्तं येऽङ्गद्वारेण जातुचित्/हारादिवदलङ्कारास्तेऽनुप्रासोऽपमादय' मम्मट; **काव्यप्रकाश ८/६७** ।

३.२.२.२ अलङ्कारको परिभाषा

प्रस्तुत शोधप्रबन्धमा अलङ्कारका सन्दर्भमा **कविराज विश्वनाथ** (१४ औं शताब्दी)को मतलाई मानक मानेर उनको प्रसिद्ध कृति 'साहित्यदर्पण'मा प्रतिपादित अलङ्कारपरिभाषाका आधारमा राजा प्रताप मल्लका अभिलेखहरूमा प्रस्तुत अलङ्कार-विधानको अध्ययन गरिनेछ । तद्नुसार :

शब्दार्थयोरस्थिरा ये धर्माः शोभातिशायिनः ।

रसादीनुपकुर्वन्तोऽलङ्कारास्तेऽङ्गदादिवत् ॥

(विश्वनाथ : साहित्यदर्पण १०/१)

'सौन्दर्य बढाउने र रसको उपकार गर्ने, शब्दार्थका जुन अस्थिर धर्म हुन्छन्, ती अङ्गद (पाखुरामा बाँधिने, रत्न मोती आदि अमूल्य द्रव्य जडेका सुनका गहना)[78] **आदि झैं काव्यका अलङ्कार हुन् ।'** जसरी अङ्गद आदि अलङ्कारहरू शरीरको शोभा बढाएर मानवहरू (शरीरी)को उपकार गर्दछन्, त्यसैगरी अनुप्रास र उपमादि अलङ्कारहरू पनि शब्द र अर्थको शोभा बढाएर रसादिको उपकारक बन्न पुग्दछन् । अलङ्कारहरू अस्थिर भएका हुंदा गुणहरूको झैं आवश्यक स्थिति यिनको छैन ।[79]

यसरी रसात्मभूत काव्यको अतिशय शोभा बढाउने, शब्दार्थमा रहने धर्मलाई नै अलङ्कार भनिन्छ । काव्यसाधनामा संलग्न कविले काव्यमा विशेष चारुता झल्काउन, आफ्नो प्रतिभा, व्युत्पत्ति र अभ्यासका बलले शब्द र अर्थमा प्रस्तुत गरेको चमत्कारी वचन-चातुर्य, उक्तिवैचित्र्य वा कथनभङ्गिमालाई नै वस्तुतः अलङ्कार भनिन्छ ।

३.२.२.३ अलङ्कारको वर्गीकरण

अलङ्कार प्रथमतः दुई वर्गमा विभाजित छ : शब्दालङ्कार र अर्थालङ्कार । कुनै अलङ्कार दुवै वर्गमा पनि पर्दछन्, त्यस्ता अलङ्कारलाई उभयालङ्कार भन्ने गरिन्छ ।[80]

३.२.२.३.१ शब्दालङ्कार

जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत तुल्याउँछ त्यसलाई शब्दालङ्कार भनिन्छ । राजा भोजको प्रसिद्ध कथन छ : **"जसले व्युत्पत्ति आदिद्वारा शब्दलाई अलङ्कृत पार्दछन्, ती शब्दालङ्कार हुन् ।"**[81]

---

[78] पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १५.** पृ. ११ ।
[79] कविराज विश्वनाथ, **सा.द.१०/१ वृत्तिभाग ।**
[80] भोज : **सरस्वतीकण्ठाभरण. २/१ ।**
[81] 'ये व्युत्पत्त्यादिना शब्दमलङ्कर्तुमिह क्षमाः ।
शब्दालङ्कारसंज्ञास्ते', भोज, सरस्वतीकण्ठाभरण, २/२ ।

अभिलेखमा शब्दालङ्कारविधान

राजा प्रताप मल्लका अभिलेखहरूमा के कस्ता शब्वालङ्कारहरूको कसरी प्रयोग गरिएको छ, भन्ने विषयको अध्ययन अब गरिन्छ । तदनुसार यी अभिलेखहरूमा निम्नानुसारका शब्दालङ्कारहरू निम्नवत् प्रयोग गरिएका छन् :

क पुनरुक्तवदाभास

एउटै अर्थ भएका, तर भिन्न भिन्न आकारका पर्यायवाची शब्दहरू दोहोरिएको जस्तो आभास भएमा 'पुनरुक्तवदाभास' अलङ्कार हुन्छ ।[82] यसमा पुनरुक्ति भएको जस्तो लाग्छ मात्र, वास्तवमा शब्दमात्र होइन, शब्दार्थ नै फरक हुन्छ । शब्दको पुनरुक्ति भएजस्तो आभास दिने हुंदा यसको नाम 'पुनरुक्तवदाभास' रहेको स्पष्ट हुन्छ । हुन त यो उभयालङ्कार हो तापनि प्राचीन आचार्यहरूले यसलाई शब्दालङ्कारकै श्रेणीमा राखेकाले आचार्य कविराज विश्वनाथले पनि यसलाई शब्दालङ्कारकै रूपमा प्रथमतः प्रस्तुत गरेका छन् ।[83]

अभिलेखमा पुनरुक्तवदाभास

अ. गीतेन तेन तरुणीहृदयं विशुद्धं

कामाभिलाषपदमानयतेव हन्त ॥'[84]

उपर्युक्त पद्यखण्डको अन्तिम खण्डमा परेका 'काम' र 'अभिलाषा' यी दुवै पदले 'इच्छा' भन्ने अभिप्राय बुझाउने[85] हुंदा पर्यायवाची शब्दको पुनरुक्ति भएजस्तो आभास पैदा हुन्छ । तर, गहिरिएर अर्थ बुझ्दा यहाँ 'कामले कामवासना र 'अभिलाष'ले इच्छा भन्ने अभिप्राय व्यक्त गरेको पाइन्छ । प्रताप मल्लको वर्णन प्रसङ्गमा आएको यस रचनामा **'उनको गीतले सुन्दरी तरुणीहरूको हृदयलाई पनि कामवासनाको अभिलाषी बनाएको'** अभिप्राय स्पष्ट देखिन्छ । यसप्रकार यहाँ 'काम' र 'अभिलाष' शब्दहरूद्वारा पुनरुक्तवदाभास शब्दालङ्कारको विधान गरिएको स्पष्ट हुन्छ ।

आ 'मुदानन्दसन्दोहमग्नं वपुर्म्मे,

विधेहि क्वणत्किङ्किणीके कराले ॥'[86]

---

[82] 'आपततो यदर्थस्य पौनरुक्तचेन भासनम्/पुनरुक्तवदाभासः स भिन्नाकारशब्दगः ।' विश्वनाथ, **सा.द.१०/२** ।

[83] **उही** ।

[84] **अभि सं. १/१६** ।

[85] आप्टे, **पूर्ववत् नं. १४**, पृ. ७५ र २६५ ।

[86] **अभि सं. २०/१४** ।

यहाँ प्रयुक्त 'मुद्' र 'आनन्द' दुवैको अर्थ आनन्द नै भएकाले[87] पर्यायवाची शब्दको पुनरुक्ति भाएको प्रतीत हुन्छ, तर गहिरिएर अर्थानुसन्धान गर्दा देवी वज्रयोगिनीलाई स्तवन गरिएको यस सन्दर्भमा उहाँलाई प्रार्थना गर्दै प्रताप मल्लले व्यक्त गरेको **'कराल स्वरूप भएकी, क्वणित-किङ्किणी धारण गर्ने देवी ! मेरो शरीरलाई प्रसन्नतापूर्वक आनन्दराशिमा मग्न तुल्याउनुहोस्'** भन्ने अभिप्राय स्पष्ट हुन्छ । यसरी मुदाको अर्थ 'प्रसन्नताले' भन्ने स्पष्ट हुनाले 'आनन्द' भन्दा भिन्न अर्थ प्रकट भएको हुँदा पुनरुक्तवदाभास अलङ्कारको सौन्दर्य व्यक्त हुन पुगेको छ ।

राजा प्रताप मल्लका अभिलेखहरूमा अनेक स्थानमा यस अलङ्कारको सौन्दर्य पाइन्छ ।[88]

ख अनुप्रास

स्वरमा विषमता भए तापनि शब्द अर्थात् पद, पदांशको समानता वा सादृश्यलाई अनुप्रास अलङ्कार भनिन्छ ।[89] वस्तुत: पद-पदावलीअन्तर्गत समान ध्वनि भएका एक वा अनेक व्यञ्जन वर्णहरूको बारम्बार आवृत्ति हुँदा पैदा हुने शब्दालङ्कार[90] नै अनुप्रास हो । रसादिको अनुगत भई प्रकृष्ट रूपमा वर्णहरूको न्यास (राख्ने कार्य) नै अनुप्रासको शब्दार्थ हो । यसका छेक, वृत्ति, श्रुति, अन्त्य र लाट गरी पाँच प्रकार हुन्छन् ।[91]

अ छेकानुप्रास

अनेक व्यञ्जनको उस्तै क्रममा एक पटकमात्र आवृत्ति भएमा छेकानुप्रास हुन्छ । 'छेक' भनेको विदग्ध (चतुर व्यक्ति) हो, त्यस्तालाई प्रिय हुनाले यसको नाम छेकानुप्रास रहन गयो ।[92]

अभिलेखमा छेकानुप्रास

१. 'उत्पाद्य प्रबलप्रतापनृपते रानन्दकन्दोदयम् ।'[93]

यहाँ 'न्द'को एक पटक आवृत्ति हुनाले छेकानुप्रास भयो ।

२. 'भ्रमद्भ्रमरिकाव्याजेन कल्पद्रुमो ।'[94]

---

87 आप्टे, **पूर्ववत् नं. १४**, पृ. ८०७ ।
88 उदा. **'प्रतापं तपनमनुपमम्'** अभि.सं. २३/२८, **'दुष्टानां द्विषताम्'** अभि सं. १/६ आदि ।
89 अनुप्रास: शब्दसाम्यं वैषम्येऽपि स्वरस्य यत्' **विश्वनाथ. सा.द.१०/३** ।
90 पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १४**, पृ. ४२ ।
91 विश्वनाथ, **सा.द.१०/३** ।
92 'छेको व्यञ्जनसङ्घस्य सकृत् साम्यमनेकधा ।......' **विश्वनाथ सा.द. १०/३** ।
93 **अभि सं. १/२** ।
94 **अभि सं. १/२४** ।

३. 'अस्य श्रीमत्प्रतापक्षितिरमणमणेः ।'[95]

४. 'मुदानन्दसन्दोह मग्नं वपुर्म्मे ।'[96]

५. 'सानन्दं सरसीरुहेषु तनुते मैत्रीं विचित्राकृतिः ।'[97]

उपर्युक्त उदाहरणहरूमा क्रमशः 'भ्रम', 'मण', 'न्द', 'सर' र 'त्र' व्यञ्जनहरूको एकपल्ट पुनरावृत्ति भएकाले छेकानुप्रासको सौन्दर्य प्रकट हुन पुगेको छ । राजा प्रताप मल्लका अभिलेखहरूमा प्रचुर मात्रामा छेकानुप्रासको रमणीयता प्रस्तुत भएको पाइन्छ ।

आ वृत्यनुप्रास

एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रमबिना एक पटक वा अनेक पटक आवृत्ति भएमा वृत्यनुप्रास हुन्छ ।[98]

अभिलेखमा वृत्यनुप्रास

१. 'नत्वा गिरीन्द्रतनयां प्रलयानलाभां ।'

भालोल्लसल्ललितचन्द्रकलाभिरामाम् ।'[99]

यहाँ प्रथम पङ्क्तिमा 'न' वर्णको चार पटक र दोस्रो पङ्क्तिमा 'ल' वर्णको सात पटक आवृत्ति हुनाले वृत्यनुप्रासको श्रुतिमाधुर्य पैदा भएको छ ।

२. ...वंशावलीम्बितनुते विमलाङ्गवीन्द्र :'[100]

३. 'कपटकोटिकपाटपाटनप्रकटकृतकरपाटवम् ।'[101]

४. 'जय प्रचण्डचण्डमुण्डखण्डनैकपण्डिते ।'[102]

५. 'निशुम्भशुम्भदम्भदावदारणैकतोयदे ।'[103]

---

[95] अभि सं. १/२५ ।
[96] अभि सं. २०/१४ ।
[97] अभि सं. २३/२ ।
[98] 'अनेकस्यैकधा साम्यमसकृतद् वाप्यनेकधा/एकस्य सकृदप्येप वृत्यनुप्रास उच्यते ।' विश्वनाथ, **विश्वनाथ. सा.द. १०/४**
[99] अभि सं. २३/१ ।
[100] अभि सं. २३/१ ।
[101] अभि सं. २१/२ ।
[102] अभि सं. ३३/१ ।
[103] अभि सं. ३३/३ ।

उपर्युक्त उदाहरणहरूमा प्रथम पङ्क्तिमा 'व'को चार पटक, दोस्रोमा क, प, ट को क्रमश: ६, ५, ६ पटक, तेस्रोमा 'ण्ड'को पाँच पटक र पाँचौं पङ्क्तिमा 'म्भ'को तीनपटक र 'द' को तीनपटक आवृत्ति हुनाले वृत्यनुप्रासको चमत्कार पैदा भएको छ; श्रुतिसाम्यले चमत्कारपूर्ण अलङ्कार प्रकट गरेको छ । राजा प्रताप मल्लका अभिलेखहरूमा वृत्त्यनुप्रासको सर्वाधिक प्रयोग गरिएको पाइन्छ ।

इ श्रुत्यनुप्रास

तालु, कण्ठ, मूर्धा, दन्त, ओष्ठ आदिमध्ये कुनै एक स्थानबाट उच्चरित व्यञ्जनहरूको श्रुति सादृश्यलाई श्रुत्यनुप्रास भनिन्छ । सहृदयहरूलाई अत्यन्त श्रुतिसुख दिने हुँदा यो श्रुत्यनुप्रास कहलाउँछ ।[104]

अभिलेखमा श्रुत्यनुप्रास

१. 'जय प्रचण्ड.......... '[105]
२. '........समानवन्तराजिते ।'[106]
३. 'पक्वबिम्बविद्रुमोपमा ...... ।'[107]
४. 'मल्लभूमिपालनिर्मितम् ।'[108]
५. 'जठरकुहरजोच्चारमूत्रोर्म्मिमूर्च्छत् ।'[109]

उपर्युक्त उद्धरणहरूमा क्रमश: 'जय' मा तालुस्थानीय, 'नदन्त'मा दन्त्यवर्ण, 'विम्व र भूमिपाल' मा ओष्ठ्य वर्ण र अन्त्यमा 'च छ ज' जस्ता वर्त्स्य व्यञ्जनहरूको सादृश्यले श्रुत्यनुप्रासको लालित्य पैदा हुनाले सहृदयहृदयमा श्रुतिसुखको अनुभूति हुन पुगेको अनुभव गरिन्छ । अभिलेखमा यस्तो प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ ।[110]

ई अन्त्यानुप्रास

पहिलो स्वरवर्णलाई साथ लिएर यदि उस्तै अवस्था (स्वरूप र आकार)मा व्यञ्जन/व्यञ्जनहरूको आवृत्ति भयो भने अन्त्यानुप्रास हुन्छ । यसको प्रयोग पद्यका पद वा पाउको अन्त्यमा गरिने हुँदा यसलाई अन्त्यानुप्रास भनिन्छ ।[111]

---

[104] 'उच्चार्यत्वाद्यदेकत्र स्थाने तालुरदादिके/सादृश्यं व्यञ्जनस्यैव श्रुत्यनुप्रास उच्यते ।' **विश्वनाथ. सा.द. १०/५ ।**
[105] **अभि सं. ३३/१ ।**
[106] **अभि सं. ३३/५ ।**
[107] **अभि सं. ३३/५ ।**
[108] **अभि सं. ३३/८ ।**
[109] **अभि सं. ३९/१ ।**
[110] 'नन्दितानन्तमित्रम्' आदि, **अभि सं. १९/३ ।**
[111] 'व्यञ्जनं चेद्यथावस्थं सहाद्येन स्वरेण तु/आवर्त्यते ऽन्त्ययोज्यत्वादन्त्यानुप्रास एव तत् ।' **विश्वनाथ. सा.द. १०/६ ।**

अभिलेखमा अन्त्यानुप्रास

१. ...जटाऽधस्तटालम्बिगङ्गाप्रवाहं

स्फुरन्नेत्रतेजःकृतानङ्गवाहम् ।

चिताभस्मभिर्भूषिताशेषदेहं

पशूनां पतिं भव्यरूपं भजेऽहम् ॥'[112]

उपर्युक्त पद्यको पहिलो र दोस्रो पाउका अन्तमा 'वाहम्' र 'दाहम्' मा 'आहम्' को तेस्रो र चौथो पाउका अन्तमा 'देहम्' र 'जेऽहम्' मा 'एहम्'को आवृत्ति हुनाले अन्त्यानुप्रास पैदा भएको छ ।

२. 'जगत्त्रासकं कंसमुन्मूलयन्तं ।

यदूनां कुलं निर्भयं कल्पयन्तम् ।

गुरुग्राहवक्त्रात् गजं मोचयन्तम्

जरासूनुसेनासमूहं वहन्तम् ।[113]

उपर्युक्त उदाहरणहरूमा चारैवटा पाउमा आएको 'अन्तम्' स्वरादिव्यञ्जनसङ्घातले अत्यन्त लालित्यपूर्ण अन्त्यानुप्रासको सौन्दर्य प्रकट गरेको छ ।

३. 'दिनेशो धनेशो जलेशो रमेशो ।'[114]

४. ...सदाट्टहासकारिणि प्रमत्तदैत्यदारिणि ।'[115]

५. 'कार्णाटी रङ्गघाटी कुचकनकघटी कामलीलैकवाटी

स्वर्णालङ्कारकोटी हरिसदृशकटी चारुदेहानुपाटी ।'[116]

उपर्युक्त उदाहरणहरूमा क्रमशः 'दिनेशो, धनेशो, जलेशो, रमेशो'मा पदान्तमा 'एशो', 'कारिणि' र 'दारिणि' मा पदान्तमा 'आरिणि', 'कार्णाटी' 'रङ्गघाटी' 'लीलैकवाटी' 'देहानुपाटी'मा 'आटी'को पदान्तमा र पादान्तमा समेत भएको आवृत्तिले गर्दा अन्त्यानुप्रासको चारुता श्रुतिसुखद रूपमा अनुभूत हुन्छ । अभिलेखहरूमा यस्तो प्रयोग प्रचुर मात्रामा पाइन्छ ।

---

112 अभि सं. १९१ ।
113 अभि सं. ६/६ ।
114 अभि सं. २०/१० ।
115 अभि सं. ३३/७ ।
116 अभि सं. ५/९ ।

उ लाटानुप्रास

तात्पर्य मात्रको भेदमा शब्दार्थको पुनरुक्तिलाई लाटानुप्रास भनिन्छ ।[117] तात्पर्य फरक भएको तर अर्थ उही भएका शब्दको पुनरुक्ति हुने यस अनुप्रासलाई 'लाट' देशका निवासीहरूले विशेषतः मन पराउने हुँदा लाटानुप्रास भनिन्छ ।

अभिलेखमा लाटानुप्रास

१. ...हर्याद्यचञ्चत् हरिसिंहदेवो देवो जनानामजनीह तस्मात् ।'[118]

यहाँ प्रयुक्त दुइटै देवशब्द एउटै अर्थ लिएर आएका छन् । तर तिनमा तात्पर्यमात्रको फरक चाहिँ देखिन्छ । त्यसैले यहाँ लाटानुप्रासको आलङ्कारिक सौन्दर्य प्रस्फुटित भएको छ ।

२. '.....तापतापिततारणम् ।'[119]

३. 'जन्मजन्मान्तपुण्यम् ।'[120]

४. ...==..कर्ण्णने कर्ण्णशून्यः ।'[121]

५. 'कन्दर्पदर्प्पापह :।'[122]

यी स्थलहरूमा पनि 'ताप' 'जन्म' 'कर्ण्ण' र 'दर्प्प' शब्दको पुनरुक्ति अभिप्रायमात्रको भिन्नतामा समानार्थक शब्दका रूपमा भएकाले लाटानुप्रास अलङ्कारको चारुता झल्किएको पाइन्छ ।

ग यमक

सार्थक भएमा भिन्नार्थक अथवा निरर्थक स्वरव्यञ्जनसमूहको त्यसै क्रममा आवृत्ति भएमा 'यमक' अलङ्कार हुन्छ । यस अलङ्कारमा दोहोरिने कतै दुवै पद सार्थक हुन्छन्, कतै एउटा सार्थक र अर्कोचाहिँ निरर्थक हुन्छ अनि कतैचाहिँ दुवै निरर्थक हुन्छन् ।[123] यमकको अर्थ 'जोडी' वा 'जुम्ल्याहा' भएकोले[124] यहाँ उस्तै पद जुम्ल्याहाझैं जोडी बनेर आउने हुँदा 'यमक' पदको सार्थकता झल्किन्छ ।

---

[117] शब्दार्थयोः पौनरुक्त्यं भेदे तात्पर्यमात्रतः । लाटानुप्रास इत्युक्तो' ....। **विश्वनाथ. सा.द. १०/७ ।**
[118] **अभि सं. १/१३ ।**
[119] **अभि सं. २१/१ ।**
[120] **अभि सं. ४१/३ ।**
[121] **अभि सं. ३९/५ ।**
[122] **अभि सं. २३/१९ ।**
[123] 'सत्यर्थे पृथगर्थाया: स्वरव्यञ्जनसंहतेः/क्रमेण तेनैवावृत्तिर्यमकं विनिगद्यते ।........' **विश्वनाथ सा.द. १०/८**
[124] आप्टे, **पूर्ववत् नं.१४.** पृष्ठ ८३० ।

अभिलेखमा यमक

१. 'श्रीमत्प्रतापकविना कविनायकेन

केषामदायि सुखजालमनेन नेह ।'[125]

यस पद्यार्धमा आएको 'कविना - कविना' पदद्वय दोहोरिएर/आवृत्ति भएर प्रस्तुत भएकाले यहाँ 'यमक' अलङ्कारको सौन्दर्य परिलक्षित भएको पाइन्छ । **'कविहरूका नायक प्रताप (मल्ल) कविले कसलाई (आफ्नो सत्कविताद्वारा) यहाँ सुख प्रदान गर्नुभएन र ?'** भन्ने अभिप्राय रहेको उक्त पद्यांशमा आएको पहिलो स्वरव्यञ्जनसमूह **'कविना'**ले **'कविले'** भन्ने अर्थ दिएको छ भने आवृत्ति भएको **'कविना'**ले **'यकेन'**सँग जोडिएर मात्र **'कविनायकेन'** बनेर **'कविहरूका नायकले'** भन्ने अर्थ प्रकट गर्न सक्तछ ।

२. 'आसीच्छ्रीहरिसिंहदेवनृपतिर्दातावदाताशयः ।'[126]

३. 'गीतेन तेन तरुणीहृदयं विशुद्धम् ।'[127]

४. ...==दृष्ट्वा यामिनिशङ्कया तदभितश्चक्राङ्गनानाङ्गणाः ।'[128]

५. 'महाकालिकालिङ्गनोद्दामकामम् ।'[129]

उपर्युक्त पाउहरूमा क्रमशः **'दातावदाता'**मा पहिलो पद सार्थक र दोस्रो पद निरर्थक रूपमा 'दाता' आवृत्त भएको छ; **'गीतेन तेन'**मा पहिलो **'तेन'** निरर्थक र दोस्रो सार्थक; **'ङ्गनानाङ्गणाः'** दुवै **'ङ्गना/ङ्गणा'** निरर्थक; **'कालिकालि'** मा पनि दुवै **'कालि'** निरर्थक बनेर प्रस्तुत भएका छन् । यमकमा ड/र/ल, ब/व आदि समान वर्ण मान्ने नियम अनुसार[130] यहाँ पनि **'ङ्गना/ङ्गणा'** मा न/ण लाई समान वर्ण मानेर यमक अलङ्कारको अभिधान गरिएको छ ।

जस्तै :

	पहिलो पद	दोस्रो पद
१.	**कविना** (कविले/सार्थक)	कविना (निरर्थक)
२.	**दाता** (दानी व्यक्ति/सार्थक)	व-दाता (निरर्थक)

---

[125] **अभि सं. १/१६** ।
[126] **अभि सं. १/३** ।
[127] **अभि सं. १/१६** ।
[128] **अभि सं. १/२३** ।
[129] **अभि सं. १९/४** ।
[130] विश्वनाथ **सा.द. १०/८.** को वृत्तिभाग ।

३.	**गी-तेन** (निरर्थक)	**तेन** (त्यसले/सार्थक)
४.	**ङ्गना** (निरर्थक)	**ना-ङ्गणा** (निरर्थक)
५.	**कालि** (निरर्थक)	कालि (निरर्थक)

यस्ता धेरै प्रयोग यी अभिलेखहरूमा उपलब्ध छन् ।[131]

घ श्लेष

एउटै श्लिष्ट (अनेकार्थक) पदबाट अनेक अर्थ निस्किएमा (शब्द) श्लेष अलङ्कार हुन्छ ।[132]

अभिलेखमा श्लेष :

'कालाकाशदिशां प्रकाशनिपुणः कन्दर्प्पदर्प्पापहः ।'[133]

यहाँ मल्ल राजाहरूका आदिकुलपुरुष श्री सूर्यनारायणको वर्णनसन्दर्भमा आएको **'काल'** पदले **समय** र **कालो** रंग यी दुवै अर्थ प्रकट [134]गरेकाले यहाँ श्लेष अलङ्कार पर्न गएको छ । तदनुसार **'काल (समय), आकाश र सम्पूर्ण दिशाहरूलाई समेत प्रकाशित गर्न निपुण'** भन्ने र **'कालो (अन्धकाराच्छन्न) आकाश र सम्पूर्ण दिशाहरूलाई समेत प्रकाशित तुल्याउन निपुण'** भन्ने दुई किसिमका अर्थहरू यहाँ प्रकट हुन पुगेका छन् । त्यसैले यहाँ प्रयुक्त **'काल'** पदमा शब्दश्लेषको अलङ्कारचारुता प्रकट भएको देखिन्छ ।

३.२.२.३.२ अर्थालङ्कार

१. अर्थालङ्कार र यसको महत्त्व

अर्थका आधारमा सम्पन्न हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । राजा भोजको प्रसिद्ध कथन छ : **'जसले व्युत्पत्तिद्वारा अर्थलाई विभूषित पार्दछन्, ती अर्थालङ्कार हुन् ।'**[135] अर्थका माध्यमले चमत्कार पैदा गरी काव्यलाई अलङ्कृत तुल्याउने विशिष्ट कथनशैली (भनाइ) नै वस्तुतः अर्थालङ्कारका नामले परिचित छ । कुनै रचनामा शब्दपरिवर्तन गरे तापनि उस्तै अर्थ प्रकट गर्ने अन्य कुनै शब्द प्रयोग गरेपछि अलङ्कारको यथावत् उपस्थिति हुने हुँदा, अर्थद्वारा चमत्कार प्रकट गर्ने भएकाले यसलाई अर्थालङ्कार भनिएको हो । अर्थको आश्रय लिएर रहेकाले काव्योक्तिकै अङ्ग बन्ने भएकाले अर्थालङ्कारको साहित्यमा विशेष महत्त्व मानिन्छ ।

---

[131] 'सदा सा सदाशा' **अभि सं. ४१/७** आदि ।
[132] **विश्वनाथ सा.द. १०/११**, को वृत्तिभाग ।
[133] **अभि सं. २३/१** ।
[134] आप्टे, **पूर्ववत् नं.१४**, पृष्ठ २७१ ।
[135] 'अलमर्थमलङ्कर्तुं यद्व्युत्पत्यादिवर्त्मना ।
ज्ञेया जात्यादयः प्राज्ञैस्तेऽर्थालङ्कारसंज्ञया' । भोजः सरस्वतीकण्ठाभरण ।

शब्दालङ्कारमा शब्दश्रवण गरेपछि अलङ्कारको प्रतीति भइहाल्छ, तर अर्थालङ्कारमा चाहिँ शब्दोच्चारणपश्चात् त्यसको अर्थानुसन्धान गरेपछि मात्र सहृदयहरूको हृदयमा विशिष्ट चमत्कार पैदा हुने हुँदा शब्दालङ्कारको तुलनामा यस अर्थालङ्कारमा बढी गम्भीरता र चमत्कारिताको उत्कर्ष रहेको अनुभूत हुन्छ ।

अभिलेखमा अर्थालङ्कारविधान

राजा प्रताप मल्लका अभिलेखहरूमा के कस्ता अर्थालङ्कारको प्रयोग के कस्तो रूपमा भएको छ भन्ने विषयको अध्ययन अब प्रस्तुत गरिन्छ । तदनुसार उक्त अभिलेखहरूमा निम्नानुसारका अलङ्कारहरूको उदाहरणवत् प्रयोग पाइन्छ :

क. उपमा

अर्थालङ्कारहरूमध्ये सबैभन्दा प्रसिद्ध, बहुप्रचलित, बहुप्रयुक्त अलङ्कार उपमा हो । यसलाई अलङ्कारहरूको राजा भनिन्छ । संस्कृत, नेपाली, हिन्दी,उर्दूलगायत विश्व-साहित्यमा नै यस अलङ्कारको प्रचुर प्रयोग पाइन्छ । कवि हृदयले देखेको; अनुभव गरेको भाव-सत्यलाई भावकका सामु प्रस्तुत गर्न कुनै लोकविदित वस्तुसँग सादृश्यविधान गर्नुपर्ने हुन्छ । यसै सम्प्रेषण शैलीलाई औपम्य भनिन्छ; तुलना, साम्य वा समानता भनिन्छ । उपमा अलङ्कारको केन्द्रीय तत्त्व नै यही सादृश्य वा साम्य हो । कविराज **विश्वनाथ**को कथन छ -

'एउटै वाक्यमा दुई भिन्न पदार्थहरूको वैधर्म्यरहित वाच्यगत सादृश्य वा साम्यलाई उपमा भनिन्छ ।'[136] वस्तुतः कुनै दुई पदार्थका बीच रूप, गुण र क्रिया आदिको समानता देखाइएमा उपमा अलङ्कार हुन्छ ।

अ) पूर्णोपमा

उपमा अलङ्कार बन्नका लागि चारवटा तत्त्व आवश्यक पर्दछन् : **उपमेय, उपमान, साधारण धर्म र वाचक शब्द** । कविराज विश्वनाथको कथन छ : **'जहाँ उपमेय, उपमान, साधारण धर्म र वाचक पद, यी चारैवटा तत्त्व वाच्य (शब्दतः प्रतिपादित) हुन्छन् त्यहाँ पूर्णोपमा अलङ्कार हुन्छ ।'**[137]

यहाँ **'उपमेय'** भनेको तुलना गर्न लायक वर्णनीय पदार्थ हो । **'उपमान'** भनेको वर्णनीय पदार्थसँग तुलना गर्नका लागि चुनिएको वस्तु हो । **'साधारण धर्म'** भनेको उपर्युक्त दुवै (उपमेय र उपमान) मा पाइने सामान्य धर्म वा समान विशेषता हो, जो रूप, गुण र क्रियाको सादृश्यका माध्यमबाट प्रकट हुन आउँछ, जुन समानताले ती दुई पदार्थका बीच सादृश्य प्रतीति गराउँछ ।

---

[136] 'साम्यं वाच्यमवैधर्म्यं वाक्यैक्य उपमा द्वयोः ।' **विश्वनाथ सा.द. १०/१४** ।

[137] सा पूर्णा यदि सामान्यधर्मा औपम्यवाचि च/उपमेयं चोपमानं भवेद्वाच्यम्, **विश्वनाथ सा.द. १०/१५** ।

'**वाचक**' भनेको त्यस समानतालाई व्यक्त गर्ने **झैं, जस्तै, समान** आदि सादृश्यबोधक पद हो । यी चारै तत्त्व शब्दत: प्रस्तुत भएका काव्यिक कथन-विशेषमा **पूर्ण-उपमा** अलङ्कार प्रकट हुन जान्छ । जस्तै :

'काव्यका रसमा लोभी कविझैं लठ्ठ भैकन ।

प्रत्येक पुष्पमा थाले भुमराहरू झुम्मिन ॥'[138]

यस पद्यमा

१. **उपमेय** - भुमराहरू,

२. **उपमान** - कवि,

३. **साधारण धर्म** - रसको लोभी हुनु / लठ्ठ भएर झुम्मिनु,

४. **वाचक शब्द** - झैं ।

यी चारैको उपस्थिति हुनाले यहाँ पूर्णोपमा अलङ्कार प्रकट भएको छ । यहाँ '**काव्यको रसका लोभी कवि लठ्ठ भएर काव्यमा झुम्मिन लागेझैँ फूलको रसका लोभी भुमराहरू पनि प्रत्येक पुष्पमा लठ्ठ भएर झुम्मिन लागे**' भनेर कवि र भुमराका बीच गरिएको तुलना/देखाइएको सादृश्यले उपमा अलङ्कार चारै तत्वले सम्पन्न भई पूर्ण स्वरूपमा देखा परेको छ ।

यो पूर्णोपमा पनि दुई प्रकारको हुन्छ : **श्रौती** र **आर्थी** ।

क **श्रौती पूर्णोपमा** : जहाँ **इव**, **यथा**, **वा**, '**इव**' शब्दका अर्थमा 'वति' प्रत्यय (वत्) **वाचक** पदको प्रयोग गरिएको छ त्यहाँ **श्रौती पूर्णोपमा** हुन्छ । उपर्युक्त वाचक पदहरूले श्रुतिमात्रले, अथवा सुन्नासाथै सादृश्य वा औपम्यको प्रतीति गराउने हुँदा यसलाई श्रौती भनिएको हो ।

ख **आर्थी** : जहाँ **तुल्य, सदृश, सम** र '**तुल्य**' शब्दका अर्थमा '**वति**' प्रत्यय (वत्) वाचक पदको प्रयोग गरिएको छ, त्यहाँ **श्रौती पूर्णोपमा** हुन्छ । उपर्युक्त वाचक पद उपमानसँग गाँसिएर आउने हुँदा अर्थानुसन्धानपछि मात्र सादृश्य/औपम्यको प्रतीति हुने भएकोले यसलाई आर्थी भनिएको हो ।

अभिलेखमा पूर्णोपमा

१. **"आस्ते काऽप्यमरावतीव विलसद्दन्तीन्द्रदिव्याङ्गना -**

युक्ता स्वर्णमयी विहारनगरी सा राजधानी परा ।"[139]

---

[138] लेखनाथ पौड्याल : **ऋतुविचार**, वि.सं. २०५१, वसन्त विचार : पद्य ४३ ।

उपर्युक्त पद्यांशमा **'स्वर्ग झैं सुन्दर, श्रेष्ठ गजराजहरूले सम्पन्न, दिव्याङ्गनाहरूले युक्त स्वर्णमय विहारनगरी नामक प्रसिद्ध राजधानी रहेको छ'** भनी गरिएको वर्णनमा पूर्णोपमाको छटा झल्किएको पाइन्छ । यहाँ विहारनगरी नामक प्रसिद्ध राजधानी : **उपमेय**, अमरावती (स्वर्ग) : **उपमान**, श्रेष्ठ गजराज र दिव्य अङ्गनाले युक्त हुनु : **साधारणधर्म** र ***इव* : श्रौती वाचक शब्द** यी चारै तत्त्वहरूको समुपस्थितिले पूर्णोपमा (श्रौती)को सौन्दर्य झल्किएको पाइन्छ ।

२. **'सुसक्तमौक्तिकावलीसमानदन्तराजिते'**[140]

उपर्युक्त पद्यांशमा देवी पार्वतीको स्तवन गर्दै राजा प्रताप मल्ल भन्दछन् : **'टम्म मिलेका मोतीका दानाहरूसमान दन्तपङ्क्तिद्वारा सुहाएकी, हे देवी । तपाईंको जय होस्'**, यहाँ देवीका दन्तपङ्क्ति : **उपमेय**, मोतीका दानाहरू : **उपमान**, टम्म मिलेको हुनु : **साधारण धर्म** र समान : **वाचक पद**, (आर्थी) यी चारै तत्त्वहरूको उपस्थितिले आर्थी पूर्णोपमाको सौन्दर्य झल्किएको पाइन्छ । अभिलेखहरूमा पूर्णोपमाका अनेकौं उदाहरणहरू पाइन्छन् ।

आ) लुप्तोपमा

उपमाको अर्को प्रकार लुप्तोपमा हो । उपमा अलङ्कारका लागि चाहिने सामान्यधर्म आदि चार तत्त्वमध्ये एउटा, दुइटा वा तीनवटाको उल्लेख नभएका स्थितिमा पनि उपमालङ्कार हुन सक्दछ, त्यस्तो उपमालाई लुप्तोपमा भनिन्छ ।[141]

अभिलेखमा लुप्तोपमा

१. **धर्मात्मा, देवतुल्यान् दशरथतनयान् निर्जितो येन सङ्ख्ये ।'** [142]

उक्त पद्यांशमा लवको वर्णन गर्दै **'जुन धर्मात्मा लवले युद्धमा देवतुल्य दशरथपुत्रहरूलाई पनि जितेका थिए'** भन्दा **उपमेय** : दशरथपुत्रहरू, **उपमान** : देव, **वाचक शब्द** : तुल्यको प्रयोग भए तापनि **साधारण धर्म**को प्रस्तुति नभएकाले यो **'धर्मलुप्तोपमा'** को उदाहरण बन्न पुगेको छ ।

२. **'अन्तर्वल्लितविद्युदम्बुदसमाः स्तम्बेरमा दुर्द्दमा**

वाहोत्तीर्णसुवर्ण्णश्रृङ्खलयुता ग्रैवेयघण्टोद्धताः ।'[143]

---

[139] **अभि.५/६ ।**
[140] **अभि.३३/५ ।**
[141] 'लुप्ता सामान्यधर्मादेरेकस्य यदि वा द्वयोः त्रयाणां वाऽनुपादाने'.. **विश्वनाथ सा.द. १०/१७-१८**
[142] **अभि.२३/९ ।**
[143] **अभि.१/४ ।**

उपर्युक्त पद्यार्धमा राजा हरिसिंहदेवको चर्चा गर्दा आएको वर्णनप्रसङ्गमा **'मध्यभागमा बिजुलीको चमकले सम्पन्न काला बादलहरू झैं आगोमा पगालेर चमकदार बनाइएको सुनका साङ्लाले बाँधिएका दुर्दमनीय हात्तीहरूले जसको आवासगृहलाई मदजलले हिलो-हिलो तुल्याउँथे'** भन्ने आलङ्कारिक कथन पाइन्छ । यहाँ आगोमा पगालेर चमकदार बनाइएको सुनका साङ्लाले बाँधिएका हात्तीहरू : **उपमेय**, मध्यभागमा बिजुलीको चमकले सम्पन्न काला वादलहरू : **उपमान** र **सम** : समानतारूपी **वाचक शब्द**को प्रयोग गरिए तापनि **साधारण धर्म**को शब्दतः अभिधान नभएकाले यहाँ पनि **धर्मलुप्ता उपमा** पर्न गएको छ ।

३. **'लसत्पर्ण्णमाकन्दसन्मञ्जरीषु**

प्रबालभ्रमद्भृङ्गमालाभिरामाः ।

कटाक्षा अमुष्या महाकालिकायाः

करिष्यन्ति नः शर्म्म चिन्ता न काऽपि ॥[144]

'सुन्दर पातहरूले सुशोभित आम्रमञ्जरीका नवीन पालुवाहरूमा घुमिरहेका भ्रमरपङ्क्ति झैं सुन्दर (माता) महाकालिकाका कटाक्षहरूले हाम्रो कल्याण गर्नेछन्, (त्यसैले) कुनै चिन्ता छैन ।' यस वाक्यमा महाकालिकाका कटाक्षहरू (मनोरम दृष्टिपात) : **उपमेय**, पालुवामा घुमिरहने भ्रमरपङ्क्ति : **उपमान**, ती दुवैमा पाइने अभिरामता (सौन्दर्य) **साधारण धर्म**को उल्लेख भए तापनि 'इव' आदि **वाचक-पद** प्रयोग नगरिएकाले यहाँ **वाचकलुप्ता उपमा** पर्न गएको देखिन्छ ।

४. **'तव्वंशे विमले बभूव धरणीचन्द्रो दिलीपो हि यः ।'**[145]

उक्त पद्यांशमा **'तिनै वैवस्वतको उज्ज्वल वंशमा धरणी (पृथ्वी)का चन्द्रझैं दिलीप पैदा भए'** भन्ने वाक्यमा दिलीप : **उपमेय**, चन्द्र : **उपमान**मात्र प्रस्तुत गरिएको छ । यसरी **साधारणधर्म** र **वाचक पद** दुवैको लोप भएको **धर्म-वाचकोभयलुप्ता उपमा** यहाँ पर्न गएको देखिन्छ ।

५. **'सेयं रूपमती सती गुणवती स्वर्णद्युतिः सन्मति-**

र्म्माद्यत्कुञ्जरगामिनी प्रणयिनी साक्षात् परा रुक्मिणी ।

आसीत् सर्व्वगुणस्थितेर्नरपतेः श्रीमत्प्रतापस्य सा

पत्नी प्राणसमा यथा जलनिधेः पुत्री जगत्पायिनः ॥'[146]

---

[144] **अभि.४१/१ ।**
[145] **अभि.२३/४ ।**
[146] **अभि.५/८ ।**

कृष्ण मन्दिरको अभिलेखमा रहेको उपर्युक्त पद्यमा प्रताप मल्लकी अत्यन्त प्रियपत्नी रूपमतीको वर्णन गरिएको पाइन्छ । 'यी रूपमती, सती, गुणवती स्वर्णजस्तो कान्ति भएकी, उत्तम मति भएकी, मदमत्त हात्तीको जस्तो चाल भएकी, प्रणयिनी, प्रेम-परायणा, स्वयं रुक्मिणीस्वरूपा थिइन् । यिनी विष्णुभगवान्‌का लागि जलनिधि (समुद्र) पुत्री लक्ष्मीझैं सम्पूर्ण गुणका खानी भएका राजा प्रताप मल्लका लागि प्राणसमान प्यारी पत्नी थिइन् ।' यस वर्णन प्रसङ्गमा **'स्वर्णद्युतिः'** यहाँ र **'माद्यत्कुञ्जरगामिनी'** यहाँ वाचक, उपमान र साधारण धर्मको लोप हुनाले **समासगा** त्रिलोपा उपमा पर्न गएको छ । अन्तिम पङ्क्तिमा चाहिँ नरपति (राजा) : **उपमेय,** विष्णुभगवान् (जगत्पायी) : **उपमान,** पत्नी प्राणसमान प्रिय हुनु : **साधारण धर्म** : र यथा : **वाचक पद** यी चारै तत्त्वको उपस्थितिमा **'पूर्णोपमा'** पर्न गएको छ ।

राजा प्रताप मल्लका अभिलेखहरूमा उपमा अलङ्कार र यसका विभिन्न भेदका यस्ता उदाहरणहरू प्रशस्त पाइन्छन् ।

इ) मालोपमा

'एउटै उपमेयका लागि जहाँ धेरैवटा उपमानहरू देखिन्छन् त्यहाँ मालोपमा हुन्छ ।[147] जस्तै-

अभिलेखमा मालोपमा :

१. 'एतस्मादुदयाचलादिव रविर्द्देवोऽम्बुराशेरिव

श्रीमद्यामिनिजानिरुज्ज्वलरुचिः पद्मादिव श्रीविधिः ।

जातोऽयं ललितप्रतापवलितः श्रीमत्प्रतापो नृपः' ।[148]

त्रिशूलडबलीमा उत्कीर्ण उक्त शिलाभिलेखको तीन पाउमा राजा प्रताप मल्लको जन्मका वारेमा वर्णन गर्दै भनिएको छ - **'उदयाचलबाट सूर्य, समुद्रबाट चन्द्रमा र (विष्णुको नाभि) कमलबाट ब्रह्माजीको उत्पत्ति भए झैं राजा लक्ष्मीनृसिंहबाट श्री प्रताप मल्लको जन्म भयो ।'** यहाँ लक्ष्मीनृसिंहबाट प्रताप मल्लको जन्म हुनु : **उपमेयका** लागि उपर्युक्त तीनवटा **उपमानको** प्रयोग भएकाले **मालोपमाको** अलङ्कारचारुता प्रकट हुन पुगेको छ । प्रत्येक **उपमानमा** आएका

---

[147] **विश्वनाथ सा.द. १०/२८**

[148] **अभि.१/७ ।**

विशिष्टताका द्योतक **देव, श्रीमत्** र **श्री**पदहरूले उपमेयः राजा प्रताप मल्लको विशेष उत्कर्षलाई व्यक्त गरेकाले प्रस्तुत प्रसङ्गमा उक्त अलङ्कारले विशिष्ट शोभा प्रदान गरेको पाइन्छ ।

२. **'गाम्भीर्यादिगुणेन सागरसमो धैर्य्येण विन्ध्याचल-**

स्सौन्दर्यप्रचुरेण दैत्यदलनो रूपेण कामोपमः

जातो भूमितले ततोऽतिविमले वैवस्वताख्यो मनुः ।'[149]

पशुपति प्राङ्गणस्थित शिलाभिलेखमा उत्कीर्ण उक्त पादत्रयमा वैवस्वत मनुको बयान गर्दै उनलाई **गाम्भीर्यादि गुणले सागरझैं, धैर्यले विन्ध्याचलझैं, प्रचुरसौन्दर्य भएको रूपले कामदेवझैं** भनिएको छ । यसरी एउटै **उपमेय** : वैवस्वत मनुका लागि सागर, विन्ध्याचलः र कामदेवजस्ता तीनवटा **उपमान**को प्रयोग गरिएकाले यहाँ **मालोपमा**को सौन्दर्य प्रकट भएको -छ । गाम्भीर्य, धैर्य र सौन्दर्य-प्रचुरत्वका विशिष्ट गुणहरूको अभिधान **साधारण धर्म**का रूपमा गरिनाले **उपमेय** : वैवस्वत मनुको उत्कर्ष एवं उपमानत्रय-स्थापनाको औचित्य पनि पुष्ट भएको छ । यहाँ **मालोपमा**ले शब्दार्थलाई अत्यन्त हृद्य रूपमा अलङ्कृत गरेको छ । यस्ता प्रशस्त उदाहरणहरू अभिलेखमा उपलब्ध छन् ।

ख. रूपक अलङ्कार

उपमेयमा उपमानको आरोपलाई रूपक अलङ्कार भनिन्छ । **कविराज विश्वनाथ** भन्दछन् : **निरपन्हव (निषेधरहित) विषय (उपमेय) मा रुपित (उपमान)को आरोपलाई रूपक भनिन्छ ।'**[150] **परिणाम** र **अपन्हुति** अलङ्कारबाट पार्थक्य प्रकट गर्न यहाँ 'रूपित' र 'निरपन्हव' जस्ता विशेषणहरूको प्रयोग गरिएको छ । उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा रूपक अलङ्कार हुन्छ ।[151] वस्तुतः साहित्यमा **'उपमान र उपमेयको अभिन्न सम्बन्ध देखाई वर्णन गर्दा पर्ने अर्थालङ्कार'** नै रूपक हो ।[152] सामान्यतया **'रूपसाम्य वा कार्यसाम्यले गर्दा उपमेयको निषेध नगरी उपमेय र उपमानका बीच अभेदमूलक आरोप गरिएमा रूपक अलङ्कार हुन्छ ।'**[153] रूपक तीन प्रकारको हुन्छ : **परम्परित, साङ्ग** र **निरङ्ग** ।[154]

---

[149] **अभि.४१/२** ।

[150] रूपकं रुपितारोपो विषये निरपन्हवे ।' **विश्वनाथ. सा.द. १०/२८**

[151] पण्डितराज सोमनाथ सिग्देल, **साहित्यप्रदीप** पूर्वउत्तरभाग, (काठमाडौं विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, वि.सं.२०५८) पृ. २२३ ।

[152] पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १५.** पृ. ११४८ ।

[153] उपाध्याय, **पूर्ववत् नं. ७५**, पृ. १२१ ।

[154] तत्परम्परितं साङ्गं निरङ्गमिति च त्रिधा । **विश्वनाथ सा.द. १०/२८** ।

अभिलेखमा यी तीनै प्रकारका रूपकको प्रयोग पाइन्छ :

अ) **परम्परित रूपक**

'जहाँ कुनै एउटामा गरिएको आरोप अर्को आरोपको कारण बन्न जान्छ, त्यहाँ परम्परित रूपक मानिन्छ ।[155]

१. 'श्रीविष्णोर्न्नयनाम्बुजात् त्रिजगतीपापान्तकर्ता रविः

प्रोद्भुतस्तिमिरौघवारणघटाविद्रावणः केशरी ।'[156]

उपर्युक्त पद्यार्धमा भगवान् सूर्यको यसरी वर्णन गरिएको छ । 'श्री विष्णुका नयनकमलबाट तीनै जगत्का पापलाई अन्त गर्ने, अन्धकारपुञ्जरूपी हात्तीको झुण्डलाई ध्वस्त तुल्याइदिने केशरी (सिंह) रूप रवि उत्पन्न भए ।' यहाँ विष्णुको नयन : उपमेयमा, कमल : उपमानको आरोप हुनाले रूपक भयो । त्यसै गरी अन्धकारको पुञ्ज उपमेयमा हात्तीको झुण्ड उपमानको आरोप, रवि उपमेयमा केशरी (सिंह) उपमानको आरोपमा कारण बन्न गएकोले यहाँ परम्परित रूपक अलङ्कारको सौन्दर्य प्रकट हुन पुगेको देखिन्छ ।

२. 'निशुम्भशुम्भदम्भदावदारणैकतोयदे ।'[157]

उक्त पदावलीमा कालिकाको स्तुति गर्दै 'निशुम्भ र शुम्भको दम्भ (घमण्ड) रूपी दावानल (वन डढेलो) लाई निभाउने एकमात्र बादल' रूप कालिकाको जय होस् भनिएको छ । यहाँ निशुम्भ-शुम्भको दम्भ उपमेयमा दाव/वनडढेलो उपमानको आरोप, कालिका उपमेयमा बादल उपमानको आरोप गर्नमा कारण बन्न पुगेकोले यहाँ परम्परित रूपक अलङ्कारको सौन्दर्य प्रस्फुटित भएको छ ।

आ) **साङ्ग रूपक :**

उपमेय र उपमानका विभिन्न अङ्गहरू र अङ्गीका बीच अभेद आरोप गरिएमा साङ्ग रूपक हुन्छ ।[158] जस्तै :

सदा सेवितं सिद्धसङ्घद्विरेफैस्समद्भूतमाभाति शोभासरस्याः

प्रणम्याऽर्थये तत्पदाब्जं प्रयच्छ प्रतापाय भूपाय भद्रं भवानि ! ।[159]

---

155 ...यत्र कस्यचिदारोपः परारोपणकारणम्/तत्परम्परितम्' **उही १०/२९ ।**

156 **अभि.२३/१ ।**

157 **अभि.३३/३ ।**

158 **विश्वनाथ. सा.द. १०/३० ।**

159 **अभि.३१/८ ।**

यहाँ 'सिद्धसङ्घरूपी द्विरेफ (भ्रमर) हरूद्वारा सेवन गरिएको, शोभारूपी तलाउबाट उत्पन्न भएका, हजुरका चरणरूपी कमल' भन्ने कथनमा उपमेयरूप सिद्धसंघ, शोभा र चरणमा क्रमशः द्विरेफ, तलाउ र कमलरूप उपमानहरूको एकसाथ प्रयोग गरिएकाले साङ्गरूपक अलङ्कारको चारुत्व झल्किएको छ ।

इ) निरङ्ग रूपक

जहाँ कुनै उपमेयको साङ्गोपाङ्गमा आरोप क्रियाको वर्णन नभएर केवल अङ्गीमा मात्र आरोपको अभिधान भएको छ, त्यहाँ निरङ्ग रूपक हुन्छ ।[160] जस्तै :

'ज्ञानाऽसिच्छिन्नसत्त्वैरनुपमवलिभिः पूजयामि स्म नाहम् ।'[161]

यहाँ 'ज्ञानरूपी तरवारले (आफ्नै अज्ञान पशुको) प्राण हरण गरेर अनुपम वलिद्वारा मैले तपाइँको पूजा गरिन' भनिएको कालिका-स्तुति प्रसङ्गमा विषयको अङ्गीभूत ज्ञान उपमेयमा असि/तरवार उपमानको आरोप गरिएकाले निरङ्ग रूपक प्रस्तुत भएको छ ।

ग. परिणाम

'जहाँ आरोप्य पदार्थ उपमान, विषय उपमेयको स्वरूपबाट नै प्रासङ्गिक कार्यमा उपयोगी भएको बयान गरिन्छ त्यहाँ परिणाम अलङ्कार हुन्छ ।'[162] आरोप्य वस्तु/उपमान नै आरोप विषय/उपमेयमा परिणमित हुनाले यस अलङ्कारको नाम परिणाम रहन गएको हो । वस्तुतः आरोप गरिने उपमान उपमेयस्वरूप बनेर मात्र प्रासङ्गिक कुरामा उपयोगी भएमा परिणाम अलङ्कार हुन्छ । अभिलेखमा परिणाम अलङ्कार यसरी प्रयुक्त छ :

अ) 'भवाम्भोनिधेस्तारणयैकपोतं विधात्रा विनिर्म्माय दत्तं जनेभ्यः ।
नुमस्त्वत्पदाम्भोजयुग्मं प्रयच्छ प्रतापाय भूपाय भद्रं भवानि !।'[163]

यहाँ 'भवसागरबाट पार गराउने एकमात्र जलयान बनाएर भक्तजनहरूलाई प्रदान गरिएको तपाइँको चरण-कमलयुगललाई हामी नमन गर्दछौँ, हे भवानी ! यस प्रताप-भूपाललाई कल्याण प्रदान गर्नुहोस् ।' भनेर कविले देवताविषयिणी रतिको अभिव्यक्ति गरेका छन् । यहाँ कालिकाको चरणकमल : उपमेय र जलयान : उपमानका रूपमा आएका छन् । अन्यत्र जलयान नदी/समुद्र आदि तर्नका लागि प्रयुक्त हुन्छ, तर यहाँ भक्तजनहरूलाई सांसारिक दुःख-सागरबाट पार गराउनका लागि नै त्यसको उपयोग भएको छ । यसरी प्रासङ्गिक अर्थ दुःखबाट मुक्तिको उपयोगी बनेर यहाँ उपमान / जलयान प्रस्तुत भएको छ । कालिकाको चरणकमलका स्वरूपमा भवजलधिबाट पार हुने जहाज परिणमित भएकाले यहाँ परिणाम अलङ्कारको सौन्दर्य प्रकट

[160] विश्वनाथ. सा.द. १०/३२ ।
[161] अभि.३९/७ ।
[162] विश्वनाथ. सा.द. १०/३४ ।
[163] अभि.३१/४ ।

भएको छ । वस्तुतः समुद्रबाट पार गराउने कार्य जलयानको हो तर, यहाँ त्यो कार्य चरणकमलद्वारा सम्पादन गरिएकाले **परिणाम** अलङ्कार स्पष्ट हुन्छ । कालिकाको चरण-कमलका रूपमा परिणमित भएपछि मात्र जलयानले प्रासङ्गिक अर्थ '**भक्तजनलाई संसारार्णवबाट पार गराउने**' कार्यमा उपयोगित्व प्राप्त गर्न सक्दछ, त्यसैले यहाँ **परिणाम** अलङ्कारको चारुता झल्किएको छ ।

आ) **'पद्माकारेण धाता, हरिरपि सततं सिंहरूपेण शम्भुः ।**

प्रेतत्वेनैककाले भवति तव लसद्‌वाहनं यत्त्वदंशाः ।'[164]

उपर्युक्त पद्यांशमा '**हे कालिका ! पद्मका रूपमा स्वयं ब्रह्मा, सिंहका रूपमा हरि, प्रेतका रूपमा शम्भु एकैसाथ तपाइँको वाहन बन्दछन्**' भनेर ब्रह्मा, हरि र शम्भुका रूपमा परिणमित भएर मात्र कालिकाको वाहनका निम्ति पद्म, सिंह र प्रेतहरूको उपयोगिता देखाइएकोले **परिणाम अलङ्कार** प्रकट भएको छ । यहाँ **उपमानहरू** : पद्म, सिंह र प्रेत, **उपमेय** ब्रह्मा, हरि र शम्भुका रूपमा मात्र प्रासङ्गिक अर्थ : वाहन बन्ने कार्यका निम्ति उपयोगी भएकाले '**परिणाम**' को चारुता झल्किएको देखिन्छ ।

घ. सन्देह अलङ्कार

प्रकृत (उपमेय) मा अप्रकृत (उपमान)को संशयलाई सन्देह भनिन्छ । यो कवि-प्रतिभाद्वारा उत्पन्न हुन्छ ।[165] कुनै वर्णनीय प्रासङ्गिक विषयवस्तु (उपमेय), तुलना गर्नका निम्ति खोजिएको वस्तु (उपमान) पो हो कि ? भन्ने सन्देह पैदा भएको वर्णन गरिँदा सन्देहालङ्कारको चारुता झल्किन्छ । जस्तै :

अ) 'नेपालक्षितिपालभालतिलकश्रीमत्प्रतापोद्‌भव-

प्रोद्यत् कीर्तिलतादलं सुविमलं प्रायो दिधीर्षुर्हठात् ।

चञ्चत्-केतकिशङ्कयात्मकबरीं गाढं मुहुर्वृण्वती

हस्ताभ्यां त्रिपुरारिराजरमणी पायात् प्रतापं नृपम् ।'[166]

: **यहाँ नृपश्रेष्ठ प्रताप मल्लको सुविमल कीर्ति-लतादललाई चुँडेर पहिले आफ्नो केशपाशमा लगाउन लागेकी भवानीले पछि केतकीको शङ्का गरेर त्यसको परित्याग गरेको प्रसङ्ग वर्णित छ** । अतः सुविमल कीर्तिलतादल (कीर्तिरूपी लहरामा लागेको सुन्दर पालुवा) : **उपमेयमा केतकी**

---

[164] **अभि.३९/९ ।**
[165] **विश्वनाथ. सा.द. १०/३५ ।**
[166] **अभि.१/१ ।**

(एक प्रकारको पुष्पविशेष / लाउन अयोग्य केत्तुके फूल) : **उपमान**को संशय कविप्रतिभाद्वारा प्रस्तुत गरिएकाले यहाँ **सन्देह अलङ्कार**को चारुता प्रकट भएको देखिन्छ । देवी त्रिपुरारिराजरमणी (देवी पार्वती)ले पहिले टपक्क टिपेर चुल्ठोमा सिउरिन रहर लाग्दो भएको पालुवा (कीर्तिदल), पछि 'केत्तुके पो हो कि क्या !' भन्ने शङ्का लागेर नटिपिएको वर्णनले सन्देहात्मक आलङ्कारिक सौन्दर्य प्रकट भएको देखिन्छ । कवि-प्रतिभाले सम्पन्न गरिएको यस अर्थचमत्कृतिद्वारा राजा प्रताप मल्लको विमल कीर्तिको विशिष्ट व्यापकताको प्रतिपादन भएकोले यो अलङ्कृति शब्दार्थको आभूषण बन्दै व्यङ्ग्यार्थको परिपोषक समेत बन्न पुगेको देखिन्छ । सन्देहमा नै वाक्यार्थ पर्यवसित भएकाले यसलाई '**शुद्ध सन्देह**' भनिन्छ ।[167]

आ) **'धत्ते गैरिकरागविभ्रममयं यस्य प्रतापोत्करः ।'**[168]

उक्त पद्यांशमा राजा प्रताप मल्लको देदीप्यमानं प्रताप : **उपमेयमा** गैरिकराग (गेरुवा रंग) : **उपमान**को विभ्रम (सन्देह) पैदा भएको वर्णन कवि-प्रतिभाद्वारा प्रस्तुत भएकाले सन्देहालङ्कार पर्न गएको छ ।

ङ. **भ्रान्तिमान्**

सादृश्यका कारण एउटा वस्तुमा अर्को वस्तुको निश्चयात्मक बुद्धि उत्पन्न हुनु भ्रान्तिमान् अलङ्कार हो । यो कवि-प्रतिभाबाट उद्‌भुत हुन्छ ।[169] वस्तुतः एउटा कुनै वस्तु (प्रायः **उपमेय**) मा अर्को वस्तु (प्रायः **उपमान**)को सादृश्यका बारेमा निश्चयात्मक रूपमा भ्रम पैदा भएको वर्णन जहाँ कवि-प्रतिभाको चमत्कारले प्रस्तुत गरिएको हुन्छ, त्यहाँ भ्रान्तिमान् अलङ्कार हुन्छ । जस्तै :

अ) **एतद्घोटकराजतापविदलद्भूखण्डकोट्युत्पतद्-**
धूलीधोरणिकान्धकारनिवहैर्दिक्चक्रमाक्राम्यते ।
दृष्ट्वा यामिनिशङ्कया तदभितश्चक्राङ्गनानाङ्गणाः
काकुङ्कातरमालपन्ति नृपतेरस्यारिवामा यथा ॥[170]

उपर्युक्त पद्यमा राजा प्रताप मल्लका उत्तम घोडाहरूको वर्णन यसरी गरिएको छ : **राजा प्रताप मल्लका उत्तम घोडाहरू तीव्र वेगमा दौडिँदा तिनका टापहरूले खनिएका भूखण्डबाट उठेर उडेका धुलाका मुस्लोले बनेको अन्धकारपुञ्जले जब दशैदिशा ढाक्दछ, त्यसबेला 'अब रात परेछ' भन्ने शङ्काले त्यो अन्धकारपुञ्जको वरिपरि चखेवीहरूका बथान (चखेवासँग विरह हुने डरले) कातरतापूर्ण डाँको छोडेर त्यसरी नै रुन्छन् जसरी यिनका शत्रुपत्नीहरू (प्रताप मल्लले मारेका**

---

[167] **विश्वनाथ, सा.द. १०/३६ ।**
[168] **अभि.२३/२२ ।**
[169] **विश्वनाथ, सा.द. १०/३६ ।**
[170] **अभि.१/२३ ।**

आफ्ना प्रियको विरहले) रुने गर्दछन् । यस वर्णनमा धुलोका मुस्लोबाट उत्पन्न अन्धकारपुञ्जमा चखेवीहरूलाई रात्रिको भ्रान्ति पैदा भएको अवस्था कविप्रतिभाद्वारा वर्णन गरिएकाले **भ्रान्तिमान् अलङ्कार**को चारुत्व प्रकट भएको छ ।

आ) **'ज्ञानजनितसुरगुरुभ्रान्तिः'**[171]

यहाँ **'उत्तम ज्ञानले गर्दा राजा प्रताप मल्लमा सुरुगुरु/वृहस्पतिको भ्रान्ति'** भएको वर्णन गरिएकाले **भ्रान्तिमान् अलङ्कार** झल्किन पुगेको छ ।

च उल्लेख

कतै ग्रहितृ (ज्ञाता)हरूका भेदले, कतै विषयहरूका भेदले एउटै वस्तुको अनेक प्रकारले उल्लेख (वर्णन या ज्ञान) गरियो भने उल्लेख अलङ्कार हुन्छ ।[172] जस्तै :

अ) **'विपत्तारणादुग्रतारा प्रसिद्धा**

जटाधारणादेकपूर्व्वा जटाऽसि ।

सदा लीलया वाक्प्रदा देवी यस्मा -

दतो लीलपूर्वा सरस्वत्यसि त्वम् ॥'[173]

यहाँ **भक्तहरूलाई विपद्बाट तार्ने हुँदा उग्रतारा, जटाधारण गर्नाले एकजटा, लीलाले नै वाणी प्रदान गर्नाले लीलसरस्वतीका रूपमा** एउटै देवी वज्रयोगिनीको बहुधा उल्लेख गरिएकाले **उल्लेख अलङ्कार** झल्किन पुगेको छ । वस्तुतः एउटै वर्ण्य विषय वज्रयोगिनीको अनेक प्रकारले उल्लेख वा वर्णन गरिएकाले नै यहाँ 'उल्लेख'को चारुत्व प्रकट भएको देखिन्छ ।

आ) **गायत्री वैदिकानां, जलनिधितनया वैष्णवानां, महेशी**

माहेशानां, धरायां भवसि मतविधौ योगिनां सौगतानाम् ।

वाराही वज्रपूर्वा, नियतिरिति पुनस्त्वं हि मीमांसकानां

न ग्राह्यो मेऽपराधो जननि जयनिधे सर्व्वमार्गैकसेव्ये ॥[174]

उपर्युक्त पद्यमा **एउटै तलेजु माता (कालिका) विभिन्न गुणयोगले गर्दा वैदिकहरूले गायत्रीका रूपमा, वैष्णवहरूले लक्ष्मीका रूपमा, शैवहरूले माहेशी (शिवा)का रूपमा, योगी बौद्धहरूले**

---

[171] **अभि.२२**/गद्य खण्ड ।
[172] **विश्वनाथ, सा.द., १०/३७**
[173] **अभि.२०/१३** ।
[174] **अभि.३९/१५** ।

वज्रवाराहीका रूपमा मीमांसकहरूले नियतिका रूपमा उपासना गरिने प्रसङ्ग प्रस्तुत गर्दा उल्लेख अलङ्कारको सौन्दर्य प्रस्फुटित भएको पाइन्छ। वस्तुतः एउटै विषयः देवी कालिकालाई गायत्री, लक्ष्मी, माहेशी, वज्रवाराही र नियतिका रूपमा बहुधा उल्लेख गरिएकाले यहाँ उल्लेख अलङ्कारको चारुता प्रकट भएको पाइन्छ। यहाँ प्रस्तुत उदाहरणहरूमा क्रमशः विषयका भेदले र ग्रहीता (ज्ञाता)का भेदले उल्लेख अलङ्कारको प्रयोग गरिएको देखिन्छ। यस्ता अन्य उदाहरणहरू पनि अभिलेखमा पाइन्छन्।

छ. अपन्हुति

प्रकृत (उपमेय) लाई प्रतिषेध/निषेध गरेर अन्य (उपमान)लाई स्थापन वा आरोप गरेमा अपन्हुति अलङ्कार प्रकट हुन्छ।[175] वस्तुतः वर्णनीय वस्तु उपमेय हुँदाहुँदै पनि त्यो होइन, तुलना गरिने वस्तु उपमान पो हो त! भनेर वास्तविक वस्तुलाई निषेध गरी उपमान (कल्पित वस्तु)को स्थापना गर्ने प्रक्रिया नै अपन्हुतिअलङ्कार हो। अपन्हुतिको शाब्दिक अर्थ हुन्छ - लुकाउनु। वास्तविक वस्तुलाई लुकाएर कल्पित वस्तुलाई स्थापित गर्नु नै अपन्हुतिको वैशिष्ट्य हो। जस्तै- अभिलेखमा हेरौं :

अ) 'अद्याऽप्युत्तमपद्मिनीभिरभितस्तत्कीर्तिरुद्गीयते

प्रातः प्रातरुदञ्चदम्बरमणेर्व्यक्तं पुरो लीलया।

आत्मीयोदरसम्भ्रमन्मधुकरव्यूहोन्नमज्झाङ्कृति -

व्याजात् कर्णसुखप्रदायिनिनदैर्व्यर्थीकृतेन्दू रुचा॥'[176]

उक्त पद्यमा राजा प्रताप मल्लका कीर्तिको व्यापकता वर्णन गर्दै भनिएको छ : 'अहिले पनि प्रातः कालमा उदाएका सूर्यका सामुन्ने, लीलापूर्वक फक्रिएका उत्तम कमलहरूद्वारा आफ्नै अन्तरमा घुमिरेहका भ्रमरपुञ्जले प्रकट गरेको झङ्कारको बहानाले व्यक्त कर्णसुख प्रदान गर्ने मधुर निनादद्वारा चन्द्रकिरणलाई पनि व्यर्थ तुल्याउने (उज्यालो) राजा प्रताप मल्लको कीर्तिगान गरिन्छ। यसरी यहाँ भ्रमरपुञ्जले गरेको 'भुँ-भुँ' ध्वनि (वर्णनीय, उपमेय/वास्तविक वस्तु)लाई निषेध गरी राजा प्रताप मल्लको कीर्तिगान (उपमान/कल्पित वस्तु)को स्थापना गरिएकाले अपन्हुति अलङ्कारको चमत्कार प्रकट भएको छ। वस्तुतः यहाँ भ्रमरको गुञ्जन (वास्तविकता) प्रकृतलाई निषेध गरेर अन्य : कीर्तिगान (कल्पित)लाई स्थापना गरिएको छ। प्रातः कालमा कमलभित्रबाट आएको ध्वनि भ्रमरगुञ्जन कहाँ हो र! त्यो त कमलिनीले गाएको राजाको कीर्तिगान पो हो त!

---

[175] विश्वनाथ, सा.द.१०/३८।
[176] अभि.१/२२।

भनी कवि-प्रतिभाले वास्तविकतालाई लुकाएर कल्पित वस्तुलाई स्थापना गरेकाले नै यहाँ अपन्हुतिको चारुता प्रकट भएको देखिन्छ ।

आ) एतत्कीर्तिजिगीषुरेव रजनीनाथोऽत्र चान्द्रायणं

धत्ते पक्षयुगक्रमादिव वपुः सम्वर्द्धयञ्छातयन् ।

स्नायं स्नायमतोऽन्तरिक्षसरिति प्राप्नोति नैतत् फलं

चिन्ताव्याकुलितोऽयमङ्ककपटान्म्लानायमानो दिवि ॥[177]

यहाँ पनि राजा प्रताप मल्लका कीर्तिको अत्युच्चता वर्णन गर्दै भनिएको छ- यिनै राजाको कीर्तिलाई जित्ने इच्छाले मानौं चन्द्रमाले शुक्ल कृष्णपक्षद्वारा आफूलाई बढाउँदै र घटाउँदै चान्द्रायण व्रत (चन्द्रको गमनपद्धति) ग्रहण गर्दछ । त्यसैगरी अन्तरिक्ष नदीमा स्नान गर्दा गर्दा पनि उक्त फल (प्रताप मल्लको कीर्तिमाथि विजय) प्राप्त गर्न नसकेकोले चिन्ताले व्याकुल भएर चन्द्रमाले आकाशमा कलङ्कको बहानाले अँध्यारो मुख लगाएको देखिन्छ । यसरी यहाँ चन्द्रमामा रहेको स्वाभाविक कलङ्क (प्रकृत)लाई निषेध गरी म्लानता (कल्पित)लाई स्थापित गरिएकाले अपन्हुति अलङ्कारको सौन्दर्य व्यक्त भएको देखिन्छ । चन्द्रमामा रहने स्वाभाविक कलङ्कलाई 'त्यो कहाँ कलङ्क हो र !' भन्दै निषेध गरी त्यसका ठाउँमा 'त्यो त प्रताप मल्लको कीर्तिलाई कसै गरी पनि जित्न नसकेर पिरोलिएका चन्द्रमाको अँध्यारो अनुहार पो हो !' भन्ने आशयको कल्पित कविप्रतिभोत्थित विषयलाई स्थापना गरिएकाले यहाँ, अपन्हुति अलङ्कारको चमत्कारिता झल्किएको देखिन्छ । अभिलेखमा यस्ता अनेक प्रयोग पाइन्छन् ।

ज. उत्प्रेक्षा

कुनै प्रस्तुत वस्तु (उपमेय)लाई अप्रस्तुत (उपमान)का रूपमा सम्भावना गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ ।[178] वस्तुतः उपमेयमा उपमानको सम्भावना कल्पित गरिएमा यो अलङ्कार प्रस्तुत हुन्छ । मन्ये, शङ्के, ध्रुवम्, प्रायः, जस्ता वाचक पदको प्रयोग गरी मानौं, हो कि ? जस्तो लाग्छ, पक्कै पनि, ठान्छु, भन्ने आशय प्रकट गरेर उत्प्रेक्षा अलङ्कारमा वास्तविक वस्तुमा काल्पनिक वस्तुको सम्भावना देखाई चमत्कार पैदा गरिन्छ । उत्प्रेक्षा अलङ्कारको क्षेत्र र प्रयोग साहित्यमा धेरै व्यापक छ । कविराज विश्वनाथले प्रथमतः यसका बत्तीस प्रकार मानेका छन्,[179] प्रयोगतः यसको विविधता असङ्ख्येय छ ।

---

[177] अभि.१/२१ ।
[178] विश्वनाथ, सा.द.१०/४० ।
[179] उही. १०/४६ ।

अभिलेखमा उत्प्रेक्षा

अ) 'मद्रूपचौरोयऽमितीव मत्वा कोपाकुलः काम इमञ्जघान ।

आस्थाय रूपं किमु कामिनीनां भ्रूकार्मुकोन्मुक्तकटाक्षवाणैः ॥'[180]

राजा प्रताप मल्लको वर्णन प्रसङ्गमा आएको उपर्युक्त पद्यमा उल्लेख गरिएको छ : मेरो रूपको चोर यही हो भन्ने मानेर (हो कि ?) कामिनीहरूको रूपमा अवस्थित भएर तिनीहरूको आखीभौंरूपी धनुषबाट हानिएका कटाक्षरूपी वाणहरूद्वारा यी राजालाई क्रुद्ध कामदेवले प्रहार गरेको पो हो कि ? (जस्तो लाग्दथ्यो) यहाँ कामिनीहरूका कटाक्षमा क्रुद्ध कामदेवको वाणप्रहारको सम्भावना कल्पित गरिएकाले उत्प्रेक्षा अलङ्कारको सौन्दर्य झल्किएको छ ।

आ) 'माणिक्यप्रतिमप्रतापपटलैरादीप्तलोकत्रयो

मुक्तापङ्क्तिसहस्रशोभनयशोवृन्देन संशोभितः ।

पक्षत्याकृतिकर्णवारणगिरिग्रामावनव्याकुलः

पारावरमिवेह यः परिहसत्याधाय चित्तेऽच्युतम् ॥'[181]

यहाँ राजा हरिसिंहदेवको यसरी बयान गरिएको छ : 'मणि-माणिक्यझैं चम्किलो प्रतापसमूहले तीनै लोकलाई प्रदीप्त (उज्ज्वल) तुल्याउने, सैकडौं मोतीका दानाहरूको पङ्क्तिझैं उज्यालो शोभाशाली यशः समूहले सुशोभित भएका, (पर्वत)का पखेटाजस्तै ठूला ठूला कान भएका हात्तीको समूहद्वारा पृथ्वीलाई ढाक्ने भएका राजा हरिसिंहदेवले आफ्नो हृदयमा अच्युत भगवान्लाई धारण गरेर मानौं समुद्रको उपहास गरेको हो कि ! जस्तो लाग्दछ ।' यहाँ माणिक्य, मोती-आदिले युक्त, पर्वतलाई आफूभित्र स्थान दिने र भगवान् विष्णुलाई पनि आफूभित्रै अटाउने समुद्रलाई, प्रताप, यश र विशाल हात्तीहरूको समूहले युक्त राजा हरिसिंहदेवले आफ्नो चित्तमा अच्युत भगवान्लाई राखेर उपहास पो गरेका हुन् कि ? भनेर ऐश्वर्यशाली र भक्तिभावयुक्त राजाले आफू एक्लै व्यक्तिले सिङ्गो समुद्रको विशेषता बोकेर समुद्रलाई उपहास गरेको सम्भावना गरिएको हुंदा यहाँ उत्प्रेक्षा अलङ्कारको सौन्दर्य परिलक्षित हुन्छ ।

इ) 'सोऽयं वै जयति प्रतापनृपतिर्द्वानैरनेकैः सतां

दारिद्र्यादिविपद्गुणं गुणवतां निर्म्मूलतामानयन् ।

---

[180] **अभि.१/१८ ।**
[181] **अभि.२३/११ ।**

एतस्मात् स्तबकभ्रमद्भ्रमरिकाव्याजेन कल्पद्रुमो

धूमाश्वासमिवानिशं वितनुते येनाऽभिभूतः स्वयम् ॥'[182]

यहाँ 'अनेकौं दानकर्मद्वारा गुणवान् सज्जन व्यक्तिहरूका दारिद्र्य आदि विपद्गणलाई निर्मूल तुल्याउने राजा प्रताप मल्ल सर्वोत्कृष्ट हुनुहुन्छ। जुन राजाद्वारा सम्पन्न दानद्वारा तिरस्कृत गरिएको कल्पवृक्ष, फूलमा घुमिरहने कालाकाला भुमराहरूको बहानामा मानौ दुःखी भएर पीरले धुवाँको श्वास पो फ्यांकिरहेको हो कि ? जस्तो लाग्दछ भनिएको छ। यहाँ काला भ्रमरपङ्क्तिमा कल्पवृक्षको (पिरोलिएर आएको) लामो सुस्केराको सम्भावना प्रस्तुत गरिएकाले उत्प्रेक्षा अलंकार रहेको स्पष्ट हुन्छ।

झ. अतिशयोक्ति

अध्यवसाय सिद्ध भएमा अतिशयोक्ति अलङ्कार हुन्छ। विषय (उपमेय)लाई लुकाएर, विषयी (उपमान)का साथ त्यस (उपमेय)को अभेद ज्ञान हुनुलाई अध्यवसाय भनिन्छ।[183] वस्तुतः वास्तविकताभन्दा बेसी बढाई चढाई राम्रो पारी भनिएको कुरामा हुन आउने अलङ्कारलाई अतिशयोक्ति भनिन्छ। उपमानलाई लुकाई उपमेयलाई नै उपमानका स्थानमा प्रस्तुत गर्दा 'अतिशयोक्ति' अलङ्कार प्रकट हुन्छ।[184] अभिलेखमा यसरी अतिशयोक्ति अलङ्कार प्रयोग गरिएको छ -

अ) 'अस्य श्रीमत्प्रतापक्षितिरमणमणेर्दानकीलालधारा-

प्रोद्भूता जातभङ्गा सरिदिह शुभगा वर्द्धमाना विरेजे।

उत्क्षिप्तैः कीर्तिसङ्घैः कुमुदवनभरैः फुल्लितैरञ्जितातिः-

प्रोद्यत्तारासमूहैरमलतरदिवः संपदं संहरन्ती ॥'[185]

यहाँ प्रताप मल्लको दानशीलताको वर्णन गर्दै भनिएको छ : 'श्रीमान् प्रताप मल्ल नाम भएका, राजाहरूमध्ये श्रेष्ठ राजाले दान गर्दा (सङ्कल्प गरेका बेला) बगेका जलधाराबाट उत्पन्न भएको, तरङ्गहरूले सम्पन्न निरन्तर बढिरहेको नदी सुशोभित देखियो। जसमा यत्रतत्र छरिएका कीर्तिसमूहरूपी फक्रिएका कुमुद पुष्पका वनहरूले अत्यन्त शोभा उत्पन्न भयो, जसले जगमगाउँदा तारामण्डलले झिलीमिली भएको, अत्यन्त स्वच्छ आकाशको शोभालाई समेत पराजित गरेको देखिन्थ्यो।' यस वर्णनमा राजा प्रताप मल्लले दान दिने क्रममा सङ्कल्प गर्दा निस्किएको

---

[182] **अभि.१/२४**।

[183] विश्वनाथ, **सा.द. १०/४६**

[184] पोखरेल र अन्य (सम्पा.), **पूर्ववत् नं. १५**, पृ.२३।

[185] **अभि.१/२५**।

जलधाराको नदीसँग कुनै सम्बन्ध नभए तापनि जन्य-जनक-भाव सम्वन्ध देखाइएकोले **सम्बन्धातिशयोक्ति अलङ्कार** प्रकट भएको देखिन्छ । वस्तुतः दान गर्ने क्रममा सङ्कल्प गर्दा बगेको जलधारा (उपमेय) र नदी (उपमान)का बीच अभेद ज्ञान हुँदा यहाँ अध्यवसाय सिद्ध भएको छ । यहाँ वास्तविकताभन्दा बेसी, बढाई चढाई आकर्षक वर्णन गरिएको छ । यसैवाट उपर्युक्त पद्यमा अतिशयोक्तिको चारुता झल्किएको छ ।

आ) 'मेदिन्यामुदधौ सरस्सु सरितां मध्ये गिरौ कानने

यस्य प्रौढतरप्रतापतपनस्यालोक्य दीप्तिं पराम् ।

अत्युत्कर्षमवेक्ष्य सम्प्रति समासाद्याऽपकर्षश्चिरा-

दौर्वः खर्वयशा प्रशाम्यति हठान्मग्नः समुद्राम्भसि ॥'[186]

उपर्युक्त पद्यमा राजा प्रताप मल्लको बयान यसरी गरिएको छ - **समस्त पृथिवीमा, समुद्रमा, तलाउमा र नदीका बीचमा, पर्वतमा र जङ्गलमा पनि राजा प्रताप मल्लको प्रतापाग्निको परम दीप्तिलाई देखेर त्यसको अत्यन्त उत्कर्ष बढेको बुझेर, अनि आफू अत्यन्त अपकर्षमा परेको थाहा पाएर स्वल्पकीर्ति भएको वडवानल निराश भएर सधैंको लागि समुद्रको पानीमा हामफालेर डुबेको छ ।** यहाँ 'राजाका प्रतापको अगाडि आफूले हारेर वडवानलले समुद्रमा हामफालेको हो,' भन्ने अभिप्राय व्यक्त गरी सधैं समुद्रभित्र रहने वडवानलको कीर्ति घट्नु र अपकर्ष हुनुजस्तो कल्पित वस्तुसँग 'राजाको प्रताप बढ्नु'को हुँदै नभएको सम्बन्धलाई पनि प्रकट गरिएको हुँदा '**सम्बन्धातिशयोक्ति**' पर्न गएको छ । राजा प्रताप मल्लका प्रतापको बारेमा अतिशयतापूर्ण कथनले नै वस्तुतः अतिशयोक्तिको चारुता झल्किएको देखिन्छ । अभिलेखमा यस्ता अनेक प्रयोग पाइन्छन् ।

ञ. तुल्ययोगिता

प्रस्तुत अथवा अप्रस्तुत अनेक पदार्थहरूका बीच एक धर्मको सम्बन्ध देखाइएमा तुल्ययोगिता अलङ्कार हुन्छ ।[187] यो धर्म गुण र क्रियाका रूपमा हुन्छ । अभिलेखमा तुल्ययोगिता अलङ्कारको प्रयोग यसरी गरिएको छ -

अ) 'विद्यावत्त्वधनित्वभूमिसकलैश्वर्यामरत्वादिभिः

किं वेषत्सुखमिश्रितैर्भयमयैः कालादनीयैरिति ॥'[188]

---

[186] **अभि.२३/१७ ।**
[187] "पदार्थानां प्रस्तुतानामन्येषां यदि वा भवेत्/एकधर्माभिसम्बन्धः स्यात्तदा तुल्ययोगिता । **विश्वनाथ सा.द. १०/४८ ।**
[188] **अभि.३९/१३ ।**

सर्वापराधस्तोत्रमा आएको वैरागभावयुक्त यस पद्यांशमा भनिएको छ - विद्वत्ता, धनसम्पन्नता, समग्रभूमिको ऐश्वर्य र अमरत्व आदि अल्पसुख मिश्रित गरिएका, भयमय, कालले सिद्ध्याइने वस्तुहरूले (मानिसलाई) के नै (तृप्ति) दिन सक्लान् र ? यहाँ विद्वत्ता, धनसम्पन्नता, ऐश्वर्य र अमरत्वजस्ता अनेकौं प्रस्तुत पदार्थहरूका बीच 'अल्पसुखयुक्तता', 'भयमयता' र 'कालादनीयता'जस्ता एउटै धर्म (गुण)को सम्बन्ध देखाइएकोले यहाँ तुल्ययोगिताको सौन्दर्य प्रस्फुटित भएको देखिन्छ ।

आ) 'पुण्यौघैर्ज्जपयज्ञदानविपुलैर्गौरीपदाऽर्च्चाफलै-

स्संजातस्तु महेन्द्रमल्ल वसुधाऽलङ्कारभूतस्ततः ॥'[189]

यहाँ 'पुण्यसमूह, विपुल जप, यज्ञ र दान एवम् गौरीका चरणको पूजा आदिको फलबाट पृथ्वीका अलङ्कारस्वरूप महेन्द्र मल्ल जन्मिए' भनेर महेन्द्र मल्लको जन्म-प्रसङ्ग वर्णित छ । पुण्यसमूह, जप, यज्ञ, दान र गौरीका चरणको पूजा आदि पदार्थको एउटै (महेन्द्र मल्ललाई जन्माउने) क्रियासँग सम्वन्ध देखाइएकोले यहाँ प्रस्तुत विषयहरूको एक-धर्माभिसम्वन्ध भएको हुँदा तुल्ययोगिता अलङ्कारको सौन्दर्य झल्किएको देखिन्छ । अ) उदाहरणमा एउटै गुण र आ) उदाहरणमा एउटै क्रियारूप धर्मको धेरै प्रस्तुतहरूका बीच सम्वन्ध देखाइएको छ । अभिलेखमा यस्ता अनेकौं प्रयोग पाइन्छन् ।

ट दीपक

एउटै कारकको अनेक क्रियासँग सम्बन्ध देखाएमा दीपक अलङ्कार[190] हुन्छ । अभिलेखमा दीपक अलङ्कारको प्रयोग यसप्रकार गरिएको छ :

'विहायम्बिके कालिके नान्यदेवं न मन्ये न मन्ये न कुर्वे नतिं वा

सुरेशेषु नन्दात्मजाद्येषु सत्यं न वा तेषु दीनं वचोऽहं ब्रवीमि ॥'[191]

कालिकाको स्तवनमा प्रस्तुत गरिएको यस पद्यमा राजा प्रताप मल्लले 'हे अम्बिके ! 'हे कालिके !, हजुरलाई छोडेर म अरू कुनै देवतालाई मान्दिनँ, नमन पनि गर्दिनँ, सुरेश (विष्णु) र कृष्ण आदि देवताहरूका सामुन्ने दीनताको वचन पनि बोल्दिनँ' भनेको पाइन्छ । यसरी एउटै कर्ताकारक : 'म'को अनेकौं क्रिया 'मान्दिनँ !' नमन 'गर्दिनँ' दीन वचन पनि 'बोल्दिनँ', का साथमा सम्बन्ध देखाइएकोले यहाँ दीपक अलङ्कारको सौन्दर्य प्रकट भएको देखिन्छ । माता कालिकाप्रति एकनिष्ठ भक्तिभावको अभिव्यक्तिमा उक्त अलङ्कार रसानुगुण बनेर देखा परेको छ ।

---

189 अभि. २३/१७ ।

190 '.........................दीपकं तु निगद्यते –
अथ कारकमेकं स्यादनेकासु क्रियासु चेत् ॥' विश्वनाथ, सा.द.१०/४९ ।

191 अभि. ४१/९ ।

ठ प्रतिवस्तूपमा

एउटै साधारण धर्म दुईवटा वाक्यमा पृथक् पृथक् ढङ्गले देखाइयो र ती दुईका बीच सादृश्य प्रतीयमान बनेर (व्यङ्ग्यार्थका रूपमा) प्रकट भयो भने प्रतिवस्तूपमा अलङ्कार हुन्छ[192] । वस्तुतः दुइटा वाक्यमा एकै प्रकारको समानधर्मलाई प्रकारान्तरले प्रस्तुत गरियो र ती दुईका बीच परोक्ष रूपमा समानताको भाव झल्कियो भने 'प्रतिवस्तूपमा' नामक अर्थालङ्कार घटित हुन्छ । अभिलेखमा यस अलङ्कारको प्रयोग अत्यन्त सुन्दर रूपमा यसरी गरिएको छ :

इत्येवं वदतोऽपि पद्यनिवहैर्ल्लोकेषु कश्चिद् गुणो

भ्रातर्म्मे समुदेति नेति हृदये दुःखं न कश्चित् पुनः ।

नूनं मन्दिरसुन्दरीषु विमुखीभूता दृशः कामिनां

जायन्ते परकामिनीषु नितरां नीचासु बद्धादराः ॥[193]

'यसरी प्रशस्त पद्यहरू रचना गरेर म आफ्ना कुरा भनिरहेको छु तैपनि , हे भाइ ! मेरो कुनै गुन तपाईँ देख्नुहुन्न भने पनि मेरो मनमा कुनै दुःख छैन । (हुन पनि) कामी जनका आँखाहरू आफ्ना सुन्दर गृहिणीहरूबाट विमुख भएर अत्यन्त नीच परकामिनीहरूप्रति आदरपूर्ण हुने गर्दछन् ।' यसरी प्रस्तुत पद्यमा आफ्ना रचनाहरूप्रति उपेक्षा गर्नेहरूप्रति गुनासो वा आक्षेप गर्दै राजा प्रताप मल्लले आलङ्कारिक अभिव्यक्ति प्रस्तुत गरेका छन् । यहाँ 'असल वस्तुको कदर नगर्नु' रुपी साधारण-धर्म दुईवटा पृथक् वाक्यमा पृथक् शैलीमा देखाएर ती दुईका बीच सादृश्य (स्वदेशीय सुन्दर पद्यहरूको कदर नगर्नु आफ्नी सुन्दर गृहिणीप्रति विमुख हुनुजस्तै हो भन्ने आशय) प्रतीयमान/व्यङ्ग्यार्थका रूपमा प्रकट गरिएकाले प्रतिवस्तूपमा अलङ्कारको चारुता झल्किएको पाइन्छ ।

ड निदर्शना

वस्तुहरूका बीच सम्बन्ध भए पनि नभए पनि एक अर्काका साथ बिम्ब-प्रतिबिम्बभावको बोध भएमा निदर्शना अलङ्कार हुन्छ ।[194] अभिलेखमा उक्त अलङ्कार यसरी प्रकट भएको छ -

'अहो जन्मजन्मान्तपुण्यं प्रसर्प्पन्महाभाग्यमेतत् समुल्लासितं यत्

स्फुरत्पादपङ्केरुहं कालिकायाः पवित्राऽतपत्रायते मस्तके मे ।'[195]

[192] प्रतिवस्तूपमा सा स्याद् वाक्ययोर्गम्यसाम्ययोः/एकोऽपि धर्मः सामान्यो यत्र निर्दिश्यते पृथक् । विश्वनाथ, **सा.द. १०/५०**

[193] **अभि. १३** ।

[194] सम्भवन् वस्तुसम्बन्धो ;संभवन् वाऽपि कुत्रचित्/यत्र विम्बानुविम्बत्वं बोधयेत् सा निदर्शना । विश्वनाथ, **सा.द. १०/५१-५२** ।

[195] **अभि. ४१/३** ।

'अहो ! मेरो जन्मजन्मान्तरको पुण्य फैलिएर यो महाभाग्य प्रकट भएको छ, (किनभने) कालिकाका सुशोभित चरणकमल मेरो मस्तकमा पवित्र छत्र बनेर विराजमान छ ।' यसरी 'कालिकाको चरण-कमल पवित्र छाता झैं बनेर विराजमान हुनु भनेको मेरो जन्म जन्मान्तरको पुण्य महाभागय बनेर प्रकट हुनु हो' भन्ने अभिप्राय प्रकट गरिएको यस पद्य रचनामा कालिकाको चरणकमल छत्रवत् बनेर शिरमा रहनु र जन्मजन्मातरको पुण्य महाभाग्य बनेर प्रकट हुनु यी दुई असम्बद्ध वस्तुहरूका बीच बिम्ब-प्रतिबिम्बभावको बोध गराइएकोले यहाँ उक्त अलङ्कार देखा परेको छ । कालिकाको चरणकमलको छत्रछायाँ पाउनु भनेको जन्मजन्मान्तरको पुण्य प्रतिफलित हुन जस्तै हो भनेर बिम्बप्रतिबिम्बात्मक सादृश्यको सौन्दर्यले यहाँ निदर्शना शोभाशाली बन्न पुगेको छ ।

ढ व्यतिरेक

उपमानभन्दा उपमेयमा आधिक्य वा न्यूनता देखाइएमा व्यतिरेक अलङ्कार हुन्छ ।[196] पहिले दुई वस्तु (उपमेय र उपमानमा) समानता देखाएर पछि कुनै एउटामा आधिक्य वा न्यूनता देखाइएका स्थानमा व्यतिरेकको चमत्कार प्रकट हुनछ । उपमेयमा उपमानमा भन्दा आधिक्य आउनमा उपमेयको उत्कर्ष वा उपमानको अपकर्ष कारणका रूपमा देखिन आउँछ । यसको क्षेत्र अत्यन्त व्यापक छ । कविराज विश्वनाथले व्यतिरेकका ४८ वटा प्रकार देखाएका छन् । अभिलेखमा व्यतिरेक यसरी प्रस्तुत भएको छ :

'त्वदीयं पदद्वन्द्वमम्भोजवृन्दं
रुचा वज्रयोगिन्यधो यद्दधाति ।
न चित्रं पवित्राकृते ! तस्य मात-
र्यतो देवाराजाऽङ्घ्रिप्रस्पर्धिरूपम् ॥[197]

माता वज्रयोगिनीको स्तुतिमा प्रस्तुत उपर्युक्त पद्यमा भनिएको छ : 'हे माता ! वज्रयोगिनी, हजुरका चरणयुगलले आफ्नो विशिष्ट (पवित्र) कान्तिद्वारा कमलवृन्दलाई जुन तल पार्ने काम गरेको छ, हे पवित्र आकृति भएकी माता ! त्यसमा कुनै आश्चर्य मान्नुपर्ने कारण छैन, किनभने त्यस कमलवृन्दको रूपले त देवराज इन्द्रको चरणलाई (मात्र) स्पर्धा गर्न सक्दछ ।' यहाँ वज्रयोगिनीको चरणयुगल : उपमेयमा कमलवृन्द : उपमानभन्दा आधिक्य देखाइएकोले व्यतिरेक अलङ्कार व्यक्त भएको छ ! वज्रयोगिनीका चरणयुगलले कमलवृन्दलाई तल परेको छ, किनभने चरणयुगलमा विशिष्ट पवित्रता र कान्ति छ तर कमलमा ती दुवै छैनन्, त्यसैले कमलवृन्दले

---

[196] विश्वनाथ, सा.द. १०/५२ ।
[197] अभि. २०/१ ।

केवल देवराजको चरणसँग मात्र स्पर्धा गर्न सक्दछ भनेर उपमान कमलको सामान्य शोभाभन्दा उपमेय वज्रयोगिनीका चरणको पवित्र र दिव्य शोभामा आधिक्य प्रकट गरिएकाले नै यहाँ व्यतिरेक अलङ्कारको चारुता झल्किएको छ ।

ण. समासोक्ति

प्रस्तुत वस्तुमा लिङ्ग, विशेषण र कार्यको समानताद्वारा अप्रस्तुत वस्तुको व्यवहारको आरोप गरिएमा समासोक्ति अलङ्कार हुन्छ ।[198] अभिलेखमा समासोक्तिको सौन्दर्य यसरी झल्किएको छ :

'तस्माद्धरिहरसिंहो नरपतिसिंहो बभूव भूपाल:

गच्छति जलनिधिपारं कीर्त्तिरेकाकिनी यस्य ॥[199]

प्रस्तुत पद्यमा हरिहरसिंहको एक्लो कीर्ति समुद्रपारसम्म गएको प्रसङ्ग छ । यहाँ **'एकाकिनी'** (एक्ली) विशेषण र **गच्छति** (जान्छे) शब्दको कार्यगत समानताले र **'कीर्त्ति:'** (स्त्रीलिङ्गी पद)को लिङ्गगत समानताले कीर्तिमाथि वरार्थिनी नायिकाको व्यवहार आरोपित गरिएको छ । आफ्नो उमेर पुगिसकेकी कुनै नायिका आफ्नो योग्य वर आफ्नो देशमा नभेटेर समुद्रपारिको देशमा सुयोग्य वरको खोजीमा गएको झल्को यस पद्यबाट मिल्दछ । राजाको कीर्त्ति एक्लै समुद्रपार जानु भनेको आफ्नो मिल्दो प्रतिस्पर्धी यहाँ नभएकोले निर्विरोध सगर्व घुम्न निस्कनु हो । यहाँ उक्त कीर्ति र त्यसको विशेषण स्त्रीलिङ्गी भएकाले र गमन कार्यमा पनि समानता भएकाले प्रस्तुत कीर्त्तिमा अप्रस्तुत नायिकाको आरोप गरेर **समासोक्तिको** सौन्दर्य प्रकट गरिएको छ ।

त. पर्यायोक्त

यदि प्रकारान्तरले व्यङ्ग्यार्थलाई नै अभिधेयार्थका रूपमा भनियो भने पर्यायोक्त अलङ्कार हुन्छ ।[200] वस्तुत: सोझै भन्नुपर्ने कुनै कुरालाई घुमाउरो उक्ति गरी व्यङ्ग्य गराएर बुझाउँदा पर्यायोक्तको[201] चारुता झल्कन्छ । अभिलेखमा पर्यायोक्त यसरी प्रस्तुत गरिएको छ -

तस्मान्मल्ल-नरेन्द्र-नाम-धरणीपालो बभूव प्रभु :

प्रोदभूत: प्रबलप्रतापदहन - ज्ज्वालावृताऽहस्कर: ।

यस्याऽऽरातिनितम्बिनी सुचकिता शुष्यन्मुखाम्भोरुहा

स्थित्वा पर्वतगह्वरेऽतिविषमे दैन्यं सदाऽभ्यस्यति ॥[202]

---

198 'समासोक्ति: समैर्यत्र कार्यलिङ्गविशेषणै:/व्यवहारसमारोप: प्रस्तुतेऽन्यस्य वस्तुन: ।' विश्वनाथ, **सा.द. १०/५६-५७ ।**

199 **अभि. २३/२१ ।**

200 'पर्यायोक्तं यदा भङ्ग्या गम्यमेवाभिधीयते ।' विश्वनाथ, **सा.द. १०/६१ ।**

201 सिरदेल, **पूर्ववत् नं. १५१.** पृष्ठ २४० ।

202 **अभि. २३/१६ ।**

यस पद्यमा नरेन्द्र मल्लको बयान गर्दै भनिएको छ : (सूर्यमल्लवाट) नरेन्द्रमल्ल राजा उत्पन्न भए । जसबाट समुत्पन्न प्रवल प्रतापाग्निको ज्वालाले सूर्यलाई पनि ढाकिदिएको थियो । जसका नितम्बिनी शत्रुपत्नीहरू अत्यन्त दुःखित भई सुकेको मुख लिँदै विषम पर्वतका गुफाहरूमा बसेर सधैं दयनीय जीवनयापन गरिरहन्छन् ।' प्रस्तुत वर्णनमा 'राजा नरेन्द्र मल्लले आफ्नो प्रताप ज्वालाले शत्रुहरूलाई भस्मीभूत गराएका थिए' भन्ने व्यङ्ग्यार्थलाई नै प्रकारान्तरले वाच्यार्थमा वयान गरिएकाले पर्यायोक्त अलङ्कारको सौन्दर्य प्रकट भएको छ । वस्तुतः नरेन्द्र मल्लले शत्रुलाई समाप्त गरेको सोझो कुरा घुमाउरो पाराले कलात्मक शैलीमा प्रस्तुत गरेकाले नै यहाँ उक्त अलङ्कारको चारुता व्यक्त भएको छ र यो राजा नरेन्द्र मल्लको प्रशस्तिवर्णन–अनुकूल बनेर शोभाधायक बन्न पुगेको छ ।

थ. अर्थान्तरन्यास

सामान्यलाई विशेषद्वारा, विशेषलाई सामान्यद्वारा, कार्यलाई कारणद्वारा, कारणलाई कार्यद्वारा साधर्म्य (समानता) वा वैधर्म्य (असमानता) का दुई आधारमा समर्थन गरिएमा अर्थान्तरन्यास अलङ्कार हुन्छ ।[203] वस्तुतः अर्थान्तरको न्यास (एउटा अर्थलाई समर्थन गर्न अर्को अर्थको स्थापना/प्रस्तुति) नै अर्थान्तरन्यासको मूल मर्म हो । अभिलेखमा यो अलङ्कार यसरी प्रस्तुत भएको छ :

> **'त्वदर्च्चाविधिर्दुष्करो मद्विधानां**
>
> **कृपावारिधे ! पाहि दुःखाम्बुराशेः ।**
>
> **न सेवामपेक्ष्येह माता सुतानां**
>
> **सदा दुर्दशानां हितं सन्तनोति ॥**[204]

यस पद्यमा माता वज्रयोगिनीको स्तवन गर्दै स्तुति-रचनाको अन्त्यमा राजा प्रताप मल्ल भन्दछन् : 'हे कृपाकी समुद्ररूपिणी माता ! तपाईंका अर्चनाको विधि (पुऱ्याउनु) मजस्ताका लागि दुष्कर (सारै मुस्किल) छ (तैपनि) दुःख समुद्रमा डुब्नबाट मलाई रक्षा गर्नुहोस्, (किनभने) आफ्ना दुर्दशामा परेका पुत्रहरूलाई कुनै पनि सेवाको अपेक्षा गरेर आमाले हित गरेकी हुँदैनन्, अपितु अकारण नै कल्याण गरेकी हुन्छिन् ।' यस पद्यमा पूर्वार्द्धका पादद्वयको विशेष अर्थलाई उत्तरार्धका पादद्वयको सामान्य अर्थले समर्थन गर्नाले अर्थान्तरन्यास अलङ्कार प्रकट भएको छ । "माता वज्रयोगिनीले राजा प्रताप मल्ललाई कुनै अर्चनाविधि पूरा नगरे पनि दुःखबाट मुक्त गर्नु" विशेष

---

[203] विश्वनाथ, **सा.द. १०/६२-६३ ।**

[204] **अभि. २०/११ ।**

अर्थ हो र यसलाई 'आमाले सेवाको अपेक्षा नराखी सन्तानहरूको कल्याण गर्नु' सामान्य अर्थले समर्थन गरेकाले यहाँ अर्थान्तरन्यासको चारुता प्रकट भएको छ ।

द. काव्यलिङ्ग

कुनै पदार्थ वा वाक्यार्थ कुनै कुरो सिद्ध गर्ने हेतु वा कारण भएमा काव्यलिङ्ग अलङ्कार हुन्छ ।[205] अभिलेखमा काव्यलिङ्ग अलङ्कारको प्रयोग यसप्रकार छ :

'मुखं यस्य दृष्ट्वा नराःकञ्जकल्पं

भहागर्भवासे न सीदन्ति भूयः ।

विरञ्चीन्द्रवृन्दारकौघैःस्तुतो यो

मुदा तं जगन्नाथदेवं नमामि ॥[206]

भगवान् जगन्नाथदेवलाई नमन गर्दै राजा प्रताप मल्ल भन्दछन् : 'जसको कमलजस्तो सुन्दर मुखको दर्शन पाएपछि महागर्भवासको दुःखमा/पुनर्जन्ममा मानिसहरू फेरि कहिल्यै भासिँदैनन्, ब्रह्मा र इन्द्रादि सम्पूर्ण देववृन्दले स्तवन गरिएका त्यस्ता जगन्नाथदेवलाई म प्रसन्नतापूर्वक नमन गर्दछु ।' यहाँ फेरि दुःखमय संसारमा जन्मिनु नपर्ने कार्य सिद्ध गर्नका लागि जगन्नाथदेवको मुखकमलको दर्शन कारण बन्न पुगेकाले काव्यलिङ्ग अलङ्कारको सौन्दर्य झल्किएको देखिन्छ ।

ध. आक्षेप

विवक्षित वस्तुको केही विशेषता प्रतिपादन गर्नका लागि निषेधझैं गर्नु आक्षेप अलङ्कार हो ।[207] अभिलेखमा आक्षेप अलङ्कारको प्रयोग यसप्रकार छ :

'भक्तानां विपदन्धकारपटली-विध्वंसकारि स्फुटं

त्वन्नामाऽपि नगेन्द्रनन्दिनि ! पुनः किन्नाम ते वर्ण्यताम् ।

सानन्दं स्मरतः स्मरारिगृहिणि ! त्वत्पादपङ्केरुहं

सद्यो मे परिपूरयाऽभिलषितं कल्याणि ! तुभ्यं नमः ॥'[208]

---

205 विश्वनाथ, सा.द. १०/६४ ।
206 अभि. ४४/२ ।
207 विश्वनाथ, सा.द. १०/६५ ।
208 अभि. १३/५ ।

यहाँ कालिकाको स्तवन गर्दै राजा प्रताप मल्ल भन्छन् : 'हे नगेन्द्रनन्दिनी ! तपाइँको नाममात्रले पनि भक्तहरूको विपत्तिरूपी अन्धकारपुञ्जलाई सहजै विध्वंश गर्दछ भने तपाइँका बारेमा म अरू के वर्णन गरूँ ? हे शिवा ! तपाइँको चरणकमलको सानन्द स्मरण गर्ने म प्रताप मल्लको अभिलाषा पूरा गरिदिनुहोला । हे कल्याणी ! तपाइँलाई नमस्कार छ ।' यस पद्यमा 'तपाइँका बारेमा अरू म के वर्णन गरुँ ? (गर्दिन) भनेर कालिकाका चरणकमलको विशिष्ट शक्ति र कृपा प्रतिपादन गर्नका लागि वक्तव्यलाई निषेध झैं गरिएकाले आक्षेप अलङ्कार प्रकट भएको छ । भगवती कालिकाको स्तवनमा यस उक्तिभङ्गिमाले वैचित्र्य प्रकट गरेकाले अलङ्कारको चारुता रसानुगुण बनेर झल्किएको छ ।

न. विरोध

कुनै जाति, गुण, क्रिया र द्रव्यका बीच विरोध परेको आभास भएमा विरोध अलङ्कार हुन्छ ।[209] अभिलेखमा विरोध अलङ्कार यसरी प्रयुक्त छ :

'उमासङ्गमं योगिनामप्यनूनं

पशूनां पतिं भव्यरूपं भजेऽहम् ।'[210]

उद्य पद्यांशमा भगवान् शिवको स्तवन गर्दै भनिएको छ- 'उमासँग सँधै सङ्गम गर्ने, तैपनि योगीहरूमा सबैभन्दा श्रेष्ठ (कोहीभन्दा कम नभएका), पशुहरूका पति भव्यस्वरूप महादेवलाई म भजन गर्दछु । यहाँ 'उमासँग सङ्गम गर्ने (स्त्रीसाहचर्यमा रत) भोगी भएर पनि योगीहरूमा उत्तम' भनेर महादेवको वर्णन गर्दा योग र भोग यी दुवै क्रिया एउटै व्यक्तिमा आश्रित भएकाले क्रियाविरोध भएको देखिन्छ । तर महादेव सामान्य मानव नभएर देवाधिदेव परम ईश्वर भएकाले यो विरोध, विरोध नभएर विरोधको आभास मात्र भएको स्पष्ट हुन्छ । किनभने ईश्वरको महत्तामा सबै विरोधी क्रियाहरूको विरोधभाव तिरोहित हुन्छ । यसरी प्रस्तुत पद्यांशमा विरोध अलङ्कारको छटाले भावक मनलाई आनन्दित तुल्याउँछ । भगवान् शिवप्रति रतिभावको अभिव्यक्तिमा पनि उक्त अलङ्कार भावानुकूल बनेर प्रस्तुत भएको छ । यस्ता अनेक उदाहरण अभिलेखहरूमा उपलब्ध छन् ।

प. सम

योग्य वस्तुहरूका बीच अनुरूपताका कारण मिलेको जोडीलाई प्रशंसित गरियो भने सम अलङ्कार[211] हुन्छ । अभिलेखको निम्नाङ्कित पद्यमा समालङ्कारको सौन्दर्य प्रस्फुटित भएको पाइन्छ :

---

[209] विश्वनाथ, **सा.द. १०/६८ ।**
[210] **अभि. १९/८ ।**
[211] विश्वनाथ, **सा.द. १०/७१ ।**

सेयं रूपमती सती गुणवती स्वर्णद्युतिः सन्मति -

र्म्मार्द्यत्कुञ्जरगामिनी प्रणयिनी साक्षात् परा रुक्मिणी ।

आसीत् सर्वगुणस्थितेर्नरपतेः श्रीमत्प्रतापस्य सा

पत्नी प्राणसमा यथा जलनिधेः पुत्री जगत्पायिनः ॥[212]

उपर्युक्त पद्यमा राजा प्रताप मल्लकी प्राणप्रिया पत्नी रूपमतीको वर्णन गर्दै भनिएको छ : 'समस्त गुणले युक्त भएकी, सुनको जस्तो कान्ति भएकी, सद्बुद्धिले युक्त, मस्त हात्तीको जस्तो लस्किँदो चाल भएकी, साक्षात् रुक्मिणीजस्ती, सती, रूपमती नाम भएकी प्रणयिनी समस्त शोभाले युक्त, समस्त गुणले सम्पन्न राजा प्रताप मल्लकी प्राणसमा पत्नी भइन्, जसरी भगवान् विष्णुकी प्राणप्रिया पत्नी लक्ष्मी छिन् ।' यसरी समग्र-गुण-गणसमन्विता रूपमती र समस्त गुणगणान्वित राजा प्रताप मल्लको जोडीलाई लक्ष्मी-नारायणको जोडीसँग दाँजेर यहाँ अनुरूपताको प्रशंसा गरिएकाले सम अलङ्कारको सौन्दर्य अभिव्यक्त भएको पाइन्छ ।

फ. विशेष

एउटै वस्तु अनेक स्थानमा रहेको बयान गरिएमा विशेष अलङ्कार हुन्छ ।[213] अभिलेखमा विशेष अलङ्कार यसरी प्रयुक्त छ -

मेदिन्यामुदधौ सरस्सु सरितां मध्ये गिरौ कानने

यस्य प्रौढतरप्रतापनदहंनस्यालोकस्य दीप्तिं पराम् ।

अत्युत्कर्षमवेक्ष्य सम्प्रति समासाद्यापकर्षश्चिरा-

दौर्वः खर्वयशा प्रशाम्यति हठान्मग्नः समुद्राम्भसि ॥[214]

उक्त पद्यमा राजा प्रताप मल्लका प्रतापको आलङ्कारिक शैलीमा बयान गर्दै भनिएको छ : 'पृथ्वीमा, समुद्रमा, तलाउहरूमा, नदीमा, पहाडमा र वनमा पनि राजा प्रताप मल्लको सूर्यजस्तो प्रतापको परम दीप्ति देखेर निराश भएको घमण्डी वडवानल समुद्रमा हामफालेर आत्महत्या गर्दछ ।' यसरी एउटै वस्तु : राजाको प्रतापको राप/दीप्ति पृथ्वी, समुद्र, नदी, तलाउ र वनजस्ता अनेकौं स्थानमा रहेको बयान गरिएकाले यहाँ विशेष अलङ्कारको भव्य चारुता प्रकट भएको देखिन्छ ।

ब. परिवृत्ति

[212] अभि. ५/८ ।
[213] 'एकं चानेकगोचरम्/विशेषः ......' विश्वनाथ, सा.द. १०/७३ ।
[214] अभि. २३/२७ ।

समान, न्यून अथवा अधिकका साथ विनिमय गर्नुलाई परिवृत्ति अलङ्कार भनिन्छ ।[215] वस्तुतः यस अलङ्कारमा घटी र बढी वस्तुको साटफेर भएको वर्णन गरिन्छ । कम महत्ता र बढी महत्ता भएका वस्तुहरूको अदलाबदली गरिएको वर्णन गरिँदा परिवृत्ति अलङ्कारको चारुता झल्किन्छ । अभिलेखमा प्रस्तुत अलङ्कारको सौन्दर्य यसरी प्रकट भएको छ :

येनेयं किल काश्यपीं वसुमतां रत्नेन पूर्णां वरां

दत्त्वा भूमिसुराय स्वर्गभवने कीर्ति स्थिरा स्थापिता ॥[216]

राजा महेन्द्र मल्लको वर्णनमा आएको उपर्युक्त पदार्थमा भनिएको छ'जुन राजा (महेन्द्र मल्ल) ले रत्नैरत्नले पूर्ण भएको, राम्रो भूमि ब्राह्मणलाई दिएर स्वर्गको भवनमा आफ्नो स्थिर कीर्ति स्थापित गरेका थिए ।' यसरी यस जगत्मा ब्राह्मणलाई भूमि दिएर स्वर्गलोकमा स्थिर कीर्ति प्राप्त गरेकाले कम महत्ता भएको वस्तु : भूमि दिएर, बढी महत्ता भएको वस्तु : स्थिर कीर्त्ति लिएको हुँदा यहाँ न्यूनका साथ अधिकको विनिमय भएर परिवृत्ति अलङ्कार स्पष्ट हुन पुगेको छ । यस जगत्मै रहने, कहिल्यै आफ्नो नहुने भूमिजस्तो सामान्य वस्तु दान गरेर पनि स्वर्गलोकमा समेत पुग्ने, कहिल्यै नष्ट नहुने स्थिर कीर्ति प्राप्त गरेकाले राजा महेन्द्र मल्लको दानपरताका साथ विशिष्ट चातुर्यको समेत द्योतन हुनाले प्रस्तुत अलङ्कार प्रासङ्गिक विषयवस्तुको लागि शोभाकारक हुन पुगेको छ ।

भ. परिसङ्ख्या

प्रश्नपूर्वक या विनाप्रश्न पनि कुनै वस्तुसँग त्यस्तै अर्को वस्तुलाई छुट्याइयो भने परिसङ्ख्या अलङ्कार हुन्छ ।[217] वस्तुतः कुनै गुण वा वैशिष्ट्य उस्तै ठाउँमा सबैतिर नदेखिएर कुनै खास ठाउँमा मात्र देखिएको वा रहेको बयान गरिएमा परिसङ्ख्या अलङ्कार हुन्छ । अभिलेखमा उक्त अलङ्कार यसरी प्रकट भएको छ :

'बभूव पुत्रोऽमरमल्लनामा कामाभिरामोऽस्य महानुभावः

पुराणसाहित्यरसैकवेत्ता छेत्ता रिपूणां सुहृदां हितेप्सुः ।[218]

प्रस्तुत पद्यको अन्तिम पाउमा अमर मल्लको बयान गर्दै भनिएको छ : 'उनी शत्रुहरूका विनाशक र मित्रहरूका हितैषी थिए ।' यहाँ अमर मल्ल शत्रुहरूका मात्र विनाशक थिए (न कि

---

[215] विश्वनाथ, सा.द. १०/८१ ।
[216] अभि. २३/१७ ।
[217] विश्वनाथ, सा.द. १०/८२ ।
[218] अभि. १/९ ।

मित्रहरूका), सज्जनहरूका मात्र हितैषी थिए (न कि दुर्जनहरूका) भन्ने अभिप्राय व्यक्त हुनाले विनाशकत्व र हितैषिता कुनै खास ठाउँमा मात्र देखा परेर अन्य ठाउँमा चाहिँ नेदखिएकोले परिसङ्ख्या अलङ्कारको चारुता प्रस्फुटित भएको देखिन्छ ।

म. अर्थापत्ति

एउटा कुराको प्रमाणबाट अर्को कुरा सिद्ध हुन आएमा अर्थापत्ति अलङ्कार हुन्छ ।[219] एउटा अर्थ सिद्ध हुँदा अर्को पनि अर्थ सिद्ध हुने, प्रत्याभूति हुने अवस्था जहाँ आफैं स्पष्ट हुन आउँछ त्यहाँ यस अलङ्कारको चारुता झल्किन्छ । वस्तुतः जहाँ कुनै दुष्कर कार्यको सिद्धिद्वारा सुगम कार्यको सिद्धि हुने कुरा आफैं स्पष्ट हुन आउँछ, त्यहाँ अर्थको आपतन (स्वतः आगमन) हुने भएकोले अर्थापत्ति स्पष्ट हुन्छ । अभिलेखमा अर्थापत्तिको सौन्दर्य यसरी देखा परेको छ :

'अरे रे ! परेतस्य दूताः कुजाताः वृथा ताम्यथोच्चैः किमेतावता मे ।

भयं नैव किञ्चित् सनाथोऽहमुच्चैर्महाकालिकाङ्घ्रिद्वयेनाऽम्बुजेन ॥[220]

उपर्युक्त पद्यमा राजा प्रताप मल्ल भन्दछन् - 'ए ! कुजात यमदूतहरू हो, तिमीहरू व्यर्थै दुष्प्रयास गर्दैछौ । त्यस्ता नाथे चेष्टाले मलाई के हुन्छ र ? मलाई तिमीहरूको कुनै डर छैन, मेरा त महालिकाका चरणकमलयुगल नै रक्षक छँदैछन्, म अनाथ छैन ।' यसरी स्वयं महाकालिका नै जसको संरक्षक हुनुहुन्छ, त्यस्तो व्यक्तिलाई कालका दूतहरूले के लछारपाटो लाउन सक्लान् त ? भन्ने प्रश्नले 'कुनैपनि दुष्प्रभाव पैदा गर्न सक्दैनन्; मृत्युले आक्रान्त बनाउन सक्दैन; यमदूतले केही पनि गर्न सक्दैनन्, तिनीहरूको दुष्प्रयास खेर जानेछ ।' भन्ने अभिप्रायको आपतन भएकाले यहाँ अर्थापत्ति अलङ्कार देखिएको छ । महाकालिकाको चरणाम्वुजयुगलले सनाथ तुल्याइएको प्रमाणबाट यमदूतले केही पनि गर्न नसक्ने अर्थ सिद्ध हुन आएकोले यहाँ अर्थापत्तिको चारुता झल्किएको छ ।

य. समुच्चय

दुइटा गुण अथवा दुइटा क्रिया एकसाथ भएको देखाइएमा समुच्चय अलङ्कार हुन्छ ।[221] अभिलेखमा समुच्चय अलङ्कारको प्रयोग यसरी भएको देखिन्छ :

'यदा यदाऽयं तुरगाधिरुढस्तदा तदा कस्य मनो न मोदि ।

तदा तदा वर्द्धितकामभावं बभूव चेतो वनिताजनानाम् ॥'[222]

---

219 विश्वनाथ, **सा.द. १०/८३ ।**
220 **अभि. ४१/२ ।**
221 विश्वनाथ, **सा.द. १०/८५ ।**
222 **अभि. १/१७ ।**

प्रस्तुत पद्यमा राजा प्रताप मल्लको वर्णन गर्दै भनिएको छ - 'जब जब यिनी घोडामा चढ्दथे, त्यसबेला कसको मन आनन्दित हुँदैनथ्यो ? तब तब सुन्दरीहरूको चित्तमा कामभाव बढ्दथ्यो ।' यसरी 'जब जब राजा घोडामा चढ्दथे, तव-तव सुन्दरीहरूको चित्तमा कामभावनाहरू बढ्दथे' भनेर राजाको 'घोडामा चढ्ने' र सुन्दरीको चित्तमा 'कामभाव बढ्ने' यी दुवै क्रिया एकसाथ भएको देखाइएकाले यहाँ समुच्चय अलङ्कारको सौन्दर्य प्रकट भएको छ । यता राजा घोडामा चढे, उता सुन्दरीका मनमा कामभावना बढे, भनेर गरिएको यस बयानमा अर्थवैचित्र्यका साथै राजाको अश्वारोहण-शिल्पको प्रशंसा पनि गरिएकाले समुच्चय यहाँ प्रकृतवर्णनाऽनुकूल बनेर प्रस्तुत भएको छ ।

र. प्रतीप

प्रसिद्ध उपमानलाई उपमेयका रूपमा कल्पना गर्नु या उपमानको निष्फलता प्रकट गर्नु प्रतीप[223] हो । उपमानभन्दा उपमेयमै बढी वैशिट्य देखाएर उपमानको व्यर्थता झल्काउँदा यस अलङ्कारको चारुता प्रस्फुटित हुन्छ । अभिलेखमा प्रतीप अलङ्कार यसरी व्यक्त भएको छ :

अ) 'महापीठनेपालमध्ये वसन्तम्

मुदा स्वर्गलोकधिवासं हसन्तम् ॥[224]

भगवान् वासुकिरूप नारायणको स्तुति गर्दै राजा प्रताप मल्ल भन्दछन् : 'महापीठ नेपालमा परम प्रीतिका साथ बसेर स्वर्गलोकको आवासलाई पनि उपहास गर्ने (भगवान् वासुकिरूप नारायणको हामी भजन गर्दछौं ।' यस पद्यार्धमा नेपालको वास : उपमेय र स्वर्गलोकको वास : उपमानमध्ये उपमानभन्दा उपमेयमै वैशिष्ट्य झल्किएकाले र उपमान : 'स्वर्गलोकको वास'को निष्फलता देखिएकाले प्रतीप अलङ्कार प्रकट भएको छ । नेपालमा प्रीतिका साथ बसेर नारायणद्वारा स्वर्गलोकको उपहास गरिनाले उपमान (स्वर्गलोकमा बस्नु)को निष्फलता देखिनाका साथै उपमेय (नेपालवास)को नै उत्तमता स्पष्ट हुन्छ । स्वर्गभन्दा पनि नेपाल नै भगवान् नारायणलाई प्रिय भएको वर्णनले प्रकृत विषयको गौरव झल्किएकाले अलङ्कारको चारुत्व प्रकट भएको छ ।

आ) व्यर्थीकृतेन्दू रुचा .... ॥[225]

यहाँ पनि 'राजा प्रताप मल्लको कीर्ति शोभाले चन्द्रमालाई व्यर्थ तुल्याएको' वर्णन गरिएको हुँदा उपमानको निष्फलता व्यक्त भएर प्रतीप अलङ्कारको शोभा प्रकट भएको पाइन्छ ।

---

223 विश्वनाथ, सा.द. १०/८७-८८ ।
224 अभि. ६/४ ।
225 अभि. १/२२ ।

ल. सूक्ष्म

आकार र चेष्टाद्वारा लक्षित सूक्ष्म अर्थ जहाँ कुनै भङ्गिमाद्वारा सूचित गरिन्छ त्यहाँ सूक्ष्म अलङ्कार हुन्छ ।[226] वस्तुतः कुनै आकार र चेष्टाको भङ्गिमाविशेषले जहाँ सूक्ष्म भाव व्यक्त गरिन्छ त्यहाँ सूक्ष्म अलङ्कारको शोभा प्रस्फुटित हुन्छ । अभिलेखमा यस अलङ्कारको शोभा यसरी प्रकट गरिएको छ -

निकटमुपगतेऽस्मिन् काऽपि बाला बभूव

स्मितमधुरमुखाऽतिव्रीडितेन्दुश्च काऽपि ।

पुलकिततनुभिन्दत्कञ्चुकग्रन्थिरुद्य -

न्नयनमिह च काऽपि प्रेमदिग्धं वहन्ती ॥[227]

राजा प्रताप मल्लको वर्णनका प्रसङ्गमा आएको यस पद्यमा भनिएको छ : 'यी राजा छेउमा आइपुगेपछि कुनै युवती चन्द्रमालाई पनि लजाउर्ने ताराले उज्यालो मुखमा मधुर मुस्कान छर्न थालिन्, चोलीको ग्रन्थि नै खुस्किएकी कुनै बालाचाहिं प्रेम रसमा चुर्लुम्म डुबेका, परेली उठेका आँखाले लोलाएर हेर्न लागिन् ।' यस वर्णनमा सुन्दरी बालाहरूले विभिन्न आकार र चेष्टा अनि विविध भङ्गिमाद्वारा राजाप्रतिको आकर्षण, कामभावना एवं आसक्ति र कामोन्मादको भाव सूचित गरिएकाले सूक्ष्म अलङ्कारको भव्य चारुता व्यक्त भएको पाइन्छ ।

व. स्वभावोक्ति

संवेदनशील कविले मात्र ज्ञान गर्न सक्ने, बालक र पशु आदिको दुरुह (अप्ठ्यारा) चेष्टा र स्वरूप आदिको स्वाभाविक वर्णन गरिएको छ भने स्वभावोक्ति अलङ्कार हुन्छ ।[228] अभिलेखमा उक्त अलङ्कार यसरी प्रस्तुत भएको छ :

तादृक्ज्ञानादिहीनेदृशतरविषये स्वाविलाक्लिन्नदेहे

पीडाख्यानादशक्यादतिशयरुदितक्षीरपानाभिलाषः ।

बाल्येऽधीने परेषां स्मृतिरपि घटते नैव निर्वाणदात्र्या

न ग्राह्यो मेऽपराधो जननि ! जयनिधे ! कालिके ! त्वं प्रसीद ॥[229]

---

[226] विश्वनाथ, सा.द. १०/९१-९२ ।
[227] अभि. १/२० ।
[228] विश्वनाथ, सा.द. १०/९३ ।
[229] अभि. ३९/२ ।

माता कालिकासँग आफ्ना अपराधहरूप्रति क्षमायाचना गर्ने क्रममा यो पद्य यसरी प्रस्तुत छ : 'त्यस्तो (भक्तिभाव)को ज्ञान आदि नभएको, क्लेशपूर्ण स्थितिमा, आफ्नै शरीरबाट उत्पन्न फोहोरमा आफैं लत्पतिएको भए तापनि आफ्नो पीडा व्यक्त गर्न नसक्ने, केवल अतिशय मात्रामा रोएर आमाको दूध पिउने अभिलाषा व्यक्त गर्ने बाल्य अवस्थामा अर्काको अधीनमा हुँदा मोक्षप्रदायिनी हजुरको स्मृतिसम्म पनि रहेन, हे जयनिधि ! जननी ! कालिका ! मेरो अपराध बिर्सिदिनुहोस् र मप्रति प्रसन्न बन्नुहोस् ।' यहाँ बालकको चेष्टा र अवस्था एवं स्वरूपको जस्ताको तस्तै बयान गरिएकाले स्वभावोक्ति अलङ्कारको सौन्दर्य व्यक्त भएको देखिन्छ ।

श. भाविक

भूत या भविष्यत् कुनै अद्‌भुत पदार्थलाई प्रत्यक्षझैं अनुभव गरियो भने भाविक अलङ्कार हुन्छ ।[230] अभिलेखमा उक्त अलङ्कारको प्रयोग गसरी गरिएको छ :

अद्याप्युत्तमपद्‌मिनीभिरभितस्तत्कीर्तिरुद्‌गीयते

प्रातः प्रातरुदञ्चदम्बरमणेर्व्यक्तं पुरो लीलया ।

आत्मीयोदरसम्भ्रमन्मधुकरव्यूहोन्नमज्झाङ्कृति-

व्याजात् कर्ण्णसुखप्रदायिनिनदैर्व्यर्थीकृतेन्दू रुचा ॥[231]

राजा प्रताप मल्लको बयान गर्दै यहाँ भनिएको छ : 'आजसम्म पनि बिहान-बिहानै उदाउन लागेका भगवान् सूर्यनारायणका सामुन्ने लीलापूर्वक फक्रिएका कमलिनीहरूद्वारा आफ्नो भित्रीभागमा घुमिरेहका भ्रमरावलीद्वारा गुञ्जायमान झङ्कारको बहानाले, कर्णसुख प्रदान गर्ने, चारैतिर गुञ्जायमान मधुर ध्वनिद्वारा, आफ्नो कोमल प्रकाशले चन्द्रलाई पनि व्यर्थ तुल्याउने ती राजा प्रताप मल्लको गीर्तिगान गरिँदैछ ।' यसरी प्रताप मल्लको कीर्तिगान गरिएको भूतकालिक अद्‌भुत वर्णनलाई अहिल्यै भएको रूपमा, प्रत्यक्षवत् प्रस्तुत गरिएकाले यहाँ भाविक अलङ्कारको चारुता व्यक्त भएको पाइन्छ ।

ष. उदात्त

महापुरुष आदिको चरित प्रस्तुत/वर्णनीय वस्तुको अङ्ग बनेर आयो भने उदात्त अलङ्कार हुन्छ ।[232] अभिलेखमा उदात्त अलङ्कारको सौन्दर्य यसरी प्रकट भएको छ :

'जातस्तत्तनयो महाशययुतो रामोऽभिरामाकृति-

[230] विश्वनाथ, **सा.द. १०/९३** ।
[231] **अभि. १/२२** ।
[232] विश्वनाथ, **सा.द. १०/९४** ।

द्दानेन प्रचुरेण बर्द्धितगुणः ख्यातस्त्रिलोकीतले ।

बध्वा यो जलधिं निशाचारभटान् निर्जित्य लङ्कापुरीं

गत्वा रावणराक्षसं कलिवरं, हत्वा यशो लब्धवान् ॥[233]

यस पद्यमा राजा प्रताप मल्लको वंशवर्णनका क्रममा भनिएको छ : 'ती दशरथका छोरा उदारचरित्र सुन्दर राम भए, जो प्रचुर दान दिनाले गुणको वृद्धि हुँदा त्रिलोकमै प्रसिद्ध भए, जसले समुद्रलाई बाँधेर (पुल बनाएर/बाँध हालेर) राक्षससेनालाई पूर्णतः जितेर, लङ्कापुरी गई पापी राक्षस रावणलाई मारेर ठूलो कीर्ति प्राप्त गरेका थिए, *(तिनैका वंशमा राजा प्रताप मल्लको जन्म भयो ।)* यसरी उक्त पद्यमा प्रस्तुत राजाका वंशवर्णनको अङ्ग बनेर महापुरुष रामको चरितको चर्चा आएकाले यहाँ उदात्त अलङ्कारको शोभा प्रकट भएको देखिन्छ ।

स. संसृष्टि

विभिन्न शब्दालङ्कार र अर्थालङ्कारहरू यदि परस्परनिरपेक्ष रहेर एउटै रचनामा प्रस्तुत भए भने संसृष्टि अलङ्कार[234] हुन्छ । एकभन्दा बढी अलङ्कारहरू तिलतण्डुलन्यायले (तिल र चामल मिसिए झैं) अलग-अलग छुट्याउन सकिने रूपमा एकत्र भए भने संसृष्टि अलङ्कार हुन्छ । अभिलेखमा संसृष्टि अलङ्कारको सृष्टि यसरी भएको छ :

'एतस्मादुदयाचलादिव रविर्द्देवोऽम्बुराशेरिव

श्रीमद्यामिनिजानिरुज्ज्वलरुचिः पद्मादिव श्रीविधिः ।

जातोऽयं ललितप्रतापवलितः श्रीमत्प्रतापो नृपो

मार्तण्डाऽन्वयकैरवाऽमृतकरो ज्ञानाऽम्बुराशिर्वशी ॥[235]

यस पद्यमा राजा प्रताप मल्लको वर्णन गर्दै भनिएको छ : 'लक्ष्मीनरसिंह मल्लबाट प्रताप मल्लको त्यसरी नै जन्म भयो, जसरी उदयाचलबाट सूर्यको, समुद्रबाट चन्द्रमाको र विष्णुको नाभिकमलबाट ब्रह्माको जन्म हुन्छ । त्यस्ता राजा प्रताप मल्ल सूर्यवंशरूपी नीलकमल-कैरवलाई फक्राउने चन्द्ररूप, ज्ञानका समुद्र र इन्द्रियहरू वशमा राख्नेवाला थिए ।' यस पद्यमा निम्नाङ्कित अलङ्कारहरूको निम्नवत् उपस्थिति छ :

---

[233] अभि. २३/८ ।

[234] विश्वनाथ, सा.द. १०/९८ ।

[235] अभि. १/१५ ।

अ) पूर्वार्द्धका दुई पङ्क्तिहरूमा - 'उदयाचलबाट सूर्य, समुद्रबाट चन्द्र र कमलबाट ब्रह्मा जन्मिएझैं उज्ज्वल कान्ति भएका प्रतापी प्रताप मल्लको जन्म भयो' भन्दा एउटै उपमेयका लागि धेरै उपमानको प्रयोग भएकाले 'मालोपमा' अलङ्कार भयो ।

आ) चौथो पाउमा 'सूर्यकुलरूप कैरवका लागि चन्द्रस्वरूप' भन्दा उपमेयमा उपमानको आरोप गरिएकाले 'रूपक' अलङ्कार भयो ।

इ) त्यही पाउको अन्त्यतिर 'ज्ञानका समुद्र' भन्दा यहाँ पनि उपमेय : राजामा उपमान : समुद्रको आरोप गरिएकोले पुनः 'रूपक' अलङ्कार भयो ।

ई) तेस्रो पाउमा 'ललितप्रतापवलितः' मा छेकानुप्रास भयो ।

उ) त्यसै पाउको उत्तरार्धमा 'प्रतापी नृपो'मा 'प' को आवृत्तिले वृत्यनुप्रास भयो ।

यसरी एउटै पद्यमा मालोपमा, दुईवटा रूपक अर्थालङ्कारहरू तथा श्रुत्यनुप्रास र वृत्यनुप्रास शब्दालङ्कारहरूको परस्परनिरपेक्ष रूपमा स्वतन्त्र भावले तिलतण्डुलन्यायले प्रस्तुति रहेकाले यहाँ **संसृष्टि अलङ्कार** भयो । यस्तो प्रयोग अभिलेखहरूमा अत्यधिक मात्रामा देखिन्छ ।

ह. सङ्कर

विभिन्न अलङ्कारहरू परस्परसापेक्ष रूपमा एकत्र प्रयुक्त भएमा **सङ्कर अलङ्कार** हुन्छ । वस्तुतः नीरक्षीरन्यायले (दूध र पानी मिसिएजस्तो एक अर्कामा मिलेर) अनेक अलङ्कार रहँदा सङ्कर हुन्छ । यो सङ्कर पनि तीन प्रकारको हुन्छ - क) **अङ्गाङ्गिभाव सङ्कर**, ख) **एकाश्रयानुप्रवेशी सङ्कर** र ग) **सन्देह सङ्कर** ।[236] अभिलेखमा सङ्कर अलङ्कार-प्रयोगको नमुना यसप्रकार छ -

अ) **माणिक्यप्रतिमप्रतापपटलैरादीप्तलोकत्रयो**

मुक्तापङ्क्तिसहस्रशोभनयशोवृन्देन संशोभितः ।

पक्षत्याकृतिकर्णवारणगिरिग्रामावनव्याकुलः

पारावारमिवेह यः परिहसत्याधाय चित्तेऽच्युतम् ॥[237]

यहाँ राजा हरिसिंहदेवको बयान गर्दै भनिएको छ : 'माणिक्यजस्तै प्रतापसमूहले तीनैलोकलाई प्रदीप्त तुल्याउने, मोतीका हजारौं पङ्क्ति झैं शोभाशाली यशः - पुञ्जबाट प्रशंसित, पखेटाजस्तै आकारप्रकारका कान भएका गजरूपी पर्वतसमूहले भूमण्डल ढाक्ने भएका

[236] विश्वनाथ, **सा.द. १०/९९** ।
[237] **अभि. २३/११** ।

राजा हरिसिंहदेवले आफ्नो चित्तमा भगवान् अच्युतलाई धारण गरेर मानौं समुद्रको उपहास गर्दथे ।' यस पद्यरचनामा पहिला तीन पाउमा माणिक्य र प्रतापसमूह, मोतीका दाना र यशःपुञ्जकाबीच औपम्यद्वारा दुई **उपमा** र 'हात्तीरूपी पर्वत' मा **रूपक** अलङ्कारहरू अन्तिम पङ्क्तिस्थित 'मानौं समुद्रको उपहास गर्दछन्' मा प्रस्तुत **उत्प्रेक्षा अलङ्कार**को अङ्गका रूपमा आएकाले यहाँ **अङ्गाङ्गिभाव सङ्कर** भयो । यहाँ दुई उपमा र एक रूपक अलङ्कार मिलेर उत्प्रेक्षा अलङ्कारलाई सहयोग गर्ने भएकाले **उपमा** र **रूपक** अङ्गभावले र **उत्प्रेक्षा** अङ्गी (प्रमुख) भएर यहाँ आएकाले **अङ्गाङ्गिभाव सङ्कर अलङ्कार**को चारुता प्रकट भएको छ ।

आ) **'काण्णर्णाटी रङ्गघाटी कुचकनकघटी कामलीलैकवाटी ।'**[238]

यहाँ राजा प्रताप मल्लकी रानी राजमतीको वर्णन गर्दै भनिएको छ : **'कर्णाटप्रदेशबाट आएकी, सुन्दर रूप भएकी, स्वर्णकलशोपम कुचद्वयले युक्त भएकी, कामक्रीडा गर्ने एकमात्र बगैंचाजस्ती राजमती रानी, राजा प्रताप मल्लकी प्राणभन्दा प्यारी थिइन् ।'** यहाँ कुचकनकघटीमा **उपमा** र **वृत्यनुप्रास**, कामलीलैकवाटी मा **रूपक** र **वृत्यनुप्रास** एवं पूरै पङ्क्तिमा **वृत्यनुप्रास** र **अन्त्यानुप्रास**हरू एउटै स्थानमा आश्रय लिएर बसेकाले **एकाश्रयानुप्रवेशी सङ्कर** अलङ्कारको शोभा देखिएको छ ।

इ) **'त्वदीयस्फुरत्पादपद्माऽभिजातोल्लसच्छायया चैव किं किं सुखं न ।'**[239]

उपर्युक्त पद्यार्धमा तलेजुदेवीको प्रार्थना गर्दै राजा प्रताप मल्ल भन्दछन् : **'हजुरका शोभायमान चरणकमलबाट समुत्पन्न उज्यालो आभाले कुनचाहिँ सुख प्राप्त हुँदैन र ?'** यस वर्णनमा 'चरणकमल'का बीच उपमानोपमेयभाव औपम्यरूप हो वा आरोपण हो भन्ने सन्देह हुँदा **उपमा** र **रूपक**मध्ये कुन अलङ्कार हो भन्ने किटान गर्न नसकिने, तर दुवै अलङ्कारमध्ये कुनै पनि हुनसक्ने हुँदा **सन्देहसङ्करालङ्कार** व्यक्त हुन पुगेको पाइन्छ । यसरी अभिलेखहरूमा उपर्युक्त सबै प्रकारका **संसृष्टि** र **सङ्कर अलङ्कार**हरू प्रचुर मात्रामा उपलब्ध देखिन्छन् ।

३.२.२.४ निष्कर्ष

साहित्यशास्त्रमा 'अलङ्कार' शब्दको विभिन्न रूपमा व्याख्या र उपयोगिता बताइएको छ । काव्यात्मवादी आचार्यहरूले काव्यको आत्मा (रस/ध्वनि)को उत्कर्ष बढाउने तत्त्वका रूपमा अलङ्कारको प्रयोगलाई सत्काव्यमा स्वागत गरेका छन् । अलङ्कारले नै शब्दार्थको चारुता प्रकट गरी सहृदय-हृदयलाई आनन्दित तुल्याउँदै काव्यको उत्कर्ष बढाउने भएकाले काव्यमा यसको धेरै महत्त्वशील अस्तित्त्व रहेको मानिन्छ ।

---

[238] **अभि. ५/९ ।**
[239] **अभि. ४१/६ ।**

राजा प्रताप मल्लका अभिलेखहरूमा धेरै प्रकारका अलङ्कारहरूको प्रचुर मात्रामा प्रयोग भएको देखिन्छ । शब्दालङ्कार र अर्थालङ्कारका चित्ताकर्षक छटाहरूले यी अभिलेखहरू समुज्ज्वल र उत्कर्षशाली देखिन्छन् । शब्दालङ्कारका दृष्टिले यी अभिलेखहरूमा, पुनरुक्तवदाभास, अनुप्रासका सबै (पाँचै) भेद, १. छेकानुप्रास, २. वृत्यनुप्रास, ३.श्रुत्यनुप्रास, ४अन्त्यानुप्रास र ५. लाटानुप्रास यमक र श्लेष गरी चार प्रकारका अलङ्कारहरूको सुन्दरता प्रकट भएको छ र यिनमा पनि विशेषत: नब्बे प्रतिशत रचनाहरूमा अनुप्रासको वर्चस्व देखिन्छ ।

अर्थालङ्कारहरू पनि प्रचुर मात्रामा यहाँ काव्यको शोभाधायक बनेर प्रस्तुत भएका छन् । यी अभिलेखहरूमा जम्मा ३३ प्रकारका अर्थालङ्कारको चमत्कार पाइन्छ । ती हुन् - १.उपमा (समस्त भेदका साथ)[240] २.रूपक (समस्त भेदका साथ)[241] ३.परिणाम, ४.सन्देह, ५. भ्रान्तिमान्, ६.उल्लेख, ७.अपन्हुति ८.उत्प्रेक्षा, ९.अतिशयोक्ति, १०.तुल्ययोगिता, ११. दीपक, १२.प्रतिवस्तूपमा, १३.निदर्शना, १४.व्यतिरेक, १५.समासोक्ति, १६.पर्यायोक्त, १७. अर्थान्तरन्यास, १८.काव्यलिङ्ग, १९.आक्षेप, २०.विरोध, २१.सम, २२.विशेष, २३.परिवृत्ति, २४.परिसङ्ख्या, २५.अर्थापत्ति, २६.समुच्चय, २७.प्रतीप, २८.सूक्ष्म, २९.स्वभावोक्ति, ३०. भाविक, ३१.उदात्त, ३२.संसृष्टि, ३३.सङ्कर । यी अलङ्कारहरूमध्ये यी अभिलेखरचनाहरूमा रूपक अत्यधिक मात्रामा प्रयुक्त छ भने क्रमश उपमा, उत्प्रेक्षा, अतिशयोक्ति र व्यतिरेक पनि प्राथमिकताका क्रममा प्रयुक्त अलङ्कारमा पर्दछन् । यिनको सङ्कर र संसृष्टि पनि पर्याप्त मात्रामा पाइएको छ । निष्कर्षत: यी अभिलेखहरू अलङ्कार प्रयोगका दृष्टिले अत्यन्त महत्त्वशील र उत्कर्षपूर्ण छन् भन्न सकिन्छ ।

३.२.३. गुण- विवेचन

गुण : परिचय

'गुण्' धातुमा 'अच्' प्रत्यय लागेर गुण शब्द बन्दछ । यस शब्दको मूल अर्थ 'धर्म' वा 'स्वभाव' हो ।[242] विभिन्न शास्त्र र मतअनुसार गुणका विभिन्न अर्थहरू पाइन्छन् । संस्कृत साहित्यशास्त्रमा सर्वप्रथम नाट्यशास्त्रका प्रवर्तक **आचार्य भरत** (चौथो शताब्दी)ले 'दोषको विपर्यय'लाई नै गुण मानेका छन् । **दण्डी** (सातौं शताब्दी)ले 'काव्यको शोभा प्रकट गर्ने वस्तु'का रूपमा गुणलाई स्वीकारेका छन् ।[243] **आचार्य वामन** (नवौं शताब्दी) गुणलाई काव्यको केन्द्रीय तत्त्व मान्ने आचार्य हुन् । 'काव्यशोभाका कर्ता धर्म' का रूपमा गुणलाई विशेष महत्त्व दिँदै १० शब्दगुण र १० अर्थगुणको स्थापना गरेर आचार्य वामनले 'रीति नै काव्यको आत्मा हो र त्यसको

---

[240] पूर्णोपमा र लुप्तोपमा - धर्मलुप्ता, वाचकलुप्ता, धर्मवाचकलुप्ता, धर्मोपमानवाचकलुप्ता आदि र मालोपमा ।
[241] रूपक, साङ्ग रूपक, निरङ्ग रूपक र परम्परितरूपक आदि ।
[242] आप्टे, **पूर्ववत् नं.१४.** पृ. ३४६ ।
[243] वर्मा र अन्य (सम्पा.), **पूर्ववत् नं.११.** पृ. २३ ।

केन्द्रीय तत्त्व गुण हो' भनेको पाइन्छ ।[244] तर, यो मत सर्वसम्मत हुन सकेन । कालान्तरमा आचार्य **आनन्दवर्धन** (९ वौं शताब्दीले) काव्यको आत्मा ध्वनि हो' भन्ने सिद्धान्त प्रतिपादन गरी गुणलाई रसाश्रित तत्त्वका रूपमा व्याख्या गरे । काव्यको अङ्गीभूत रसको धर्मका रूपमा गुणलाई स्वीकार गरी 'त्यसको कार्य काव्यमा उत्कर्ष पैदा गर्नु हो' भन्ने मत प्रस्तुत गरे । काव्यात्मवादी आचार्यहरूले यसै सिद्धान्तको एकात्मना समर्थन गरेका छन् ।[245] यसै मतको अनुसरण गर्दै **आचार्य विश्वनाथ** भन्दछन् :

'रसस्याङ्गित्वमाप्तस्य धर्मा शौर्यादयो यथा/गुणाः'

-साहित्यदर्पण, अष्टम परिच्छेद १ ।

'जसरी अङ्गीका रूपमा मानिएको आत्माको उत्कर्ष-हेतु भएकाले शूरता वीरता आदिलाई व्यवहारमा 'गुण' भनिन्छ, त्यसैगरी काव्यमा पनि अङ्गीका रूपमा मानिएको रसको धर्मका रूपमा गुणहरूलाई स्वीकार गरिन्छ ।'[246] ती गुणहरू काव्यको उत्कर्ष वढाउँछन् । जुन पदसमुदाय गुणको व्यञ्जक बन्दछ त्यसलाई काव्य भनिन्छ, गुण रसकै धर्म भएकाले, जहाँ गुण हुन्छ त्यहाँ रस पनि अवश्य रहन्छ अनि जहाँ रस हुन्छ त्यहाँ काव्य हुन्छ । यसैले गुणयुक्त पदसमूह सरस हुने भएकाले 'काव्य' भनिन्छ । कविराज विश्वनाथको भनाइ छ : **'जसरी शारीरिक बनोटद्वारा शरीरधारीको उत्कर्ष प्रकट गर्दै शूरता, वीरता आदि गुणहरू देखा पर्दछन् त्यसै गरी माधुर्यादि गुणहरू पनि काव्यको उत्कर्षका कारक हुन् । हुन त गुणहरू रसकै धर्म हुन् तापनि शब्दद्वारा देखा पर्ने भएकोले गुण शब्द यहाँ गुण अभिव्यञ्जक शब्दार्थमा उपचरित हुन्छ । त्यसैले गुणाभिव्यञ्जक शब्दहरू रसका उत्कर्षकारक तत्त्व हुन् भन्न सकिन्छ ।'**[247] निष्कर्षमा निश्चित वर्णहरूद्वारा व्यञ्जित हुने रसका आन्तरिक धर्मलाई गुण भनिन्छ ।

गुणका प्रकार

माधुर्य, ओज र प्रसाद गरी गुण जम्मा तीन प्रकारका हुन्छन् ।[248]

३.२.३.१ माधुर्य गुण

चित्तलाई पगाल्ने किसिमको भावले युक्त आल्हादलाई माधुर्य भनिन्छ । 'रति' आदि स्थायी भावको अनुकूल आनन्दको उद्बोध हुनाले सहृदय व्यक्तिहरूको चित्त परिलएको झैं आर्द्र हुने गर्दछ, त्यही स्थिति पैदा गर्ने किसिमका वर्णहरूको जहाँ प्रयोग गरिन्छ त्यहीं माधुर्य गुणको

[244] **उही** ।
[245] **उही** ।
[246] विश्वनाथ, **सा.द. ८/१ : वृत्ति भाग** ।
[247] विश्वनाथ, **सा.द. १/३ः वृत्तिभाग** ।
[248] विश्वनाथ, **सा.द. ८/१** ।

अभिव्यक्ति हुन्छ । यो गुण सम्भोगश्रृङ्गार, करुण, विप्रलम्भ श्रृङ्गार र शान्तरसमा उत्तरोत्तर उत्कर्षकारक मानिन्छ । ट,ठ,ड,ढ वर्णदेखि बाहेक अन्य सबै व्यञ्जन वर्णहरूसँग ङ,ञ,ण,न,म वर्णहरूको संयोग, र, ण वर्ण अनि समास नभएको वा भए पनि छोटो, थोरै समास भएका मधुर रचनाहरू 'माधुर्य' गुणका व्यञ्जक मानिन्छन् ।[249]

अभिलेखमा माधुर्य गुणको अभिव्यक्ति यसरी भएको छ :

क. सेयं रूपमती सती गुणवती स्वर्णद्युतिः सन्मति-

म्मार्द्यत्कुञ्जरगामिनी प्रणयिनी साक्षात् परा रुक्मिणी ।

आसीत् सर्व्वगुणस्थितेर्न्नरपतेः श्रीमत्प्रतापस्य सा

पत्नी प्राणसमा यथा जलनिधेः पुत्री जगत्पायिनः ॥[250]

उपर्युक्त पद्यमा श्रीमत् प्रताप मल्लकी पत्नी (नायिका) रूपमतीको सरस वर्णन गरिएकोले श्रृङ्गाररसको आलम्बन र उद्दीपन विभावको प्रस्तुति रहेको छ । यस पद्यमा :

'रूपमती'मा	-	र,म,
'गुणवती'मा	-	ण,
'स्वर्णद्युति'मा	-	र/ण,
'सन्मति'मा	-	न्म,
'माद्यत्कुञ्जरगामिनी'मा	-	म/ञ्ज/र/मन,
'प्रणयिनी'मा	-	र/ण,
'रुक्मिणी'मा	-	र/क्म/ण,
'सर्व्वगुणस्थितेर्न्नरपते'मा	-	र/ण/न/र,
'पत्नी'मा	-	त्न,
'प्राणसमा'मा	-	र/ण, आदि

[249] 'चित्तद्रवीभावमयो ल्हादो माधुर्यमुच्यते/सम्भोगे करुणे विप्रलम्भे शान्तेऽधिकं क्रमात्/मूर्ध्नि वर्गान्त्यवर्णेन युक्ताष्टठडढान्विना/रणौ लघू च तद्व्यक्तौ वर्णाः कारणतां गताः/अवृत्तिरल्पवृत्तिर्वा मधुरा रचना तथा ।' विश्वनाथ, सा.द. ८/१-३

[250] अभि. ५/८ ।

माधुर्यव्यञ्जक वर्णहरूको संयोजन एवं असमस्त वा अल्पसमस्त पदावलीको प्रयोगले माधुर्य गुण अभिव्यक्त भएको छ ।

ख. 'या बाला नवनीरदाभचिकुरा त्रस्यत्कुरङ्गेक्षणा

रत्नाकल्पविभूषिता सुजघना प्रोत्तुङ्गपीनस्तनी ।

प्रोद्यत्पार्वणचन्द्रसुन्दरमुखी तारुण्यपुण्यस्थली

याचे कालि ममेदृशो हि विरहो माऽभूदिहास्याः क्वचित् ॥[251]

माता कालिकासँग कातरभावले 'आफ्नी प्रियतमा कान्तासँग कहिल्यै पनि विरह नहोस्' भनी राजा प्रताप मल्लद्वारा गरिएको यस प्रार्थनामा नायिका (रानी)को सरस सौन्दर्य वर्णन गरिएकाले श्रृङ्गाररसको आलम्बनविभावको प्रस्तुति भएको छ, यहाँ :

'कुरङ्गेक्षणा'मा	-	र/ङ्ग/ण,
'रत्ना'मा	-	त्न,
'प्रोत्तुङ्ग...'मा	-	ङ्ग,
'प्रोद्यत्पार्वणचन्द्रसुन्दर.'मा	-	र्व/ण/न्द्र/न्द/र,
'तारुण्यपुण्यस्थली'मा	-	र/ण्य/ण्य,
'विरहो'मा	-	र आदि

माधुर्यव्यञ्जक वर्णहरूको संयोजन, असमस्त वा अल्पसमस्त पद-पदावलीको प्रयोग र नायिकाको मधुर रति-उद्‌बोधक वर्णनले पनि माधुर्य गुणको आकर्षक अभिव्यक्ति हुन पुगेको देखिन्छ ।

३.२.३.२ ओजोगुण

चित्तलाई विस्तारित पार्ने किसिमको दीप्तत्व (तेजिलो गुण) लाई ओज भनिन्छ । यो गुण वीर, बीभत्स र रौद्र रसमा उत्तरोत्तर अधिक उपयुक्त/अनुकूल मानिन्छ । क,ग,च,ज,ट,ड,त,द,प,ब, का साथमा क्रमशः ख,घ,छ,भ,ठ,ढ,ध,फ,भ को संयुक्तता, रेफको ऊर्ध्व र अधःसंयोग अनि ट,ठ,ड,ढ,श,ष वर्णहरू पनि ओजोगुणका व्यञ्जक मानिन्छन् । यसै गरी प्रायः लामो समास भएको रचना औद्धत्यशाली शैलीमा प्रस्तुत गरिएमा पनि ओजोगुण अभिव्यक्त हुन्छ ।[252]

[251] जगन्नाथपेटीको शिलालेख, **अभि.सं. १३** ।

[252] ओजश्चित्तस्य विस्ताररूपं दीप्तत्वमुच्यते/वीरबीभत्सरौद्रेषु क्रमेणाऽधिक्यमस्य तु/वर्गस्याद्यतृतीयाभ्यां युक्तौ वर्णौ तदन्तिमौ/उपर्यधो द्वयोर्वा सरेफाष्टठडढैः सह/शकारश्च पकारश्च तस्य व्यञ्जकतां गताः ।' विश्वनाथ, **सा.द. ८/४-७** ।

अभिलेखमा ओजोगुणको अभिव्यक्ति यसरी गरिएको छ :

क. **'सदाऽट्टहासकारिणि ! प्रमत्तदैत्यदारिणि**

श्मशानमध्यवासिनि सुसाधके दयारते ।

प्रमत्तरक्तबीज-रक्तपानपारणाऽऽकुले

पिनाकपाणिवल्लभे शिवागणैर्निषेविते ।।'[253]

श्री चण्डिकाको आराधना, स्तवन गरिएको यस पद्यमा **बीभत्स रस**को आलम्वन र उद्दीपन विभावको वर्णन गरिएको छ । यहाँ अट्टहास, मदमत्त दैत्यको विदारण, श्मशानमध्यमा निवास, मदोन्मत्त रक्तबीजको रगत तन्तनी पिएको दृश्य, स्यालहरूले घेरिएको अवस्था आदिको वर्णनले जुगुप्सा पैदा गर्दछ । यस रचनामा :

'सदाट्टहासकारिणि'मा	-	ट्ट/र,
'प्रमत्तदैत्यदारिणि'मा	-	प्र/त्त/र,
'श्मशानमध्यवासिनि'मा	-	श/श,
'प्रमत्तरक्तबीजरक्तपारणाऽऽकुले'मा	-	प्र/त्त/क्त/र/क्त/र
'शिवागणैर्निषेविते'मा	-	श/र/ष...... आदि

ओजोगुणव्यञ्जक वर्णहरू र लामा समस्त पदावली एवं औद्धत्यशाली रचनाद्वारा ओजोगुणको अभिव्यक्ति देखिन्छ ।

ख. **'एतद्घोटकराजतापविदल्दभूखण्डकोट्‌युत्पत-**

द्धूलीधोरणिकान्धकारनिवहैर्दिक्चक्रमाक्रम्यते ।

दृष्ट्वा यामिनिशङ्कया तदभितश्चक्राङ्गनानाङ्गणाः ।

काकुङ्कातरमालपन्ति नृपतेरस्याऽरिवामा यथा ।।[254]

राजा प्रताप मल्लको वीरतावर्णनमा आएको प्रस्तुत पद्यमा वेगवान् घोडाहरूको गतिको वर्णन पाइन्छ । वीर रसको उद्दीपन विभावका रूपमा यहाँ **घोडाहरूको तीव्रवेगबाट समुत्पन्न धूलिपटलले दिग्दिगन्तलाई आच्छादित गरी रातभैँ अन्धकार** बनाएको आलङ्कारिक बयान गरिएको छ । यस पद्यमा :

---

[253] **अभि. ३३/७ ।**

[254] **अभि. १/२३ ।**

'एतद्घोटक'.....मा - द्घ/ट

'विदलद्भूखण्डकोटच्युत्पतत्'मा - द्भ/ण्ड/ट्य,

'द्धलीधोरणिका ......'मा - द्ध/

'द्विक्चक्रमाक्रम्यते'मा - द्व/क्च/क्र .... आदि

ओजोगुणव्यञ्जक वर्णहरू र अत्यन्त लामो समस्त पदावली एवं औद्धत्यपूर्ण रचनाले ओजोगुणको अभिव्यञ्जन गर्दछ । यस्ता अनेकौं उदाहरणहरू अभिलेखहरूमा उपलब्ध छन् ।

३.२.३.३ प्रसाद गुण

शुष्क इन्धनमा (सुकेको झुरमुटमा) आगो फैलिएझैं जो सहसा चित्तमा व्याप्त हुन्छ त्यस गुणलाई प्रसाद गुण भनिन्छ । यो गुण समस्त रस एवं सकल रचनामा उपलब्ध हुन्छ । सुन्नासाथै जसको अर्थ झटिति प्रतीत हुन्छ, त्यस्ता सरल र सुबोध पद नै 'प्रसाद' गुणका अभिव्यञ्जक हुन्छन् ।[255] यो गुण आदर्श मानिन्छ र प्रायः समासरहित हुन्छ, कवितामा अर्थवोधका निम्ति अन्वयको मुखपेक्षी हुँदैन । अभिलेखमा **प्रसाद गुण**को अभिव्यञ्जन यसरी भएको छ :

क. 'दुकूलं परित्यज्य कृत्तिं वसानं
विमानं विहायाऽश्रयन्तं श्मशानम् ।
उमासङ्गमं योगिनामप्यनूनं
पशूनां पतिं भव्यरूपं भजेऽहम् ॥'[256]

यस पद्यमा भगवान् श्री पशुपतिनाथप्रतिको रतिभाव व्यक्त गरिएको छ । भगवद्भक्ति-विषयक यस रचनामा उपलब्ध सरलताले **प्रसाद गुण** अभिव्यक्त गर्दछ ।

ख. 'सुतोऽथ जातो गुणिनोऽस्य नाम्ना ।
लक्ष्मीनृसिंहः स्पृहणीयकीर्तिः ।
मखेन दानेन स तेन तेन
देवाऽवनीदेवमुदं वितेने ॥'[257]

[255] 'चितं व्याप्नोति यः क्षिप्रं शुष्केन्धनमिवानलः/स प्रसादः समस्तेषु रसेषु रचनासु च/शब्दास्तद्व्यञ्जका अर्थवोधकाः श्रुतिमात्रतः।' विश्वनाथ, **सा.द. ८/७-८** ।

[256] **अभि. २९/८** ।

[257] **अभि. १/१४** ।

यस पद्यमा राजा प्रताप मल्लका पिता लक्ष्मीनृसिंह मल्लका सद्‌गुणको वर्णन गरिएको छ। यस रचनामा पढ्ना/सुन्नासाथै अर्थप्रतीति गराउन सक्ने अद्‌भुत वैशिष्ट्‌यले प्रसाद गुणको अभिव्यञ्जन गरेको स्पष्ट अनुभव गरिन्छ।

३.२.३.४ निष्कर्ष :

साहित्यशास्त्रका रसात्मवादी आचार्यहरूका मतमा गुण ३ प्रकारका छन् : **माधुर्य, ओज र प्रसाद**। हृदयको आल्हाद रूप **माधुर्य** हो, चित्तको विस्ताररूप **ओज** हो र रचनाको अर्थवैमल्यद्वारा चित्तव्यापन **प्रसाद गुण**को परिचायक हो। राजा प्रताप मल्लका अभिलेखहरूमा तीनवटै रचना-धर्म/गुणहरूको अभिव्यञ्जन भएकै पाइन्छ। प्रयोगका दृष्टिले **माधुर्य, ओज र प्रसाद** यी तीन गुणहरूको उत्तरोत्तर आधिक्य वा प्रयोग-प्रचुरता अभिलेखहरूमा पाइन्छ। **विशेषतः** नायिका वर्णनमा **माधुर्य**, देवदेवीका उग्ररूपको वर्णन र राजाका शत्रुदलन कार्य एवं प्रतापको वर्णनमा ओजोगुण र अन्य प्रायः समस्त रचनाहरूमा प्रसाद गुणको उत्कर्ष पाइन्छ। गुण प्रयोगका दृष्टिले प्रस्तुत अभिलेखहरू सफल छन् भनी निःसङ्कोच भन्न सकिन्छ।

३.२.४ रीतिपरिशीलन

'रीयन्ते - परम्परया गच्छन्त्यनया इति रीतिः'[258] भन्ने व्युत्पत्तिअनुसार 'परम्पराबाट चल्नु'लाई नै रीति भनिन्छ। काव्यमा 'पदसङ्‌घटना रीतिः' अर्थात् शरीरका अवयवहरूको योगझैं काव्यमा शारीरिक अवयव बनेका शब्दहरूको योजना वा शैली नै रीति कहलाउँछ।[259] वस्तुतः साहित्यमा **ओज, माधुर्य र प्रसाद** आदि गुण उत्पन्न गर्ने विशिष्ट पदरचनालाई नै रीति भनिन्छ।[260]

वामन (९ औं शताब्दी)ले रीतिलाई काव्यको आत्मा मानेका छन्। भरतमुनि (चौथो शताब्दी)ले नाट्य-प्रयोगका दृष्टिले विभिन्न प्रदेशका आधारमा आवन्ती, दाक्षिणात्या, पाञ्चाली, औड्रमागधी आदि प्रवृत्तिहरूको वर्णन गरेका छन्। आचार्य भामह (छैठौं शताब्दी) र दण्डी (सातौं श.)ले पनि रीतिलाई देशविशेषको लेखनशैलीसँग आबद्ध विषयका रूपमा व्याख्या गरेका छन्। **कुन्तक** (१० औं शताब्दी)ले रीतिलाई मार्ग भनेका छन्, यसको आधार देश होइन, कवि स्वभाव वा कविको लेखनशैली हो।[261] कविराज विश्वनाथ (१४ औं शताब्दी)ले पदहरूको संगठनविशेषलाई नै रीति भनेका छन्। यो अङ्‌गसंस्थानजस्तै हो। जसरी पुरुषहरूको दैहिक सङ्‌गठन हुन्छ त्यसैगरी काव्यको देहरूप शब्दार्थको पनि सङ्‌गठन हुन्छ, त्यसै पदसङ्‌घटनालाई रीति भनिन्छ। यस्तो रीति

---

[258] ढकाल, **पूर्ववत् नं.१२.** पृ. २१५।
[259] सिग्देल, **पूर्ववत् नं.१५१.** पृ. २०७।
[260] पोखरेल र अन्य (सम्पा.), **पूर्ववत् नं.१५.** पृ. ११४४।
[261] धीरेन्द्र वर्मा र अन्य (सम्पा.), **पूर्ववत् नं.११.** पृ. ५६०।

काव्यको आत्मभूत रसको उपकारक हुन्छ । जसरी मानवको शरीररचना देखेपछि सुकुमारता, मधुरता एवं कठोरता आदि गुणको बोध हुन्छ त्यसैगरी काव्यमा पनि पदरचना वा रीतिद्वारा माधुर्य आदि गुणहरुको व्यञ्जन हुन्छ र यसबाट काव्यात्मभूत रसको उपकार वा उत्कर्ष सम्पन्न हुन्छ ।[262] कविराज विश्वनाथको यसै विचारलाई काव्यात्मवादी आचार्यहरूको प्रतिनिधि धारणा मान्न सकिन्छ ।

रीति चार प्रकारका छन् : १. वैदर्भी, २. गौडी, ३. पाञ्चाली र ४. लाटी ।[263]

३.२.४.१ वैदर्भी रीति

माधुर्य गुणव्यञ्जक (पूर्वोक्त) वर्णहरूद्वारा सम्पन्न समासरहित वा छोटा छोटा समासहरूले युक्त ललित पदरचनालाई नै वैदर्भी रीति भनिन्छ ।[264] अभिलेखबाट यसको उदाहरण निम्नानुसार छ :

'सेयं रूपमती सती गुणवती स्वर्णद्युतिः सन्मति-

र्माद्यत्कुञ्जरगामिनी प्रणयिनी साक्षात् परा रुक्मिणी ।

आसीत् सर्व्वगुणस्थितेर्न्नरपतेः श्रीमत्प्रतापस्य सा

पत्नी प्राणसमा यथा जलनिधेः पुत्री जगत्पायिनः ॥[265]

उपर्युक्त पद्यमा माधुर्यव्यञ्जक वर्णद्वारा लालित्यपूर्ण रचनाशैलीको अभिव्यक्ति एवं असमस्त तथा अल्पसमस्त पद/पदावलीको प्रयोग गरिएकोले वैदर्भी रीति झल्किन पुगेको छ । यस्ता धेरै पद्यहरू अभिलेखमा पाइन्छन् ।

३.२.४.२ गौडी रीति

ओजोगुणलाई प्रकाशित गर्ने कठोरवर्णहरूद्वारा शब्दाडम्बरपूर्ण शैली र दीर्घसमासांन्वित पद/पदावलीको प्रयोग गरिएमा गौडी रीति हुन्छ ।[266] अभिलेखमा गौडी रीतिको यसरी प्रयोग भएको छ :

जय प्रचण्डचण्डमुण्डखण्डनैकपण्डिते

विरञ्चिविष्णुरुद्रचन्द्रदेववृन्दवन्दिते ।

---

262 'पदसङ्घटना रीतिरङ्गसंस्थाविशेषवत्/उपकर्त्री रसादीनाम् .....'विश्वनाथ, **सा.द. ९/१** ।
263 **उही** ।
264 माधुर्यव्यञ्जकैर्वर्णै रचना ललितात्मिका/अवृत्तिरल्पवृत्तिर्वा वैदर्भी रीतिरिष्यते ।' **उही ९/२** ।
265 **अभि. ५/८** ।
266 'ओजः प्रकाशकैर्वर्णैर्बन्ध आडम्बरः पुनः/समासबहुला गौडी ।' विश्वनाथ, **सा.द. ९/३** ।

चलच्चकोरचञ्चरीकचण्डचारुलोचने

विलोलकुन्तलावलीविलासवासकेतने ॥[267]

उपर्युक्त पद्यमा श्रीकालिकाको नमन, र स्तवन गर्दै उनको प्रचण्ड स्वरूपको वर्णन गरिएको छ । यहाँ ओजोगुणलाई अभिव्यक्त गर्ने कठोर वर्णहरूको शव्दाडम्वर र लामा-लामा समस्त पदावलीको प्रयोग गरिएकोले **गौडी रीति** झल्किएको छ । अभिलेखमा यस्ता धेरै पद्यहरू उपलब्ध छन् ।

३.२.४.३ पाञ्चाली रीति

उपर्युक्त दुवै (वैदर्भी र गौडी) मा प्रयुक्त हुने वर्णहरूका अतिरिक्त अन्य वर्णहरूद्वारा संरचित पदसङ्घटनालाई पाञ्चाली रीति भनिन्छ, यसमा पाँच छ वटासम्म पदहरूको समास रहने गर्दछ ।[268] अभिलेखमा पाञ्चाली रीतिको प्रयोग यसरी गरिएको छ :

'अनेकराजन्यशिरोमणीनामनीचरोचिः परिधौतपादः ।

दाता गुणी नीतिविदां वरिष्ठस्तन्नन्दनोऽभूच्छिवसिंहदेवः ॥[269]

उक्त पद्यमा वैदर्भी र गौडी रीतिमा प्रयुक्त भएभन्दा भिन्न वर्णहरूद्वारा चारपाँच पदहरूको समस्तरचनाको प्रयोग भएकोले **पाञ्चाली रीतिको** वैशिष्ट्य झल्किएको देखिन्छ । अभिलेखमा अनेक पद्य **पाञ्चाली रीतिमा** आश्रित छन् ।

३.२.४.४ लाटी रीति

वैदर्भी र पाञ्चाली रीतिको मध्यमा रहेको; अर्थात् दुवै रीतिका गुणहरूको सम्मिश्रण भएको रचनालाई लाटी रीति भनिन्छ ।[270] अभिलेखमा **लाटी रीतिको** प्रयोग यसरी गरिएको छ :

'सङ्गीतविद्याम्बुधिपारदृश्वा विश्वानुरक्तः सचिवावतंसः ।

हर्म्याद्यचञ्चद्हरिसिंहदेवो देवो जनानामजनीह तस्मात् ॥'[271]

प्रस्तुत पद्यमा वैदर्भी रीतिमा अनुकूल हुने ङ्ग/म्ब/ञ्च आदि वर्णहरूको प्रयोगका साथै पाञ्चाली रीतिमा अनुकूल हुने अन्य वर्णहरू र असमस्त, अल्पसमस्त एवं पाँच छ पदहरूका समस्त पदावलीहरूको समेत प्रयोग भएकोले **लाटी रीतिको** अभिव्यक्ति भएको पाइन्छ ।

---

[267] **अभि. ३३/१ ।**
[268] 'वर्णैः शेषैर्पुनर्द्वयोः/ समस्तपञ्चषपदो बन्धः पाञ्चालिका मता ।' विश्वनाथ, **सा.द. ९/४ ।**
[269] **अभि. १/१२ ।**
[270] 'लाटी तु रीति वैदर्भीपाञ्चाल्योरन्तरे स्थिता' । विश्वनाथ, **सा.द. ९/५ ।**
[271] **अभि. १/१३ ।**

३.२.४.५ निष्कर्ष

साहित्यशास्त्रमा पदसङ्घटना वा रचनाशैलीलाई रीति भनिन्छ । राजा प्रताप मल्लका अभिलेखहरूमा साहित्यशास्त्रमा वर्णित **वैदर्भी, गौडी, पाञ्चाली र लाटी** यी चारै रीतिहरूको प्रशस्त प्रयोग गरिएको छ । **यहाँ पाञ्चाली सर्वाधिक प्रयुक्त रीति हो भने गौडी, लाटी र वैदर्भी क्रमशः न्यूनताका क्रममा प्रयुक्त रीति हुन् ।** विषयवस्तु-अनुरूप उपर्युक्त रीतिहरूको प्रयोग भएकाले प्रस्तुत अभिलेखहरूमा रीतिको रमणीयता चित्ताकर्षक बनेर देखा परेको छ ।

३.२.५ रस

'रस्यते आस्वाद्यते इति रसः (रस्+अच्')[272] यस व्युत्पत्तिअनुसार काव्य पढ्दा सुन्दा वा हेर्दा पाठक/भावकको हृदयमा अचानक घटित हुने अनुभूतिको चमत्कारलाई नै रस भनिन्छ । रस भनेको भावक मनोजगत्मा सम्पन्न हुने काव्यिक आनन्दको अलौकिक घटना हो भनेर अनुभोक्ता सहृदयहरू भन्दछन् । **रस भनेको ब्रह्मस्वरूप हो । रसलाई नै उपलब्ध गरेर व्यक्ति आनन्दित हुन्छ**[273] भनेर ऋषिहरूले उद्घोष गरेका छन् । रसको स्वरूप र आस्वादन प्रकारका बारेमा **कविराज विश्वनाथ**को यस कथनलाई रसिक समाजले अत्यन्त आदरका साथ उद्धृत गर्ने गर्दछ :

मानवको अन्त:करणमा रजोगुण र तमोगुणलाई दबाएर जब सत्वगुणको उद्रेक हुन्छ अनि भावकलाई रसानुभूति हुन्छ । रस सधैँ पूर्णतामा अनुभूत हुन्छ । यसको स्वरूप कहिल्यै खण्डित हुँदैन । यसको आस्वाद ब्रह्मसाक्षात्कारतुल्य आनन्दमय हुन्छ । अलौकिक चित्तचमत्कार नै रसतत्त्वको प्राण-सार हो । रसलाई कुनै कुनै संस्कारशील, काव्यिक संवेदनाले सम्पन्न चेतना भएको प्रमाता/भावकले मात्र आफ्नै स्वरूपझैं अभिन्न भावले आस्वादन गर्न सकिन्छ ।[274] वस्तुतः काव्य पढ्दा, सुन्दा वा हेर्दा साहित्यबाट समुत्पन्न हुने, मानसिक आनन्दको चरमोत्कर्षको क्षणमा अनुभूत हुने अनुभूतिको अन्त:स्पर्शी तरङ्ग वा विद्युत्तरङ्ग/ सन्सनाहट नै 'रस' हो, रसानुभूति हो भन्न सकिन्छ ।

रस : प्रारम्भ, परम्परा र स्वरूप

साहित्यमा रसको इतिहास श्रुतिकालदेखि नै प्रारम्भ भए तापनि रसको स्पष्ट स्वरूप र परिभाषा प्रस्तुत गरी सूत्रवद्ध गर्ने काम भरतमुनि/**आचार्य भरत**ले गरे । उनको त्यस रसपरिभाषालाई रससूत्र भनिन्छ जो यसप्रकार छ-...**विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः**'।[275] यस सूत्रले साहित्यशास्त्रीहरूका बीच ठूलो समादर पायो । कालान्तरमा धेरै आचार्यहरूले यसको आ-

---

[272] आप्टे, **पूर्ववत् नं.१२.** पृ. ८४९ ।

[273] ढकाल, **पूर्ववत् नं.१२.** पृ. २२०-२२१ ।

[274] 'सत्त्वोद्रेकादखण्डस्वप्रकाशानन्दचिन्मयः/ वेद्यान्तरस्पर्शशून्यो ब्रह्माऽऽस्वादसहोदरः /लोकोत्तरचमत्कारप्राणः कैश्चित्प्रमातृभिः/स्वाकारवदभिन्नत्वेनायमास्वाद्यते रसः ॥' विश्वनाथ, **सा.द. 3/2-3** ।

[275] आचार्य मम्मट, **काव्यप्रकाश. ४/२८** : वृत्तिभाग ।

आफ्नै दार्शनिक पृष्ठभूमिका आलोकमा व्याख्या गरे । ती सबै व्याख्याताहरूमध्ये **भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक र अभिनवगुप्त** यी चार प्रमुख मानिन्छन् । यीमध्ये पनि श्री **अभिनवगुप्तको** व्याख्यालाई सबै परवर्ती आचार्यहरूले सर्वसम्मतिद्वारा समादृत गरे, त्यस व्याख्यानपद्धतिलाई अभिव्यक्तिवाद भनिन्छ ।

रसलाई नै काव्यको प्रमुख तत्त्व मान्ने रसवादी आचार्य **कविराज विश्वनाथ** हुन् । 'वाक्यं रसात्मकं काव्यम्'[276] रसात्मक वाक्य नै काव्य हो भन्दै उनले अभिव्यक्तिवादअनुरूप रससूत्रको व्याख्या यसरी गरेका छन् -

> 'सहृदय (काव्यिक संवेदनासम्पन्न व्यक्ति)को हृदयमा स्थित वासना/संस्काररूप रति, शोक, उत्साह आदि स्थायीभाव नै विभाव, अनुभाव र सञ्चारीभावद्वारा परिपुष्ट भएर अभिव्यक्त भएपछि रस रूपमा परिणत हुन्छ । अर्थात्, काव्य आदि सुनेर, नाटक आदि हेरेर नायक/नायिका आदि आलम्बन विभाव र चेष्टा, शून्य, एकान्तस्थल आदि उद्दीपन विभाव, कटाक्ष, वार्तालाप र आलिङ्गन आदि अनुभाव, निर्वेद, ग्लानि आदि सञ्चारीभाव आदि देखेर/पढेर/अनुभव गरेर पाठक/भावकका मनमा रहने रति, उत्साह आदि गरेका स्थायी भावहरू नै परिपुष्ट भएर उद्रेक भई श्रृङ्गार, वीर आदि रसका रूपमा अनुभूतिगम्य बन्दछन् ।[277]

रस स्वरूप र रसानुभूति-प्रकारलाई अझ स्पष्ट पार्दै आचार्य मम्मट भन्दछन् -

> यस लौकिक जगत्मा अविच्छिन्न प्रवाह भएका रति आदि स्थायी भावका प्रकटीकरणका लागि जुन वस्तुहरू कारण, कार्य र सहकारीकारण भनिन्छन्, तिनै तत्त्वहरूलाई काव्य र नाटकमा विभाव, अनुभाव र सञ्चारीभाव भनिन्छ, तिनै विभावादिद्वारा व्यक्त भएको रति आदि स्थायी भावलाई रस भनिन्छ ।[278]

अर्थात् विभाव भनेको कारण, अनुभाव भनेको कार्य र सञ्चारीभाव भनेको सहकारी कारण हो, यी तीनै तत्वहरूद्वारा सहृदयको हृदयमा रहेको रति आदि स्थायी भावको उद्रेक हुनु नै **रस** हो, रसानुभूति हो । जस्तै : कुनै सरस श्रृङ्गारिक काव्य आस्वादन गर्दा त्यहाँ वर्णित नायक नायिका **आलम्बन विभाव** हो, एकान्त स्थल र शून्यता आदि **उद्दीपन विभाव** हो, नायक र नायिकाको हेराहेर, मुस्कान, प्रेमालाप, स्पर्श र आलिङ्गन आदि **अनुभाव** हो, लजाउनु, रोमाञ्चित हुनु, पसिना आउनु, आँखा लोलाउनु आदि **सञ्चारीभाव** हो, यो सबै देखेर/पढेर पाठक र भावकका हृदयमा सुषुप्तावस्थामा रहिरहेको जुन रति/अनुरागको भावना (स्थायी भाव) विस्तारै विस्तारै परिपुष्ट हुँदै जान्छ र अनुभूतिगत आवेगको चरमोत्कर्ष प्राप्त गरेर हृदयको अन्तराकाशमा विजुली चम्किएझैं रोमाञ्चपूर्ण सनसनी पैदा हुने क्रिया हुन्छ त्यसै अलौकिक अनुभूतिविशेषलाई

---

[276] विश्वनाथ, **सा.द. १/३** ।
[277] विश्वनाथ, **सा.द. ३/१**. वृत्तिभाग ।
[278] आचार्य मम्मट, **काव्यप्रकाश, ४/२७-२८** ।

श्रृङ्गार रस भनिन्छ । रस नौ प्रकारका छन् - श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त ।[279]

अभिलेखहरूमा रसाभिव्यञ्जन

राजा प्रताप मल्लका अभिलेखहरूमा श्रृङ्गारादि रसहरूको अभिव्यञ्जन यसरी गरिएको छ :

३.२.५.१ श्रृङ्गार रस

मनमा कामभावको अङ्कुरण हुनुलाई श्रृङ्ग भनिन्छ ।[280] त्यसको उत्पत्तिको कारण, अधिकांश उत्तम प्रकृतिसँग सम्बद्ध रसलाई 'श्रृङ्गार' भनिन्छ । अनुरागवती नायिका र प्रेमपूर्ण नायक श्रृङ्गार रसका **आलम्बन विभाव** हुन्छन्, चन्द्रमा, चन्दन, भ्रमर एकान्तस्थल र मधुर वातावरण **उद्दीपन विभाव** हुन्छन् । भ्रूविक्षेप, कटाक्ष, प्रेमालाप र चुम्बनादि **अनुभाव** हुन्छन् भने लज्जा, मद, हर्ष, औत्सुक्य आदि **सञ्चारीभाव** हुन्छन् । यी सबै **विभाव, अनुभाव र सञ्चारीभावद्वारा उद्रेक भएको, परिपुष्ट रति/अनुराग स्थायी भाव नै श्रृङ्गार रसका रूपमा अभिव्यक्त हुन्छ ।** [281] अभिलेखमा श्रृङ्गार रसको अभिव्यञ्जन यसरी भएको छ :

निकटमुपगतेऽस्मिन् काऽपि बाला बभूव
स्मितमधुरमुखाऽतिव्रीडितेन्दुश्च काऽपि ।
पुलतिकतनुभिन्दत्-कञ्चुकग्रन्थिरुद्य-
न्नयनमिह च काऽपि प्रेमदिग्धं वहन्ती ॥ [282]

प्रस्तुत पद्यमा अनुरागवती बाला (नायिका) एवं राजा (नायक) **आलम्बन विभाव** हो । एकान्त मनोरम वातावरण (गम्य), राजालाई भेट्न नजिक आउनु, **उद्दीपन विभाव** हो । मुसुक्क हाँसेर मस्किनु, पुलकित हुनु, रोमाञ्चित शरीरबाट चोलीको ग्रन्थि खुस्किनु, प्रेमपूर्ण कटाक्षद्वारा अवलोकन गर्नु आदि **अनुभाव** हो । लजाउनु, हर्षित हुनु आदि **सञ्चारीभाव** हो, यसबाट पाठकका हृदयमा सुषुप्त अवस्थामा रहेको रति **स्थायी भाव** जाग्रत् भई उद्रेक भएपछि **श्रृङ्गाररस** अभिव्यक्त भएको अनुभूत हुन्छ । नायकनायिकाको संयोगपूर्ण अवस्थाको वर्णन भएकाले यहाँ **सम्भोग श्रृङ्गार**को अभिव्यञ्जना भएको पाइन्छ ।

---

[279] विश्वनाथ, **सा.द. ३/१८२ ।**
[280] **उही ३/१८३ ।**
[281] **उही ।**
[282] **अभि. १/२० ।**

३.२.५.२ करुण रस

इष्टको नाश र अनिष्टको प्राप्तिबाट करुणरसको आविर्भाव हुन्छ । यसको स्थायी भाव शोक हो । विनष्ट वा आपद्‌गस्त बन्धु आदि शोचनीय व्यक्ति **आलम्बन विभाव**, उसको दुःखद अवस्था र दाहादिक **उद्दीपन विभाव**, रोदन, उच्छ्वास, प्रलाप आदि **अनुभाव** एवम् निर्वेद, ग्लानि, विषाद, चिन्ता आदि यसमा **सञ्चारीभाव** हुन्छ ।[283] अभिलेखमा **करुण रस**को अभिव्यञ्जन यसरी गरिएको छ :

श्रीलक्ष्मीनरसिंहनामनृपतिस्तस्मादभूत् सन्मति -

र्व्वाणाग्रैः परिपन्थिमन्थनकरः कारुण्यपूर्णाकरः ।

यन्दृष्ट्वा खलु वैरिवर्गवनिता कम्पाकुला सर्वदा

प्राणेशस्य सुजीवितं मम विभो देहीति संयाचते ॥[284]

यस पद्यमा राजा लक्ष्मीनरसिंह मल्लले आफ्ना तीखा बाणले क्षतविक्षत तुल्याइएका शत्रुहरू **आलम्बन विभाव**, तिनीहरूका क्षत-विक्षत शरीर आदि **उद्दीपन विभाव**, त्यो सम्झेर दुःखित भएका वैरिवनिताद्वारा रोई रोई, कामेर 'हाम्रा प्राणेश्वरको जीवनदान दिनुहोस्' भन्दै गरिएका रोदनपूर्ण आर्त विलाप **अनुभाव** र विषाद, चिन्ता, जडता आदि (गम्य) **सञ्चारीभाव**द्वारा शोकको उद्रेक हुन पुगेकाले यहाँ **करुण रस**को अभिव्यञ्जन भएको अनुभूत हुन्छ ।

३.२.५.३ रौद्र रस

रौद्र रसको **स्थायी भाव** क्रोध हो । यसको **आलम्बन विभाव** शत्रु हो र **उद्दीपन विभाव**चाहिँ उसको चेष्टा हो । मुड्कीले हान्नु, लडाउनु, काट्नु, च्यात्नु, चिर्नु र आवेग, स्वेद, कम्प आदि **अनुभाव** हो, आक्षेप गर्नु, क्रूरताका साथ हेर्नु, रिसाउनु आदि **व्यभिचारी भाव** हो ।[285] अभिलेखमा **रौद्र रस**को अभिव्यञ्जन निम्नाङ्कित पद्यमा अनुभूत हुन्छ :

'प्रल्हादासुर-मान-दाननिरतः काश्मीरनीरप्रभः

प्रोद्यद्दावसमान दीप्तनयनः प्रौढप्रतापोदयः ।

दर्पोद्धृष्टहिरण्यपूर्व्वकशिपोर्व्वक्षस्तटोत्पाटनः

स्फूर्ज्जद्वज्रतनुर्महानरहरिर्नः पातु नित्यं प्रभुः ॥[286]

---

[283] विश्वनाथ, **सा.द. ३/२२२-२२५ ।**
[284] **अभि. २३/५ ।**
[285] विश्वनाथ, **सा.द. ३/२२७-२३१ ।**
[286] **अभि. ४३/१ ।**

यस पद्यमा **आलम्बन विभाव** हिरण्कशिपु हो, **उद्दीपनविभाव** उसको घमण्डी स्वभाव हो, भगवान् नरसिंहले गरेको दावानलजस्ता दीप्त आँखाले हेर्नु, वज्र झैँ कठोर शरीर फर्फराउनु, हिरण्यकशिपुलाई लडाएर छाती नङ्ग्राले चिर्नु, आवेगपूर्ण आक्रमण गर्नुजस्ता क्रियाकलापहरू **अनुभाव** हुन्, क्रूरताका साथ बलेका आँखाले हेर्नु, रिसले थर्थर काम्नु आदि **सञ्चारीभाव** हुन् यी सबै सामग्रीबाट परिपुष्ट भएको **स्थायी भाव** क्रोध उद्रेक हुन गई **रौद्र रस**मा अभिव्यक्त हुन पुगेको कुरा सहृदयको हृदयमा अनभूत हुन्छ ।

३.२.५.४ वीर रस

वीर रस उत्तम पात्र (राम आदि)मा आश्रित हुन्छ । यसको **स्थायी भाव** उत्साह हो । यसमा पराजित गर्न लागिएको शत्रुआदि **आलम्बन विभाव** र तिनका चेष्टाहरू **उद्दीपन विभाव** हुन्छन् भने युद्धका सहायक आयुध र सहयोगीहरूको खोजी आदि **अनुभाव** हुन्छ । धैर्य, मति, गर्व, रोमाञ्च आदि **सञ्चारीभाव** हुन्छ । वीर रस चार प्रकारको मानिन्छ । **दानवीर, धर्मवीर, दयावीर** र **युद्धवीर** ।[287]

अभिलेखमा दानवीरको उदाहरण

'सोऽयं वै जयति प्रतापनृपतिर्द्दानैरनेकैः सतां

दारिद्र्यादिविपद्गणं गुणवतां निर्मूलतामानयन् ।

एतस्माद् स्तबकभ्रमद्भ्रमरिकाव्याजेन कल्पद्रुमो

धूमश्वासमिवाऽनिशं वितनुते येनाभिभूतः स्वयम् ॥[288]

यहाँ दान (त्याग) कार्यमा राजा प्रताप मल्लको दानोत्साह व्यक्त भएको छ । यहाँ दानपात्र गुणवान् तर दारिद्र्यादिविपद्ग्रस्त व्यक्ति नै **आलम्बन विभाव** हो । तिनीहरूको दारिद्र्य आदि विपत्तिको पुञ्जलाई नै निर्मूल पार्ने गरी, कल्पवृक्षलाई पनि चिन्तित तुल्याउने गरी खुला हात र उदार हृदयले अपारसम्पत्तिको अनेकबार दान गर्नु **अनुभाव** हो । हर्ष, धैर्य र गर्वआदि (गम्य) सञ्चारीभाव हो । यी सबै सामग्रीहरूद्वारा उद्रेक भएको उत्साह स्थायीभाव परिपुष्ट भई वीररसको अभिव्यञ्जन हुन्छ । यसरी प्रस्तुत पद्यमा राजाको **दानवीर** व्यक्तित्वको अभिव्यक्ति हुन पुगेको देखिन्छ ।

युद्धवीर

'तत्पुत्रो यक्षमल्लः प्रबलरिपुहरः कर्ण्णतुल्योऽवनीश-

स्सर्व्वासां नागरीणां नयनसुखकरस्सर्व्वदः सज्जनानाम् ।

---

[287] विश्वनाथ, **सा.द. ३/२३२ ।**

[288] **अभि. १/२४ ।**

प्रोद्यद्दोर्दण्डचण्डाऽऽहृतनिशितमहाखड्गपातैर्व्विपक्षान्

क्षिप्त्वा सद्यः क्षितीशान् क्षितितलविमले प्रोल्लसत्कीर्तिचन्द्रः ॥[289]

प्रस्तुत रचनामा विपक्ष/शत्रुहरू **आलम्बनविभाव**, उनीहरूका चेष्टा **उद्दीपन विभाव**, कर्णझैँ वीर योद्धा राजा यक्ष मल्लले आफ्ना भुजाहरू फड्काउनु, धारिलो तरवार हातमा लिनु र प्रहार गरेर विपक्ष शत्रुहरूलाई रणमा परास्त गर्नु, विरोधी राजाहरूलाई क्षितितलमा सोत्तर पारेर गिराउनु आदि **अनुभाव**, गर्व, रोमाञ्च, आवेग, औग्र्य र चपलता आदि (गम्य) **सञ्चारिभावद्वारा** परिपुष्ट भई उद्रेक भएको उत्साह **स्थायी भाव वीर रसका** रूपमा अभिव्यक्त भएको पाइन्छ । राजा यक्ष मल्लको **युद्धवीर** व्यक्तित्वको प्रतिबिम्ब यस पद्यमा अङ्कित भएको पाइन्छ । वीररसानुकूल विकट पदसङ्घटनाले पनि वीर रसको अभिव्यक्तिमा उत्कर्ष प्रदान गरेको देखिन्छ । यस्ता धेरै रचनाहरू हामी अभिलेखहरूमा पाउँछौं ।

३.२.५.५ भयानक रस

भयानक रसमा भय स्थायीभाव हुन्छ । जसबाट भय उत्पन्न हुन्छ त्यो **आलम्बन विभाव** र उसका चेष्टा **उद्दीपन** विभाव हो । विवर्णता, रोमाञ्च, मूर्च्छा, कम्प र पलायन आदि **अनुभाव** हो । जुगुप्सा आवेग, त्रास, ग्लानि, सम्भ्रम (हडबडी) आदि यसका **सञ्चारीभाव** मानिन्छन् ।[290] अभिलेखमा भयानक रसको पनि आस्वाद पाइन्छ :

'लसच्चारुसौदामिनीपुञ्जकेशम्

रुचा घोररक्षोगणं क्षोभयन्तम् ।

स्फुरद्धारसप्ताश्वकोटिप्रकाशं

करालाऽऽकृतिन्तं नृसिंह भजेऽहम् ॥'[291]

यहाँ भगवान् नृसिंहको भीतिप्रद स्वरूप **आलम्बन विभाव**, बिजुली चम्केको जस्ता कैला केशपुञ्ज, करोडौं सूर्यको झैं आँखै तिर्मिराउने जाज्वल्यमान प्रकाश र विकराल गर्जनयुक्त आकृति **उद्दीपन** विभाव, त्यसलाई देखेर भयाक्रान्त हुँदै सातो उडेर पलायन गर्दै गरेका क्षोभग्रस्त राक्षसगणको पलायन **अनुभाव** र त्रास, ग्लानि, सम्भ्रम आदि (कल्पित) **सञ्चारीभावले स्थायी भाव** भयको उद्रेक हुन गई **भयानक रस**को अभिव्यञ्जन भएको अनुभूत हुन्छ । विकटघटनापूर्ण गौडी रीति र त्यसबाट अभिव्यक्त आजोगुणले सो भयानक रसलाई यहाँ उत्कर्ष प्रदान गरेको पाइन्छ । यस्ता अनेक उदाहरण अभिलेखहरूमा उपलब्ध छन् ।

---

289 **अभि. २३/१२ ।**

290 विश्वनाथ, **सा.द. ३/२३५-२३८ ।**

291 **अभि. ४४/४ ।**

३.२.५.६ बीभत्स रस

बीभत्स रसमा जुगुप्सा (घृणा) **स्थायी भाव** हुन्छ ।[292] दुर्गन्धयुक्त मांस, रगत, बोसो आदि यसको **आलम्बन विभाव** हुन्छ त्यसको सडन, कीरा स्याउँ स्याउँ आउनु, ठसठस गनाउनु आदि **उद्दीपन विभाव** हुन्छ । थुक्नु, मुख विवर्ण हुनु, नाक थुन्नु र थुक्थुकी आउनु **अनुभाव** हुन्छ भने मोह, अपस्मार (मूर्च्छा) आवेग आदि **व्यभिचारीभाव** हुन्छ ।[293] अभिलेखमा **बीभत्स रस**को प्रयोग यसरी भएको छ :

'शुष्कशोणसुघोरतनुवरचञ्चलारुचिरोचिनीं

पृष्ठलम्बितकुक्षिकुब्जकनिशितनखरदरागिनीम् ।

देहमानविलम्बिताचलरमणरतिरसहासिनीं

..........पिशाचिनीमपि पललकरयुगलासिनीम् ॥[294]

प्रस्तुत रचनामा पिशाचिनीको वर्णन गरिएको छ । यहाँ शरीरभरि लतपतिएको रगत सुकेर कट्कटाउँदो टिलिक्क टल्किने पिशाचिनीको रूप, दुवै हातमा खेलाउँदै गरेका काँचो मासुका चोक्टा, तीखा नङ् र दाँतमा चुहुँदै गरेको रगत आदि **आलम्बन विभाव**, पिशाचिनीका चेष्टाहरू : पिठिउँ पछाडिसम्म लत्रिएको आन्द्राभुँडीमा तीखा नङ् र दाँत गाड्नु, मासुका चोक्टा लुछ्नु र गिजोल्नु आदि **उद्दीपन विभाव**, त्यो देखेर उत्पन्न हुने थुक्थुकी, विवर्णता वाक्वाकी र वदन-विकार आदि **अनुभाव** र मोह, आवेग, निर्वेद र ग्लानि आदि **सञ्चारीभाव**को समेत सहयोगले उद्रेक हुन पुगेको घृणा **स्थायी भाव बीभत्स रसमा** अभिव्यक्त हुन पुगेको छ । विषयानुरूप प्रयुक्त गौडी रीति र ओजोगुणद्वारा बीभत्स रसमा उत्कर्ष पुग्न गएको पाइन्छ । यस्ता अनेक रचना अभिलेखमा पाइन्छन् ।

३.२.५.७ अद्भुत रस

अद्भुत रसको **स्थायी भाव** विस्मय (आश्चर्य) हो । अलौकिक वस्तु/घटना यसको **आलम्बन विभाव** र त्यसको वर्णन **उद्दीपन विभाव** हो । रोमाञ्चित हुनु, छक्क पर्नु, गद्गद्स्वर हुनु, सम्भ्रम पैदा हुनु आदि अद्भुत रसको **अनुभाव** हो । तर्क वितर्क उठ्नु, आवेग, भ्रान्ति, हर्ष आदि **व्यभिचारीभाव** हो ।[295] राजा प्रताप मल्लकृत **शान्तिपुरको अभिलेखमा** उपलब्ध **वृष्टिचिन्तामणिस्तोत्रमा** अङ्गी रसका रूपमा अद्भुत रस अभिव्यञ्जित भएको पाइन्छ ।

---

[292] विश्वनाथ, **सा.द. ३/३९-४१ ।**
[293] **उही ।**
[294] **अभि. २१/१२ ।**
[295] विश्वनाथ, **सा.द. ३/३४२-२४५ ।**

शान्तिपुरको दुर्भेद्य गुफामा पसेर त्यहाँ प्रकट भएका अद्भुत परिस्थिति र परिवेशलाई पार गर्दै नागको रगतले लेखेको चित्रमय विस्मयोत्पादक पुस्तक प्राप्त गर्नु र त्यसलाई लिएर गुफाबाहिर आउनासाथ र उक्त पुस्तकमा उज्यालो/प्रकाश पर्नासाथ अनावृष्टिग्रस्त काठमाडौंमा चारैतिरबाट अचानक काला बादलहरू आई अभूतपूर्व वृष्टि हुनु, मुसलधारे पानीले उपत्यका जलमय हुनु आदि आश्चर्यकारी वृत्तान्तहरूको वर्णन उक्त रचनामा पाइन्छ। यथा :

'तत्र पुनः शुचिरर्च्चिः कलितं तत्तु तथा हि शमं खलु नीतम्।

नागसुशोणिततलिखितं चित्रं पुस्तकमपरं गृह्य विचित्रम्॥

आगतवान् खलु प्रमुदितहृदयस्सकलप्रजासु सदा खलु सद्यः।

तत्क्षणमेव जगज्जलपूर्णं जातमहो ! खलु वृष्ट्या तूर्णम्॥[296]

यहाँ नागको रक्तले लेखिएको विचित्राकार पुस्तक र त्यसलाई बाहिर ल्याउनासाथ मुसलधार पानी पर्ने घटना अद्भुत रसको **आलम्बन** विभाव हो। उक्त पुस्तकका विचित्र पाना, रूप, रङ्ग र प्रभाव **उद्दीपन विभाव** हो। रोमाञ्चित हुनु, पसिना आउनु, आश्चर्यले स्तब्ध हुनु, छक्क पर्नु **अनुभाव** हो। मनमा तर्कना उठ्नु, आवेग पैदा हुनु, प्रमुदितहृदय (हर्षित) हुनु, तुरुन्तै पानी परेको देखेर तीन छक्क परेर रोमाञ्चित हुनाले मनमा औत्सुक्य पैदा हुनु आदि **सञ्चारी** भावद्वारा यहाँ **'विस्मय' स्थायी भाव** परिपुष्ट भई **अद्भुत रस** रूपमा परिणत भएको पाइन्छ। यस्ता अनेकौं रचना अभिलेखहरूमा उपलब्ध छन्।

३.२.५.८ शान्त रस

शान्त रसको स्थायी भाव **'शम'** (मानसिक स्थिरता/शान्ति) हो। यो उत्तम प्रकृतिका पात्रमा आश्रित हुन्छ। अनित्यत्व, दुःखमयत्व आदि रूपले सम्पन्न संसारको असारता-बोध एवं परमात्माको स्वरूप यसको **आलम्बन विभाव** हो। ऋषिहरूको पुण्य आश्रम, हरिहरक्षेत्र, तीर्थस्थल र रम्यवन, महापुरुषको सङ्गत आदि **उद्दीपन विभाव** हो। रोमाञ्च, प्रसन्नता आदि यसका **अनुभाव** हुन् भने निर्वेद (वैराग्य), हर्ष, स्मरण, मति, प्राणीहरू उपर दयालुभाव आदि यसका **सञ्चारीभाव** हुन्।[297] अभिलेखमा **शान्तरस**को अभिव्यञ्जन यसरी गरिएको छ :

विद्यावत्व-धनित्व-भूमिसकलैश्वर्यामरत्वाऽऽदिभि

किं वेषत्सुखमिश्रितैर्भयमयैः कालादनीयैरिति।

---

[296] **अभि. २८/२९-३०।**

[297] विश्वनाथ, **सा.द. ३/२४५-२४९।**

बुध्वा शंकरतैकया तनुवचश्चित्तैर्म्मनस्सेव्यतां

नित्यानन्दमयी सुरम्यनगरी श्रीशाङ्करी नागरी ॥[298]

प्रस्तुत पद्यमा माता तुलजा भवानीको उपासना र आराधनामा दत्तचित्त भएका राजा प्रताप मल्ल (उत्तम प्रकृति पात्र)मा आश्रित भएर **शान्त रस** अभिव्यक्त भएको छ । विद्यावत्व, धनित्व, सकलभूमिको ऐश्वर्य र अमरता आदि छिपछिपे, स्वल्प सुखमिश्रित कालको ग्रास बन्ने सांसारिक सुखभोगको असारता र अस्थायित्वको बोध, नित्यानन्दमयी र इष्टदेवी माता तुलजाको स्वरूप **आलम्बन विभाव** हो, माताको मन्दिरको परिवेश **उद्दीपन विभाव** हो । मनमा उत्पन्न असारताको ज्ञानबाट उपलब्ध शान्तभाव, प्रसन्नता, र भगवतीको स्तुतिकथन, ध्यान, जप, शरणागति आदि **अनुभाव** हो । संसारप्रति वैराग्य, आफ्नो वास्तविक स्वरूप आत्माको स्मरण, हर्ष, मति आदि **सञ्चारीभाव** हुन् । यी सबैद्वारा परिपुष्ट भई उद्रेक भएको **स्थायी भाव** 'शम' यहाँ **शान्त** रसमा परिणत भई अभिव्यक्त हुन पुगेको छ । राजा प्रताप मल्लको हृदयमा रहेको नित्य आनन्दमयी माता इष्टदेवी तुलजाभवानीप्रतिको भक्तिभाव र असार संसारको सम्यक् ज्ञानबाट समुत्पन्न वैराग्य भावको अत्यन्त सुन्दर समन्वय यस रचनामा पाइन्छ । विषयानुकूल वर्णन शैलीले सम्पन्न शान्त रसको परिपाक यस स्थानमा सहृदयद्वारा अनुभूत गरिन्छ । यस्ता अन्य रचनाहरू पनि अभिलेखहरूमा उपलब्ध छन् ।

३.२.६ भावादिको अभिव्यञ्जन

श्रृङ्गारादि रस झैं आस्वादनीय हुनाले **भाव रसाऽऽभास, भावाऽऽभास, भावशान्ति, भावोदय, भावसन्धि र भावशबलता** यी सातलाई पनि रसकै कोटिमा गणना गरिन्छ । भावादिमा पनि आस्वादनरूप रसनधर्मको योग हुने भएकोले लाक्षणिक अर्थमा तिनका लागि रस पदकै प्रयोग गरिन्छ ।[299] त्यसैले पूर्वोक्त भावादि रसपरिवारलाई पनि रसकै स्थानमा राखेर तिनको अभिलेखमा के कस्तो रूपमा अभिव्यञ्जन भएको छ ? भन्ने विषयमा अब विचार गरिन्छ ।

३.२.६.१ भाव

(क) प्रधानताले प्रतीयमान निर्वेद आदि सञ्चारीभाव एवम् (ख) देवता, गुरु आदिका विषयमा प्रकट गरिएको अनुराग र (ग) उद्बुद्धमात्र भएको स्थायी भावलाई पनि 'भाव' भनिन्छ । भावको महत्ताबारे भनिएको छ : **'भावबिना रस हुँदैन र रसबिना भाव पनि हुँदैन, यी रस र भावको सिद्धि एक अर्कामा निर्भर छ ।'**[300] अभिलेखमा तीनै प्रकारको भावाभिव्यञ्जन यसरी सम्पन्न भएको पाइन्छ :

---

[298] **अभि. ३९/१३ ।**

[299] रसभावौ तदाभासौ भावस्य प्रशमोदयौ/सन्धिः शबलताचेति सर्वेऽपि रसनाद्रसाः । विश्वनाथ, **सा.द. ३/२५९-२६० ।**

[300] सञ्चारिणः प्रधानानि देवादिविषया रतिः/उद्बुद्धमात्रः स्थायी च भाव इत्यभिधीयते ।
'न भावहीनोऽस्ति रसो न भावो रसवर्जितः/परस्परकृता सिद्धिरनयो रसभावयोः ।'विश्वनाथ,**सा.द.३/२६०-२६१ वृत्तिभाग ।**

(क) भावः *प्राधान्यले प्रतीयमान सञ्चारीभाव* -

शस्त्रे शास्त्रवरे सदा सुखकरे सङ्गीतविद्यावने

सानन्दं किल केलिकर्मकुशलव्यापारकण्ठीरवः ।

स्वर्गे भूमितले तथा दशदिशां प्रान्ते गिरौ कानने

कोऽप्यस्तीति निगद्यते मम समो राजेन्द्रचूडामणिः ॥[301]

प्रस्तुत पद्यमा राजा प्रताप मल्लले आफ्नो प्रभाव, ऐश्वर्य, विद्या र कुलीनता आदिका कारण उत्पन्न 'गर्व' सञ्चारीभावको अभिव्यक्ति दिएका छन् ।'**शास्त्र-विद्या र शस्त्र-विद्यामा, सुखप्रद सङ्गीत विद्यामा समेत पारङ्गत मजस्तो राजेन्द्रचूडामणि स्वर्ग, मर्त्य, दशौ-दिशाका कुनाकुनासम्म र पर्वत, जङ्गल सम्ममा पनि कतै छ भनेर कसले भन्न सक्दछ ?**' भनेर प्रस्तुत गरेको गर्वोक्तिमा अरू सबैप्रति अवज्ञाको भावना प्रकट गर्दै आफ्नो अविनय समेत प्रकट गरेकाले यहाँ 'गर्व' सञ्चारीभाव परिपुष्ट[302] हुन गई **भावको अभिव्यञ्जन** तथा आस्वादन हुन पुगेको पाइन्छ ।

ख भावः **देवादिविषयिणी रति** :

'**रति**' भनेको अनुरागभाव हो । यो नायिकादि विषयसम्बद्ध भएमा श्रृङ्गार रसको स्थायी भाव हुन्छ । यही '**रति**' देवता, गुरु र मान्यजनहरूसित सम्बद्ध भएमा '**भाव**'को स्थायीभाव बन्न पुग्दछ । वस्तुतः देव-देवी तथा श्रद्धेय व्यक्तिप्रति भक्ति र समर्पणको भावना जहाँ अभिव्यक्त गरिएको हुन्छ, त्यहाँ भाव उद्रेक भएर आस्वादनीय बन्न पुग्दछ । यस्तो '**भाव**'मा रति **स्थायी भाव**, देवादि पूज्य व्यक्ति **आलम्बन विभाव**, उनीहरूका चेष्टा, कृपालुता, वरप्रद भङ्गिमा, भवबाधाविमोचन, भक्तवत्सलता आदि **उद्दीपन विभाव**, नमन, साष्टाङ्ग दण्डवत्, शरणागति, रोमाञ्चित हुनु, -भक्तिभावापन्न हुनु आदि **अनुभाव** र निर्वेद, स्मृति, धृति, हर्ष, मति, आदि **सञ्चारीभाव** रहेका हुन्छन्, यी सबैद्वारा परिपुष्ट **देवादिविषयिणी रति** नै 'भाव'रूपमा परिणत भएर आस्वाद्य हुन पुग्दछ । राजा प्रताप मल्लका कतिपय अभिलेखहरूमा उपलब्ध स्तवकाव्यहरूमा सर्वत्र 'भाव'को अभिव्यञ्जन भएको पाइन्छ । आफ्नी इष्टदेवी भगवती तुलजा, भगवान् पशुपतिनाथ, माता गुह्येश्वरी, भगवान् श्रीकृष्ण, नृसिंह भगवान् र हनुमान् आदि देवदेवीप्रति अगाध आस्था, श्रद्धा र समर्पणको भावनाले ओतप्रोत भएका धेरै स्तवकाव्यहरू राजा प्रताप मल्लले रचेका छन्, जसमा भावाभिव्यञ्जनको उत्कर्ष प्राप्त गर्न सकिन्छ । त्यस्ता रचनाहरूमा प्रमुख निम्नाङ्कित स्तवकाव्य पर्दछन् :

---

[301] **अभि. १३/२९ ।**

[302] 'गर्वो मदः प्रभावश्रीविद्यासत्कुलतादिजः/अवज्ञासविलासाङ्गदर्शनाविनयादिकृत् । विश्वनाथ, **सा.द. ३/१५४ ।**

१. नारायणस्तोत्रम् : अभिलेख सङ्ख्या - ६
२. स्वयम्भूभट्टारकस्तोत्रम् : अभिलेख सङ्ख्या- ७
३. महापराधस्तोत्रम् : अभिलेख सङ्ख्या - १०
४. महेशाष्टकम् : अभिलेख सङ्ख्या - १९
५. कालिका-भुजङ्गदशकम् : अभिलेख सङ्ख्या- १६
६. वज्रयोगिन्याः कामदस्तोत्रम्: अभिलेख सङ्ख्या- २०
७. जाड्यमुद्गरस्तोत्रम् : अभिलेख सङ्ख्या- २०
८. शिवरूपभीमसेनस्तोत्रम् : अभिलेख सङ्ख्या- २१
९. नृत्येश्वरदशकम् : अभिलेख सङ्ख्या- ४४
१०. नृसिंहस्तव : अभिलेख सङ्ख्या - ४४
११. वृष्टिचिन्तामणिस्तोत्रम् : अभिलेख सङ्ख्या - २८
१२. सर्वमङ्गलाष्टकम् : अभिलेख सङ्ख्या- ३१
१३. चण्डिकाष्टकम् : अभिलेख सङ्ख्या - ३३
१४. सर्वापराधस्तोत्रम् : अभिलेख सङ्ख्या- ३९/४०
१५. वियोगनिस्सारणप्रार्थना : अभिलेख सङ्ख्या- १३

यी काव्यहरूमा अङ्गी रसका रूपमा भावको अभिव्यञ्जन पाइन्छ। एउटा पद्य नमुना हेरौं -

सुरेन्द्रादिवृन्दारकामन्दचूडा-

मणिश्रेणिसंशोभिपादारविन्दम्।

भवत्त्रस्तरक्षाऽभिधानेषु मुख्यं

भजामो वयं धाम नारायणाऽख्यम्।[303]

पशुपतिको वासुकिस्थानमा संस्थापित शिलापट्टमा अङ्कित यो स्तुतिपद्य अहिले पनि सो स्थानमा गएर पढ्न सकिन्छ । भगवान् वासुकिरूप नारायणलाई स्तवन गरिएको यस

[303] अभि. ६/१।

नारायणस्तोत्रको प्रथम पद्यमा भगवान् नारायणको धामलाई भजन/सेवन गर्दै राजा प्रताप मल्ल **'सुरेन्द्रादि देववृन्दले निरन्तर दण्डवत् गर्दा उनीहरूका मुकुटमणिद्वारा सुशोभित चरणकमल भएका, सांसारिक भय, बाधाबाट रक्षा गर्नमा मुख्य परमदेव नारायण'**प्रति आफ्नो भक्तिभाव व्यक्त गर्दछन् । यहाँ भगवान् वासुकिरूप नारायण **आलम्बन विभाव**, मुकुटमणिरञ्जित भगवान्का चरणारविन्द एवं भक्तलाई भवभयबाट मुक्त तुल्याउने कार्य **उद्दीपन विभाव**, नमन, भजन र श्रद्धार्पण **अनुभाव** एवं मति, स्मृति, रोमाञ्च आदि **सञ्चारीभावद्वारा भगवद्विषयिणी** रति पुष्ट भई भावदशामा प्राप्त भएर आस्वाद्य बन्न पुगेको अनुभूत हुन्छ । अभिलेखहरूमा सर्वाधिक रचनाहरू यही '**भाव**'ले सम्पन्न रहेका देखिन्छन् ।

ग **भाव : उद्बुद्धमात्र स्थायी –**

'यदा यदाऽयं तुरगाऽधिरुढ-

स्तदा तदा कस्य मनो न मोदि ।

तदा तदा बर्द्धितकामभावं

बभूव चेतो वनिताजनानाम् ॥[304]

प्रस्तुत पद्यमा राजा प्रताप मल्लले घोडा चढेका बेला उनको सुन्दर, मनोहर भङ्गिमा देखेर नारीहरूको चित्तमा कामभावको वृद्धि भएको कुरा काव्यात्मक शैलीमा व्यक्त गरिएको पाइन्छ । यसरी नायक (प्रताप मल्ल)लाई देखेर नायिका (वनिताजन)का हृदयमा समुत्पन्न राजाप्रतिका चाहनारूपी रति/अनुरागको भाव भुलुक्क देखा परेकाले यहाँ **स्थायी भाव** रतिको उद्‌वोधमात्र भएकाले 'भाव' अभिव्यक्त हुन पुगेको देखिन्छ । यस्ता भावाभिव्यञ्जन प्रशस्त मात्रामा अभिलेखहरूमा पाउन सकिन्छ ।

३.२.६.२ रसाभास

अनुचित पात्र रसको आश्रय भएमा रसाभास हुन्छ । उत्तम, मध्यम र नीच यी तीन प्रकारका पात्र हुन्छन् । ती पात्रको प्रकृतिविपरीत रति आदि स्थायी भावको उद्रेक भएमा उत्पन्न 'रस' रस नभएर रसाभास हुन्छ ।[305] अभिलेखमा रसाभासको अभिव्यक्ति यसरी भएको छ :

'जातः श्रीनृपसत्तमो रघुरिति ख्यातस्ततो वीर्यवान्

वाणाग्रैः परिमथ्य शत्रुहृदयं कीर्तिः स्थिरा स्थापिता ।

यस्य प्रौढतरप्रतापतनत्रासेन सद्यः कृता

---

[304] **अभि. १/१७ ।**

[305] विश्वनाथ, **सा.द. ३/२६२ ।**

वृष्टिस्तेन धनेश्वरेण ललिता कार्तस्वरा भूतले ॥[306]

यस पद्य रचनामा राजा रघुको वीरताका बयान गर्दै भनिएको छ : 'उनले बाणको टुप्पाद्वारा इन्द्रको हृदयलाई मन्थन गरेर कीर्ति स्थिर तुल्याएका थिए, जसको प्रौढ प्रतापाग्निको त्रासले थर्कमान भएका धनेश्वर कुबेरले स्वर्णराशिको मनोरम/ललित वृष्टि यस भूतलमा गरेका थिए ।' यहां उत्तम प्रकृतिको पात्र कुबेरमा प्रकृतिविपरीत 'भय' देखाइएकाले, अनुचिताश्रयका कारण 'भयानक' रस नभएर 'रसाभास' बन्न पुगेको अनुभूत हुन्छ ।

३.२.६.३ भावाऽऽभास

'शुष्कशोणसुघोरतनुवरचञ्चलारुचि-रोचिनीं

पृष्ठलम्बितकुक्षिकुब्जकनिशितनखरदरागिनीम् ।

देहमानविलम्बिताचलरमणरतिरसहासिनीं

चिन्तयामि पिशाचिनीमपि पललकरयुगलासिनीम् ॥[307]

यस पद्यमा जुगुप्सा उत्पन्न गर्ने बीभत्सरूपिणी पिशाचिनीप्रति राजाको भक्तिपूर्ण रतिभाव उद्रेक भएको वर्णन गरिएकाले नीचप्रकृतिमा 'रति'भाव आश्रित भएको हुँदा अनौचित्यका कारण भावाभास[308] प्रकट हुन पुगेको छ ।

३.२.६.४ भावशान्ति

'मेदिन्यामुदधौ सरस्सु सरितां मध्ये गिरौ कानने

यस्य प्रौढतरप्रतापतपनस्यालोक्य दीप्तिं पराम् ।

अत्युत्कर्षमवेक्ष्य सम्प्रति समासाद्यापकर्षंश्चिरा-

दौर्वः खर्वयशा प्रशाम्यति हठान्मग्नः समुद्राम्भसि ॥[309]

प्रस्तुत पद्यमा राजा प्रताप मल्लको प्रौढतर प्रतापको परम दीप्तिको उत्कर्षलाई देखेर त्यसका सामुन्ने आफ्नो प्रतापको अपकर्ष भएको थाहा पाएर एक्कासि निराश भएर अथाह जलराशिमा हामफाल्ने भग्नकीर्ति वडवानलको वर्णन गरिएको पाइन्छ । आफूलाई परमप्रतापी, परमौजस्वी ठान्ने वडवानल (समुद्रमा रहने अग्निविशेष)को उन्नत यश खस्किएर अवनत भएकाले

---

[306] अभि. २३/५ ।
[307] अभि. २१/१२ ।
[308] विश्वनाथ, सा.द. ३/२६२ ।
[309] अभि. २३/२७ ।

यस पद्यमा आफ्नो तेजस्वितको ऐश्वर्यबाट समुत्पन्न वडवानलको 'गर्व' नामक सञ्चारीभावको शमन (शान्ति) भएको वर्णन गरिएको हुँदा भावशान्तिको[310] अभिव्यञ्जन गरिएको पाइन्छ । यस्ता बहुविध रचनाहरू अभिलेखका अनेक स्थलमा उपलब्ध छन् ।

३.२.६.५ भावोदय

'अहो ! जन्मजन्मान्तपुण्यं प्रसर्पन् -

महाभाग्यमेतत् समुल्लासितं यत् ।

स्फुरत्पादपङ्केरुहं कालिकायाः

पवित्राऽऽतपत्रायते मस्तके मे ॥[311]

प्रस्तुत पद्यमा राजा प्रताप मल्ल आफ्नो महाभाग्यको उदय भएर हार्दिक इच्छा पूर्ण भएकाले परमप्रसन्नता व्यक्त गर्दै भन्दछन् : 'मेरो जन्मजन्मान्तरको पुण्य प्रतिफलित भएको छ, अनि मेरो महाभाग्यको उदय भएको छ, किनभने माता कालिकाका प्रफुल्लित चरणकमल आज मेरो मस्तकमाथि पवित्र आतपत्र बन्न पुगेको छ, अर्थात् महाकालिकाका चरणकमलको वरद छत्रच्छाया मलाई प्राप्त भएको छ ।' यस कथनबाट तत्त्वज्ञान तथा इष्टप्राप्तिका कारण इच्छा पूर्ण हुनाले राजाको 'धृति' नामक सञ्चारीभावको उदय भएको देखिन्छ । फलस्वरूप सन्तृप्तिका साथ आनन्दपूर्ण वचनावली र बुद्धिविकासका साथ कृतकृत्यताको अभिव्यक्ति पनि स्फुरित भएको छ । यसरी प्रस्तुत रचनामा 'धृति' नामक सञ्चारीभावको उदय हुनाले 'भावोदय' को अभिव्यञ्जना[312] पाइन्छ ।

३.२.६.६ भावसन्धि

'अरे रे परेतस्य दूताः कुजाता : ! वृथा ताम्यथोच्चैः किमेतावता मे ।

भयं नैव किञ्चित् सनाथोऽहमुच्चैर्महाकालिकाङ्घ्रिद्वयेनाम्बुजेन ॥[313]

उपर्युक्त पद्यमा राजा प्रताप मल्लको मनमा उठेका भावद्वयको एकसाथ अभिव्यक्ति भएको पाइन्छ । उनी भन्छन् : "ए ! कुजात ! यमदूतहरू हो ! किन व्यर्थैमा मलाई सताउँछौं, त्यसले मलाई के लछारपाटो लाउँछ र ? बुझ्यौ, मलाई तिमीहरूको कुनै डर छैन, किनभने महाकालिकाका चरणकमलको परमकृपा पाएर म आज ढुक्क भएको छु । मलाई अब कुनै कुराको डर छैन, किनभने आज म अनाथबाट सनाथ भएको छु ।" यहाँ एकातिर यमदूतको तर्जनद्वारा

---

[310] विश्वनाथ, सा.द. ३/१५४. २६७ ।
[311] अभि. ४१/३ ।
[312] विश्वनाथ, सा.द. ३/१६८.२६७ ।
[313] अभि. ४१/२ ।

उत्पन्न चित्तको आवेग र त्यसको प्रतिक्रियामा यमदूतप्रति राजाले व्यक्त गरेको गर्जन र गालीद्वारा **'अमर्ष'** भाव अभिव्यक्त भएको छ भने अर्कातिर आफ्नो इष्टप्राप्ति (महाकालिकाको परमकृपा) भएकाले मनमा उत्पन्न निर्भयता र आनन्दको उद्रेकद्वारा **'हर्ष'** भावको पनि अभिव्यक्त भएको छ। यी दुवै भाव एकसाथ राजा प्रताप मल्लमा वर्णन गरिएकाले यहाँ **'अमर्ष'** र **'हर्ष'** यी दुई सञ्चारीभावको दोभानस्वरूप **'भावसन्धि'**को अभिव्यञ्जन भएको पाइन्छ।[314]

३.२.६.७ भावशबलता

'रथाङ्गं गदामब्जशङ्खौ कराग्रे

दधानं सदाऽनन्दकन्दे निदानम्।

रमासम्भ्रमाऽऽलिङ्गने साऽनुरागं

पदद्वन्द्वसर्म्मितोद्दामनागम्॥[315]

प्रस्तुत पद्यमा पशुपतिस्थित वासुकिरूपी नारायणको स्तवन गर्दै राजा प्रताप मल्लद्वारा हातमा शङ्ख, चक्र, गदा र पद्म धारण गरेर आनन्दमा निमग्न भएका आनन्दप्रद, लक्ष्मी (रमा)लाई आतुरताका साथ अनुरागपूर्वक आलिङ्गन गर्न व्यग्र भएका र दुवै चरणद्वारा उद्दाम/उद्दण्ड (कालिय) नागलाई मर्दन गर्ने भगवान् विष्णुप्रति नमन गरिएको छ। यसरी यहाँ आप्तकाम भगवान् विष्णुको आनन्दमयताद्वारा **'धृति'**[316] रमालाई आलिङ्गन गर्ने आतुरताद्वारा **'औत्सुक्य'**[317] तथा उद्दण्ड कालिय नागलाई मर्दन गर्ने क्रियाद्वारा **'उग्रता'**[318] यी तीन सञ्चारीभावको एकत्र सङ्गमन भएको हुँदा **'भावशबलता'**को अभिव्यञ्जन भएको पाइन्छ। वस्तुतः आनन्दका परमस्रोत भएका भगवान् विष्णुलाई रमालाई आलिङ्गन गर्न आतुर एवं उद्दण्ड कालियनागको दमन गर्न समेत लागेको अवस्थामा चित्रित गरिएकाले उपर्युक्त **धृति, औत्सुक्य** र **उग्रता**जस्ता **सञ्चारीभाव**को एकसाथ सम्मिश्रण[319] भएकाले यहाँ **भावशबलता**को आस्वादन हुन्छ। यस्ता अनेक रचना अभिलेखमा उपलब्ध छन्।

३.२.६.८ निष्कर्ष

श्रव्य काव्य पढ्दा र दृश्यकाव्य हेर्दा भावकका हृदयमा हुने अनुभूतिविशेषलाई रस भनिन्छ। आस्वादन नै रसको स्वरूप हो। रसिक सहृदयका अन्तश्चेतनामा रसको अलौकिक

---

[314] विश्वनाथ, **सा.द. ३/१५६, १६५, २६७।**
[315] **अभि. ६/३।**
[316] विश्वनाथ, **सा.द. ३/१६८।**
[317] **उही ३/१५९।**
[318] **उही ३/१४९।**
[319] **उही ३/१४९।**

आनन्दानुभूति हुन्छ । समग्र मन-प्राणलाई सत्त्व गुणको उद्रेकावस्थामा स्वच्छ तथा परिष्कृत तुल्याई ब्रह्मानन्दसहोदर परम आनन्दको महासागरमा आप्लावित गराउनु नै रसानुभूतिको कार्य हो । यसै चित्तचमत्कारका निम्ति काव्यसेवन गरिन्छ, काव्यलाई समादर गरिन्छ । यसमा लोककल्याणकारी तत्त्व रहेको स्वीकार गरिन्छ । समग्र लौकिक पीर-व्यथा, झन्झट-फसाद र मानसिक क्षोभलाई शमन गरेर मानव चेतनालाई अलौकिक भावाऽऽनन्दमा निमग्न गराउने हुँदा साहित्य/काव्यलाई सभ्य मानवसमाजको मानक तत्त्व मानिन्छ र यो उद्देश्य रसानुभूतिद्वारा सिद्ध हुन्छ ।

पूर्वीय काव्यचिन्तनको परम्परामा काव्यात्मवादी आचार्यहरूले 'रस'लाई एकात्मना काव्यको केन्द्रीय तत्त्व स्वीकारेका छन् । कविराज विश्वनाथले **'रसात्मक वाक्य नै काव्य हो'** भनेर उद्घोष गरी रसतत्त्वको सर्वोच्च महत्तालाई प्रतिष्ठापित गरेका छन् । आचार्य भरतमुनिकृत रससूत्रका व्याख्याहरूमध्ये **'विभाव-अनुभाव र सञ्चारीभावद्वारा उद्बुद्ध भएको रति आदि स्थायी भाव नै परिपुष्टावस्थामा रसरूपमा अभिव्यक्त हुन्छ'** भन्ने अभिनव गुप्तको अभिव्यक्तित्ववादलाई शिरोपर गर्दै **कविराज विश्वनाथले** रसका श्रृङ्गार, वीर आदि नौ प्रकार बताई वात्सल्य रस पनि हुन्छ भनेर दशौं रसको प्रस्तावना पनि राखेका छन् । रसजस्तै आस्वाद्य हुनाले रसका अतिरिक्त भाव रसाभास, भावाभास, भावशान्ति, भावोदय, भावसन्धि र भावशवलता पनि रसकोटिकै वस्तु हुन् भन्दै यी सबै उत्तमकाव्यप्रयोजक हुन् भन्ने विचार पनि प्रस्तुत गरेका छन् ।

यिनै सिद्धान्त र विचारहरूका आलोकमा राजा प्रताप मल्लका अभिलेखहरूको अध्ययन यहाँ सम्पन्न गरिएको छ । तदनुसार **यी अभिलेखहरूमा श्रृङ्गार, वीर, करुण, अद्भुत, बीभत्स, भयानक, रौद्र र शान्तरसको अभिव्यक्ति पाइएको छ ।** प्राथमिकताका क्रममा वीरको गणना सर्वप्रथम गर्नुपर्ने देखिन्छ भने तदनन्तर अन्य रसहरूको अभिव्यञ्जना यी अभिलेखहरूमा अनुभूत हुन्छ । उता **भावादिमध्ये सर्वाधिक रूपमा 'देवविषयिणी रति'को परिपुष्टिद्वारा अभिव्यञ्जित हुने 'भाव' तत्त्वको अनुभूति यी अभिलेखहरूमा पाइन्छ । १५ वटा भक्तिरचना अभिलेखहरूका महत्तम उपलब्धि हुन् जहाँ भावको उच्च परिपाक पाइन्छ ।** इष्टदेवी तुलजा भवानी, कालिका, भगवान् भूतभावन शिव/पशुपतिनाथ, विष्णु/कृष्ण, बुद्ध, नृसिंह, भीमसेन, हनुमान् आदि देवदेवीप्रति राजा प्रताप मल्लको हृदयमा भएको रति/अनन्य अनुरागको कलात्मक, काव्यात्मक, ललित भावप्रवण अभिव्यक्ति, पूर्वोक्त रचनाहरूमा र अन्य प्रसङ्गमा समेत उपलब्ध भएकाले भावभिव्यञ्जन सर्वाधिक रूपमा रहेको अनुभव हुन्छ । यसपछि रसाभास, भावाभास, भावशान्ति, भावोदय, भावसन्धि र भावशबलताजस्ता रसकोटिको अभिव्यञ्जन पनि पर्याप्त मात्रामा अनेक अभिलेखीय रचनाहरूमा पाइएको छ ।

यसरी राजा प्रताप मल्लका अभिलेखहरू रसाभिव्यञ्जनका दृष्टिकोणले सफल र सहृदयहृदयावर्जक रहेका छन् भन्न सकिन्छ । यी रचनाहरूमा रसाभिव्यञ्जनका लागि चाहिने

विभाव र त्यसका दुवै भेद आलम्बन र उद्दीपनका सामग्रीहरू प्रचुरतया विद्यमान छन् । कतिपय रचनामा विभावादिको मात्र अभिव्यञ्जन भएको छ । कार्यका रूपमा स्वीकृत विभिन्न अनुभावहरूको यथास्थान सुन्दर अभिव्यक्ति भएको छ भने तेत्तीसबाटै व्यभिचारीभावहरूको पनि तत्-तत् प्रसङ्गको अनुकूलतासुलभ प्रयोग भएकै देखिन्छ । अधिकांश रचनाहरूमा व्यभिचारी भावको विशिष्ट उद्रेक र परिपुष्टिद्वारा भावाभिव्यञ्जन हुन पुगेको पाइन्छ । विभिन्न भावहरूको सम्मिश्रण हुनाले कतिपय भक्तिभावसम्पन्न स्तुतिकाव्यहरूमा भावशबलताको अभिव्यञ्जन चित्ताकर्षक रूपमा भएको देखिन्छ । **निष्कर्षतः राजा प्रताप मल्लका अभिलेखहरूमा रसादिको सुन्दर अभिव्यञ्जना भएको छ ।**

३.२.७ ध्वनि

३.२.७.१ ध्वनि : परिभाषा, प्रारम्भ, स्वरूप र प्रकार

सामान्य व्यवहारको अर्थमा कानमा ठोकिन आउने हरेका आवाजलाई ध्वनि भनिए तापनि साहित्यका सन्दर्भमा यो शब्द विशिष्ट अर्थको बोधक बनेर आएको देखिन्छ । साहित्यिक सन्दर्भमा ध्वनिको अर्थ 'अभिव्यञ्जना' हो । वस्तुतः कुनै साहित्यिक अभिव्यक्तिमा वाच्यार्थ तथा लक्ष्यार्थलाई पनि अतिक्रमण गरेर, सामान्य अर्थभित्र लुकेर रहने चमत्कारी अर्थ; गूढार्थ; व्यङ्ग्यार्थ; विशिष्ट अभिप्राय किंवा रसिक सहृदयका हृदयमा अभिव्यक्त हुने चमत्कारिक भावार्थ नै ध्वनि[320] हो । पारिभाषिक अर्थका रूपमा आचार्यहरूले 'ध्वनि' शब्द अनेकौं अभिप्रायका निम्ति प्रयोग गरिएको पाइन्छ । तदनुसार 'ध्वनि' शब्दका निम्नलिखित व्युत्पत्ति र अर्थहरू बताइएका छन् -

क्रम	**व्युत्पत्ति**	**अर्थ**	**बुझिने वस्तु**
१.	**ध्वनयति, ध्वनति वा -**	जसले ध्वनित गर्दछ त्यो :	शब्द/व्यञ्जक पद
२.	**ध्वनयति, ध्वनति वा-**	जसले ध्वनित गर्दछ त्यो :	अर्थ/व्यञ्जक अर्थ
३.	**ध्वन्यते असौ इति-**	जुन ध्वनित हुन्छ त्यो :	व्यङ्गार्थ/रस अलङ्कार र वस्तु
४.	**ध्वन्यते अनेन-**	जसद्वारा ध्वनित गरिन्छ त्यो :	व्यञ्जना व्यापार
५.	**ध्वन्यते अस्मिन् -**	जहाँ ध्वनित हुन्छ त्यो :	काव्यरचना[321]

यसरी ध्वनि (व्यङ्ग्यार्थ) पैदा गर्ने **शब्द र अर्थ**, तिनबाट पैदा हुने **व्यङ्ग्यार्थ**, व्यङ्ग्यार्थ पैदा गर्ने **व्यञ्जना व्यापार** र व्यङ्ग्यार्थ पैदा हुने स्थल : **काव्य** यी सबै 'ध्वनि' नै हुन् । वास्तवमा

[320] पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १५**. पृ. ७०१ ।
[321] ढकाल, **पूर्ववत् नं. १२**. पृ. २३३ ।

यी पाँचैवटा अर्थहरूको आपसमा अत्यन्त घनिष्ठ अन्तर्सम्वन्ध रहेको देखिन्छ र यी सवै अभिव्यञ्जनासम्बद्ध तत्त्वहरूका लागि प्रसङ्गानुसार ध्वनि शब्दको सार्थकता सिद्ध हुने देखिन्छ ।

काव्य-सिद्धान्तका रूपमा ध्वनि शब्दको सर्वप्रथम प्रयोग गर्ने व्यक्ति आचार्य आनन्दवर्द्धन (नवौं शताब्दी) हुन् । उनले आफ्नो काव्यलक्षणात्मक ग्रन्थ **ध्वन्यालोक**मा ध्वनिको परिभाषा यसरी प्रस्तुत गरेका छन् :

'यत्राऽर्थः शब्दो वा तमर्थमुपसर्जनीकृतस्वार्थौ ।

व्यङ्क्तः काव्यविशेषः स ध्वनिरिति सूरिभिः कथितः ॥'[322] (ध्वन्यालोक १/१३)

'जहाँ प्रयुक्त शब्द र अर्थ आफूलाई गौण तुल्याएर व्यङ्ग्यार्थको अभिव्यक्ति गर्दछन् त्यस काव्यविशेषलाई ध्वनि भनिन्छ ।' हुन त हरेक शब्द र अर्थभित्र कुनै न कुनै व्यङ्ग्यार्थ खोज्न सकिन्छ, तर त्यो चमत्कारकारी हुँदैन । ध्वनि काव्यमा प्रयुक्त शब्दार्थमा चाहिँ त्यो विशिष्ट चमत्कार पैदा गर्ने सामर्थ्य रहेको हुन्छ जसले प्रतीयमान अर्थ/व्यङ्ग्यार्थद्वारा चमत्कारी काव्यानन्दको उद्घाटन गर्दछ । ध्वनिकार आनन्दवर्धन व्यङ्ग्यार्थलाई **'प्रतीयमान'** भन्न मन पराउँछन् जसको विशेष अभिप्राय उनले यसरी प्रकट गरेका छन् : **'महाकविका वाणीहरूमा सामान्य शब्दार्थभन्दा भिन्न प्रतीयमान भन्ने वस्तु त्यसरी नै रहने गर्दछ जसरी रूपसीहरूमा शारीरिक अङ्ग प्रत्यङ्गहरूका अतिरिक्त *लावण्य* रहने गर्दछ । अनि, जसरी त्यही *लावण्य*ले नै उनीहरूमा परम-आकर्षण पैदा गर्दछ, ठीक त्यसै गरी 'प्रतीयमान (अर्थ)ले नै काव्यमा चमत्कार पैदा गर्दछ ।'**[323] यसरी आचार्य आनन्दवर्द्धनले वस्तुतः व्यङ्ग्यार्थलाई नै ध्वनि भनेका छन् र **'काव्यको आत्मा नै ध्वनि हो'** भन्ने उद्घोष गर्दै ध्वनिप्राधान्यवादको प्रवर्तन गरेका छन् । यही सिद्धान्तलाई स्वीकार गर्दै परवर्ती काव्यात्मवादी **आचार्य मम्मट** र **विश्वनाथ** आदिले 'ध्वनि'लाई काव्यको केन्द्रीय तत्त्व मानेका छन् र उत्कृष्ट काव्यको कोटिमा ध्वनिकाव्यलाई प्रतिष्ठापित गरेका छन् ।[324]

'ध्वनि'तत्त्वलाई अत्यन्त व्यापक र सूक्ष्म रूपमा अनुसन्धान गरी ध्वनिकाव्यका प्रकारहरूको प्रचुर विस्तार गरिएको पाइन्छ । प्रथमतः **अभिधामूल** र **लक्षणामूल** भनेर ध्वनिका दुई प्रकार बताइएको छ, त्यसमध्ये पनि लक्षणामूल ध्वनिका **अर्थान्तरसङ्क्रमित-वाच्य** र **अत्यन्ततिरस्कृत-वाच्य** गरी दुई भेद छन् भने **अभिधामूल**मा चाहिँ **असंलक्ष्यक्रमव्यङ्ग्य** (रसभाव आदि अत्युत्कृष्ट कोटिको काव्य) र **संलक्ष्यक्रम-व्यङ्ग्य** गरी प्रथमतः दुई प्रकार देखाएर संलक्ष्यक्रमव्यङ्ग्यमा **वस्तु र अलङ्कार**का भेद र त्यसमा **स्वतःसम्भवी, कवि प्रौढोक्तिसिद्ध र**

---

[322] आनन्दवर्द्धन, **ध्वन्यालोक** ।

[323] प्रतीयमानं पुनरन्यदेव/वस्त्वस्ति वाणीषु महाकवीनाम्/यत्तत्प्रसिद्धाऽवयवातिरिक्तं/विभाति लावण्यमिवाङ्गनासु । आनन्दवर्द्धन, **पूर्ववत् नं. ३२२**, प्रथम उद्योत ।

[324] काव्यं ध्वनिर्गुणीभूतव्यङ्ग्यं चेति द्विधा मतम्/वाच्यातिशायिनि व्यङ्ग्ये ध्वनिस्तत् काव्यमुत्तमम् । विश्वनाथ, **सा.द. ६४/१** ।

कविनिबद्धवक्तृ-प्रौढोक्ति-सिद्ध कथनशैलीले अनेक भेद हुँदै **शब्द** (पद, पदांश, वर्ण, रचना, प्रवन्ध) अर्थ र **शब्दार्थ**का समेत शक्तिबाट निष्पन्न हुने अनेकौं प्रकारका ध्वनिहरूको चर्चा गरिएको छ । तिनमा पनि प्रथमतः **एकाउन्न प्रकार** र तिनको **सङ्कर, संसृष्टि** आदिद्वारा **५३५५** प्रकारका ध्वनिहरूको सङ्केत[325] गरेर विभिन्न अभिव्यक्ति-भङ्गिमाअनुसार ध्वनिको विविधता हुने कुरा स्पष्ट पार्दै अन्ततः ध्वनिका अनन्त प्रकार हुन सक्ने सम्भाव्यता देखाइएको पाइन्छ । अब ध्वनि-सिद्धान्तका आधारमा राजा प्रताप मल्लका अभिलेखहरुको समीक्षण गरिन्छ ।

३.२.७.२ अभिलेखहरूमा ध्वनि

राजा प्रताप मल्लका अभिलेखहरूमा **रस, अलङ्कार र वस्तु** यी तीनै प्रकारका ध्वनिहरू व्यक्त भएका छन् । अभिलेखमा ध्वनिको अभिव्यञ्जन कस्तो रूपमा के -कसरी भएको छ भन्ने विषयमा अब पर्यालोचन गरिन्छ :

३.२.७.२.१ लक्षणामूल ध्वनि

क) अर्थान्तरसङ्क्रमितवाच्यध्वनि

जहाँ वाच्यार्थ प्राकरणिक विषयमा उपयोगी नहुने भएकोले आफ्नो विशेषरूप अर्थान्तरमा परिणत भएर चमत्कारी रूपमा ध्वनित हुन्छ त्यो अर्थान्तरसङ्क्रमितवाच्यध्वनि काव्य मानिन्छ ।[326] अभिलेखबाट उक्त ध्वनिको उदाहरण यसप्रकार उद्धृत गर्न सकिन्छ -

'तस्माद्धरिहरसिंहो नरपतिसिंहो बभूव भूपालः

गच्छति जलनिधिपारं कीर्त्तिरेकाकिनी यस्य ॥'[327]

प्रस्तुत पद्यमा प्रताप मल्लका पूर्वज राजाहरूको बयान गर्दै भनिएको छ - **'ती शिवसिंहबाट हरिहरसिंह नाम गरेका राजा भए । जसको कीर्ति एक्लै समुद्रपार गयो ।'** यस कथनमा निर्जीव कीर्त्तिलाई सजीव व्यक्तिमा मात्र प्रयुक्त हुने 'जानु' क्रियाले युक्त बनाइएको छ । **'गच्छति'** (जान्छ) क्रियाको कार्यव्यापार वस्तुत हिँड्डुल गर्नसक्ने सजीव वस्तुमा मात्र सम्भव भएकोले र प्रस्तुत प्रसङ्गमा **'कीर्ति'**को क्रियापदका रूपमा सो पद प्रयोग गरिनु अनुपयुक्त भएकाले सो पद बाधित भई अर्थान्तरमा सङ्क्रमित (अर्को अर्थमा परिणत) भएको छ । यहाँ **'गच्छति'** पदले **'चारैतिर तीव्र रूपमा फैलिएको'** अभिप्रायका साथ विशिष्ट गमनरूप लक्ष्य अर्थ बुझाउँछ । यसबाट हरिहरसिंहको कीर्तिको **'अतिशय व्यापकतारूपी विशिष्टता'** ध्वनित भएको हुँदा यहाँ अर्थान्तरसङ्क्रमित वाच्यध्वनिको चमत्कार प्रकट भएको छ ।

---

[325] विश्वनाथ, **सा.द. ४/१-१२ ।**
[326] विश्वनाथ, **सा.द. ४/२-३ ।**
[327] **अभि. २३/२१ ।**

ख) अत्यन्ततिरस्कृतवाच्यध्वनि

जहाँ वाच्य अर्थले पूर्णतया आफ्नो अर्थ परित्याग गर्दछ र अर्को अर्थमा परिणत हुन्छ। त्यहाँ मुख्य अर्थ (वाच्यार्थ) अत्यन्त तिरस्कृत हुने हुँदा '**अत्यन्ततिरस्कृतवाच्य-ध्वनि**' काव्य मानिन्छ।[328] अभिलेखमा यस प्रकारका ध्वनिको उदाहरण विभिन्न स्थलमा पाउन सकिन्छ।

जस्तै :

'यस्यां पद्मवने निपीय निभृतं माध्वीकधाराशतं

सानन्दं खलु चञ्चरीकपटली पाण्डित्यमभ्यस्यति ॥'[329]

प्रस्तुत पद्यांशमा राजा प्रताप मल्लद्वारा निर्माण गराइएको रानीपोखरीको वर्णन गर्दै भनिएको छ - **'जुन रानीपोखरीमा फुलेका कमलका फूलहरूको वनमा 'माध्वीक' नामक मदिराका सैकडौँ मदधाराको आतृप्ति पान गरेर भ्रमरसमूहले आनन्दपूर्वक 'पाण्डित्य' को अभ्यास गर्दछ।'**

यस रचनामा आएका '**माध्वीक**' (मदिराविशेष) र '**पाण्डित्यमभ्यस्यति**' (पाडित्यको अभ्यास गर्दछ) यी दुई स्थलमा **अत्यन्ततिरस्कृतवाच्यध्वनि**को चमत्कार पाइन्छ। कमलको वनमा '**माध्वीक**' (मधुक पुष्पद्वारा बनाइएको स्वादिलो मदिरा) नपाइने भएकाले र भ्रमरसमूहले '**पाण्डित्यको अभ्यास**' पनि गर्न नसक्ने भएकाले यहाँ दुवै स्थलहरूमा वाच्यार्थले आफ्नो अर्थलाई पूर्णतः परित्याग गरेको छ यद्वा मुख्यार्थ अत्यन्त-तिरस्कृत भएको छ। तदनन्तर माध्वीक पदबाट '**कमलका फूलको स्वादिलो/मातलाग्दो मकरन्द**' र पाण्डित्यबाट '**स्वरमाधुर्यको साधना**' भन्ने अभिप्राय लक्ष्यार्थका रूपमा प्रकट भएको छ। परिणामतः '**रानीपोखरीको कमलवनमा मादक मकरन्द पान गरेका भ्रमरहरूले मधुर स्वर निकालेर आनन्दमय गुञ्जन गर्दछन्**' भन्ने अर्थ व्यक्त भएको छ। त्यहाँ फुलेका कमलहरूको '**अतिशय-सरसता**' र त्यसको आस्वाद लिएर भ्रमरहरूको गुञ्जनमा आउने '**माधुर्य**' यहाँ व्यङ्ग्य भएको छ, फलतः रानीपोखरीको परमरमणीयता, स्वच्छता र परमउत्कर्ष यहाँ ध्वनित भएको छ। यसरी प्रस्तुत पद्यांशमा **अत्यन्ततिरस्कृत-वाच्यध्वनि**को चमत्कार प्रकट भएको पाइन्छ।

३.२.७.२.२ अभिधामूल ध्वनि

जहाँ वाच्यार्थको सौन्दर्य गौण हुन्छ र व्यङ्ग्यार्थको चमत्कार मुख्य हुन्छ, त्यहाँ अभिधामूल ध्वनि पाइन्छ। वस्तुतः जहाँ वाच्यार्थको बुझाइपछि त्योभन्दा पनि चमत्कारी व्यङ्ग्यार्थ ध्वनित हुन्छ त्यहाँ अभिधामूल ध्वनि व्यक्त भएको मानिन्छ। यसका विभिन्न भेदप्रभेदहरू छन्, अभिलेखहरूमा अभिधामूल ध्वनिका के कस्ता रूपहरू पाइन्छन्, अब त्यसको अनुसन्धान गरिन्छ :

---

[328] विश्वनाथ, **सा.द. ४/२-३**।
[329] विश्वनाथ, **सा.द. ४/५**।

क) असंलक्ष्यक्रमव्यङ्ग्य

जहाँ रस, भाव आदिको अभिव्यञ्जना भएको हुन्छ, त्यहाँ असंलक्ष्यक्रमव्यङ्ग्य नामक उत्तमकाव्य-प्रयोजक विशिष्ट ध्वनिको चमत्कार पाइन्छ । यसका अनन्त भेद हुन सक्दछन्, यो असङ्ख्येय छ, त्यसैले ती सबैलाई समेटेर एउटै नामबाट यो ध्वनि असंलक्ष्यक्रम-व्यङ्ग्यका नामले चिनिन्छ । अभिलेखबाट यसका अनेक उदाहरण प्रस्तुत गर्न सकिन्छ । राजा प्रताप मल्लका अभिलेखहरूमा विभिन्न रस र भाव एवं रसाऽऽभास-भावाऽऽभासादिको अभिव्यञ्जन भएको पाइन्छ । रस-अभिव्यञ्जन प्रसङ्गमा यसको पर्याप्त चर्चा-परिचर्चा भइसकेको छ । यहाँ असंलक्ष्यक्रमव्यङ्ग्यको अभिव्यञ्जन भएको एउटा उदाहरण स्थालीपुलाकन्यायले प्रस्तुत गरिन्छ :

'त्वदीयस्फुरत्पादपद्माऽभिजातो-

ल्लसच्छायया चैव किं किं सुखं न ।

नमस्ते नमस्तेऽस्ति कालि ! प्रसीद,

पदद्वन्द्वनिर्द्वन्द्वभक्तिर्ममाऽस्तु ॥'[330]

इष्टदेवी तुलजा भवानीको स्तवन गर्दै राजा प्रताप मल्ल भन्दछन् : 'हे माता कालिका ! हजुरका फक्रिएका कमलजस्ता शोभासम्पन्न चरणयुगलबाट उत्पन्न उज्ज्वल सुषमाले मात्र पनि कुनचाहिँ सुख दिलाउँदैन र ?, अर्थात् हजुरका चरणकमलको चिन्तन र नमनमात्रले पनि परमसुख उपलब्ध हुन्छ । हे काली ! हजुरलाई म बारम्बार नमन गर्दछु, ममाथि प्रसन्न हुनुहोस्, ती चरणयुगलमा सदैव निर्द्वन्द्व भावले युक्त भक्ति मलाई प्रदान गर्नुहोस् ।' यहाँ इष्टदेवी काली र उनका चरणकमल आलम्बन विभाव, तिनको सौन्दर्य र सुखप्रद शोभा उद्दीपन विभाव, त्यस्ता चरणकमलमा गरिएको नमन र स्तुति-प्रार्थना अनुभाव र मति, प्रकृति र हर्ष आदि सञ्चारीभावहरूद्वारा उद्बुद्ध भएको देवीविषयिणी रति (भक्ति भाव/अनुराग) स्थायी भाव पुष्ट भई 'भाव' रूपमा [331] अभिव्यक्त भएर आस्वाद्यमान बनेको देखिन्छ । यसप्रकार यहाँ 'भाव'का रूपमा 'असंलक्ष्यक्रमव्यङ्ग्य' ध्वनित भएको अनुभूत छ । अभिलेखहरूमा सर्वाधिक रूपमा यही भावध्वनिको चमत्कार पाइन्छ ।

ख) संलक्ष्यक्रमव्यङ्ग्य

अभिधामूल ध्वनिको दोस्रो प्रकार संलक्ष्यक्रमव्यङ्ग्य हो । यसका पनि शब्दशक्त्युद्भव, अर्थशक्त्युद्भव र उभयशक्त्युद्भव गरी तीन प्रकार छन् । शब्दशक्त्युद्भवका पनि वस्तुध्वनि र अलङ्कारध्वनि गरी दुई भेद छन् । अर्थशक्त्युद्भव प्रथमतः स्वतः सम्भवी, कविप्रौढौक्तिसिद्ध र

---

[330] अभि. ४१/६ ।

[331] विश्वनाथ, सा.द. ३/२६०-२६१ ।

कविनिबद्धवक्तृप्रौढोक्ति-सिद्ध गरी तीन भेदमा विभाजित छ, त्यहाँ ध्वनित गर्ने अर्थ र ध्वनित हुने कुरा वस्तु वा अलङ्कारका रूपमा रहने हुँदा अरू भेदहरू पनि हुन जान्छन् । यसरी संलक्ष्यक्रमव्यङ्ग्यका अनेकौं भेद हुन्छन् ।[332] तीमध्ये केही ध्वनिका उदाहरणहरू अभिलेखवाट यहाँ प्रस्तुत गरिन्छ । स्थालीपुलाकन्यायले अभिलेखहरूमा रहेका ध्वनिको अभिव्यक्तिशिल्प स्पष्ट पार्नु यस दिग्दर्शनको लक्ष्य हो :

अ शब्दशक्त्युद्भव :

१. शब्दशक्त्युद्भव वस्तुध्वनि

'आस्ते काऽप्यमरावतीव विलसद्दन्तीन्द्रादिव्याङ्गना -

युक्ता स्वर्णमयी विहारनगरी सा राजधानी परा ।[333]

यस पद्यांशमा आफ्नी परमप्रिया पत्नी रानी रूपमतीको जन्म स्थानको महत्ता र परमसम्पदाको बयान गर्दै राजा प्रताप मल्ल भन्दछन् : लामा लामा सेता दाँत भएका उत्तम हात्ती र अत्यन्त सुन्दरीहरूले सम्पन्न स्वर्णमय विहारनगरी नामक स्वर्गतुल्य राजधानी छ, जहाँ रूपमतीको जन्म भयो ।' यहाँ प्रयुक्त 'दिव्याङ्गना' शब्दले 'राम्री स्त्री' र 'स्वर्गकी अप्सरा' भन्ने अर्थ तथा 'दन्तीन्द्र' शब्दले 'ठूलाठूला राम्रा दाँत भएका उत्तम हात्ती' र 'हात्तीहरूमा श्रेष्ठ हात्ती ऐरावत' पनि जनाउने हुँदा यी पद विहारनगरीलाई स्वर्गोपम सिद्ध गर्ने साधन बन्न पुग्दछन् । यसरी स्वर्गमा ऐरावत भएजस्तै यहाँ पनि 'दन्तीद्र' भएको र स्वर्गमा अप्सरा भए झैं यहाँ पनि 'दिव्याङ्गना' भएकाले विहारनगरीको उत्कृष्टता र साँच्चिकै स्वर्गसादृश्य रहेको वस्तु ध्वनित हुन्छ; विहारनगरीको उत्कर्ष रूप वस्तु ध्वनित हुन्छ। 'दन्तीन्द्र' र 'दिव्य' शब्दहरुको शक्तिबाट यो वस्तु ध्वनित भएकाले यहाँ शब्दशक्त्युद्भव वस्तुध्वनिको चमत्कार देखिएको छ ।

२.शब्दशक्त्युद्भव अलङ्कारध्वनि

'जटाधस्तटालम्बिगङ्गाप्रवाहं

स्फुरन्नेत्रतेजःकृताऽनङ्गदाहम् ॥[334]

यस पद्यार्धमा श्रीपशुपतिनाथको वन्दना गर्दै राजा प्रताप मल्ल भगवान् शिवको महिमा यसरी बताउँछन् : 'जसको जटाबाट गङ्गा प्रवाहित भइरहेकी छन्, जसले आफ्नो नेत्रबाट समुत्पन्न तेजले अनङ्ग अर्थात् कामदेवको दहन गरेको छ, त्यस्ता पशुपतिको म भजन गर्दछु ।' यहाँ प्रयुक्त 'अनङ्ग' शब्दले प्रसङ्गानुसार कामदेव भन्ने वाच्यार्थ प्रकट गरिसकेपछि व्युत्पत्तिलभ्य

---

[332] विश्वनाथ, सा.द. चतुर्थ परिच्छेद ।
[333] अभि. ५/६ ।
[334] अभि. १९/१ ।

'अङ्ग प्रत्यङ्ग केही नभएको, अशरीरी' भन्ने अर्थ पनि प्रकट गर्दछ, र यो दोस्रो अर्थ व्यङ्ग्यार्थका रूपमा व्यक्त हुन्छ । अब यसबाट समग्रमा यस्तो अर्थ प्रस्तुत हुन आउँछ : 'जसले आफ्नो नेत्रबाट समुत्पन्न तेजले अनङ्ग अर्थात् अङ्ग प्रत्यङ्ग केही नभएको अशरीरी, अमूर्त वस्तुलाई पनि डढाउँदछ त्यस्ता पशुपतिदेवलाई म भजन गर्दछु ।' यसरी निस्किने अर्थमा सामान्य अग्निले अङ्गयुक्त मूर्त वस्तुलाई मात्र जलाउन सक्दछ तर शिवका नेत्रबाट समुत्पन्न ज्योतिले ता अङ्गै नभएको अमूर्त वस्तु (कामदेव)लाई पनि जलाउन सक्दछ भन्ने अभिप्राय व्यक्त भई सामान्य अग्निभन्दा शिवनेत्रोत्पन्न अग्निमा वैशिष्ट्य देखिनाले 'व्यतिरेक अलङ्कार' व्यङ्ग्य हुन जान्छ । फलतः भगवान् पशुपतिनाथमा रहेको विशिष्ट शक्ति व्यञ्जित हुन गई त्यस्ता ईश्वरप्रति प्रकट भएको 'रति' अझ पुष्ट हुन जान्छ । यसरी यहाँ 'अनङ्ग' शव्दको शक्तिबाट समुत्पन्न व्यतिरेकालङ्कार ध्वनित भएकाले शब्दशक्युद्भव अलङ्कारध्वनिको अभिव्यञ्जना हुन पुगेको छ। यस्तो धेरै रचनाहरू अभिलेख सामग्रीमा उपलब्ध छन् ।

आ अर्थशक्त्युद्भव :

क. स्वतः सम्भवी

१.स्वतः सम्भवी : वस्तुद्वारा वस्तुध्वनि

'कलङ्की हिमांशुः कुजातश्च भौमो
बुध क्लीबभूतोऽङ्गहीनोऽथ राहुः ।
तथैवाऽस्ति मूर्ध्ना विहीनश्च केतुः
न शुक्रः शनिश्चाऽस्ति गण्याग्रहारे ॥'[335]

यस पद्यमा तलेजु भवानीको स्तुति गर्दै राजा प्रताप मल्लले चन्द्र, मङ्गल, बुध, राहु, केतु, आदि सबै ग्रहमा विभिन्न दोष र खोट भएको कुरा व्यक्त गरेका छन् । यसरी सबै ग्रहहरू आफू दोषग्रस्त भएकाले पूजकहरूलाई कुनै पनि फल दिन नसक्ने स्पष्ट हुन्छ । फलतः 'चन्द्रादि ग्रहहरूको पूजन र उपासना गर्नुभन्दा वा नाना भाँतिका ग्रहहरूलाई पुज्नुभन्दा देवी 'तुलजा भवानीलाई नै पूजन गर्नु फलप्रद हुने' वस्तु ध्वनित हुन पुग्दछ ।

२.स्वतः सम्भवी : वस्तुद्वारा अलङ्कारध्वनि

'दुकूलं परित्यज्य कृत्तिं वसानं
विमानं विहायाऽऽश्रयन्तं श्मशानम् ।

[335] अभि. ४१/४ ।

....

पशूनां पतिं भव्यरूपं भजेऽहम् ॥'[336]

भगवान् पशुपतिनाथको स्तवन गर्दै यहाँ भनिएको छ : रेशमी वस्त्र छोडेर छाला पहिरिने, विमानमा चढ्न छोडेर श्मशानमा बस्ने, पशुहरूका पति भव्यरूप शिवको म भजन गर्दछु ।' यस रचनामा रेशमी वस्त्र र विमानाऽऽरोहण परित्याग गरी छाला ओढेर श्मशानमा बस्नु र पशुहरूको पति भए तापनि भव्य स्वरूप हुनुमा 'विरोध' अलङ्कार एवं रेशमी वस्त्र लगाएर विमानमा चढ्ने देवताहरू (इन्द्र, विष्णु आदि) लाई, छाला ओढेर, स्मशानमा बसेर र पशुहरूको स्वामी (गोठालो) बनेरै पनि आफ्नो भव्यता (महादेवत्व)द्वारा परास्त गरी भक्तद्वारा भजन गरिने हुँदा अन्यदेवका तुलनामा भगवान् शिवको विशिष्टता प्रतिपादित भएकाले 'व्यतिरेकाऽलङ्कार' व्यङ्ग्य हुन पुगेको छ । यसरी यहाँ वस्तु (स्वतः सम्भवी/सामान्य कथन)बाट 'विरोध' र 'व्यतिरेक' अलङ्कार अभिव्यक्त भएकाले वस्तुद्वारा अलङ्कार ध्वनित भएको पाइन्छ । यस्ता अनेक रचना अभिलेखहरूमा उपलब्ध छन् ।

३. स्वतः सम्भवी : अलङ्कारद्वारा वस्तुध्वनि

'त्वदर्च्चाविधिर्दुष्करो मद्विधानां

कृपावारिधे पाहि दुःखाम्बुराशेः ।

न सेवामपेक्ष्येह माता सुतानां

सदा दुर्दशानां हितं सन्तनोति ॥'[337]

यस पद्यमा माता वज्रयोगिनीको आराधना गर्दै राजा प्रताप मल्ल भन्दछन् : 'हे माता ! म जस्ता (सामान्य भक्त) का लागि हजुरको पूजनविधि सम्पन्न गर्नु अत्यन्त कठिन छ, तापनि हे कृपाकी खानी ! मलाई दुःखसागरमा डुब्नबाट रक्षा गर्नुहोला, किनभने कुनैपनि आमाले सेवाको अपेक्षा नगरिकनै दुर्दशामा फँसेका सन्तानको हित गर्ने गर्दछन् ।' यहाँ अन्तिम उत्तरार्धमा आएको विशेष अर्थलाई सामान्य अर्थले समर्थन गरेबाट सम्पन्न अर्थान्तरन्यास अलङ्कारद्वारा 'अब माता वज्रयोगिनीले प्रताप मल्ललाई अवश्य दुःखसागरमा डुब्नबाट बचाउनु हुनेछ' भन्ने आशय व्यक्त हुने हुँदा 'राजा प्रताप मल्लको दुःखबाट मुक्तिको प्रत्याभूति' रूप वस्तु ध्वनित हुन गएको छ । यहाँ स्वतः सम्भवी अर्थान्तरन्यास अलङ्कारद्वारा ' प्रताप मल्ल दुःखबाट अवश्य मुक्त हुनेछन्' भन्ने वस्तु ध्वनित भएकाले अलङ्कारद्वारा वस्तुको चमत्कारपूर्ण अभिव्यञ्जन भएको स्पष्ट हुन्छ । यस्ता अनेक रचना अभिलेखहरूमा पाइन्छन् ।

---

[336] अभि. १०/८ ।
[337] अभि. २०/११ ।

४.स्वतः सम्भवी : अलङ्कारद्वारा अलङ्कारध्वनि

'मुखं यस्य दृष्ट्वा नराःकञ्जकल्पं

महागर्भवासे न सीदन्ति भूयः ।

विरञ्चीन्द्रवृन्दारकौघैः स्तुतो यो

मुदा तं जगन्नाथदेवं नमामि ॥'[338]

यस पद्यमा जगन्नाथदेवको स्तुति/नमन यसरी गरिएको छ : जसको कमलतुल्य मुख देखेपछि फेरि महागर्भवास (पुनर्जन्मरुपी दुश्चक्र)को दुःखमा जाकिनु पर्दैन, ब्रह्मा, इन्द्र आदि देववृन्दले स्तुति गरिएका त्यस्ता जगन्नाथदेवलाई म प्रसन्नताका साथ नमस्कार गर्दछु ।' यहाँ कमलको फूलजस्तो सुन्दर मुख (कञ्जकल्पं मुखम्) भन्दा उपमा अलङ्कार एवं 'त्यस्तो मुख हेर्नु' र 'पुनर्जन्ममा फेरि फस्नु नपर्ने' अर्थका बीच कार्यकारणभाव सम्वन्ध भएकाले काव्यलिङ्ग अलङ्कार वाच्यार्थमा झल्किएको छ । यसबाट सामान्य कमल देख्दा कुनै चमत्कार नहुने, तर जगन्नाथदेवको मुखकमलको दर्शन गरेपछि चाहिँ पुनर्जन्मबाट मुक्त हुने चमत्कार सम्भव भएकाले 'मुखकमल' उपमानमा सामान्य कमलमा भन्दा आधिक्य प्रतिबिम्वित भएकाले व्यतिरेक अलङ्कार व्यङ्ग्य हुन पुगेको छ । यसप्रकार प्रस्तुत पद्यमा स्वतः सम्भवी उपमा र काव्यलिङ्ग अलङ्कारद्वारा व्यतिरेक अलङ्कारको चमत्कारकारी ध्वनन भएकाले यहाँ स्वतः सम्भवी अलङ्कारद्वारा अलङ्कारध्वनिको चारुता झल्किएको छ । यस्ता अनेक रचना अभिलेखमा पाइन्छन् ।

ख. कवि-प्रौढोक्तिसिद्ध

१.कवि-प्रौढोक्तिसिद्ध : वस्तुद्वारा वस्तुध्वनि

'तस्मान्मल्लनरेन्द्र नाम धरणीपालो बभूव प्रभुः

प्रोद्भूतप्रबलप्रतापदहनज्वालाऽऽवृताऽहस्करः।

यस्याऽऽरातिनितम्बिनी सुचकिता शुष्यन्मुखाम्भोरुहा

स्थित्वा पर्वतगव्हरेऽतिविषमे दैन्यं सदाऽभ्यस्यति ॥'[339]

यहाँ राजा प्रताप मल्लका पूर्वज नरेन्द्र मल्लको वर्णन गर्दै भनिएको छ : 'सूर्य मल्लबाट नरेन्द्रमल्ल नाम भएका अत्यन्त प्रभावशाली राजा जन्मिए । जसबाट समुत्पन्न प्रवल

[338] अभि. ४४/२ ।
[339] अभि. २३/१६ ।

प्रतापाग्निको ज्वालाले सन्तप्त भएर सुकेको मुख लिएका शत्रुपत्नीहरू दुर्गम पहाडका गुफाहरुमा सधैँ दीन-हीन बनेर दारुण जीवन बिताउँछन् ।' यस कथनमा कविको प्रौढोक्तियुक्त वस्तु (कुरा)द्वारा 'राजा नरेन्द्र मल्लले सबै शत्रुलाई सखाप पारेको हुँदा शत्रुपत्नीहरू अनाथ भएर पहाड र जङ्गलका गुफातिर लुकी बस्थे' भन्ने वस्तु र अझ त्यसबाट नरेन्द्र मल्लको प्रतापातिशयरूप वस्तु ध्वनित भएको देखिन्छ ।

२.कवि-प्रौढोक्तिसिद्ध : वस्तुद्वारा अलङ्कारध्वनि

यस्यां पुण्योदकायां विविधफणिमणिश्रेणिविद्योतितायां

नित्यं श्रीवाग्वती च प्रमुदितहृदया स्थातुमुत्कण्ठते च ।

जातो वैकुण्ठनाथो सकलसुरगणैस्सार्धमागन्तुकामः

किं ब्रूमो विश्वनाथो झटिति समगमत् काशिकां त्यज्य हर्षात् ॥'[340]

प्रस्तुत पद्यमा रानीपोखरीको बयान गर्दै भनिएको छ - 'जुन रानीपोखरीका विभिन्न नागमणिहरूले झल्झलाकार पवित्र जलमा अत्यन्त आनन्दित हृदय भएकी वाग्मती नदी सधैं वास गर्न उत्कण्ठित छिन्, जहाँ स्वयं वैकुण्ठनाथ विष्णु पनि समस्त सुरगणहरुका साथ आउन चाहनुहुन्छ । धेरै के बयान गर्नु र ! जहाँ स्वयं काशीपति विश्वनाथ पनि काशी नगरीलाई झट्टै परित्याग गरी सहर्ष आउनुभयो ।' यहाँ कवि-प्रौढोक्तिद्वारा सिद्ध भएको वस्तु (बयान)द्वारा रानीपोखरीको पवित्रता वाग्मतीभन्दा बढी, सौन्दर्य र वैशिष्ट्य वैकुण्ठ र काशीनगरीको भन्दा बढी रहेको वर्णन गरिएको हुँदा व्यतिरेक अलङ्कार ध्वनित भएको छ । फलतः रानीपोखरीको परम पवित्रता र यहाँ स्नान गरेपछि वाग्मतीमा र काशी नगरीमा पनि गइरहनु नपर्ने र परलोकमा वैकुण्ठवास पनि हुनसक्ने विशिष्टता व्यक्त भएको छ ।

३.कवि प्रौढोक्तिसिद्ध : अलङ्कारद्वारा वस्तुध्वनि

'श्रीश्रीराजकवीन्द्रमल्लवसुधाऽलङ्कारभूता शुभा

हंसद्वन्द्वकुचा सरोजवदना संसाररत्नाकरा ।

सर्वेषां सुखदा सुमीननयना देवी सुरम्या वरा

शैवालावलिकेशपाशविमला वापी जरीजृम्भते ॥'[341]

---

[340] अभि. ३७/५ ।
[341] अभि. ३७/१ ।

'राजा कवीन्द्र (प्रताप) मल्लको राज्यभूमि नेपालको अलङ्काररूपिणी, शुभ स्वभाव भएकी, हंसयुगलरूपी कुचयुगल भएकी, कमलरूपी मुख भएकी, संसारभरिका रत्नको खानी/समुद्रस्वरूपिणी, सबैलाई सुख प्रदान गर्ने, असल माछारूपी आँखा भएकी, अत्यन्त सुन्दरी, शैवाल (जलनीली/पानीको लहरदार लेउ) को जालोरूपी सुन्दर/लहराउँदो केशपाश भएकी स्वच्छ वापी (रूपिणी सुन्दरी) सुशोभित रहेकी छन् ।' यहाँ कविप्रोढोक्तिसिद्ध 'रूपक' अलङ्कार वाच्यद्वारा रानीपोखरीको परमसौन्दर्यरूपी व्यङ्ग्य वस्तु ध्वनित भएर चमत्कारकारी बनेको देखिन्छ ।

४. कवि प्रौढोक्तिसिद्ध : अलङ्कारद्वारा अलङ्कारध्वनि

'वैरिस्त्रीनयनाब्जनिर्गतजलैर्धाराम्बुभिर्येन वै
शत्रोः सान्द्रकबन्धरन्ध्ररुधिरैर्नद्यः समासादिताः ।
तासां सङ्गमसम्भवं सुविमलं तीर्थं प्रयागाव्हयं
यत्र स्नानकृता प्रलब्धमनिशं शत्रुक्षयं सत्फलम् ॥'[342]

प्रताप मल्लका पूर्वज राजा शिवसिंहको बयान गर्दै भनिएको छ- 'जुन राजाले आफ्ना शत्रुपत्नीका नेत्रकमलबाट निस्किएका अश्रुधारबाट र शत्रुहरूका गिँडिएका शरीरबाट निस्किएका रक्तधाराबाट समेत खोलाहरू बगाए, जसको सङ्गमबाट अतिविमल प्रयाग नामक तीर्थ बन्यो, जहाँ स्नान गर्नेले शत्रुक्षयरूपी फल तत्काल प्राप्त गरे ।' यस पद्यमा कविप्रौढोक्तिसिद्ध अतिशयोक्ति अलङ्कार वाच्यद्वारा प्रसिद्ध तीर्थराज प्रयागभन्दा पनि शत्रुक्षयरूपी फल दिने हुँदा श्रीशिवसिंहले बगाएका आँसु र रगतका नदीबाट निष्पन्न 'प्रयाग'को अतिरिक्त वैशिष्ट्य देखिएकाले 'व्यतिरेक' अलङ्कार व्यङ्ग्य ध्वनित हुन पुगेको छ । राजा शिवसिंहको वीरताको उत्कर्ष पनि यहाँ अभिव्यञ्जित भएको देखिन्छ । यस्ता अनेक रचना अभिलेखहरूमा पाइन्छन् ।

ग. पदांश र वर्ण आदिमा असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि

पदांश, प्रकृति, प्रत्यय, उपसर्ग, निपात आदि रूपहरूबाट र रचना एवं प्रबन्धबाट समेत असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनित हुन्छ भनी ध्वनिकार आनन्दवर्द्धन[343] र कविराज विश्वनाथले उद्घोष गरेका छन् । तदनुसार यी अभिलेखहरूमा पनि कतिपय रचनामा उक्त प्रकारको अभिव्यञ्जना पर्याप्त रूपमा रहेको पाइन्छ । तिनमध्ये केही रचनाहरूको बान्की यहाँ प्रस्तुत गरिन्छ :

[342] अभि. २३/20 ।
[343] 'पदैकदेशरचनावर्णेष्वपि रसादयः' । आनन्दवर्द्धन, ध्वन्यालोक, ३/३३ ।

अ. प्रकृतिव्यञ्जकता

'नगेद्रात्मजां नागभूषोज्ज्वलाङ्गीं

कुरङ्गीदृशन्तां भृशं भावयामः।।'[344]

यस पद्यांशमा माता वज्रयोगिनीको स्तुति गर्दै राजा प्रताप मल्ल भन्दछन् : हिमालय पर्वत नगेन्द्रकी पुत्री, नागका आभूषणहरूले उज्ज्वल अङ्ग भएकी, मृगीका झैं सुन्दर नयन भएकी वज्रयोगिनीको हामी भावना गर्दछौं । यस कथनमा प्रस्तुत क्रियापद भावयामःबाट त्यस्ती वज्रयोगिनीलाई मनन/अनुध्यान/भावात्मक चिन्तन गर्दछौं भन्ने अर्थ प्रकट भएको छ । यसबाट माता वज्रयोगिनीप्रतिको कविविषयिणी रति, अनन्य एवं प्रगाढ अनुरागको सम्यक् अभिव्यक्ति भएको ध्वनित हुन्छ । चिन्तयामः(चिन्तन गर्दछौं), भजामः (भजन गर्दछौं), नमामः (नमन गर्दछौं) आदि क्रियापदहरूलाई पन्छाएर भावयामः प्रयोग गर्नाले यहाँ भावध्वनिको विशेष उत्कर्ष प्रकट भएको छ । यसरी यहाँ 'भू' धातु प्रकृतिको वैशिष्ट्यबाट असंलक्ष्यक्रमव्यङ्ग्य (भाव) ध्वनित भएको देखिन्छ ।

आ. प्रत्ययव्यञ्जकता

'मद्रूपचौरोऽयमितीव मत्वा

कोपाऽऽकुलः काम इमञ्जघान ।

आस्थाय रूपं किमु कामिनीनां

भ्रूकार्मुकोन्मुक्तकटाक्षबाणैः ।।[345]

-यहाँ प्रताप मल्लको वर्णन प्रसङ्गमा - 'मेरो रूपको चोर यही हो भन्ने ठानेर रिसले भुतुक्क भएको कामदेवले कामिनीहरूको रूपमा आस्थित भएर आँखीभौंरूपी धनुषबाट मोचन गरिएका कटाक्षबाणहरूद्वारा मानौं यिनलाई प्रहार गरेको पो हो कि ?' भनी गरिएको बयानमा सन्देह/वितर्क/अनिश्चयको सूचक 'किमु' अव्यय शब्दले 'पो हो कि ?' भन्ने वाच्यार्थद्वारा सम्भावना प्रकट गर्दै एकातिर उत्प्रेक्षा अलङ्कारको साधनता प्राप्त गरेको छ भने अर्कातिर व्यङ्ग्यार्थका रूपमा प्रताप मल्लको कामदेववत् सौन्दर्यातिशय अभिव्यक्त गरेको छ । यसरी यहाँ 'किम्' सर्वनामका साथमा जोडिएको 'उ' प्रत्ययको अभिव्यञ्जकता देखिएको छ ।

इ. द्विवचनव्यञ्जकता

'.....आत्मकवरीं गाढं मुहुर्वृण्वती ।

हस्ताभ्यां त्रिपुरारिराजरमणी पायात् प्रतापं नृपम् ।।'[346]

---

[344] अभि. २०/४ ।
[345] अभि. १/१८ ।
[346] अभि. १/१ ।

यहाँ त्रिपुरसुन्दरीको स्तवन गर्दै भनिएको छ :

'आफ्ना दुवै हातले जुरो/केशपाश कसेर बाँध्दै गरेकी भगवान् (त्रिपुरारि शङ्करकी राजरमणी (प्रिया)ले प्रताप मल्ल राजालाई रक्षा गरुन्।'

यहाँ **हस्ताभ्यां** (दुवै हातहरूले) भनेर दुवै हातहरू उठाएर जुरो बाँध्दै गरेकी, विशेष आकर्षक भङ्गिमाले सम्पन्न त्रिपुरसुन्दरीको सुन्दर बिम्ब उतारिएको छ, जसले यसपछि आउने **त्रिपुरारिराजरमणी** (भगवान् त्रिपुरारिकी अत्यन्त सुन्दरी कान्ता) विशेषणको **'रमणीयता'** लाई पुष्टि गरेको छ । यसरी यहाँ **'हस्ताभ्याम्'** मा आएको द्विवचनबोधक **'भ्याम्'** प्रत्ययको विशेष अभिव्यञ्जनाद्वारा त्रिपुरारिराजरमणीको सुन्दर स्वरूप चित्रित भएको छ, फलतः देवादिविषयिणी रतिको उद्रेकमा विशेष उत्कर्ष थपिएको छ । अतः यहाँ **द्विवचनको व्यञ्जकता** झल्किएको छ ।

इ. बहुवचनव्यञ्जकता

'श्रीविष्णोर्न्नयनाम्बुजात् त्रिजगतीपापान्तकर्ता रविः
प्रोदभूतस्तिमिरौघवारणघटाविद्रावणः केशरी ।
कालाकाशदिशां प्रकाशनिपुणः कन्दर्प्पदर्प्पापहः
सानन्दं सरसीरुहेषु तनुते मैत्रीं विचित्राऽकृतिः ॥'[347]

प्रस्तुत पद्यमा प्रताप मल्लका आदि पुरुष रवि/सूर्यको बयान गर्दै भनिएको छ :

श्रीविष्णुका नयनकमलबाट समुत्पन्न, तीनै जगत्को पाप (अन्धकार)का अन्तकर्ता, अन्धकारपुञ्जरूपी हस्तियूथलाई ध्वस्त पार्ने सिंहस्वरूप, कालो आकाश/काल, र दिशाहरूलाई प्रकाशित तुल्याउनमा निपुण, कामदेवको रूपदर्पलाई समाप्त पार्ने अत्यन्त सुन्दर स्वरूप भएका श्री सूर्य आनन्दपूर्वक कमलवनहरूमा मैत्रीको विस्तार गर्दछन्।'

यहाँ **'कालाकाशदिशाम्'**मा प्रयुक्त 'बहुवचन'ले श्रीसूर्यको व्यापक प्रकाशशक्ति र 'तनुते' मा प्रयुक्त विस्तारार्थक 'तनु' धातुले कमलवनमा गरिने मैत्रीको विस्तार भन्ने अर्थमा **'प्रकाशको व्यापकता'** को वैशिष्ट्य प्रतिध्वनित गरेको पाइन्छ । मित्रको अर्थ सूर्य पनि भएकाले **मैत्रीले मित्रता र सूर्यको प्रकाशकत्व** भन्ने पनि अर्थ ध्वनित भएको छ । यसरी यहाँ **मैत्रीको द्व्यर्थकता, बहुवचन,** र 'तनु' धातु/प्रकृतिको अभिव्यञ्जनाद्वारा सूर्यको प्रकाशशक्ति र व्यापकताको वैशिष्ट्य ध्वनित भएको पाइन्छ ।

उ. उपसर्गव्यञ्जकता

'भवाम्भोनिधेस्तारणायैकपोतं
विधात्रा विनिर्म्माय दत्तं जनेभ्यः ।

---

[347] **अभि. २३/२ ।**

नुमस्त्वत्पदाम्भोजयुग्मं प्रयच्छ

प्रतापाय भूपाय भद्रं भवानि !'[348]

यस पद्यरचनामा तुलजा भवानीको स्तवन यसरी गरिएको छ :

'संसारसागर पार गराउनलाई विधाताले 'विशेष रूपमा' निर्माण गरेर (भक्त) जनहरूलाई प्रदान गरेको 'एकमात्र' जलयानरूपी हजुरका चरणकमलयुगलमा म नमन गर्दछु, हे भवानी, राजा प्रताप मल्ललाई कल्याण प्रदान गर्नुहोस् ।'

यहाँ प्रथम पाउमा प्रयुक्त पोतको 'एक' विशेषणले भवानीका चरणकमलमात्र एकान्तिक रूपमा भवसागरबाट पार लगाउने नौका भएको तथ्य, विनिर्म्मायमा प्रयुक्त 'वि' विशेषणले पोतनिर्माणको 'कुशलता' व्यक्त भएको छ । फलतः भवानीका चरणयुगलमात्रमा संसारसागरबाट पार गराउने विशेषता रहेको तथ्य 'एक'ले ध्वनित गरेका छ भने भक्तहरूलाई भवपार गराउने प्रत्याभूति दिने वा विश्वसनीयता पैदा गर्ने कार्य 'विनिर्म्माय' (राम्ररी निर्माण गरेर)मा आएको 'वि' पूर्वसर्ग/उपसर्गले अभिव्यञ्जित गरेको छ, फलतः भवानीका चरणकमलयुगलप्रतिको उत्तम ऐकान्तिक 'रति'को उद्रेकमा उत्कर्ष व्यक्त भएको छ । अतः यहाँ 'एक' पद र 'वि'जस्ता पदांश/उपसर्गको व्यङ्ग्यचारुताद्वारा रसादि ध्वनित भएको पाइन्छ ।

ऊ. द्वित्वव्यञ्जकता, निषेधव्यञ्जकता

'विहायाऽम्बिके कालिके त्वान्यदेवं

न मन्ये न मन्ये न कुर्व्वे नतिं वा ।

सुरेशेषु नन्दात्मजाद्येषु सत्यं

न वा तेषु दीनं वचोऽहं ब्रवीमि ॥'[349]

माता तुलजा भवानीको स्तवन गरिएको उक्त पद्यमा 'हे अम्बिके ! हे कालिके ! तपाइँबाहेक अरू कुनै देवतालाई म मान्दै मान्दिनँ, नमन पनि गर्दिन म सत्य भन्दछु, विष्णु, कृष्ण आदि अरू कुनै देवताका अघि नमन गर्दिनँ, तिनीहरूका सामुन्ने दीनताको वचन (पुकारा) पनि बोल्दिनँ भन्दा न मन्ये, न मन्येमा देखिएको द्वित्व एवं चार पटक प्रयुक्त निषेधात्मक 'न'ले 'भवानी तुलजा प्रतिको निष्ठा व्यक्त गर्दै अन्य कुनै भक्ति-उपायप्रति प्रलोभन-रहितता र निषेधातिशयद्वारा तुलजा भवानीप्रतिको अतिशय एकनिष्ठता एवं विशिष्ट 'रति'को सशक्त अभिव्यञ्जना गरेको पाइन्छ । यसरी यहाँ 'द्वित्व' र निषेधार्थक 'न'द्वारा विशिष्ट रतिरूप व्यङ्ग्यको ध्वनन भएको देखिन्छ ।

---

[348] अभि. ३१/४ ।
[349] अभि. ४१/९ ।

ऋ. लिङ्गव्यञ्जकता

'कण्णाटी रंगघाटी कुचकनकघटी कामलीलैकवाटी

स्वर्णालङ्कारकोटी हरिसदृशकटी चारुदेहानुपाटी ।

नाम्ना राजमती महारसमती भूपप्रतापस्य सा

भूता भोगवधूटिका किल हरेर्भामेव जीवाधिका ॥'[350]

प्रस्तुत पद्यमा राजा प्रताप मल्लकी अत्यन्त प्यारी र सुन्दरी रानी, रमणी ,राजमतीको बयान यसरी गरिएको छ- **'कण्णाटदेशकी राजकुमारी, अत्यन्त रमणीय रूप रंग भएकी, स्वर्णघटजस्तै** (सुन्दर, विशाल , उन्नत र कठोर) कुचद्वयले युक्त भएकी, कामक्रीडाको एकमात्र उद्यान जस्ती, प्रशस्त स्वर्णालङ्कार धारण गरी सुशोभित भएकी, सिंहको/बाघको जस्तो पातलो, छरितो कम्मर भएकी, सम्पूर्ण अङ्गप्रत्यङ्ग सुडौल र सुचारु भएकी, राजमती नाम गरेकी, अत्यन्त रसिली, राजा प्रताप मल्लका समस्त भोगकामनाहरु तृप्त तुल्याउने नवयुवती तरुणी पत्नी थिइन् ,यिनी कृष्णाकी प्रिया सत्यभामाझैं राजाकी प्राणाधिक प्यारी पत्नी थिइन्, सुन्दरी राजमतीको रसपूर्ण र भव्य यस आलङ्कारिक वर्णनमा आएका 'कण्णाटी', 'घाटी', 'वाटी', 'कोटी', 'कटी', 'पाटी', 'मती', 'मती' जस्ता पदहरूमा प्रयुक्त स्त्रीत्वबोधक 'ङीष्' प्रत्ययले परमरमणी रानी राजमतीको पूर्ण नारीत्व, रमणीयता र प्रताप मल्लको हृदयलाई मुग्ध तुल्याउने मादक लावण्यको द्योतन गर्दछ, 'वधूटिका' र 'जीवाधिका'का स्त्रीलिङ्गी स्वरूपले पनि राजमतीको स्त्रीत्वजन्य आकर्षणको वैशिष्ट्य जनाउँछ । त्यसैगरी 'वधूटिका' (नववधू) पदमा प्रयुक्त टिकन्+ ङीष् प्रत्ययले राजमतीको उन्मादक कलिलो यौवन र मादक रूप-रंगको विशेषतालाई ध्वनित-प्रतिध्वनित गर्दछ । फलतः राजाको राजमतीप्रतिको अनन्य आकर्षण र 'रति' सशक्त रूपमा अभिव्यक्त हुन्छ । यसरी प्रस्तुत पद्यमा ङीष् प्रत्यय, स्त्रीलिङ्ग, र टिकन् प्रत्ययद्वारा विशिष्ट सौन्दर्य र त्यसद्वारा 'रति'को व्यङ्ग्य ध्वनित भएको पाइन्छ ।

ए. भावार्थक ष्यञ् प्रत्ययको व्यञ्जकता

'यस्यां पद्मवने निपीय निभृतं माध्वीकधाराशतं

सानन्दं खलु चञ्चरीकपटली पाण्डित्यमभ्यस्यति ॥'[351]

रानीपोखरीको वर्णनमा आएको यस पद्यांशमा भनिएको छ - 'जुन रानीपोखरीको कमलवनमा तृप्तिपर्यन्त माध्वीक-मदिरा पान (पुष्प-मधुको पान) गरेर भ्रमरसमूह आनन्दपूर्वक

[350] अभि. ५/९ ।
[351] अभि. ३५/३ ।

पाण्डित्य (मीठो **'भुननुनु' ध्वनिको गुञ्जन निकाल्ने सीप)को अभ्यास गर्दछ** ।' यहाँ प्रयुक्त 'पाण्डित्य' पदमा जोडिएको भाववाचक **'ष्यञ्'** प्रत्ययले **भ्रमरको गुञ्जनमा पैदा हुने श्रुतिसुखद माधुर्यको** अभिप्राय व्यक्त गरेको पाइन्छ, फलतः भ्रमरकण्ठमा त्यस्तो मीठो ध्वनि पैदा गर्ने **'माध्वीक'** नामक पुष्परसरूपी मदिराको वैशिष्ट्य प्रतिपादित हुन्छ, यसवाट त्यस्ता रसिला फक्रक्क फुलेका कमलपुष्पको परम रमणीयता प्रतिबिम्बित हुन्छ र यसवाट अन्ततः त्यस्ता कमल फुलाउने स्वच्छ र स्वस्थ जलले परिपूर्ण सुन्दर परममनोहर **रानीपोखरीको दिव्यता** ध्वनित हुन्छ । यसरी यहाँ प्रयुक्त **'ष्यञ्'** प्रत्ययको शक्तिले विशिष्ट व्यङ्ग्य अभिव्यञ्जना गर्दै सूक्ष्म ध्वनिसौन्दर्य भावकका हृदयमा अनुभूत गराउँछ ।

ऐ. अव्ययव्यञ्जकता

'उमासङ्गमं योगिनामप्यनूनं

पशूनां पतिं भव्यरूपं भजेऽहम् ॥'[352]

यस पद्यार्धमा महेश पशुपतिको स्तवन गर्ने प्रसङ्गमा भनिएको छ- **'उमासँग सङ्गम गरेर पनि योगीहरूमध्ये कोहीभन्दा पनि कम नभएका भव्यस्वरूप पशुपतिको म भजन गर्दछु ।'** यहाँ प्रयुक्त 'अपि' अव्ययले वाच्यार्थका रूपमा **विरोध अलङ्कार** सम्पादन गरेको छ । व्यङ्ग्यार्थका रूपमा भगवान् पशुपतिमा भोग र योगजस्ता दुई विपरीतधर्मी वैशिष्ट्यहरूको संयोजन गरेको छ । भगवान् पशुपतिनाथमा उभयधर्मिता व्यक्त गर्दै **भगवत्तामा आश्रित भएपछि विपरीतधर्मी गुणहरूको पनि द्वन्द्व समाप्त हुने** वैशिष्ट्य प्रतिपादित गरेको छ । यसबाट भगवान् पशुपतिनाथको ईश्वरत्व र श्रद्धेयत्व एवं पूज्यत्व ध्वनित हुँदै योगी र भोगी दुवैद्वारा उपास्यता प्रतिध्वनित हुन पुग्दछ । यसबाट कविगत भगवत्-विषयिणी 'रति'को पुष्टि र उत्कर्षमा विशेष योग पुग्ने हुँदा 'अपि' अव्ययको व्यञ्जकता सिद्ध हुन्छ , अनि **असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि**को प्रतीति हुन्छ ।

ओ. वर्ण र रचनाको व्यञ्जकता

विभिन्न प्रकारका वर्णहरूद्वारा निर्मित पदसंरचना/पदसङ्घटनालाई नै 'रीति' भनिन्छ । जसमा ललितात्मिका रचनाद्वारा **वैदर्भी रीति**, आडम्बरबन्ध रचनाद्वारा समासबहुला **गौडी रीति**, समस्त पञ्चषपद रचनाद्वारा **पाञ्चाली रीति** र वैदर्भी र पाञ्चालीको अन्तरमा **लाटी रीति** को अभिव्यक्ति हुने कुरा रीतिपरिशीलनको प्रसङ्गमा चर्चा भइसकेको छ । तिनै रीतिद्वारा **माधुर्य, ओज** र **प्रसाद** गुणको अभिव्यञ्जना हुने र गुणबाट रसादिको अभिव्यक्तिमा उत्कर्ष आउने तथ्य पनि स्पष्ट भइसकेको छ । यहाँ एक नमुना प्रस्तुत गरिन्छ :

---

[352] **अभि. १९/८ ।**

'त्वमेका शिवे प्राणरूपाऽसि मे त्वं

जगद्धारिणी वैरिविध्वंशिनी च।

त्वमेकासि नाऽन्या हि किं वा वदामि

प्रसीद प्रसीदाम्बिके चण्डिके हे ! ॥'[353]

यहाँ झटिति अर्थसमर्पक **प्रसादगुणव्यञ्जक** वर्ण र समासरहित रचना भएको **वैदर्भी** रीतिद्वारा भगवद्विषयिणी 'रति'को उद्रेक भई '**भाव**' अभिव्यञ्जित भएकाले वर्ण र रचनाको व्यञ्जकता **भावध्वनि**को अभिव्यञ्जक बनेर प्रस्तुत भएको पाइन्छ।

औ. प्रबन्धको व्यञ्जकता

सिङ्गो काव्य-रचनाबाट पनि व्यञ्जकता प्रकट भएको हुन्छ। जस्तै यहाँ '**नारायण स्तोत्र**'बाट[354] 'भाव' ध्वनित भएको पाइन्छ। **अभिलेखका अधिकांश रचनामा भावध्वनिको अभिव्यञ्जन पाइन्छ।**

३.२.७.३ गुणीभूतव्यङ्ग्य

जहाँ व्यङ्ग्यार्थ वाच्यार्थभन्दा उत्तम हुँदैन, या त वाच्यार्थसमान नै हुन्छ अथवा वाच्यार्थभन्दा पनि न्यून महत्त्वको हुन्छ, त्यस्तो काव्य **गुणीभूतव्यङ्ग्य** भनिन्छ। यसमा व्यङ्ग्य 'गुणीभूत' अथवा गौण/अप्रधान रूपमा रहने गर्दछ। यस्तो काव्यलाई मध्यम काव्य भनिन्छ।[355] यस्तो काव्यका आठ भेद मानिन्छन् - **इतराङ्ग, काक्वाक्षिप्त, वाच्यसिद्ध्यङ्ग, सन्दिग्धप्राधान्य, तुल्यप्राधान्य, अस्फुट, अगूढ र असुन्दर**।[356] यीमध्ये कतिपय **गुणीभूतव्यङ्ग्य**का प्रकार अभिलेखहरूमा केही मात्रामा उपलब्ध छन्। एक उदाहरण यहाँ प्रस्तुत छ -

कामव्याकुलचेतसं सुललितं वीणारवं संस्फुटं

कुर्वन्तं किल कामदं कलिहरं कारूण्यपूर्णं परम्।

उन्मत्तं च दिगम्बरं परशिवं देव्या भवान्या सह

स्वेच्छाचार-विहारतत्परमहं वन्दे तु नृत्येश्वरम् ॥'[357]

---

[353] **अभि. ४१/८**।
[354] **अभि. ६/**।
[355] 'अपरं तु गुणीभूतव्यङ्ग्यं वाच्यादनुत्तमे व्यङ्ग्ये। विश्वनाथ, **सा.द. ४/१३-१४**।
[356] विश्वनाथ, **सा.द. ४/१३-१४**।
[357] **अभि. ४४/७**।

प्रस्तुत पद्यमा 'कामद्वारा व्याकुल चित्त भएका, वीणाको मीठो धुन सुनाउने, उन्मत्त, दिगम्बर, देवी भवानीका साथमा स्वेच्छापूर्वक विहार/कामाचरण गर्न तत्पर नृत्येश्वर भगवान् शिव'को बयान गर्नाले **श्रृङ्गार रस** अभिव्यञ्जित हुन पुगेको छ। 'भक्तहरूका कामना पूरा गर्ने, कलिकालुष्यलाई विनष्ट गर्ने, परम करुणामूर्ति, परमकल्याणकारी' भन्दै शिवको बयान गर्दै अन्त्यमा 'त्यस्ता नृत्येश्वरलाई म वन्दना गर्दछु' भनिएको हुँदा कविविषयिणी भगवदाश्रित 'रति' (भगवद्भक्ति/श्रद्धा र अनुराग) को पनि अभिव्यञ्जना भएको छ। यसरी यहाँ पूर्वोक्त '**श्रृङ्गार रस**' भगवद्विषयिणी रतिभावबाट व्यक्त **भाव** को अङ्गका रूपमा आएकाले वस्तुतः **श्रृङ्गार** '**भाव**'को परिपोषक बन्न पुगेकोले'**इतराङ्ग** नामक **गुणीभूतव्यङ्ग्य** ध्वनित हुन गएको छ।

३.२.७.४ निष्कर्ष

ध्वनि भनेको अभिव्यञ्जना हो। **ध्वनि** शब्दका पाँच प्रकारका व्युत्पत्तिगत अर्थ मानिन्छन् : **व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्य अर्थ, व्यञ्जनाव्यापार र व्यङ्ग्यात्मक काव्य**। जसमा व्यङ्ग्यार्थको प्रधानता हुन्छ त्यही ध्वनिकाव्य हो। **ध्वनि नै काव्यको आत्मा हो** भनेर **आनन्दवर्धनले** ध्वनिप्राधान्यवादको स्थापना गरेका हुन्। उनको मतलाई काव्यात्मवादी **आचार्य मम्मट** र **कविराज विश्वनाथ** आदिले सर्वात्मना अङ्गीकार गर्दै ध्वनिलाई काव्यको केन्द्रीय तत्त्व मानेका छन्। किनभने रूपसीको लावण्यझैं काव्यको रमणीयता भनेकै प्रतीयमान अर्थ/व्यङ्ग्यार्थ/**ध्वनि** हो। ध्वनि मूलत : तीन प्रकारका छन्, **वस्तु अलंकार र रस**। ध्वनिका भेद-प्रभेद अनन्त छन्। प्रथमतः यो **अभिधामूल** र **लक्षणामूलका** रूपमा विभक्त छ। **लक्षणामूल ध्वनि अर्थान्तरसंक्रमितवाच्य ध्वनि र अत्यन्ततिरस्कृतवाच्य ध्वनिका भेदले दुई प्रकारको छ। अभिधामूलचाहिँ असंलक्ष्यक्रमव्यङ्ग्य र संलक्ष्यक्रम व्यङ्ग्यका रूपमा प्रथमतः दुई प्रकारको छ।** त्यसमा पनि **असंलक्ष्यक्रम-व्यङ्ग्यको विशेष** महत्त्व छ, किनभने यो भनेको रसादिको अभिव्यञ्जन रूप **उत्तम काव्यको स्वरूप** हो। **संलक्ष्यक्रमव्यङ्ग्य शब्दशक्त्युद्भव र अर्थशक्त्युद्भव** गरी दुई प्रकारको छ। त्यसमध्ये **अर्थशक्त्युद्भव वाच्यद्वारा वस्तु र अलङ्कार व्यङ्ग्यका रूपमा** देखा पर्दछ। यस्तो ध्वनि पनि आफैं बन्न पुगेको **स्वतः सम्भवी**, कविको वर्णन वैशिष्ट्यद्वारा सम्पन्न **कवि-प्रौढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्धका** भेदले व्यापक र बहुविध बन्न जान्छ। यस्ता अनेकविध ध्वनिहरूमध्ये पुनः **पदांश, वर्ण, रचना र प्रबन्धहरूमा** पनि **असंलक्ष्यक्रमव्यङ्ग्य** हुने हुँदा र तिनको सङ्कर र संसृष्टिद्वारा ध्वनिका अनन्त भेद बन्न जान्छन्। राजा प्रताप मल्लका अभिलेखहरूमा ध्वनिकाव्यको रमणीयता देखा पर्दछ। यहाँ **लक्षणमूल ध्वनिका** दुवै भेद, रसादिको अभिव्यञ्जन भएको **असंलक्ष्यक्रमव्यङ्ग्य र संलक्ष्यक्रमव्यङ्ग्यका शब्दशक्त्युद्भव वस्तु र अलङ्कारध्वनि, अर्थशक्त्युद्भवका स्वतः सम्भवी र कविप्रौढोक्तिसिद्ध वस्तुद्वारा वस्तु र अलङ्कार एवं अलङ्कारद्वारा वस्तु र अलङ्कारध्वनि** पनि अभिव्यक्त भएकै छ। कविनिबद्ध वक्ताको प्रयोग नगरिएकोले **कविनिबद्धवक्तृप्रोढोक्तिसिद्ध** ध्वनि यहाँ पाईंदैन। **असंलक्ष्यक्रमव्यङ्ग्य, प्रकृति, प्रत्यय,**

वचन, उपसर्ग, द्वित्त्व, निषेध, लिङ्ग, अव्यय, वर्ण, **रचना र प्रबन्ध** आदिको समेत प्रचुर रूपमा व्यञ्जकता यहाँ रहेको पाइन्छ । काव्यको दोस्रो भेद मानिने **गुणीभूतव्यङ्ग्य**का पनि केही नमुना यहाँ खोज्न सकिन्छ । तर मूलतः **ध्वनिकाव्यकै** वैशिष्ट्य पाइन्छ । त्यसमा पनि **भावध्वनिको प्रचुरता अभिलेखाश्रित स्तुतिकाव्यमा पाइन्छ** । यी अभिलेखहरूको अध्ययन र परिशीलनको फलस्वरूप यहाँ प्रस्तुत विविध उदाहरण र तिनको निरूपणबाट **राजा प्रताप मल्लका अभिलेखहरूमा ध्वनिकाव्यको रमणीयता प्रशस्त रहेको तथ्य प्रकट हुन आउँछ** ।

३.२.८ दोषदिग्दर्शन

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययनका क्रममा अभिलेखहरूमा रहेको भाषिक स्वरूप, छन्द अलङ्कार, गुण, रीति, रस र ध्वनिजस्ता सकारात्मक काव्यिक तत्त्वहरूको विवेचना सम्पन्न गरिसकेपछि अब यी अभिलेखहरूमा रहेका, साहित्यिक दृष्टिले नकारात्मक मानिएका दोष पक्षको दिग्दर्शन गर्ने अवसर आएको छ । तदनुरूप यहाँ प्रथमतः दोषको परिभाषा, परिचय, प्रकार आदिका बारेमा विचार गरी द्वितीयतः अभिलेखहरूमा रहेका दोषहरूको दिग्दर्शन र अन्ततः निष्कर्ष प्रस्तुत गरिनेछ ।

३.२.८.१ दोष : परिचय, परिभाषा र परम्परा

'दुष्' धातुमा 'घञ्' प्रत्यय् लागेर 'दोष' शब्द बन्दछ । यसको अर्थ हुन्छ : त्रुटि; कमी; न्यूनता; निन्दा वा लाञ्छन ।[358] कुनै कुरा, व्यक्ति वा वस्तुमा रहेको त्रुटि, कमी बाधा आदि अवगुण, खराबी वा दुर्गुणलाई 'दोष' शब्दले इङ्गित गर्दछ ।[359] काव्यका सन्दर्भमा दोषको चर्चा प्रथमतः **भरतमुनिले** गरेका छन् । उनले नाट्य शास्त्रमा 'गुणको विपर्यय' लाई नै दोष भनेका छन् । **आचार्य भामह** (सातौं शताब्दी)ले **'सत्कविले दोषरहित काव्य रचना गर्नुपर्दछ'** भनेका छन् । **दण्डी** (सातौं श.)ले काव्यादर्शमा दोषका बारेमा के भनेका छन् भने : **दोष काव्यमा विफलताका कारण बन्दछन्, त्यसैले विद्वान्ले काव्यमा यिनको परिहार गर्नुपर्दछ** ।' आचार्य **वामन** (नवौं श.) ले 'काव्यालङ्कारसूत्र'मा **'काव्यसौन्दर्यमा हानि पुऱ्याउने तत्त्वलाई नै दोष'** मानेका छन् ।[360] आचार्य मम्मट(नवौं श.)ले आफ्नो प्रसिद्ध काव्यशास्त्रीय ग्रन्थ **'काव्यप्रकाश'**का सप्तम उल्लासको प्रथम कारिकामा दोषको लक्षण यसरी बताएका छन् -

'मुख्यार्थहतिर्दोषो रसश्च मुख्यस्तदाश्रयाद्वाच्यः

उभयोपयोगिनः स्युः शब्दाद्यास्तेन तेष्वपि सः ।'[361]

---

358 आप्टे, **पूर्ववत् नं. १४**. पृ. ४७७ ।

359 पोखरेल र अन्य (सम्पा.) **पूर्ववत् नं. १५**. पृ. ६७३ ।

360 धीरेन्द्र वर्मा र अन्य (सम्पा.) **पूर्ववत् नं. ११**. पृ. १९६ ।

361 मम्मट, **काव्यप्रकाश ७/१**

जसले मुख्य अर्थको अपकर्ष गर्दछ त्यो दोष हो । काव्यमा 'रस' नै मुख्य अर्थ हो । रसको आश्रयस्थल शब्द र अर्थ भएकाले शब्दार्थमा पनि दोष हुन्छ । अर्थात् शब्द, अर्थ र रसमा समेत जसले अपकर्ष गर्दछ त्यसलाई दोष भनिन्छ । यसैगरी रसवादी आचार्य विश्वनाथ (चौधौं श.)ले आफ्नो प्रसिद्ध लक्षणग्रन्थ साहित्य दर्पणमा 'रसापकर्षका : दोषाः' भनेर अत्यन्त सरलताका साथ उद्घोष गरेका छन् : 'जसबाट रसलाई अपकर्ष हुन्छ, तिनै दोष हुन् ।'[362] वस्तुतः शब्द र अर्थलाई दूषित गराएर तद्द्वारा होस् वा साक्षात् नै होस्, जसरी भए पनि काव्यको प्रधान तत्व आत्मा : रस आदिको आस्वादमा हानि गराउने कुराहरू नै दोष कहलाउँछन् ।

कविराज विश्वनाथ भन्दछन् -

जसरी काणत्व (कानो हुनु) खञ्जत्व (खोरण्डो हुनु) आदि दोषले मानव-शरीरलाई दूषित तुल्याउँदै त्यसद्वारा त्यस शरीरमा रहने आत्माको हीनता सूचित गर्दछन् त्यसै गरी काव्यका शरीरभूत शब्दमा 'श्रुतिदुष्ट' आदि र अर्थमा 'अपुष्टार्थ' आदि दोषहरूले पनि प्रथमतः शब्द र अर्थलाई दूषित तुल्याएर त्यसद्वारा काव्यको आत्मभूत 'रस'को अपकर्ष वा हीनता सूचित गर्दछन् । जसरी 'मूर्खता' आदि दोषहरूले सोझै मानव-आत्माको अपकर्ष सूचित गर्दछन् त्यसैगरी 'निर्वेद' आदि सञ्चारीभाव आदिको स्वशब्दवाच्यत्व (आफ्नै वाचक पदद्वारा व्यक्त हुनु) आदि अनेक दोषले काव्यको आत्मा : रसको साक्षात् अपकर्ष गर्दछन् । यसरी साक्षात् या परम्पराले काव्यात्मभूत रसका अपकर्षकारक वा हीनत्वसूचक तत्त्वहरूलाई नै काव्य-दोष भनिन्छ,, वस्तुतः अपकर्षकता वा हीनत्वकारकता नै दोषको लक्षण हो ।[363]

पण्डितराज सोमनाथ शर्म्मा सिग्देलको भनाइ छ :

'जुन शब्द त्यस ठाउँमा त्यो अर्थमा प्रयोग गर्न नहुनेमा गरिएको छ कि वा त्यस्तो अर्थ त्यहाँ देखाउनु अमिल्दो छ, रसको आस्वादमा हानि पुऱ्याउने छ, तैपनि त्यहाँ देखाइएको छ भने त्यहाँ दोष हुन जान्छ । जुन जस्तो कुरा प्रकृत रसको आस्वादलाई रोक्ने वा न्यूनता पैदा गर्ने हुन्छ; त्यस्तो नपार्नु पर्नेमा पारिएको छ भने अरू गुण, रीति, अलङ्कारहरू रहर लाग्दा भए पनि मिष्टान्न भोज्यमा बालुकाको कण वा बेस्वादिलो केही पर्न आएमा कस्तै उच्च कक्षाको आस्वाद पनि प्रिय नभएझैं जुनसुकै दोषले पनि काव्यको रसास्वादलाई गिराउने हुँदा दोषको बचाउमा प्रयत्नशील हुन सर्वप्रथम प्रयोक्ताको ध्यान आवश्यक छ ।[364]

यसरी यी सबै चर्चाहरूबाट के स्पष्ट हुन आउँछ भने काव्यको आत्माः रसको अनुभूतिमा कमी ल्याइदिने, हीनता वा न्यूनता पैदा गर्ने वा अपकर्ष प्रकट गरिदिने तत्त्व नै दोष हो । प्रस्तुत अध्ययनमा काव्यप्रकाशकार वाग्देवतावतार आचार्य मम्मट एवं कविराज विश्वनाथसम्मत दोषलक्षणलाई नै दोष-दिग्दर्शनको मूल आधार बनाइएको छ ।

---

[362] विश्वनाथ, **सा.द. ७/१** ।
[363] विश्वनाथ, **सा.द. १/३** (वृत्तिभाग) ।
[364] सिग्देल, **पूर्ववत् नं. १५१**. पृ. १८७ ।

दोषका प्रकार

आचार्य **भरतमुनि** (४श.) ले दोष दसवटा मानेका छन् । **आचार्य भामह** (७ श.)ले तीन प्रकारका दोष मानेका छन् : **सामान्य दोष, वाणी दोष र अन्य दोष** । यी क्रमशः ११, ४ र ११ प्रकारका छन्, यसरी जम्मा २६ वटा दोष गरिएका छन्, तर यी सबै दोष एक अर्कामा समन्वित भएर जम्मा ११ प्रकारका मात्र रहन्छन् । **आचार्य दण्डी** (७ श.)ले पनि जम्मा ११ प्रकारकै दोषहरूको उल्लेख गरेका छन् । **आचार्य वामन** (९ श.) ले प्रथमतः दोषलाई शब्दगत र अर्थगत गरी दुई भेद गरेका छन् । पछि शब्दगतका तीन भेद : **१. पदगत, २. पदार्थगत र ३. वाक्यगत** देखाएका छन् भने अर्थगतका दुई भेद : **१. पदार्थगत र २. वाक्यार्थगत** औंल्याएका छन् ।[365]

आचार्य मम्मट (११ श.) ले आफ्नो लोकविश्रुत लक्षणग्रन्थ **'काव्यप्रकाश'**को सप्तम उल्लासमा अधिक स्पष्ट रूपमा दोष-विवेचन गरेका छन्, तदनुसार प्रथमतः दोषलाई तीन वर्गमा विभाजित गरिएको छ : **१ शब्ददोष, २. अर्थदोष, ३. रसदोष** । यिनमध्ये शब्ददोषभित्रै पद, पदांश र वाक्यदोषलाई पनि समावेश गरिएको छ । आचार्य मम्मटले शब्ददोषका ३७, अर्थदोषका २३ र रसदोषका १० वटा प्रकार देखाएका छन् ।[366] **कविराज विश्वनाथले साहित्य दर्पणमा** यिनको सङ्ख्या केही अधिक देखाए तापनि मूलतः **आचार्य मम्मटकै** मत र दोषप्रकारको अनुगमन गरेका छन् । यिनै आधारमा अब राजा प्रताप मल्लका अभिलेखहरूमा दोष-दिग्दर्शन गरिन्छ :

३.२.८.१.१ शब्ददोष : पद/पदांश दोष

शब्द दोषमा पनि पद र पदांशका माध्यमले मुख्यार्थको अपकर्ष गर्ने दोषहरू अभिलेखमा यसप्रकार रहेका छन् -

क. श्रुतिकटु

जहाँ कठोर वर्णको प्रयोग गरिनाले सुन्दा कानमा खट्कने वा नमीठो लाग्ने कर्णकटु पद प्रयोग गरिएको हुन्छ त्यहाँ श्रुतिकटु नामक दोष मानिन्छ ।[367] पाठक वा भावकको मनमा रसादिको आस्वादनमा व्यवधान गर्ने हुँदा यसलाई दोष मानिएको हो । अभिलेखमा पनि कतै कतै श्रुतिकटु दोष पाइन्छ, जस्तै :

> 'आसीच्छ्रीहरिसिंहदेवनृपतिर्दातावदाताशयः ।
>
> श्रीकाण्र्णाटवसुन्धराऽधिपमहावंशोद्भवो भावुकः ॥'[368]

---

365 धीरेन्द्र वर्मा र अन्य (सम्पा.), **पूर्ववत् नं. ११.** पृ. १९७ ।

366 मम्मट, **काव्यप्रकाश.** सप्तम उल्लास ।

367 आचार्य मम्मट, **काव्यप्रकाश.** सप्तम उल्लास, ५०/५१ ।

368 **अभि. १/३** ।

यस पद्यांशमा पहिलो चरणमा 'च्छी', दोस्रो चरणमा 'काण्र्णाट' पदमा श्रुतिकटु दोष देखिन्छ ।

ख. च्युतसंस्कृति

व्याकरणको लक्षणले हीन भएको भाषिक प्रयोग भएको अंशमा च्युत-संस्कृति दोष पर्दछ । व्याकरणको नियम पालन नगरिँदा अर्थप्रतीतिमा बाधा पर्ने हुँदा यसलाई दोष मानिएको हो । अभिलेखमा कतिपय स्थानमा च्युतसंस्कृति दोष पाइन्छ, जस्तै :

गङ्गाशोणसरस्वती च यमुना गोदावरी गण्डकी

काबेरी किल कौशिकी च सरितां पत्यादि पुण्योदकैः ।

या सम्यक् परिपूरिता त्रिभुवने ख्याता सुयज्ञोत्सवै

रम्या सैव मुनीन्द्रदेवमनुजैस्संसेव्यते सर्व्वदा ॥'[369]

रानीपोखरीको वर्णनमा आएको यस पद्यको पूर्वार्द्धका दुई चरणमा जहाँ जहाँबाट जल ल्याएर पोखरीमा हालियो ती नदी र समुद्रको नाम उल्लेख गरिएको छ । ती विभिन्न नदीहरू र समुद्रका नामको अन्त्यमा तृतीया विभक्तिको बहुवचनको रूप 'पुण्योदकैः' प्रयोग गरिएको छ तर त्यस पदसँग आदिमा प्रयुक्त 'गङ्गा' इत्यादि पदहरू समस्त भएर जोडिएका छैनन्, सरस्वती, यमुना, आदि पदहरू विभिक्तहीन बन्न पुगेका छन् । फलतः ती पदहरूको 'पुण्योदकैः' तृतीयाविभक्त्यन्त पदसँग अन्वय हुन पाएको छैन । व्याकरणको नियमअनुसार विभक्तिरहित पद संस्कारहीन हुने भएकोले अर्थहीन हुन पुग्दछ र अर्थ-प्रतीतिमा बाधा पुग्दछ । अतः यहाँ 'च्युतसंस्कृति' दोष पर्न गएको स्पष्ट हुन्छ । यसलाई परिष्कार गरी निम्न रूपमा प्रस्तुत गर्ने हो भने यस दोषको निराकरण हुने देखिन्छ :

'गङ्गा-शोण-सरस्वती-रविसुता-गोदावरी-गण्डकी-

काबेरी-कुशिकात्मजाऽखिलसरित्पत्यादिपुण्योदकैः ॥'[370]

ग. असमर्थ

जुन अर्थको अभिव्यक्तिका लागि जुन पदको प्रयोग गरिएको हो उक्त पदमा त्यस्तो अर्थ दिने सामर्थ्य भएन भने 'असमर्थ' नामक दोष पर्दछ ।[371] अभिलेखमा निम्नस्थानमा यो दोष भेट्न सकिन्छ :

---

[369] अभि. ३५/२ ।

[370] शोधनिर्देशकको निर्देशकत्वमा परिष्कार गरिएको पाठ । - शोधकर्ता ।

[371] मम्मट, काव्यप्रकाश, ७/५०-५१ : वृत्तिभाग ।

'कुठारं वरं दक्षहस्ते प्रशस्तं

कुरङ्गाभये वामपाणौ स्पृशन्तम् ।'[372]

यस पद्यांशको अन्तिम पद **'स्पृशन्तम्'** पछि आउने **'पशूनां पतिम्'** (भगवान् पशुपतिनाथ)को विशेषणका रूपमा प्रयुक्त छ । यहाँ प्रसङ्ग-अनुसार **'दाहिने-तिरका हातमा कुठार र वर मुद्रा एवं बायाँतिरका हातमा कुरङ्ग र अभय मुद्रा धारण गर्ने'** भन्ने अर्थ अभिव्यक्त गर्न खोजिएको छ, तर **'स्पृशन्तम्'** ले 'धारण गर्ने' भन्ने अर्थ व्यक्त गर्न सक्तैन । **'स्पृश्'** धातुको 'स्पर्श गर्नु' अर्थ भएको हुँदा यहाँ **'स्पृशन्तम्'**मा 'धारण गर्ने' भन्ने अर्थ दिने सामर्थ्य नभएकाले **'असमर्थ'** दोष पर्न पुगेको छ । यसका स्थानमा **'दधानम्'**को प्रयोग वाञ्छनीय देखिन्छ ।

घ. निरर्थक

कुनै खास अर्थ व्यक्त गर्नका लागि होइन, केवल पादपूर्तिका लागि मात्र बेकामको पद प्रयोग गरिँदा निरर्थक दोष पर्न जान्छ ।[373] अभिलेखमा कतिपय स्थलमा यो दोष देखिन्छ, जस्तै :

'त्वमेकाऽसि नान्या हि किं वा वदामि'[374]

'दुष्टानां किल दर्प्पदारणविधौ प्रोद्भूतकण्ठीरवः ।'[375]

'गत्वा कान्तिपुरं चकार विमलं राज्यन्तु स्वर्गोपमम् ।'[376]

यी पङ्क्तिहरूमा आएका 'हि' 'किल' र 'तु' निरर्थक दोषयुक्त पद हुन् ।

ङ. अवाचक

जुन पद जुन अर्थका लागि प्रयोग गरिएको हो, त्यो पद त्यो अर्थको वाचक बनेन भने 'अवाचकत्व' देखा पर्दछ ।[377] अभिलेखका केही रचनाहरूमा यो दोष देखा पर्दछ, जस्तै -

'त्वदीयं पदद्वन्द्वमम्भोजयुग्मं

रुचा वज्रयोगिन्यधो यद्दधाति ।'[378]

---

[372] **अभि. १९/६ ।**
[373] मम्मट, **काव्यप्रकाश**. ७/५०-५१ : वृत्तिभाग ।
[374] **अभि. ४१/८ ।**
[375] **अभि. २३/६ ।**
[376] **अभि. २३/१४ ।**
[377] मम्मट, **काव्यप्रकाश**. ७/५०-५१ : वृत्तिभाग ।
[378] **अभि. २०/१ ।**

यस पद्यांशको अन्त्यमा आएको पद 'दधाति'मा अवाचकत्व रहेको छ । वज्रयोगिनीलाई स्तुति गर्दै यहाँ भन्न खोजिएको छ - 'हे माता वज्रयोगिनी, तपाईंका पदयुगलले कमलयुगललाई आफ्नो कान्तिद्वारा निम्न तुल्याउँछ ...' यस कथनमा 'दधाति' पदले प्रसङ्गानुसार 'निम्न तुल्याउने' अर्थ प्रकट गर्न सकेको छैन । वस्तुतः 'दधाति' को धारण गर्दछ[379] भन्ने अर्थ लाग्दछ र सो अर्थ यहाँ'सङ्गतिपूर्ण बन्दैन । यहाँ भन्न खोजिएको अर्थ, 'दधाति'ले व्यक्त गर्दैन, अतः यहाँ सो पद 'अवाचक' बन्न पुगेको देखिन्छ ।

च. सन्दिग्ध

काव्यमा प्रयोग गरिएको कुनै पदको एकभन्दा बढी अर्थ लाग्न जाँदा, तीमध्ये कुनचाहिँ अर्थ त्यहाँ प्रकट गर्न खोजिएको हो भन्ने कुरामा सन्देह भएमा 'सन्दिग्ध' नामक दोष पर्न[380] जान्छ । अर्थप्रतीतिमा सन्देह उत्पन्न गराउने पद नै वस्तुतः सन्दिग्ध हो । अभिलेखमा कतै-कतै यो दोष पाइन्छ, जस्तै :

'विशालां करे कर्तृकां विश्वकर्त्री -

मभिष्टार्थदात्रीं सदा चिन्तयामः ।[381]

वज्रयोगिनीको स्तुतिप्रसङ्गमा आएको उपर्युक्त पद्यांशमा आएको 'विश्वकर्त्रीम्' पद सन्दिग्ध छ । देवीलाई 'विश्वको रचना गर्ने' भनेको हो, अथवा 'चराचर जगत्का प्राणीमात्र (विश्व) लाई आफ्नो हातमा रहेको विशाल तरबारले काट्ने/प्रलयकारिणी' भनिएको हो ? यस कुरामा 'विश्वकर्त्रीम्' पदले सन्देह पैदा गर्दछ ।

छ. नेयार्थ

रुढि वा प्रयोजनबिना नै कुनै लाक्षणिक शब्द प्रयोग गरिएमा नेयार्थ दोष हुन्छ ।[382] वास्तवमा बिनाकारण बेचल्तीको लक्षणा प्रयोग गर्दा प्रासङ्गिक अर्थ सहज रूपमा प्रकट नहुनाले, मिल्दो अर्थ तानतुन पारेर 'ल्याइने' भएकालें (नेय-ल्याउनुपर्ने छ अर्थ जसमा भन्ने शब्दार्थ अनुसार) 'नेयार्थ' दोष पर्न जान्छ । अभिलेखमा कतै कतै यो दोष पाइन्छ, जस्तै -

'हिमानीगिरिद्रोहिरूपं दधानं

भवानीमुखाऽऽलोकने सावधानम् ॥'[383]

---

[379] 'डुधाञ् धारणपोषणयोः' **पाणिनीय व्याकरण**।
[380] मम्मट, **काव्यप्रकाश**. ७/५०-५१ : वृत्तिभाग ।
[381] **अभि. २०/३** ।
[382] मम्मट, **काव्यप्रकाश**. ७/५०-५१ : वृत्तिभाग ।
[383] **अभि. १९/२** ।

भगवान् पशुपतिनाथको वर्णन प्रसङ्गमा यहाँ भनिएको छ - **'हिउँको थुप्रोबाट बनेको पर्वत (हिमालय)लाई 'द्रोह' गर्ने रूप (गोरो शरीर) धारण गर्ने (भगवान्) पशुपतिनाथको म भजन गर्दछु।'** यहाँ हिमालय पर्वतसँग 'प्रतिस्पर्धा गर्ने' (गोरो रूपको) अर्थमा **'द्रोहि'** पद प्रयोग गरिएको छ। यसको वाच्यार्थ 'द्रोह/शत्रुता गर्ने' लाग्दछ, यहाँ मुख्यार्थवाध भएपछि लक्ष्यार्थ प्रकट हुन्छ- **'प्रतिस्पर्धा गर्ने'**। यसमा रुढि र प्रयोजनमध्ये कुनै पनि हेतु नभएकोले यहाँ नेयार्थ दोष परेको छ। यसको बदलामा **'स्पर्धि'** शब्द राख्नाले दोषको निराकरण हुने देखिन्छ । यसरी **'हिमानीगिरिस्पर्धिरूपं दधानम्'** यस्तो पाठ उपयुक्त हुने देखिन्छ।

ज. विरुद्धमतिकृत्

अभीष्ट अर्थका विरुद्ध अर्थ प्रकट गरी उल्टो प्रकारको धारणा पैदा गर्ने पदमा 'विरुद्धमतिकृत्'[384] दोष पर्न जान्छ। अभीष्ट अर्थ प्रकट गरे तापनि असावधानीवश विरुद्धार्थक बन्न पुगेको पद प्रयोग भएमा यो दोष देखा पर्दछ। अभिलेखमा फाट्टफुट्ट यस्ता पद प्रयुक्त देखिन्छन्, जस्तै -

> **'उन्मत्तं च दिगम्बरं परशिवं देव्या भवान्या सह**
> **स्वेच्छाऽऽचारविहारतत्परमहं वन्दे तु नृत्येश्वरम् ॥'**[385]

यस पद्यांशमा 'उन्मत्त र दिगम्बर (नग्न) भएर देवी भवानीका साथ स्वेच्छाचारपूर्ण विहार गर्न तत्पर भएका नृत्येश्वरलाई म वन्दना गर्दछु' भनिएको छ। यहाँ आएको **'भवानी'** पदमा विरुद्धमतिकारिता रहेको पाइन्छ। भवकी स्त्रीलाई **'भवानी'** भनिन्छ, यहाँ नृत्येश्वरले भवानी (भव नाम गरेका व्यक्तिकी स्त्री/परस्त्री)सँग स्वेच्छाचारपूर्ण कामविहार गर्न लागेको अर्थ प्रकट हुने देखिन्छ। यसरी **'भवानी'** स्वयं नृत्येश्वर शिवकै अर्धाङ्गिनी भए तापनि भवानी पदको व्युत्पत्ति (**भवस्य स्त्री : भवानी**)गत अर्थका कारण विरुद्ध अर्थको प्रतीति गराउने हुँदा यहाँ भवान्या पदमा **'विरुद्धमतिकृत्'** नामक दोष पर्न गएको देखिन्छ।

३.२.८.१.२ शब्ददोष : वाक्यगत

वाक्यमा रहने दोषहरू अभिलेखमा यसप्रकार रहेका छन् :

क. प्रतिकूलवर्णता

कुनै रसको वर्णनमा प्रतिकूल हुने प्रचुर वर्णहरू प्रयोग गरिएमा प्रतिकूलवर्णता दोष पर्न जान्छ,[386] अभिलेखमा यहाँ प्रतिकूलवर्णता देखा परेको छ।

---

[384] मम्मट, **काव्यप्रकाश**, ७/५०-५१ : वृत्तिभाग।
[385] **अभि. ४४/१३**।
[386] मम्मट, **काव्यप्रकाश**, ७/५०-५१ : वृत्तिभाग।

'जातस्तत्तनयो महाऽऽशययुतो रामोऽभिरामाकृति -

र्द्दानेन प्रचुरेण वर्द्धितगुणः ख्यातस्त्रिलोकीतले ।

बद्ध्वा यो जलधिं निशाचरभटान्निर्जित्य लङ्कापुरीं

गत्वा रावणराक्षसं कलिवरं हत्वा यशो लब्धवान् ।'[387]

उपर्युक्त पद्यमा राजा प्रताप मल्लका पूर्वज वीरपुरुष श्रीरामको वर्णन गरिएको छ । जसका पछिल्ला दुई पङ्क्तिमा रामले समुद्रबन्धन गरी, लङ्कामाथि आक्रमण गरेर समस्त निशाचर-गणलाई ध्वस्त पारी, राक्षसराज रावणलाई वध गरेर प्रचुर यश प्राप्त गरेको सन्दर्भ वर्णित छ, यसरी युद्ध र वीरताको प्रसङ्ग वर्णनमा 'उत्साह' स्थायी भावलाई उद्रेक गर्ने प्रकारका विकटघटनानुकूल वर्णहरूको र दीर्घसमासको प्रयोग गरी ओजोगुणद्वारा 'वीर' रसको उत्कर्ष देखाउनुपर्नेमा तद्विपरीत शिथिल पदवन्ध र अननुकूल वर्ण-रचनाको प्रयोग गरिएकाले यहाँ प्रतिकूल-वर्णताको दोष देखा परेको छ ।

ख. उपहतविसर्गता

जहाँ अनेक विसर्ग ओकारमा परिणत भएका देखिन्छन् त्यहाँ 'उपहतविसर्गता' दोष देखा पर्दछ ।[388] लगतार धेरै पदमा विसर्गका स्थानमा ओत्व आउनाले श्रुतिविरसता पैदा हुने हुँदा उपहतविसर्गतालाई दोष मानिएको हो । अभिलेखमा कतै कतै यो दोष देखिन्छ, जस्तै :

'तस्मात् काण्र्णाटचूडामणिरिव हरयुत्सिहदेवोऽस्य वंशे

भूपः श्रीयक्षमल्लो नरपतिरतुलो रत्नमल्लोऽप्यमुष्मात् ।

तस्मात् श्रीसूर्यरत्नमल्लोऽवनिपतिरभवत्तत्तनूजोऽमराख्यो

मल्लोऽभूत्तस्य पुत्रो रिपुगणविजयी श्रीमहेन्द्राख्यमल्लः ॥'[389]

प्रस्तुत पद्यमा देवो, मल्लो, अतुलो, मल्लो, मल्लो, तनूजो, अमराख्यो, मल्लो र पुत्रो गरी नौ पदमा विसर्गको ओत्व हुनाले उपहतविसर्गता देखापरेको छ ।

---

[387] अभि. २३/८ ।

[388] मम्मट, काव्यप्रकाश. ७/५३-५४ : वृत्तिभाग ।

[389] अभि. ५/२ ।

ग. हतवृत्तता

छन्द-लक्षणअनुसारको भए तापनि, सुन्दा अमिल्दो लाग्ने, रसानुकूल नहुने वा गुरु हुनुपर्ने पाउको अन्तिम वर्ण लघु हुन पुगेमा पनि 'हतवृत्त' नामक दोष पर्दछ ।[390] अभिलेखको यस पद्यमा 'हतवृत्त' दोष देखिन्छ :

'धत्ते गैरिकरागविभ्रममयं यस्य प्रतापोत्करो
यत्कीर्तिर्गुणपर्वतोपरिसरी कौतूहलं यच्छति ॥'[391]

यस पद्यार्धमा दोस्रो चरणको अन्तिम पद 'यच्छति'को अन्तिम वर्ण 'ति' शार्दूलविक्रीडित छन्दको लक्षणानुसार गुरु हुनुपर्नेमा 'लघु' बन्न गएको देखिन्छ । पदान्तको वर्ण लघु नै भए पनि गुरुसरह मानिने भए तापनि यहाँ वर्णनीय विषयवस्तुको अनुरूपतामा र उच्चारणको सहजतामा पनि गुरु नै प्रयुक्त हुनु उपयुक्त ठहर्ने भएपनि यहाँ तदनुसार प्रयोग नगरिएकाले 'हतवृत्त'दोष प्रकट हुन पुगेको छ ।

घ. अधिकपदता

अविवक्षित अर्थ दिने अनावश्यक अधिक पदको प्रयोग भएमा अधिकपदता 'दोष' देखा पर्दछ ।[392] अभिलेखको निम्नस्थलमा यो दोष पाइन्छ :

'सदा सुमत्तकोकिलाऽऽवलीव चारुसुस्वरे ।'[393]

यहाँ माता कालिकाको वर्णन गर्दै मदमत्त कोइलीको जस्तो मधुर स्वर/वाणी भएकी भनिएको छ । यहाँ 'कोकिलावली' पदावलीमा आएको 'आवली' पद अधिक हुन पुगेको छ । मधुरस्वरका लागि कोइली (उपमान)सितको तुलना नै पर्याप्त भएको हुँदा 'आवली' (पङ्क्ति) पद अधिक हुन पुगेको हुँदा 'अधिकपदता' दोष देखिन गएको छ ।

त्यस्तै :

'भूतेशं भवपाशबन्धनहरं नाट्येश्वरं शोभनम् ।'[394]

यहाँ 'भवपाशलाई नाश गर्ने नाट्येश्वरको वर्णन गरिएको छ । 'भवपाशबन्धनहरं' पदावलीमा पाशले नै बन्धनको अभिप्राय गतार्थ हुने भएकाले फेरि 'बन्धन' पद राख्नु आवश्यक पर्दैन, तसर्थ यहाँ सो 'बन्धन' पद अधिक भएकाले अधिकपदताको दोष देखा परेको छ ।

---

390 मम्मट, **काव्यप्रकाश**. ७/५३-५४ : वृत्तिभाग ।
391 **अभि. २३/२२** ।
392 आचार्य मम्मट, **काव्यप्रकाश**. ७/५३-५४ : वृत्तिभाग ।
393 **अभि. ४४/१४** ।
394 **अभि. ४०/१४** ।

ङ. समाप्तपुनरात्तता

भन्नुपर्ने आवश्यक वक्तव्य सबै समेटेर एउटा वाक्यमा भनिसकेपछि वाक्यभित्रका कुनै पदसँग सम्बद्ध कुनै विशेषण आदि पद अन्त्यमा ल्याएर फेरि जोडिएमा समाप्तपुनरात्तता देखा पर्दछ ।[395] वस्तुतः वक्तव्य वाक्यमा पूरा भएर निराकाङ्क्ष-प्रतीति भइसकेपछि फेरि एउटा कुनै विशेषण थप्नुको कुनै 'तुक' नहुने हुँदा र पाठक/भावकमा कुनै आकाङ्क्षा नै बाँकी नरहने हुँदा यसरी थपिएको पद-पदावलीको प्रयोगौचित्य नदेखिने भएकाले त्यसलाई दोष मानिएको हो । अभिलेखमा कतै कतै यस्तो दोष पाइन्छ, जस्तै :

'अद्याप्युत्तमपद्मिनीभिरभितस्तत्कीर्तिरुद्गीयते

प्रातः प्रातरुदञ्चदम्बरणेर्व्यक्तं पुरो लीलया ।

आत्मीयोदरसम्भ्रमन्मधुकरव्यूहोन्नमज्झाङ्कृति-

व्याजात् कर्ण्णसुखप्रदायिनिनदैर्व्यर्थीकृतेन्दू रुचा ।[396]

यस पद्यमा राजा प्रताप मल्लको कीर्तिगानको वर्णन अत्यन्त कलात्मक र आलङ्कारिक शैलीमा सम्पन्न गरिसकेपछि अन्तमा 'व्यर्थीकृतेन्दू रुचा' (जसको उज्ज्वल कीर्तिले चन्द्रकान्तिलाई पनि व्यर्थ तुल्याएको थियो) भन्ने विशेषण-पदावली राखिनाले यहाँ 'समाप्तपुनारात्तता'को दोष देखिएको छ ।

च. अक्रमता

जहाँ पदप्रयोगमा आवश्यक स्थापनाक्रम मिलेको हुँदैन त्यहाँ 'अक्रमता'[397] दोष पर्न जान्छ । अभिलेखको निम्न पद्यांश हेरौं -

'पारावारमिवेह यः परिहसत्याधाय चित्तेऽच्युतम् ।'[398]

यहाँ राजा हरिसिंहदेवको बयान गर्दै भनिएको छ : 'जसले आफ्नो चित्तमा अच्युतलाई राखेर समुद्रको उपहास गरिरहेझैं लाग्दछ ।' यहाँ 'पारावारमिवेह यः परिहसति (पारावर समुद्रलाई झैं यहाँ जसले उपहास गरेको छ) भन्दा अक्रम दोष पाइन्छ । यसका बदलामा 'इह यः पारावारम् परिहसति इव' (यस जगत्मा जसले समुद्रलाई पो उपहास गरेको हो कि ?) बनाउनु युक्तिसङ्गत देखिन्छ । यसरी प्रस्तुत प्रसङ्गमा 'इह' पदलाई 'परिहसति' पदपछि प्रयोग गरेमा पदको स्थापनाक्रम मिल्ने देखिन्छ ।

---

395 मम्मट, **काव्यप्रकाश**, ७/५३-५४ : वृत्तिभाग ।

396 **अभि. १/२२** ।

397 मम्मट, **काव्यप्रकाश**, ७/५३-५४ : वृत्तिभाग ।

398 **अभि. २३/११** ।

छ. अर्धान्तरैकवाचकता

कुनै वाक्यका पूर्वार्द्धको एउटा पद उत्तरार्द्धमा पर्न गएमा अर्धान्तरैकवाचकता दोष[399] देखा पर्दछ । अभिलेखको निम्न पद्यांश हेरौं -

'चञ्चत्केतकीशङ्क्यात्मकबरीं गाढं मुहुर्वृण्वती

हस्ताभ्यां त्रिपुरारिराजरमणी पायात् प्रतापं नृपम् ।'[400]

यहाँ 'आफ्ना दुवै हातले आफ्नो जुरो कसेर बाँध्दै गरेकी त्रिपुरारि (शिव)की रमणी (पार्वती)ले प्रताप मल्ललाई रक्षा गरुन्' भनिएकोमा वाक्यको पूर्वार्द्धको हस्ताभ्याम् भन्ने एउटा पद उत्तरार्द्धमा पर्न गएकोले यहाँ उक्त दोष देखा पर्न गएको छ ।

३.२.८.१.३ अर्थदोष : वाक्यगत

अर्थका माध्यमले काव्यमा अपकर्ष ल्याउने दोषलाई अर्थदोष[401] भनिन्छ । प्रताप मल्लका अभिलेखहरूमा निम्नलिखित अर्थदोषहरू पाइन्छन् :

क. अपुष्टार्थ

जुन शब्दको अर्थले प्रतिपादन गर्न लागिएको अभिप्रायमा कुनै योगदान पुऱ्याउँदैन अथवा मुख्य अर्थलाई पुष्ट तुल्याउँदैन त्यस्तो शब्दको प्रयोग भएमा अपुष्टार्थ दोष पर्दछ ।[402] अभिलेखको यस पद्यांशमा अपुष्टार्थ पाइन्छ -

'स्वर्गे भूमितले तथा दशदिशां प्रान्ते गिरौ कानने

कोऽप्यस्तीति निगद्यते मम समो राजेन्द्रचूडामणि : ।'[403]

यस रचनामा 'स्वर्गमा, भूमितलमा, दशै दिशाको प्रान्तमा, पर्वतमा र जङ्गलमा समेत मजस्तो राजेन्द्रचूडामणि कुनै अर्को छ भनेर भन्न सकिन्छ ?' यहाँ आएका 'गिरौ' र 'कानने' शब्दहरूले मुख्य अभिप्रायमा कुनै विशेष योगदान पुऱ्याएको देखिँदैन । वस्तुतः स्वर्गे (स्वर्गमा) र भूमितले (पृथ्वी तलमा) यी दुई पदले नै मुख्य वक्तव्य/भनाइ स्पष्ट भइसकेकाले 'दशदिशां प्रान्ते', 'गिरौ' र 'कानने' जस्ता पदहरूले मुख्य अभिप्रायलाई खासै पुष्टि नगरेकोले यहाँ 'अपुष्टार्थ' दोष पर्न गएको छ ।

---

399 मम्मट, **काव्यप्रकाश**, ७/५३-५४ : वृत्तिभाग ।
400 **अभि. १/१** ।
401 मम्मट, **काव्यप्रकाश**, ७/५५
402 **उही**, ७/५४-५७ : वृत्तिभाग ।
403 **अभि. २३/२९** ।

ख. पुनरुक्त

पहिले एकपल्ट भनिसकेको कुरा फेरि दोहोरिन पुगेमा पुनरुक्त दोष[404] पर्दछ । अभिलेखको निम्न पद्यांश हेरौं :

'या च श्रीकमलापतेः पदयुगात् सद्यो बहिर्निर्गता

सैषा विष्णुपदीप्रवाहसुजलैरापूर्यते वापिका ।'[405]

रानीपोखरीको वर्णन प्रसङ्गमा आएको यस रचनामा भनिएको छ : 'जुन तलाउ (रानीपोखरी) कमलापति भगवान् विष्णुका चरणयुगलबाट भर्खरै बाहिर निस्किएको हो त्यस्तो यो वापिका (पोखरी) विष्णुको पाउबाट निस्किएका (गङ्गाको) जलप्रवाहले भरिएको छ ।' यहाँ पहिले नै 'कमलापतेः पदयुगात् बहिर्निर्गता' भनिसकेपछि पुनः 'विष्णुपदीप्रवाहसुजलैः आपूर्यते' भन्दा पुनरुक्त दोष पर्न गएको छ । वस्तुतः 'कमलाका पति (विष्णु)का पदयुगलबाट निस्किएको' भनिसकेपछि 'विष्णुपदी (गङ्गा)का जलप्रवाहले भरिएको' भनिरहनुपर्ने देखिँदैन । यसरी एउटै अर्थ दोहोरिएर आउनाले यहाँ पुनरुक्तता रहेको स्पष्ट हुन्छ ।

ग. प्रसिद्धिविरुद्ध

जगतमा पहिलेदेखि नै प्रसिद्ध भइसकेको (तथ्य) कुराको विरुद्ध कुनै वर्णन गरिएमा प्रसिद्धिविरुद्ध दोष[406] देखा पर्दछ । अभिलेखको निम्नाङ्कित पद्यमा यस्तो दोष पाइन्छ -:

...लसज्जन्हुकन्याचलद्वीचिरम्यां

जटामुत्कटां मौलिना सन्दधानाम् ।

क्षणं सज्जनाः पुण्यजन्मान एना-

मनङ्गारिभूतिं लभन्ते स्मरन्तः ।Ú[407]

उपर्युक्त पद्यमा माता वज्रयोगिनीको उपासना गर्दै भनिएको छ : 'शोभायमान जान्हवी (गङ्गा) का चञ्चल तरङ्गले मनोरम उत्कट जटालाई आफ्नो शिरमा धारण गर्ने भएकी यी माता वज्रयोगिनीलाई जुन पुण्यभागी सज्जनहरूले एकै क्षण सम्झन्छन् तिनले भगवान् शिवको परम ऐश्वर्य वा शोभालाई प्राप्त गर्दछन् ।' यहाँ प्रस्तुत गरिएको माता वज्रयोगिनी (पार्वती/काली)ले शिरमा गङ्गा धारण गरेको कुरा प्रसिद्धिविरुद्ध देखिन्छ । यो कार्य त स्वयं जटाजूटधारी भगवान्

---

[404] मम्मट, **काव्यप्रकाश**. ७/५५-५७ : वृत्तिभाग ।

[405] **अभि. ३५/४** ।

[406] मम्मट, **काव्यप्रकाश**. ७/५५-५७ : वृत्तिभाग ।

[407] **अभि. २०/२** ।

शिवबाट भएको मात्र लोकविख्यात एवं शास्त्रप्रसिद्ध देखिन्छ । त्यसैले यहाँ **प्रसिद्धिविरुद्ध** दोष पर्न गएको देखिन्छ ।

घ. अनवीकृतत्व

कुनै रचनामा प्रयुक्त कथनमा नवीनता वा नौलोपन देखिएन र एउटै कुरा बार-बार दोहोरियो भने अनवीकृतत्व दोष[408] देखा पर्दछ । अभिलेखको निम्नाङ्कित पद्यमा यो दोष देखा पर्दछ-

'निकटमुपगतेऽस्मिन् काऽपि बाला बभूव

स्मितमधुरमुखाऽतिव्रीडितेन्दुश्च काऽपि ।

पुलकितततनुभिन्द्यत् कञ्चुकग्रन्थिरुद्यन् -

नयनमिव च काऽपि प्रेमदिग्धं बहन्ती ॥[409]

प्रस्तुत पद्यमा आएको 'काऽपि' पद तीन पटक पुनरावृत्त भएकाले वाक्यार्थ अनवीकृतत्वदोषयुक्त हुन पुगेको देखिन्छ ।

ङ. साकाङ्क्षत्व

कुनै रचनामा भन्नुपर्ने कुरा छुट्नाले, केही कुरा नपुग्ने भएर आकाङ्क्षा रहिरहने अवस्थामा साकाङ्क्षत्व दोष[410] पर्न जान्छ । अभिलेखको निम्नाङ्कित पद्य हेरौं :

...तन्नन्दनो निन्दितशर्व्वरीशो

यशोभिपूरैर्नृपनीतिशुद्धः ।

महेन्द्रमल्लो रिपुचित्तभल्लो

महानुभावो निजवंशकेतुः ॥[411]

यस पद्यमा प्रताप मल्लका पूर्वज राजा महेन्द्र मल्लको बयान गर्दै भनिएको छ : 'अमर मल्लका छोरा महेन्द्र मल्ल, चन्द्रमालाई पनि आफ्नो यशको शोभाले जित्ने, उत्तम राजनीतिले सम्पन्न, शत्रुको चित्तमा अत्यन्त पीडा दिने भालासमान, आफ्नो वंशका कीर्तिपताका, महानुभाव'

---

408 मम्मट, **काव्यप्रकाश**, ७/५५-५७ : वृत्तिभाग ।
409 **अभि. १/२०** ।
410 मम्मट, **काव्यप्रकाश**, ७/५५-५७ : वृत्तिभाग ।
411 **अभि. १/१०** ।

यहाँ क्रियापदको प्रयोग नभएकाले भनाई टुंगिदैन र 'साकाङ्क्षत्व' रहन्छ । अरू कुनै पद नभए पनि 'बभूव' (भए) जस्तो कुनै क्रियापद राख्नाले वाक्य पूरा भई दोष निवारण हुने देखिन्छ ।

च. निर्मुक्तपुनरुक्तता

कुनै रचनामा भन्नुपर्ने कुरा टुङ्गिइसकेपछि, फेरि कारकहरू थपेर कुरा उठाइयो भने निर्मुक्त-पुनरुक्तता देखा[412] पर्दछ । अभिलेखको निम्नाङ्कित पद्य हेरौं :

'अन्तर्व्वल्लितविद्युदम्बुदसमाः स्तम्बेरमा दुर्द्दमा
दाहोत्तीर्णसुवर्ण्णश्रृङ्खलयुता ग्रैवेयघण्टोद्यताः ।
यस्या वासगृहाजिरं मदजलैर्ज्जम्बालितं चक्रिरे
वलाद्वाजिपतत्पदातिनिचयं प्रल्हादवृन्दप्रदम् ॥[413]

यस पद्यमा राजा हरिसिंहदेवको बयान गर्ने क्रममा उनका आवासगृहको प्राङ्गणमा शोभायमान स्वर्णश्रृङ्खलाले आबद्ध हात्तीको भव्य वर्णन गरेर तेस्रो चरणमा भनाइ पूरा भएपछि पनि चौथो चरणमा विशेषणपदावली थपेर फेरि बयान प्रारम्भ गरिएकाले निर्मुक्तपुनरुक्तता दोष देखा परेको छ ।

३.२.८.१.४ रसदोष : वाक्यगत

रस भनेको काव्यको आत्मा हो ।[414] कतिपय दोषहरू काव्यात्मभूत रसमा नै लाग्ने पनि हुन्छन् । विभिन्न रसहरूको अभिव्यञ्जनाका सन्दर्भमा कविको असावधानीले यस्ता दोषहरू देखा पर्न जान्छन् । काव्यप्रकाशकार आचार्य मम्मट र दर्पणकार कविराज विश्वनाथले पनि जम्मा १३ प्रकारका रसदोषको चर्चा गरेका छन् ।[415] राजा प्रताप मल्लका अभिलेखमा त्यस्ता दोषहरू अत्यन्त नून मात्रामा रहेका पाइन्छन् । विशेषतः भगवद्विषयिणी 'रति' प्रधान भएको भाव-काव्यको रचना उनका अभिलेखमा पाइने हुँदा र सामान्यतया ती रचनाहरूमा रसदोषको उपस्थिति नरहेकाले यी अभिलेखहरूमा रसदोषहरू अत्यन्त कम पाइन्छन् । अनुसन्धानका क्रममा एक दुई स्थानमा यस्ता दोषहरू देखिएका छन्, तिनको चर्चा यहाँ गरिँदैछ ।

---

412 मम्मट, **काव्यप्रकाश**, ७/५५-५७ : वृत्तिभाग ।
413 **अभि. १/४** ।
414 'वाक्यं रसात्मकं काव्यम्' - विश्वनाथ, **सा.द. १/३** ।
415 आचार्य मम्मट, **काव्यप्रकाश**. सप्तमोल्लासकारिका ६०-६२ । कविराज विश्वनाथ, **साहित्यदर्पण**. सप्तम परिच्छेद, कारिका १२-१५ ।

क. रसको स्वशब्दवाच्यता

रसात्मक वाक्यमा 'रस' वा 'श्रृङ्गार' आदि रसबोधक शब्दको प्रयोग गर्नु दोष मानिन्छ ।[416] विभावादिद्वारा मात्र अभिव्यक्त हुने र व्यञ्जना शक्तिद्वारा मात्र व्यञ्जित हुने भएकाले, वाच्यकै रूपमा सोझै रस/श्रृङ्गार, वीर आदिको शब्दतः प्रयोग अशोभनीय र अपकर्षकारक मानिएको हो ।[417] अभिलेखको निम्न प्रसङ्गमा यस्तो दोष देखिएको छ -

काण्र्णाटी रङ्गघाटी कुचकनकघटी कामलीलैकवाटी

स्वर्णालङ्कारकोटी हरिसदृशकटी चारुदेहानुपाटी ।

नाम्ना राजमती महारसमती भूपप्रतापस्य सा

भूता भोगवधूटिका किल हरेर्भामेव जीवाधिका ॥[418]

राजा प्रताप मल्लकी अत्यन्त प्रिय र परमसुन्दरी रमणी राजमतीको श्रृंगारिक वर्णनको प्रसङ्गमा प्रस्तुत पद्यको तेस्रो चरणमा आएको 'महारसमती' शव्दमा यो दोष देखा पर्दछ । रसले अत्यन्त परिपूर्ण भएकी' भनेर उनको वर्णन गरिएकामा असावधानीवश 'रस'को स्वशव्दवाच्यता देखा परेकोले दोष पैदा हुन पुगेको छ ।

ख. प्रकृतिविपर्यय

काव्यमा वर्णन गरिएका पात्रहरू दिव्य अदिव्य, दिव्यादिव्य वा उत्तम मध्यम र अधम गरी तीन प्रकारका छन् । तदनुसार पात्रको पात्रता र मर्यादाअनुरूप तिनको चरित्र र प्रकृति देखाइनुपर्छ । त्यसको विपरीत वर्णन गरिएमा 'प्रकृतिविपर्यय' दोष प्रकट हुन्छ ।[419] अभिलेखको एउटा प्रसङ्ग कोट्याऔं :

'भक्तग्रामनरेशमल्लनृपतिर्दत्वेभमेनं भिया

भेजेऽसौ वसुधां जहार सुदृढं संदार्य दुर्गं पुनः ।'[420]

राजा प्रताप मल्लका वीरताको वर्णन प्रसङ्गमा भक्तपुरका राजा नरेश मल्लको चर्चा यहाँ आएको छ । भादगाउँ/भक्तपुरका राजा नरेश मल्लले 'डराएर' राजा प्रतापलाई हात्ती दिएको कुरा

---

416 मम्मट, **काव्यप्रकाश**. ७/५०-५१ : वृत्तिभाग ।

417 **उही**. वृत्तिभाग ।

418 **अभि. ५/९** ।

419 विश्वनाथ, **सा.द. ७/१५** (वृत्तिभाग)

420 **अभि. ५/५** ।

यहाँ वर्णित छ । काव्यानुशासनअनुसार उत्तम प्रकृतिमा पर्ने राजामा पनि डरको भावना आएको वा भयभीतता देखाइएकाले यहाँ **'प्रकृतिविपर्यय'** पर्न गएको छ । त्यसै गरी :

'यस्य प्रौढतरप्रतापतपनत्रासेन सद्यः कृता

वृष्टिस्तेन धनेश्वरेण ललिता कार्त्तस्वरा भूतले।।'[421]

यहाँ राजा रघुको प्रातापाग्निदेखि भयभीत/त्रस्त बनेका कुबेरले स्वर्णमुद्राको वृष्टि गरेको बयान पाइन्छ । कुबेर **दिव्यपात्र** भएकाले तदनुरूप उत्तम प्रकृति देखाइनु पर्नेमा त्यसको विपरीत त्यस्ता पात्रमा अधमपात्रानुकूल **त्रासग्रस्तता** देखाइएकोले यहाँ **'प्रकृतिविपर्यय'** दोष पर्न गएको देखिन्छ ।

३.२.८.१.५ निष्कर्ष

काव्यको आत्मा रस हो र यसलाई अपकर्ष गर्ने तत्त्व दोष हो । 'काव्यधाराको मधुर प्रवाहमा बग्दै आनन्दमग्न हुन चाहने भावकहरूलाई दोषको सानै झिल्काले पनि छ्वास्स छोयो भने पोल्छ, सानो वा ठूलो ठोकर लाग्यो भने वा अप्रिय शब्दको ध्वनिमात्र उठ्यो भने पनि झसङ्ग पारी रसको आनन्दसमाधि भङ्ग गराइदिने हुन्छ ।'[422] त्यसैले काव्य-भावनाका मर्मज्ञ आचार्यहरूले त्यस्ता आस्वादभञ्जक तत्त्वहरूको अन्वेषण गरी , रसापकर्षक भएको हुँदा तिनलाइ दोष मानी, सोदाहरण तिनका लक्षण र दोषस्वरूप देखाई काव्य-साधकले त्यस्ता दोषहरूवाट आफ्नो रचनालाई बचाउनुपर्छ भनेका छन् । त्यस्तै काव्यलक्षणकारहरूमध्ये मूर्धन्य आचार्यद्वय वाग्देवतावतार **मम्मट** र **कविराज विश्वनाथ** एवं उनका काव्य-लक्षणग्रन्थ **'काव्यप्रकाश'** र **'साहित्य दर्पण'**लाई आधारभित्ति मानेर यहाँ राजा प्रताप मल्लका अभिलेखहरूमा दोष-दिग्दर्शन गरिएको छ ।

तदनुसार यी अभिलेखहरूमा केही दोषहरू पर्न गएका छन् । शब्ददोष अन्तर्गतको पहिलो विभाग : पद/पदांश-दोषहरूमध्ये श्रुतिकटु, च्युतसंस्कृति, असमर्थ, निरर्थक, अवाचक, सन्दिग्ध, नेयार्थ र विरुद्धमतिकृत् गरी जम्मा ८ प्रकारका दोष यहाँ भेटिएका छन् । शब्ददोष अन्तर्गतको दोस्रो विभाग : वाक्यदोषहरूमध्ये प्रतिकूलवर्णता, उपहतविसर्गता, हतवृत्तता, अधिकपदता, समाप्तपुनरात्तता, अक्रमता र अर्धान्तरैकवाचकता गरी जम्मा ७ प्रकारका दोष यहाँ पाइएका छन् । अर्थदोषहरूमध्ये अपुष्टार्थ, पुनरुक्त, प्रसिद्धिविरुद्ध, अनवीकृतत्व साकाङ्क्षत्व र निर्मुक्त पुनरुक्तत्व गरी जम्मा ६ प्रकारका दोष पाइएका छन् । रस दोषमध्ये जम्मा २ प्रकारका मात्र दोष देखिएका छन् : रसको स्वशब्दवाच्यता र प्रकृतिविपर्यय ।

---

[421] **अभि. २३/५** ।

[422] सिग्देल, **पूर्ववत् नं. १५१.** पृ. १८८ ।

उपर्युक्त दोषहरू न्यून मात्रामा यी अभिलेखहरूमा फेला पर्दछन् । तर, एउटा अत्यन्त खट्कँदो र बिभ्भ्दो विषयचाहिँ के छ भने व्याकरणिक त्रुटिबाट उत्पन्न हुने **'च्युतसंस्कृति'** नामक **दोषभने यी अभिलेखहरूमा बहुत्र फेला पर्दछ ।** रसमय, पदलालित्यपूर्ण, अलङ्कारप्रचुर, भावमय काव्यरचनामा समर्थ राजा प्रताप मल्लबाट यतिका धेरै व्याकरणिक त्रुटि भए होलान् भन्न भावकको अन्तर्हृदयले सङ्कोच व्यक्त गर्दछ । कसरी पत्याउने ? सुन्दर भावमय आल्हादकारी रचनाका सर्जकबाट सामान्य व्याकरणिक त्रुटिहरू भए होलान् भनेर । विवेकका आलोकमा गम्भीरताका साथ वास्तविक रहस्यको अन्वेषण गर्दा के स्पष्ट हुन्छ भने : समयको लामो अन्तरालमा कविकृत रचनाहरू धेरै पल्ट रूपान्तरित भए, यिनको लिप्यन्तरण र प्रतिलिपिकरण पनि अनेकबार भयो । प्रथमतः कविकृत काव्यरचना शिलामा उत्कीर्ण गर्ने क्रममा पनि उत्कीर्णक वा लिपिकारबाट पनि अज्ञानता वा प्रमादवश त्रुटि हुन पुग्ने पर्याप्त सम्भाव्यता देखा पर्दछ । त्यसपछि ती शिलाऽभिलेख आदिबाट प्रतिलिपि र प्रति-प्रतिलिपि हुने क्रममा कदाचित् सम्वन्धित भाषाका विज्ञबाट सो कार्य सम्पन्न नहुँदा वा एक व्यक्तिले अभिलेख पढी अर्को व्यक्तिले त्यसको लिपि अङ्कन गर्दा, उच्चारणजन्य वा श्रुतिजन्य दोषले पनि मूल आलेखको अन्यथाकरण हुनसक्ने देखिन्छ । यिनै कारणले यस अनुसन्धित्सुले उपलब्ध गरेको पाठमा त्रुटिवहुलता देखिएको हुनसक्ने अनुमान गरिन्छ । **भाषिक अशुद्धिको दोषबाहेक अन्य दोषहरू यी अभिलेखहरूमा अत्यन्त न्यून मात्रामा देखापरेको तथ्य स्मरणीय देखिन्छ ।**

दोष मूलतः रसापकर्षक तत्व नै भए तापनि दोष रहँदैमा काव्यत्वहानिचाहिँ भइहाल्दैन भन्ने कुरा रसिकजनमा विदितप्रायः विषय हो । यस सन्दर्भमा कविराज विश्वनाथले प्रस्तुत गरेको अत्यन्त सारपूर्ण र सङ्केतप्रधान मीमांसा उद्धृत गर्नु यहाँ युक्तिसङ्गत लाग्दछ । कविराज भन्दछन् : **जसरी कुनै रत्नमा कीराले दाग लगाएको भए तापनि रत्नको रत्नत्वमा कुनै चोट लाग्दैन , त्यहाँ रत्नत्व विद्यमान नै रहन्छ, केवल कीटकलुषित रत्नमा उपादेयतारतम्यमात्र (योग्यताको मात्रामा मात्र भिन्नता) देखा पर्दछ, ठीक त्यसैगरी श्रुतिदुष्टादि दोषहरूले पनि काव्यको काव्यता खोस्न वा समाप्त पार्न सक्दैनन् । दोषयुक्त काव्यमै पनि रसादिको अभिव्यञ्जना स्फुट रूपमा विद्यमान छ भने त्यसले सहृदयाकर्षणको लक्ष्य पूरा गरेकै हुन्छ । फलतः त्यहाँ काव्यत्व रहेकै हुन्छ ।**[423] यिनै मननीय विचारहरूका आलोकमा कुन निष्कर्षमा पुग्न सकिन्छ भने : **राजा प्रताप मल्लका अभिलेखहरूमा केही न्यूनमात्रामा दोषहरू अवश्य पाइन्छन् तर तिनले काव्यजन्य आनन्द-प्रवाहमा उल्लेखनीय बाधा नपुऱ्याउने हुँदा कविको कवित्वलाई अस्तित्वहीन तुल्याएका छैनन् । तैपनि केही स्वल्प मात्रामा काव्यको अपकर्षका कारकचाहिँ ती बनेकै छन् ।**

---

[423] कीटानुविद्धरत्नादिसाधारण्येन काव्यता/दुष्टेष्वपि मता यत्र रसाद्यनुगम : स्फुटः' । विश्वनाथ, **सा. द.. प्रथम परिच्छेद. कारिका २** : वृत्तिभाग ।

३.३ तेस्रो अध्यायको उपसंहार

प्रस्तुत शोधप्रबन्धको शीर्षक **'राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन'** भएकाले तदनुरूप **'साहित्यिक अध्ययन'**को प्रतिवेदन यस तेस्रो अध्यायमा प्रस्तुत गरिएकाले प्रस्तुत अध्ययन ग्रन्थको केन्द्रीय प्रतिवेदन सामग्री यहाँ सङ्कलित/सङ्ग्रहित छ भन्न सकिन्छ। अभिलेखहरुका साहित्यिक अध्ययनको मूल सैद्धान्तिक आधार पूर्वीय काव्यचिन्तन भएकाले त्यस्तो चिन्तनका प्रतिनिधि-प्रस्तोताद्वय **आचार्य मम्मट र कविराज विश्वनाथ**का क्रमशः : **'काव्यप्रकाश'** र **'साहित्यदर्पण'** लक्षणग्रन्थलाई सैद्धान्तिक आधारभूमि मानेर तिनका कसीमा यहाँ अभिलेखहरूको साहित्यिक अध्ययन प्रस्तुत गरिएको छ।

यहाँ प्रथमतः शोध प्रबन्धको मूल विषयवस्तुसम्बद्ध अभिलेख सामग्रीको निर्धारण गरियो। राजा प्रताप मल्लकृत उपलब्ध ५१ वटा अभिलेखहरूको चर्चा गरियो। ती ५१ अभिलेखहरूमध्ये साहित्यिक महत्त्वका २६ वटा अभिलेखहरू रहेका छन् भने काव्यात्मक रचनाहरूको सङ्ख्या २१ रहेको कुरा उल्लेख गरियो। मूलतः तिनै रचनाहरूको केन्द्रीयतामा प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ।

अध्ययनको क्रम, अभिलेखहरूमा प्रयुक्त भाषाको पर्यवेक्षणवाट प्रारम्भ गरिएको छ। संस्कृत, नेवारी, मैथिली र नेपाली भाषा प्रयोग गरिएका **यी अभिलेखहरूमा ८०% भन्दा बढी मात्रा संस्कृत भाषाले लिएको छ।** तदनन्तर अभिलेखहरूमा प्रयुक्त लिपिका बारे अध्ययन गरिएको छ। उक्त अध्ययनबाट प्रायः सबै अभिलेखहरूमा नेवारी लिपि र जलद्रोणीको अभिलेखमा १४/१५ लिपिका केही चिन्हहरूको प्रयोग भेटिएको छ भने रानीपोखरीको अभिलेखमा देवनागरी लिपिको पनि प्रयोग गरिएको पाइन्छ। यी अभिलेखका विषयवस्तु स्तुति प्रार्थना, वंशावलीवर्णन, धार्मिक क्रियाकलाप र सामाजिक क्रियाकलाप एवम् विकास निर्माणका कार्यहरूको सूचना एवम् पाण्डित्यप्रदर्शन पनि रहेको तथ्य अगाडि आउँछ।

साहित्यिक अध्ययनको प्रारम्भ छन्दोविषयक अध्ययनबाट गरिएको छ। तदनुसार यी अभिलेखहरूमा **इन्द्रवज्रा, उपेन्द्रवज्रा, भुजङ्गप्रयात, वसन्ततिलका, मालिनी, पञ्चचामर, पृथ्वी, शार्दूलविक्रीडित, स्रग्धरा, अनुष्टुप्, आर्या र गीति छन्दका विभिन्न प्रकार र आर्या गरी जम्मा १४ प्रकारका छन्दहरूको प्रयोग गरिएको पाइएको छ।** यी अभिलेखहरूमा सर्वाधिक प्रयुक्त छन्द भुजङ्गप्रयात रहेको छ भने सबैभन्दा कम प्रयुक्त आर्या पर्दछ। प्रायः छन्दको निर्दोष प्रयोग भएको छ र विषयवस्तुसुहाउँदो छाँटकाँट परेका छन्दको सुरुचिपूर्ण प्रयोग यी अभिलेखहरूमा पाइन्छ। तर पनि कतै कतै छन्दोविधानमा त्रुटि पनि फेला पर्दछ, सम्भवतः यस्तो त्रुटि लिपिकारको भूल वा रूपान्तरणको असावधानीले पनि आएको हुनसक्ने देखिन्छ।

यसपछि यी अभिलेखहरूमा अलङ्कारविधानको परिशीलन गरिएको छ । काव्यलाई उत्कर्ष प्रदान गर्दै शोभाशाली तुल्याउने अलङ्कारहरूको पनि प्रशस्त प्रयोग यी अभिलेखहरूमा पाइएको छ । शब्दालङ्कारहरूमध्ये १.पुनरुक्तवदाभास २.अनुप्रास र त्यसका सबै भेद (छेकानुप्रास, वृत्यनुप्रास, श्रुत्यनुप्रास, अन्त्यानुप्रास र लाटानुप्रास) तथा ३ यमक र ४ श्लेष अलङ्कार यहाँ पाइन्छन् । अर्थालङ्कारहरूमध्ये १उपमा र त्यसका सबै भेद (पूर्णोपमा र लुप्तोपमाहरू) २. मालोपमा ३.रूपक र त्यसका भेद (परम्परित, साङ्ग र निरङ्ग रूपक) ४.परिणाम, ५.सन्देह, ६. भ्रान्तिमान्, ७.उल्लेख, ८अपन्हुति, ९.उत्प्रेक्षा, १०.अतिशयोक्ति, ११तुल्ययोगिता, १२ दीपक, १३.प्रतिवस्तूपमा, १४.निदर्शना, १५.व्यतिरेक, १६.समासोक्ति, १७.पर्यायोक्त, १८. अर्थान्तरन्यास, १९.काव्यलिङ्ग, २०आक्षेप, २१.विरोध, २२.सम, २३.विशेष, २४परिवृत्ति, २५. परिसङ्ख्या, २६.अर्थापत्ति, २७.समुच्चय, २८.प्रतीप, २९.सूक्ष्म, ३०.स्वभावोक्ति, ३१. भाविक ३२.उदात्त, ३३.संसृष्टि र ३४.सङ्कर (जम्मा ३४) अर्थालङ्कारका लक्षण र अभिलेखहरूबाट उदाहरण समेत प्रस्तुत गरी यिनको निरूपण यहाँ गरियो । तदनुसार यहाँ शब्दालङ्कारमा अनुप्रास र अर्थालङ्कारमा रूपमा उपमा र उत्प्रेक्षा अलङ्कारको प्रचुर प्रयोग गरिएको पाइएको छ । अलङ्कारपछि गुणविवेचन प्रस्तुत गरियो । काव्यको आत्मामा रहने धर्मका रूपमा गुणको महत्त्व रहन्छ, गुणले काव्यको उत्कर्ष बढाउने काम गर्दछन् र राजा प्रताप मल्लका अभिलेखहरूमा पाइने साहित्यमा पनि तीन गुण माधुर्य, ओज र प्रसाद पाइन्छन् । यहाँ प्रसादगुणको प्राचुर्य छ । गुणसँगै सम्बद्ध रीतिको परिशीलन पनि यहाँ गरिएको छ । तदनुसार यी अभिलेखहरूमा वैदर्भी, गौडी, पाञ्चाली र लाटी यी चारै रीति पाइन्छन्, तथापि यहाँ पाञ्चाली सर्वाधिक प्रयुक्त रीति हो ।

रीतिको परिशीलनपछि यस अध्यायमा रसको चर्चा गरियो । राजा प्रताप मल्लका अभिलेखहरूमा रसको अभिव्यञ्जन के कस्तो रूपमा रहेको छ ? भन्ने प्रश्नको उत्तर यहाँ खोजिएको छ । काव्यको आत्माका रूपमा रहेको रस तत्वको स्वरूप, प्रारम्भ र परम्पराको चर्चा गर्दै अभिनवगुप्तको अभिव्यक्तिवादको आधारभूमिमा रहेर यी अभिलेखहरूको परिशीलन गर्दा यहाँ श्रृङ्गार, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्‌भुत र शान्त यी आठ रसको अभिव्यञ्जन यी अभिलेखमा पाइएको छ । त्यसैगरी रसादिमा गनिने भाव, रसाभास, भावाभास, भावशान्ति, भावोदय, भावसन्धि र भावशबलताको पनि अभिव्यक्ति अभिलेखहरूमा पाइयो । यीमध्ये पनि सर्वाधिक मात्रामा प्रचुरताका साथ देवादिविषयिणी रतिकेन्द्रित भावको अभिव्यञ्जना अभिलेखका रचनाहरूमा पाइएको छ ।

'काव्यको आत्मा ध्वनि हो'[424] भन्ने मान्यता राख्ने आचार्य आनन्दवर्धन र त्यसै मतको समर्थन गर्ने आचार्य मम्मटका विचारलाई श्रद्धा गर्दै यी अभिलेखहरूमा ध्वनिको के कस्तो रूप

---

[424] 'काव्यस्यात्मा ध्वनिः' आनन्दवर्धन : **ध्वन्यालोक**' ।

पाइन्छ ? भन्ने प्रश्नको उत्तर पनि यहाँ खोजिएको छ । तदनुसार यी अभिलेखीय रचनाहरूमा विभिन्न प्रकारका ध्वनिहरूको व्यञ्जन भएको पाइन्छ । प्रथमतः लक्षणामूल अर्थान्तरसङ्क्रमितवाच्य र अत्यन्ततिरस्कृतवाच्य यी दुवै ध्वनि यहाँ पाइएका छन् भने अभिधामूल ध्वनिहरू असंलक्ष्यक्रम- व्यङ्ग्य र संलक्ष्यक्रमव्यङ्ग्यहरूमध्ये शब्दशक्त्युद्भव वस्तु र अलङ्कार दुवै प्रकारको ध्वनि, अर्थशक्त्युद्भवमा स्वतः सम्भवी र कविप्रोढोक्तिसिद्धका वस्तुद्वारा वस्तु एवम् अलङ्कार अनि अलङ्कारद्वारा वस्तु एवम् अलङ्कारध्वनिहरू यहाँ पाइएका छन् । यीबाहेक पदांश, वर्ण र रचनाहरूमा पनि असंलक्ष्यक्रम ध्वनि यहाँ पाइएको छ । प्रकृति, प्रत्यय, वचन, उपसर्ग, द्वित्व, लिङ्ग, अव्यय, वर्ण, रचना र प्रबन्धमा समेत रहेको व्यञ्जकताको अध्ययन यहाँ गरिएको छ । अभिलेखमा कतै कतै मध्यम काव्यको प्रयोजक गुणीभूतव्यङ्ग्य पनि पाइएको छ । तर, सर्वाधिक मात्रामा यी अभिलेखहरूमा भावध्वनिको सबल उपस्थिति पाइएको छ ।

तेस्रो अध्यायको अन्तिम प्रसङ्ग दोषदिग्दर्शनबाट सम्पन्न भएको छ । रसका अपकर्षक भएकाले काव्यमा दोषको वर्जन गरिन्छ । तापनि काव्यप्रणयनका क्रममा कुनै न कुनै रूपले दोष पर्न गइहाल्छन् । यी अभिलेखहरूमा पनि कतिपय दोषहरू फेला परेका छन् । तदनुसार शब्ददोषहरू : १.श्रुतिकटु, २.च्युतसंस्कृति, ३.असमर्थ, ४.निरर्थक, ५.अवाचक, ६.सन्दिग्ध ७.नेयार्थ र ८.विरुद्धमतिकृत् यी आठ दोष अभिलेखहरूमा न्यूनतया पाइन्छन् । वाक्यगत दोषहरूमध्ये १.प्रतिकूलवर्णता, २.उपहतविसर्गता, ३.हतवृत्तता, ४.अधिकपदता, ५. समाप्तपुनरात्तता, ६.अक्रमता र ७.अर्धान्तरकवाचकता यी सात दोष केही मात्रामा यहाँ देखा परेका छन् । अर्थदोषहरूमध्ये १.अपुष्टार्थ, २.पुनरुक्त, ३.प्रसिद्धिविरुद्ध, ४.अनवीकृतत्व, ५. साकाङ्क्षत्व र ६.निर्मुक्तपुनरुक्तता यी ६ दोष यी अभिलेखमा स्वल्पमात्रामा पाइन्छन् । रसदोषमध्ये १.रसको स्वशब्दवाच्यता र २.प्रकृतिविपर्यय यी दुई दोष यी अभिलेखमा एक/दुई स्थानमा फेला पर्दछन् । यसरी यी रचनाहरूमा केही मात्रामा दोष पाइए तापनि तिनले काव्यत्वहानि भएको छैन, केवल उत्कर्षको तारतम्यचाहिँ पैदा गरेको पाइन्छ ।

३.४ निष्कर्ष एवं सारवाक्य

यसरी तेस्रो अध्यायमा विवेचित प्रमुख विषयहरूको उपसंहार बुँदाबद्ध रूपमा प्रस्तुत गर्दा निम्नाङ्कित निष्कर्ष देखा पर्दछ -

❖ राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययनअनुसार यी अभिलेखहरूमा निम्नलिखित तथ्यहरू फेला पर्दछन् :

१. साहित्यिक महत्त्वका अभिलेखहरू २६ वटा र काव्यात्मक रचनाहरू २१ वटा रहेका,

२. संस्कृत, नेवारी, मैथिली र नेपाली भाषाको प्रयोग गरिएको, संस्कृत भाषाको मात्रा ८०% रहेको,

३. अधिकांश स्थानमा नेवारी लिपिको प्रयोग गरिएको, एक स्थानमा देवनागरी लिपि र जलद्रोणीको अभिलेखमा १४/१५ लिपिका केही लिपि चिन्हहरूको प्रयोग गरिएको,

४. स्तुति प्रार्थना, वंशावली वर्णन, धार्मिक, सामाजिक एवं विकास निर्माणका कार्यको सूचना र पाण्डित्य प्रदर्शनसमेत अभिलेखाङ्कनको उद्देश्य रहेको,

५. जम्मा १४ प्रकारका छन्दहरूको प्रयोग गरिएको, सर्वाधिक मात्रामा भुजङ्गप्रयात र सबैभन्दा कम मात्रामा आर्याको प्रयोग भएको,

६. ४ प्रकारका शब्दालङ्कार र ३४ प्रकारका अर्थालङ्कारको प्रयोग गरिएको, अनुप्रास शब्दालङ्कार र रूपक अर्थालङ्कारको सर्वाधिक प्रयोग भएको,

७. माधुर्य, ओज र प्रसाद यी तीनै गुणको प्रयोग गरिएको, प्रसाद गुणको अधिकता रहेको,

९. वैदर्भी, गौडी, पाञ्चाली र लाटी चारै रीतिको प्रयोग गरिएको; पाञ्चाली रीतिको अधिकता रहेको,

१०. श्रृङ्गार, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त गरी जम्मा आठ रसको र भावादिको पनि अभिव्यञ्जन भएको, सर्वाधिक रूपमा देवादिविषयिणी रतिसित सम्बद्ध भावको अभिव्यञ्जन भएको,

११. ध्वनिका विभिन्न रूपहरूको र गुणीभूतव्यङ्ग्यको पनि अभिव्यक्ति भएको; सर्वाधिक मात्रामा भावध्वनिको उपस्थिति रहेको,

१२. ८ शब्ददोष, ७ वाक्यदोष, ६ अर्थदोष र २ रसदोषहरू पाइएका, दोषको मात्रा कम रहेको, दोषद्वारा काव्यत्वहानि नभएको तर काव्यको उत्कर्षमा तारतम्य देखिएको ।

❖ उपर्युक्त १२ सूत्रीय निष्कर्षको सारभूत एवम् समापन वाक्य यस्तो बन्न आउँछ :

राजा प्रताप मल्लका अभिलेखहरूमा अलङ्कारमण्डित संस्कृतप्रधान, प्रसादगुणधर्मी, ईषद्दुष्ट, भावध्वनिमूलक काव्यात्मक रचनाहरू पाइन्छन् ।

✱

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

अध्याय : चार

अध्याय : चार

राजा प्रताप मल्लका अभिलेखहरुमा उपलब्ध काव्यहरूको विशेष अध्ययन

विषय प्रवेश

प्रथमतः राजा प्रताप मल्लका बारेमा र द्वितीयतः उनका अभिलेखहरूमा रहेको साहित्यिकताका बारेमा काव्यशास्त्रोक्त सिद्धान्तका आधारमा अध्ययन सम्पन्न गरिसकेपछि अब यस अध्यायमा राजा प्रताप मल्लका अभिलेखहरूमा उपलब्ध काव्यहरूको विशेष अध्ययन प्रस्तुत गरिन्छ । काव्यशास्त्रोक्त साहित्यिक तत्त्वहरू : छन्द, अलङ्कार, गुण, रीति, रस र ध्वनिजस्ता विषयहरूको समीक्षण गरिसकेपछि अब यहाँ यी अभिलेखहरूमा उपलब्ध काव्यका विषयवस्तुगत वैशिष्ट्य एवम् वर्णन-शैली तथा प्रकृतिचित्रण र प्रणय-प्रीतिचित्रण आदिका बारेमा अध्ययन गरिन्छ ।

४.१ अभिलेख काव्यको विषयवस्तु

राजा प्रताप मल्लका अभिलेखहरूमा उपलब्ध काव्यमा स्तुति-प्रार्थना, वंशावली वर्णन एवं धार्मिक एवं सामाजिक कार्यको सूचना आदि विषयवस्तुहरू मुख्यतया देखा पर्दछन् । अब क्रमशः त्यस्ता काव्यहरूको परिचय र तिनमा देखा परेका विशेषताहरूको अनुशीलन गरिन्छ ।

४.१.१ स्तुतिप्रार्थनामूलक काव्यहरू

राजा प्रताप मल्लका अभिलेखहरूमा प्राप्त काव्यहरू सर्वाधिक मात्रामा स्तुतिप्रार्थनामूलक विषयवस्तुसँग सम्बद्ध छन् । अभिलेखहरूमा यस्ता रचनाहरूको सङ्ख्या १६ रहेको छ । तिनको विवरण निम्नानुसार छ -

क्र. सं.	शीर्षक	आयाम	उत्कीर्ण वि.सं.	अभिलेख स्थान र अभिलेख संख्या
१.	नारायणस्तोत्रम्	१० पद्य	१७०६	पशुपति वासुकिस्थान (६)
२.	स्वयम्भूभट्टारकस्तोत्रम्	१९ पद्य	१७०७	स्वयम्भू (७)
३.	वियोगनिस्सारणप्रार्थना	८ पद्य	१७१०	जगन्नाथ पेटी (१३)
४.	महेशाष्टकम्	९ पद्य	१७११	पशुपतिनाथ (१९)
५.	सर्व्वापराधस्तोत्रम्	१८ पद्य	१७११	गुह्येश्वरी पीठ (३९)

६.	कालिका भुजङ्गदशकम्	११ पद्य	१७११	तलेजु (४१)
७.	वज्रयोगिन्या : कामदस्तोत्रम्	१५ पद्य	१७१२	वज्रयोगिनी पीठ (२०)
८.	जाड्यमुद्गरस्तोत्रम्	८ पद्य	१७१२	वज्रयोगिनी पीठ (२०)
९.	शिवरूपभीमसेनस्तोत्रम्	१४ पद्य	१७१४	भीमसेनस्थान (२१)
१०.	नृत्येश्वरदशकम्	१० पद्य	१७१४	कवीन्द्रपुर (४४)
११.	नृसिंहस्तोत्रम्:	७ पद्य	१७१४	कवीन्द्रपुर (४४)
१२.	नृसिंहस्तुतिः (गीतिरचना)	५ पद्य	१७१४	कवीन्द्रपुर (४४)
१३.	वृष्टिचिन्तामणिस्तोत्रम्	३४ पद्य	१७२५	शान्तिपुर (२८)
१४.	सर्व्वमङ्गलाष्टकम्	८ पद्य	१७२७	त्रिशूलचोक (३१)
१५.	चण्डिकाष्टकम्	८ पद्य	१७२७	प्रतापस्तम्भ (३३)
१६.	भवानीस्तुति/मैथिली	९ गीतिगुच्छ	१७२८	तलेजु (४०)

यी स्तुतिप्रार्थनामूलक भक्तिकाव्यहरूमा राजा प्रताप मल्लले विष्णु, शिव, काली र नृसिंह आदि देव-देवीहरूको स्तवन गरेका छन् । यी स्तवकाव्यहरूलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छ :

४.१.१.१ विष्णुस्तुति : नारायणस्तोत्रम्

भगवान् विष्णुलाई स्तुति गर्दै रचना गरेको एउटा भक्तिकाव्य अभिलेखमा पाइन्छ । वि.सं. १७०६ मा राजा प्रताप मल्लले पशुपतिस्थित वासुकि मन्दिरको द्वारसमीपमा एउटा शिलालेख[1] स्थापना गरेका थिए । स्तुतिविषयक रचना उत्कीर्ण गरिएको यो पहिलो अभिलेख थियो । यसमा **'श्रीश्रीश्री वासुकिरूपिणे नारायणाय नमः'** भनेर वासुकि नागका रूपमा भगवान् नारायण (विष्णु)लाई सर्वप्रथम नमन गरी भुजङ्गप्रयात छन्दका जम्मा १० पद्यमा भगवान् विष्णु/ कृष्णको स्तवन गरिएको छ । स्तोत्रको अन्त्यमा **'कवीन्द्र प्रताप मल्लले रचेको नारायणस्तोत्र'** समाप्त भयो भन्ने विवरण दिएबाट यस रचनाको शीर्षक **'नारायण स्तोत्र'** भन्ने कुरा ज्ञात हुन्छ । यहाँ अन्य सबै पद्यहरूमा **नारायण भगवान्**को स्तुति गरिएको छ भने नवौं पद्यमा चाहिँ हृदयमा वासुकि धारण गर्ने भगवान् शिवको पनि उपसना गरिएको छ ।

सुरेन्द्र आदि देवताद्वारा उपसना गरिएका, भवभीतिबाट रक्षा गर्नमा सवैभन्दा मुख्य देवताका रूपमा नारायण भगवान्को भजन गर्दै उनको पीताम्बर धारण गरेको मनोरम स्वरूपको त्यहाँ चित्रण गरिएको छ । व्रजस्त्रीहरूका कामप्रद, गोरक्षक, घनश्यामको भजन गर्दै शङ्खचक्रगदाधारी, कमलको फूल हातमा लिएका विष्णु भगवान्का उपासना गरेर, रमालाई ससम्भ्रम आलिङ्गन गर्ने : **प्रेमपूर्ण** एवम् चरणद्वयले कालियनागको मर्दन गर्ने : **दुष्टविमर्दक** दुवै

---

[1] **अभि.सं. ६ ।**

स्वरूपमा भगवान्‌को आराधना गरिएको छ। यहाँ महापीठ नेपालमा निवास गरी परमहर्षित भएर स्वर्गलोकको वासलाई पनि उपहास गर्ने, पार्थसारथि, अनन्त दैत्यहरूका संहारक भगवान् कृष्णको वन्दना गरिएको छ । संसारको भारलाई हरण गर्ने, कृपापूर्ण वीक्षणले आफ्ना भक्तहरूको उद्धार गर्ने, वेणुवादन गरेर गोपिकाहरूको मन हर्ने, यशोदालाई सुख दिने, कंसको उन्मूलन गर्ने, यदुकुललाई निर्भय तुल्याउने, ग्राहको फन्दाबाट गजलाई मोचन गर्ने, निर्धन ब्राह्मण सुदामालाई परमश्री प्रदान गरेर राजातुल्य सम्पन्न गराउने, लज्जाको समुद्रमा डुब्न लागेकी द्रौपदीको उद्धार गर्ने, शङ्खदैत्यले हरण गरेका गुरूपुत्रको उद्धार गर्ने, भगवान् विष्णु/कृष्णको आराधना यहाँ गरिएको छ ।

यसै बीचमा उक्त रचनामा वासुकि नागराजलाई हृदयमा धारण गर्ने, फणामण्डलको मणिद्वारा भक्तहरूको दुःखान्धकारलाई हरण गर्ने भगवान् शिवको पनि भजन गरिएको छ ।

अन्तमा कवीन्द्र प्रताप मल्लले रचेको यो नारायणस्तवलाई पाठ गर्ने भक्त कष्ट र दुःखबाट पार भई निर्भय रहने स्तव पाठ फल पनि यहाँ बताइएको छ ।

यसरी भगवान् नारायणको एकमात्र स्तवका रूपमा रहेको यो नारायणस्तोत्रले राजा प्रताप मल्लको प्रारम्भिक स्तोत्ररचनाशैलीको बान्की प्रस्तुत गरेको छ । सरल पद-पदावलीले युक्त प्रस्तुत रचनामा **प्रसाद गुण**को अभिव्यक्ति भएको छ । भगवान् विष्णु र कृष्णको सुन्दर विग्रह र लीला चरित्रको वर्णन गर्दै भगवद्भक्तिको अभिव्यक्ति गरिएको यस स्तोत्ररचनामा भावध्वनिमूलक काव्यसौन्दर्य झल्किएको छ ।

४.१.१.२ शिवस्तुति

देवाधिदेव महादेव शिवको स्तवन गरेर रचिएका निम्नाङ्कित चारवटा रचनाहरू अभिलेखहरूमा पाइएका छन् ।

क. **स्वयम्भूभट्टारकस्तोत्रम्** (१७०७) : **स्वयम्भूस्थित शिलालेखबाट**

ख. **महेशाष्टकम्** (१७११) : **पशुपतिनाथस्थित शिलालेखबाट**

ग शिवरूपभीमसेनस्तोत्रम् (१७१२) : **भीमसेनस्थानस्थित शिलालेखबाट**

घ. **नृत्येश्वरदशकम्** (१७१४) : **कवीन्द्रपुरस्थित शिलालेखबाट**

उपर्युक्त रचनाहरूमा स्वयम्भूका रूपमा, भीमसेनका रूपमा, नृत्येश्वर (नटराज)का रूपमा समेत भगवान् शिवका स्वरूपको परिकल्पना गरिएको छ । सर्वप्रथम **स्वयम्भूभट्टारकस्तोत्रमा**[2] कवीन्द्र प्रताप मल्लले श्रीश्रीश्री स्वयम्भूरूप महेश्वरलाई नमन गर्दै स्वयम्भू चैत्यमा भगवान्

[2] **अभि. सं. ७ ।**

शिवको स्वरूप परिकल्पना गरेर आफ्नो हार्दिक श्रद्धा र आस्था व्यक्त गरेका छन् । गीतिलयमा आबद्ध १९ वटा पद्यमा स्वयम्भूरूप महेश्वरको नमन गरिएको यस रचनामा एकातिर स्वयम्भू डाँडाको प्राकृतिक सौन्दर्यको बयान गरिएको छ भने अर्कातिर भुक्ति र मुक्ति प्रदान गर्ने परमेश्वरको शुद्ध चिन्मय परमतत्त्वको चिन्तन गरिएको छ । कर्मवन्धनवाट मुक्त तुल्याउने, विश्वरूपस्वरूप ईश्वरको तन्त्रशास्त्रोक्त रूपको समेत वर्णन र नमन गरिएको प्रस्तुत रचना व्याकरणिक त्रुटिहरूले ग्रस्त भएकाले सुपाठ्य छैन । शिवको स्तवन गरिएको दोस्रो रचना **महेशाष्टकम्**मा भव्यरूप भएका पशुपतिको भजन गरिएको छ । भुजङ्गप्रयात छन्दमा रचित ९ पद्यहरूबाट सम्पन्न उक्त भक्तिरचनामा जटातटमा गङ्गालाई प्रवाहित गर्ने, तेस्रो नेत्रद्वारा कामदेवलाई भस्म गर्ने, चिताभष्मले समग्र देह भूषित भएका, हिमालयझैं शुभ्र वर्ण भएका, भवानीमा प्रेमरक्त, त्रिपुरान्तक, पिनाकधारी, समस्तदेववृन्दद्वारा पनि पूर्णतः चिन्न नसकिएका, नागविभूषणधारी, नीलकण्ठ महादेवको स्वरूप चित्रित छ । यहाँ दुष्ट दैत्यका मुण्डमालाले सुशोभित, भक्तजनप्रति कृपारत, किरातवेशधारी, कुठार, कुरंग र अभयमुद्रा धारण गर्ने कामदेवभन्दा पनि सुन्दर शिवका स्वरूपको आराधना गरिएको पाइन्छ । रवि, इन्दु र अग्निरूप त्रिनेत्रलाई धारण गर्ने, मनमोहक नृत्य गर्ने, कटाक्षपातद्वारा सुरस्त्रीहरूको मनलाई क्षुब्ध पार्ने, दुकूल, (रेशमी वस्त्र) छोडेर छाला ओढ्ने, विमान छोडेर मसानको आश्रय लिने, उमासङ्गमरत भएर पनि परम योगीस्वरूप भगवान् श्री पशुपतिनाथको यहाँ स्तवन गरिएको छ । यसरी **महेशाष्टकम्**मा शिवको भक्तानुग्रहकारी; कल्याणप्रद स्वरूप, शत्रुहरूप्रति अत्यन्त कठोर; भीषण रूप र कामदेवलाई पनि मात गर्ने; मोहक स्वरूपको समेत स्तवन गरिएको पाइन्छ ।

शिवरूप भीमसेनस्तोत्रमा[3] भीमसेनलाई नै शिवका रूपमा भावना गरेर स्तवन गरिएको छ । समग्र भीतिहरूलाई हरण गर्ने शिवको स्वरूप अनुसरण गर्ने पवनपुत्र भीमसेनलाई स्तवन/भजन गरिएको यस रचनामा गीति छन्दमा आवद्ध १४ वटा गीतिगुच्छ/पद्यरचना पाइन्छन् । समग्र स्तुतिकाव्यमा भीमसेनले गरेका वीरताका आख्यानहरूको बयान गरिएको पाइन्छ । यस रचनामा एकातिर कीचक आदि समग्र शत्रुहरूलाई ध्वस्त पार्ने भीमसेनको भयप्रद रूपको बयान गरिएको छ भने अर्कातिर द्रौपदीप्रति प्रेमपूर्ण मनोरम स्वरूपको पनि स्तवन गरिएको छ । मूलतः उनको भीषण र घोर स्वरूपका साथै भूतप्रेत पिशाच पिशचिनीद्वारा सेवित भयप्रद र शत्रुसंहारक भक्तजनकृपालु स्वरूपको समेत चिन्तन, वर्णन र स्तवन गरिएको छ । मूलतः भीमसेनकै वयान गरिएको भए तापनि शिवकै प्रतिरूप मानेर स्तवन गरिएकाले यहाँ राजा प्रताप मल्लको शिवाऽनुराग व्यक्त हुन्छ ।

---

[3] **अभि. सं. ३१ ।**

भगवान् शिवको स्तुतिगान गरिएको चौथो रचना **नृत्येश्वर-दशकम्**[4] हो । नाट्शालाका रूपमा निर्माण गरिएको वसन्तपुरपरिसरमा रहेको काष्ठमण्डप पुरोवर्ती '**कवीन्द्रपुर**'मा स्थापित शिलालेखमा उक्त भक्तिरचना पाइन्छ । शार्दूलविक्रीडित छन्दका १० पद्यमा संरचित यस स्तव काव्यमा भगवान् शिवको नृत्यरत स्वरूपको चित्रण र स्तवन गरिएको छ । 'श्री ३ नृत्यनाथलाई नमस्कार' गरेर प्रारम्भ गरिएको यस रचनामा एकातिर नटराज शिव र अर्कातिर अर्द्धनारीश्वर महेशको पनि स्वरूप चित्रण गरी त्यस्ता महेश्वरप्रति श्रद्धाभक्तिपूर्ण वन्दना प्रस्तुत गरिएको छ । कुन्दकुसुमजस्तो शुभ्र वर्ण भएका, मणिमय आभूषणले सुसज्जित, संसारसारभूत, कोटिलिङ्गस्वरूप, शूलहस्त, अष्टाभुजाधारी भगवान् नृत्येश्वरको नमन गर्दै, कवीन्द्र प्रताप मल्लद्वारा कालकूटविषधारी, डमरुवादक, फणिगणको आभूषणले सुशोभित, भव्यरूप शिवको आराधना गरिएको छ । साथै यस रचनामा बाइसभुजाले सुशोभित, सिंह, प्रेत र वृषभमा समेत आसन जमाउने समग्र रिपुकुललाई दमन गर्ने उग्ररूपधारी ईश्वरको स्वरूपलाई पनि चित्रण गरी नमन/वन्दना गरिएको छ । नवरसरुचिर भगवत्स्वरूप नृत्येश्वरको वन्दना गर्दै भगवान् शिवले नृत्य गर्न लाग्दा ब्रह्मा आदि सकल देवताहरूले वाद्यवादन गरिरहेको मनमोहक दृश्य पनि वर्णन गरिएको छ । उर्वशी, तुम्बुरु र समग्र सिद्धगणले समेत साथ दिएका नृत्येश्वरको रोचक स्वरूपको बयान गर्दै गङ्गाप्रवाहलाई जटामा धारण गर्ने, भवपाशको बन्धन हटाउने, कालेश, त्रिनेत्रधारी शरत्कालीन पूर्णचन्द्रोपम, नागको यज्ञोपवीत धारण गर्ने शिवको स्वरूप पनि यहाँ चित्रित पाइन्छ । अन्तमा शिव र पार्वतीको सम्मिश्रित रूप अर्द्धनारीश्वरको सुललित स्वरूपको समेत बयान गर्दै वन्दना गरिएको यस रचनामा भगवान् शिवका विभिन्न रूप र भगवत्स्वरूपको सुन्दर र आकर्षक चित्र उतारिएको छ । भगवान् शिवलाई कोमल र कठोर, प्रीतिदायक, मनमोहक र भीषण, एकस्वरूप र उभयस्वरूप, (अर्द्धनारीश्वर) आदि भिन्न भिन्न रूपमा चित्रित गरी त्यस्ता '**नृत्येश्वर**' शङ्करको हार्दिक वन्दना यहाँ गरिएको छ । अत्यन्त सरल पदपदावली र **प्रसाद** गुणद्वारा सम्पन्न यस रचनामा कवीन्द्र प्रताप मल्लको भगवान् नृत्येश्वर शिवप्रतिको उत्तम अनुराग व्यक्त भएको छ ।

यसरी प्रताप मल्लले शिवको उपासना आराधना र वन्दनामा प्रस्तुत चार रचनाहरूमा उनका **स्वयम्भूरूप, भीमसेन र नृत्येश्वरस्वरूप**को समेत सुन्दर वर्णन गरेका छन् । ईश्वरका भिन्न-भिन्न आयाम र व्यक्तित्वको आकर्षक बयान गर्दै यी रचनाहरूमा कवीन्द्रले आफ्नो कलात्मक काव्यशिल्प प्रस्तुत गरी भक्तिभावको अभिव्यक्ति गरेको पाइन्छ ।

---

[4] **अभि. सं. ४४ ।**

४.१.१.३ देवीस्तुति

देवीको उपासना र आराधना गरिएका देवी-स्तुतिपरक स्तोत्र-रचनाहरू यी अभिलेखहरूमा सर्वाधिक मात्रामा पाइएका छन् । समग्र सृष्टिमा शक्तिको केन्द्रका रूपमा अधिष्ठित देवीका विभिन्न रूपहरूको ध्यान, वन्दना, आराधना, उपासना, नमन, क्षमायाचनजस्ता भावनाहरूको अभिव्यक्ति देवीस्तुतिमूलक रचनाहरूमा सन्निविष्ट रहेको पाइन्छ । राजा प्रताप मल्लले आफ्नी कुलदेवी तुलजा भवानी, कालिका, वज्रयोगिनी, चण्डिका, गुह्येश्वरी भवानी आदिका रूपमा त्यस शक्तितत्त्वको स्तवन र प्रार्थना गरेको पाइन्छ । देवीस्तुतिसम्वद्ध भक्तिमूलक काव्यरचनाहरूको विवरण यस प्रकार छ :

क. वियोगनिस्सारणप्रार्थना (१७१०)	:	जगन्नाथ पेटीमा उत्कीर्ण शिलालेखबाट
ख. सर्व्वापराधस्तोत्रम् (१७११)	:	गुह्येश्वरी पीठस्थित शिलालेखबाट
ग. कालिका भुजङ्गदशकम् (१७११)	:	तलेजुस्थित अभिलेखबाट
घ. वज्रयोगिन्याः कामदस्तोत्रम् (१७१२)	:	वज्रयोगिनीस्थित अभिलेखबाट
ङ. जाड्यमुद्गरस्तोत्रम् (१७१२)	:	वज्रयोगिनीस्थित अभिलेखबाट
च. सर्व्वमङ्गलाष्टकम् (१७२०)	:	त्रिशूलचोकस्थित अभिलेखबाट
छ. चण्डिकाष्टकम् (१७२७)	:	प्रतापस्तम्भमा उत्कीर्ण अभिलेखबाट
ज. भवानीस्तुति (१७२८)	:	तलेजुस्थित सुवर्णद्वारमा उत्कीर्ण अभिलेखबाट

यसरी जम्मा ८ वटा देवीस्तुतिपरक रचनाहरू अभिलेखहरूमा उपलब्ध छन् ।

क वियोगनिस्सारणप्रार्थना

जगन्नाथमन्दिरको पेटीमा उत्कीर्ण भक्तिरचनाको शीर्षक **'वियोगनिस्सारणप्रार्थना'** रहेको कुरा अनुसन्धाताहरूले[5] स्पष्ट पारेका छन् । यस रचनामा माता कालिकाको स्तवन गरिएको छ । यस रचनाको पूर्ण पाठ हाल उपलब्ध छैन । विभिन्न स्रोतबाट उपलब्ध अभिलेखांशको जोडबाट यस रचनामा रहेका जम्मा सात पद्य प्राप्त भएका छन् । यस रचनामा शिवकी प्राणाधिक प्रिय कालिकाको स्तवन गर्दै भक्तहरूको विपदन्धकार-समूहलाई विध्वस्त तुल्याउने भगवतीका नामको महात्म्य वर्णन गरिएको छ । यस्ती माता कालिकाप्रति **चरणारविन्दका छत्रछायाको सुख सधैं प्राप्त होस्,** भन्ने कामना कविले प्रकट गरेका छन् । यस्तै अर्को पद्यमा चाहिँ आफ्नी प्रियतम सहचरी (रानी/राजमती)सँग कहिल्यै विरहित हुन नपरोस् भन्ने प्रार्थना गरिएको छ । एउटा अर्को

[5] धनवज्र वज्राचार्य(प्र.सम्पा.),**इतिहास संशोधनको प्रमाण प्रमेय.**(ललितपुरः जगदम्बा प्रकाशन, श्री दरबार टोल,वि.सं. २०१९) पृ.५१ ।

पद्यमा आफ्ना काव्यरचनाहरूप्रति उपेक्षा-भाव राख्नेहरूप्रति तीव्र आक्षेप व्यक्त गरिएको पनि छ । आलङ्कारिकताले भरिएको यस रचनालाई उत्तम काव्यका रूपमा अघि सार्न सकिन्छ ।

ख. सर्व्वापराधस्तोत्रम्

दोस्रो दवीविषयक स्तुतिरचना **'सर्व्वापराधस्तोत्रम्'** हो । सर्वप्रथम गुह्येश्वरी पीठमा वि.सं. १७११ मा स्थापित शिलालेखमा उत्कीर्ण उक्त रचना अन्य शिलालेखहरूमा पनि अनेकवार उत्कीर्ण गरिएको पाइन्छ । कतै यसै रचनालाई **'महापराधस्तोत्रम्'** नाम दिइएको भेटिन्छ । जम्मास्रग्धरा छन्दका १८ वटा पद्यमा रचिएको उक्त स्तोत्रमा देवी कालिकाको स्तवन गरिएको छ । आफूले जन्मेदेखि हालसम्म गरिएका सम्पूर्ण अपराध एवं आराधनाको व्यतिक्रमका लागि कातरभावले क्षमायाचना गर्दै कवीन्द्र प्रताप मल्लले यस रचनामा 'त्यस्ता कुनै पनि अपराधलाई ग्रहण नगरिदिन (वास्ता नगरेर, कृपाभाव राख्नुहुन) भगवती कालिकालाई प्रार्थना' गरी आफूमाथि प्रसन्न हुन विन्ती गरेका छन् । प्रस्तुत रचनामा मानवले जन्मिएपछि आफ्नो सृष्टिकर्तालाई स्मरण गर्ने, वन्दन र नमन गर्ने, प्रार्थना गर्ने र कृतज्ञता विन्ती गर्ने आदि कर्तव्य पूरा गर्नुपर्नेमा त्यसो नगर्नाले, संसारको मोहजालमा भुलेर आफ्ना इष्टदेवलाई विस्मरण गर्नाले कालान्तरमा भक्तका मनमा पैदा हुने अपराधबोधको सफल चित्रण गरिएको पाइन्छ । आफ्ना सबै इन्द्रियहरूलाई देवी कालिकाको आराधनामा लाग्न आज्ञा गरिएको छ । मूलतः **अपराध क्षमापन याचना** नै यस रचनाको केन्द्रीय विषयवस्तु बन्न पुगेको देखिन्छ । विभिन्न सम्प्रदायमा लागेर विविधि देवताको स्तुति गरे पनि ती सबै आराधना देवी कालिकाकै स्तुति र उपासनामा पर्यवसित हुने तथ्य प्रकट गर्दै सबै मार्गद्वारा उपासना गरिएकी[6] कालिकाको प्रार्थना गरेर हरेक देवदेवीका आराधनाको लक्ष्य एउटै परमशक्तिको उपासना हो भन्ने भावको अभिव्यक्ति यस रचनामा पाइन्छ । संसारका विभिन्न भौतिक उपलब्धिहरूको निस्सारता देखाउँदै असार संसारको मोहलाई छोडेर नित्यानन्दमयी देवीको उपासनामा संलग्न रहने सन्देश पनि यस रचनामा पाइन्छ ।[7] आदि **शङ्कराचार्य**का[8] रचनाको प्रभाव पाइने एवम् आफ्नो हृदय कर्म, मन, वचन, आँखा, कान, त्वचा आदिद्वारा कुनै पनि क्षण गरिएको अपराधप्रति पूर्णतः क्षमाप्रार्थना गरिएको यस रचनामा कवीन्द्र प्रताप मल्लको कालिकाप्रतिको ऐकान्तिक भक्ति र प्रार्थनाको अभिव्यक्ति पाइन्छ ।

ग कालिकाभुजङ्गदशकम्

देवीको स्तुतिविषयक रचना **कालिकाभुजङ्गदशक**[9] हो । श्री गुह्येश्वरी पीठको उद्धार गर्ने प्रसङ्गमा राजा प्रताप मल्लले वि.सं. १७११ मा यो रचना अङ्कित गराएका थिए । पछि तुलजा

---

[6] **अभि. सं. ३९/१५ ।**
[7] **अभि. सं. ३९/१३ ।**
[8] **अभि. ३९/१८**, तुलनीय : 'करचरणकृतं वा कायजं कर्म्मजं वा ...' इत्यादि पद्य ।
[9] **अभि. सं. ४१ ।**

भवानीको उपासना-प्रसङ्गमा तलेजु मन्दिरको छतमा पनि यही रचना अङ्कित गराइयो । कालिकाको स्तवन गरिएको र भुजङ्गप्रयात छन्दका १० पद्यहरूद्वारा सम्पन्न भएकाले यसलाई **'कालिकाभुजङ्गदशकम्'** नाम दिइएको स्पष्ट हुन्छ । यस रचनाको पहिलो पद्य अपूर्ण छ र अन्तिम पद्य पुष्पिका वाक्यका रूपमा रहेको छ, यी दुई पद्यवाहेक नै जम्मा १० वटा पद्य यस स्तोत्ररचनामा रहेका छन् । यस रचनामा देवी कालिकाप्रति कवीन्द्र प्रताप मल्लको एकनिष्ठ भक्तिभावको सुन्दर अभिव्यक्ति पाइन्छ । 'कालिकालाई छोडेर अन्य कुनै देवदेवीप्रति आफूले कहिल्यै पनि दीन-वचन नबोल्ने र नमन नगर्ने' सम्मको दृढता प्रकट गर्दै[10] जगद्धारिणी, वैरिविध्वंशिनी र प्राणरूपा देवीका रूपमा कालिकाको स्तवन गरिएको छ । कालिकाको परमशोभाशाली विग्रहको बयान गर्दै 'महाकालिकाको चरणद्वयले सनाथ भएकाले यमदूतदेखि पनि आफू नडराएको' प्रसङ्ग यहाँ वर्णित छ । जन्म जन्मान्तरको पुण्यले आफ्नो मस्तकमा कालिकाको चरणद्वयको छत्रछायाँ पर्न गएकाले आफू धन्य बनेको भाव व्यक्त गर्दै देवी भवानीप्रति कृत-कृत्यभाव पनि यहाँ रचनाकारद्वारा व्यक्त गरिएको छ । कालिकाका चरणकमलको सुखद छायाले समग्र सुख उपलब्ध हुने भएकाले पदद्वन्द्वमा निर्द्वन्द्व भक्तिभावको कामना गर्दै पाँचवटा प्रेतमाथि बसेकी, उग्ररूपा कालिकाको पनि यहाँ उपासना गरिएको छ । नवग्रहहरूमध्ये सवै अन्य ग्रह दोषदुष्ट भएकाले गुरु वृहस्पति र वंशनाथ सूर्य यी दुई निर्दुष्ट ग्रहलाई मात्र कवीन्द्रले यहाँ वन्दना गरेका छन् । कालिकाका कटाक्षपातले आफ्नो कल्याण गर्ने भएकाले आफू निश्चिन्त भएको भाव व्यक्त गर्दै देवी कालिकालाई सधैँ कृपावीक्षणको अनुग्रह गरिरहने याचना पनि गरिएको छ । समग्रमा यस रचनामा कवीन्द्र मल्लको देवी कालिकाप्रतिको एकनिष्ठ भक्तिभाव, शरणागति, अनन्य श्रद्धा र देवीको प्रसाद पाउनाले अनुभूत कृतकृत्यताको भाव अत्यन्त हार्दिक शैलीमा व्यक्त भएको देखिन्छ ।

घ. वज्रयोगिन्याः कामदस्तोत्रम्

देवीको स्तुतिसम्बद्ध चौथो रचना **'वज्रयोगिन्याः कामदस्तोत्रम्'**[11] हो । वज्रयोगिनी मन्दिरको परिसरमा स्थापित शिलालेखमा उत्कीर्ण यो रचना भुजङ्गप्रयात छन्दमा रचिएका १५ वटा पद्यले सम्पन्न छ । वज्रयोगिनी माताको यो स्तुति पाठ गर्नाले समग्र कामनाहरूको पूर्ति हुने फलश्रुति रचनाको अन्त्यमा बताइएकाले यसलाई **'कामद'** भन्ने विशेषण दिइएको ज्ञात हुन्छ । यसमा **'नगेन्द्रात्मजा'** भनेर **'हरप्रेयसी'** का रूपमा पर्वतराजपुत्री पार्वतीको स्तवन गरिएको छ । यसमा देवीको सुन्दर मनोरम रूपको र भीतिप्रद स्वरूपको पनि एकैसाथ वर्णन र आराधन गरिएको छ । यहाँ विम्बकान्तिलाई पनि परास्त गर्ने सुन्दर स्वरूप धारण गर्ने, पदद्वन्द्वले कमलवृन्दलाई पनि निम्न तुल्याउने मृगनयनी उज्ज्वलाङ्गी भवानीको सौम्य रूपको एकातिर वर्णन पाइन्छ भने

---

[10] **अभि. सं. ४१/९ ।**
[11] **अभि. सं. २० ।**

अर्कातिर चण्डमुण्डविनाशिनी, मुण्डमालाधारिणी, तरबार हातमा लिएकी, श्मशानवासिनी, शवारूढा, मदिरापन-परायणा, द्वीपिचर्म्मधारिणी, प्रचण्डाट्टहासकारिणी, अरिविनाशिनी उग्ररूपा चण्डिकाको वर्णन र वन्दना गरिएको पाइन्छ । विपत्तारिणी उग्रतारा, एकजटाधारिणी एकजटा र लीलाद्वारा वाक् प्रदान गर्ने लीलसरस्वतीका रूपमा समेत उक्त देवीको उपासना गर्दै क्वणत्किङ्किणीधारिणी देवीप्रति आफूमाथि अनुग्रह गर्ने याचना गरिएको छ । आफूमा ध्यान गर्ने शक्ति र प्राणायामको साधना गर्ने सामर्थ्य नभए पनि जगदुद्धारिणी देवीलाई माताको रूपमा भावना गरी आफूलाई शिशुस्थानीय मानेर आफ्ना सबै अपराधको क्षमा गर्दै आफूमाथि कृपा-दृष्टि राख्ने र आफ्नो कल्याणका लागि दीनबन्धु शिवमा प्रार्थना गरिदिने याचना पनि यस रचनामा रचयिताद्वारा प्रस्तुत गरिएको छ । यसरी उक्त रचनामा अम्बिकाका सौम्य र उग्र दुवै रूपको आराधना गर्दै त्यस्ती देवीप्रति आफ्नो भक्तिभाव व्यक्त गरी आफूमाथि कृपादृष्टि राख्नका लागि प्रार्थना गरिएको देखिन्छ । **भगवद्विषयिणी रति**को उत्कर्ष देखिनाले यो रचना अत्यन्त भावपूर्ण बनेको छ ।

ङ. जाड्यमुद्गरस्तोत्रम्

देवीस्तुतिविषयक पाँचौं रचना **'जाड्यमुद्गरस्तोत्रम्'** हो ।[12] वज्रयोगिनी मन्दिर परिसरमा अवस्थित शिलापट्टमा उत्कीर्ण उक्त भक्तिरचना गीतिलयमा आबद्ध ८ गीतिगुच्छद्वारा सम्पन्न भएको छ । **'राज-विजय राग'** र **'खर्जति ताल'**मा निबद्ध यस रचनामा देवीको उग्र रूप भनेर चिनिने चण्डीलाई स्तवन र नमन गरिएको छ । **'जय चण्डि !'** भनेर प्रारम्भ गरिएको यस रचनाको अन्तिम गीतिगुच्छमा, 'कवीन्द्र प्रताप मल्ल नृपति (नामक यस) बालकलाई रक्षा गर्नुहोस्' भनेर माताका रूपमा चण्डीको आराधना गरिएको छ । अन्य सबै पङ्क्तिहरूमा एउटै 'चण्डि' पदका विशेषण पदावलीहरू रहेका छन् । सुन्दर चकोरका झैं नयन भएकी, पर्वतपुत्री, गिरिशप्रिया, रिपुकुलनाशिनी देवीको स्मरण गर्दै युद्धमा मारिएका शताधिक शत्रुकुलको उष्ण शोणिताऽऽसव (तातो रक्तरूपी मदिरा) पानमा संलग्न भएकी, सर्पका कर्ण्णाऽभूषणहरूले सुशोभित र भयङ्कर रूप भएकी, नील कमलतुल्य शोभाशाली शरीरद्युतिले पुररिपुलाई रञ्जित तुल्याउने, तीव्र विषधारी विषधरको मालिकायुक्त, गिरितुल्य उत्तुङ्ग कुचद्वयद्वारा सुशोभित भएकी, लम्बायमान जटाधारिणी, भुजगराजविभूषिता, परमशवरूप शिवको हृदयकमलमा सुखपूर्वक वास गर्ने, हातमा तरबार लिएकी, काटिएको नरमुण्डद्वारा युक्त, हात्तीको छाला बेरेकी, सर्पको नुपूर धारण गरेकी, ठूलो पेट र वामपुड्के शरीर भएकी, युद्धमा मारिएका शत्रुहरूको मुण्डद्वारा निर्मित माला धारण गरेकी, डरलाग्दो श्मशानमा बस्न रमाउने भगवान् पशुपतिसँग स्वेच्छाचार विहार गर्न तत्पर भएकी, चण्डिका देवीको स्तुति गर्दै अन्त्यमा त्यस्ती देवीको 'चरणद्वयको धूलि प्राप्त गर्न लोलुप भएर चरणनजिकै शिर झुकाउने बालक प्रताप (मल्ल)को रक्षण गर्नुहोला' भन्ने आशयको विन्ती

[12] **अभि. सं. २०** ।

यस रचनामा प्रस्तुत गरिएको छ। निष्कर्षतः **'जाड्यमुद्गरस्तोत्रम्'** देवी चण्डीको उग्र, भयावह र विनाशक रूपलाई प्रस्तुत गर्दै त्यस्ती देवीको जयकार गरी नतशिर बनेका प्रताप मल्लको भक्तिभाव अभिव्यक्त गर्ने स्तुति-रचना हो भन्न सकिन्छ। तन्त्रशास्त्रीय परम्परावाट प्रभावित कवीन्द्रको प्रस्तुत रचना मूलतः भगवतीको विनाशक स्वरूपको विशद वर्णनमा सफल रहेको देखिन्छ। भावानुकूल विकटघटनापूर्ण दीर्घसमासाश्रित पदावलीहरूद्वारा रचित यस स्तोत्रले लेखकको ओजोगुणशाली रचनाधर्मितालाई प्रस्तुत गरेको पाइन्छ।

च. सर्वमङ्गलाष्टकम्

देवीस्तवपरक छैठौं रचना **'सर्व्वमङ्गलाष्टकम्'**[13] हो। तुलजा भवानीको मन्दिर प्राङ्गणस्थित त्रिशूलचोकमा स्थापित शिलास्तम्भमा उत्कीर्ण उक्त रचना भुजङ्गप्रयातछन्दोवद्ध ८ पद्यहरूद्वारा सम्पन्न गरिएको छ। प्रथमतः कालिकालाई नमन गरी प्रारम्भ गरिएको यस स्तवमा 'प्रताप मल्ल राजालाई कल्याण प्रदान गर्नुहोला' भनी भवानीलाई प्रार्थना गरिएको छ। वस्तुतः **'प्रयच्छ, प्रतापाय भूपाय भद्रं भवानि !'** यो एक वाक्य प्रत्येक पद्यको चौथो चरणमा पर्न गएको छ। यस स्तुतिकाव्यमा माता भवानी देवीको कृपाप्रद र सेवकहरूलाई आनन्दप्रद सौम्य, सुन्दर र करुणापरायण स्वरूपको चिन्तन गरिएको छ। सकल देववृन्दद्वारा सततः वन्दिता, कमलनयना, शङ्करप्रिया, चरणविनत भक्तहरूप्रति परमप्रसाद प्रदान गर्ने, भवजलधितारणपरायणा, ब्रह्मादिदेववृन्दवन्दिता, पुरारिप्रमोदप्रदा, ईषत्-हास्यमुखकमला, मनोरमस्वरूपा सुन्दरी कल्याणमयी देवी भवानी माताको अत्यन्त सौम्य र रुचिकर विग्रहको वर्णन यस स्तवरचनामा पढ्न पाइन्छ। स्वल्पसमासयुक्त र असमस्त पद-पदावलीद्वारा आवद्ध यस स्तोत्ररचनामा कोमलवर्ण-विन्यासद्वारा **पाञ्चाली रीति**को अनुसरण गर्दै **माधुर्य र प्रसाद गुण**को अभिव्यक्ति र तद्द्वारा भावाभिव्यक्ति गरिएको पाइन्छ।

छ. चण्डिकाष्टकम्

देवीस्तुतिमा समर्पित सातौं रचना **'चण्डिकाष्टकम्'**[14] हो। देगुतले अगाडि खडा गरिएको भव्य प्रतापस्तम्भको शिलापट्टमा उत्कीर्ण यो भक्तिरचना पञ्चचामर छन्दमा आवद्ध ८ पद्यहरूद्वारा सम्पन्न छ। प्रथमतः कालिकालाई नमन गरी प्रारम्भ गरिएको यस रचनामा देवीको उग्र रूपका लागि प्रसिद्ध चण्डिकाको नमन र स्तवन गरिएको छ। प्रायः सबै पद्यहरूका वाक् रचनाहरूको केन्द्रीय क्रियापद प्रथम पद्यको प्रारम्भ पद **'जय !'** क्रियापदसँग सम्वद्ध रहेको देखिन्छ। यहाँ देवीका विभिन्न विशेषणहरूद्वारा सम्पन्न भव्य काव्यसम्पदा प्रस्तुत गरेर आठ पद्यहरू रचिएका छन् जसमा चण्डिकाका सुन्दर, सौम्य एवम् प्रचण्ड, भीतिप्रद भव्य रूपहरूको

---

[13] **अभि. सं. ३१।**
[14] **अभि. सं. ३३।**

समेत व्यापक वर्णन गरिएको छ र ती सबै विशेषण-पदावलीहरूको **'जय !'** (जय होस्) क्रियापदसँग अन्विति रहन गएको छ । प्रचण्ड चण्डमुण्डहरूको खण्डनमा पण्डित भएकी, ब्रह्मादि सकलदेवताद्वारा वन्दिता, चकोर र चञ्चरीकका झैं चण्ड-चारुलोचन-युक्ता विलोलकुन्तलावलीमा विलासको वासगृह भएकी, सुन्दर कण्ठपीठमा रम्य मुण्डमाला धारण गरेकी, फणीन्द्रको कुण्डल धारण गरेकी, इन्द्रनील मणिसमान कान्ति भएकी, निशुम्भ-शुम्भमर्दिनी, सुरम्य किङ्किणीद्वारा नितम्बबिम्ब सुशोभित तुल्याएकी, चम्किलो स्वर्णद्वारा रचिएको नुपूर धारण गरेकी, कोकिलकलकण्ठी, भक्तहरूका समस्त दुःखहरूको दारण गर्नमा निपुण, महामुनीन्द्रद्वारा उपास्या, मुक्ता, प्रबाल आदि रत्नहरूको आभूषण धारण गर्ने, राम्रा कङ्कण, अङ्गद र औंठीहरू धारण गर्ने, कल्पवृक्षको प्रसूनमण्डित रेशमी वस्त्र धारण गरेकी, सुगाको जस्तो चुच्चो र रम्य नासिका भएकी, मोतीका पङ्क्तिजस्ता सुन्दर स्वच्छ दन्तावलीले सुशोभित भएकी, सुपक्व-विम्व झैं मनोहर अधरोष्ठ भएकी, षट्चक्रलाई भेदन गर्न तत्पर कुण्डलिनीस्वरूपा, सधैं अट्टहास गर्ने, प्रमत्तदैत्यलाई विदारण गर्ने, श्मशानको मध्यमा निवास गर्ने, असल साधकमा दयाभाव राख्ने, मदमत्त रक्तबीजको रक्तपान गर्ने, पिनाकपाणि शङ्करकी वल्लभा चण्डिका भवानीको स्तुति गर्दै यहाँ कवीन्द्र प्रताप मल्लले आफ्ना समस्त अभिलाषाहरूको पूर्तिका लागि प्रार्थना गरेका छन् । भव्य वस्तुको वा कल्याणको कामना गर्नेहरूले कवीन्द्ररचित यस स्तोत्रको पाठ गर्नाले इच्छापूर्ति हुने फलश्रुति पनि यस रचनाको अन्तिम पद्यमा प्रस्तुत गरिएको पाइन्छ । यसरी **'चण्डिकाष्टकम्'** देवीको मुख्यतः उग्ररूप र गौणतः सुन्दरस्वरूपको समेत वर्णन गर्ने स्तवकाव्य हो । लामा लामा विकटसङ्घटनापूर्ण समस्त पदावलीहरूको प्राचुर्य रहेको यस स्तवकाव्यमा **गौडी रीतिलाई** वरण गर्दै **ओजोगुणको** अभिव्यक्तिद्वारा **भावको अभिव्यञ्जना** गरिएको छ । देवीको प्रचण्ड स्वरूप र कामप्रद मुद्राको उपासना गरिएको यस रचनामा पनि कवीन्द्रको काव्य-रचनासौष्ठव व्यक्त हुन पुगेको छ ।

ज. भवानीस्तुति

देवीस्तुतिविषयक आठौं रचना तलेजुको बायाँपट्टिको सुवर्णद्वारमा[15] उत्कीर्ण गरिएको छ । मैथिली भाषामा रचिएको यस गीति रचनामा जम्मा ९ गीतिगुच्छ रहेका छन् । सङ्गीतका विविध वान्कीहरू प्रस्तुत गरिएको यस स्तवकाव्यमा 'सारथ राग र खर्जति' तालमा आवद्ध २ गीति-गुच्छ, **धनाश्री राग र खर्जति** तालमा आवद्ध १, **पहाडिया राग र गण्डल** तालमा रचिएको १, सोही रागको एक तालमा रचिएको १, **केदार राग र (झ)पतालमा** आवद्ध १, **विहाग राग र एक** तालको रचना १, **जयवन्ती, बिलावल राग र एकतालमा** रचिएको १ रचना, **धनाश्री राग र एक** तालमा आबद्ध १ रचना समेत प्रस्तुत गरिएको छ । यसरी **सारथ, धनाश्री, पहाडिया, केदारा, जयजयवन्ती, विलावल रागहरूको** शास्त्रीयतायुक्त पदरचना भएको यस स्तवकाव्यमा विभिन्न

[15] **अभि. सं. ४०** ।

तालहरूको पनि अनुसरण गरिएको देखिन्छ । यसप्रकार यो **मैथिली गीति रचना 'रागमाला'**का रूपमा देखापरेको छ । विभिन्न समय ऋृतु र अवसरमा प्रस्तुत गरिने विभिन्न भावका संवाहक उक्त शास्त्रीय गानका रचनाहरूले कवीन्द्रको संगीज्ञतालाई पुष्टि गर्दछन् । यस गीति-स्तवकाव्यमा भवानीको स्तुति गाइएको छ । उनको कृपापरायण करुणामय स्वरूपको वर्णन गर्दै माता भवानीप्रति 'पुत्र कुपुत्र भए पनि आफूले जानी नजानी गरेका समस्त अपराध र पापकृत्यहरूलाई क्षमा गरी आफूमाथि कृपादृष्टि र करुणाभाव राख्ने याचना यहाँ प्रताप मल्लले गरेका छन् । समस्त, देव-वृन्दद्वारा वन्दना गरिएकी भवानीको सुमधुर वर्णन र प्रशंसन गर्दै त्यस्ती देवीप्रति आफ्नो हृदयमा रहेका अटल आस्था र श्रद्धा व्यक्त गरी यस रचनामा करुणामयी मातामा आफू उपर परमकृपा गर्ने अभ्यर्थना गरिएको पाइन्छ । सरल मैथिली भाषामा रचिएको यस **'गीतिमाला'**मा एकातिर प्रताप मल्लको साङ्गीतिक विज्ञता व्यक्त भएको छ भने अर्कातिर भगवतीप्रतिको आस्था एवं भक्तिभावको सुरम्य हृद्य अभिव्यक्ति हुन पुगेको छ ।

झ. निष्कर्ष

यसरी उपर्युक्त देवीस्तुतिविषयक आठ रचनाहरूमा राजा प्रताप मल्लले देवीका विविध स्वरूपको उपासना र आराधना एवं वन्दना गरेको पाइन्छ । कतै करुणामयी माताका रूपमा, कतै समस्तशत्रुविनाशिनी चण्डिकाका रूपमा समेत देवीका शान्त-सौम्य र उग्ररूपको समेत वर्णन गरिएको पाइन्छ । प्रायः समस्त शत्रुगणलाई विनाश गर्ने विनाशकारिणी प्रलयङ्कारिणी देवीका रूपमा उनको आराधना गरेर कवीन्द्रले आफ्ना समस्त शत्रुहरूलाई पनि विनाश गरिदिने याचना वा अभीप्सा व्यक्त गरेका छन् भने अर्कातिर आफ्नो करुणामय स्वरूपबाट परमकृपा प्रदान गर्ने याचना पनि प्रकट गरेका छन् । मूलतः माता तुलजा भवानीका उपासक प्रताप मल्लले भवानीप्रति आफ्नो अटल आस्था, अपार श्रद्धा र अनन्यभक्तिको प्रकटीकरण यी रचनाहरूमा गरेको पाइन्छ । काव्यशास्त्रीय दृष्टिमा पनि यी स्तवकाव्यहरू अलङ्कारप्रचुर गुणशाली एवम् भाव-प्रभूत रहेका देखिन्छन् । प्रताप मल्लको काव्यकारिताका विभिन्नशैलीहरू यी रचनाहरूमा व्यक्त भएको छ ।

४.१.१.४ नृसिंहस्तुति

राक्षसराज हिरण्यकशिपुको विनाश गरी भक्त प्रह्लादको रक्षा गर्दै परमकृपा प्रदान गर्न भगवान् नृसिंहको अवतार भएको प्रसङ्ग पौराणिक साहित्यमा पाइन्छ । धर्मको ग्लानि र अधर्मको अभ्युत्थान भएका बेला सज्जनहरूको परित्राण र दुर्जनहरूको विनाश गर्नका लागि र धर्मसंस्थापनका निम्ति भगवान्को आविर्भाव हुने कुरा शास्त्रसम्मत रहेको तथ्य सर्वविदित छ । तद्नुरूप भगवान् विष्णुको चौथो अवतार **नरसिंह**का रूपमा भएको थियो । **'नर'** र **'सिंह'** मिलेर बनेको यस अवतारविग्रहमा शरीर नरको र शिर सिंहको ग्रहण गरेर अद्भुत स्वरूपमा भगवान्

यस धराधाममा अवतीर्ण हुनुभयो । राक्षसराज **हिरण्यकशिपु**को वक्षःस्थल विदारण गरेर उसको आतङ्कबाट समस्त भक्तजनहरूलाई मुक्त तुल्याउनुभयो । सो अवतारपछि अधर्मी र अन्यायी शत्रुजनहरूको विनाशका लागि नृसिंहको आराधन गर्ने परम्परा चल्यो । सोही परम्पराऽऽनुरूप राजा प्रताप मल्लले पनि 'शत्रुहरूको विनाश गरी आफ्नो रक्षा गर्नुहोला' भन्ने अभिप्रायले **भगवान् नृसिंह**को आराधना गरेको बुझिन्छ । राजा प्रताप मल्लको शासनकाल अरु मल्ल राजाहरूको तुलनामा निकै लामो (३३ वर्षको) रह्यो । यस अवधिमा विभिन्न शत्रुहरूले आफ्नो दाउपेच चलाए होलान् भन्ने कुरा सहज अनुमेय छ । राजाले आफ्नो षाड्गुण्य नीति प्रयोग गरेर आफ्नो राज्य निष्कण्टक तुल्याए । उनी ईश्वरप्रति परम आस्था भएका राजा थिए । त्यसैले भगवान्प्रति उनको अटलविश्वास थियो, **भगवती तुलजा** उनकी परमआराध्या **कुलदेवी** थिइन् । **भगवान् नारायणको स्तुति**मा उनले काव्यरचना गरेका थिए उनै **नारायण**को शत्रुविनाशक र भक्तउद्धारक छवि बनेको **भगवान् नृसिंहको स्वरूप**-विग्रहलाई आराधना गर्दै प्रताप मल्लले 'आफ्नो वासस्थानको रक्षा होस्' भन्ने हेतुले **वसन्तपुर दरबार**को द्वारको भित्री भागमा **नृसिंहमूर्ति** स्थापना गरेका छन् । गाढा कालो रंगको प्रस्तरमा कुँदिएको, आफ्नो नङ्ग्राले हिरण्यकशिपुको छाती चिर्दै गरेको भक्त प्रह्लादको उद्धार गर्दै गरेको दृश्य अङ्कित भएको सो मूर्ति अद्यावधि सो स्थानमा देख्न सकिन्छ । भक्तहरूद्वारा त्यहाँ गएर दर्शन, पूजन र नमन गर्ने क्रम आजसम्म पनि चलिरहेकै छ । (तस्वीर परिशिष्ट भागमा प्रस्तुत छ ।)

सोही मूर्तिको पादपीठमा र **कवीन्द्रपुर**स्थित शिलालेखमा पनि नृसिंहस्तोत्रका रचनाहरू पाइन्छन् । त्यस्ता रचनाहरू दुईवटा छन् - क. **नृसिंहस्तोत्र - पद्यरचना** र ख. **नृसिंहस्तोत्र गीतिरचना** ।

क. नृसिंहस्तोत्र-पद्यरचना

नृसिंहस्तोत्र पद्य रचनामा[16] भुजङ्ग्रयात छन्दमा आवद्ध जम्मा ६ श्लोक रहेका छन् । प्रथमतः भवानीशङ्करलाई नमन गरेर यस रचनाको श्रीगणेश गरिएको छ । प्रथम पद्यमा **अर्धनारीश्वर**लाई र दोस्रो पद्यमा **जगन्नाथदेव**लाई नमन गरिएको छ । त्यसपछिका दुई पद्यमा **नृसिंहदेव**को भजन गरिएको छ । अन्तिम दुई पद्यमा नृसिंहोपासना गर्नुको हेतु बताइएको छ ।

प्रथमतः प्रीतिको गरिमाले एउटै देह अवलम्बन गर्ने, समस्त देववृन्दद्वारा सुसेवित, अनुरागपूर्ण, प्रसन्न, रतिमाथि दयाभाव राख्ने अर्द्धनारीश्वर महेशलाई नमन गरिएको छ । त्यसपछि जसको मुख कमलको दर्शन पाएपछि पुनः पुनः गर्भवासको दुःख समाप्त हुन्छ, त्यस्ता जन्म-मृत्यु-जरा-व्याधिको दुश्चक्रबाट मुक्त तुल्याउने ब्रह्मादिदेववृन्दद्वारा स्तुति गरिएका **जगन्नाथदेव**को नमन गरिएको छ । तदनन्तर **नृसिंह भगवान्**को स्तुति गर्दै भनिएको छ -

[16] **अभि. सं. ४४ ।**

'जाज्वल्यमान अग्नितुल्य विशाल नेत्र भएका जटाको प्रहार/आक्षेपले नक्षत्रसमूहलाई छरपस्ट तुल्याउने, नङ्ग्राले दैत्यराज **हिरण्यकशिपु**को विदलन गर्ने करालाकृति **नृसिंह**को म स्तवन गर्दछु ।' चम्किरहेको विद्युल्लेखातुल्य केशपुञ्ज भएका, आफ्नो तीक्ष्ण कान्तिद्वारा राक्षसगणलाई क्षुब्ध तुल्याउने, देदीप्यमान हारद्वारा कोटि-सूर्यतुल्य प्रकाशले युक्त कराल आकृति भएका भगवान् नृसिंहको स्वरूप परिकल्पना गरेर यहाँ राजाद्वारा नमन प्रस्तुत गरिएको छ । पहिले नृसिंहको स्वरूपाकृति धारण गरेर स्ववासभवनमा पूजाआजादि गरिसकेपछि नृत्य गर्न लाग्दा अत्यन्त भीतिप्रद हुँकारध्वनि सुनिएकाले भगवान् नृसिंहदेवलाई प्रसन्न तुल्याउन यत्नपूर्वक मूर्ति स्थापना गरिएको विवरण राजा प्रताप मल्लले यस रचनामा प्रस्तुत गरेका छन् र अन्त्यमा कृपापूर्वक आफ्नो रक्षा गर्नुहुन बिन्ती चढाएका छन् । यसरी यस स्तुति-रचनामा **अर्द्धनारीश्वर महेश, जगन्नाथदेव र नृसिंह**को स्तवन र आराधन गरिएको पाइन्छ । सरल **प्रसाद-गुण**शाली रचनामा आधारित यस स्तवकाव्यमा भावाऽभिव्यञ्जनको सौन्दर्य पाइन्छ ।

ख. नृसिंहस्तुति : गीतिरचना

अर्को गीतिरचनामा आबद्ध **नृसिंहस्तुतिमा**[17] प्रथमतः शार्दूलविक्रीडित छन्दाश्रित एक पद्य रहेको छ, तदनन्तर पाँच गीतिगुच्छको रचना गरिएको छ । **भैरवी राग र एक ताल**मा आवद्ध यस गीति–रचनामा जम्मा चार गीतिगुच्छको संयोजन गरिएको छ । शार्दूलविक्रीडित छन्दमा रचिएको प्राथमिक रचनामा ओजोगुणयुक्त विकटघटनारञ्जित समस्त पदावलीहरूद्वारा **भगवान् नृसिंह**को ओजस्वी स्वरूप र उत्साहप्रद शत्रुविदलन-कृत्यको बयान गरिएको छ। भक्त प्रह्लादलाई परमकृपा प्रदान गर्ने, देदीप्यमान दावानलतुल्य प्रज्वलित नेत्रशाली, घमण्डी **हिरणकशिपु**को वक्षःस्थल–विपाटन–कुशल वज्रतुल्य तनु भएका महानरहरि (नृसिंह)ले सधैँ कल्याण गर्नुहोस् भन्ने अभिप्राय व्यक्त गरिएको छ । गीतिरचनामा चाहिँ आफूलाई रक्षा गर्न को सक्षम छ ? भन्दै एकमात्र **भगवान् नृसिंह**लाई कवीन्द्रले प्रणाम गरेका छन् । भक्तको रक्षा गर्न परमसाहस प्रदर्शन गर्ने, सुवर्णतुल्य कान्तिले सम्पन्न, चरणाघातले जगत्लाई कम्पायमान तुल्याउने, असुरका सकल पातकको मोचन गर्ने, गुफाजस्तो गम्भीर मुखगह्वर र डरलाग्दा पावकतुल्य नेत्र भएका, भक्त प्रह्लादका असङ्ख्य सङ्कटलाई समाप्त तुल्याउने भगवान् नृसिंहलाई यहाँ नमन गरिएको छ । गीति–रचनाको चरमांश त्रुटिपूर्ण रूपमा उपलब्ध छ, अभिप्राय स्पष्ट हुँदैन । कवीन्द्र प्रताप मल्लको हृदयमा त्यस्ता प्रभुले निरन्तर वास गर्नुहोस् भन्ने अभिप्राय अन्त्यमा व्यक्त गरिएको छ ।

ग. निष्कर्ष

यसरी **नृसिंहभगवान्**को स्तवनमा समर्पित यी रचनाहरूमा राजा प्रताप मल्लले विशेष गरी नरसिंहको विकट एवं दुष्कर्मी असुरहरूका लागि भीतिप्रद तर भक्तजनहरूका लागि कल्याणप्रद

[17] **अभि. सं. ४३** ।

स्वरूपको वन्दना गरेका छन् । नृसिंहको विशाल, विकट, विचित्र स्वरूपको भावप्रभूत करिकल्पना गरेर आफ्ना समस्त सङ्कटको विनाशक देवताका रूपमा उनको प्रार्थना आराधना र स्तुतिका स्वरहरू उनले यी रचनाहरूमा ध्वनित-प्रतिध्वनित गरेका छन् ।

४.१.१.५ वृष्टिचिन्तामणिस्तोत्र : साहसिक यात्राको रोमाञ्चक वृत्तान्त

राजा प्रताप मल्लद्वारा रचित **वृष्टिचिन्तामणिस्तोत्र** विभिन्न देवदेवीहरूको स्तवनपूर्वक उनले सम्पन्न गरेको साहसिक यात्राको वृत्तान्तमा केन्द्रित स्तुतिरचना हो । जम्मा ३४ पद्यमा संरचित यो स्तोत्र अनावृष्टिग्रस्त भूतल र सङ्कटापन्न प्रजावर्गको कल्याणका लागि राजा प्रताप मल्लले कृपार्द्र भएर सम्पन्न गरेको **शान्तिपुर गुफाको साहसिक प्रवेश** र सफलतापूर्ण वहिर्निर्गमन एवम् सङ्कटापनयनका वृत्तान्तको केन्द्रीयतामा संरचित विविधदेवस्तुतिविषयक काव्य हो । यसमा रहेका प्रारम्भिक २३ पद्य स्तुतिपरक छन् । यस अर्थमा यो रचना अनन्यसाधारण छ, किनभने यो स्तवकाव्य र वृत्तान्त विवरणात्मक यात्रा-काव्य पनि हो, यी दुवै प्रकृतिका रचनाहरूको सम्मिश्रणभूत यस विशिष्ट रचनालाई कवीन्द्रले **'वृष्टिचिन्तामणिस्तोत्रम्'**[18] नाम दिएका छन् ।

यस रचनामा प्रथमतः शिव-शक्तिस्वरूप परमेश्वरलाई नमन गरिएको छ । बौद्ध सभामा महाबुद्धका रूपमा मानिएका, पाशुपतहरूद्वारा शिव भनेर गाइएका, वैष्णवहरूद्वारा विष्णुका रूपमा उपास्यमान परमेश्वरलाई स्तवन गरिएको यस रचनामा दक्षिण पादतलमा काली र वाम पादतलमा सुमालीद्वारा उपासना गरिएका भैरवलाई पनि नमन गरिएको छ । करुणाऽमृतका कूपतुल्य चक्रनाथलाई र शक्तिद्वारा आलिङ्गित तन्त्रमतसम्मत श्रीचक्रसम्वरलाई पनि स्मरण गरिएको छ । यसै गरी श्वेताम्बरधारी **वज्रभैरव**, **महामाया**, **वज्रवाराही**, **ललिता**, **उग्रतारा**, **वज्रयोगिनी** आदि तन्त्रोक्त देव-देवीको स्तवन गरिएको छ । यसरी नागरक्तरञ्जित पौवाचित्र र पुस्तक लिन शान्तिपुरमा प्रवेश गरेका राजा प्रताप मल्लले गुफाभित्र देखे-भेटेका भूत-प्रेतादिको शमन गर्नका लागि विविध तान्त्रिक देवदेवीहरूको उपासना गरेको विवरण यस रचनाको पूर्वार्द्धमा परेको छ ।

रचनाको उत्तरार्धमा चाहिँ जम्मा एघार पद्यहरूमा शान्तिपुर यात्राको रोमाञ्चक विवरण प्रस्तुत गरिएको छ । अनावृष्टि भएपछि साधकगणलाई बोलाएर शान्तिपुरबाट पुस्तकरत्न ल्याउन आफूले अऱ्हाएको तर कलिकालको दोषले अर्कै पुस्तक आएकाले आफैं गएर सो (नागरक्तचर्चित) पुस्तक लिने अठोट गरी शान्तिपुर-प्रवेश गरेको तथ्य राजा प्रताप मल्लले यहाँ उल्लेख गरेका छन् । त्यो यात्रा अत्यन्त विकट रहेको वर्णन यहाँ गरिएको छ । फणाधारी नागहरूको फणामाथि पाइला चाल्दै सयकडौं क्रूर पिशाचहरूको सामना गर्दै आफू अघि बढेको र सयकडौं शान्ति

---

[18] **अभि. सं. २८ ।**

प्रार्थनाद्वारा तिनलाई शान्त तुल्याउँदै यात्रा जारी राखेको, सत्ताइस कोठा भएको शान्तिपुरमा प्रवेश गर्दा सिद्धगणले गोष्ठी गरिरहेको, मणिगणद्वारा सुशोभित रहेको भयप्रद राजसदन देखेको पनि बयान गरिएको छ । वन्हिज्वालाले ढाकिएको स्थानलाई पनि स्तोत्रपाठद्वारा शान्ति तुल्याउँदै अन्ततोगत्वा उक्त नागरक्तमण्डित चित्र र विचित्र उत्तम पुस्तक हासिल गरी प्रसन्नताका साथ बाहिर लिई आएको र बाहिर ल्याउनासाथ घनघोर वृष्टि भएको कुरा त्यहाँ उल्लेख गरिएको पाइन्छ। पछि त्यो पुस्तक यथास्थान पुऱ्याएर राखी आएको र यो सारा विवरण लेखेको कुरा पनि त्यहाँ परेको छ। प्रजापालनका लागि कृपापूर्वक यो कार्य सम्पन्न गरेको तथ्य पनि त्यहाँ सगर्व ख्यापन गरिएको पाइन्छ।

यस रचनामा एकातिर विचित्र रूपरङ्ग र आकृतिका विविध तन्त्रोक्त देवदेवीहरूको विवरण पाइन्छ भने अर्कातिर साहसपूर्ण यात्राको रोमाञ्चक विवरण पनि पाइन्छ । वस्तुतः यो रचना विवरणप्रधान र सूचनापरक रहेको छ। राजा प्रताप मल्लको तन्त्रसाधना र मन्त्रप्रयोगविज्ञता एवं अपार धैर्य र प्रजावत्सलताको अभिव्यक्ति यस रचनाबाट सम्पन्न भएको देखिन्छ। विविध रूप र आकृतिमा समस्त देवदेवीहरू एउटै शिव-शक्त्यात्मक परमेश्वरकै विभिन्न अभिव्यक्तिहरू हुन् भन्ने मूल भाव र ती सबैभित्र उनै परमेश्वरको झलक देखेर गरिएको यस स्तवनमा कविहृदयगत रति भावको उद्रेक भएको देखिन्छ। साथै उत्तरार्धमा आश्चर्योत्पादक घटनावृत्तको रहस्यमय वृत्तान्त प्रस्तुत गरी लेखकले पाठकलाई विस्मयान्वित तुल्याएका छन्। भाषिक त्रुटिले यस रचनालाई पनि आक्रान्त तुल्याएको हुँदा कतिपय स्थल सुपाठ्य नरहेको यथार्थ कटु बनेर आस्वादानुभूतिमा व्याघात उत्पन्न गराउँछ।

४.१.१.६ निष्कर्ष

यसरी राजा प्रताप मल्लकृत स्तुतिपरक काव्यहरू **विष्णु, शिव, देवी, नृसिंह र शिवशक्त्यात्मक परमेश्वर**को स्तवन र आराधना एवं वन्दनामा समर्पित रहेका पाइन्छन् । समग्रमा यी रचनाहरू समस्त अभिलेखकाव्यको केन्द्रीय विषयवस्तु स्तवनसँग सम्वद्ध छन् । यिनमा सम्बन्धित देवदेवीका भौतिक मूर्त स्वरूपको सौम्य र उग्र दुवै रूपको वर्णन पाइन्छ भने अर्कातिर यिनको अनुभूतिगम्य करुणामय, दयामय, भक्तजनकृपाप्रद स्वरूपको पनि उपासना पाइन्छ। यिनमा एकातिर देव-देवीको दुष्टजननाशक स्वरूप र मुद्राको चिन्तन गरिएको छ भने अर्कातिर भक्तजनोद्धारक रूपको पनि वयान र भावना गर्दै आफ्ना समग्र अपराध र पापको अपहरणपूर्वक आफूप्रति परमकृपा प्रदान गर्ने याचना पनि गरिएको छ । सर्वात्मना आफ्ना इष्टदेवप्रति आस्था र भक्ति प्रकट गर्दै कवीन्द्रले हृदयस्थ देवविषयिणी रतिभावको अभिव्यक्ति गरेका छन् । विशेषतः देवी भवानीप्रति उनको अनुराग, अनन्य श्रद्धा र परम आस्था बारवार व्यक्त भएको छ। मूलतः उनी शक्तिका उपासक रहेको तथ्य विभिन्न रचनाहरूवाट स्पष्ट हुन्छ। भावको उद्रेक रहेका यी रचनाहरूमा उनका विविध रचनाशैलीको बान्की प्रस्तुत हुन पुगेको छ।

४.१.२ वंशावलीवर्णन : प्रशस्तिपरक काव्यहरू

राजा प्रताप मल्लकृत रचनाहरूमा वंशावली-वर्णन वा प्रशस्तिपरक काव्यहरू सङ्ख्यागत दृष्टिले दोस्रो स्थानमा पर्दछन् । त्यस्ता रचनाहरूको सङ्ख्या तीन रहेको छ । तिनको विवरण यसप्रकार छ :

क्र. सं.	शीर्षक	आयाम	उत्कीर्ण वि.सं.	अभिलेख स्थान र अभिलेख संख्या
१.	–	२७ पद्य	१६९९	त्रिशूल डबली (१)
२.	–	११ पद्य	१७०५	कृष्ण मन्दिर (५)
३.	निजवंशावली	३१ पद्य	१७१३	श्री पशुपतिनाथ मन्दिर (२३)

४.१.२.१ त्रिशूल डबलीको अभिलेख

अभिलेखाङ्कित रचनाहरूमध्ये यो पहिलो काव्य[19] वसन्तपुरस्थित हनुमान्ढोका **राजदरबार** परिसरमा रहेको **तुलजा भवानी**को विशालाकार मन्दिरको प्राङ्गणमा चर्चिएको **त्रिशूलडबली**मा स्थापित प्रस्तरस्तम्भमा उत्कीर्ण रहेको पाइन्छ । प्रारम्भमा चण्डिकालाई नमन गरेर प्रस्तुत गरिएको यस रचनामा विविध छन्दमा निर्मित २७ पद्य रहेका छन् । प्रताप मल्लले आफू राजा भएपछि प्रथमतः स्थापित स्तम्भाभिलेखका रूपमा यो रचना प्रख्यात छ । शार्दूलविक्रीडित, इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, मालिनी, वसन्ततिलका र स्रग्धराजस्ता लामा छोटा विविध छन्दहरूको प्रयोग गरी यो प्रशस्ति-काव्य सम्पन्न गरिएको छ । रचनाका प्रारम्भिक दुई पद्यमा '**त्रिपुरारिराजरमणी**' भनेर शिवानी/भवानीप्रति नमन गर्दै आशीर्वादात्मक मङ्गलाचरण रचिएको पाइन्छ । अत्यन्त आलङ्कारिक शैलीमा प्रस्तुत यी पद्यहरूमा उक्ति-वैचित्र्य र कल्पनाप्राचुर्यले समन्वित वर्णनशैली पाइन्छ । राजा प्रताप मल्लको कीर्तिलताको समृद्धि भएको देखाउँदै आफ्नो जुरोमा पहिरिन भवानीले त्यस लताको पल्लव ग्रहण गर्न लागेको अवस्था उत्प्रेक्षण गर्दै यस रचनामा गगनचुम्बी प्रासाद (तलेजु मन्दिर)मा निवास गर्ने तुलजा भवानीको जयकार पनि गरिएको छ ।

यस वंशावलीवर्णनविषयक रचनामा हरिसिंहदेव, यक्ष मल्ल, रत्नमल्ल, सूर्यमल्ल, अमरमल्ल, महेन्द्रमल्ल, श्रीशिवसिंहदेव, हरिहरसिंहदेव र लक्ष्मीनृसिंहमल्लहरूको भव्य वर्णन गर्दै अन्त्यमा स्वयं प्रताप मल्लको प्रशस्ति गान गरिएको छ । कर्ण्णाटवंशका यशस्वी राजा श्री हरिसिंहदेवको भव्य दरबारको वर्णन गर्दै सुवर्ण श्रृङ्खलामा बाँधिएका घण्टाहरूको गुञ्जन गराउने

[19] **अभि. सं. १ ।**

मदोन्मत्त हात्ती र प्रशस्त घोडाहरूको बयान पनि गरिएको छ । यवनहरूद्वारा आक्रान्त भएर हृष्टपुष्ट प्रजावर्ग-संकुल भक्तपुरमा आएर उनले आफ्नो साम्राज्य विस्तार गरेको बयान गरिएको छ । उनका जगद्वन्दित वंशमा समुत्पन्न श्रीयक्ष मल्लको वयान गर्दै उक्त रचनामा दुष्ट शत्रुका विनाशक र समस्त राजवर्गद्वारा वन्दित भनेर प्रशस्तिगान गरिएको छ । उनका पुत्र श्रीरत्न मल्ललाई बृहस्पतिसमान बुद्धिशाली तथा वीर व्यक्तित्वका रूपमा प्रस्तुत गरिएको छ । तत्पुत्र रसूर्यमल्ललाई सज्जनका हितकारी, प्रशान्तहृदय, धर्मपरायण र साधुवृत्ति भएका व्यक्तिका रूपमा चित्रण गरिएको छ । तत्पुत्र अमर मल्ललाई कामदेवसमान सुन्दर, पुराण र साहित्यका रसवेत्ता एवं शत्रुनाशक र मित्रका हितचिन्तकका रूपमा बयान गरिएको छ । तत्पुत्र महेन्द्र मल्ललाई शत्रुको चित्तलाई थर्कमान पार्ने, चन्द्रतुल्य सुन्दर, यशस्वी, राजनीतिविज्ञ, महान् ओजस्वी राजाका रूपमा परिचित गराइएको छ । तुलजा भवानीको आश्चर्यजनक भव्य विशाल मन्दिरका निर्माताका रूपमा पनि उनको बयान गरिएको छ । तत्पुत्र श्रीशिवसिंहलाई दाता, गुणी वीर, नीतिवेत्ता एवं समस्त क्षत्रियद्वारा दण्डवत् गरिएका यशस्वी व्यक्ति, भन्ने परिचय दिइएको छ । तत्पुत्र हरिहरसिंहलाई सङ्गीत-समुद्रको पारि पुगेका, विश्वलाई नै अनुरक्त तुल्याउने, असल मन्त्रीवाला राजाका रूपमा चित्रित गरिएको छ । तत्पुत्र श्रीलक्ष्मीनृसिंह मल्ललाई उत्तम यज्ञ र दान आदि कृत्यद्वारा देवता र ब्राह्मणलाई प्रसन्न तुल्याउने गुणी राजाका रूपमा प्रशस्तिगान गरिएको छ । तत्पश्चात् राजा प्रताप मल्लको प्रशस्ति गाइएको छ । श्रीलक्ष्मीनृसिंहका सुपुत्रका रूपमा राजा प्रताप मल्लका विशिष्ट ज्ञान, मनोहर रूपसौन्दर्य सत्-कवित्व, अश्वारोहणचातुर्य, उत्तमकीर्ति, विशिष्ट वीरता, दानशीलता आदि उत्तम गुणहरूको वर्णन अत्यन्त आलङ्कारिक शैलीमा प्रस्तुत गरिएको छ । उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्तिजस्ता चर्चित अर्थालङ्कारहरूको सफल प्रयोग गर्दै सम्पन्न गरिएको हृदयावर्जक वर्णनश्रृङ्खला यस रचनामा पाइन्छ । कविको चमत्कारकारी कल्पना-प्रचुर वाग्वैभवले सुसज्जित यस रचनामा विविध शैलीका पदसंघटना र उक्तिवैचित्र्यका तरेलीहरूको प्रदर्शनी देख्न सकिन्छ ।

४.१.२.२ कृष्णमन्दिरको अभिलेख

दोस्रो वंशावलीवर्णन-परक रचना[20] वसन्तपुरस्थित हनुमान्ढोका राजदरबारको प्राङ्गणस्थित प्रसिद्ध आठकुने कलात्मक **कृष्णमन्दिर**को द्वारको पार्श्व भागमा स्थापित शिलापट्टमा उत्कीर्ण छ । जम्मा एघार पद्यमा आवद्ध यस रचनामा शार्दूलविक्रीडित, स्रग्धरा र अनुष्टुप् छन्दहरूको प्रयोग गरिएको छ । यसमा राजा प्रताप मल्लका पूर्वज पुरुष सूर्यवंशी उत्तम-कुलोत्पन्न राजा रघुवंशी रामचन्द्र, नान्यदेव, गाङ्गदेव, नृसिंह, रामसिंह, शक्तिसिंह, भूपालसिंह र तिनबाट कर्णाटचूडामणि हरिसिंहदेव, यक्ष मल्ल, रत्न मल्ल, सूर्य मल्ल, अमर मल्ल, महेन्द्र मल्ल, शिवसिंह, हरिहरसिंह र लक्ष्मीनृसिंह मल्लको वर्णनक्रम रहेको छ । अन्त्यमा स्वयं राजा प्रताप

[20] **अभि. सं. ५ ।**

मल्लको बयान आउँछ । समग्र राजहरूद्वारा वन्दितचरणयुगल, कूति र खासासम्म विजय हासिल गर्ने, भोटका भूपहरूद्वारा पनि वन्दित यशस्वी, विजयी राजाका रूपमा प्रताप मल्लको बयान गरिएको छ । भादगाउँका नरेश मल्लले युद्धमा डराएर यिनलाई हात्ती चढाएर खुशी पारेको, डम्बरशाहको सैन्यलाई ध्वस्त तुल्याएको, सिद्धिनृसिंह मल्लको दुर्गलाई जितेको प्रसङ्गको पनि यहाँ चर्चा गरिएको छ । तत्पश्चात् राजमहिषीहरूको वंशवर्णन गर्दै पूर्वजहरूको प्रशस्ति गाइएको छ । स्वर्गतुल्य, हात्ती र दिव्याङ्गनाले युक्त स्वर्णमयी राजधानी विहारनगरीको वयान गरी कमताधिकामरूपति नरनारायणको प्रशस्तिगान गरिएको छ । तत्पुत्र लक्ष्मीनारायण, तत्पुत्र वीरनारायणको चर्चा गरी उनकी पुत्री रूपमती र पुत्र प्राणनारायणको कुरा उठाउँदै तिनै रूपमती राजा प्रताप मल्लकी प्यारी प्रणयिनी बन्न पुगेको प्रसङ्ग यहाँ आएको छ । सन्मति भएकी, गुणवती, सुनौलो वर्ण भएकी, मदमत्त हात्तीको जस्तो चाल भएकी, साक्षात् रुक्मिणीजस्ती भनेर रानी रूपमतीको बयान गरिएको छ । प्रताप मल्लकी अर्की रानी राजमतीको पनि यस रचनामा भव्य वर्णन गरिएको छ । कर्णाटदेशोद्भवा, स्वर्णलङ्कारभूषिता, पातलो कम्मर भएकी, सुडौल देहयष्टिले सम्पन्न, परमरसपूर्णा, सम्भोगकुशला राजमतीको अत्यन्त श्रृङ्गारिक वर्णन गर्दै राजा प्रताप मल्लकी प्राणाधिक प्रिय पत्नीका रूपमा उनलाई भगवान् कृष्णकी प्यारी सत्यभामासित तुलना गरिएको पाइन्छ । यिनै दिवंगता सुन्दरीहरूको विरहले व्याकुल भएका राजाले यिनीहरूसँग जन्मान्तरमा पनि विरहित हुनु नपरोस् भन्ने अभिप्रायले विरहकातर बनेर सो कृष्ण मन्दिरको निर्माण गराएका थिए । यी दुई पत्नीलाई रुक्मिणी र भामाका रूपमा र आफूलाई स्वयं तिनका प्रेमी कृष्णका रूपमा परिकल्पना गरी तद्नुरूप मूर्ति स्थापित गरी यो सुन्दर मन्दिरको निर्माण सम्पन्न गरिएको प्रसङ्ग त्यहाँ प्रस्तुत भएको पाइन्छ । यसरी यस रचनामा राजा प्रताप मल्ल र उनका प्रिय रानीहरूका पूर्वजहरूका साथै स्वयं राजा र रानीहरूको पनि प्रशस्तिगान गरिएको पाइन्छ । प्रभूतभावसम्पन्न यस प्रशस्तिकाव्यमा प्रायः भावानुकूल पदपदावलीहरूको प्रयोग गर्दै प्रसङ्गानुसारका रचनाशैलीको प्रयोग गरिएको छ । मूलतः रानीहरूको वर्णनप्रसङ्ग अत्यन्त सरस र हृद्य बन्न पुगेको छ । कविका हृदयमा रहेको पूर्वजहरूप्रतिको अनुरागको सुन्दर अभिव्यञ्जना पनि यस रचनामा पाइन्छ । रूपकादि अलङ्कारको सौन्दर्य यहाँ पनि सुतरां परिलक्षित हुन्छ ।

४.१.२.३ पशुपतिको अभिलेख र निजवंशावली

वंशावलीवर्णनपरक तेस्रो रचना पशुपतिनाथको प्राङ्गणमा स्थापित शिलापट्टमा उत्कीर्ण छ । निजवंशावली[21] नाम दिइएको यस रचनामा जम्मा ३१ पद्य रहेका छन् । सर्वप्रथम भगवान्लाल इन्द्राजिले अन्वेषण गरी प्रकाशित गरिएको यस रचनामा शार्दूलविक्रीडित, स्रग्धरा, वसन्ततिलका, अनुष्टुप् र आर्याजस्ता संस्कृतसाहित्यमा प्रचलित प्रसिद्ध छन्दहरूको प्रयोग गर्दै कवीन्द्रले आफ्ना पूर्वजहरूको गौरवगान गरेका छन् । अन्तमा स्वयं राजा प्रताप मल्लको बयान पनि गरिएको छ । भवानीशङ्करलाई नमन गरेर प्रारम्भ गरिएको यस रचनामा गिरीन्द्रतनयाको

---

[21] **अभि. सं. २३ ।**

मङ्गलाचरण गरेर वंशावली-वर्णन आरम्भ गरिएको छ । यहाँ प्रथमतः श्रीसूर्यदेवको वर्णन गरेर आफ्ना वंशपुरुषको प्रशस्ति गान गरिएको छ । तत्पश्चात् क्रमशः मनु, दिलीप, रघु, अज, दशरथ, राम, लव र तद्वंशोद्भव हरिसिंहदेव, यक्ष मल्ल, रत्न मल्ल, सूर्य मल्ल, नरेन्द्र मल्ल, मही (हे)न्द्र मल्ल, श्रीशिवसिंह, हरिहरसिंह र श्रीलक्ष्मीनरसिंह मल्लसम्मको प्रशस्ति गान गर्दै अन्त्यमा तत्पुत्र राजा प्रताप मल्लको महिमा वर्णन गरिएको पाइन्छ । अन्तिम पद्यमा माधुर्यादि गुणले युक्त प्रत्येक राजाका कीर्ति र शौर्यजस्ता तत् तत् विषयको विशिष्ट गुणलाई विचारपूर्वक यसरी वर्णन गर्न स्वयं देवगुरु बृहस्पति पनि समर्थ हुँदैनन् भनेर स्वकृत वंशावलीवर्णन-काव्यको महत्ता प्रकाशित गरिएको छ ।

यस प्रशस्ति-काव्यमा तीनै जगत्का पापान्तकर्ताका रूपमा र काल आकाश र दिक्का प्रकाशक, कन्दर्पदर्पहारी व्यक्तित्वका रूपमा **सूर्य**को वर्णन गरिएको छ । गाम्भीर्यादिगुणले सागरोपम, धैर्यले विन्ध्याचलोपम, सौन्दर्यप्रचुर रूपले कामदेवतुल्य, सज्जनोचित मानव मर्यादाका सर्जकका रूपमा **मनु**को बयान गरिएको छ । अत्यन्त सुन्दर रूपवान्, शिवोपम व्यक्तिका रूपमा राजा **दिलीप**, आफ्नो पराक्रमद्वारा इन्द्र र कुबेरलाई थर्कमान तुल्याउने भनेर राजा **रघु** र दुष्टको दर्पदारण गर्ने सिंहका रूपमा र शिष्टपालक एवं दानीका रूपमा राजा **अज**को प्रशस्ति गाइएको छ । कन्दर्पदर्प-नाशक, अत्यन्त सुन्दर व्यक्तित्वका रूपमा र वीरका रूपमा समेत राजा **दशरथ**लाई र त्रिलोकविख्यात अभिरामाकृति, प्रचुरदानकर्ता एवं कलिकण्टक रूप रावणको संहारकका रूपमा **राम**लाई बयान गरिएको छ । पृथ्वीमा इन्द्रतुल्य यशस्वी, सज्जन-प्रशंसित, दशरथपुत्रलाई पनि रणमा विजय गर्ने वीरका रूपमा धर्मात्मा **लव**को प्रशस्तिगान गरिएको छ । यसपछि **हरिसिंहदेव** नृपतिको बयानमा गाम्भीर्यको रत्नाकर, कर्णाटवंशोद्भव, अत्यन्त प्रतापी, यशस्वी र चित्तमा अच्युतको वास भएका राजा भनेर उनको प्रशस्ति गान गरिएको छ । तत्पश्चात् प्रबलरिपुसंहारक कर्णतुल्य, अत्यन्त सुन्दर, सज्जनलाई सबै कुरा दान गर्ने महान्योद्धाका रूपमा **यक्ष मल्ल**को विवुधाऽऽराधनमा दत्तचित्त, हात्ती दान गर्ने, रिपुकुललाई ध्वस्त गर्नमा पार्थतुल्य, र महान् दानी व्यक्तिका रूपमा **रत्न मल्ल**को प्रशस्ति गाउँदै प्रौढतर शत्रु राजाहरूको संहार गरी स्वर्गोपम कान्तिपुर राज्यको संस्थापन गर्ने र श्रीहरसिद्धिको परम अराधक भनेर उनको परिचय दिइएको पाइन्छ । तत्पुत्र **सूर्य मल्ल**लाई प्रौढ प्रतापी, पमरकीर्तिशाली र ओजस्वी राजाका रूपमा, तत्पुत्र **नरेन्द्र मल्ल**लाई प्रबल प्रतापी राजाका रूपमा तत्पुत्र **मही(हे)न्द्र मल्ल**लाई पूर्वजका अखण्ड पुण्यको फलका रूपमा उत्पन्न पृथ्वीका अलङ्कार भन्दै परमदानशील, भक्तपुरवासिनी देवी (तुलजा भवानी)लाई ल्याएर कान्तिपुरमा भव्य मन्दिर बनाई स्थापित गराउने र उनको नित्यपूजनद्वारा सिद्धि प्राप्त गर्ने राजाका रूपमा प्रस्तुत गरिएको छ । तत्पुत्र **श्रीशिवसिंह**लाई नेपाल- क्षितिपाल-भाल-तिलक, कन्दर्पदर्पविनाशक, भवानी तुलजा भवानीको ध्यानमा रत, परम शत्रुविनाशक, राजाका रूपमा बयान गरिएको छ । तत्पुत्र **हरिहरसिंह**लाई समुद्रपारसम्म कीर्ति पुग्ने परमप्रतापी गुणी राजाका रूपमा र तत्पुत्र **लक्ष्मीनृसिंह मल्ल**लाई असल

बुद्धि भएका शत्रुसंहारकारी, करुणाका समुद्र, एवं आठै दिशामा कीर्तिको उज्यालो पुऱ्याउने राजाका रूपमा चित्रित गरिएको छ । तत्पुत्र **प्रताप मल्ललाई** कवीन्द्र, सङ्ग्रामकुशल, तर्कशास्त्र, अलङ्कारशास्त्र, कोश आदि सकलशास्त्रमा प्रवीण, विविध मनोहर गद्यपद्यादिका रचयिता अत्यन्त प्रतापी, शास्त्र र शस्त्रविद्यामा निपुण, सङ्गीतविद्याप्रवीण राजाका रूपमा वयान गरी प्रताप मल्लले दशै दिशामा अप्रतिम कीर्तिशाली, आफूजस्तो अर्को को हुन सक्ला ? भन्ने दर्पपूर्ण प्रश्न पनि उभ्याएका छन् । यसरी प्रस्तुत 'निजवंशावली' नामक प्रशस्तिकाव्यमा राजा प्रताप मल्लले आफ्ना यशस्वी पूर्वजहरूका साथै आफ्नो पनि गुणगणगरिमाको सगर्व वर्णन गरेको पाइन्छ ।

४.१.२.४ निष्कर्ष

समग्रमा हेर्दा यी तीनै वंशावलीवर्णन-विषयक प्रशस्तिकाव्यमा कवीन्द्र प्रताप मल्लले पुर्खाका विशिष्ट व्यक्तित्वका विविध पाटाहरूको बखान गर्दै केही इतिहासप्रसिद्ध प्रसङ्गको पनि चर्चा गरेका छन् । खास-खास राजाका खास-खास विशेषता वर्णन गर्नुका साथै उनीहरूले गरेका विशिष्ट योगदानको सगर्व प्रशस्ति-गान गर्नु यी रचनाहरूको उद्देश्य रहेको कुरा स्पष्ट देखिन्छ । आलङ्कारिक भाषा शैलीको प्रयोग गर्दै अनुप्रासादि शब्दालङ्कार र उपमा, उत्प्रेक्षा, रूपक र अतिशयोक्ति अर्थालङ्कारको प्रचुर प्रयोग गरेर रचिएका यी प्रशस्ति पद्यहरूमा विषयानुकूल पदपदावलीको प्रयोग गरी काव्य-सौन्दर्यको आविष्कार गरिएको छ । यिनमा **उक्तिवैचित्र्य** यद्वा **वैदग्ध्यभङ्गी-भणिति**को चमत्कार सर्वत्र पाइएको छ । यी रचनाहरूद्वारा राजा प्रताप मल्लको काव्ययात्रामा स्तुतिपरक रचनापछि प्रशस्तिगान नै उनको रुचिक्षेत्र रहेको तथ्य प्रतिपादित हुन्छ ।

४.१.३ प्रकीर्णविषयक काव्यहरू

स्तुति प्रार्थना र वंशावलीवर्णन विषयक काव्यहरू बाहेकका रचनालाई यस शीर्षक अन्तर्गत चर्चा गरिएको छ ।

४.१.३.१ रानीपोखरीको वर्णन

यस्ता रचनाहरूमा प्रथमोल्लेख रानीपोखरीको वर्णन-विषयक काव्यको[22] गर्नुपर्ने देखिन्छ । काठमाडौंका मुटुमा अवस्थित **रानीपोखरी** राजा प्रताप मल्लको अनुपम कृतिका रूपमा अद्यापि हाम्रो सामु उपस्थित छ । यसको निर्माण-प्रसङ्गलाई लिएर उत्कीर्ण एउटा अभिलेख रानीपोखरीतटमा स्थापित शिलापट्टमा पाइएको छ । जम्मा ६ पद्य भएको यस काव्यात्मक अभिलेखमा रानीपोखरीको वैशिष्ट्य, तीर्थमयता, पवित्रता, सौन्दर्य एवं निर्माण-प्रसङ्गको उल्लेख पाइन्छ । शार्दूलविक्रीडित, स्रग्धरा र उपजाति छन्दमा रचिएका उक्त ६ पद्यहरूमा सर्वप्रथम **रानीपोखरीलाई** सुन्दरी रमणीका रूपमा चित्रित गरिएको छ । नेपाल वसुधाकी अलङ्कारभूता,

---

[22] **अभि. सं. ३५ ।**

सरोजवदना, सुमीननयना र शैवालावलीको केशपाशले सुसज्जित देवीका रूपमा यस वापी (रानीपोखरी)को बयान गरिएको पाइन्छ। गङ्गा, शोण, सरस्वती र समुद्रआदिबाट ल्याइएको पुण्य जलद्वारा परिपूरित तटप्रदेशमा असल यज्ञआदि उत्सव गर्नाले रमणीय, त्रिभुवनविख्यात एवं मुनीन्द्र-देव-मनुजगणद्वारा सुसेवित तलाउका रूपमा रानीपोखरीको प्रशंसन गरिएको छ। यहाँ फुलेका कमलहरूको वनमा मकरन्दरूपी मदिरा पिएका भ्रमरपटलले स्वरसाधनामा पाण्डित्य हासिल गरेको, हंसादिद्वारा सुललित वार्तालाप गरिएको, कोमलाङ्गी सुरवनिताद्वारा स्नानादि गरेर रमण गरिएको तलाउ भनेर यहाँ रानीपोखरीको महत्ता देखाइएको छ। यहाँको जल स्नान र पान गर्नाले समग्र पापनाश हुने, धरणीतलमा धन्यभूता, पापनाशिनी, सेवकहरूलाई अन्तकालमा शिवपुरवासको फल दिने, गङ्गाजलको पवित्र प्रवाहले परिपूरित भनेर रानीपोखरीको माहात्म्य गान गर्दै यस रमणीय तलाउमा विभिन्न मणिधारी नागहरूको निवास भएको, यसमा बस्न वाग्मती सधैं उत्कण्ठित हुने, समस्त सुरगणले युक्त बनेर स्वयं विश्वनाथ पनि काशी छोडेर सहर्ष यतै बस्न आएको विस्मयकारी वर्णन पनि यस रचनामा पाइन्छ। अन्त्यमा माघव्रत सम्पन्न गरेर ने.सं. ७९० (वि.सं. १७२७) मा यस वापीको निर्माण पूर्ण भएको सूचना पनि यहाँ दिइएको छ। यसरी यो रचना रानीपोखरीको महत्ता प्रकाशित गर्ने, यसको सौन्दर्य उद्घाटित गर्ने र विशेषतः प्राकृतिक सुषमाको वर्णन गर्ने हृद्य काव्य बन्न पुगेको छ। उपमा, रूपक, उत्प्रेक्षा र अतिशयोक्ति अलङ्कारका सुन्दर सज्जाले सम्पन्न यस काव्यमा पोखरीको पवित्रता र सौन्दर्यको बयान परम-मनोहारी छ। राजा प्रताप मल्लको प्रकृतिवर्णन विषयक काव्य-रचनाका दृष्टिले यो अत्यन्त महत्त्वशाली कृति हो भन्न सकिन्छ।

४.१.३.२ घण्टावर्णन

यस्तै अर्को रचना घण्टावर्णन-सम्बद्ध छ। यो रचना तुलजा भवानीको मन्दिर-प्राङ्गणमा राजा प्रताप मल्लले चढाएको भव्य घण्टामा कुँदिएको[23] पाइन्छ। एउटा स्रग्धरा र अर्को उपजाति गरी जम्मा दुई छन्दमा रचिएका एक एक पद्यमध्ये पहिलो पद्य काव्यीय महत्त्वको देखिन्छ। 'देवराज इन्द्रको मदमत्त हस्तिराज ऐरावतको ग्रीवामा संसक्त घण्टाबाट समुत्पन्न गम्भीर रणनसँग स्पर्धा गर्ने' भनेर सो घण्टाबाट उत्पन्न हुने भव्य आवाजको बयान गरिएको छ। गर्जिरहेको बादलको धीरगम्भीर घोषतुल्य ध्वनि भएको सो घण्टा क्षितिरमण श्रीप्रताप (मल्ल)ले भवानीको प्रीत्यर्थ त्यहाँ चढाएको हो भन्ने आलेख त्यहाँ पाइन्छ। घण्टाको भव्यता त्यसबाट निस्कने गम्भीर ध्वनिबाट प्रत्याभूत हुने हुँदा यहाँ राजा प्रताप मल्लले घण्टाको विशालता र हृदयहारि ध्वनिको वर्णनमा काव्यीय चमत्कार पैदा गरेको देखिन्छ।

---

[23] **अभि. सं. ३४।**

४.१.३.३. गद्यखण्ड

प्रताप मल्लविरचित एउटा गद्यखण्ड पनि काव्यिक महत्त्वको देखिन्छ । दण्डीकृत **'दशकुमारचरितम्'**को वर्णन परिपाटीसँग मिल्दोजुल्दो दीर्घसमासयुक्त पदसङ्घटना भएको त्यस्तो रचना स्वयम्भू **अनन्तपुरको अभिलेख, वज्रको अभिलेख र मोहनचोक भूगोलको अभिलेख**को अन्त्य भागमा[24] पनि पाइएको छ । त्यसमा राजा प्रताप मल्लको प्रताप, यश, रणकौशल, शस्त्रशास्त्रविज्ञता, कवित्व, संगीतज्ञता र सौन्दर्य आदिको आलङ्कारिक वर्णन पाइन्छ, तर त्यस रचनामा आख्याततत्वको अभाव भएकोले र त्यो दीर्घसमस्त-रचना पछि गएर नेवारभाषाको वाक्य-रचनामा आबद्ध हुन पुगेकाले त्यसको स्वतन्त्र वाक्यतामा ठूलो व्याघात पुग्न गएको देखिन्छ । त्यो रचना केवल नेवारी भाषाको संस्कृत पदावलीसमन्वित अभिलेखांश बनेर टाक्सिन पुगेको देखिन्छ ।

प्रकीर्ण-विषयक रचनाहरू मुख्यतया यिनै देखा परेका छन् ।

४.१.४ अभिलेख काव्यहरूको विषयवस्तुगत अध्ययन : बुँदागत निष्कर्ष

राजा प्रताप मल्लका अभिलेखहरूमा प्राप्त काव्यहरूलाई विषयवस्तुगत वैशिष्ट्यका दृष्टिले अध्ययन गर्दा बुँदागत रूपमा निम्नलिखित निष्कर्ष देखा पर्न आउँछ :

४.१.४.१ स्तुतिप्रार्थनाविषयक

क. स्तुति प्रार्थनामूलक काव्यहरूको सङ्ख्या १६ रहेको,

ख. नारायण, शिव, देवी, नृसिंह, अर्द्धनारीश्वर, जगन्नाथ र शिवशक्त्यात्मक देवदेवीहरूको स्तवन गरिएको,

ग. स्वयंभू र भीमसेनका रूपमा समेत शिवको र देवदेवीका विविध रूपको उपासना पनि गरिएको र ती सबै देवदेवीहरूलाई एउटै परमेश्वरका विभिन्न रूप मानेर आराधना गरिएको,

घ. सवै देवतामा भक्तिभाव राखे तापनि विशेषतः कालिका भवानीप्रति अनन्यनिष्ठा व्यक्त गरिएको,

ङ. देवदेवीका उग्र र सौम्य दुवै रूपको आराधना गरिए तापनि दुष्टनाशक उग्र स्वरूपप्रति विशेष आस्था व्यक्त गरिएको,

---

[24] **अभि. सं. २२, २७ र ३२ ।**

च. परमेश्वरप्रति अनन्यभक्ति र शरणागतिको भावनाका साथ अपराधक्षमापनपूर्वक आफूमाथि कृपादृष्टि राख्न आफ्ना इष्टदेवप्रति बिन्ती बिसाइएको,

छ. सांसारिक विषयहरूबाट विरक्त भई भगवदाराधना गर्ने अभिलाषा व्यक्त गर्दै आफूलाई भगवत्कृपा उपलब्ध भइसकेकाले आफू निर्भय भएको अभिव्यक्ति पनि प्रकट गरिएको,

ज. यी रचनाहरूमा आलङ्कारिक भाषाशैली र भावपूर्ण काव्यात्मक रचना-कौशल देखिएको,

झ. विविध छन्द र उक्ति वैचित्र्यपूर्ण कथनशैलीको पर्याप्त प्रयोग गरिएको,

ञ. भावध्वनिका उत्कृष्ट काव्यकृतिहरू यस फाँटमा देखा परेका ।

४.१.४.२ वंशावलीवर्णन-विषयक

क. वंशावलीवर्णन विषयक प्रशस्तिकाव्यहरू तीन वटा देखिएका, तिनमा -

ख. आफूलाई सूर्यवंशी राजा मानेर सूर्य, मनु, दिलीप, रघु आदि पौराणिक राज-पुरुषहरूदेखि लिएर मल्ल राजाहरूसम्मको वंशवृत्तान्त वर्णन गरिएको,

ग. आफूलाई कर्णाटवंशीय हरिसिंहदेवका सन्तानकै रूपमा प्रस्तुत गर्दै यक्ष मल्लदेखि लिएर स्वयं प्रताप मल्लसम्मका राजाहरूको प्रशस्तिगान गरिएको,

घ. राजाहरूका विशिष्ट गुणहरू बयान गर्दै प्रायः प्रताप, यश, ओजस्, शत्रुविनाशन, रूपसौन्दर्य, विद्यावत्व, दानशीलता, धर्मपरायणता आदि विशेषताहरूको प्रशंसा गरिएको,

ङ. आफ्ना रानीहरू रूपमती र राजमतीका पिता पुर्खाहरूको प्रशंसा र तिनका उत्तम गुणहरूको बखान गर्दै रानीहरूको मनोरम गुणहरूको वर्णन गरिएको,

च. रूपमतीलाई भव्य कुलीन, शालीन, नारीका रूपमा र राजमतीलाई परमरमणी सुन्दरीका रूपमा चित्रित गरिएको,

छ. अनुप्रासादि शब्दालङ्कार र उपमा-रूपक-उत्प्रेक्षा-अतिशयोक्ति अर्थालङ्कारको प्रचुर प्रयोग गरी आलङ्कारिक शैलीमा राजप्रशस्ति गरिएको,

ज. विविध छन्द र उक्तिवैचित्र्यपूर्ण कथनशैलीको प्रचुर प्रयोग गरिएको,

झ. ओजोगुणको प्रधानता, प्रसाद गुणको व्यापकता र माधुर्य गुणको पनि यदाकदा अभिव्यक्ति भएको,

ञ. वीररसप्रधान रचनाहरूको मात्रा बढी रहेको ।

४.१.४.३. प्रकीर्णविषयक

क. रानीपोखरीको वर्णन, घण्टावर्णन र अपूर्ण गद्यखण्डको चर्चा प्रकीर्ण विषयअन्तर्गत गरिएको,

ख. रानीपोखरीको वर्णनमा, पोखरीको मानवीकरण गर्दै त्यसको सौन्दर्य, पवित्रता र देवमयताको बयान गरिएको,

ग. प्रकृतिवर्णनको सुन्दर नमुना रानीपोखरीको अभिलेखमा प्रस्तुत भएको,

घ. घण्टाको भव्य घोषको आलङ्कारिक प्रस्तुति घण्टावर्णनमा देखिएको,

ङ. गद्यरचनामा भव्यता देखिए तापनि त्यो अधूरो रहेको,

च. यी सबै रचनामा आलङ्कारिक काव्यसौन्दर्यको उपस्थिति रहेको ।

४.२ अभिलेख काव्यमा प्रकृतिचित्रण

काव्यमा प्रकृति-चित्रण गर्ने परम्परा धेरै पुरानो हो । यस रमणीय धराधाममा जन्म लिएका मानवले यस अद्भुत जगत्को वैशिष्ट्य एवं सौन्दर्यको वर्णन गरेर मानसिक सन्तृप्ति प्राप्त गरेको छ । सूर्य, चन्द्र, पृथ्वी, पहाड, हिमाल, नदी, समुद्र, वन, फूल, आकाश, सूर्योदय, सूर्यास्त एवम् विविध ऋतुहरूको वर्णन गर्दै कविहरूले आफ्नो लेखनीलाई कृतकृत्य तुल्याएका छन् र पाठकहरूको मनलाई प्रकृतिप्रति अनुरक्त तुल्याएका छन् । हाम्रो वरिपरि देखिने प्रकृतिका विविध रूपसम्पदालाई हृद्य शैलीमा वर्णन गरेर त्यसको अनुभवगम्य आनन्दको सम्प्रेषण कविहरूले आफ्ना रचनाद्वारा गर्ने गर्दछन् । यस पृष्ठभूमिमा राजा प्रताप मल्लका अभिलेखउपर दृष्टिपात गर्दा यी अभिलेखहरूमा उपलब्ध कतिपय काव्यरचनामा कवीन्द्रले प्रकृतिको सुन्दर चित्रण गरेको पाइन्छ । प्रकृतिभित्र लुकेको दिव्यता, उदात्तता र आनन्दमयताको अनुभूति गरेर कवीन्द्रले तिनको हृद्य, आलङ्कारिक र सौन्दर्यशाली वर्णन गरेका छन् ।

विशेषतः प्रकृतिचित्रणका दृष्टिले उनका दुई काव्यिक रचनाहरू उल्लेख गर्न योग्य पाइएका छन्-

क. स्वयम्भूभट्टारकस्तोत्रम्, ख. वापीवर्णन ।

४.२.१ स्वयम्भूभट्टारकस्तोत्रम्

स्वयम्भूभट्टारकस्तोत्रम्[25] मूलतः स्वयम्भूरूप महेश्वरको आराधना र वन्दनामा समर्पित भक्ति रचना हो । परन्तु यस रचनामा स्वयम्भू चैत्य जहाँ अवस्थित छ सो रम्य पर्वत यद्वा थुम्को र त्यसमा रहेको मनोरम वन्य-सम्पदाको लोभलाग्दो वर्णन र सौन्दर्यमय चित्रण गरिएको पाइन्छ । मञ्जुश्रीले निर्माण गरेको अद्भुत र रम्य पर्वत भनेर त्यस स्थानको प्रशंसा गर्दै राजा प्रताप मल्लले **'वज्रकूट'** नामद्वारा त्यस थुम्कोलाई भावमय सम्मान गरेका छन् । देवराजा इन्द्रको स्वर्गीय वाटिका नन्दनभन्दा पनि सुन्दर उपवनका रूपमा सो पर्वतको रम्यताको अभिनन्दन गरेका छन् । बकुल, कुरवक, कोकनद, चम्पक, केतकी आदि फूलको उपवनका रूपमा उक्त पर्वतको मनोरम वर्णन गरिएको छ । मालती, कुन्द, मधूक, मल्लिका, सेतो कमल, पारिजात, आदि फूलको मधुर सुवासद्वारा सुवासित, हावाद्वारा वंशध्वनिको सुमधुर संगीत उत्पन्न भएको, फूलको मकरन्दपानमा मस्त विमुग्ध भ्रमरावलीले गुञ्जायमान भएको, सुन्दर घना वृक्षले आच्छादित पर्वतका रूपमा उक्त स्थानको प्राकृतिक सौन्दर्यको उद्घाटन गरिएको छ । लकुच, ताल, पलाश, किंशुक, कर्णिकार, रसाल, कैरव, रक्तचन्दन, अगुरु, खदिर शिंशिप, दाडिम, पनस, नारंग, बीजपूरक, कदली, बदरी, जम्बू, खर्जूर, द्राक्षा, नारिकेल, कपित्थ, श्रीफल, क्षीरिका विल्व, आदि प्रशस्त फलका वृक्षहरूद्वारा ढाकिएका उक्त मनोहर पर्वतको उपवनमय स्वरूपको भव्य शब्दचित्र यस रचनामा खिँचिएको पाइन्छ ।

४.२.२ वापीवर्णन

दोस्रो प्रकृति-चित्रणपरक काव्य रानीपोखरी-तटमा स्थापित शिलापट्टमा उत्कीर्ण[26] गरिएको छ । **'वापी-वर्णन'** भनेर यहाँ त्यस रचनाको चर्चा गरिएको छ । रानीपोखरीको रम्यता र भव्यतालाई अत्यन्त आलङ्कारिक काव्यशैलीमा त्यस रचनामा प्रस्तुत गरिएको पाइन्छ । प्रथमतः रानीपोखरीलाई सुन्दरी रमणीका रूपमा परिकल्पना गरी, प्रकृतिको मानवीकरण गरेर उक्त तलाउको सौन्दर्य र प्राणमयता प्रतिपादित गरिएको पाइन्छ ।

कवीन्द्र प्रताप मल्लका भूमिको अलकारस्वरूपा, हंसयुगलरूपी कुचद्वयले सम्पन्न, कमलको फूल नै सुन्दर मुख भएकी, राम्रा चञ्चले माछा नै आँखा भएकी, शैवालावली (पानीमा जमेको जालीदार, लहरदार लेउ) नै केशपाश भएकी, विमल जल नै सुन्दर स्वच्छ शरीर भएकी प्रकृतिरूपिणी मनोरमा हृदयाकर्षिणी नारीका रूपमा रानीपोखरीलाई त्यहाँ चित्रण गरिएको छ । यस रानीपोखरीको प्राकृतिक सौन्दर्यको भव्यतालाई कवीन्द्रले यसरी चित्रण गरेका छन् :

---
[25] **अभि. सं. ७ ।**
[26] **अभि. सं. ३५ ।**

यस्यां पद्मवने निपीय निभृतं माध्वीकधाराशतं

सानन्दं खलु चञ्चरीकपटली, पाण्डित्यमभ्यस्यति ।

हंसाद्याश्च विहंगमाः सुललितालापं मुदा कुर्व्वते

सानन्दं कोमलाङ्गाः सुरकुलवनिता यत्र नित्यं रमन्ते ॥[27]

'जुन पोखरीको विपुलजलराशिमध्यमा फुलेका कमलहरूको वनमा कमलपुष्पको अन्तर्गर्भमा भरिएको मकरन्दको मदिराका सयकडौं मधुधारा पिएर परम आनन्दले मदमत्त भएको भ्रमरमण्डलीले मीठो गुञ्जन गर्ने गानविद्याको साधना सम्पन्न गरेर पाण्डित्य उपलब्ध गर्दछ, जहाँ हाँस आदि गगनविहारी सुन्दर पक्षीहरू प्रसन्नताले लालित्यपूर्ण आलाप/संवाद सम्पन्न गर्दछन्, जहाँ कोमलाङ्गी देवाङ्गनाहरू स्नानादि गरेर परमहर्षित हुन्छन्, रमाउँछन्, त्यस्तो गङ्गाजलका पवित्र जलधाराहरूद्वारा परिपूरित यो रानीपोखरी धन्य छ ।'

यस पोखरीको पवित्रता, पुण्यमयता र दिव्यताको यसरी वर्णन गरिएको छ : 'समग्र धरणीतलमा पापपुञ्जलाई विध्वंस गर्ने, जलस्नान-पान गर्नेहरूलाई अन्तकालमा शिवपुरीको निवास प्रदान गर्ने, श्रीविष्णुको चरणकमयुगलबाट प्रत्यग्र समुत्पन्न भएको विष्णुपदी गङ्गाको निर्मल जलप्रवाहले आपूरित यस रानीपोखरीमा सबै नदी र उत्तम देवताहरूको वास रहेको छ । यहाँको पुण्योदकमा यद्वा पवित्र जलप्रवाहमा वसेका विभिन्न उत्तम नागहरूका फणिस्थित मणिश्रेणीहरूले दिव्य प्रकाश फैलाउँछन्, अत्यन्त प्रमोदका साथ यस पोखरीमा वाग्मती सधैंका लागि वास गर्न उत्कण्ठित रहन्छिन्, समग्र देवगणलाई लिएर स्वयं वैकुण्ठनाथ यहाँ आउन चाहनुहुन्छ । धेरै के भनौं ! काशीपति विश्वनाथ पनि गङ्गागौरवमण्डित काशीनगरीलाई परित्याग गरेर झट्टै हर्षले यहाँ आउनुभयो ।'

यसरी प्रस्तुत रचनामा प्रताप मल्लले पोखरीको दिव्यतालाई अत्यन्त आलङ्कारिक शैलीमा वर्णन गर्दै पोखरीको प्राकृतिक सुषमालाई हृद्य रूपमा चित्रण गरेका छन् । जलप्रवाह, कमलवन, भ्रमरगुञ्जन र वापीको मानवीकरण आदिको सुललित वर्णन-वैभवले प्रकृतिको मनोरम विम्ब यस रचनामा उत्रिएको पाइन्छ ।

४.२.३ प्रकृति : उपमानका रूपमा

यी दुई प्रकृतिचित्रणसम्वद्ध काव्यका अतिरिक्त अन्य रचनाहरूमा प्रताप मल्लले वर्णनीय विषयवस्तुको उपमानका रूपमा प्रकृतिका विभिन्न सुन्दर वस्तुहरूको वरण - स्वीकरण गरेका छन् । कीर्तिलाई लताका रूपमा,[28] प्रतापलाई अग्निज्वालाका रूपमा वर्णन गरिएको

[27] अभि. सं. ३५/५ ।
[28] अभि. सं. १/१ ।

छ । [29]गाम्भीर्यको उपमान समुद्र,[30] धैर्य्यको उपमान विन्ध्याचल,[31] प्रतापको उपमान उज्ज्वल मणि-माणिक्य,[32] ठूलाठूला कान भएको हात्तीको उपमान पखेटावाल पर्वत,[33] महान् राजाको उपमान समुद्र,[34] दानजलप्रवाहको उपमान समुद्र,[35] प्रतापको उपमान आगो[36] गुणगणको उपमान पर्वत[37] र दर्पको उपमान दावानलका[38] रूपमा समेत प्रताप मल्लका रचनाहरूमा प्रकृतिले विशिष्ट स्थान प्राप्त गरेको देखिन्छ ।

४.२.४ प्रकृतिको मानवीकरण

कतिपय रचनामा प्रकृतिको मानवीकरण गरेर प्राकृतिक निर्जीववस्तुमा पनि मानवीय स्वभाव र चरित्र प्रदान गरिएको छ र प्रकृतिका प्रेरक वस्तुहरूसँग मानवजातिको अन्तर्सम्बन्ध र घनिष्टताको अभिव्यञ्जना गरिएको छ । सूर्यवंशी राजा प्रताप मल्लले निजवंशावली वर्णन गर्दा प्रथमतः सूर्यको मानवीकरण गरेर कामदेवको घमण्डलाई पनि चूर गर्ने भनेर आफ्ना कुलपुरुषको परम सौन्दर्यलाई प्रकट गरेको छ । काल, आकाश र दिशालाई प्रकाशित तुल्याउने भनेर सूर्यको गरिमा, तीनै लोकको पाप अन्त गर्ने भनेर उदारता, कमलवनमा मित्रताको विस्तार गर्ने भनेर प्रेममयता र अन्धकाररूपी हस्तियूथलाई समाप्त पार्ने भनेर तेजोमयता एवम् प्रचण्डता आदि सूर्यका प्राकृतिक वैशिष्ट्य र उत्तम गुणको कलात्मक अभिव्यञ्जना गरिएको छ ।[39] वडवानललाई प्रताप मल्लको प्रतापअग्निका सामुन्ने हार खाएर समुद्रमा हामफाल्ने हरूवा चरित्रका रूपमा,[40] चन्द्रमालाई, राजा प्रताप मल्लको कीर्तिसँग प्रतिस्पर्धा गर्न खोज्ने र कसैगरी पनि जित्न नसकेर कलङ्करूपी म्लानताले ढाकिएको चिन्तित व्यक्तिका रूपमा,[41] उत्तम कमलिनीहरूलाई, आफूभित्र लुकेका भ्रमरहरूको गुञ्जनद्वारा राजाको कीर्तिगान गर्ने वन्दिनीका रूपमा,[42] कल्पवृक्षलाई, राजासँग दानकार्यमा प्रतिस्पर्धा गर्न नसकेर दिनरात पराजयको दीर्घ निःश्वास लिने विजित शत्रुका रूपमा,[43] दिनमणि सूर्यलाई, दिनरात प्रतापोदय गरी राजाले आफूलाई पराजित

---

[29] **अभि. सं. १/२ ।**
[30] **अभि. सं. २३/३ ।**
[31] **उही ।**
[32] **अभि. सं. २३/११ ।**
[33] **उही ।**
[34] **उही ।**
[35] **अभि. सं. २३/१३ ।**
[36] **अभि. सं. २३/१६ ।**
[37] **अभि. सं. २३/२२ ।**
[38] **अभि. सं. २३/२६ ।**
[39] **अभि. सं. २३/२ ।**
[40] **अभि. सं. २३/२४ ।**
[41] **अभि. सं. १/२१ ।**
[42] **अभि. सं. १/२२ ।**
[43] **अभि. सं. १/२४ ।**

तुल्याएकोले प्रत्येक साँझ हताश भएर समुद्रमा हामफालेर आत्महत्या गर्ने निराश प्रतिस्पर्धीका[44] रूपमा चित्रण गरेर आलङ्कारिक चमत्कार प्रकट गरी कवीन्द्र प्रतापले प्रकृतिलाई विविध रूपमा मानवीकरण गरेका छन् । यसरी यी अभिलेखहरूमा मानवीय स्वभाव र चरित्रको अभिव्यक्तिका लागि पनि प्रकृतिको अवलम्बन गरिएको छ र मानव एवम् प्रकृतिका बीचको अनाख्येय अन्तर्सम्बन्धको कलात्मक अभिव्यञ्जना प्रस्तुत गरिएको छ ।

४.२.५ निष्कर्ष

क. राजा प्रताप मल्लका अभिलेखहरूमा प्रकृति-चित्रणको विविध शैली देखा पर्दछ :

ख. प्रकृति-चित्रणलाई नै प्रमुखता दिएर रचिएका दुई काव्यकृतिहरूमध्ये एउटामा उपवनको हृद्य वर्णन र अर्कोमा तलाउको सुन्दर चित्रण गरिएको छ ।

ग. प्रकृतिमा रहेका विविध वस्तुहरूलाई विभिन्न वर्णनीय विषयको उपमानका रूपमा सटीक प्रयोग गरिएको छ ।

घ. प्रकृतिलाई मानवीकरण गरी मानवीय चरित्र र स्वभाव दिएर कथ्यलाई कलात्मक रूपमा स्पष्ट पारिएको छ ।

ङ. प्रकृति र मानवबीचको अनाख्येय अन्तर्सम्बन्धलाई अत्यन्त कलात्मक रूपमा अभिव्यञ्जित गरिएको छ ।

४.३ अभिलेख साहित्यमा प्रीतिचित्रण

'प्री' धातुमा 'क्तिन्' प्रत्यय जोडिएर 'प्रीति' शब्द निष्पन्न हुन्छ । यस शब्दका धेरै अर्थ छन् । प्रसन्नता, आल्हाद, सन्तोष, खुशी, आनन्द, हर्ष र तृप्तिका साथै अनुग्रह, कृपालुताजस्ता अर्थ पनि यस शब्दले विभिन्न परिवेशमा प्रकट गरेको पाइन्छ । विशेषतः प्रेम, स्नेह, आदर, मित्रता र सौहार्दजस्ता भावनामय अनुभूतिहरूलाई व्यक्त गर्न 'प्रीति' शब्दको प्रयोग[45] गरिन्छ । समस्त जगत्मा सर्वाधिक प्रिय भाव 'प्रीति' नै हो । प्राणीमात्रमा प्रीतिको साम्राज्य देखिन्छ । प्रीतिले नै समग्र प्राणी-जगत्लाई सहअस्तित्वको दृढ-सूत्रमा आबद्ध गरको छ र यो सृष्टि सुचारु रुपमा सञ्चालित छ । मानवमात्रको सर्वाधिक प्रिय, केन्द्रीय भाव 'प्रीति' नै हो । मानवजीवनका प्रत्येक क्षण, जीवनयात्राका प्रत्येक मोड र जटिल परिस्थितिका प्रत्येक पलमा प्रीतिले विधायक ऊर्जाका रूपमा मानवजातिलाई उदात्ततातिर प्रेरित गरेको पाइन्छ । मानवजातिको सभ्यता र संस्कृतिको निरन्तर विकासमा मानवको परस्परप्रीतिले नै केन्द्रीय भूमिका निर्वाह गरेको पाइन्छ । मानवजातिको सह-अस्तित्वलाई **'संगच्छध्वम्, संवदध्वम्'**को

---

[44] **अभि. सं. २३/२४ ।**

[45] प्रा.बालकृष्ण पोखरेल र अन्य,(सम्पा.) **नेपाली बृहत् शब्दकोश.** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, पुनर्मुद्रण, वि.सं. २०५२) पृ. १३१ ।

प्रीतिमूलक उद्घोषले नै सुदीर्घ परम्पराका रूपमा संरक्षण प्रदान गरेको छ र पृथ्वीलाई प्राणीमात्रको प्रिय आवासका रूपमा प्रतिष्ठा प्रदान गरेको छ। मानवको व्यक्ति-जीवनमा पनि प्राणतत्त्वका रूपमा रहेर प्रीतिले नै सञ्जीवनी प्रदान गरेको हुन्छ। प्रत्येक व्यक्तिको सङ्घर्षपूर्ण जीवन-यात्रा प्रीतिकै प्रेरणा, प्रीतिकै आकाङ्क्षा र अन्वेषण, प्रीतिकै प्राप्ति, अभिव्यक्ति र विस्तार एवम् सारतः प्रीतिकै आराधनामा समर्पित हुन्छ।

साहित्य सिर्जना पनि प्रीतिकै हार्दिक अभिव्यक्तिमा बढी पल्लवित पत्रित र पुष्पित हुने गर्दछ। यसै आधारभूमिमा रहेर राजा प्रताप मल्लका अभिलेखहरूको अध्ययन र परिशीलन गर्दा यी अभिलेख साहित्यका रचनाहरूमा विविध शैलीका प्रीतितत्त्वको वर्णन, चित्रण र अभिव्यक्ति भएको पाइन्छ। मुख्यतः अभिलेख-साहित्यमा चित्रित प्रीति-तत्त्वलाई निम्नानुसार वर्गीकरण गरी अध्ययन गर्न सकिने देखिन्छ -

१. **ईश्वरीमा समर्पित प्रीति**

२. **ईश्वरमा समर्पित प्रीति**

३. **पूर्वजहरूप्रति प्रीति**

४. **कान्तागत प्रीति**

५. **कान्तगत प्रीति**

६. **सन्ततिमा प्रीति**

७. **प्रजाविषयक प्रीति**

४.३.१ ईश्वरीमा समर्पित प्रीति

विश्वकी अधिष्ठात्री देवीका रूपमा देवी, भवानी, दुर्गा, काली लक्ष्मी, भगवती र सरस्वती आदि विविध स्वरूपमा ईश्वरीको आराधना गरिन्छ[46]। समग्र जगत्की सञ्चालिका शक्तिका रूपमा अनन्त कालदेखि अविच्छिन्न रूपमा मानवजातिले विभिन्न रूप, आकार, प्रकार, शैली र भावमा प्रतिष्ठापित गरेर ईश्वरीप्रति आराधना, समर्पण र भक्ति एवं श्रद्धा-आस्था समर्पण गरी प्रीति अभिव्यक्त गर्दै आएको पाइन्छ। यसै परम्परामा अनुस्यूत भएर कवीन्द्र प्रताप मल्लले पनि आफ्ना अभिलेखाङ्कित रचनाहरूमा ईश्वरीप्रतिको प्रीतिको चित्रण प्रस्तुत गरेका छन्। साहित्य शास्त्रमा ईश्वरीप्रतिको प्रीतिलाई **'भाव'** संज्ञा दिइएको छ। त्यस्तो भावको अभिव्यक्ति प्रताप

[46] प्रा. पोखरेल र अन्य,(सम्पा.) **पूर्ववत् नं. ४५.** पृ. १३१।

मल्लका साहित्यिक रचनाहरूमा सर्वाधिक चित्रित विषय बनेर देखा परेको छ । पहिलेका पानाहरूमा विभिन्न प्रसङ्गमा यस विषयवस्तुका बारे पर्याप्त चर्चा पनि भइसकेको छ ।

ईश्वरीका आराधना र अभ्यर्थनाका रूपमा आठवटा स्तुति-प्रार्थना-विषयक काव्यरचनाहरू प्रताप मल्लका अभिलेखहरूमा पाइन्छन् । जसमा ईश्वरीमा समर्पित कवि-हृदयगत प्रीतिको अत्यन्त हृद्य चित्रण गरिएको पाइन्छ । **टण्टलापुर घाम लागेका बेलामा जसरी हंसवधू कमलवनको छायाँमा आश्रय लिएर शीतलता प्राप्त गर्दछे त्यसैगरी भवतापतापित भक्तजनलाई चरणकमलको शीतल छायाँ प्रदान गरी आनन्दित तुल्याउने**[47] भनेर ईश्वरी भवानीमाथि आफ्नो अगाध अनुराग व्यक्त गरिएको छ । **'भक्तहरूको विपद्रूप अन्धकार पुञ्जलाई विध्वंस तुल्याउने**[48] भनेर भवानीको स्तवन गरिएको छ । कान्ताजन्य विरहव्यथावाट मुक्तिका लागि कातरभावले भवानीप्रति प्रीतिपूर्वक कृपादृष्टिको याचना[49] गरिएको छ । अभीष्ट अर्थ प्रदान गर्ने, पापनाश गर्ने, प्रचण्डाट्टहासले शत्रुविनाश गर्ने, र दिनेश, धनेश, जलेश र रमेशलाई पनि परमसिद्धि प्रदान गर्ने[50] भएकाले आफ्ना समस्त कामनापूर्तिपूर्वक पापनाश गर्ने करुणामयी माताका रूपमा अनुध्यान गरेर ईश्वरीप्रतिको प्रीति व्यक्त गरिएको पाइन्छ । भवजलनिधिवाट तार्ने पोतका रूपमा, सेवकहरूलाई आनन्द सम्पादन गर्ने र विनम्र भक्तहरूलाई प्रसाद प्रदान गर्नमा एकचित्त भएकी कृपालु देवीका रूपमा ईश्वरीप्रति आफ्नो आस्था र विश्वास व्यक्त गर्दै त्यस्ती देवीका सामु आफूलाई कल्याण प्रदान गर्न[51] विनयपूर्वक विन्ति गरिएको पाइन्छ । भ्रमरवत् काला सुन्दर नयनयुगल भएकी, लहराएको केशकलापमा विलासको वास भवन भएकी, नीलकमलतुल्य सुन्दर शरीर भएकी, गुञ्जायमान किङ्किणीद्वारा नितम्बबिम्ब सुशोभित भएकी, स्वर्णनिर्मित नूपुर धारण गरेकी, मदमत्त कोइलीको जस्तो मीठो स्वर भएकी, कङ्कण र अङ्गद एवं औंठीहरूद्वारा शोभायमान, सुगाको जस्तो बान्की परेको नासिकाले युक्त, मोतीका पङ्क्तिहरू झैं मिलेका दन्तपङ्क्तिद्वारा सुशोभिता, परिपक्व बिम्ब र विद्रुमतुल्य अधरबिम्व भएकी, अत्यन्त सुन्दरी र कृपापरायणा देवीका रूपमा ईश्वरीको रमणीय बिम्ब[52] प्रस्तुत गरी आफ्नो हार्दिक अनुराग अभिव्यक्त गरिएको छ । आजन्म गरिएका समस्त अपराध कार्यहरू संझिएर पश्चात्ताप गर्दै करुणामयी माताका सामु अत्यन्त विनीत भावले क्षमा याचना[53] गर्दै ईश्वरीप्रति अत्यन्त ठूलो आस्था र निष्ठा एवम् भक्तिभाव अभिव्यक्त गरी परमप्रीतिको अभिव्यञ्जना गरेको पाइन्छ । ईश्वरीप्रतिको पूर्ण आस्था र एकात्मभावपूर्ण प्रेम प्रकट गर्दै 'अम्बिका'लाई छोडेर अरु कुनै पनि देवदेवीप्रति नतिसम्म नगर्ने[54]

---

[47] **अभि. सं. १३ ।**
[48] **उही ।**
[49] **उही ।**
[50] **अभि. सं. २० ।**
[51] **अभि. सं. ३१ ।**
[52] **अभि. सं. ३३ ।**
[53] **अभि. सं. ३९ ।**
[54] **अभि. सं. ४१ ।**

प्रण पनि प्रताप मल्लले व्यक्त गरेका छन्, जसद्वारा उनको ईश्वरीप्रतिको अगाध अनुराग र अनन्य प्रीति अभिव्यक्त हुन पुगेको पाइन्छ । ईश्वरीविषयक प्रीति अभिव्यक्त गर्ने सन्दर्भमा वज्रयोगिनी, कालिका, चण्डिका र अम्बिकाका रूपमा समेत देवीको आराधना गरी आफ्नो प्रीतिभाव अभिव्यक्त गरिए तापनि मूलतः आफ्नी इष्टदेवी तुलजा भवानीप्रति कवीन्द्रको एकान्तिक भक्ति किंवा रतिभाव अभिव्यक्त हुन पुगेको देखिन्छ । ईश्वरीका शत्रुनाशक, दुःखविनाशक, करुणाकारी एवम् कृपालु स्वरूपलाई हृदयतः भावना गरेर उनको सुन्दर, हृद्य स्वरूपलाई अवलम्बन गर्दै यी अभिलेखहरूमा ईश्वरीप्रति अपार भक्ति, अनन्य निष्ठा र परम अनुरागको अभिव्यक्ति गरी प्रीतिको अभिव्यञ्जना गरिएको पाइन्छ ।

४.३.२ ईश्वरमा समर्पित प्रीति

समग्र चराचर जगत्का एकमात्र आश्रय, सम्पूर्ण विश्व ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने परमपुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता, भगवान्, परमेश्वरका रूपमा[55] ईश्वरलाई उपासना र आराधना गरिन्छ । त्यस्ता ईश्वरका परमअनुकम्पाको स्मरण र अनुभव गरेर मानवमात्रले गर्ने प्रार्थना, आराधना र विनयको प्रकटीकरणद्वारा ईश्वरसमर्पित प्रीतिको अभिव्यक्ति हुन्छ ।

राजा प्रताप मल्लको अभिलेख-साहित्यमा ईश्वरमा समर्पित प्रीतिको हृदयाकर्षक चित्रण र अभिव्यक्ति पाइन्छ । ईश्वरका विभिन्न रूपमध्ये नारायण, शिव, भीमसेन, स्वयम्भू, नृसिंह र हनुमान्का रूपमा ईश्वरीय छविको चित्रण गर्दै त्यस्ता आराध्यदेवप्रति कविका हृदयमा उद्भूत प्रीतिभावको मनोरम चित्रण गरिएको पाइन्छ । वासुकिका रूपमा नारायणलाई, स्वयम्भूका रूपमा महेश्वरलाई, प्रेमको प्रतिमूर्तिका रूपमा अर्द्धनारीश्वरलाई, नृत्यनाथका रूपमा शङ्करलाई, भीमसेनका रूपमा शिवलाई, शिवशक्त्यात्मक देवका रूपमा भैरवलाई समेत कविले आफ्नो हार्दिक प्रीति व्यक्त गरेको पाइन्छ । यहाँ विविध रूपमा प्रतिबिम्बित हुने एउटै परमेश्वरको श्रद्धास्पद बिम्बप्रति नै कविको अनुराग व्यक्त भएको देखिन्छ । पीतपट्टाम्बरद्वारा सुशोभित, व्रजस्त्रीद्वारा सेवित, गोवंशको कल्याणका लागि गोवर्द्धन पर्वत उठाउने, घनश्यामस्वरूप नारायणको कल्याणप्रद सुन्दर स्वरूपको भावना गरेर कविहृदयगत प्रीतिको उद्रेक भएको देखिन्छ । सुदामाजस्तो निर्धन अकिञ्चन ब्राह्मणलाई राजसी ऐश्वर्य प्रदान गर्ने, आपद्ग्रस्ता द्रौपदीलाई लज्जा-सागरबाट उतार्ने, गुरूपुत्रलाई शङ्ख दैत्यबाट उद्धार गर्ने, वेणुवादन गरी गोपिकाको मन हरण गर्ने, रमालाई ससम्भ्रम आलिङ्गन गर्ने, यशोदालाई मातृत्व प्रदान गरेर तृप्त तुल्याउने, भक्तलाई कृपावीक्षितद्वारा उद्धार गर्ने ईश्वरको आनन्दकन्दस्वरूपलाई[56] भावना गरेर कविहृदय गद्गद् बनेको पाइन्छ, फलतः कवि हृदयगत रतिभाव उद्रेक हुन पुगेको छ । त्यसै

---

[55] पोखरेल र अन्य (सम्पा.)**पूर्ववत् नं. ४५**. पृ. १३० - १३१ ।
[56] **अभि. सं. ६** ।

गरी सुन्दर प्रकृतिले आच्छादित सुरम्य पर्वत (वज्रकूट) माथि निवास गर्ने स्वयम्भूलाई महेश्वरका रूपमा भावना गर्दै राजा प्रताप मल्लले निर्गुणनिराकार परमेश्वरका रूपमा ईश्वरप्रीतिको अभिव्यक्ति गरेका छन् । शैव, सौगत, वैष्णव, सौर आदि समस्त सम्प्रदायका भक्तहरूद्वारा उपासना गरिने एउटै परमेश्वर भनेर महेश्वरको आराधना गर्दै परात्पर विभु परमकल्याणकारी शम्भुका रूपमा[57] स्वयम्भूको आराधना र वन्दना गरी गहिरो अनुराग प्रकट गरेका छन् । त्यसै गरी भीमसेनलाई पनि शिवकै स्वरूपमा भावना गरी ईश्वरको वीरतापूर्ण, शत्रुविनाशक, आपदुद्धारक, दुष्टविमर्दक दर्पनाशक, एवम् भक्तजनोद्धारक बिम्वको[58] सुन्दर उद्भावना गरेर त्यस्ता ईश्वरप्रति गहिरो हार्दिक प्रीतिको अभिव्यक्ति गरेका छन् । त्यसैगरी तन्त्रमतसम्मत भैरवस्वरूप परमेश्वरलाई चक्रनाथ, महासम्बर, कालचक्र, वज्रभैरव आदिका रूपमा उपासना गरेर अनि देवी भवानीलाई भैरवी, वज्रयोगिनी र महामाया आदिका रूपमा भावना गरेर शिवशक्त्यात्मक ईश्वरलाई नमन गर्दै[59] त्यस्ता देवताप्रति आफ्नो हार्दिक प्रीतिको अभिव्यक्ति गरेका छन् । शान्तिपुर प्रवेशजस्तो साहसिक कार्य सफलतासाथ सम्पन्न गर्न ईश्वरप्रतिको अगाध आस्था, भक्ति र विश्वास एवम् हृदयान्तर्गत अनुरागको गम्भीर उपस्थितिविना सम्भव पनि थिएन । राजा प्रताप मल्लको ईश्वरप्रतिको गहिरो आस्था, विश्वास र प्रेमले नै लोककल्याणकारी सो अद्भुत अतिमानवीय कार्य प्रताप मल्लले सफलतासाथ सम्पन्न गरेको स्पष्ट हुन्छ । भक्त प्रह्लादलाई रक्षा गर्ने, दुष्ट हिरण्यकशिपुलाई समाप्त पार्ने, वज्रतनु शत्रुनाशक र भक्तजनसंरक्षक करुणामय भगवान् नृसिंहका रूपमा[60] पनि भावना गरी प्रताप मल्लले ईश्वरानुरागको अभिव्यक्ति दिएका छन् । दुष्टनाशक, शत्रुसंहारक र विघ्नविघातक रूपमा हनुमान्लाई पनि संरक्षक देवताका रूपमा भावना गरी ईश्वरविषयक प्रीति अभिव्यक्त गरेको पाइन्छ ।

मूलतः राष्ट्रका आराध्यदेव पशुपतिनाथका रूपमा प्रताप मल्लले ईश्वरको आराधना गरेको देखिन्छ । उनै पशुपतिनाथका विभिन्न रूप र स्वरूपमा अन्य देवका प्रतिरूपलाई उनले आराधना गरेका छन् । जटाबाट पतितपावनी गङ्गालाई प्रवाहित गर्ने, लोककल्याणकारी, तेस्रो नेत्रबाट कामदहन गर्ने, अविकारी, हिमालयको भन्दा पनि शुभ्र सौम्य स्वरूप भएका, रमणीय, ध्यान गर्ने भक्तहरूलाई समग्र सम्पदा प्रदान गर्ने : **आशुतोष**, त्रिशूलद्वारा त्रिपुरलाई तर्साउने : **शत्रुविनाशक**, पिनाकप्रभाले मित्रहरूलाई आनन्दित तुल्याउने : **आनन्दप्रद**, महेन्द्रादिद्वारा पनि बुझेर बुझ्न नसकिने : **अगम्य**, सर्पराजको यज्ञोपवीत धारण गर्ने : **रहस्यमय**, महाकालिकाको आलिङ्गनमा व्यग्र : **प्रेममय**, जगद् रक्षाका लागि विष पिउने : **कल्याणकारी**, करुणामूर्ति, कामदेवलाई उपहास गर्ने : **सुन्दरविग्रहधारी**, रवि इन्दु र अग्निरूपी त्रिनेत्रले जगत्लाई आलोकित

---

[57] **अभि. सं. ७ ।**
[58] **अभि. सं. २१ ।**
[59] **अभि. सं. २८ ।**
[60] **अभि. सं. ४३ ।**

गर्ने : परमप्रतापी शक्तिशाली, दुकूल परित्याग गरेर छाला ओढ्ने : **वीतराग**, विमान छोडेर श्मशानको आश्रय लिने : **अवधूत**, उमासँग निरन्तर सङ्गम गरेर पनि परमयोगी[61] हुनाले अलौकिक चरित्र भएका : **विस्मयकारी** र **अगम्यप्रभावशाली** परमेश्वरको लीलाको भावना गरेर परमप्रीतिले गद्‌गद् बनेका कविको अत्यन्त हृद्य अनुरागको अभिव्यक्ति ईश्वराराधनामा रचित काव्यहरूमा पाइन्छ । सारतः ईश्वरका विविध स्वरूप र विम्वहरूको प्रीतिप्रद चित्रण गर्दै प्रताप मल्लले तद्‌भावभावित बनेर त्यस्ता परमेश्वरप्रति आफ्नो हार्दिक प्रीतिको अत्यन्त हृदयावर्जक अभिव्यक्ति अभिलेख साहित्यमा प्रस्तुत गरेको पाइन्छ ।

४.३.३ पूर्वजहरूप्रति प्रीति

राजा प्रताप मल्लले आफ्ना अभिलेखहरूमा आफ्ना पूर्वज पुरुष, पुर्खाहरूप्रति आफ्नो हार्दिक श्रद्धा, सम्मान र आस्थाले भरिएको प्रीति प्रकट गरेर काव्य रचना गरेको पाइन्छ । वंशावलीवर्णन-विषयक त्यस्ता रचनाहरूमा उनले गौरवका साथ आफूलाई सूर्यवंशोत्पन्न राजाका रूपमा प्रस्तुत गर्दै आफ्ना कुलपुरुषहरूप्रति सम्मानपूर्ण अनुरागको अभिव्यक्ति गरेका छन् । सर्वप्रथम स्वकुलका प्रथमपुरुषका रूपमा श्रीसूर्यको उदात्त चरित्रको बयान गर्दै आलङ्कारिक शैलीमा हार्दिक सुललित प्रीतिभावको अभिव्यञ्जना गरेका छन् । श्रीविष्णुको नयनकमलवाट समुत्पन्न, त्रिजगतीका पापान्तकर्ता, अन्धकारगजघटाका विध्वंशकारी केशरी- रूप, काल आकाश र दिशाका प्रकाशक, कन्दर्पदर्पापहारी अतिसुन्दर र कमलकुलसँग मैत्रीको विस्तार गर्ने भनेर **श्रीसूर्य**को महिमागान गरिएको छ । तदनन्तर **वैवस्वत मनु**, **राजा दिलीप**, नृपसत्तम **रघु**, श्रीमान् अज, देवतनु **दशरथ**, अभिरामाकृति **राम**, तत्पुत्र **लव**[62] आदि पुराण-पुरुषहरूको उत्तम चरित्रको सश्रद्ध स्मरण गर्दै उनीहरुप्रति हार्दिक प्रीतिभाव अभिव्यक्त गरेका छन् । त्यसपछि रघुवंशी **नान्यदेव**, तत्पुत्र **गाङ्गदेव**, तत्पुत्र **नृसिंहदेव**, तत्सुत **रामसिंह**, तदुत्पन्न **शक्तिसिंह** र त्यसपछि **भूपालसिंह**[63] नाम भएका राजाहरूको ससम्मान नाम ग्रहण गरेको पाइन्छ ।

यसपछि इतिहासप्रसिद्ध पूर्वजहरू **कार्णाटचूडामणि हरसिंहदेव**, **श्री यक्ष मल्ल**, **रत्न मल्ल**, **सूर्य मल्ल**, **नरेन्द्र मल्ल**, **अमर मल्ल**, **महेन्द्र मल्ल**, **शिवसिंहदेव**, **हरिहरसिंह** र **श्री लक्ष्मीनृसिंह मल्ल**[64] सम्मका आफ्ना पूर्वजहरूप्रति गहिरो सम्मान र हार्दिक अनुराग व्यक्त गरिएको पाइन्छ ।

सज्जनहरूको मर्यादाको स्थापना गर्ने, समुद्रसमान गम्भीर, विन्ध्याचलसमान धैर्यशाली, कामदेवतुल्य सुन्दर, उत्तम पुरुषका रूपमा **वैवस्वत मनु**को वर्णन[65] गर्दै त्यस्ता पूर्वजप्रतिको

---

[61] **अभि. सं. २९ ।**
[62] **अभि. सं. २३ ।**
[63] **अभि. सं. ५ ।**
[64] **अभि. सं. १,५,२३ ।**
[65] **अभि. सं. २३ ।**

सम्मानपूर्ण अनुराग व्यक्त गरिएको छ । शत्रुविनाशक, परमरूपवान् भनेर राजा **दिलीप**लाई, वीर्यवान्, कीर्तिशाली र परमप्रतापी भनेर **रघु**प्रति, शिष्टका प्रतिपालक र दुष्टका दर्प विदारक भनेर **अज**प्रति, पापमा संशक्तचित्त शनिलाई बाटामै स्तम्भित गर्ने परमप्रतापी भनेर **दशरथ**प्रति, कलिवर राक्षसराज रावणको विनाशक, त्रिलोकविख्यात भनेर **श्रीराम**प्रति, शत्रुका शासक, धर्मात्मा र दशरथतनयहरूलाई पनि युद्धमा पराजित गर्ने भनेर **लव**प्रति[66] राजा प्रताप मल्लले सम्मान र श्रद्धा व्यक्त गरेर आफ्नो अनुराग प्रकट गरेका छन् ।

कर्णाटवसुन्धराधिप, परमयशस्वी एवं अत्यन्त ऐश्वर्यशाली राजाका रूपमा महान् व्यक्तित्वशाली **हरिसिंहदेव**[67] प्रति श्रद्धामय अनुराग व्यक्त गरिएको पाइन्छ । अत्यन्त प्रतापी र शत्रुविमर्दक अत्यन्त सुन्दर, समस्तदुष्टजनविमर्दक भनेर यक्ष मल्लप्रति, कुशाग्रबुद्धिद्वारा देवगुरु बृहस्पतितुल्य, रिपुकुलनाश गर्नमा पार्थतुल्य, अत्यन्त दानी राजाका रूपमा[68] **रत्नमल्ल**प्रति, धर्मैकचित्त, साधुवृत्ति र परम यशस्वी भनेर सूर्य मल्लप्रति, परमप्रतापी, कामाभिराम, रिपूच्छेदक एवं मित्रका हितैषी तथा पुराण र साहित्यका रसवेत्ता भनेर **महेन्द्र मल्ल**प्रति आफ्नो सम्मान र श्रद्धापूर्ण अनुराग व्यक्त गर्दै तुलजाभवानीको भव्य मन्दिरका निर्माता[69] भनेर **महेन्द्र मल्ल**को कीर्तिगान गरी हार्दिक प्रीति अभिव्यक्त गरेका छन् । सङ्गीतविद्यामा निपुण, विश्वलाई नै अनुरक्त तुल्याउने, कन्दर्पदर्प-विनाशक परमसुन्दर, भवानीको ध्यानमा चित्त लगाउने, शत्रुविध्वंशक व्यक्तिका रूपमा राजा **हरिहरसिंहदेव**मा[70] समेत राजा प्रताप मल्लले आफ्नो हार्दिक प्रीति अभिव्यक्त गरेको पाइन्छ । उनले आफ्ना पिता **श्रीलक्ष्मीनृसिंहमल्ल**लाई अत्यन्त प्रतापी, समस्त वैरिवर्गका विध्वसक, स्पृहणीयकीर्ति, यज्ञ र दानका उत्तम कार्यद्वारा देवता र ब्राह्मणलाई प्रसन्न तुल्याउने र नरसिंहको झैं पराक्रम भएका राजाका रूपमा[71] अत्यन्त आलङ्कारिक चित्रण गरी गहिरो सम्मान र श्रद्धाले भरिएको हार्दिक प्रीतिको अभिव्यक्ति गरेको पाइन्छ ।

यसप्रकार राजा प्रताप मल्लको अभिलेख साहित्यमा आफ्ना पूर्वजहरूका गुणगणगरिमाको स्मरण गर्दै हार्दिक श्रद्धा र सम्मानका साथ हृदयगत रतिभावको अभिव्यक्ति गरिएको छ । आलङ्कारिक वर्णनशैली र मनोरम रचनाशिल्पले त्यस्तो रतिभावको अभिव्यञ्जनामा सहृदयहारी रमणीयता प्रदान गरेको छ, अन्ततः त्यो गुरुजनविषयक रतिको उद्रेक भई **'भाव'**को आस्वादमा परिणत हुन पुगेको छ ।

---

[66] **अभि. सं. २३ ।**
[67] **अभि. सं. १ ।**
[68] **अभि. सं. २३ ।**
[69] **अभि. सं. १-२३ ।**
[70] **अभि. सं. १-२३ ।**
[71] **अभि. सं. १, ५, २३ ।**

४.३.४ कान्तागत प्रीति

'कम्' धातुमा 'क्त' प्रत्यय लागेर अन्तमा 'टाप्' भएपछि 'कान्ता' शव्दको निष्पत्ति हुन्छ । आफ्नी प्रेमिका, लावण्यमयी स्त्री र गृहस्वामिनी यद्वा पत्नीको अर्थमा समेत कान्ता शब्दको प्रयोग[72] गरिन्छ । पुरुषको हृदयकाशमा सधैँ मुस्कुराइरहने चन्द्रझैँ आकर्षक छवि भएकी स्त्री कान्ता हुन्छिन्; पुरुषको मनोराज्यकी एकच्छत्र साम्राज्ञी नारी वस्तुतः कान्ता हुन्छिन् । कान्तासँगको अविच्छिन्न प्रीतिले पुरुषका लागि यो मर्त्यलोक पनि देवलोकतुल्य आनन्दमय र आल्हादकारी हुन जान्छ, कान्ताको प्रीतिबिना अन्धकारमय र नरकोपम हुन पुग्छ । जीवनमा कान्ताको उपस्थिति हुनु र तिनीसँग अविच्छिन्न प्रीति हुनु पुरुषको परम सौभाग्य हो ।

राजा प्रताप मल्लको जीवनमा अनेक स्त्रीहरूसँग सम्वन्ध रह्यो । तर, ती स्त्रीमध्ये विशेषतः दुईवटी स्त्रीहरूको चर्चा-प्रसङ्ग अभिलेख साहित्यमा पाइन्छ । ती प्रथमतः **रूपमती** र द्वितीयतः **राजमती** थिए । यी दुवै प्रताप मल्लका विवाहिता पत्नी थिए र अक्षरशः **'कान्ता'** थिए । राजा प्रताप मल्लले आफ्नो कृष्णमन्दिरमा स्थापित अभिलेखमा यी दुई कान्ताहरूको अत्यन्त आल्हादकारी चित्रण र वर्णन गरेका छन्, अनि आफ्नो गहिरो प्रीतिको अभिव्यक्ति दिएका छन् ।

यीमध्ये रानी **रूपमती** राजधानी विहारनगरीका प्रतापी र यशस्वी राजा वीरनारायणकी पुत्री थिइन् । रूपमतीका पितामह श्रीलक्ष्मीनारायण थिए, प्रपितामह श्रीनरनारायण थिए र भाइ श्रीप्राणनारायण थिए । यिनी गुणवती, सती, स्वर्णद्युति (सुनौलो वर्णकी) असल बुद्धि भएकी, उत्तम प्रकृतिकी नारी थिइन् । यिनको अनुराग-रसमय वर्णन गर्दै प्रताप मल्लले यिनलाई मदमत्त हात्तीको जस्तो मातलाग्दो हिँडाई भएकी, श्रीकृष्ण भगवान्की रुक्मिणीतुल्य र विष्णु भगवान्की लक्ष्मीतुल्य अत्यन्त प्रिया, प्रणयिनी एवं प्राणसमा पत्नी भनेर आफ्नो कान्तागत अनुरागको अभिव्यक्ति गरेका छन् । प्रताप मल्लकी अर्की रानी **राजमती** थिइन् । कर्णाटदेशोद्भवा राजकुमारी राजमतीको अत्यन्त प्रीतिप्रद र चित्ताकर्षक वर्णन उनले गरेका छन् । राजमती परमसुन्दरी कान्ता थिइन् । उनी रतिराग-प्रसङ्गमा अनुपम सहचरी थिइन् उनको देहयष्टि लावण्यमय थियो, कनकघटजस्ता आकर्षक मादक कुचद्वयले सम्पन्न, कामलीलाकी विदुषी, प्रशस्त स्वर्णालङ्कारद्वारा शोभिता, सिंहको जस्तो पातलो कम्मर भएकी, सुसंगठित सुडौल देहयष्टि भएकी अत्यन्त रसमयी भोगिनी नारी थिइन् । श्रीकृष्णकी प्रिया सत्यभामातुल्य राजा प्रताप मल्लकी उनी प्रेयसी कान्ता थिइन् ।

तर, दुर्देवले जीवनकालको प्रथम चरणमा नै ती दुवै कान्तालाई असमयमै टपक्क टिपेर लग्यो । ती दुवै प्रणयिनी नारीका विरहले व्याकुल वनेका राजाले अर्को जन्म र जन्मान्तरसम्म पनि ती दुवै प्रियतमा नारीसँग विराहित हुनु नपरोस् भन्ने हार्दिक भावले कृष्णमन्दिरको निर्माण गरे । मन्दिरभित्र कृष्णका रूपमा आफूलाई र ती दुवै प्रणयिनीहरूलाई रुक्मिणी र सत्यभामाका

---

[72] आप्टे, **पूर्ववत नं. ४५**, पृ. २६४ ।

रूपमा भावना गर्दै मूर्ति स्थापना गरे । यी विरहविह्वल राजाले आफ्नो कान्तागत परमप्रीतिलाई सुन्दर काव्यका रूपमा र सिङ्गो भव्य आठकुने मन्दिरका रूपमा समेत अभिव्यक्त गरेको पाइन्छ ।

त्यस्तै **जगन्नाथ मन्दिर**को पेटीमा उत्कीर्ण अभिलेखमा समेत नयाँ बादलजस्तो कालो केशराशि भएकी, डराएको मृगका जस्ता आँखा भएकी, अनेकौं उज्ज्वल रत्नहरूद्वारा विभूषिता, सुजघना, उत्तुङ्गपीनस्तनी, पूर्णिमाको चन्द्रजस्तो सुन्दर मुख भएकी, यौवनको पुण्यस्थली भएकी आफ्नी कान्ताको चित्ताकर्षक चित्रण गर्दै त्यस्ती प्रियासँग अब उप्रान्त कहिल्यै छुट्टिन नपरोस् भनेर (अत्यन्त कातर भावले) काली भवानीसँग निरन्तर संयोगको हार्दिक याचना गरेको पाइन्छ । त्यसै गरी प्रताप मल्लकी अर्की रानी **अनन्तप्रियादेवी** थिइन्, उनका नाममा स्वयम्भूमा उनले अनन्तपुरको निर्माण गरी त्यहाँ **उग्रतारा**को स्थापना गरेका थिए । यसका अतिरिक्त उनले अर्की रानी **लालमती** र **प्रभावती**को नाम पनि[73] विभिन्न अभिलेखमा उल्लेख गरेका छन् । एतावता उनको कान्ताप्रेम अभिव्यक्त भएको स्पष्ट देखिन्छ ।

यसप्रकार राजा प्रताप मल्लको अभिलेख साहित्यमा कान्ताविषयक प्रीतिको अत्यन्त हृद्य अभिव्यक्ति भएको स्पष्ट हुन्छ । आफ्नी प्रेयसीको परममनोहर, हृदयाल्हादकारी बिम्बको प्रस्तुति गर्दै प्रताप मल्लले आलङ्कारिक शैलीमा कान्ताविषयक प्रीतिको आकर्षक अभिव्यञ्जना गरेका छन् ।

४.३.५ कान्तगत प्रीति

'कम्' धातुमा 'क्त' प्रत्यय जोडिएर 'कान्त' शब्द निर्मित हुन्छ । आफ्नो इष्ट, प्रिय, सुन्दर, अभीष्ट अर्थका साथै विशेषतः प्रेमी र पतिका अर्थमा[74] साहित्यमा यस पदको प्रयोग भएको पाइन्छ । प्रत्येक नारीको हृदयमा आफ्नो प्रिय व्यक्तिको छवि 'कान्त'का रूपमा बसेको हुन्छ । आफ्ना समस्त इच्छा, आकाङ्क्षा र अभिलाषा पूर्ति गर्ने, प्रेमको आराध्य देवका रूपमा कान्तको चाहना नारीजातिमा पाइने सामान्यधर्म हो । त्यस्तो प्रिय व्यक्ति प्राप्त गरेपछि नारीले आफ्ना हाउभाउ र कटाक्ष आदि शारीरिक र मुस्कान, स्वेद, रोमाञ्च आदि आन्तरिक भावको अभिव्यक्तिले आफ्नो प्रियप्रतिको प्रीतिको अभिव्यक्ति गर्दछन् ।

राजा प्रताप मल्लको अभिलेख साहित्यमा यस प्रकारको प्रीतिको पनि चित्रण यदा-कदा गरिएको पाइन्छ । राजा प्रताप मल्लको त्रिशूलडबलीस्थित प्रथम अभिलेखमा[75] आफूप्रति अनुरक्त भएका नारीहरूको वर्णन प्रसङ्ग आउँछ, जहाँ उनलाई देखेर वा सामीप्यमा पाएर अनुरक्त भएका नारीहरुले प्रकट गरेका प्रीतिका हार्दिक अभिव्यक्तिहरूको सुन्दर चित्रण पाइन्छ । राजा प्रताप

[73] अभि. सं. ३३ ।
[74] आप्टे, **पूर्ववत् नं. ४५**, पृ. २६४ ।
[75] अभि. सं. १ ।

मल्लले गाएका सुन्दर गीतिरचनाहरूले आकर्षित भएका तरुणीहरूको मनमा उनीप्रति गम्भीर कामभाव-परक अभिलाषा उत्पन्न भएको प्रसङ्ग त्यहाँ चित्रित छ । जब जब राजा प्रताप घोडामा चढ्दथे, उनको शोभा अवलोकनीय हुन्थ्यो । सुन्दर राजाको अश्वारोहण-कुशलता देखेर नारीहरूको हृदयमा कामभावनाको संवेग बढ्ने गर्दथ्यो । उनको कामदेवतुल्य सौन्दर्य देखेर आल्हादित र रससिक्त भएका कामिनीहरू उनलाई आफ्ना आँखीभौंबाट सम्पन्न कटाक्ष-वाणले प्रहार गर्दथे । यसरी त्यहाँ कान्तगत प्रीतिको अभिव्यक्ति भएको प्रसङ्ग देखा पर्दछ ।

एउटा हृदयहारी वर्णन अभिलेख-साहित्यमा यस्तो पाइन्छ : 'जब प्रताप मल्ल समीपमा आइपुगे अनि एउटी बाला अत्यन्त अनुरक्त बनेर मधुर मुस्कान छर्न लागिन्, त्यसबेला चन्द्रमा पनि त्यस अनुरागपूर्ण मीठा मुस्कानले युक्त सुन्दरीको आल्हादकारी मुख देखेर लजाउँथ्यो होला ! प्रतापको सामीप्यले रोमाञ्चित बनेकी रससिक्त अर्की नायिकाको चाहिँ पुलकित देहयष्टिबाट चोलीको ग्रन्थि नै खुस्कियो र प्रेमसक्त भएर लट्ठिएको आँखाले ती नायिका उनलाई हेर्न लागिन् ।'[76]

यसरी प्रताप मल्लका अभिलेखमा कान्तगत प्रीतिको सुमधुर अभिव्यक्ति, नायिकाका विविध अनुभावहरूको हृद्य वर्णनबाट प्रतिबिम्बित भएको देखिन्छ ।

४.३.६. सन्ततिमा प्रीति

'सम्' उपसर्गक 'तन्' धातुमा 'क्तिन्' प्रत्यय लागेर बनेको सन्तति शब्दका[77] अर्थहरू विविध भए तापनि आफ्ना सन्तान वा पुत्र-पुत्री आदिको अर्थमा यहाँ सन्तति शब्दको प्रयोग गरिएको हो । यस जगत्मा नरनारीको प्रेमपूर्ण सम्बन्धको प्रतिफलका रूपमा स्नेहभाजन सन्ततिको जन्म हुन्छ । त्यस्ता सन्ततिप्रति पिता-माताको प्रीति हुनु सहज र अत्यन्त स्वाभाविक कुरा पनि हो ।

प्रताप मल्लका अभिलेखहरूमा सन्ततिप्रेमको अभिव्यक्ति यदाकदा भएकै पाइन्छ । प्रताप मल्लका जम्मा नौ जना पुत्र र अनेक पुत्रीहरू रहेको तथ्य अभिलेखहरूबाट पुष्ट भएको छ, दुर्भाग्यवश तीमध्ये केही सन्तानहरूको असमयमै, अकालमै बाल्यावस्थामा नै निधन हुन पुग्यो । उनले आफ्नै जीवनकालमा आफ्नै सामुन्ने आफ्ना प्राणप्रिय सन्तानहरूको दुःखद निधन भएको देख्नुपर्‍यो । अर्को दुर्भाग्य के रह्यो भने उनका बाँकी सन्ततिहरूले पनि प्रताप मल्लको अन्त्यपछि पूर्ण वयको जीवन बाँच्न पाएनन् । उनीहरूले राजनीतिक षड्यन्त्रको शिकार भई अनाहकमा ज्यान गुमाउनुपरेको तथ्य इतिहासले सङ्केत गरेको पाइन्छ ।[78]

---

[76] **अभि. सं. १/२०** ।
[77] आप्टे, **पूर्ववत् नं. ४५**. पृ. १०६६ ।
[78] वज्राचार्य, **पूर्ववत् नं. ५**. पृ. ८०-८३ ।

काठमाडौंको वसन्तपुरस्थित हनुमान्ढोका राजदरबार परिसरमा देगुतलेजुको मन्दिर अगाडि स्थापित प्रताध्वजको शिरोभागमा राजा प्रताप मल्लले आफ्ना पाँच पुत्र राजकुमार भूपेन्द्र मल्ल, चक्रवर्तेन्द्रमल्ल, महीपतेन्द्र मल्ल, नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लका सालिकहरू सस्नेह आफू र आफ्ना रानीहरूका प्रतिमाका साथ स्थापित गरेका थिए । प्रतापस्तम्भमा उत्कीर्ण अभिलेखमा **महाराजकुमार श्रीश्रीजयभूपेन्द्र मल्ल** भनेर भूपेन्द्र मल्ललाई सम्वोधन गरेको देखिन्छ भने आफ्ना अत्यन्त प्रिय **चक्रवर्तेन्द्र मल्ललाई महाराजाधिराज नेपालेश्वर राजराजेन्द्र** भनेर अत्यन्त स्नेहपूर्ण र सम्मानित मान प्रदान गरिएको छ । आफ्नै जीवनकालमा केही अवधिका लागि ती राजकुमारहरूलाई राजगद्दीमा आसीन गराएर समेत उनले आफ्नो सन्ततिप्रेमको अभिव्यक्ति दिएका थिए । त्यसैगरी तलेजु मन्दिर अगाडिको स्तम्भमा पनि आफूहरूका साथ आफ्ना दुई पुत्र नृपेन्द्र मल्ल र चक्रवर्तेन्दको सालिक स्थापित गराई[79] आफ्नो सन्ततिप्रेम प्रकट गरेका थिए । दुर्देववश आफ्ना सर्वाधिक प्रिय पुत्र राजकुमार चक्रवर्त्तेन्द्र मल्लको अकालमै निधन भएपछि मर्माहत बनेका राजा प्रताप मल्लले शोकाकुल रानीलाई सान्त्वना दिन र पुत्रप्रेमको भावनालाई मूर्त रूपमा व्यक्त गर्न रानीपोखरीको निर्माण गरे । त्यसको दक्षिण किनारमा ठूलो हात्तीको प्रस्तर मूर्तिमाथि आफ्नासाथ आफ्ना **दुई प्रिय पुत्र चक्रवर्तीन्द्र र महीपतेन्द्रमल्लका** जीवन्त प्रतिमाहरू पनि उत्कीर्ण गराएका थिए, जो अद्यापि उक्त स्थानमा दृष्टिगोचर हुन्छन् । यसरी आफ्ना सन्ततिप्रतिको प्रीति राजा प्रताप मल्लले अभिलेखका माध्यमले र अन्य माध्यमले पनि व्यक्त गरेको पाइन्छ ।

४.३.७. प्रजाविषयक प्रीति

'प्र' उपसर्गक 'जन्' धातुमा 'ड्' प्रत्यय भएर अन्तमा 'टाप्' लागेपछि (प्र+जन्+ड्+टाप्=) प्रजा शव्द निष्पन्न हुन्छ ।[80] सन्तान, प्रजा र सन्ततिको अर्थमा प्रजा शव्दको प्रयोग हुन्छ । **प्रजा स्यात् सन्ततौ जने**[81] भनेर अमरकोषमा प्रजाको अर्थ सन्तति र जनता सङ्केत गरिएको छ । वस्तुतः राजाले आफ्ना प्रजाहरूलाई आफ्नै सन्तानसरह प्रीति गर्ने तथ्यलाई यस अर्थले सङ्केत गरेको स्पष्ट हुन्छ । आफ्ना राष्ट्रवासी जनताहरूलाई आफ्नो सन्ततिवत् वात्सल्य प्रदान गरेर नै राजाहरू प्रजावत्सल कहलाउँछन् । यस्तो प्रजाप्रतिको प्रीति असल राजाको उत्कृष्ट गुण हो । राजा प्रताप मल्ल पनि प्रजावत्सल भएकै कारण मल्ल कालका सर्वाधिक लोकप्रिय, प्रतापी र गुणी राजा थिए । प्रजाप्रतिको परमस्नेह र त्यसको परिणामस्वरूप प्रजाको विश्वासपात्र र सम्मान एवं आस्थाको केन्द्र भएकै कारण राजनीतिक षड्यन्त्रको खिचलो चलिरहने त्यस द्वन्द्वग्रस्त कालमा पनि प्रताप मल्लले ३३ वर्षसम्म अकण्टक राज्यका स्वामी बनेर प्रजापालन गरेका थिए ।

---

[79] गौतमवज्र वज्राचार्य,**हनूमानढोका राजदरबार**.(काठमाडौं नेपाल र एशियाली अध्ययन संस्थान,त्रि.वि., वि.सं.,२०३३) पृ. २२।

[80] आप्टे, **पूर्ववत् नं. ४५**. पृ. ६४४ ।

[81] अमरसिंह, **अमरकोष**. तृतीय काण्ड, नानार्थवर्ग, २३९८ ।

राजा प्रताप मल्लको उक्त प्रजावात्सल्य विविध रूपमा प्रजाविषयक प्रीतिको अभिव्यक्त दिँदै उजागर भएको पाइन्छ । अभिलेखहरूमा आफ्ना प्रजाप्रति अगाध प्रीति जनाउँदै उनले गरेका सत्कार्यको चर्चा आएको देखिन्छ । त्यस्ता केही कार्यहरूमध्ये प्रजाकल्याणार्थ **विष्णुमतीमा पुल हाल्ने कार्य,**[82] वसन्तपुर दरबार प्राङ्गणमा **जलद्रोणीको निर्माण गर्ने कार्य** र सकलजनको स्नान पानादि कार्यमा सुविधा होस् भन्ने हेतुले **रानीपोखरीको निर्माण**[83] प्रमुख रूपमा देखा पर्दछन् । यसका अतिरिक्त **विभिन्न मन्दिरहरूको निर्माण र वास्तुकलाका सुन्दर नमुनाहरूको निर्मिति** पनि प्रजाहरूमा भक्तिभाव पलाओस्; जन कल्याण होस्; कलाप्रेम वढोस्; मानसिक रूपले उनीहरूको उन्नयन होस्; भन्ने हेतुले नै सम्पन्न गरिएको देखिन्छ । ती सबै कार्यहरूलाई पनि उछिन्ने अझ उत्तम जनकल्याणकारी कार्य उनको **शान्तिपुरप्रवेशको साहसपूर्ण कृत्यलाई** मान्नुपर्ने देखिन्छ । जसमा राजा प्रताप मल्लले आफ्नो प्राणको बाजी लगाएका थिए र विविध विकट सङ्कटहरूको सामना गर्दै भूत-प्रेत आदिसँग लाप्पा खेलेर सर्पको रगतले लेखेको पौवाचित्र र पुस्तक शान्तिपुरबाट बाहिर लिई आएर वृष्टिका देवतालाई प्रसन्न तुल्याई सहकालको आमन्त्रण गरेका थिए । प्रजावात्सल्यको मूर्त रूप अनुपम कृत्य बनेर यो घटना इतिहासका पानामा अङ्कित भएको पाइन्छ ।

'सम्पूर्ण मानवजातिलाई स्नानपानद्वारा अन्त्यकालमा शिवपुरको वास गराउने'[84] **रानीपोखरीको निर्माण** गरिएको कुरा त्यहाँको अभिलेखमा उल्लेख गरिएको छ । **'सम्पूर्ण प्रजाहरूप्रति सदय बनेर**[85] उनी शान्तिपुरको विकट गुहामा पुस्तक लिन गएका थिए । शान्तिपुर प्रवेशको कार्यक्रम सफल भएपछि सर्वत्र भव्य वृष्टि भयो र सुकाल आयो । 'त्यस्तो उग्रकर्म प्रजापालनका लागि कृपापूर्वक गरेका प्रताप मल्लले समग्र जनताको प्रसन्नता र प्रीति'[86] प्राप्त गरेका थिए । कलधारा नभएका जमानामा जलद्रोणीको निर्माण गरेर **बाटामा हिँड्दा हिँडदै तिर्खा लागेका बेलामा मानिसहरूलाई जलद्रोणीको टुटो खोलेर तिर्खा मेटाउने व्यवस्था गरेर**[87] उनले आफ्नो प्रजा-विषयक प्रीति अभिव्यक्त गरेका थिए । पानी पिइसकेपछि जनसामान्यलाई विविध **लिपिहरूको ज्ञान होस्** भन्ने हेतुले र पण्डितहरूलाई हाँक दिँदै **१४ लिपिहरूले समन्वित अभिलेख** रचना पनि त्यहाँ उत्कीर्ण गराएका थिए । यसरी राजा प्रताप मल्लले विभिन्न अभिलेखहरूमा आफ्नो प्रजाप्रीतिको अभिव्यक्ति दिएका छन् । विशेषतः **जनकल्याणकारी कार्यहरूद्वारा नै राजा प्रताप मल्लको प्रजाविषयक प्रेम यद्वा प्रजावात्सल्य व्यक्त भएको छ** । जसको सूचना विभिन्न अभिलेख-रचनाहरूबाट थाहा पाउन सकिन्छ ।

---

[82] **अभि. सं. ३०** ।
[83] **अभि. सं. ३४** ।
[84] **अभि. सं. ३५/४** ।
[85] **अभि. सं. २८/३०** ।
[86] **पूर्ववत् २८/३४** ।
[87] वज्राचार्य, **पूर्ववत् नं. ७९. पृ. ८४** ।

४.३.८ निष्कर्ष

राजा प्रताप मल्लको अभिलेख साहित्यमा प्रीति-चित्रणका विभिन्न रूपहरू पाइन्छन् । तिनको सूत्रात्मक निष्कर्ष यसप्रकार छ :

क. प्रताप मल्लकृत अभिलेखकाव्यमा तुलजा भवानी, वज्रयोगिनी, कालिका, चण्डिका र भैरवी आदिका स्वरूपमा ईश्वरीप्रतिको प्रीति अभिव्यक्त भएको पाइन्छ । जम्मा आठवटा रचनामा मुख्यत: ईश्वरीप्रतिको अनन्य भक्ति र श्रद्धा व्यक्त गरिएको पाइन्छ जसमा कृतिकारको ईश्वरीप्रति समर्पित हार्दिक प्रीतिको कलात्मक अभिव्यक्ति गरिएको पाइन्छ ।

ख. अभिलेखाश्रित काव्यमा नारायण, शिव, स्वयम्भू, भीमसेन र नृसिंह आदि विविध स्वरूपमा ईश्वरको आराधना र उपासना गरी राजा प्रताप मल्लले आफ्नो ईश्वरार्पित प्रीतिको कलात्मक अभिव्यक्ति दिएका छन् । ईश्वरका विविध लीला र कृपाकारिता एवं करुणापरायणताको सश्रद्ध स्मरण गर्दै जनकल्याणहेतु त्यस्ता ईश्वरप्रति याचना गर्दै आफ्नो हार्दिक भक्तिपूर्ण अनुराग व्यक्त गरेका छन् ।

ग. सूर्य र आफ्ना सूर्यवंशी पौराणिक र ऐतिहासिक पूर्वजहरूको सश्रद्ध एवं ससम्मान स्मरण गरी तिनका दिव्य लीला र महान् कृत्यहरूको अभिनन्दन गरी सगर्व ती पुर्खाहरूको गुणगान गरेर कृतिकारले पूर्वजहरूप्रतिको प्रीतिको अभिव्यक्ति दिएका छन् । त्यस्तो महान् वंश-परम्परामा आफू जन्म लिन पाएकामा कृतकृत्यताको अनुभूति प्रकट गर्दै उनले कुलपुरुषहरूप्रति सम्मानपूर्ण अनुरागको अभिव्यञ्जना अभिलेख काव्यमा प्रस्तुत गरेका छन् ।

घ. राजा प्रताप मल्लका अभिलेख-काव्यमा कान्तागत प्रीतिको पनि अभिव्यक्ति भएको पाइन्छ । विशेषत: विरहविधुरित राजाले आफ्ना दिवङ्गता पत्नीद्वय रूपमती र राजमतीका हृद्य एव ललित गुणहरूको प्रीतिपूर्वक स्मरण गर्दै उनीहरूप्रतिको आफ्नो जन्मजन्मान्तरव्यापी अनुरागको अभिव्यक्ति दिएका छन् । अंशत: अनन्तप्रिया, प्रभावती र लालमती आदि प्रिय रानीहरूप्रति हार्दिक प्रीतिको पनि विभिन्न प्रकारले प्रस्तुति गरेका छन् ।

ङ. अभिलेख काव्यमा यदाकदा कान्तगत प्रीतिको पनि अभिव्यक्ति भएको पाइन्छ । विशेषत: राजा प्रताप मल्लप्रति अनुरक्त नायिकाहरूका हाउभाउ, कटाक्ष र रोमाञ्च आदि अनुभावको कलात्मक वर्णनका माध्यमबाट कान्तगत प्रीतिको अभिव्यञ्जना भएको पाइन्छ ।

च. अभिलेख साहित्यमा राजा प्रताप मल्लको सन्ततिविषयक प्रीतिको पनि अभिव्यक्ति भएको छ । अकालमा प्राण-वञ्चित भएका आफ्ना पुत्रहरूको विरहव्यथाले पीडित राजा प्रताप मल्लले आफ्ना सन्ततिहरूप्रति विभिन्न रूपमा प्रीतिको अभिव्यक्ति गरेका थिए ।

छ. अभिलेख रचनाहरूमा राजा प्रताप मल्लको प्रजाविषयक प्रीति पनि प्रकट हुन पुगेको छ । विशेषतः शान्तिपुर-प्रवेश, रानीपोखरी एवं जलद्रोणी तथा विष्णुमतीमा पुलको निर्माण आदि कृत्यद्वारा प्रजावात्सल्यको सङ्केत भएको थियो, जसको अभिव्यञ्जना अभिलेखहरूमा समेत हुन पुगेको छ ।

४.४ चौथो अध्यायको उपसंहार र निष्कर्ष

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन विषयक शोधप्रबन्धमा प्रस्तुत चौथो अध्यायमा राजा प्रताप मल्लका अभिलेखहरूमा उपलब्ध काव्यहरूको विशेष अध्ययनको प्रतिवेदन प्रस्तुत गरिएको छ । तदन्तर्गत अभिलेख-काव्यमा उपलब्ध विषयवस्तुगत वैशिष्ट्च एवं वर्णनशैली तथा प्रकृतिचित्रण र प्रणय/प्रीतिवर्णनका सन्दर्भहरू उठाएर अभिलेखाश्रित काव्यहरूको परिशीलन गरिएको छ । जसको निष्कर्ष निम्न सूत्रहरूमा व्यक्त गर्न सकिन्छ -

विषयवस्तु

क. राजा प्रताप मल्लका अभिलेखहरूमा प्राप्त काव्यहरूमा मुख्यतः स्तुतिप्रार्थना, त्यसपछि वंशावली वर्णन र अन्ततः धार्मिक एवं सामाजिक कार्यको सूचनालाई मुख्य विषयवस्तु बनाइको छ ।

ख. स्तुति-प्रार्थना-मूलक काव्य रचना १६, वंशावली वर्णनपरक ३ र प्रकीर्ण-विषयक काव्यहरू २ वटा रहेका छन् ।

ग यी रचनाहरूमा देवदेवीहरूप्रतिको श्रद्धामय अनुराग र भक्ति; पूर्वजहरूप्रति सम्मानपूर्ण प्रीति एवम् प्रकृति-वर्णन आदिको कलात्मक काव्यसौन्दर्य प्रकट भएको छ ।

प्रकृति-चित्रण

क. राजा प्रताप मल्लका अभिलेखहरूमा उपलब्ध काव्यरचनामध्ये प्रकृतिचित्रणको वैशिष्ट्य भएका मूलतः दुईवटा कृतिहरू प्राप्त छन् ।

ख. उपर्युक्त कृतिहरूमा उपवनको मनोरम चित्रण र रानीपोखरीको आलङ्कारिक हृद्य वर्णन गरी काव्य-सौन्दर्य अभिव्यक्त गरिएको छ ।

ग विविध प्रसङ्गमा उपमानका रूपमा पनि प्रकृतिलाई चित्रित गरिएको छ र कतिपय स्थलमा प्रकृतिको मानवीकरण गरी हृदयाकर्षक कलात्मक काव्य-सौन्दर्य प्रस्तुत गरिएको छ ।

प्रीति-चित्रण

क. राजा प्रताप मल्लका अभिलेख साहित्यमा प्रीतिका विभिन्न रूपको चित्रण पाइन्छ । मूलतः ईश्वरी र ईश्वर एवम् पूर्वजहरूप्रतिको प्रीति र अंशतः कान्ता, कान्त, सन्तति र प्रजाविषयक प्रीतिको अभिव्यक्ति यी अभिलेखहरूमा पाइन्छ ।

ख. ईश्वरीका रूपमा भवानीप्रति अनन्यभक्ति र समर्पण, ईश्वरप्रति गहिरो श्रद्धा र आस्था, पूर्वजहरूप्रति सम्मानपूर्ण अनुराग, कान्ताप्रति हार्दिक प्रेमपूर्ण रति, कान्तप्रति समर्पणपूर्ण अनुरक्ति, सन्ततिप्रति गहिरो ममत्व एवम् प्रजाहरूमा वात्यसल्यपूंर्ण प्रेमको भावना विभिन्न माध्यमबाट अभिव्यक्त भएको पाइन्छ ।

ग. समग्रमा राजा प्रताप मल्लका अभिलेखहरूमा पात्रानुरूप प्रीतिका विविध शैलीहरूको अभिव्यञ्जना भएको छ ।

४.५. समापन वाक्य

राजा प्रताप मल्लका अभिलेखहरूमा देवदेवीप्रति श्रद्धा र पूर्वजहरूप्रति सम्मानका साथै प्रकृतिचित्रण र प्रीतिको अभिव्यक्तिसमेत गरिएका काव्यहरू पाइन्छन् ।

*

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

अध्याय : पाँच

अध्याय : पाँच
उपसंहार एवम् निष्कर्ष

परिचय

'राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन' शीर्षक भएको प्रस्तुत शोध प्रबन्धको यो पाँचौ अध्याय, अन्तिम अध्याय हो । शीर्षक-सम्वद्ध विषयवस्तुहरूको पर्याप्त मनन, चिन्तन र विश्लेषण एवम् सामान्यीकरण आदि कार्य यस अघिका चार अध्यायहरूमा सम्पन्न भइसकेको छ । अब यस अन्तिम अध्ययनमा समग्र अध्ययन कार्यको उपसंहार एवम् निष्कर्ष प्रस्तुतीकरण गर्ने लक्ष्य राखिएको छ । तदनुरूप यस पाँचौं र अन्तिम अध्यायको शीर्षक उपसंहार एवम् निष्कर्ष राखिएको छ । यस अध्यायमा अब क्रमशः प्रारम्भदेखि यहाँसम्म प्रस्तुत गरिएका अध्ययन, अनुसन्धान, अनुशीलन, विश्लेषण, विवेचन, सामान्यीकरण, उपसंहरण, निष्कर्षण यद्वा मूल्य-आकलन आदि कार्यहरूको उपसंहार गरी समग्र अध्ययनको निष्कर्ष प्रस्तुत गरिन्छ ।

५.१ विषय प्रवेश : शोध प्रबन्धको शीर्षक र रूपरेखा

प्रस्तुत शोधप्रबन्धको शीर्षक **'राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन'** रहेको छ । महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत अनुसन्धान - केन्द्रको योजनाऽनुरूप अनुसन्धान कार्यक्रमको मर्यादामा रही **विद्यावारिधि (Ph.D.) उपाधिका** निम्ति यो शोधकार्य सम्पन्न गरिएको हो । यो शोधकार्यको विषयवस्तु राजा प्रताप मल्ल एवम् उनका अभिलेखहरूसँग सम्वन्धित रहेको स्पष्ट नै छ ।

'राजा प्रताप मल्ल' नेपालको इतिहासमा मध्यकाल मानिने कालखण्डमा देखा परेको अत्यन्त प्रसिद्ध, लोकविश्रुत व्यक्तित्वको नाम हो । नेपालका मल्लवंशीय राजाहरूमध्ये सर्वाधिक लोकप्रिय, सर्वाधिक चर्चित र सर्वाधिक प्रतापी राजाका रूपमा चिनिने प्रताप मल्ल राजनीतिक कुलशता, उत्तम काव्यकारिता, बहुश्रुत विद्वत्ता, साहित्य सङ्गीत-कलाऽनुराग एवम् संस्कृतिसंवर्द्धन तथा विकास-निर्माण कार्यमा विशेष संलग्नताका कारणले समेत इतिहासका पृष्ठहरूमा विशिष्ट स्थान हासिल गर्ने नृपव्यक्तित्व वन्न पुगेका छन् । यस्ता उन्नयनशील मानवका रूपमा छवि बनाउने राजा प्रताप मल्लको समग्र व्यक्तित्व र विशेषतः साहित्यिक अवदानका बारेमा नेपालमा हालसम्म कुनै ठोस अध्ययन र अनुसन्धान हुन नसकेको यथार्थलाई हृदयङ्गम गरेर सो अभावको परिपूर्तिका लागि प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ र उक्त अनुसन्धानकार्यको प्रतिवेदनस्वरूप यो शोधप्रबन्ध रचना गरी सम्बन्धित विज्ञ एवम् जिज्ञासु जनसमक्ष प्रस्तुत गरिएको छ । यस प्रवन्ध रचनाले राजा प्रताप मल्लको समग्र व्यक्तित्वका साथै उनको साहित्यिक अवदानका

बारेमा जिज्ञासुहरूको तृषाऽर्त्त चित्तलाई केही न केही सन्तृप्ति प्रदान गर्नेछ भन्ने स्पष्ट एवं दरिलो विश्वासका साथ यो अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको छ ।

राजा प्रताप मल्लको विशिष्ट व्यक्तित्वका बारे विभिन्न विद्वान् अनुन्धाताहरूले विविध वक्तव्य प्रकाशित गरेका छन् । 'नेपालका तीन राज्यमा भएका एक बीसभन्दा धेरै राजाहरूमा यिनी सहजै सबैभन्दा ठूलो गनिएका',[1] 'कान्तिपुरका मल्ल राजाहरूमा प्रताप मल्लको विशेष ख्याति हुनामा मुख्य कारण उनको कविगुण भएको',[2] 'साहित्य, नृत्य, सङ्गीत र कलाकृतिको निर्माणमा उनले देखाएको अभिरुचिले गर्दा नेपालको इतिहासमा राजा प्रताप मल्लको ठूलो ख्याति भएको',[3] र 'बडा प्रतापी, शास्त्रमा प्रवीण, कवि भयाका, धेरै धर्म, कीर्ति(ले)प्रख्यात भयाका',[4] जस्ता प्रसिद्ध कथनहरूले उनको विशेषता र प्रख्यातिलाई पुष्टि गर्दछन् । यिनै पूर्वाधारभूत उक्तिहरूका पृष्ठभूमिमा यो शोधकार्य सम्पन्न गरिएको हुँदा पूर्वोक्त शीर्षक नै प्रस्तुत शोधप्रबन्धका लागि उपयुक्त ठानिएको र मानिएको छ । 'कान्तिपुरमा राजा प्रताप मल्लका जति अभिलेख अरुका नपाइने र प्रताप मल्ल के बोल्ये भन्ने कुरा उनका उनका अभिलेखहरूले देखाउँछन्, त्यति अरुले नसक्ने'[5] भएको हुँदासमेत यस प्रताप मल्लविषयक अध्ययनलाई मूलतः उनकै अभिलेखहरूको केन्द्रीयतामा सम्पन्न गरिएको छ । यो काम पूर्ण गरी प्रताप मल्लको वास्तव रूप लोकको अगाडि राख्न धेरै धैर्य र परिश्रमको आवश्यकता हुने[6] हुँदा तदनुरूप तदारुकताका साथ यो कार्य सम्पन्न गरिएको छ । यहाँ 'साहित्यिक-अध्ययन' भन्नाले पूर्वीय काव्य-सिद्धान्तअनुरूप, अभिलेखहरूमा विद्यमान रसभावादिले समन्वित गुणोत्कर्षशाली, आलङ्कारिक साहित्यको अध्ययन अनुशीलनको अभिप्राय प्रकट हुने देखिन्छ । यसरी वस्तुतः प्रताप मल्लकृत अभिलेख सम्पदालाई खोज, अन्वेषण र अनुसन्धान गरी तिनको सङ्कलनपूर्वक तिनमा रहेको साहित्यिक/काव्यिक मूल्यहरूको खोज, सन्धान र आकलन गरेर यस समग्र अध्ययनविषयक निष्कर्षस्वरूप प्रतिवेदन प्रस्तुत गर्नु नै '**राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन**' हो । यस अध्ययनबाट राजा प्रताप मल्लका अभिलेखहरूमा उत्तमकक्षी साहित्यको उपस्थिति रहेको निष्कर्षमा पुगिने प्राक्कल्पना गरिएको छ । प्रस्तुत शोधप्रबन्धको रूपरेखा यसप्रकार रहेको छ :

---

[1] सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**. (काठमाडौं : रोयल नेपाल एकेडेमी, वि.सं.२०१९) पृ. १४७ ।

[2] धनवज्र वज्राचार्य (प्र.सम्पा.), **इतिहास संशोधनको प्रमाण-प्रमेय**. (ललितपुर : जगदम्बा प्रकाशन, श्रीदरबार टोल, वि.सं.२०१९) पृ. ८० ।

3 गौतमवज्र वज्राचार्य,**हनूमानढोका राजदरबार** (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं.२०३३) पृ. २० ।

[4] पं.देवीप्रसाद लम्साल(सम्पा.),**भाषा वंशावली**. द्वितीय भाग, (काठमाडौं : 'राष्ट्रिय पुस्तकालय, श्री ५ को सरकार, पुरातत्व विभाग, वि.सं.२०२३) पृ. ३८ ।

[5] गौतमवज्र वज्राचार्य र महेशराज पन्त (सम्पा.), **अभिलेख संग्रह**. तेस्रो भाग, (काठमाडौं : संशोधन मण्डल, वि.सं. २०१८) पृ. २-३ ।

[6] **उही** ।

अध्याय	:	एक	-	शोध-प्रबन्धको परिचय ।
अध्याय	:	दुई	-	मल्ल वंशका लोकप्रिय राजा प्रताप मल्ल : जीवनी, व्यक्तित्व र प्रमुख क्रियाकलाप ।
अध्याय	:	तीन	-	राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन ।
अध्याय	:	चार	-	राजा प्रताप मल्लका अभिलेखहरुमा उपलब्ध काव्यहरूको विशेष अध्ययन ।
अध्याय	:	पाँच	-	उपसंहार एवं निष्कर्ष ।

५.२ नेपालमा मल्ल वंश

'मल्ल' धातुमा 'अच्' प्रत्यय जोडिएर मल्ल शब्द बन्दछ ।[7] यसको व्युत्पत्तिगत अर्थ 'पर्याप्त बल भएको' व्यक्ति हो । यसै शब्दले देश, योद्धा र देशविशेषको निवासी आदि अर्थ पनि[8] प्रकट गर्दछ । मल्ललाई सर्वप्रथम '**मनुस्मृति**'ले जातिविशेषका रूपमा उल्लेख गरेको छ ।[9] नेपालको इतिहासमा यो एउटा क्षत्रिय जाति हो, यो मध्यकालीन इतिहासमा प्रसिद्ध शासक वर्ग हो । नेपालमा मल्ल जातिको प्रारम्भिक बसोबासको क्षेत्र कर्णाली प्रस्रवण क्षेत्र हो ।[10] नेपालमा राजा अरिदेवका पाला (ने.सं. ३२२) देखि राजाहरूले मल्ल उपाधि धारण गर्ने प्रथा प्रारम्भ गरेको अनुमान हुन्छ । जुम्लामा पनि मल्ल राजाहरू रहेको तथ्य योगी नरहरिनाथको अन्वेषणले देखाएको छ ।[11] नेपाल उपत्यका (हाल : काठमाडौं उपत्यका) मा भने वि.सं. १३०० मा अभय मल्लले शासन गर्दै रहेको ऐतिहासिक साक्ष्य फेला पर्दछ । यहाँ वि.सं. १३४४मा अनन्त मल्ल, वि.सं.१३७३ मा आनन्द मल्ल र वि.सं.१३७७ मा अरि मल्लले पनि शासन गरेको देखिन्छ ।[12] तर यी मल्ल राजाहरू प्रताप मल्लका वंशपुरुष थिएनन् ।

---

[7] वामन शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**, दो.सं.(दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स पाइवेट लिमिटेड, सन् १९९७) पृ. ७८१

[8] **उही** ।

[9] **मनुस्मृति**, अध्याय १०/२०-२२ ।

[10] प्रो.ढुण्डिराज भण्डारी, **नेपालको उद्‌भव तथा विकासको विश्लेषणात्मक इतिहास**, (काठमाडौं : प्रकाश, प्रकाशन, वि.सं. २०४६) पृ. १४१ ।

[11] वज्राचार्य, **पूर्ववत् नं. २**, पृ. ७०-७१ ।

[12] ज्ञवाली, **पूर्ववत् नं. १**, पृ. ३५ ।

ईशवीय चौधौं शताब्दीको आरम्भमा नान्यदेवका सन्तान मिथिलाका राजा हरिसिंहदेव सिमरौनगढबाट नेपाल पसे । स्थिति मल्ल तथा उनीपछिका नेपालका मल्ल राजाहरू र स्वयं प्रताप मल्लले समेत अनेकबार आफूलाई कर्णाटवंशी तथा हरिसिंहदेवको सन्तान भनी अभिलेखहरूमा उल्लेख गरेको हुँदा हरिसिंहदेवले नेपालको इतिहासमा अत्यन्त महत्त्वपूर्ण स्थान प्राप्त गरेका छन् ।[13] प्रताप मल्लको अभिलेखअनुसार नान्यदेवका वंशज हरिसिंहदेवको वंशक्रम यसप्रकार रहेको छ ।

- **नान्यदेव→गाङ्गदेव→नृसिंह→रामसिंह→शक्तिसिंह→भूपालसिंह→हरिसिंहदेव ।**

विक्रमको चौधौं शताब्दीको उत्तरार्धमा मिथिला प्रदेश सिमरौनगढमा शासन गरिरहेका राजा हरिसिंहदेव दिल्लीका सुल्तान गयासुद्दीन तुगलकको अकस्मात् आक्रमणमा कारण सो स्थान छोडी सपरिवार नेपालको पहाडी भागमा पसे, तर बाटामै तीन पाटन भन्ने ठाउँमा उनको मृत्यु भयो ।[14] उनकी रानी देवलदेवी र छोरा जगत्सिंहलाई नेपाल उपत्यकाका राजा रुद्र मल्लले आफ्नो दरबारमा शरण दिए । देवलदेवीले आफ्नो साथमा ल्याएको तलेजु भवानीको कलस पनि दरबारमा स्थापित गरिन् । वि.सं. १३८३ मा राजा रुद्र मल्लको मृत्यु भएपछि उनकी छोरी नायक देवी (छोराहरू जीवित नभएकाले) नै बाबुको हकदार बनी राजगद्दीमा वसिन् । उनलाई हरिसिंहदेवकी पत्नी देवलदेवीले सक्रियताका साथ सहयोग गरिन् । पछि हरिसिंहदेवका छोरा जगत्सिंहसँग नायकदेवीको विवाह भयो । उनीहरूकी पुत्री राजल्लदेवी भइन् । वि.सं. १४११ मा राजल्लदेवीको विवाह स्थिति मल्लसँग भयो ।[15] यसरी हरिसिंहदेव र देवलदेवीका नातिनी ज्वाइं स्थितिमल्ल हुन पुगे । प्रथमतः उनी राजल्ल देवीका पतिका हैसियतले शासनमा सक्रिय रहे र 'उपराज'का रूपमा आफूलाई प्रस्तुत गरे तापनि नेपालको इतिहासमा **'जयस्थिति मल्ल'** का नाउँले राज्य-व्यवस्थाको उत्तम स्थिति बसाल्ने स्थिति मल्ल वस्तुतः उपत्यकाका मल्ल राजाहरूका आदिपुरुष मानिन्छन् ।

५.३ राजा प्रताप मल्लका पूर्वजहरू

सामाजिक, आर्थिक र धार्मिक क्षेत्रमा व्यापक सुधार गरी सामाजिक मर्यादाको स्थिति बसाल्ने स्थिति मल्लबाट उपत्यकाको मल्ल राजाहरूको अविच्छिन्न शासन-प्रणाली कायम भयो । यिनका तीन छोराहरूमध्ये माइला ज्योतिर्मल्ल स्थिति मल्लपछिका शासनाधिकारी वने । तदनन्तर ज्योतिर्मल्लका पुत्र प्रतापी, लोकप्रिय र महान् योद्धा यक्ष मल्ल राजा बने । यक्ष मल्लका सात भाइ छोरामध्ये माइला छोरा रत्न मल्ल यसपछिका शासक वने जसले आजको काठमाडौं र तत्कालिक कान्तिपुर राज्यको स्थापना गरेको मानिन्छ । रत्न मल्लपछि उनका छोरा सूर्य मल्ल

---

[13] डा.पेशल दाहाल, **नेपालको इतिहास**. चौ.सं.,(काठमाडौं : एम्.के. पब्लिशर्स एउण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी, वि.सं. २०४८) पृ.९७ ।

[14] वज्राचार्य, **पूर्ववत् नं. २.** पृष्ठ ७२ ।

[15] वज्राचार्य, **पूर्ववत् नं. २.** पृष्ठ ७४ ।

राजगद्दीमा बसे । वज्रयोगिनीको जात्रा चलाउने परम्परा यिनले प्रारम्भ गरे । यिनका पुत्र अमर मल्ल त्यस पछिका शासक बने, विभिन्न देवदेवीको जात्रा यिनले चलाए । यिनका शेषपछि एतत्पुत्र महेन्द्र मल्ल कान्तिपुरका राजा भए, जसले सर्वप्रथम चाँदीका मोहोरको प्रचलन प्रारम्भ गरे, जसलाई महेन्द्रमल्लीका नामले अद्यापि चिनिन्छ । यिनका दुई पुत्रहरूमध्ये जेठा सदाशिव अयोग्य भएकाले कान्छा शिवसिंह शासनाधिकार सम्हालेर बसे । यिनी विजीगीषु स्वभावका प्रतापी राजा भएकाले केरुङ, मकवानपुर र सिन्धुलीसम्म राज्याधिकार स्थापित गर्न सफल भए । यिनको शेषपछि यिनका छोरा हरिहरसिंह राजा भए । यिनका दुई छोरा भए - जेठा लक्ष्मीनरसिंह र कान्छा सिद्धिनरसिंह । कान्छा सिद्धिनरसिंहचाहिँ पाटनका राजा भए भने जेठा लक्ष्मीनरसिंह मल्ल कान्तिपुरका राजा भए । लक्ष्मीनरसिंह मल्ल धार्मिक विचार भएका, शान्त स्वभाव भएका राजा थिए । यिनकै सुपुत्र **राजा प्रताप मल्ल** प्रस्तुत शोध प्रबन्धका शोध नायक हुन् । यसप्रकार राजा प्रताप मल्लका प्रतापी पूर्वपुरुषहरूको क्रम यस्तो रहन गएको देखिन्छ -

❖ **स्थिति मल्ल ➔ ज्योतिर्मल्ल ➔ यक्ष मल्ल ➔ रत्न मल्ल ➔ सूर्य मल्ल ➔ अमर मल्ल ➔ महेन्द्र मल्ल ➔ शिवसिंह ➔ हरिहरसिंह ➔ लक्ष्मीनरसिंह ➔ प्रताप मल्ल ।**

५.४ राजा प्रताप मल्ल

शोधनायक राजा प्रताप मल्लको जन्म वि.सं. १६८० ज्येष्ठ शुक्ल अष्टमी उप्रान्त नवमी तिथि मङ्गलवारका दिन भएको थियो । यिनी सानै उमेरदेखि राजनीतिमा सक्रिय थिए । यिनी जम्मा ५१ वर्ष यस धराधाममा रहे र सक्रिय रूपमा बाँचेर ३३ वर्षसम्म शासन गरी, धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा प्रशस्त योगदान गर्दै आफ्नो विराट् व्यक्तित्व इतिहासमा अङ्कित गरेर आफ्नो विशिष्ट सृजनात्मक कार्यद्वारा अमर बने । वि.सं. १७३१ वैशाख ९ गते यिनको परिलोकगमन भयो ।

५.५ प्रताप मल्ल : जीवनी

प्रताप मल्लको जन्म वि.सं. १६८० जेष्ठ शुक्ल अष्टमी उप्रान्त नवमी तिथि मङ्गलवारका दिन काठमाडौंको हनूमान्ढोका राजदरबार (तत्कालीन गुन पो) मा राजा लक्ष्मीनरसिंहका द्वितीय पुत्रका रूपमा भएको थियो । उनको विद्वत्ता, कवित्व र कलाकारिता देख्दा उनको शिक्षा-दीक्षा दरबारमै सुयोग्य शिक्षकहरूको अध्यापकत्वमा सम्पन्न भएको अनुमान गरिन्छ । यिनी १३ वर्षको उमेर (वि.सं.१६९३ फागुन) देखि नै राजनीतिमा सक्रिय रहन थाले, यिनकै सक्रियतामा त्यस बेला पाटनमा आक्रमण गरियो । १८ वर्षको उमेरमा (वि.सं.१६९८ भाद्रमा) यिनले राज्यारोहण गरे । राजगद्दीमा बस्नासाथै यिनी रणाभियानमा संलग्न रहे । काजी भीममल्लको सक्रिय सहयोग लिएर यिनले त्यसबेला तिब्बती क्षेत्रको केरुङ, कुती र खासा आदिमा कान्तिपुरको स्वामित्व

जमाए । भक्तपुरका राजा नरेश मल्ललाई आच्छु आच्छु पारे । १९ वर्षको उमेर (वि.सं.१६९९ जेठ)मा यिनले पहिलो अभिलेख (त्रिशूल चोकको अभिलेख) उत्कीर्ण गराए, जसमा साहित्यिक सौन्दर्य भरिपूर्ण रहेको छ ।

राजा प्रताप मल्लले विहारकी राजकुमारी रूपमतीसँग प्रथम विवाह गरेका थिए । दोस्रो विवाह कर्णाटककी राजकुमारी राजमतीसँग भयो । उनका अरु रानीहरू रूपमतीकै बहिनी अनन्तप्रिया; भगवतीपुरकी राजकुमारी लालमती, प्रभावती र इन्द्रमती देवीहरू थिए । यी रानीहरूबाट प्रताप मल्लका ९ सन्तान पुत्र भए र ११ सन्तान पुत्रीहरू भए । भूपेन्द्र, चक्रवर्त्तेन्द्र, नृपेन्द्र, पार्थिवेन्द्र र महीपतेन्द्र उनका इतिहासचर्चित पुत्रहरू हुन् ।

२० वर्षको उमेर (वि.सं.१७०० माघ)मा प्रताप मल्लको धार्मिक क्रियाकलापमा सक्रियता रहेको देखिन्छ । पशुपति र गुह्येश्वरीमा विशेष पूजा-व्यवस्थाका लागि उनले सवाबयालीस रोपनी भूमिदान गरेका थिए । २२ वर्षको उमेर (वि.सं.१७०१)मा उनले आफ्नो प्रतिमा निर्माण गराई तुलजा भवानीको सामुन्ने प्रतिष्ठापित गरे । २५/२६ वर्ष (वि.सं.१७०५-०६) यिनको विकास निर्माण कार्यमा सक्रिय रहेर बित्यो । मोहनचोकको निर्माण र आगमछैँको निर्माण उनले सम्पन्न गराए । २५ वर्षको युवाऽवस्थामै उनले पत्नीवियोग खप्नुपर्‍यो । दुःखित भएर रानीहरूको स्वर्गप्राप्ति र प्रेमको अभिव्यक्तिका लागि यिनले कृष्णमन्दिर बनाए र रानी रूपमतीका नाममा मुद्रा पनि निष्कासन गरे ।

२६ वर्षको उमेर (वि.सं.१७०६माघ)मा यिनले पहिलो स्तुतिकाव्य रचना गरे : **नारायणस्तोत्र** । त्यो पशुपति वासुकिस्थानमा अङ्कित गराइयो । यसैगरी अर्को स्तवकाव्य **स्वयम्भूभट्टारकस्तोत्रम्** (वि.सं.१७०७ श्रावण) पनि रचियो । २८ औं वर्ष (वि.सं.१७०८ माघ) मा मोहन चोकको निर्माण सम्पन्न गरी **'महापराधस्तोत्रम्'** स्तुतिकाव्यको पनि रचना गरे । ३१/३२ वर्ष पनि धार्मिक, सामाजिक क्रियाकलाप र साहित्यिक रचनामै बित्यो । जलद्रोणीको निर्माण (वि.सं.१७१०माघ) र १५ लिपियुक्त अभिलेखाङ्कन, गुह्येश्वरी पीठको उद्धार र **'कालिकाभुजङ्गदशकम्'** को रचना पनि यसै वेलाका महनीय कार्य हुन् । ३२/३३ वर्षको उमेरमा उनले स्वयम्भूमा प्रतापपुर र अनन्तपुरको निर्माण, **'महेशाष्टकम्'** रचना, वज्रयोगिनी पीठोद्धार आदि कार्य सम्पन्न गरे । ३४/३५ वर्षको उमेर धार्मिक क्रियाकलाप, सामाजिक कार्य र काव्यसिर्जनामा व्यतीत भयो । भूगोल निर्माण (वि.सं.१७१३ मंसिर) तुलादान र **वंशावली रचना** (वि.सं.१७१३ माघ) यसै समयका कार्य हुन् ।

राजा प्रताप मल्लको जीवनमा ३६ औं वर्षको उमेर एउटा साहसिक कार्यका लागि स्मरणीय रहनेछ । यसै वर्ष (वि.सं.१७१५ असार) अत्यन्त अनावृष्टिका कारण काठमाडौं सुकेपछि लोककल्याणार्थ भूतप्रेत-पिशाचग्रस्त शान्तिपुरमा उनी प्रवेश गरे र तान्त्रिक साधनाको बलले भित्रबाट नागको रक्तले लेखेको चित्र र पुस्तक ल्याएर मुसलधारे वर्षा गराए । यसैको विवरण

लिपिबद्ध गरेर **'वृष्टिचिन्तामणि'** पनि रचे । ३७ औं वर्षमा गुह्येश्वरीमा स्वर्णकमल अर्पण (वि.सं.१७१७ असार) र भण्डारखाल पोखरी निर्माण गरे भने भक्तपुरमाथि आक्रमण (वि.सं.१७१७) पनि गरे । यिनी ४० औं वर्षको उत्तरार्धमा नुवाकोट-यात्रा (वि.सं.१७१९ चैत्र)मा निस्किए र त्यहाँ भैरवलाई मुकुट अर्पण गरी फर्किए । ४१ औं वर्षमा विष्णुमतीमा पुल हाल्ने (वि.सं.१७२० जेठ) कार्यका साथै भक्तपुरमाथि पुनः आक्रमण पनि गरे । यसै वर्ष लक्षदीपदान र तुलादान पनि सम्पन्न गरे र **'सर्व्वमङ्गलाष्टकम्'** रचे । यिनको ४०-४८ औं वर्ष स्वयम्भूनाथमा वज्र अर्पण, देगुतलेजु र प्रताप स्तम्भको निर्माणमा बित्यो । यसैबीच (वि.सं.१७२७ असोजमा) रानीपोखरी निर्माण गराए र आफ्नो कीर्तिपताका सदाका लागि फहराए । ४१ औं वर्ष उनको धार्मिक क्रियाकलापमा बित्यो, तलेजुमा स्वर्णद्वार (वि.सं.१७२८ श्रावण)मा निर्माण गराइयो । यसै वर्ष भक्तपुरमाथि फेरि एकपल्ट आक्रमण पनि गरेको देखिन्छ । हनुमान्ढोकाको परिचायक हनुमान्को स्थापना (वि.सं.१७२९ वैशाख) पनि यसै वर्ष सम्पन्न भयो । ५० औं वर्षको उमेर (वि.सं.१७३० असार)मा प्रताप मल्लले हनुमान् ढोकाको भित्री भागमा नृसिंह भगवान्को भव्य मूर्ति स्थापना गरे सो मूर्तिको पादपीठमा भैरवी राग निबद्ध गीति-रचना सम्पन्न गरी उत्कीर्ण गराए । प्रताप मल्लको अन्तिम रचना यही रह्यो । यसरी ५१ वर्षे अत्यन्त सक्रिय र सृजनात्मक जीवनकाल पूरा गरी, ३३ वर्ष अकण्टक राज्य गरी नेपालको मल्लकालका सर्वश्रेष्ठ लोकप्रिय प्रतापी राजा प्रताप मल्लको वि.सं. १७३१ वैशाख ९ गते राती देहावसान भयो ।

५.६ प्रताप मल्लको व्यक्तित्व

प्रताप मल्ल (वि.सं.१६८०-१७३१) बहुआयामिक व्यक्तित्व भएका सर्वाधिक लोकप्रिय मल्ल राजा हुन् । विजीगीषु स्वभाव, विशिष्ट महत्त्वकाङ्क्षा र बारम्वारको रणाभियान, षाड्गुण्यको सफल प्रयोग र ३३ वर्षसम्मको अकण्टक राज्य-सञ्चालन र शासन आदिबाट उनको सफल राजनीतिक व्यक्तित्व प्रकट हुन्छ । सत्काव्यको प्रणयनद्वारा ऊर्जस्वी कवि-व्यक्तित्व अभिव्यक्त हुन्छ । विविध शास्त्रविज्ञता र बहुलिपिज्ञताबाट उनको बहुश्रुत विद्वद्व्यक्तित्व झल्किन्छ । विविध राग र तालका रचना, सङ्गीत साधना र वीणावादनरत प्रतिमाङ्कन आदिबाट यिनको सङ्गीतकार व्यक्तित्व व्यक्त हुन्छ । नृत्यकलाको प्रयोग र अश्वारोहण-कौशल आदिबाट यिनको ललित कलाकार व्यक्तित्व स्पष्ट हुन्छ । सुन्दर रूप, मिलेको शरीर र उज्यालो आन्तरिक गुणको अभिव्यञ्जन गर्ने सुन्दर मुखमण्डल आदिबाट उनको भव्य शारीरिक व्यक्तित्व पनि चिनिन्छ ।

५.७ प्रताप मल्ल : प्रमुख क्रियाकलाप

यिनको जीवन अत्यन्त सक्रिय र सिर्जनात्मक रह्यो । यिनले १३ वर्षको कलिलो उमेरमा पाटनमाथि आक्रमण गरेर आफ्नो उत्साह र महत्त्वाकाङ्क्षी स्वभावको प्रदर्शन गरेका थिए । यिनी १८ वर्षको उमेरमा आफ्ना पितालाई शासन-व्यवस्थाको दायित्वबाट मुक्त तुल्याई, वि.सं. १६९८

मा कान्तिपुरको राजगद्दीमा आरुढ भए। आफू राजा हुनासाथ त्रिशूलचोकमा सिंहध्वजको स्थापना गरे र प्रस्तरस्तम्भमा पहिलो शिलालेख उत्कीर्ण गराए। यिनले सम्पन्न गरेका प्रमुख क्रियाकलापहरूमा त्रिशूलचोकमाः सिंहध्वज स्थापना (वि.सं.१६९९ जेष्ठ), पशुपतिमा भूमिदान (वि.सं.१७०० माघ), तलेजुमा प्रतिमास्थापन (वि.सं.१७०१ पौष), मोहनचोक निर्माण र कृष्णमन्दिर निर्माण (वि.सं.१७०५ फागुन), वासुकि मन्दिरको निर्माण (वि.सं.१७०६ माघ), लक्षप्रतापेश्वर मन्दिर निर्माण र घण्टा अर्पण (वि.सं.१७०७ फागुन), मोहनचोकमा सुनधारा निर्माण र कालियदमनको मूर्तिस्थापन (वि.सं.१७०८ माघ), तलेजुमा घण्टा अर्पण (वि.सं.१७१० मार्ग), जगन्नाथ मन्दिर निर्माण (वि.सं.१७१० माघ), जलद्रोणी निर्माण (वि.सं.१७१० माघ), गुह्येश्वरी पीठ निर्माण र सिंहध्वजको स्थापना (वि.सं.१७११ वैशाख), पशुपतिमा स्वर्णकलश र १००८ शिवलिङ्ग स्थापना (वि.सं.१७११ चैत्र), वज्रयोगिनी मन्दिर निर्माण (वि.सं.१७१२ आषाढ), मोहन चोकमा भूगोल निर्माण (वि.सं.१७१३ मंसिर), पशुपतिमा तुलादान, शताश्वदान र स्तम्भद्वयस्थापना (वि.सं.१७१३ माघ), विश्वरूपमूर्ति निर्माण (वि.सं.१७१४ माघ) कवीन्द्रपुर निर्माण (वि.सं.१७१४ जेठ), शान्तिपुरप्रवेश (वि.सं.१७१५ आषाढ), गुह्येश्वरीमा स्वर्णकलश अर्पण, भण्डारखालमा पोखरी निर्माण र नारायणमूर्ति स्थापना, (वि.सं.१७१७ आषाढ), नुवाकोट यात्रा र भैरवलाई मुकुट अर्पण (वि.सं.१७१९ चैत्र) विष्णुमतीमा पुल निर्माण (वि.सं.१७२० जेठ), त्रिशूल चोकमा लक्षदीपदान, तुलादान, प्रतिमा-निर्माण र स्तम्भ-स्थापना (वि.सं.१७२० पौष), विष्णुदेवलमा चक्र अर्पण (वि.सं.१७२३ माघ), स्वयम्भूमा वज्र अर्पण (वि.सं.१७२५ आषाढ), देगुतलेजुको निर्माण र प्रतापस्तम्भ स्थापना (वि.सं.१७२७ भाद्र), रानीपोखरीको निर्माण र नारायणमूर्ति एवं गजारोहण-प्रतिमा स्थापना (वि.सं.१७२७ आश्विन-माघ), तलेजुमा सुवर्णपत्ररचित द्वार-निर्माण (वि.सं.१७२८ पौष) हनुमान्को दुई मूर्तिको स्थापना (वि.सं.१७२९ वैशाख), नासलचोकमा नृसिंह भगवान्को स्थापना (वि.सं.१७३० आषाढ), तानावहालमा उमामहेश्वर स्थापना (वि.सं.१७३० माघ) र तलेजुमा दीपव्यवस्थाका लागि भूमिदान (वि.सं.१७३१ जेठ) आदि पर्दछन्। यिनका अतिरिक्त पञ्चमुखी हनुमान् मन्दिरको स्थापना, कालभैरवको स्थापना, इन्द्रपुरको निर्माण, अष्टमातृकाको स्थापना र स्वर्णद्वारको कलात्मक रचना आदि कार्यहरू पनि यिनकै योगदानमा पर्दछन्। यसरी समग्र जीवन अत्यन्त सक्रियताका साथ बिताएर राष्ट्रलाई समुन्नत, गौरवपूर्ण र प्रतिष्ठित तुल्याएर छोटै उमेर (५१ वर्षे वय)मा ठूलो योगदान गरेर प्रताप मल्ल लोकप्रिय, प्रतापी र ऊर्जस्वी राजाका रूपमा जनजनका मानसपटलमा प्रतिबिम्बित भई अमर बने।

विशेषतः गुह्येश्वरी पीठको अन्वेषण र उद्धारपूर्वक निर्माण, वज्रयोगिनीको मन्दिर निर्माण, स्वयम्भूमा प्रतापपुर र अनन्तपुरको निर्माण, हनुमान्ढोका राजदरबारमा मोहनचोक निर्माण, जनकल्याणका लागि शान्तिपुर-प्रवेश, प्रतापध्वजको स्थापना, रानीपोखरीको निर्माण, हनुमान् ढोकामा हनुमत्-मूर्ति स्थापना, १५ लिपियुक्त अभिलेखसम्पन्न जलद्रोणी निर्माण, नासलचोकमा

नृसिंहमूर्ति स्थापना, कालभैरवको विशालमूर्तिको स्थापना आदि कार्यले उनको लोकप्रियता अत्यधिक बढेको देखिन्छ । उनको प्रतापी व्यक्तित्वको साक्ष्यका रूपमा उपर्युक्त निर्मितिहरू साढे तीन सयसय वर्षपछि पनि अद्यावधि हाम्रा सामुन्ने अस्तित्वमान् छँदै छन् ।

५.८ प्रताप मल्लका अभिलेखहरू : साहित्यिक मूल्य

राजा प्रताप मल्लका प्रकाशित र उपलब्ध ५१ वटा अभिलेखहरूका आधारमा यो अध्ययनकार्य सम्पन्न गरिएको छ । ती अभिलेखहरूमध्ये पनि २६ वटा साहित्यिक महत्त्वका छन् भने २१ वटा काव्यात्मक छन् । यी अभिलेखहरूमा ८० प्रतिशतभन्दा वढी मात्रा संस्कृत भाषाका रचनाहरूको देखिन्छ । यस अतिरिक्त नेवारी, मैथिली र नेपाली भाषाको पनि यिनमा प्रयोग गरिएको छ । यी अभिलेखहरूमा अधिकांश नेवारी लिपिमा आवद्ध छन् । यी अभिलेखहरूमा अनुष्टुप्, इन्द्रवज्रा, उपेन्द्रवज्रा र भुजङ्गप्रयात आदि १४ प्रकारका छन्दहरुको प्रयोग गरिएको छ । यहाँ सर्वाधिक भुजङ्गप्रयात छन्द र सवैभन्दा कम (१ पद्य) आर्या छन्दको रहेको छ । गीति छन्दका पनि केही रचनाहरू छन् ।

यी अभिलेखहरूमा पुनरुक्तवदाभास, अनुप्रास र यसका सवै भेद, यमक र श्लेषजस्ता शब्दालङ्कार एवम् उपमा, उत्प्रेक्षा, रूपक, परिणाम, सन्देह, भ्रान्तिमान्, अतिशयोक्ति, दीपक, तुल्ययोगिता, अर्थान्तरन्यास र काव्यलिङ्गजस्ता जम्मा ३४ वटा अर्थालङ्कारको प्रयोग गरिएको छ । यीमध्ये शब्दालङ्कारमा अनुप्रास र अर्थालङ्कारमा रूपक उपमा र उत्प्रेक्षा अलङ्कारको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ ।

यी अभिलेखहरूमा तीनैवटा गुणहरूको उत्कर्ष देखिन्छ । तापनि माधुर्य, ओज र प्रसाद गुणमध्ये प्रसाद गुणको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । गुणसँगै सम्वद्ध वैदर्भी, गौडी, पाञ्चाली र लाटी यी चारै रीति यहाँ पाइन्छन् । यीमध्ये पाञ्चाली रीतिको प्राचुर्य यहाँ रहेको देखिन्छ ।

काव्यको सारभूत तत्व रस हो । यी अभिलेखहरूमा रसको अभिव्यक्ति रमणीय रूपमा सम्पन्न भएको छ । यहाँ श्रृङ्गार, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त, यी आठ रसको अभिव्यञ्जन भएको छ । त्यसैगरी रसादिमा गनिने भाव, रसाभास, भावाभास, भावशान्ति, भावोदय, भावसन्धि र भावशबलताको पनि सम्यक् अभिव्यक्ति यी अभिलेखहरूमा पाइन्छ । यीमध्ये सर्वाधिक मात्रामा प्रचुरताका साथ देवादिविषयिणी रतिमा केन्द्रित भावको अभिव्यञ्जना अभिलेखाश्रित काव्यहरूमा पाइएको छ ।

'काव्यको आत्मा ध्वनि हो'[16] भन्ने आचार्य आनन्दवर्द्धनको स्थापनाअनुसार पर्यालोचन गर्दा यहाँ ध्वनिका विभिन्न प्रकारहरूको मनोरम, हृदयहारी अभिव्यञ्जन भएको पाइन्छ । लक्षणामूल र

[16] आनन्दवर्धन, **ध्वन्यालोक**, प्रथम उद्योत ।

अभिधामूल ध्वनिहरूका भेद-प्रभेदहरूको पर्याप्त मात्रामा अभिव्यञ्जना भएका यी अभिलेखवद्ध काव्यरचनाहरूमा शब्दशक्त्युद्भवका वस्तु र अलङ्कारध्वनि, अर्थशक्त्युद्भवका स्वतः सम्भवी र कविप्रोढोक्तिसिद्ध यी दुवै प्रकारका ध्वनिहरू यहाँ अभिव्यञ्जित भएका छन् । रस, वस्तु र अलङ्कार ध्वनिका रमणीय तरेलीहरू यी काव्यहरूमा देख्न र अनुभूत गर्न पाइन्छ । यिनमा प्रकृति, प्रत्यय, वचन, उपसर्ग, द्वित्व, लिङ्ग, अव्यय, वर्ण, रचना र प्रवन्धमा समेत ध्वनि-व्यन्जकता रहेको पाइन्छ । यिनमा गुणीभूतव्यङ्ग्यका पनि केही उदाहरणहरू भेटिन्छन् । तर सर्वाधिक मात्रामा यी काव्यहरूमा भावध्वनिको सबल उपस्थिति रहेको छ ।

काव्यमा दोषको पनि उपस्थिति प्रायः रहने गर्छ नै । तदनुसार यी रचनाहरूमा दोषान्वेषण गर्दा श्रुतिकटु, च्युतसंस्कृति, आदि आठ शब्ददोष, प्रतिकूलवर्णता, उपहतविसर्गता आदि सात वाक्यदोष, अपुष्टार्थ, पुनरुक्त आदि छ अर्थदोष र रसको स्वशब्दवाच्यता र प्रकृतिविपर्यय यी दुई रसदोष पाइएका छन् । यी सबै दोषहरू कताकति अत्यन्त न्यूनतामा रहेका छन् । विभिन्न कारणले अभिलेखको प्रकाशित हाल उपलब्ध रूपमा त्रुटिको मात्रा धेरै रहन गएकाले **'च्युतसंस्कृति'** नामक व्याकरणिक दोषचाहिँ अनेक ठाउँमा अनेक वार देखा परेको छ । तर केही मात्रामा रहेका यी दोषहरूले यी अभिलेखहरूमा निवद्ध काव्यको काव्यता समाप्त पारेका छैनन् । काव्यको उत्कर्षमा तारतम्यचाहिँ अवश्य पैदा गरेका छन् भन्न सकिन्छ । यसरी राजा प्रताप मल्लका अभिलेखहरूमा अलङ्कारमण्डित संस्कृत-प्रधान, प्रसादगुणधर्मी, ईषद्दुष्ट, भावध्वनिमूलक काव्यात्मक रचनाहरू रहेको तथ्य प्रकट हुन पुग्दछ ।

५.९. प्रताप मल्लका काव्यहरू : विशेष अध्ययन

राजा प्रताप मल्लका अभिलेखमा उपलब्ध काव्यहरूको विशेष अध्ययनअन्तर्गत काव्यमा प्रयुक्त विषयवस्तु, प्रकृतिवर्णन र प्रीतिचित्रणसम्बन्धी काव्यका आन्तरिक वैशिष्ट्यको अध्ययन गरिएको छ ।

५.९.१ विषयवस्तु

तदनुसार अभिलेखमा स्तुतिप्रार्थना, वंशावलीवर्णन र प्रकीर्ण विषयवस्तुको प्रयोग गरिएको छ । स्तुति प्रार्थनामूलक काव्यहरूको सङ्ख्या १६ रहेको छ र यी स्तुतिप्रार्थनासम्वद्ध भक्तिकाव्यहरूमा राजा प्रताप मल्लले मूलतः विष्णु, शिव, काली र नृसिंह आदि देवदेवीहरूको स्तवन र आराधन गरेका छन् । विष्णुस्तुतिको एउटा, शिवस्तुतिसम्वद्ध चारवटा, देवीस्तुति विषयक आठवटा, नृसिंहस्तुतिविषयक दुईवटा र साहसिक यात्राको रोमाञ्चक वृत्तान्त भएको स्तुतिसम्वद्ध (शिव-शक्त्यात्मक देवतालाई स्तवन गरिएको) एउटा रचना भक्तिकाव्यका रूपमा देखा पर्दछन् । यी रचनाहरूमा देवदेवीका विभिन्न रूपहरूप्रति श्रद्धा र भक्ति अर्पण गरिएको छ,

विशेषतः देवीको उपासना बढी मात्रामा गरिएको पाइन्छ । यी सबै रचनाहरूमा देवादिविषयिणी रतिको उद्रेक हुन गई भावध्वनिको काव्यसौन्दर्य व्यक्त हुन पुगेको छ ।

अभिलेखहरूमा वंशावली-वर्णन-विषयक प्रशस्ति-काव्यहरू तीनवटा छन् । यी काव्यहरूमा राजा प्रताप मल्लले आफ्नो पुर्खाका विशिष्ट व्यक्तित्वका विविध आयामहरूको वर्णन गरेका छन् । आलङ्कारिक भाषाशैलीमा प्रस्तुत यी रचनाहरूमा वाग्विदग्धता एवम् उक्ति-वैचित्र्यको विशेष चमत्कार पाइन्छ ।

प्रकीर्णविषयक काव्यहरूमा रानीपोखरीको भव्य सुषमाको र घण्टाको वर्णन पाइन्छ, यी दुवै अलङ्कारमण्डित सुन्दर रचना हुन् ।

५.९.२ प्रकृति-चित्रण

प्रताप मल्लका अभिलेखाश्रित काव्यहरूमा प्रकृतिचित्रणको हृद्य स्वरूप देखा पर्दछ । प्रकृतिका विविध भव्य रूपहरूको वर्णन गरिएका दुईवटा रचनाहरू विशेष छन् । एउटामा स्वयम्भू थुम्काको सुन्दर वर्णन र त्यहाँको फलफूलहरूले लटरम्म भएका बाटिकाको भव्य वर्णन छ भने अर्कोमा चाहिँ रानीपोखरीको अत्यन्त हृदयहारी वर्णन गरिएको छ । प्रकृतिमा रहेका विविध सुन्दर वस्तुहरूलाई उपमानका रूपमा सटीक प्रयोग गरेर अनि प्रकृतिको मानवीकरण गरेर पनि यी काव्यिक रचनाहरूमा प्रकृति र मानवबीचको अनाख्येय, रहस्यपूर्ण र गम्भीर अन्तःसम्बन्धलाई अत्यन्त कलात्मक रूपमा अभिव्यञ्जित गरिएको छ ।

५.९.३ प्रीति-चित्रण

राजा प्रताप मल्लका अभिलेखहरूमा प्रीति-चित्रणको प्राचुर्य छ । प्रीतिका बहुमुखी आयामहरूको हार्दिक प्रस्तुति यहाँ पाइन्छ । प्रथमतः यी रचनाहरूमा तुलजा भवानी, वज्रयोगिनी, कालिका, चण्डिका र भैरवीहरूका रूपमा ईश्वरीप्रति र नारायण, शिव, स्वयम्भू, भीमसेन र नृसिंह आदि विविध स्वरूपमा ईश्वरको आराधना र वन्दना गरी भगवद्विषयिणी रतिको अभिव्यक्ति गरेर देवताविषयक भक्तिमय प्रीतिको अभिव्यञ्जना गरिएको छ । द्वितीयतः भगवान् सूर्य र आफ्ना सूर्यवंशी पौराणिक र ऐतिहासिक पूर्वजहरूलाई श्रद्धा र सम्मानका साथ स्मरण गर्दै तिनका दिव्य लीला र महान् कृत्यहरूको प्रताप मल्लले अभिनन्दन गरेर गुरुविषयक रतिभावको उद्रेकद्वारा भावपूर्ण अभिव्यञ्जना प्रस्तुत गरी आफ्नो हार्दिक अनुराग प्रकट गरेका छन् । यसबाट त्यस्तो महान् वंशमा आफ्नो जन्म भएकामा कृतकृत्यतापूर्वक उनीबाट कुलपुरुषहरूप्रति सम्मानपूर्ण प्रीतिको अभिव्यक्ति भएको छ । तृतीयतः यी अभिलेखहरूमा कान्तागत र कान्तगत प्रीतिको पनि भव्य चित्रण गरिएको पाइन्छ । उनका प्रिय दिवङ्गता पत्नीहरू रूपमती र राजमतीहरूको वर्णन प्रसङ्गमा कान्ताविषयक रतिको अभिव्यक्ति भएको छ भने उनीप्रति अनुरक्त सुन्दरीहरूको अनुभावादिको चित्रणमा कान्तविषयक रतिको भव्य अभिव्यञ्जना हुन पुगेको छ ।

चतुर्थतः यी अभिलेखहरूमा सन्ततिविषयक प्रीतिको पनि अभिव्यक्ति भएको छ । आफ्ना सन्तानहरूप्रति गहिरो ममत्वको अभिव्यक्ति विभिन्न प्रसङ्गमा देखा परेको छ । अन्ततः प्रजाविषयक प्रीतिको पनि अभिलेखाश्रित रचनाहरूमा सुन्दर अभिव्यक्ति हुन पुगेको छ। शान्तिपुर प्रवेश, रानीपोखरीनिर्माण र जलद्रोणीको व्यवस्थाजस्ता कार्यहरूका माध्यमवाट पनि राजा प्रताप मल्लको आफ्ना प्रजाप्रति गम्भीर वात्सल्यपूर्ण प्रीतिको अभिव्यक्ति भएको पाइन्छ । यसरी यी अभिलेखनिबद्ध रचनाहरूमा देव-देवीविषयक श्रद्धाभक्तिका रूपमा, पूर्वजहरूसँग सम्वद्ध सम्मानका रूपमा, कान्ता/कान्तगत हार्दिक अनुरागका रूपमा, सन्ततिविपयक ममत्वपूर्ण प्रेमका रूपमा र प्रजाविषयक वात्सल्यपूर्ण लोककल्याणकारी भावना र कार्यका रूपमा समेत बहुआयामिक प्रीतिको सुन्दर, हृद्य एवम् रसभावपूर्ण अभिव्यक्ति हुन पुगेको देखिन्छ । प्रीतिचित्रणका सन्दर्भमा यी रचनाहरूमा गम्भीर हार्दिक भावका अनुकूल पद-पदावली र अलङ्कारपूर्ण अभिव्यञ्जनाशैलीको समेत प्रयोग गरी काव्यिक सौन्दर्यको सृजना गरिएको देखिन्छ।

५.१० निष्कर्ष : सारसङ्ग्रह

यस पाँचौ अध्याय र समग्र शोधप्रबन्धको समेत यस अन्तिम अंशमा प्रवेश गर्दा यस अध्यायको र सिङ्गो शोध प्रबन्धको पनि निष्कर्ष प्रस्तुत गर्ने अवसर आइपुगेको छ। तद्नुरूप यस शोधकार्यको प्रतिवेदनभूत यस शोधग्रन्थको सारसङ्ग्रहका रूपमा सङ्कलित निष्कर्ष तलका पाँच बुँदाहरूमा प्रस्तुत गरिएको छ :

❖ यस शोधप्रबन्धमा राजा प्रताप मल्लका व्यक्तित्वको आकलन र उनका अभिलेखहरूको साहित्यिक अध्ययन गरिएको छ। तदनुसार -

१. राजा प्रताप मल्ल सूर्यवंशी, प्रतापी मल्लकुलमा जन्मिएका सर्वाधिक लोकप्रिय र यशस्वी राजा हुन् ।

२. एकाउन्न वर्षको छोटो जीवनकाल र तेत्तीस वर्षको लामो शासनकालमा राजा प्रताप मल्लले अत्यन्त सक्रियताका साथ नेपालको संस्कृति, कला, धर्म र सामाजिक उन्नयनका लागि चिरस्थायी महत्त्वपूर्ण योगदान दिएका छन्।

३. सफल राजनीतिज्ञ, सत्कवि, बहुश्रुत विद्वान्, शास्त्रीय सङ्गीतज्ञ, ललित कलाकार र उत्तम मानवका रूपमा समेत उनको बहुआयामिक व्यक्तित्व झल्कन्छ ।

४. राजा प्रताप मल्लका अभिलेखहरूमा अलङ्कारमण्डित, संस्कृतप्रधान, प्रसादगुणधर्मी, ईषद्दुष्ट, भावध्वनिमूलक काव्यात्मक रचनाहरू पाइन्छन् ।

५. उनका अभिलेखहरूमा देवदेवीप्रति श्रद्धा र पूर्वजहरूप्रति सम्मानका साथै प्रकृतिचित्रण र प्रीतिको अभिव्यक्तिसमेत गरिएका काव्यहरू पाइन्छन् ।

५.११ समापन वाक्य

मल्लकालका सर्वाधिक लोकप्रिय राजा प्रताप मल्लका अभिलेखहरूमा उत्तमकक्षी साहित्यको अभिव्यक्ति भएको पाइन्छ ।

॥ शुभम् भूयात् । शङ्करः शङ्करोतु ॥

राजा प्रताप मल्लका अभिलेखहरूको साहित्यिक अध्ययन

परिशिष्ट

राजा प्रताप मल्लका अभिलेखहरूको

सूची

क्र.सं.	अभिलेख विवरण/ने.सं.	स्रोत*
१.	त्रिशूलडबलीको अभिलेख (७६२)	हनूमान्ढोका राजदरवार, पृ.१९९-२०२ ।
२.	पशुपति गोश्वाराको ताम्रपत्र (७६४)	पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पृ.१६८-१७० ।
३.	तलेजुस्थित सानो मूर्तिको अभिलेख (७६५)	हनूमान्ढोका राजदरवार, पृ.२०२।
४.	मोहनचोकस्थित स्वर्णपत्र अभिलेख (७६९)	हनूमान्ढोका राजदरवार, पृ.२०४।
५.	कृष्णमन्दिरको शिलालेख (७६९)	हनूमान्ढोका राजदरवार पृ. २०२-२०३।
६.	पशुपति वासुकिस्थानको अभिलेख (७७०)	अभिलेख सङ्ग्रह, तेस्रो भाग, पृ.७-८।
७.	स्वयम्भू अमिताभ बुद्धको अभिलेख (७७०)	मेडिएवल नेपाल, भाग-४, पृ. १०७-१११ ।
८.	सुन्दरचोकस्थित सानो घण्टाको अभिलेख (७७१)	हनूमान्ढोका राजदरवार, पृ. २०४ ।
९.	मनमोहनचोकको अभिलेख (७७२)	हनूमान्ढोका राजदरवार, पृ. २०५ ।
१०.	मोहनचोक दलानको अभिलेख (७७३)	हनूमान्ढोका राजदरवार, पृ. २०५-२१० ।
११.	तलेजु घण्टाको अभिलेख (७७४)	हनूमान्ढोका राजदरवार, पृ. २११ ।
१२.	जलद्रोणीको अभिलेख (७७४)	हनूमान्ढोका राजदरवार, पृ.२११ ।
१३.	जगन्नाथमन्दिरको पेटीको अभिलेख (७७४)	मेडिएवल नेपाल, पृ. १२५-१२७ ।
१४.	गुह्येश्वरी प्राङ्गणस्थित सिंहध्वजको अभिलेख (७७४)	पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पृ.६१ ।
१५.	गुह्येश्वरी प्राङ्गणस्थित सिंहको अभिलेख (७७४)	पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन पृ. २०१ ।
१६.	गुह्येश्वरी गर्भगृहको अभिलेख (७७४)	पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पृ.२०२।

१७. मोहनचोक छानामा हनूमद्ध्वजको अभिलेख (७७५)	हनूमान्ढोका राजदरवार, पृ. २१२।
१८. मोहनचोकको छानामा मीनध्वजको अभिलेख (७७५)	हनूमान्ढोका राजदरवार, पृ.२१२ ।
१९. श्रीपशुपतिनाथ प्राङ्गणको अभिलेख (७७५)	अभिलेख संग्रह, तेस्रो भाग, पृ. ८।
२०. साँखु वज्रयोगिनीको अभिलेख (७७५)	अभिलेख संग्रह, तेस्रो भाग, पृ.११-१४।
२१. भीमसेनस्थानको अभिलेख (७७५)	अभिलेख संग्रह, तेस्रो भाग, पृ.१५-१६।
२२. स्वयम्भू अनन्तपुरको अभिलेख (७७५)	अभिलेख संग्रह, तेस्रो भाग, पृ.१७-१८।
२३. श्रीपशुपतिनाथ प्राङ्गणको अभिलेख (७७७)	मेडिएवल नेपाल, भाग -४, पृ. ११४-१२० ।
२४. विश्वरूपको पादपीठको अभिलेख (७७७)	हनूमान्ढोका राजदरवार, पृ. २१७-२१८ ।
२५. श्रीपशुपति प्राङ्गणको अभिलेख (७७७)	संस्कृत सन्देश वर्ष १, अंक ४, पृ.१।
२६. श्रीपशुपति प्राङ्गणको अभिलेख (७७७)	संस्कृत सन्देश वर्ष १, अंक ४ पृ. ३ ।
२७. मोहनचोकस्थित भूगोलको अभिलेख (७७७)	हनूमान्ढोका राजदरवार, पृ. २१२-२१७ ।
२८. शान्तिपुरको अभिलेख (७७८)	संस्कृत सन्देश, वर्ष १, १०-११-१२ अंङ्क, पृ. ८७-९० ।
२९. भक्तपुर महाकालीको अभिलेख (७८१)	अभिलेख संग्रह, तेस्रो भाग, पृ. २०-२१।
३०. विष्णुमती पुलको अभिलेख (७८३)	मेडिएवल नेपाल, भाग -४, पृ. १२६-१२७।
३१. त्रिशूलचोकस्थित स्तम्भको अभिलेख (७८४)	हनूमान्ढोका राजदरवार पृ. २२०-२२२।
३२. स्वयम्भू वज्रको अभिलेख (७८८)	अभिलेख संग्रह, तेस्रो भाग, पृ. २४ ।
३३. प्रतापस्तम्भको अभिलेख (७९०)	हनूमान्ढोका राजदरवार, पृ. २२२-२२४ ।
३४. रानीपोखरीको अभिलेख (७९०)	मेडिएवल नेपाल, भाग ४, पृ. १४०-१४३ ।
३५. रानीपोखरीको नारायणको अभिलेख (७९०)	अभिलेख संग्रह तेस्रो भाग, पृ.२४-२५।
३६. रानीपोखरीको हात्तीको अभिलेख (७९०)	अभिलेख संग्रह तेस्रो भाग, पृ.२६।

३७. चाँगुनारायण ल्याउँदा राख्ने सिंहासनको अभिलेख (७९१)	हनूमान्ढोका राजदरबार पृ. २२४ ।
३८. तलेजु खापाको अभिलेख (७९२)	हनूमान्ढोका राजदरबार, पृ. २२४ ।
३९. तलेजु सुवर्णद्वारको अभिलेख (७९२)	हनूमान्ढोका राजदरबार, पृ. २२५-२२७ ।
४०. तलेजु सुवर्णद्वारको अभिलेख (७९२)	हनूमान्ढोका राजदरबार, पृ. २२५-२२७ ।
४१. तलेजु छतको अभिलेख (७९२)	हनूमान्ढोका राजदरबार, पृ. २२५-२२७ ।
४२. हनूमान्को पादपीठको अभिलेख (७९२)	हनूमान्ढोका राजदरबार, पृ. २२४-२२५ ।
४३. नरसिंहको पादपीठको अभिलेख (७९२)	हनूमान्ढोका राजदरबार, पृ. २३०-२३१ ।
४४. कवीन्द्रपुरको अभिलेख (७७७)	हनूमान्ढोका राजदरबार, पृ. २३२-२३४ ।
४५. तानाबहालस्थित उमामहेश्वरको अभिलेख (७९४)	हनूमान्ढोका राजदरबार, पृ. २३१ ।
४६. तलेजुको ताम्रपत्र (७९४)	मेडिएवल नेपाल, भाग-४, पृ. १६२ ।
४७. चाँगुनारायणस्थित प्रतिमाको अभिलेख (७७३)	चाँगुनारायणका ऐतिहासिक सामग्री, पृ. २९७ ।
४८. चाँगुनारायणस्थित जयमूर्तिको अभिलेख (७७९)	चाँगुनारायणका ऐतिहासिक सामग्री, पृ. २९८ ।
४९. चाँगुनारायणस्थित विजयमूर्तिको अभिलेख (७७९)	चाँगुनारायणका ऐतिहासिक सामग्री, पृ. २९२-२९३ ।
५०. चाँगुनारायणस्थित स्वर्णपद्मासनको अभिलेख (७८३)	चाँगुनारायणका ऐतिहासिक सामग्री, पृ. २९९ ।
५१. कवीन्द्रपुरको अभिलेख (७७७)	कान्तिपुर शिलालेख सूची, पृ. ६८ ।

■

(*स्रोत-ग्रन्थको पूर्ण विवरण सन्दर्भ-सामग्री सूचीमा उपलब्ध छ ।)



राजा प्रताप मल्लका अभिलेखहरूको
साहित्यिक अध्ययन

चित्रहरू



'राजा प्रताप मल्लको तीर्थयात्रा' शीर्षकको ठ्यासफुको मुखपृष्ठ
(भक्तपुर कला - सङ्ग्रहालय)



वासुकि मन्दिरस्थित अभिलेख (वि.सं. १७०६)



अनन्तपुर, स्वयम्भू (वि. सं. १७१२)

प्रतापपुर , स्वयम्भू (वि. सं. १७१२)



इन्द्रजात्रामा प्रदर्शन गरिने विश्वरूप (वि.सं. १७१४)



स्वयम्भूमा समर्पित वज्र (वि. सं. १७२५)



देगुतलेजुको सामुन्ने स्थापित प्रतापस्तम्भ (वि.सं.१७२७)



रानीपोखरीको दक्षिणी तटमा स्थापित हात्ती (वि.सं. १७२७)

रानीपोखरीको उत्तरी तटमा माधव-मूर्ति (वि.सं. १७२७)



अभिलेखाङ्कनयुक्त सुवर्णपत्रनिर्मित मूलद्वारयुक्त तलेजु मन्दिर (वि.सं. १७२८)

हनुमान्ढोका राजदरबारस्थित नासलचोकमा स्थापित
नरसिंह-मूर्ति (वि.सं. १७३०)



हनुमान्ढोका राजदरबारस्थित मोहनचोकमा स्थापित
कालियदमनको मूर्ति



हनुमान्ढोका राजदरबारपरिसरमा स्थापित कालभैरव



हनुमान्‌ढोका राजदरबारको द्वारमा कलात्मक तोरण



हनुमान्ढोका राजदरबार परिसरको नक्सा

नक्शाको विवरण

१. सिंहसत्तल
२. कवीन्द्रपुर *
३. काष्ठमण्डप
४. मरुगणेश
५. लक्ष्मीनारायण
६. त्रैलोक्यमोहन
७. कुमारीचोक
८. माजुदेवल
९. विष्णुमन्दिर
१०. शिवपार्वती
११. ठूलोघण्टा
१२. विष्णुमन्दिर
१३. सरस्वतीमन्दिर
१४. कृष्णमन्दिर *
१५. प्रतापध्वज *
१६. हनूमान् *
१७. जगन्नाथमन्दिर *
१८. कालभैरव *
१९. इन्द्रपुर *
२०. विष्णुमन्दिर
२१. काकेश्वरमन्दिर
२२. कोटिलिङ्गेश्वर
२३. महाविष्णु
२४. मजाकदेवल
२५. महेन्द्रेश्वर–मन्दिर
२६. तानादेवल
२७. तलेजु–मन्दिर *
२८. प्रतापध्वज *
२९. सिंहध्वज
३०. पार्थिवेन्द्रस्तम्भ
३१. नारायणपोखरी
३२. ढुकुटी
३३. नागपोखरी *
३४. दसैंघर
३५. सुन्दरीचोक *
३६. मोहनचोक *
३७. मोहनचोक बुर्जा *
३८. पञ्चमुखी हनूमान् *
३९. आगमछें *
४०. मूलचोक *
४१. नासलचोक *
४२. वसन्तपुरचोक (लोहंचोक)
४३. लक्ष्मीविलास
४४. वङ्गला
४५. विलासमन्दिर
४६. वसन्तपुर
४७. लामचोक
[illegible] दाखचोक
४९. देगुतलेजु *
५०. कल्लेलचोक (मसानचोक)
५१. भगवतीमन्दिर
५२. ल्हुलछेंचोक
५३. गद्दीबैठक

* प्रस्तुत शोधप्रबन्धमा उल्लिखित स्थलहरू।

प्रमुख सन्दर्भ–सामग्री सूची

नेपाली

१. अमात्य, साफल्य.
नेपालमा पुरातत्व, ललितपुर : साझा प्रकाशन, वि.सं. २०३६ ।

२. उपाध्यक्ष, डा. केशव.
पूर्वीय साहित्य सिद्धान्त, ते.सं., काठमाडौं : साझा प्रकाशन, वि.सं. २०५५ ।

३. खनाल, मोहनप्रसाद.
चाँगुनारायणका ऐतिहासिक सामग्री, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०४० ।

४. खनाल, मोहनप्रसाद.
नेपाली कला, ललितपुर, साझा प्रकाशन, वि.सं. २०५२ ।

५. खनाल मोहनप्रसाद.
नेपालका केही मल्लकालीन अभिलेख, काठमाडौं : मोहन खनाल, वि.सं. २०२९ ।

६. चालिसे, पुष्पराजः
नेपालको पुरानो इतिहास र सभ्यता, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०४८ ।

७. जोशी, हरिराम.
नेपाली संस्कृति, काठमाडौं : हेमराज शाक्य, वि.सं. २०२८ ।

८. ज्ञवाली, सूर्यविक्रम.
"ढुंगामा ठट्ठा", **रोलम्ब** (त्रैमासिक) भोल्युम-२, जोशी रिसर्च इन्स्टिच्युट, दिसम्वर सन् १९८२, पृ. १४ ।

९. ज्ञवाली, सूर्यविक्रम.
नेपाल उपत्यकाको मध्यकालीन इतिहास, काठमाडौं : रोयल नेपाल एकेडेमी, वि.सं. २०१९ ।

१०. टण्डन, डा. गोविन्द.

पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), काठमाडौं : श्री झरेन्द्र समसेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, कुञ्जनिवास, महाराजगञ्ज, वि.सं. २०५६ ।

११. डंगोल, बलरामदास.

"अभिलेख, राष्ट्रिय अभिलेख र अभिलेखालय,"**अभिलेख** : वर्ष २,अंक २, वि.सं. २०४१, पृ.२२-२३ ।

१२. तेवारी, श्रीरामजी र अन्य.(सम्पा.)

ऐतिहासिक पत्र संग्रह, दोस्रो भाग काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०२१ ।

१३. दाहाल, डा. पेशल.

नेपालको इतिहास, काठमाडौं : एम्.के.पब्लिशर्स एन्ड डिष्ट्रिब्युटर्स, भोटोहिटी, वि.सं. २०४८ ।

१४. पोखरेल, प्रा. बालकृष्ण र अन्य. (सम्पा.)

नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी पुनर्मुद्रण, वि.सं. २०५२ ।

१५. पौड्याल, कविशिरोमणि लेखनाथ.

ऋतु विचार, ललितपुर : साझा प्रकाशन, नवौं प्रकाशन, वि.सं. २०३२ ।

१६. पौडेल, भोलानाथ र धनवज्र वज्राचार्य (सम्पा.)

गल्लीमा फ्याँकिएका कसिंगर. ललितपुर : जगदम्वा प्रकाशन, श्रीदरवारटोल, वि.सं. २०१८ ।

१७. भण्डारी, प्रो ढुण्डिराज.

नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास, काठमाडौं : प्रकाश प्रकाशन, वि.सं. २०४६ ।

१८. मुनँकर्मी, लीलाभक्त.

मल्लकालीन नेपाल, काठमाडौं : रत्नपुस्तक भण्डार, वि.सं. २०२५ ।

१९. योगी नरहरिनाथ (प्र.सम्पा.)

संस्कृत सन्देश, वर्ष १,अङ्क : ३,४,१०,११,१२,काठमाडौं : योगी नरहरिनाथ, वि.सं. २०१० ।

२०. राजवंशी शङ्करमान (सम्पा.)

कान्तिपुर शिलालेख सूची, काठमाडौं : श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७।

२१. राजवंशी शङ्करमान (सम्पा.)

पुरातत्त्व पत्र सङ्ग्रह, तेस्रो भाग, काठमाडौं : वीर पुस्तकालय, श्री ५ को सरकार, पुरातत्त्व विभाग, वि.सं. २०२०।

२२. रेग्मी, डा. जगदीशचन्द्र.

श्रीपशुपतिनाथ, गुह्येश्वरी माहात्म्य र इतिहास, काठमाडौं : अफिस अफ् नेपाल एन्टिक्वेरी, नक्साल, वि.सं. २०४६।

२३. रेग्मी, डिल्लीरमण

मेडिएबल नेपाल, भाग-४, पटना : लेखक स्वयम् सन् १९६६।

२४. लम्साल, पं. देवीप्रसाद (सम्पा.)

भाषा वंशावली, द्वितीय भाग, काठमाडौं : राष्ट्रिय पुस्तकालय, श्री ५ को सरकार, पुरातत्व विभाग, वि.सं. २०२३।

२५. वज्राचार्य, गौतमवज्र र महेशराज पन्त (सम्पा.)

अभिलेख सङ्ग्रह, तेस्रो भाग, काठमाडौं : संशोधन मण्डल, वि.सं. २०१८।

२६. वज्राचार्य, गौतमवज्र.

हनूमान्ढोका राजदरबार, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं.२०३३।

२७. वज्राचार्य, गौतमवज्र र महेशराज पन्त (सम्पा.)

पूर्णिमा (त्रैमासिक पत्रिका) वर्ष १, अङ्क ४, काठमाडौं : संशोधन मण्डल, वि.सं. २०२१।

२८. वज्राचार्य, धनवज्र.

दोलखाको ऐतिहासिक रूपरेखा, काठमाडौं : त्रि.वि., नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१।

२९. वज्राचार्य, धनवज्र. (प्र.सम्पा.)

इतिहास संशोधनको प्रमाण-प्रमेय, पहिलो भाग, ललितपुर : जगदम्बा प्रकाशन, श्रीदरबार टोल, वि.सं. २०१९।

३०.. वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ.

नुवाकोटको ऐतिहासिक रूपरेखा, काठमाडौं : त्रि.वि., नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२ ।

३१. वज्राचार्य, मनवज्र.

नेपालको मध्यकालीन कला, काठमाडौं : श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, वि.सं. २०२७ ।

३२. शर्मा, बालचन्द्र.

नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी : कृष्णकुमारी देवी, दो.सं. वि.सं. २०२२ ।

३३ शर्मा, मोहनराज र कृष्णहरि बराल.

भाषाविज्ञान र नेपाली भाषा, काठमाडौं : काठमाडौं बुक सेन्टर, भोटाहिटी, वि.सं. २०५० ।

३४. शर्मा, विष्णुकान्त.

"अभिलेखयुक्त सिंह" **अभिलेख**, काठमाडौं : राष्ट्रिय अभिलेखालय, वर्ष १५, पूर्णाङ्क १५, वि.सं. २०५४, पृ. ४ ।

३५. शर्मा, विष्णुकान्त.

"पाल्पा जिल्लाका इष्टदेव भैरव" **अभिलेख**, काठमाडौं : राष्ट्रिय अभिलेखालय, वर्ष १२, अङ्क १२, वि.सं. २०५१, पृ. ५७ ।

३६. शाक्य हेमराज.

अभिलेखप्रकाश, ललितपुर : करुणा प्रकाशन, वि.सं. १९६९ ।

३७. शाक्यं हेमराज र तुलसीराम वैद्य.

मेडिएबल नेपाल, काठमाडौं : टी आर. वैद्य, वि.सं. २०२० ।

३८. सम, बालकृष्ण.

नेपाली ललितकला, काठमाडौं : श्री ५ को सरकार, प्रचारप्रसार मन्त्रालय, प्रचार विभाग, वि.सं. २०२२ ।

३९. सिग्देल, पण्डितराज सोमनाथ शर्मा.

साहित्य-प्रदीप, (पूर्व-उत्तर भाग) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, वि.सं. २०५८ ।

संस्कृत

१. अमरसिंह.

अमरकोश ।

२. आचार्य, आनन्दवर्धन.

ध्वन्यालोक ।

३. आचार्य, मम्मट.

काव्यप्रकाश ।

४. गङ्गादास.

छन्दोमञ्जरी ।

५. ढकाल, वेणीमाधव.

लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्, काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा, वि.सं. २०५९ ।

६. बहादुर, राजा राधाकान्तदेव.

शब्दकल्पद्रुम, तृतीय भाग, वाराणसी : चौखम्भा संस्कृत सिरिज सन् १९६१ ।

७. भट्टाचार्य, तारानाथ.

वाचस्पत्यम्, भाग-५, वाराणसी : चौखम्भा संस्कृत सिरिज, सन् १९६२ ।

८. विश्वनाथ.

साहित्यदर्पण

हिन्दी

१. आप्टे, वामन शिवराम.

संस्कृत-हिन्दी कोश, दो.सं., दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्राइवेट लिमिटेड, सन् १९९७ ।

२. ओझा, रायबहादुर पण्डित गौरीशंकर.

भारतीय प्राचीन लिपिमाला, अजमेर : दो.सं., सन् १९७५ ।

३. वर्मा, धीरेन्द्र रअन्य (सम्पा.)

हिन्दी साहित्य कोश, भाग-१, दो.सं. वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२० ।

अंग्रेजी / फ्रेन्च

1. INDRAJI, BHAGAVANLAL.
   TWENTY THREE INSCRIPTION FROM NEPAL.
   BOMBAY : GOVERNMENT OF BOMBAY, 1885 A.D.
2. LEVI, SYLVAIN.
   NEPAL HISTORICAL STUDY OF HINDU KINGDOM. Le Nepal
   (VOL. 1, 2, P. 505.)
3. REGMI, DILLIRAMAN.
   MEDIAVAL NEPAL, PART-IV, PATNA : REGMI, 1966 A.D.

स्नातकोत्तर शोधपत्र

1. KHATRY, PREMKUMAR.
   KING PRATAP MALLA AND HIS TIMES, T.U. COLLEGE, 1972 A.D.

□

▷ बुझाएको : ०६४ /१०

▷ अन्तर्वार्ता : ०६५/५/२८

▷ परिष्कारका लागि पत्र प्राप्त - ०६५/६/१

▷ परिष्कार गरेर पुन: बुझाएको - ०६५/६/७

▷ दाङबाट प्रकाशित दैनिकमा
विद्यावारिधि उपाधि प्रदान गरिएको समाचार
प्रकाशित भएको पहिलो सूचना
श्री सुधन पौडेलबाट फोनमा प्राप्त :
२०६५ पौष मासान्त राती ८:१५मा

दाङको दैनिक 'युगबोध' मा ०६५/९/२९मा
ने.सं.वि.को सूचनामा ०६५/९/२७मा पृथ्वी जयन्ती
'राजधानी' दैनिकमा ०६५/१०/३ शुक्रवार
'गोरखापत्र' मा ०६५/१०/५ गते आइतवार
रेडियो नेपालबाट ०६५/१०/ ७ गते मंगलवार
बिहान ५:५५ - संस्कृत समाचार
६:०० - समाचार र साहित्य
७:०० - " मा प्रकाशित ◻